निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# नेपालको
# निर्वाचन इतिहास - २





**निर्वाचन आयोग, नेपाल**

कान्तिपथ, काठमाडौं

# नेपालको निर्वाचन इतिहास - २

## (वि.सं. २०७४-२०७६)

## दोस्रो खण्ड

**निर्वाचन आयोग, नेपाल**
कान्तिपथ, काठमाडौं

| | | |
|---|---|---|
| कृति | : | **नेपालको निर्वाचन इतिहास - २** |
| प्रकाशक | : | निर्वाचन आयोग, नेपाल<br>कान्तिपथ, काठमाडौं ।<br>फोन नं. ०१-४२२८६६३<br>फ्याक्स नं. ०१-४२२५५८०<br>इमेल : ecnfsu@gmail.com<br>वेबसाइट : www.election.gov.np |
| प्रकाशन मिति | : | बैशाख, २०७८ |
| प्रकाशित सङ्ख्या | : | १००० प्रति |
| ISBN | : | 978-9937-0-9138-1 |
| मुद्रक | : | निर्वाचन आयोग, नेपाल |

**संरक्षक**

प्रमुख निर्वाचन आयुक्त दिनेश कुमार थपलिया

**सल्लाहकार समिति**

निर्वाचन आयुक्त नरेन्द्र दाहाल
निर्वाचन आयुक्त इश्वरी प्रसाद पौड्याल
निर्वाचन आयुक्त रामप्रसाद भण्डारी
निर्वाचन आयुक्त डा. जानकी कुमारी तुलाधर
सचिव सुरेश अधिकारी

**सम्पादक मण्डल**

सहसचिव राजकुमार श्रेष्ठ, संयोजक
उपसचिव कोमल प्रसाद धमला, सदस्य
उपसचिव सूर्य प्रसाद अर्याल, सदस्य
उपसचिव ऋषिराम भुषाल, सदस्य
उपसचिव (तत्कालिन) गङ्गा बहादुर खरेल, सदस्य
पुस्तकालय अधिकृत प्रदिप भट्टराई, सदस्य
शाखा अधिकृत अच्युत दाहाल, सदस्य सचिव

# मन्तव्य



विगतका कुनै पनि विषयको सत्य तथ्य र यथेष्ट जानकारी दिने पहिलो सामग्री त्यसको इतिहास हो । यसै कुरालाई मनन गरेर निर्वाचन आयोग, नेपालले आफ्नो **'निर्वाचन दिवस'** को अवसर पारेर वि. सं. २०७३ फागुन ७ गते वि. सं. २०७० मा सम्पन्न संविधान सभाको निर्वाचन र त्यस पूर्व नेपालमा भएका संसदीय तथा अन्य सबै निर्वाचनका विविध गतिविधि र निर्वाचन परिणाम सङ्कलन गरी पहिलो पटक एकीकृत रूपमा **'नेपालको निर्वाचन इतिहास'** नामक पुस्तक प्रकाशनमा ल्यायो । कुनै पनि विषयको इतिहासले त्यस विषयको प्रारम्भ देखि वर्तमानसम्मको उपलब्ध भएसम्मको इतिवृत्त बताउँछ । त्यसै भएर होला नेपालमा सम्पन्न निर्वाचनका कुनै पनि विषयका सन्दर्भमा अध्ययन गर्ने अध्येता जोसुकैले पनि आयोगबाट भएको यस कार्यको खुलेर प्रशंसा गरे । फलतः यस प्रकाशनको उपयोगिता आयोगले अपेक्षा गरेभन्दा बढी साबित हुन पुगेका कुरा यसको पुन प्रकाशनले पुष्टी गरेको छ ।

लोकतान्त्रिक राज्य व्यवस्थामा लोकतान्त्रिक मूल्य मान्यताअनुरूप विधिसम्मत रूपमा हुने निर्वाचनको ठुलो महत्व रहन्छ । स्वच्छ र स्वतन्त्र रूपमा हुने निर्वाचनबाट जनताले चाहेका व्यक्ति जनप्रतिनिधिका रूपमा निर्वाचित हुन्छन् भने जनताको नजरबाट अस्वीकृत गरेका व्यक्ति पराजित हुन्छन् । अझै बृहत दलिय प्रतिस्पर्धाको कुरा गर्ने हो भने दीर्घकालीन हित हुन दूरदर्शी सोंच र राज्यका लागि राम्रा नीति अवलम्बन गर्ने राजनीतिक दल जनताबाट अग्रस्थानमा पुर्याइन्छन् भने स्पष्ट दृष्टिकोण र उपयुक्त नीति अवलम्बन गर्न नसक्ने राजनीतिक दल स्वतः पछिल्लो पङ्क्तिमा घचेटिन्छन् । त्यसैले लोकतन्त्रमा जनचाहना सर्वोपरि हुन्छ र त्यस किसिमको जनचाहना स्वच्छ र स्वतन्त्र निर्वाचनका माध्यमबाट अभिव्यक्त हुन्छ, जसलाई निर्वाचनमा भाग लिने दल वा व्यक्ति जोसुकैले पनि सम्मान गर्नुपर्छ ।

निर्वाचन आयोग, नेपालले एकीकृत रूपमा पहिलो पटक वि. सं. २०७३ सालमा **'नेपालको निर्वाचन इतिहास'** नामक पुस्तक प्रकाशन गरे पछि वि.सं. २०७२ सालमा जननिर्वाचित

संविधान सभाबाट जारी भएको **'नेपालको संविधान'** ले व्यवस्था गरेबमोजिम मुलुक सङ्घीयतामा प्रवेश गऱ्यो । यसबाट संविधानतः स्थानीय तह, प्रदेश र सङ्घ गरी मुलुक तीन तहको सङ्घीय संरचनामा रूपान्तरण हुन पुग्यो । संविधानको यही परिवर्तित व्यवस्थाअनुरूप निर्वाचन आयोगले वि. सं. २०७४ सालमा प्रचलित कानुनको अधीनमा रही स्थानीय, प्रदेश, र सङ्घीय गरी तीनै तहको निर्वाचन सफलतापूर्वक सम्पन्न गऱ्यो । निर्वाचनको यस क्रममा पहिलो चरणमा तीन अलग-अलग मितिमा स्थानीय तहअन्तर्गत गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिको निर्वाचन सम्पन्न भए । निर्वाचनको दोस्रो चरणमा प्रदेश सभा र प्रतिनिधि सभाको निर्वाचन एकै पटक दुई चरणमा सम्पन्न भयो । यी निर्वाचनपछि आयोगले तोकिएको मितिमा राष्ट्रिय सभा सदस्य निर्वाचन र राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन पनि सम्पन्न गऱ्यो । वि. सं. २०७६ सालसम्म आइपुग्दा आयोगले यसबिचमा विभिन्न कारणले रिक्त हुन आएका प्रतिनिधि सभा सदस्य,  प्रदेश सभा सदस्य र स्थानीय तहका सदूस्यको उपनिर्वाचन पनि सम्पन्न गऱ्यो । यसका अतिरिक्त प्रथम पटक गोलाप्रथाद्वारा दुई वर्ष पदावधि कायम भई रिक्त हुन आएका राष्ट्रिय सभा सदस्य पदका लागि पनि आयोगले प्रचलित कानूनबमोजिम निर्वाचन सम्पन्न गऱ्यो । नेपालको निर्वाचनको इतिहासमा निर्वाचन आयोग नेपालले वि. सं. २०७४ सालमा सम्पन्न गरेका यी सबै निर्वाचन लोकतान्त्रिक मूल्य मान्यता र अन्य कतिपय हिसाबले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा ऐतिहासिक र निकै सुखद साबित भए ।

निर्वाचन आयोग नेपालले दोस्रो खण्डका रूपमा प्रकाशनमा ल्याएको **'नेपालको निर्वाचन इतिहास'** नामक प्रस्तुत पुस्तक वि. सं. २०७४ सालदेखि वि. सं. २०७६ सालसम्म नेपालमा भएका सबै किसिमका निर्वाचन तथा उपनिर्वाचनका समग्र विषयवस्तु र तथ्यहरू समेटिएको एक महत्वपूर्ण एकीकृत दस्तावेज हो । यसभित्र एकातिर निर्वाचन घोषणादेखि निर्वाचन सम्पन्न भएपश्चात्का समग्र व्यवस्थापनका विषय समेटिएका छन् भने अर्कातिर निर्वाचन घोषणा हुँदाका बखतमा भएका निर्वाचनसम्बन्धी कानुनको स्थिति, निर्वाचनका चरण, चरण विभाजनका समयमा आएका व्यवधान, राजनीतिक दलसँग सम्बन्धित निर्वाचन चिह्न वितरणलगायतका अन्य गतिविधि तथा क्रियाकलाप, निर्वाचन क्रममा भएका उम्मेदवारी, निर्वाचन प्रचार-प्रसार, निर्वाचन आचारसंहिता, मतपत्र तयारी तथा वितरण, निर्वाचन सामग्री व्यवस्थापन, मतदाता परिचयपत्र तयारी तथा वितरण, राष्ट्रिय तथा अन्तर ार्ष्ट्रिय निर्वाचन पर्यवेक्षक तथा अवलोकनकर्ताद्वारा भएको निर्वाचन पर्यवेक्षण तथा निर्वाचन अवलोकन, मतदान, मतगणना, निर्वाचन विवाद, मत परिणाम, निर्वाचनमा लैङ्गिक तथा समावेशिताको स्थितिलगायत निर्वाचनमा विजय प्राप्त गरेका उम्मेदवार तथा राजनीतिक दलहरूको नामनामेसीसहितका कतिपय महत्वपूर्ण सूचनाहरू समेट्ने प्रयास गरिएको छ । तसर्थ यस पुस्तकमा समाविष्ट विषयवस्तु र तथ्यतथ्याङकले उल्लिखित अवधिको नेपालको निर्वाचनका विषयमा खोज, अनुसन्धान र निर्वाचनसम्बन्धी विभिन्न जानकारी तथा तथ्याङ्क

विश्लेषणसहित विभिन्न कोणबाट शोध गर्न वा जानकारी राख्न चाहने जोसुकैका लागि पनि सहयोग पुग्ने छ भन्ने विश्वास आयोगले लिएको छ ।

निर्वाचन आयोग, नेपालले प्रकाशनमा ल्याएको प्रस्तुत **'नेपालको निर्वाचन इतिहास'** दोस्रो खण्ड नामक पुस्तक तयार गर्ने क्रममा आयोगका माननीय आयुक्तहरू, सम्पादन समितिका संयोजक तथा सदस्यहरू, आयोगका महाशाखा तथा शाखा प्रमुखलगायत अन्य अधिकृत तथा कर्मचारीबाट प्राप्त सहयोगका लागि प्रथमतः म उहाँहरू सबैलाई एकमुष्ट धन्यवाद दिन चाहन्छु । आयोगले वि. सं. २०७३ साल फागुनमा प्रकाशनमा ल्याएको **'नेपालको निर्वाचन इतिहास'** नामक पहिलो पुस्तक तयारीका क्रममा सो पुस्तकको सम्पादन कार्यको जिम्मा लिनुभएका आयोगका सेवानिवृत्त सहसचिव वासुदेव गुरागाईंले यस पटक पनि कोभिड-१९ को सङ्क्रमणकालीन महामारीजन्य अवस्थामा पनि अनेकौं खतरा मोल्दै अत्यन्त मेहनतपूर्वक यस पुस्तकका लागि आवश्यक सामग्री सङ्कलन, लेखन तथा सम्पादन गरी **'नेपालको निर्वाचन इतिहास'** लाई यस रूपमा ल्याउन गर्नुभएको अथक प्रयासका लागि म उहाँलाई पनि हार्दिक धन्यवाद दिन्छु ।

यसरी नै यस पुस्तकको लेखन तथा प्रकाशनका क्रममा आवश्यक आर्थिक तथा अन्य प्राविधिक सहयोग उपलब्ध गराई नेपालको निर्वाचन इतिहास दोस्रो खण्डलाई यस रूपमा तयार गरी सार्वजनिक गर्न मन, वचन र कर्मले हार्दिकतापूर्वक सहयोग गर्ने संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम, निर्वाचन सहायता परियोजना (UNDP/ESP) का परियोजना प्रमुख एवम् वरिष्ठ निर्वाचन सल्लाहकार कुन्दनदास श्रेष्ठ र सोही परियोजनाका कानुन अधिकृत अधिवक्ता टेकनाथ सापकोटा लगायतको टिमलाई पनि म यस अवसरमा विशेष धन्यवाद दिँदै राष्ट्रिय महत्वका विषयमा यस किसिमको सकारात्मक सहयोग भविष्यमा पनि आयोगलाई प्राप्त भइरहने विश्वास प्रकट गर्दछु ।

मिति : वि.सं. २०७७ चैत्र

**दिनेशकुमार थपलिया**
प्रमुख निर्वाचन आयुक्त

# विषय सूची

## परिच्छेद एक
## निर्वाचन सम्बन्धी कानुनी व्यवस्था र निर्वाचन आयोग


१.१ नेपालको संविधानको सङ्क्षिप्त पृष्ठभूमि ३

१.२ नेपालको संविधानमा निर्वाचन आयोग सम्बन्धी व्यवस्था ३

१.३ निर्वाचन आयोगले सम्पन्न गर्नुपर्ने निर्वाचनहरू ५

१.४ निर्वाचनसँग सम्बन्धित ऐन/कानुन ६

१.५ वि.सं. २०७४ सालको निर्वाचन घोषणाका समयमा आयोगका पदाधिकारी १०

१.६ निर्वाचन आयुक्त पदबाट अवकाश १२

१.७ प्रमुख निर्वाचन आयुक्त पदमा नयाँ नियुक्ति र पद बहाली १२

१.८ उपनिर्वाचन तथा राष्ट्रिय सभा सदस्यको निर्वाचनमा आयोगका पदाधिकारी १२


## परिच्छेद दुई
## स्थानीय तह निर्वाचन, २०७४

गाउँपालिका तथा नगरपालिका, गाउँ कार्यपालिका तथा नगर कार्यपालिका
जिल्ला समन्वय समिति निर्वाचन


२.१ गाउँपालिका तथा नगरपालिका निर्वाचन १७

२.२ गाउँ कार्यपालिका तथा नगर कार्यपालिका र जिल्ला समन्वय समिति निर्वाचन ५६


## परिच्छेद तीन
## प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७४


३.१ प्रतिनिधि सभा सदस्य निर्वाचन ६७

३.२ प्रदेश सभा सदस्य निर्वाचन १२९


## परिच्छेद चार
## राष्ट्रिय सभा सदस्य निर्वाचन, २०७४ तथा २०७६


४.१ राष्ट्रिय सभा सदस्य निर्वाचन, २०७४ १६१

४.२ राष्ट्रिय सभा सदस्य निर्वाचन, २०७६ १७०

## परिच्छेद पाँच
## राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन, २०७४


५.१ सङ्क्रमणकालीन व्यवस्थामा राष्ट्रपति र उपराष्ट्रपति सम्बन्धी व्यवस्था १८३

५.२ संङ्घीय संसद् गठनपछि राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन सम्बन्धी व्यवस्था १८३

५.३ सङ्घीय संसद्ले गरेको पहिलो राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन १८४

५.४ राष्ट्रपति पदको निर्वाचन १८४

५.५ उपराष्ट्रपति पदको निर्वाचन १८८


## परिच्छेद छ
## स्थानीय तह, प्रदेश सभा तथा प्रतिनिधि सभा सदस्य उपनिर्वाचन


६.१ स्थानीय तह उपनिर्वाचन १९३

६.२ प्रदेश सभा सदस्यउपनिर्वाचन १९७

६.३ प्रतिनिधि सभा सदस्य उपनिर्वाचन २०२


## परिच्छेद सात
## निर्वाचन सामग्री व्यवस्थापन


७.१ स्थानीय तह निर्वाचनमा निर्वाचन सामग्री व्यवस्थापन २०९

७.२ प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनमा निर्वाचन सामग्री व्यवस्थापन २१६


## परिच्छेद आठ
## जनशक्ति व्यवस्थापन, तालिम र निर्वाचन पर्यवेक्षण


८.१ समग्रमा निर्वाचन जनशक्ति २२३

८.२ प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनमा जनशक्ति व्यवस्थापन, तालिम र निर्वाचन पर्यवेक्षण २२९


## परिच्छेद नौ
## विविध


९.१ निर्वाचनमा सूचना प्रविधि, प्रणाली व्यवस्थापनतथा अन्य २४५

९.२ निर्वाचनमा सुरक्षा व्यवस्था २४८

९.३ निर्वाचन विवाद र त्यसको निरुपण २५०

९.४ निर्वाचन सम्बन्धी २५०

९.५ मतदानबाट वञ्चित सदस्य २५२
९.६ निर्वाचनमा दलको सहभागिता सम्बन्धी केही थप तथ्य २५२
९.७ निर्वाचनमा जनशक्ति बिमा २५४
९.८ स्थानीय तह निर्वाचनमा आकस्मिक उद्धारको व्यवस्था २५६
९.९ अन्तर्क्रिया कार्यक्रम २५६
९.१० मतदाताले परिचयपत्र बुझ्ने भरपाईको व्यवस्था २५७
९.११ सार्वजनिक बिदा २५७
९.१२ निर्वाचनको कुल खर्च २५९
९.१३ निर्वाचन परिणामको अभिलेख व्यवस्थापन २६०
९.१४ निर्वाचन समीक्षा २६०
९.१५ निर्वाचन परिणाम पुस्तक/पुस्तिका २६१

# परिशिष्ट


परिशिष्ट - १ २६५
प्रधानमन्त्रीले स्थानीय निकाय निर्वाचनको तयारी थाल्न दिनुभएको सुझाव पछि निर्वाचन आयोगले मिति २०७२ पुस २३ गते जारी गरेको प्रेस विज्ञप्ति ।

परिशिष्ट - २ २६७
स्थानीय तह सङ्ख्या ७५३ को वडा सङ्ख्यासहितको विवरण

परिशिष्ट - ३ २९०
स्थानीय तह निर्वाचनमा भाग लिन निर्वाचन आयोगमा दल दर्ता गराएका ८० राजनीतिक दलको नाम

परिशिष्ट - ४ २९३
स्थानीय तह निर्वाचनका लागि आयोगले तयार गरेको विभिन्न ६ लहरको मतपत्रको नमुना

परिशिष्ट - ५ २९९
स्थानीय तह निर्वाचनमा तेस्रो लिङ्गी मतदाताको जिल्लागत सङ्ख्या

परीशिष्ट - ६ ३०१
स्थानीय तह निर्वाचन सञ्चालनका लागि नियुक्त मुख्य/निर्वाचन अधिकृतहरूको विवरण

परीशिष्ट - ७ ३३१
स्थानीय तह निर्वाचन, २०७४ अन्तर्गत पहिलो चरणको निर्वाचन कार्यक्रम

परिशिष्ट - ८ ३३२
स्थानीय तह निर्वाचन, २०७४ अन्तर्गत दोस्रो चरणको निर्वाचन कार्यक्रम

परिशिष्ट - ९ ३३३
स्थानीय तह निर्वाचन, २०७४ अन्तर्गत तेस्रो चरणको निर्वाचन कार्यक्रम

परिशिष्ट - १० ३३४
स्थानीय तह निर्वाचनका उम्मेदवारहरूले शीर्षकगत रूपमा खर्च गर्न पाउने निर्वाचन खर्चसीमाको विस्तृत विवरण (रुपैयाँमा)

परिशिष्ट - ११ ३३५
स्थानीय तह निर्वाचन, २०७४ मा भाग लिन नाम दर्ता गराएका २७ राजनीतिक दल (तत्कालको व्यवस्थापिका-संसद्मा प्रतिनिधित्व गरिरहेका) लाई प्रदान गरिएको निर्वाचन चिह्न विवरण

परिशिष्ट - १२ ३३९
स्थानीय तह निर्वाचनका लागि स्वतन्त्र समूहबाट निर्वाचन चिह्न प्रदान गरिएका दलहरूको विवरण

परिशिष्ट - १३ ३५१
स्थानीय तह निर्वाचन, २०७४ मा प्रयोग भएका मतपत्रको जिल्लागत मतपत्र लहर सङ्ख्याको एकीकृत विवरण

परिशिष्ट - १४ ३५३
स्थानीय तह निर्वाचन, २०७४ का लागि छापिने मतपत्रका सम्बन्धमा आयोगले गरेको नीतिगत निर्णय

परिशिष्ट - १५ ३५७
गाउँपालिकाको अध्यक्ष तथा नगरपालिकाको प्रमुख पदमा निर्वाचित महिलाको विवरण

परिशिष्ट - १६ ३५८
स्थानीय तह निर्वाचन, २०७४ मा जिल्ला समन्वय समितिमा निर्वाचित ७७ जिल्लाका प्रमुख तथा उपप्रमुखहरूको विवरण

परिशिष्ट - १७ ३६३
स्थानीय तह निर्वाचन, २०७४ को सङ्क्षिप्त नतिजा

परिशिष्ट - १८ ३६४
प्रतिनिधि सभा सदस्य निर्वाचन, २०७४ को दुई चरणमा परेका जिल्लाहरूको विवरण

परिशिष्ट - १९ ३६५
प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि निर्धारित जिल्लागत निर्वाचन क्षेत्र सङ्ख्याको विवरण

परिशिष्ट - २० ३६८
प्रतिनिधि सभा सदस्य निर्वाचनको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ निर्वाचनमा भाग लिन आयोगमा दल दर्ता गराएका ९५(९१) दलको विवरण

परिशिष्ट - २१ ३७९
प्रतिनिधि सभा सदस्य निर्वाचनको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ निर्वाचनमा भाग लिएका ५५ राजनीतिक दलको विवरण

परिशिष्ट - २२ ३८१
प्रतिनिधि सभा सदस्य निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्वाचनमा भाग लिन दल दर्ता गराएका ८८ दलको विवरण

परिशिष्ट - २३ ३९१
प्रतिनिधि सभा सदस्य निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीको निर्वाचनका लागि बन्द सूची पेश गर्ने ४९ राजनीतिक दलको विवरण

परिशिष्ट - २४ ३९३
प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनमा मतदान गर्ने प्रदेशगत मतदाताको सङ्ख्यात्मक विवरण

परिशिष्ट - २५ ३९४
प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन सञ्चालनका लागि नियुक्त गरिएका मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतहरूको विवरण

परिशिष्ट - २६ ४००
प्रतिनिधि सभा सदस्य निर्वाचनको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको पहिलो चरणको निर्वाचन कार्यक्रम

परिशिष्ट - २७ ४०१
प्रतिनिधि सभा सदस्य निर्वाचनको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको दोस्रो चरणको निर्वाचन कार्यक्रम

परिशिष्ट - २८ ४०३
प्रतिनिधि सभा सदस्य निर्वाचनको समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन कार्यक्रम

परिशिष्ट - २९ ४०६
प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनका लागि तोकिएका मतदान स्थल र मतदान केन्द्रको प्रदेशगत सङ्ख्यात्मक विवरण

परिशिष्ट - ३० ४०७
प्रतिनिधि सभा सदस्य निर्वाचन पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ मनोनयनपत्र दर्ता गराएका दलगत तथा स्वतन्त्र उम्मेदवार सङ्ख्या (उम्मेदवार सङ्ख्याका क्रममा)

परिशिष्ट - ३१ ४०९
आयोगको २०७४ असोज २५ को निर्णयले नेपाल सरकारलाई दिएको निर्वाचनसँग सम्बन्धित २७ बुँदे निर्देशन

परिशिष्ट - ३२ ४१३
निर्वाचन आचार संहितालाई पूर्ण रूपले कार्यान्वयन गर्न/गराउन आयोगबाट जारी भएको १९ बुँदे निर्देशन

परिशिष्ट - ३३ ४१६
समानुपातिक निर्वाचन प्रणालीतर्फको प्रदेशगत ७ प्रकारको मतपत्रको नमुना

परिशिष्ट - ३४ ४२२
प्रतिनिधि सभा सदस्य निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्वाचनमा भाग लिएका दलहरूले प्राप्त गरेको मत र मत प्रतिशत

परिशिष्ट - ३५ ४२५
प्रतिनिधि सभा सदस्य निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्वाचनमा भाग लिएर ३ प्रतिशत वा सोभन्दा बढी मत प्राप्त गरेका दलहरूको विवरण

परिशिष्ट - ३६ ४२६
प्रतिनिधि सभा सदस्य निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्वाचनमा भाग लिएर ३ प्रतिशतभन्दा कम मत प्राप्त गरेका दलहरूको विवरण

परिशिष्ट - ३७ ४२८
प्रतिनिधि सभा सदस्य निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ विजय हासिल गर्ने राजनीतिक दलबाट निर्वाचित सदस्यको दलगत विवरण

परिशिष्ट - ३८ ४३५
प्रतिनिधि सभा सदस्य निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ दल र स्वतन्त्र हैसियतमा निर्वाचित सदस्यहरूको पूर्ण विवरण

परिशिष्ट - ३९ ४४२
प्रतिनिधि सभा सदस्य निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ विजय हासिल गर्ने दलगत र स्वतन्त्र सदस्यहरूको विवरण

परिशिष्ट - ४० ४४८
प्रतिनिधि सभा सदस्य निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ विजयी पुरुष तथा महिलाको सङ्ख्यात्मक विवरण

परिशिष्ट - ४१ ४४९
प्रतिनिधि सभा सदस्य निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ विजयी महिला सदस्यहरूको विवरण

परिशिष्ट - ४२ ४५०
प्रतिनिधि सभा सदस्यमा समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित महिलाहरू

परिशिष्ट - ४३ ४५३
प्रतिनिधि सभा सदस्य निर्वाचन अन्तर्गत प्रतिनिधि सभामा दुवै निर्वाचन प्रणालीबाट निर्वाचित हुने सदस्यहरूको सङ्ख्यात्मक विवरण

परिशिष्ट - ४४ ४५४
प्रदेश सभा सदस्य निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीको निर्वाचनमा भाग लिन प्रदेशगत रूपमा दर्ता भएका दलको प्रदेशगत विवरण

परिशिष्ट - ४५ ५३१
प्रदेश सभा निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित महिलाहरू

परिशिष्ट - ४६ ५३८
प्रदेश सभा सदस्य निर्वाचन अन्तर्गत समानुपातिक निर्वाचन प्रणालीबाट सात वटा प्रदेश सभामा निर्वाचित पुरुष सदस्यको विवरण

परिशिष्ट - ४७ ५४०
प्रदेश सभा निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट निर्वाचित महिलाहरू

परिशिष्ट - ४८ ५४१
प्रदेश सभा सदस्य निर्वाचन अन्तर्गत पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली तर्फ  प्रदेश नं. १ देखि ७ सम्म दलगत तथा स्वतन्त्र रुपमा निर्वाचित सबै सदस्यको प्रदेशगत सङ्ख्यात्मक विवरण

परिशिष्ट - ४९ ५४८
राष्ट्रिय सभा सदस्य निर्वाचन, २०७४ को निर्वाचन कार्यक्रम

परिशिष्ट - ५० ५५०
राष्ट्रिय सभा सदस्य निर्वाचनमा मतदान गर्ने प्रदेशगत मतदाताको सङ्ख्यात्मक विवरण

परिशिष्ट - ५१ ५५१
राष्ट्रिय सभा सदस्य निर्वाचनमा भएको प्रदेशगत मतदानको विवरण

परिशिष्ट - ५२ ५५२
राष्ट्रिय सभा सदस्य निर्वाचनमा महिलालगायत सबै समूहबाट निर्वाचित सदस्यको वर्णानुक्रमिक विवरण

परिशिष्ट - ५३ ५५७
राष्ट्रिय सभा सदस्य पदमा राजनीतिक दलबाट प्रदेशगत एवं समूहगत रूपमा निर्वाचित सदस्यको विवरण

परिशिष्ट - ५४ ५५९
राष्ट्रिय सभा सदस्य पदमा राजनीतिक दलबाट निर्वाचित सदस्यको समूहगत सङ्ख्यात्मक विवरण

परिशिष्ट - ५५ ५६०
राष्ट्रिय सभा सदस्य पदमा राजनीतिक दलबाट निर्वाचित सदस्यको लैङ्गिक विवरण

परिशिष्ट - ५६ ५६१
सङ्घीय संसद्मा राजनीतिक दलको तर्फबाट र स्वतन्त्र हैसियतमा निर्वाचित सदस्यको सङ्ख्यात्मक स्थिति

परिशिष्ट - ५७ ५६२
राष्ट्रिय सभा सदस्य निर्वाचन, २०७६ को निर्वाचन कार्यक्रम

परिशिष्ट - ५८ ५६४
राष्ट्रपति पदको निर्वाचन कार्यक्रम

परिशिष्ट - ५८क ५६६
राष्ट्रपति पदको निर्वाचनको मतपत्रको नमुना

परिशिष्ट - ५९ ५६७
राष्ट्रपति पदको निर्वाचन परिणाम

परिशिष्ट - ५९क ५६८
राष्ट्रपति/उपराष्ट्रपति पदको शपथ ग्रहणको ढाँचा

परिशिष्ट - ६० ५६९
उपराष्ट्रपति पदको निर्वाचन कार्यक्रम

परिशिष्ट - ६१ ५७१
स्थानीय तहको रिक्त पदहरुमा उपनिर्वाचनको लागि मुख्य निर्वाचन अधिकृत/निर्वाचन अधिकृत

परिशिष्ट - ६१(क) ५७७
स्थानीय तह उपनिर्वाचन, २०७६ को निर्वाचन कार्यक्रम

परिशिष्ट - ६२ ५७८
स्थानीय तह उपनिर्वाचन, २०७६ को निर्वाचन परिणाम

परिशिष्ट - ६३ ५८३
प्रदेश सभा/प्रतिनिधि सभा सदस्य उपनिर्वाचन, २०७६ को निर्वाचन कार्यक्रम

परिशिष्ट - ६४ ५८४
स्थानीय तह निर्वाचनका समयमा आयोगको केन्द्रीय कार्यालयमा कार्यरत जनशक्तिको विवरण

परिशिष्ट - ६५ ५९३
स्थानीय तह निर्वाचनका समयमा जिल्लामा कार्यरत क्षेत्रीय/जिल्ला निर्वाचन अधिकारीहरूको विवरण

परिशिष्ट - ६६ ५९६
स्थानीय तह निर्वाचनका समयमा विशेषज्ञ सेवा लिएका व्यक्तिहरूको विवरण

परिशिष्ट - ६७ ५९७
प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनका समयमा विशेषज्ञ सेवा लिएका व्यक्तिहरूको विवरण

परिशिष्ट - ६८ ५९८
आयोगले प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७४ मा निर्वाचन पर्यवेक्षण गर्न अनुमति दिएका ५३ राष्ट्रिय संघ/संस्थाहरूको विवरण

परिशिष्ट - ६९ ६००
निर्वाचन पर्यवेक्षण प्रतिवेदन अस्वीकार गरेको आयोगको प्रेस विज्ञप्ति

परिशिष्ट - ७० ६०१
२०७४ मा सम्पन्न तीनै तहको निर्वाचनमा प्रत्यक्ष रूपमा निर्वाचित महिलाको तथ्याङ्क

परिशिष्ट - ७१ ६०४
प्रतिनिधि सभा सदस्य पदको शपथ ग्रहणको ढाँचा

परिशिष्ट - ७२ ६०५
प्रदेश सभा सदस्य पदको शपथ ग्रहणको ढाँचा

परिशिष्ट - ७३ ६०६
राष्ट्रिय सभा सदस्य पदको शपथ ग्रहणको ढाँचा

परिशिष्ट - ७४ ६०७

परिशिष्ट - ७५ ६०८

परिशिष्ट - ७६ ६०९
स्थानीय तह निर्वाचन अन्तर्गत निर्वाचित हुनेले लिनुपर्ने शपथ ग्रहणको ढाँचा

परिशिष्ट - ७७ ६१०
प्रदेश सभा सदस्यको समानुपातिक निर्वाचन प्रणालीको उम्मेदवारको बन्दसूचीको लागि समावेशी आधार

परिच्छेद एक

# निर्वाचन सम्बन्धी कानुनी व्यवस्था र निर्वाचन आयोग

परिच्छेद एक

# निर्वाचन सम्बन्धी कानुनी व्यवस्था र निर्वाचन आयोग

## १.१ नेपालको संविधानको सङ्क्षिप्त पृष्ठभूमि

मुलुकमा शान्ति स्थापना गरी वि.सं. २०६४ साल जेठ महिनाभित्र स्वतन्त्र र निष्पक्ष रूपले संविधान सभाको निर्वाचन सम्पन्न गर्ने प्रतिवद्धता सहित नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बिच वि.सं. २०६३ साल मङ्सिर ५ गते भएको विस्तृत शान्ति सम्झौता पश्चात् सोही वर्षको माघ १ गते नेपालको अन्तरिम संविधान, २०६३ जारी भई सोही संविधानको अधीनमा रही वि.सं.२०६४ साल चैत २८ गते नेपालमा पहिलो पटक संविधान सभाको निर्वाचन सम्पन्न भएको थियो । नेपालको लागि नयाँ संविधान जारी गर्ने मूल ध्येयका साथ निर्वाचित सो संविधान सभाले संविधान निर्माण गरी नसकेको अवस्थामा सर्वोच्च अदालतको वि.सं. २०६८ साल मङ्सिर ९ गतेको फैसला समेतको आधारमा वि.सं.२०६९ साल जेठ १४ गते आफ्नो कार्यकाल पूरा गरेको थियो । साथै मन्त्रिपरिषद्को सोही दिनको निर्णयानुसार वि.सं. २०६९ साल मङ्सिर ७ गते अर्को संविधान सभा सदस्य निर्वाचन गर्ने निर्णय पनि सार्वजनिक भएको थियो ।

राजनीतिक दलहरूबिच व्यापक सहमति हुन नसकेका कारण वि.सं. २०६९ साल मङ्सिर ७ गते हुने भनिएको अर्को संविधान सभाको निर्वाचन तोकिएको मितिमा हुन सकेन । फलतः राजनीतिक दलहरूबिचकै सहमतिमा संविधान सभा सदस्य निर्वाचन सम्पन्न गराउने मूल जिम्मेवारी सहित वि.सं. २०६९ साल चैत १ गते सर्वोच्च अदालतमा तत्काल बहाल रहेका प्रधान न्यायाधीश श्री खिलराज रेग्मीको अध्यक्षतामा नयाँ सरकार गठन भएको थियो । वि.सं. २०७० साल मङ्सिर ४ गते मङ्गलबारका दिन निर्वाचन सम्पन्न भई गठन भएको अर्को संविधान सभाले विभिन्न कठिनाइका बाबजुद वि.सं .२०७२ साल असोज ३ गते आइतबारका दिन नेपालको संविधान जारी गर्‍यो । निर्वाचन आयोगले नेपालको संविधानले व्यवस्था गरे बमोजिमका सबै निर्वाचन वि.सं. २०७४ सालमा निर्बाध रूपमा सम्पन्न गरेको थियो ।

## १.२ नेपालको संविधानमा निर्वाचन आयोग सम्बन्धी व्यवस्था

### १.२.१ निर्वाचन आयोगको गठन सम्बन्धी व्यवस्था

नेपालको संविधानको भाग-२४ मा निर्वाचन आयोगको व्यवस्था छ । निर्वाचन आयोगको गठनका सम्बन्धमा व्यवस्था गरिएको संविधानको धारा २४५ मा नेपालमा एक निर्वाचन आयोग रहने र त्यस्तो आयोगमा प्रमुख आयुक्त र अन्य चार जना आयुक्त रहने विषय उल्लेख छ । यसरी गठन हुने निर्वाचन आयोगको अध्यक्ष भई काम गर्ने जिम्मेवारी प्रमुख निर्वाचन आयुक्तले गर्ने कुरा संविधानमा नै प्रस्ट गरिएको छ । उमेरको हद पैंसठ्ठी वर्ष पूरा भएको अवस्थामा बाहेक नियुक्त

भएका मितिले छ वर्षसम्म बहाल रहने प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिले गर्ने व्यवस्था छ ।

संविधान बमोजिम नियुक्त हुने प्रमुख निर्वाचन आयुक्त र आयुक्तको योग्यता देहाय बमोजिम हुनुपर्ने संविधानले नै प्रस्ट तोकेको छ :

(क) मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि प्राप्त गरेको,

(ख) नियुक्त हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ग) पैँतालिस वर्ष उमेर पूरा भएको, र

(घ) उच्च नैतिक चरित्र भएको ।

### १.२.२ निर्वाचन ओयोगको काम, कर्तव्य र अधिकार

संविधानको धारा २४६ ले निर्वाचन आयोगको विभिन्न काम, कर्तव्य र अधिकारका विषयमा उल्लेख गरेको छ, जुन यस प्रकार छन् :

(क) निर्वाचन आयोगले यस संविधान र सङ्घीय कानुनको अधीनमा रही राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसद्का सदस्य, प्रदेश सभाका सदस्य, स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्नेछ । निर्वाचनको प्रयोजनका लागि मतदाताको नामावली तयार गर्ने कार्य निर्वाचन आयोगले गर्नेछ ।

(ख) निर्वाचन आयोगले यस संविधान र सङ्घीय कानुन बमोजिम राष्ट्रिय महत्वको विषयमा जनमत सङ्ग्रह गराउनेछ ।

(ग) राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसद्का सदस्य, प्रदेश सभाका सदस्य वा स्थानीय तहका सदस्यका लागि उम्मेदवारीको मनोनयन दर्ता भइसकेको तर निर्वाचन परिणाम घोषणा भई नसकेको अवस्थामा कुनै उम्मेदवारको योग्यता सम्बन्धमा कुनै प्रश्न उठेमा त्यसको निर्णय निर्वाचन आयोगले गर्नेछ ।

(घ) निर्वाचन आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार प्रमुख निर्वाचन आयुक्त, कुनै निर्वाचन आयुक्त वा सरकारी कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

(ङ) निर्वाचन आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि सङ्घीय कानुन बमोजिम हुनेछ ।

### १.२.३ आवश्यक सहयोगको व्यवस्था

निर्वाचन आयोगलाई आफ्नो काम पूरा गर्न आवश्यक पर्ने कर्मचारी र अन्य सहयोग नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले उपलब्ध गराउनु पर्ने व्यवस्था संविधानको धारा २४७ ले गरेको छ ।

## १.३ निर्वाचन आयोगले सम्पन्न गर्नुपर्ने निर्वाचनहरू

### १.३.१ राष्ट्रपतिको निर्वाचन

नेपालको संविधानको धारा ६१ ले व्यवस्था गरेको राष्ट्रपतिको निर्वाचन धारा ६२ बमोजिम निर्वाचन आयोगले संविधान प्रदत्त आफ्नो काम, कर्तव्य र अधिकार अन्तर्गत रही सञ्चालन गर्दछ ।

### १.३.२ उपराष्ट्रपतिको निर्वाचन

नेपालको संविधानको धारा ६७ ले व्यवस्था गरेको उपराष्ट्रपतिको निर्वाचन धारा ६९ ले व्यवस्था गरे बमोजिम हुने गरी निर्वाचन आयोगले संविधान प्रदत्त आफ्नो काम, कर्तव्य र अधिकार अन्तर्गत रही सञ्चालन गर्दछ ।

### १.३.३ सङ्घीय संसद्का सदस्यको निर्वाचन

नेपालको संविधानको धारा ८३ ले व्यवस्था गरेको सङ्घीय व्यवस्थापिकाका लागि धारा ८४ बमोजिम गठन हुने प्रतिनिधि सभाको सदस्य र धारा ८६ बमोजिम गठन हुने राष्ट्रिय सभाको सदस्यको निर्वाचन, निर्वाचन आयोगले संविधान प्रदत्त आफ्नो काम, कर्तव्य र अधिकार अन्तर्गत रही सञ्चालन गर्दछ ।

#### १.३.३.१ प्रतिनिधि सभा

प्रतिनिधि सभा नेपालको संविधान  बमोजिम गठन हुने द्विसदनात्मक सङ्घीय संसद्मा रहने तल्लो सभा हो । यो सभा नेपालको संविधानको धारा ८४ बमोजिम गठन हुन्छ ।

#### १.३.३.२ राष्ट्रिय सभा

नेपालको संविधान  बमोजिम गठन हुने द्विसदनात्मक सङ्घीय संसद्मा रहने माथिल्लो तथा स्थायी सभा हो - राष्ट्रिय सभा । यो सभा नेपालको संविधानको धारा ८६ बमोजिम गठन हुन्छ ।

### १.३.४ प्रदेश सभाका सदस्यको निर्वाचन

नेपालको संविधानको धारा १७५ ले व्यवस्था गरेको प्रदेश व्यवस्थापिकाका लागि धारा १७६ बमोजिम गठन हुने प्रदेश सभाको सदस्यको निर्वाचन, निर्वाचन आयोगले संविधान प्रदत्त आफ्नो काम, कर्तव्य र अधिकार अन्तर्गत रही सञ्चालन गर्दछ ।

### १.३.५ स्थानीय तहका सदस्यको निर्वाचन

नेपालको संविधानको धारा २२२ बमोजिम गठन हुने गाउँ सभामा रहने अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित हुने चार जना सदस्य र धारा २२३ बमोजिम गठन हुने नगर सभामा रहने प्रमुख, उपप्रमुख, वडा अध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित हुने चार जना सदस्यको निर्वाचन निर्वाचन आयोगले संविधान प्रदत्त आफ्नो काम, कर्तव्य र अधिकार अन्तर्गत रही सञ्चालन गर्दछ ।

### १.३.५.१ गाउँ कार्यपालिका तथा नगर कार्यपालिका सदस्य निर्वाचन

नेपालको संविधानको धारा २२२ बमोजिम गठन हुने गाउँ सभामा सोही धाराको उपधारा (२) र (३) बमोजिम रहने सदस्य र धारा २२३ बमोजिम गठन हुने नगर सभामा सोही धाराको उपधारा (२) र (३) बमोजिम रहने गरी गाउँ कार्यपालिका तथा नगर कार्यपालिकामा निर्वाचित हुने महिला र दलित वा अल्पसङ्ख्यक सदस्यको निर्वाचन, निर्वाचन आयोगले सञ्चालन गर्दछ ।

### १.३.५.२ जिल्ला समन्वय समितिको निर्वाचन

नेपालको संविधानको धारा २२० को उपधारा (३) बमोजिमको जिल्ला समन्वय समितिको निर्वाचन निर्वाचन आयोगले सञ्चालन गर्दछ ।

### १.४ निर्वाचनसँग सम्बन्धित ऐन/कानुन

नेपालको निर्वाचनसँग सम्बन्धित ऐन/कानुन र तिनको प्रमाणीकरण मिति देहाय बमोजिम छ :

| क्र.सं. | ऐन/कानुन | प्रमाणीकरण मिति |
|---|---|---|
| १ | नेपालको संविधान | २०७२/६/३ |
| २ | निर्वाचन आयोग ऐन, २०७३ | २०७३/१०/२० |
| ३ | निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ | २०७३/१०/२८ |
| ४ | स्थानीय तह निर्वाचन ऐन, २०७३ | २०७३/१०/२८ |
| ५ | निर्वाचन क्षेत्र निर्धारण ऐन, २०७३ | २०७३/१२/११ |
| ६ | प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ | २०७४/५/२२ |
| ७ | प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ | २०७४/५/२२ |
| ८ | मतदाता नामावली ऐन, २०७३ | २०७३/१०/२० |
| ९ | राजनीतिक दल सम्बन्धी ऐन, २०७३ | २०७३/१२/२७ |
| १० | राष्ट्रिय सभा सदस्य निर्वाचन अध्यादेश, २०७४ | २०७४/९/१४ |
| ११ | राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ | २०७४/६/२७ |
| १२ | राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ | २०७५/३/२० |

### १.४.१ निर्वाचनसँग सम्बन्धित नियमावली

निर्वाचन कानुन अन्तर्गत बनेका निर्वाचनसँग सम्बन्धित विभिन्न नियमावली र सो नियमावली आयोगबाट जारी मिति देहाय बमोजिम छ :

| क्र.सं. | नियमावली | आयोगबाट स्वीकृत मिति |
|---|---|---|
| १ | मतदाता नामावली सम्बन्धी नियमावली, २०६८ | २०६८/१२/१७ |
| २ | स्थानीय तह निर्वाचन नियमावली, २०७३ | २०७३/११/२४ |
| ३ | निर्वाचन आयोग नियमावली, २०७३ | २०७३/१२/१४ |
| ४ | राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ | २०७४/५/१० |
| ५ | प्रतिनिधि सभा सदस्य निर्वाचन नियमावली, २०७४ | २०७४/६/३ |
| ६ | प्रदेश सभा सदस्य निर्वाचन नियमावली, २०७४ | २०७४/६/१२ |
| ७ | राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी नियमावली, २०७४ | २०७४/११/९ |
| ८ | राष्ट्रिय सभा सदस्य निर्वाचन नियमावली, २०७६ | २०७६/९/९ |

### १.४.२ निर्वाचनसँग सम्बन्धित निर्वाचन निर्देशिका

निर्वाचनसँग सम्बन्धित निर्वाचन निर्देशिका र जारी भएको मिति देहाय बमोजिम छ :

| क्र.सं. | निर्देशिका | आयोगबाट जारी मिति |
|---|---|---|
| १ | स्थानीय तह निर्वाचन निर्देशिका, २०७४ | २०७३/१२/१७ |
| २ | स्थानीय तह निर्वाचन पर्यवेक्षण निर्देशिका, २०७३ | २०७३/१२/८ |
| ३ | स्थानीय तह निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०७३ | २०७३/१२/१५ |
| ४ | स्थानीय तह निर्वाचन (आर्थिक) निर्देशिका, २०७३ | २०७३/१२/५ |
| ५ | मतदाता शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७४ | २०७४/६/९ |
| ६ | स्थानीय तह निर्वाचन अनुगमन निर्देशिका, २०७३ | २०७३/१२/१७ |
| ७ | स्थानीय तह निर्वाचन विवाद निरुपण निर्देशिका, २०७४ | २०७४/१/१३ |
| ८ | स्थानीय तह निर्वाचन (मतदान) निर्देशिका, २०७४ | २०७४/१/२३ |
| ९ | स्थानीय तह निर्वाचन (मतगणना) निर्देशिका, २०७४ | २०७४ /१/२८ |
| १० | स्थानीय तह निर्वाचन (कसुर तथा सजाय) निर्देशिका, २०७४ | २०७४/१/२१ |
| ११ | स्थानीय तह निर्वाचन आचार संहिता अनुगमन निर्देशिका, २०७४ | २०७४/१/१३ |

| | | |
|---|---|---|
| १२ | गाउँ कार्यपालिका तथा नगर कार्यपालिका निर्वाचन निर्देशिका, २०७४ | २०७४/२/२ |
| १३ | जिल्ला समन्वय समिति निर्वाचन निर्देशिका, २०७४ | २०७४/२/३१ |
| १४ | स्थानीय तह निर्वाचन सुरक्षा (व्यवस्थापन) निर्देशिका, २०७३ | २०७३/१२/१८ |
| १५ | प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन आचार संहिता अनुगमन निर्देशिका, २०७४ | २०७४/७/२७ |
| १६ | राष्ट्रिय सभा सदस्य निर्वाचन निर्देशिका, २०७६ | २०७६/९/९ |
| १७ | राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन निर्देशिका, २०७४ | २०७४/११/२० |
| १८ | राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन (मतगणना) निर्देशिका, २०७४ | २०७४/११/२८ |
| १९ | राष्ट्रिय सभा सदस्य निर्वाचन (मतगणना) निर्देशिका, २०७४ | २०७४/१०/१७ |
| २० | राष्ट्रिय सभा सदस्य निर्वाचन (आर्थिक तथा जनशक्ति) निर्देशिका, २०७४ | २०७४/१०/०२ |
| २१ | प्रतिनिधि सभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७४ | २०७४/६/२० |
| २२ | प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन (आर्थिक) निर्देशिका, २०७४ | २०७४/८/१ |
| २३ | प्रतिनिधि सभा सदस्य निर्वाचन तथा प्रदेश सभा सदस्य निर्वाचन (मतगणना) निर्देशिका, २०७४ | २०७४/८/९ |
| २४ | प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन (सुरक्षा व्यवस्थापन) निर्देशिका, २०७४ | २०७४/८/१ |
| २५ | प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन (मतदान) निर्देशिका, २०७४ | २०७४/७/२७ |
| २६ | प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०७४ | २०७४/७/१९ |
| २७ | प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन विवाद निरूपण निर्देशिका, २०७४ | २०७४/७/१८ |
| २८ | प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन (कसुर तथा सजाय) निर्देशिका, २०७४ | २०७४/७/१५ |
| २९ | प्रदेश सभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७४ | २०७४/६/२० |
| ३० | प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन अनुगमन निर्देशिका, २०७४ | २०७४/६/२२ |
| ३१ | राष्ट्रिय पर्यवेक्षकहरूका लागि प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचन पर्यवेक्षण आचार संहिता, २०७४ | २०७४/५/३० |

| | | |
|---|---|---|
| ३२ | प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचन पर्यवेक्षण निर्देशिका, २०७४ | २०७४/५/३० |
| ३३ | प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन निर्देशिका, २०७४ | २०७४/६/१९ |
| ३४ | स्थानीय तह निर्वाचन (मतगणना) निर्देशिका, २०७४ | २०७४/१/२८ |
| ३५ | उपनिर्वाचन सुरक्षा व्यवस्थापन निर्देशिका, २०७६ | २०७६/७/१५ |
| ३६ | प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य उपनिर्वाचन निर्देशिका, २०७६ | २०७६/७/६ |
| ३७ | स्थानीय तह उपनिर्वाचन निर्देशिका, २०७६ | २०७६/७/५ |

### १.४.३ निर्वाचनसँग सम्बन्धित कार्यविधि

निर्वाचनसँग सम्बन्धित निर्वाचन कार्यविधि र जारी भएको मिति देहाय बमोजिम छ :

| क्र.सं. | कार्यविधि | आयोगबाट जारी मिति |
|---|---|---|
| १ | निर्वाचन विवाद (सुनुवाई र निरुपण) सम्बन्धी कार्यविधि, २०७६ | २०७६/५/३ |
| २ | उपनिर्वाचन सञ्चालन आर्थिक कार्यविधि, २०७६ | २०७६/६/२ |
| ३ | राष्ट्रिय सभा सदस्य निर्वाचन (आर्थिक) कार्यविधि, २०७६ | २०७६/९/११ |

### १.४.४ निर्वाचनसँग सम्बन्धित नीति

निर्वाचनसँग सम्बन्धित निर्वाचन नीति र जारी भएको मिति देहाय बमोजिम छ :

| क्रम | नीति | आयोगबाट जारी मिति |
|---|---|---|
| १ | निर्वाचन आयोगको तालीम नीति, २०७४ | |
| २ | निर्वाचन आयोगको मतदाता शिक्षा नीति, २०७४ | |
| ३ | स्थानीय तह निर्वाचन पर्यवेक्षण नीति, २०७४ | २०७३/१२/८ |
| ४ | लैङ्गिक तथा समावेशीकरण नीति, २०७० | |

### १.४.५ निर्वाचनसँग सम्बन्धित आचारसंहिता

निर्वाचनसँग सम्बन्धित निर्वाचन आचारसंहिता र जारी भएको मिति देहाय बमोजिम छ :

| क्र.सं. | आचार संहिता | आयोगबाट स्वीकृत मिति |
|---|---|---|
| १ | निर्वाचन आचारसंहिता, २०७२ | २०७२/४/११ |

| | | |
|---|---|---|
| २ | स्थानीय तह निर्वाचन आचारसंहिता, २०७४ | २०७३/११/१७ |
| ३ | स्थानीय तह निर्वाचन पर्यवेक्षण आचारसंहिता, २०७३ | |
| ४ | प्रदेश सभा सदस्य निर्वाचन आचारसंहिता, २०७४ | |
| ५ | प्रतिनिधि सभा सदस्य निर्वाचन आचारसंहिता, २०७४ | |
| ६ | राष्ट्रिय पर्यवेक्षकहरूका लागि स्थानीय तह निर्वाचन पर्यवेक्षण आचारसंहिता, २०७३ | २०७३/१२/८ |
| ७ | राष्ट्रिय पर्यवेक्षकहरूका लागि प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन पर्यवेक्षण आचारसंहिता, २०७३ | २०७४/५/३० |

### १.५ वि.सं. २०७४ सालको निर्वाचन घोषणाका समयमा आयोगका पदाधिकारी

स्थानीय तह निर्वाचन, २०७४ को मिति घोषणा हुनु केही दिनअघिसम्म आयोगको प्रमुख निर्वाचन आयुक्तमा डा. अयोधीप्रसाद यादव र निर्वाचन आयुक्तमा श्री इला शर्मा मात्र कार्यरत हुनुहुन्थ्यो । निर्वाचन सम्पन्न गर्नका लागि संविधानले व्यवस्था गरे बमोजिमको सङ्ख्यामा प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तको सबै पद पूर्ति हुनुपर्ने अवस्था समेतलाई मध्यनजर गरी संवैधानिक परिषद्को सिफारिसमा सम्माननीय राष्ट्रपतिबाट वि.सं. २०७३ साल फागुन ५ गते आयोगको रिक्त निर्वाचन आयुक्त पदमा देहायका महानुभावलाई नियुक्त गरियो :

(१) श्री नरेन्द्र दाहाल

(२) श्री इश्वरी प्रसाद पौडयाल, र

(३) श्री सुधीरकुमार शाह ।

### १.५.१ आयोगका पदाधिकारीहरूको पूर्ण विवरण

राष्ट्रपतिबाट वि.सं.२०७३ साल फागुन ५ मा गरिएको  निर्वाचन आयुक्तको नियुक्तिपछि आयोगको गठन संरचना तल उल्लेख गरे बमोजिम हुन पुग्यो, जसले २०७४ सालका लागि घोषित सबै निर्वाचन सफलतापूर्वक सम्पन्न गरेको थियो ।

(१) माननीय प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादव

(२) माननीय निर्वाचन आयुक्त श्री इला शर्मा

(३) माननीय निर्वाचन आयुक्त श्री नरेन्द्र दाहाल

(४) माननीय निर्वाचन आयुक्त श्री इश्वरी प्रसाद पौडयाल

(५) माननीय निर्वाचन आयुक्त श्री सुधीर कुमार शाह

### १.५.२ आयोगका पदाधिकारीको कार्य विभाजन

निर्वाचन आयोगको गठन प्रक्रियाले पूर्णता पाएपछि आयोगको वि.सं. २०७३ साल फागुन ५ को निर्णयले आयोगका प्रमुख निर्वाचन आयुक्त तथा निर्वाचन आयुक्तलाई आयोगको समग्र कार्य छिटो छरितो रूपमा सम्पन्न गर्ने हेतुले देहाय बमोजिम कार्य विभाजन गरियो :

**१. माननीय प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादव**

(क) प्रशासन तथा जनशक्ति

(ख) वैदेशिक सम्बन्ध

(ग) जनसम्पर्क, समन्वय र अनुगमन

(घ) निर्वाचन व्यवस्थापन

**२. माननीय निर्वाचन आयुक्त श्री इला शर्मा**

(क) मतदाता नामावली

(ख) मतदाता परिचयपत्र

(ग) मतदाता/निर्वाचन शिक्षा

(घ) तालिम/प्रशिक्षण

**३. माननीय निर्वाचन आयुक्त श्री नरेन्द्र दाहाल**

(क) मतपत्र व्यवस्थापन

(ख प्रेस/सञ्चार व्यवस्थापन

(ग) निर्वाचन कार्यक्रम

(घ) योजना, अध्ययन, अनुसन्धान र समावेशीकरण

**४. माननीय निर्वाचन आयुक्त श्री इश्वरी प्रसाद पौडयाल**

(क) निर्वाचन कानुन

(ख) नियमावली, निर्देशिका, कार्यविधि

(ग) राजनीतिक दल व्यवस्थापन

(घ) प्रविधि

**५. माननीय निर्वाचन आयुक्त श्री सुधीरकुमार शाह**

(क) निर्वाचन आचारसंहिता

(ख) निर्वाचन विवाद निरुपण

(ग) सुरक्षा व्यवस्थापन

(घ) आर्थिक व्यवस्थापन

## १.६ निर्वाचन आयुक्त पदबाट अवकाश

निर्वाचन आयोगको प्रमुख निर्वाचन आयुक्त तथा निर्वाचन आयुक्त पदमा कार्यरत देहायका पदाधिकारीले देहायका मितिदेखि देहायका कारणले आफ्नो पदबाट अवकाश प्राप्त गरेका थिए :

| क्र.सं. | पद | नाम | अवकाश प्राप्त मिति | अवकाशको कारण |
|---|---|---|---|---|
| १ | प्रमुख निर्वाचन आयुक्त | डा. अयोधी प्रसाद यादव | २०७५ चैत ११ | पदावधि समाप्त |
| २ | निर्वाचन आयुक्त | श्री इला शर्मा | २०७५ चैत ११ | पदावधि समाप्त |
| ३ | निर्वाचन आयुक्त | श्री सुधीर कुमार शाह | २०७५ चैत २९ | उमेर हद पूरा |

## १.७ प्रमुख निर्वाचन आयुक्त पदमा नयाँ नियुक्ति र पद बहाली

सम्माननीय राष्ट्रपतिबाट वि.सं २०७५ साल चैत ११ देखि आयोगमा रिक्त रहेको प्रमुख निर्वाचन आयुक्त पदमा नेपालको संविधानको धारा २४५ को उपधारा (२) बमोजिम संवैधानिक परिषद्को सिफारिसमा वि.सं २०७६ साल वैशाख ६ गते नेपाल सरकारका निवर्तमान सचिव श्री दिनेश कुमार थपलियालाई नियुक्त गरियो। नवनियुक्त प्रमुख निर्वाचन आयुक्त श्री दिनेश कुमार थपलियाले वैशाख ८ गते पद तथा गोपनीयताको शपथ लिई सोही दिन निर्वाचन आयोगमा पद बहाली गरी कार्य आरम्भ गर्नु भएको थियो ।

## १.८ उपनिर्वाचन तथा राष्ट्रिय सभा सदस्यको निर्वाचनमा आयोगका पदाधिकारी

वि.सं २०७६ साल मङ्सिर १४ गते भएको स्थानीय तहका सदस्य, प्रदेश सभा सदस्य र प्रतिनिधि सभा सदस्यको उपनिर्वाचन तथा राष्ट्रिय सभा सदस्यको रिक्त स्थान पूर्तिको लागि वि.सं २०७६ साल माघ ९ गते भएको निर्वाचन सञ्चालनका समयमा प्रमुख निर्वाचन आयुक्त तथा निर्वाचन आयुक्त पदमा देहायका व्यक्ति कार्यरत थिए :

१. माननीय प्रमुख निर्वाचन आयुक्त श्री दिनेश कुमार थपलिया,

२. माननीय निर्वाचन आयुक्त श्री नरेन्द्र दाहाल, र

३. माननीय निर्वाचन आयुक्त श्री इश्वरी प्रसाद पौडयाल ।

माननीय प्रमुख निर्वाचन आयुक्त श्री दिनेश कुमार थपलियाको अध्यक्षतामा रहेको आयोग पदाधिकारीहरूको यही संरचनाले वि.सं २०७६ साल मङ्सिर १४ गते स्थानीय तहका सदस्य, प्रदेश सभा सदस्य र प्रतिनिधि सभा सदस्यको उपनिर्वाचन तथा वि.सं.२०७६ साल माघ ९ गते राष्ट्रिय सभामा रिक्त हुने अठार स्थानका लागि भएको राष्ट्रिय सभा सदस्य पदको निर्वाचन सफलतापूर्वक सम्पन्न गरेको थियो ।

परिच्छेद दुई

# स्थानीय तह निर्वाचन, २०७४

गाउँपालिका तथा नगरपालिका, गाउँ कार्यपालिका तथा
नगर कार्यपालिका र जिल्ला समन्वय समिति निर्वाचन

परिच्छेद दुई

# स्थानीय तह निर्वाचन, २०७४

गाउँपालिका तथा नगरपालिका, गाउँ कार्यपालिका तथा नगर कार्यपालिका र जिल्ला समन्वय समिति निर्वाचन

## २.१ गाउँपालिका तथा नगरपालिका निर्वाचन

### २.१.१ पृष्ठभूमि

नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम स्थानीय स्तरमा वि.सं. २०५४ साल जेठमा सम्पन्न स्थानीय निकाय निर्वाचनबाट निर्वाचित सदस्यहरूको पदावधि वि.सं.२०५९ साल असार मसान्तसम्म कायम थियो । विविध राजनीतिक कारणले तत्कालीन प्रतिनिधि सभाका लागि वि.सं. २०५९ सालमा घोषित आम निर्वाचन सम्पन्न हुन नसकेपछि निर्वाचनको वातावरण एकपछि अर्को गरी धुमिल हुँदै गयो । राजाले मुलुकको सत्ता हातमा लिएपछि स्थानीय निकाय निर्वाचनका नाममा वि.सं. २०६२ सालमा गरिएको नगरपालिका निर्वाचन पनि दीर्घजीवी हुन सकेन । मुलुकमा चलेको २०६२/०६३ को राजनीतिक आन्दोलनले सफलता प्राप्त गरेपछि वि.सं. २०६१ सालमा राजाले भङ्ग गरेको तत्कालीन प्रतिनिधि सभा वि.सं. २०६३ साल वैशाख ११ गते पुनःस्थापित भयो । नेपालको राजनीतिक घटनाक्रममा मुलुक गणतन्त्र स्थापना तर्फ उन्मुख भयो । वि.सं. २०६३ साल मङ्सिर ५ गते नेपाल सरकार र तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बिच बृहत् शान्ति सम्झौता सम्पन्न भएपछि नेपालमा वि.सं.  २०६३ साल माघ १ गते नेपालको अन्तरिम संविधान जारी भयो ।

नेपाल अधिराज्यको संविधान, २०४७ खारेज भई नेपालको अन्तरिम संविधान, २०६३ जारी भएपछि मुलुक संविधान सभा निर्वाचन तर्फ उन्मुख भयो । वि.सं. २०७० सालमा सम्पन्न अर्को संविधान सभा निर्वाचनबाट निर्वाचित संविधान सभाले २०७२ साल असोज ३ गते आइतबारका दिन नेपालको संविधान जारी गरेपछि स्थानीय स्तरको निर्वाचनको सन्दर्भ फेरि पनि पटकपटक राजनीतिक वृत्तमा देखा परिरहे । उदाहरणको लागि तत्कालीन प्रधानमन्त्रीले वि.सं. २०७२ साल पुस २३ गते निर्वाचन आयोगका पदाधिकारीहरूलाई भेटघाटका क्रममा दिएको सुझावलाई लिन सकिन्छ । यो भेटघाटपछि आयोगले सोही दिन जारी गरेको विज्ञप्तिले यस कुराको पुष्टि गर्छ । आयोगले जारी गरेको सो प्रेस विज्ञप्ति परिशिष्ट-१ मा प्रस्तुत गरिएको छ ।

यसपछि पनि संविधानको धारा ३०३ मा उल्लेख भएको व्यवस्थामा टेकेर स्थानीय निकाय निर्वाचन गर्न गराउन निर्वाचन आयोग समेतलाई विपक्षी बनाई सर्वोच्च अदालतमा रिट दायर भयो । तथापि स्थानीय निकाय निर्वाचन गराउने विषयमा कुनै निकास निस्कन सकेन । यसैबिच वि.सं.२०७३ साल माघ २८ गते स्थानीय तह निर्वाचन ऐन, २०७३ जारी भयो । स्थानीय तह निर्वाचन ऐन जारी भएपछि ऐनको दफा ४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले वि.सं.

२०७४ साल वैशाख ३१ गते एकै चरणमा स्थानीय तहको निर्वाचन सम्पन्न गर्ने गरी वि.सं. २०७३ साल फागुन ९ गते निर्वाचन मितिको घोषणा गऱ्यो । नेपाल सरकारले गरेको निर्वाचन मितिको यही घोषणापछि  वि.सं. २०७४ सालको निर्वाचनको आगामी कामहरू क्रमशः अघि बढे ।

स्थानीय तह निर्वाचनको लागि निर्वाचन मिति घोषणा भइसक्दा पनि स्थानीय तह कति हुने, कति पदका लागि आयोगले निर्वाचन गर्नुपर्ने भन्ने जस्ता अन्योलको स्थिति मौजुद थियो । निर्वाचनका लागि आवश्यक ऐन/नियम उपलब्ध नहुनु आयोगका सामु अर्को समस्या थियो । तर, निर्वाचनका लागि निर्णय लिइएको मिति र निर्वाचन गर्नुपर्ने दिन बिचको अवधि अत्यन्त छोटो (निर्वाचन मिति घोषणा भएको दिन समेतबाट चौरासिऔं दिनमा मतदान कार्यक्रम) थियो । फेरि निर्वाचन अधिकृतको नियुक्ति पनि विगतको स्थानीय निकाय निर्वाचनको समयको भन्दा फरक भएकाले त्यो विषय पनि आयोगका लागि त्यति सहज थिएन । यस्तो स्थितिमा आयोग सामु निर्वाध रूपमा निर्वाचन सम्पन्न गर्नुपर्ने चुनौती स्वाभाविक तर वाध्यात्मक अवस्था थियो ।

## २.१.२ स्थानीय तहको पुनर्संरचना

स्थानीय तहको निर्वाचन सम्पन्न गर्नका लागि नेपालको संविधान बमोजिम स्थानीय तहको पुनर्संरचना हुनु आवश्यक थियो । यही आवश्यकता परिपूर्तिका लागि नेपाल सरकारले वि.सं. २०७२ साल चैत १ गते गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रहरूको सङ्ख्या तथा सिमाना निर्धारण आयोग गठन गरेको थियो । यस आयोगले मुलुकभर ७१९ स्थानीय तह रहने गरी वि.सं. २०७३ साल पुस २२ गते नेपाल सरकार समक्ष प्रतिवेदन प्रस्तुत गऱ्यो । यस प्रतिवेदनमाथि सरकारले पुनरावलोकन गरी वि.सं. २०७३ साल फागुन २२ गते मुलुकभर ७४४ स्थानीय तह रहने निर्णय लियो । तत्पश्चात् पनि स्थानीय तहको यो सङ्ख्यात्मक विषय टुङ्गो लाग्न सकेन । यसपछि वि.सं. २०७४ साल जेठ आठ गते तराई मधेशका सोह्र जिल्ला, - प्रदेश दुईका सप्तरी, सिराहा, सर्लाही, धनुषा, महोत्तरी, रौतहट, बारा र पर्सा तथा अरू प्रदेशका तराई मधेशका थप आठ जिल्ला झापा, मोरङ, सुनसरी, नवलपरासी-बर्दघाट सुस्तापश्चिम, रूपन्देही, कपिलवस्तु, बाँके र कैलालीमा स्थानीय तहको साबिकको सङ्ख्या र सिमाना फेरि पनि हेरफेर गरी नेपाल सरकारले पुनः बाइस वटा स्थानीय तह थप गऱ्यो ।

सरकारको यस निर्णय विरुद्ध सर्वोच्च अदालतमा रिट दायर भयो । सरकारको पछिल्लो निर्णयलाई चुनौती दिँदै सर्वोच्च अदालतमा दायर गरिएको यस रिटमाथि सुनुवाई गर्दै सर्वोच्च अदालतबाट वि.सं. २०७४ साल जेठ १२ गते सरकारलाई उल्लिखित निर्णय कार्यान्वयन नगर्नु नगराउनु भनी अन्तरिम आदेश जारी भयो । तर, सर्वोच्च अदालतबाट लामो बहस र छलफलपछि यो रिट वि.सं. २०७४ साल साउन २६ गते खारेज भयो । यसरी सर्वोच्च अदालतमा परेको रिट निवेदन समेतको किनारा लागेपछि वि.सं. २०७४ साल साउन ३१ गते सरकारले प्रदेश नं. २ का आठ जिल्लामा रहने स्थानीय तहको सङ्ख्या पुनरावलोकन गरेपछि मुलुकभर गाउँपालिका तथा नगरपालिकाको सङ्ख्या कुल ७५३ कायम भए । स्थानीय तहको पटकपटकको यही सङ्ख्यात्मक विवादका कारणले २०७४ वैशाख ३१ गतेका लागि एकै चरणमा तोकिएको स्थानीय तह निर्वाचन तीन चरणमा

सम्पन्न गर्नुपर्ने अवस्था आयोग सामु आइपऱ्यो । तथापि, यसरी थप निर्णय लिने काम भने कानुनतः सरकारका तर्फबाट भएको थियो । यसरी अन्तिम रूप पाउन सफल मुलुकभरका गाउँपालिका तथा नगरपालिका र तिनमा रहेका वडाहरूको सङ्ख्यात्मक एकीकृत विवरण देहाय बमोजिम हुन पुग्यो :

| प्रदेश नं. | गाउँपालिका तथा नगरपालिका र तिनका वडाहरूको सङ्ख्यात्मक एकीकृत विवरण | | | | | |
|---|---|---|---|---|---|---|
| | म.न.पा. | उप-म.न.पा. | न.पा. | गा.पा. | जम्मा गा.पा./न.पा. | जम्मा वडा |
| १ | १ | २ | ४६ | ८८ | १३७ | ११५७ |
| २ | १ | ३ | ७३ | ५९ | १३६ | १२७१ |
| ३ | ३ | १ | ४१ | ७४ | ११९ | ११२१ |
| ४ | १ | ० | २६ | ५८ | ८५ | ७५९ |
| ५ | ० | ४ | ३२ | ७३ | १०९ | ९८३ |
| ६ | ० | ० | २५ | ५४ | ७९ | ७१८ |
| ७ | ० | १ | ३३ | ५४ | ८८ | ७३४ |
| **जम्मा** | **६** | **११** | **२७६** | **४६०** | **७५३** | **६७४३** |

### २.१.३ जिल्लागत गाउँपालिका, नगरपालिका र तिनको वडागत विवरण

स्थानीय तह पुनर्संरचना आयोगले नेपाल सरकार समक्ष पेश गरेको प्रस्ताव र त्यसपछि सरकारले पटकपटक गरेको निर्णय समेतका आधारमा स्थानीय तह निर्वाचन, २०७४ सम्पन्न भइसक्दा कायम रहेका मुलुकभरका जम्मा ७५३ गाउँपालिका तथा नगरपालिकाको नामनामेसी र तिनको वडा सङ्ख्या सहितको विस्तृत विवरण परिशिष्ट-२मा प्रस्तुत गरिएको छ ।

### २.१.४ गाउँपालिका र नगरपालिकामा निर्वाचन गर्नुपर्ने पद सङ्ख्या

स्थानीय तह निर्वाचनमा मुलुकभरका ७५३ गाउँपालिका तथा नगरपालिकामा गाउँपालिका अध्यक्ष, गाउँपालिका उपाध्यक्ष, नगरपालिका प्रमुख, नगरपालिका उपप्रमुख, वडा अध्यक्ष, वडा सदस्य, महिला वडा सदस्य र दलित महिला वडा सदस्यको निर्वाचन, निर्वाचन आयोगले सम्पन्न गर्नुपर्ने थियो । त्यसको जम्मा सङ्ख्या देहाय बमोजिम रहेको थियो :

| गा.पा. अध्यक्ष | गा.पा. उपाध्यक्ष | महानगरपालिका/ उप-महानगरपालिका/ नगरपालिका प्रमुख | महानगरपालिका/ उप-महानगरपालिका/ नगरपालिका उपप्रमुख | वडा अध्यक्ष | अन्य वडा सदस्य | महिला वडा सदस्य | दलित महिला वडा सदस्य |
|---|---|---|---|---|---|---|---|
| ४६० | ४६० | २९३ | २९३ | ६७४३ | १३४८६ | ६७४३ | ६७४३ |

- उल्लिखित विवरण अनुसार स्थानीय तहमा निर्वाचन गर्नुपर्ने पद सङ्ख्या ३५२२१ हुन आउँछ ।
- स्थानीय तह अन्तर्गतकै गाउँ कार्यपालिका तथा नगर कार्यपालिकाका महिला सदस्य तथा दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित हुने सदस्य र जिल्ला समन्वय समितिमा निर्वाचित हुने सदस्यको विवरण तत्तत् विषयको सम्बन्धित पृष्ठमा उल्लेख गरिएको छ ।

### २.१.५ निर्वाचन चरण

स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ४ मा स्थानीय तह निर्वाचनको मिति तोक्ने विषयमा उल्लेख गरिएको छ। ऐनको सो दफाको उपदफा (१) मा नेपाल सरकारले स्थानीय तहको निर्वाचन गराउन मिति तोक्न सक्ने तर त्यस्तो निर्वाचन मिति तोक्नुभन्दा अघि आयोगको परामर्श लिनुपर्ने व्यहोरा उल्लेख छ। यसै गरी उपदफा (२) र (३) ले नेपाल सरकारले तोकेको मितिमा एकै चरणमा निर्वाचन सम्पन्न गराउन सम्भव नभएमा तोकिएको मितिबाट निर्वाचन सुरु हुने गरी दुई वा दुईभन्दा बढी चरणमा निर्वाचन सम्पन्न गर्न अलगअलग मिति तोक्न सकिने तर यसरी अलगअलग मिति तोक्दा भने सामान्यतया एउटा प्रदेशको सबै स्थानीय तहका सदस्यको निर्वाचन एकै चरणमा सम्पन्न हुने गरी तोक्नुपर्ने शर्त उल्लेख गरिएको छ । तर अलगअलग मितिमा गरिएका यी सबै निर्वाचन सुरुमा तोकिएको निर्वाचन मितिमा सम्पन्न भएको मानिने कुरा पनि ऐनको सोही दफामा प्रस्ट गरिएको छ ।

यही कानुनी आधारलाई टेकेर नेपाल सरकारले वि.सं. २०७४ साल वैशाख ३१ गते एकै चरणमा निर्वाचन गर्ने गरी वि.सं. २०७३ साल फागुन ९ गते स्थानीय तहको निर्वाचन मिति घोषणा गर्‍यो। तर यसरी तोकिएको मितिमा एकै चरणमा निर्वाचन सम्पन्न हुने वातावरण बन्न सकेन । फलतः सम्माननीय प्रधानमन्त्री सहित नेपाल सरकारका अन्य केही मन्त्रीहरू तथा निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त लगायतका पदाधिकारीहरू बिच वि.सं. २०७४ साल वैशाख १० गते व्यापक छलफल र परामर्श गरी वैशाख ३१ गतेका लागि तोकिएको निर्वाचन दुई चरणमा सम्पन्न गर्ने निर्णय गरियो । सरकार र आयोगबिचको सो दिनको निर्णयानुसार वैशाख ३१ गते पहिलो चरणमा हुने निर्वाचन प्रदेश नम्बर ३, ४ र ६ का जिल्लाहरूमा गर्ने र बाँकी प्रदेश नम्बर १, २, ५ र ७ का जिल्लाहरूको निर्वाचन दोस्रो चरणमा जेठ ३१ गते गर्ने निर्णय भयो । दोस्रो चरणमा जेठ ३१ गते निर्वाचन सम्पन्न गर्ने भनिएको मिति पनि विविध कारणले केही दिन पछि सार्न आवश्यक देखिएको भनी सरकारले वि.सं.२०७४ साल जेठ १५ गते विभिन्न राजनीतिक दल र आयोगसँग परामर्श गरी असार ९ गतेका लागि सारेको थियो ।

असार ९ का लागि तोकिएको यस मितिमा पनि मुस्लिम समुदायको पवित्र रमजान महिनाको इद पर्व परेको र स्थानीय तह निर्वाचनको विपक्षमा उभिएका मधेस केन्द्रित राजनीतिक दलहरूलाई निर्वाचनमा भाग लिन अनुकूल वातावरण सिर्जना गर्ने कारणले नेपाल सरकारले विभिन्न राजनीतिक दल र आयोगसँगको परामर्शमा वि.सं. २०७४ साल जेठ १७ गते दोस्रो चरणको घोषित निर्वाचन पुनः असार १४ का लागि सारेको थियो ।

असार १४ का लागि तोकिएको सो मितिमा पनि बाँकी प्रदेशको सबै निर्वाचन एकै पटक सम्पन्न हुन नसक्ने परिस्थिति सिर्जना भयो । फलतः नेपाल सरकारले थप राजनीतिक सहमति जुटाउन आवश्यक देखिएको भनी वि.सं. २०७४ साल असार १ गते सरोकारवालाहरू सबैसँग परामर्श गरी असार १४ का लागि निर्वाचन मिति तोकिएको प्रदेश १, २, ५ र ७ को निर्वाचन मध्ये प्रदेश नम्बर २ को निर्वाचन २०७४ असोज २ गते गर्ने गरी थप निर्णय लियो । यसरी २०७४ सालको स्थानीय तह निर्वाचन पहिलो चरणमा प्रदेश नम्बर ३, ४ र ६ मा वि.सं. २०७४ साल वैशाख ३१ गते, दोस्रो चरणमा प्रदेश नम्बर १, ५ र ७ मा वि.सं. २०७४ साल असार १४ गते र तेस्रो चरणमा प्रदेश नम्बर २ मा वि.सं २०७४ साल असोज २ गते गरी तीन चरणमा शान्तिपूर्ण रूपमा सम्पन्न भयो ।

### २.१.५.१ निर्वाचन भएका जिल्ला (चरणगत रुपमा)

नेपाल सरकारको पटकपटकको निर्णय (संशोधनका निर्णय) ले मुलुकभर तीन चरणमा निर्वाचन सम्पन्न भएका जिल्लाको चरणगत नामावली देहाय बमोजिम छ :

**पहिलो चरणमा निर्वाचन भएका जिल्ला**

| | | | | |
|---|---|---|---|---|
| १.सिन्धुली | २.रामेछाप | ३.दोलखा | ४.सिन्धुपाल्चोक | ५.काभ्रेपलाञ्चोक |
| ६.भक्तपुर | ७.ललितपुर | ८.काठमाडौं | ९.धादिङ | १०.नुवाकोट |
| ११.रसुवा | १२.चितवन | १३.मकवानपुर | १४.नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | १५.गोरखा |
| १६.मनाङ | १७.लमजुङ | १८.तनहुँ | १९.कास्की | २०.स्याङ्जा |
| २१.पर्वत | २२.बागलुङ | २३.म्याग्दी | २४.मुस्ताङ | २५.रुकुम पश्चिम भाग |
| २६.सल्यान | २७.जाजरकोट | २८.दैलेख | २९.सुर्खेत | ३०.डोल्पा |
| ३१.कालिकोट | ३२.जुम्ला | ३३.मुगु | ३४.हुम्ला | |

**दोस्रो चरणमा निर्वाचन भएका जिल्ला**

| | | | | |
|---|---|---|---|---|
| १.ताप्लेजुङ | २.पाँचथर | ३.इलाम | ४.झापा | ५.संखुवासभा |
| ६.तेह्रथुम | ७.धनकुटा | ८.भोजपुर | ९.खोटाङ | १०.सोलुखुम्बु |
| ११.ओखलढुङ्गा | १२.उदयपुर | १३.मोरङ | १४.सुनसरी | १५.नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) |
| १६.रूपन्देही | १७.कपिलवस्तु | १८.पाल्पा | १९.अर्घाखाँची | २०.गुल्मी |

| | | | | |
|---|---|---|---|---|
| २१.रुकुम (पूर्वी भाग) | २२.रोल्पा | २३.प्युठान | २४.दाङ | २५.बाँके |
| २६.बर्दिया | २७.बाजुरा | २८.बझाङ | २९.डोटी | ३०.अछाम |
| ३१.दार्चुला | ३२.बैतडी | ३३.डडेल्धुरा | ३४.कञ्चनपुर | ३५.कैलाली |

**तेस्रो चरणमा निर्वाचन भएका जिल्ला**

| | | | | |
|---|---|---|---|---|
| १.सप्तरी | २.सिराहा | ३.सर्लाही | ४.धनुषा | ५.महोत्तरी |
| ६.रौतहट | ७.बारा | ८.पर्सा | | |

### २.१.६ राजनीतिक दल दर्ता

संवैधानिक व्यवस्था अनुसार नेपाल सरकारबाट वि.सं. २०७३ साल फागुन ९ गते स्थानीय तहको निर्वाचन मिति घोषणा भएपछि निर्वाचनमा राजनीतिक दलहरूलाई सहभागी गराउनको लागि नेपालको संविधानको धारा २७१ बमोजिम स्थानीय तह निर्वाचन, २०७४ को प्रयोजनार्थ आयोगले आयोगमा दल दर्ता गर्नको लागि सूचना जारी गरेकोमा सोही सूचनाको आधारमा विभिन्न ८० राजनीतिक दलले स्थानीय तह निर्वाचन प्रयोजनको लागि दल दर्ता गर्न निवेदन दिएकाले ती दललाई स्थानीय तह निर्वाचन, २०७४ को निर्वाचन प्रयोजनका लागि आयोगमा दर्ता गरिएको थियो। ती असी दलमध्ये सत्ताइस राजनीतिक दल तत्कालको व्यवस्थापिका-संसद्मा प्रतिनिधित्व गरिरहेका दल थिए भने बाँकी दलको संसद्मा उपस्थिति थिएन। त्यस्ता राजनीतिक दलको विवरण परिशिष्ट-३ मा प्रस्तुत गरिएको छ।

### २.१.६.१ निर्वाचनमा भाग लिने दलको पूर्व जानकारी र मतपत्रको आँकलन

स्थानीय तह निर्वाचनमा उम्मेदवारलाई निर्वाचन चिह्न वितरण गरिसकेपछि मतपत्र छपाइ गरेर जिल्ला पठाउने काम समय सीमाका कारण असम्भव हुने भएकाले स्थानीय निर्वाचन प्रयोजनका लागि स्थानीय तह निर्वाचनको मिति घोषणा हुनुअघि नै मतपत्रको आकार र त्यसमा कति चिह्न राख्ने भन्ने कामलाई व्यवस्थित गर्ने प्रयोजनका लागि कुनकुन जिल्लामा कुनकुन राजनीतिक दलले निर्वाचनमा भाग लिने हो सो यकिन गर्ने मनसायले आयोगको मिति वि.सं. २०७३ साल पुस २४ गतेको निर्णयले वि.सं. २०७३ साल पुस २५ गते गोरखापत्र दैनिकमा सार्वजनिक सूचना प्रकाशन गरी जिल्लामा सक्रिय राजनीतिक दलहरूले सम्बन्धित जिल्लाको क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयमा वि.सं. २०७३ साल माघ १७ गतेसम्म तोकिए बमोजिमको अद्यावधिक विवरण भरी दर्ता गराउन आयोगले आह्वान गरेको थियो। त्यस्तो विवरण प्राप्त भएपछि जिल्लाको अभिलेखमा जनाई सोको एकीकृत विवरण आयोगमा पठाउन आयोगले मातहतका क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयहरूलाई निर्देश गरेको थियो। आगामी स्थानीय तह निर्वाचन नभनी आगामी स्थानीय निर्वाचनको लागि भनी जानकारी मागिएको सो सूचनामा आयोगले निम्न बमोजिमको विवरण माग गरेको थियो :

१. राजनीतिक दलको नाम,

२. दलको केन्द्रीय कार्यालय रहेको ठेगाना,

३. दलको केन्द्रीय समितिका अध्यक्ष/सभापति/महासचिवको नाम,

४. दलको जिल्लास्तरीय कार्यालय रहेको ठेगाना र सम्पर्क नम्बर,

५. जिल्लास्तरीय समितिका प्रमुख र पदाधिकारीहरूको नाम, ठेगाना र सम्पर्क नम्बर,

६. जिल्लास्तरीय समितिको ईमेल ठेगाना रहेको भए सो ठेगाना ।

वि.सं. २०७३ साल फागुन ९ गते नेपाल सरकारबाट वि.सं. २०७४ साल वैशाख ३१ गते मुलुकभर एकै चरणमा निर्वाचन गर्ने निर्वाचन मिति घोषणा गरिएपछि आयोगले आफ्नो पूर्व सूचना अनुसार वि.सं. २०७३ साल माघ १७ गतेसम्म दर्ता हुन आएको सूचीलाई कायमै राखी वि.सं. २०७३ साल फागुन १६ गते पुनः अर्को सूचना प्रकाशन गरी वि.सं. २०७३ साल फागुन १८ गतेभित्र दर्ता हुन आह्वान गरियो । आयोगको पछिल्लो सूचना अनुसार आएका समेत दलहरूको नाम समावेश गरी आयोगले आफ्नो दर्ता अभिलेख अनुसार प्रदेशगत रूपमा स्थानीय तह निर्वाचनमा भाग लिने राजनीतिक दलहरूको विवरण वि.सं. २०७३ साल फागुन २५ को निर्णयानुसार वि.सं. २०७३ साल फागुन २६ को गोरखापत्र दैनिकमा प्रकाशन गरी यस सम्बन्धमा दलहरूको कुनै भनाइ भए आयोगमा पेश गर्न तीन दिन अर्थात् वि.सं. २०७३ साल फागुन २८ गतेसम्मको समय दियो ।

यिनै सूचनाको आधारमा दलहरूले दिएको जानकारी अनुसार आयोगले प्रत्येक जिल्लाका लागि व्यवस्थापिका संसद्मा प्रतिनिधित्व गर्ने दल कतिले भाग लिने, व्यवस्थापिका संसद्मा प्रतिनिधित्व नगरेका दल कतिले भाग लिने र ती जिल्लामा दलहरूका अलावा कति स्वतन्त्र उम्मेदवारी पर्न सक्छ भन्ने आकलन गरी जिल्लागत रूपमा मतपत्रमा राख्ने मतपत्र लहर सङ्ख्याको निर्धारण गरेको थियो । यसरी जिल्लागत रूपमा आकलन गरिएको मतपत्रमा रहने निर्वाचन चिह्न लहर सङ्ख्या र त्यस्तो मतपत्रको छपाइ ढाँचा कस्तो थियो भन्ने विवरण परिशिष्ट-४ मा प्रस्तुत गरिएको छ ।

### २.१.७ मतदाता र मतदाता नामावली सङ्कलन

#### २.१.७.१ मतदाता हुन पाउने

गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र वडा सदस्य तथा नगरपालिकाको प्रमुख, उपप्रमुख, वडा अध्यक्ष र वडा सदस्य पदको निर्वाचनको लागि आयोगले अन्तिम मतदाता नामावलीमा नाम समावेश गरेको देहायको व्यक्ति मतदाता हुने व्यवस्था मतदाता नामावली ऐन, २०७३ को परिच्छेद २ को दफा ३ को देहायको (घ), (ङ) र (च) ले गरेको छ :

(क) नगर कार्यपालिका प्रमुख र उपप्रमुखको निर्वाचनका लागि सम्बन्धित नगरपालिका भित्रको वडामा स्थायी बसोबास भएको व्यक्ति,

(ख) गाउँ कार्यपालिका अध्यक्ष र उपाध्यक्षको निर्वाचनका लागि सम्बन्धित गाउँपालिका भित्रको वडामा स्थायी बसोबास भएको व्यक्ति,

(ग) नगरपालिका तथा गाउँपालिकाका वडा अध्यक्ष तथा वडा सदस्यको लागि सम्बन्धित वडामा स्थायी बसोबास भएको व्यक्ति,

(घ) गाउँ कार्यपालिका र नगर कार्यपालिकामा रहने महिला सदस्य र दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित हुने सदस्य पदका लागि सम्बन्धित गाउँ सभा र नगर सभाका निर्वाचित सदस्यहरू, र

(ङ) जिल्ला समन्वय समितिको निर्वाचनको लागि सम्बन्धित जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख र उपप्रमुख ।

### २.१.७.२ मतदाता नामावली र मतदानको लागि उमेरको निर्दिष्ट मिति (Cut Off Date)

निर्वाचनका लागि मतदाता नामावलीमा मतदाताको नाम समावेश हुने निर्दिष्ट मिति (Cut off Date) आयोगले निर्धारण गर्ने गरेको थियो । सो सम्बन्धमा पहिलो पटक वि.सं.२०७३ साल कार्तिक २६ देखि हुने अद्यावधिक कार्यक्रमको लागि वि.सं.२०७३ साल असोज ३० सम्म दर्ता भई सोही मितिसम्ममा १८ वर्ष उमेर पूरा भएको मतदाताको नाम मतदाता नामावलीमा समावेश हुने निर्दिष्ट मिति (Cut Off Date) स्थानीय तह निर्वाचनका लागि निर्धारण गरिएको थियो । तर आयोगले मतदाताको उमेरको निर्दिष्ट मिति (Cut Off Date) तोकेपछिको झन्डै साढे तीन महिनापछि मात्र स्थानीय तहको निर्वाचन मिति घोषणा भएकाले यस बिचमा नामावली सङ्कलन भएका सबैलाई समेट्ने गरी आयोगले स्थानीय तह निर्वाचन, २०७४ को लागि निर्वाचन मिति घोषणा भएको मिति अर्थात् वि.सं.२०७३ साल फागुन ९ गतेसम्ममा मतदाता नामावलीमा नाम दर्ता भई मतदानको लागि सोही मितिसम्ममा अठार वर्ष उमेर पूरा भएको हुनुपर्ने गरी वि.सं. २०७३ साल फागुन १० गते निर्णय गरेको थियो ।

### २.१.७.३ मतदाता नामावली सङ्कलनको पूर्व स्थिति

आयोगले मतदाता नामावलीको कामलाई उच्च प्राथमिकतामा राखी निरन्तर दर्ता, घुम्ती शिविरहरू मार्फत दर्ता, वाह्य जिल्ला दर्ता गरी निरन्तरता दिइरहेकै थियो । यसै क्रममा निकट भविष्यमा हुन सक्ने निर्वाचनहरूलाई ध्यानमा राखी आयोगले मतदाता नामावलीको विशेष कार्यक्रम पनि सञ्चालन गरेको थियो । यस क्रममा २०७३ कार्तिक तेस्रो हप्तादेखि पुस १५ सम्म पहिलो चरणमा २१ वटा हिमाली तथा अति दुर्गम जिल्लाहरूमा र २०७३ पुसदेखि माघ मसान्तसम्म दोस्रो चरणमा अन्य ५४ जिल्ला गरी साबिकका ७५ जिल्लामा नै मतदाता नामावली सङ्कलनको यो विशेष कार्यक्रम सञ्चालन गरिएको थियो । देशभर सञ्चालन गरिएको उल्लिखित कार्यक्रममा १,४४,३९६ पुरुष र १,१४,८७७ महिला गरी थप कुल २,५९,२७३ मतदाता हुन योग्यता पुगेका व्यक्तिले मतदाता नामावलीमा नाम दर्ता गराएका थिए ।

### २.१.७.४ मतदाता नामावलीमा दाबी विरोध

स्थानीय तहको निर्वाचनको लागि आयोगले वि.सं. २०७३ साल फागुन ९ लाई मतदाताको अठार वर्ष पुग्ने निर्दिष्ट मिति (Cut Off Date) तोकेपछि सो मितिसम्म पछिल्लो पटक मतदाता नामावलीमा नाम सङ्कलन भई त्यसपछिको कानुनी प्रक्रिया पूरा गर्न बाँकी रहेका मतदाताहरूको लागि वि.सं. २०७३ साल फागुन १७ देखि फागुन २१ गतेसम्म दाबी विरोध लगायतका कार्यक्रम सञ्चालन गरी मतदाता नामावलीलाई अन्तिम रूप प्रदान गरिएको थियो ।

### २.१.७.५ दोहोरो नामावली हटाइएको

वि.सं. २०७३ साल फागुन ९ गतेसम्म सङ्कलित तथा अद्यावधिक भएका तत्काल कायम रहेका ७५ जिल्लाको फोटो सहितको मतदाता नामावलीको तथ्याङ्क (डाटा) विभिन्न मितिमा प्राप्त गरी आयोगले आफ्नो केन्द्रीय सर्भरमा एकीकरण गरेको थियो । यसरी एकीकरण गर्दा सत्तरी हजार मतदाताको नामावली दोहोरो प्रविष्ट भएका ती अभिलेखहरू दोहोरो नरहने गरी आयोगले आफ्नो डाटाबेसबाट हटाई मतदाता नामावली अद्यावधिक गरेको थियो । यसो गर्दा आयोगले पटकपटक एउटै कामका लागि बढी समय खर्चिनु परेको थियो ।

### २.१.७.६ स्थानीय तहगत मतदाता नामावली मिलान

आयोगले स्थानीय तह पुनर्संरचना आयोगको प्रतिवेदन अनुसार केन्द्रीय डाटाबेसमा रहेको मतदाताको पुरानो स्थानीय निकायको ठेगानालाई तत्काल प्रस्तावित ७४४ स्थानीय तहको ठेगानामा परिवर्तन गरेको थियो । स्थानीय तहको तेस्रो चरणको निर्वाचन हुँदासम्म यसलाई ७५३ स्थानीय तहको ठेगानामा लगी मिलाइएको थियो ।

### २.१.७.७ मतदाताको नागरिकता सम्बन्धमा

वि.सं. २०६४ सालको संविधान सभा सदस्यको निर्वाचनको मतदाता नामावलीलाई आधार मानी नेपाली नागरिकताको प्रमाणपत्र नभएका तर वि.सं. २०७० सालको संविधान सभा सदस्यको निर्वाचनको मतदाता नामावलीमा मतदाताहरूको नाम दर्ता रहेको अवस्थामा आयोगले मतदाता नामावली सम्बन्धी नियमावली, २०६८ को नियम ३१क को व्यवस्थालाई सुधार गर्न वि.सं. २०७३ साल पुस ९ गते थप निर्णय लिएको थियो । सो निर्णयपश्चात् त्यस्ता मतदाताहरूले अनिवार्य रूपमा नेपाली नागरिकताको प्रमाणपत्र पेश गर्ने सूचना जारी गर्न सबै क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयहरूलाई पत्राचार गरियो । जारी सूचना अनुसार नेपाली नागरिकताको प्रमाणपत्र पेश गर्न नसकेका मतदाताहरूको नाम अन्तिम मतदाता नामावलीबाट हटाइएको थियो । त्यसै गरी वि.सं. २०६७ साल वैशाखदेखि वि.सं. २०७३ साल असारसम्म नागरिकता रद्द र त्याग गरेकाहरूको विवरण माग गरी त्यस्ता व्यक्तिहरूको नाम पनि मतदाता नामावलीबाट हटाइएको थियो ।

### २.१.७.८ मतदाता सङ्ख्या

स्थानीय तह निर्वाचन, २०७४ मा वि.सं. २०७३ साल फागुन ९ गतेसम्म नाम दर्ता भई आयोगको अन्तिम मतदाता नामावलीमा नाम कायम रहेका पुरुष ७०,७९,१५३, महिला ६९,९३,१२७ र तेस्रो लिङ्गी १४४ गरी जम्मा १,४०,७२,४२४ मतदाता रहेका थिए ।

### २.१.७.९ तेस्रो लिङ्गी मतदाताको पहिचान

साबिकमा मुलुकभर सङ्कलित मतदाता नामावलीलाई लैङ्गिक आधारमा पुरुष र महिला गरी दुई लिङ्गमा मात्र विभक्त गरी सार्वजनिक गर्ने गरिएकोमा यस पटक तेस्रो लिङ्गी मतदाताको पनि पहिचान गरिएको थियो । मुलुकभर विभिन्न ४१ जिल्लामा १४४ तेस्रो लिङ्गी मतदाता थिए । तेस्रो लिङ्गी मतदाताको जिल्लागत सङ्ख्या परिशिष्ट-५ मा प्रस्तुत गरिएको छ ।

### २.१.७.१० मतदाता परिचयपत्र छपाइ तथा वितरण

आयोगले आफ्नो अन्तिम मतदाता नामावलीमा नाम कायम रहेका सबै मतदातालाई मतदाता परिचय तयार गरी वितरण गरेको थियो । मतदानका समयमा मतदाताले मतदान गर्न आफ्नो परिचयपत्र देखाउनु पर्ने व्यवस्था आयोगले गरेको थियो । यसले मतदान कार्यमा मतदाता नामावलीमा नाम खोज्न र मतदाताको पहिचान गर्न निकै सघाउ पुऱ्याएको थियो । यति गर्दागर्दै पनि मतदाताको मतदान गर्ने अधिकार हनन नहोस् भन्नाका लागि निर्वाचन नजिकिँदै गर्दा आयोगले मतदाता परिचयपत्र नभएको अवस्थामा उनीहरूले पेश गरेको नेपाली नागरिकताको प्रमाणपत्र, जग्गाधनी प्रमाण पुर्जा, सवारी चालक अनुमतिपत्र जस्ता मतदाताको पहिचान हुन सक्ने नेपाल सरकारबाट जारी भएको फोटो सहितको कागजात प्रस्तुत गरेमा सोका आधारमा पनि उनीहरूले मतदान गर्न सक्ने निर्णय गरी सञ्चारका विभिन्न माध्यमबाट सार्वजनिक समेत गरेको थियो ।

निर्वाचनका लागि महत्वपूर्ण दस्तावेजको रूपमा रहेको मतदाता परिचयपत्र व्यवस्थापनका लागि आयोगको निर्णय अनुसार मतदाता परिचयपत्र छपाइको काम आयोग परिसरमै गराइएको थियो । छपाइ गरिएका मतदाता परिचयपत्र सम्बन्धित मतदान केन्द्रबाट मतदान हुनुभन्दा तीन दिनअघिदेखि नै मतदाताहरूलाई वितरण गर्ने व्यवस्था मिलाइएको थियो । मतदान केन्द्रबाट वितरण हुन बाँकी रहेका मतदाता परिचयपत्र सम्बन्धित जिल्लाका जिल्ला निर्वाचन कार्यालयमा सुरक्षित रूपमा राख्ने र तहाँबाट नै सम्बन्धित मतदातालाई वितरण गर्ने समेत व्यवस्था मिलाइएको थियो ।

## २.१.८ निर्वाचनमा संयुक्त निर्वाचन सञ्चालन केन्द्र

वि.सं. २०७४ साल वैशाख ३१ गतेका लागि घोषित स्थानीय तह निर्वाचन सञ्चालनमा मुलुकभरका निर्वाचन सञ्चालनसँग सम्बन्धित निकाय तथा पदाधिकारीसँग सम्पर्कमा रही निर्वाचन सम्बन्धी सबै किसिमका गतिविधि भरपर्दो रूपमा जतिसक्दो छिटो प्राप्त गर्ने र निर्वाचन सम्बन्धी आयोगका

नीति निर्देशनहरू तत्तत् निकाय तथा पदाधिकारी समक्ष तत्काल प्रवाह गर्ने उद्देश्यका साथ आयोगले आयोगमा संयुक्त निर्वाचन सञ्चालन केन्द्रको स्थापना गरेको थियो । यस्तो व्यवस्था वि.सं. २०७४ साल असार १४ र वि.सं. २०७४ साल असोज २ मा सम्पन्न भएका स्थानीय तहका चरणगत निर्वाचनमा समेत कार्यान्वयनमा रहेको थियो ।

आयोगका प्रशासन सेवाका सहसचिव श्री दिनेश कुमार घिमिरेको संयोजकत्वमा आयोगमा स्थापित संयुक्त निर्वाचन सञ्चालन केन्द्र (Joint Election Operation Center) को संरचना र जनशक्ति विवरण :

| क्र.सं. | जिम्मेवारी | पदाधिकारी | जनशक्ति सङ्ख्या |
|---|---|---|---|
| १ | संयोजक | सहसचिव , निर्वाचन आयोग | १ |
| २ | | नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग र गृह मन्त्रालयका १/१ जना अधिकृत स्तरका कर्मचारी | ५ |
| ३. | | उपसचिव , निर्वाचन आयोग | २ |
| ४ | | कम्प्युटर इन्जिनियर | १ |
| ५ | | अधिकृत (सात प्रदेशका लागि) | ७ |
| ६ | | नायब सुब्बा | २ |
| ७ | | कम्प्युटर अपरेटर | ४ |
| ८ | | कार्यालय सहयोगी | २ |
| | | जम्मा | २४ |

### २.१.८.१ आयोगमा स्थापित JEOC को कार्य विवरण

संयुक्त निर्वाचन सञ्चालन केन्द्र (JEOC) का लागि तोकिएको कार्य विवरण देहाय बमोजिम रहेको छ :

१. निर्वाचन अधिकृतको कार्यालय स्थापनामा आवश्यक समन्वय र सहजीकरण गर्ने,

२. आयोगमा रहेका सबै शाखा/महाशाखासँग समन्वय गर्ने,

३. जिल्ला निर्वाचन कार्यालय र निर्वाचन अधिकृतको कार्यालयद्वारा सञ्चालित निर्वाचन कार्यक्रम सम्बन्धी प्रगति प्रतिवेदन तुरुन्त प्राप्त गरी सचिवालय मार्फत आयोगमा पेश गर्ने,

४. JEOC मा खटिएका विभिन्न सुरक्षा निकायसँग सम्पर्क र समन्वय गर्ने,

५. जिल्लामा रहेको JEOC सँग सम्पर्क र समन्वय गरी वस्तुस्थिति बुझी सुझाव सहित आयोगमा पेश गर्ने,

६. निर्वाचन कार्यक्रम सञ्चालनसँग सम्बन्धित सबै विषय प्रवक्ता मार्फत सबै सामु पुऱ्याउन आवश्यक सूचना र विवरण उपलब्ध गराउने,

७. निर्वाचन अधिकृतको कार्यालय, जिल्ला निर्वाचन कार्यालय र अन्य निकायहरूले पेश गरेका समस्या समाधान गर्ने व्यवस्था मिलाउने,

८. निर्वाचन सुरक्षा तथा निर्वाचन हिंसाका घटना परिघटनाको सङ्कलन तथा विश्लेषण गरी रोकथाम र समाधान गर्न उपयुक्त कदम चाल्न आयोग र सम्बन्धित निकायमा सुझाव पेश गर्ने,

९. निर्वाचन व्यवस्थापन सम्बन्धी सूचना सङ्कलन, प्रशोधन, विश्लेषण, अद्यावधिक गर्ने र दैनिक प्रतिवेदन सम्बन्धी कार्य गर्ने,

१०. कार्य सम्पन्न गरिसकेपछि आयोग समक्ष अन्तिम प्रतिवेदन पेश गर्ने,

११. आयोगले तोके बमोजिमका निर्वाचन सञ्चालन सम्बन्धी अन्य कार्य गर्ने ।

आयोगले गरेको यो संयुक्त निर्वाचन सञ्चालन केन्द्रको व्यवस्था स्थानीय तह निर्वाचनको तीन वटै चरणमा कार्यान्वयनमा ल्याइएको थियो । तर, स्थानीय तह निर्वाचनको तेस्रो चरणमा भने केन्द्रमा कार्यरत हुने जनशक्तिको सङ्ख्या १७ मात्र कायम गरिएको थियो ।

### २.१.८.२ जिल्लास्तरीय संयुक्त निर्वाचन सञ्चालन केन्द्रको संरचना

जिल्लास्तरमा सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा स्थापित संयुक्त निर्वाचन सञ्चालन केन्द्रको संरचना र जनशक्तिको विवरण :

| क्र.सं. | जिम्मेवारी | पदाधिकारी | जनशक्ति सङ्ख्या |
|---|---|---|---|
| १ | संयोजक | सहायक प्रमुख जिल्ला अधिकारी | १ |
| २ | | जिल्लास्थित सुरक्षा निकायका प्रतिनिधि १/१ जना | ४ |
| ३. | | शाखा अधिकृत, प्रशासन | २ |
| ४ | | नायब सुब्बा | २ |
| ५ | | कम्प्युटर अपरेटर | २ |
| ६ | | कार्यालय सहयोगी | २ |
| | | जम्मा | १३ |

### २.१.८.३ जिल्लास्तरीय संयुक्त निर्वाचन सञ्चालन केन्दको कार्य विवरण

जिल्लामा स्थापित संयुक्त निर्वाचन सञ्चालन केन्द्रको कार्य विवरण देहाय बमोजिम रहेको छ :

१. निर्वाचन अधिकृतको कार्यालय स्थापनामा आवश्यक समन्वय र सहजीकरण गर्ने,

२. जिल्ला निर्वाचन कार्यालय र निर्वाचन अधिकृतको कार्यालयद्वारा सञ्चालित निर्वाचन कार्यक्रम सम्बन्धी प्रगति प्रतिवेदन तुरुन्त प्राप्त गरी आयोगमा रहेको JEOC मा पठाउने,

३. जिल्लास्थित विभिन्न सुरक्षा निकायसँग सम्पर्क र समन्वय गरी वस्तुस्थिति बुझी यथार्थ विवरण आयोगमा रहेको JEOC मा पठाउने,

४. निर्वाचन अधिकृतको कार्यालय, जिल्ला निर्वाचन कार्यालय, मतदान अधिकृत तथा अन्य निकायहरूले पेश गरेको समस्या समाधान गर्ने व्यवस्था मिलाउने,

५. निर्वाचन सुरक्षा तथा निर्वाचन हिंसाका घटना परिघटनाको सङ्कलन तथा विश्लेषण गरी रोकथाम र समाधान गर्न उपयुक्त कदम चाल्न आयोगमा लेखी पठाउने,

६. निर्वाचन व्यवस्थापन सम्बन्धी सूचना सङ्कलन, प्रशोधन, विश्लेषण, अद्यावधिक गर्ने र दैनिक प्रतिवेदन सम्बन्धी कार्य गर्ने,

७. कार्य सम्पन्न गरिसकेपछि आयोग समक्ष अन्तिम प्रतिवेदन पेश गर्ने,

८. निर्वाचन अधिकृतको कार्यालय, जिल्ला निर्वाचन कार्यालय र आयोगले तोके बमोजिम निर्वाचन व्यवस्थापन र सञ्चालन सम्बन्धी अन्य कार्य गर्ने ।

### २.१.९ निर्वाचन अधिकृत सम्बन्धी व्यवस्था

#### २.१.९.१ निर्वाचन अधिकृत नियुक्ति सम्बन्धी कानुनी व्यवस्था

नेपालको संविधानको धारा १५० को उपधारा (१) को प्रतिबन्धात्मक वाक्यांशले नेपाल सरकारले न्याय परिषदसँग परामर्श गरी जिल्ला न्यायाधीशलाई न्यायिक जाँचबुझको काममा वा केही खास अवधिका लागि कानुन वा न्याय सम्बन्धी अनुसन्धान वा अन्वेषण तथा निर्वाचन सम्बन्धी काममा खटाउन सक्ने व्यवस्था गरेको छ । यसरी नै स्थानीय तह निर्वाचन ऐन, २०७३ को परिच्छेद ३ को दफा ७ को उपदफा (१) र (२) मा संविधान तथा अन्य प्रचलित कानुन बमोजिम निर्वाचनमा सम्पादन गर्नुपर्ने काम गर्न वा गराउनका लागि प्रत्येक जिल्लामा आयोगले एक जना मुख्य निर्वाचन अधिकृत र आवश्यकता अनुसार निर्वाचन अधिकृत नियुक्ति गर्ने व्यवस्था रहेको छ । आयोगले न्याय परिषद्को परामर्शमा जिल्ला न्यायाधीशलाई मुख्य निर्वाचन अधिकृतमा र न्याय सेवा आयोगको परामर्शमा न्याय सेवाका राजपत्राङ्कित अधिकृतलाई निर्वाचन अधिकृतमा नियुक्त गर्ने व्यवस्था रहेको छ । तर निर्वाचन अधिकृत नियुक्त गर्दा न्याय सेवाका अधिकृतलाई मात्र नियुक्ति गर्न नसकिएमा निजामती सेवाभित्रका अन्य सेवाका राजपत्राङ्कित अधिकृतलाई समेत नियुक्त गर्न सक्ने व्यवस्था रहेको छ ।

#### २.१.९.२ निर्वाचन अधिकृतको नियुक्ति

निर्वाचन अधिकृतको नियुक्ति सम्बन्धी प्रचलित कानुनमा भएका प्रावधानका आधारमा आयोगले स्थानीय तह निर्वाचनको सम्पूर्ण निर्वाचन अवधि (तीन चरण) मा नेपाल सरकार, कानुन, न्याय

तथा संसदीय मामिला मन्त्रालय, सामान्य प्रशासन मन्त्रालय, महालेखा परीक्षकको कार्यालय र शिक्षा मन्त्रालय मार्फत मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतका लागि आवश्यक जनशक्ति प्राप्त गरेको थियो ।

जसरी निर्वाचन चरणको विषयले विभिन्न खुट्किला पार गऱ्यो त्यसरी नै निर्वाचन अधिकृतको नियुक्तिको विषयले पनि अनेकौं खुट्किला पार गर्न बाध्य भयो । पुनर्संरचना आयोगले आफ्नो प्रतिवेदनमा पेश गरेको ७१९ गाउँपालिका तथा नगरपालिकाको प्रस्तावित सङ्ख्या नेपाल सरकारको वि.सं. २०७३ साल फागुन २२ को निर्णयले ७४४ पुग्यो । एकै चरणमा निर्वाचन सम्पन्न गर्ने सरकारको पूर्व निर्णय  अनुसार आयोगले पनि सोही अनुसार मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको नियुक्ति प्रक्रियालाई अघि बढाएको थियो । सोही अनुरूप स्थानीय तह निर्वाचन सञ्चालनका लागि आयोगले वि.सं. २०७३ साल चैत २१ गते ७५ जना जिल्ला न्यायाधीशलाई उनीहरू कार्यरत जिल्लाको जिल्ला सदरमुकाम रहेको स्थानीय तहको निर्वाचन अधिकृतको जिम्मेवारी समेत वहन गर्ने गरी मुख्य निर्वाचन अधिकृतमा र नेपाल न्याय सेवा तथा अन्य सेवाका समेत गरी ६६९ जना रा. प. द्वितीय श्रेणीका अधिकृतलाई बाँकी स्थानीय तहको निर्वाचन अधिकृतमा नियुक्त गऱ्यो । यसरी नियुक्त गरेका थप केही अधिकृत विभिन्न कारणले कार्य सञ्चालन गर्न असमर्थ भएको कारण  समेतलाई दृष्टिगत गरी आयोगले वि.सं. २०७३ साल चैत २५ र २९ तथा वि.सं. २०७४ साल वैशाख ३ र ७ को निर्णयले साबिकमा नियुक्त अधिकृतलाई हटाई केही अधिकृतको थप नियुक्ति गऱ्यो । यसपछि पनि परिस्थितिजन्य विभिन्न कारणले निर्वाचन सञ्चालनका क्रममा थप केही अधिकृतहरू आयोगले हेरफेर गरेको थियो ।

दोस्रो चरणमा निर्वाचन सम्पन्न गर्न निर्वाचन मिति तोकिएको प्रदेश नंबर २ को निर्वाचन २०७४ असोज २ गते तेस्रो चरणमा गर्ने निर्णय वि.सं. २०७४ साल असार १ गते नेपाल सरकारले लिएपछि त्यस प्रदेशका जिल्लामा सञ्चालनमा रहेका मुख्य निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन अधिकृतको कार्यालय यथावत् सञ्चालन गरिरहनु आवश्यक नभएको ठानी आयोगको मिति २०७४ असार २ को निर्णयानुसार ती जिल्लाका निर्वाचन अधिकृतको कार्यालय वि.सं. २०७४ साल असार ७ र मुख्य निर्वाचन अधिकृतको कार्यालय असार १० गतेदेखि बन्द गरी ती कार्यालयमा कार्यरत मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृत लगायत वि.सं. का जनशक्तिलाई आआफ्नो कार्यालयमा काज फिर्ता गरिएको थियो ।

पछि सो प्रदेश नंबर २ का लागि साबिक निर्णयले कायम रहेका १२९ स्थानीय तहका लागि वि.सं. २०७४ साल साउनमा पुनः सुरुदेखिकै प्रक्रिया प्रारम्भ गरी आयोगले सोही महिनाको २३ गते मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृत नियुक्तिका लागि नामावली प्राप्त गरेको थियो । यसैबिच गाउँपालिका तथा नगरपालिकाको सङ्ख्या निर्धारण लगायतका विषयमा सर्वोच्च अदालतमा परेको रिट निवेदनको किनारा लागेपछि वि.सं. २०७४ साल साउन ३१ गते सरकारले प्रदेश नं. २ का आठ जिल्लामा स्थानीय तहको सङ्ख्या र सिमाना पुनः हेरफेर एवं स्तरोन्नति गरी १३६ गाउँपालिका तथा नगरपालिका कायम गरेकाले निर्वाचन अधिकृतको लागि प्राप्त नामावली नपुग हुने स्थिति सिर्जना भयो । यस्तो अवस्थामा न्याय सेवा आयोगको परामर्शमा नेपाल न्याय सेवाका अधिकृत

माग गरी निर्वाचन अधिकृत नियुक्त गर्न समयाभाव हुन गई नेपाल प्रशासन सेवा र नेपाल शिक्षा सेवाका राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतको नामावली तत्काल प्राप्त गरी वि.सं. २०७४ साल साउन ३१ गते नै मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृत नियुक्त गरियो ।

यसरी पटकपटक नियुक्ति र हेरफेर हुँदै निर्वाचन सम्पन्न गर्ने अवस्थामा कायम रहन आएका तीन चरणकै स्थानीय तह निर्वाचनका मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको जिल्ला र स्थानीय तहगत नामावली परिशिष्ट-६ मा प्रस्तुत गरिएको छ ।

### २.१.९.३ कार्यालय सञ्चालन

स्थानीय तह निर्वाचनको कार्य सञ्चालन गर्नका लागि सुरुमा एकै चरणमा निर्वाचन सम्पन्न गर्ने लक्ष्यका साथ मुख्य निर्वाचन अधिकृतको कार्यालय वि.सं. २०७४ साल वैशाख ७ मा स्थापना गर्ने निर्णय आयोगले गरेको थियो । त्यस्तै निर्वाचन अधिकृतको कार्यालय स्थापना सोही महिनाको १२ गतेसम्ममा गर्ने कार्यतालिका रहेको थियो । यसैबीच स्थानीय तहको निर्वाचन वि.सं. २०७४ साल वैशाख ३१ र जेठ ३१ गरी दुई चरणमा गर्ने गरी नेपाल सरकारबाट वि.सं. २०७४ साल वैशाख १० गते निर्णय भएको थियो । यसरी दुई चरणमा निर्वाचन गर्ने निर्णय हुँदा प्रदेश नम्बर ३, ४ र ६ मा वैशाख ३१ गते र प्रदेश नम्बर १, २, ५ र ७ मा जेठ ३१ गते निर्वाचन गर्ने गरी निर्णय लिइएको थियो । सरकारको यस निर्णयले निर्वाचन अधिकृतको कार्यालय खोल्ने विषयमा आयोगले स्वतः अर्को निर्णय लिनुपर्ने स्थिति सिर्जना भई दोस्रो चरणमा निर्वाचन हुने प्रदेश नम्बर १, २, ५ र ७ का स्थानीय तहमा नियुक्त मुख्य निर्वाचन अधिकृत बाहेक अन्य निर्वाचन अधिकृतको नियुक्ति वि.सं. २०७४ साल वैशाख ११ देखि स्थगन गरी निर्वाचन अधिकृतहरूलाई आआफ्नो पदाधिकार रहेको कार्यालयमा फर्काइयो । मुख्य निर्वाचन अधिकृतको कार्यालय भने जिल्लाभरको निर्वाचनका लागि आवश्यक मतपत्र लगायतका निर्वाचन सामग्री पठाइसकिएका कारण ती कार्यालयका लागि तोकिएको जनशक्तिमध्ये मुख्य निर्वाचन अधिकृत, मुख्य निर्वाचन अधिकृतको सुरक्षा गार्ड र एक जना कार्यालय सहयोगी मात्र रहने गरी कार्यालय सञ्चालनलाई निरन्तरता दिइयो ।

वि.सं. २०७४ साल जेठ ३१ गते दोस्रो चरणको निर्वाचन सम्पन्न गर्ने सरकारको पछिल्लो निर्णयलाई मध्यनजर गरी आयोगले पहिला स्थगन गरेको निर्वाचन अधिकृतको नियुक्तिलाई प्राविधिक कठिनाई परेका केही अधिकृत परिवर्तन समेत गरी वि.सं. २०७४ साल जेठ ३ को निर्णयले वि.सं. २०७४ साल जेठ ६ गतेदेखि पुनः लागु गरिएको थियो । तर, यसरी जेठ ३१ का लागि तोकिएको दोस्रो चरणको निर्वाचन पुनः असार ९ गतेका लागि तोकिएको र सो दिन पनि मुस्लिम समुदायको धार्मिक पर्वका कारण अनुकूल नभएपछि असार १४ गते गर्ने गरी सारिएको थियो ।

प्रदेश नम्बर २ को हकमा भने वि.सं. २०७४ साल असोज २ गते निर्वाचन हुने गरी मिति तोकिएकोले आयोगको वि.सं. २०७४ साल साउन ३१ गतेको निर्णयले भदौ १ गतेदेखि लागु हुने गरी मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको नियुक्ति भई मुख्य निर्वाचन अधिकृतको कार्यालय भदौ ७ र निर्वाचन अधिकृतको कार्यालय भदौ १२ बाट सञ्चालनमा ल्याइएको थियो ।

### २.१.९.४ निर्वाचन कार्यक्रम

नेपाल सरकारले वि.सं. २०७३ साल फागुन ९ गते स्थानीय तह निर्वाचनको मिति घोषणा गर्दा वि.सं. २०७४ साल वैशाख ३१ गते मुलुकभर एकै चरणमा निर्वाचन सम्पन्न गर्ने गरी निर्वाचन मिति तोकेपछि आयोगले निर्वाचन कार्यक्रम सार्वजनिक गर्ने प्रक्रिया अगाडी बढाएको थियो । जसअनुसार उम्मेदवारको मनोनयनपत्र दर्तादेखि उम्मेदवारको अन्तिम सूचीमा नाम कायम रहेका उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्ने र मतदानको मिति, समय र स्थान समेत तोकी सूचना प्रकाशन गर्नुपर्ने स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ५ को उपदफा (२) को कानुनी व्यवस्थालाई टेकी आयोगले वि.सं. २०७४ साल वैशाख ३१ गते निर्वाचन हुने गरी मिति २०७३ फागुन ११ गते निर्वाचन कार्यक्रम स्वीकृत गरेको थियो । यसैगरी स्थानीय तहको निर्वाचन सम्वन्धमा विभिन्न मितिको घोषणा बमोजिम आयोगबाट अलगअलग निर्वाचन कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गरेको थियो । यसरी सञ्चालित तीन चरणको अन्तिम निर्वाचन कार्यक्रम क्रमशः परिशिष्ट-७, परिशिष्ट-८ र परिशिष्ट-९ मा प्रस्तुत गरिएको छ ।

### २.१.९.५ निर्वाचन प्रचार-प्रसार

स्थानीय तह निर्वाचनका लागि आयोगले तोकेको निर्वाचन कार्यक्रम अनुसार  निर्वाचनको तीनवटै चरणमा उम्मेदवारहरूलाई निर्वाचन प्रचार-प्रसारका लागि करिब एक हप्ताको हाराहारीमा मात्र समय उपलब्ध भएको थियो ।

### २.१.१० मत सङ्केत चिह्न

स्थानीय तह निर्वाचन ऐन, २०७३ को परिच्छेद-६ को दफा ३४ को उपदफा (३) मा मतदाताले मतपत्रमा तोकिए बमोजिमको छाप वा चिह्न गोप्य तवरले लगाई मतदान गर्नु पर्नेछ भन्ने उल्लेख गरेकाले ऐनको सो व्यवस्थालाई सम्बोधन गर्न आयोगले मतदाताले मतदान गर्दा मतपत्रमा प्रत्येक मतदान केन्द्रमा आयोगले उपलब्ध गराएको तल उल्लेख गरे बमोजिमको नमुनाको स्वस्तिक छाप लगाई मतदान गर्नु पर्ने व्यवस्था मिलाएको थियो ।

स्वस्तिक छापको नमुना :



### २.१.११ मतदान केन्द्र

### २.१.११.१ मतदान केन्द्र पुनरावलोकन

स्थानीय तह निर्वाचनका लागि आयोगले स्थानीय तह पुनर्संरचना आयोगको प्रतिवेदन प्राप्त गरेपछि वि.सं. २०७३ साल फागुन २७ गते मतदान केन्द्र पुनरावलोकन कार्यक्रम, २०७३ स्वीकृत गरी कार्यान्वयन गरेको थियो ।

**मतदान केन्द्र पुनरावलोकन सम्बन्धमा आयोयले देहायको नीति निर्धारण गरेको थियो :**

(क) केन्द्रमा माननीय निर्वाचन आयुक्तको संयोजकत्वमा मतदान केन्द्र निर्धारण समिति रहने,

(ख) जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा मतदान केन्द्र सिफारिस समिति गठन हुने,

(ग) साबिकमा कायम रहेका मतदान स्थलहरूलाई सम्भव भएसम्म सोही कायम गर्ने,

(घ) साबिकमा स्तरोन्नति गरिएका, र्‍याम्प निर्माण गरिएका, जि. पि. एस. विवरण लिइएका स्थलहरूलाई सकेसम्म यथावत कायम गर्ने,

(ङ) प्रत्येक वडाका लागि कम्तीमा एउटा मतदान स्थल कायम गर्ने,

(च) एक हजारसम्म मतदाताका लागि एउटा केन्द्र तोक्ने,

(छ) एउटा वडाका मतदाता अर्को वडामा मतदान गर्न जान नपर्ने गरी मतदान केन्द्र तोक्ने,

(ज) साबिकको संरचना बमोजिम एउटै वडामा रहेका मतदातालाई वडा फुटाएर विभाजन गर्न नहुने,

(झ) साबिकभन्दा नयाँ स्थानमा मतदान केन्द्र तोक्नुपर्दा त्यस्तो मतदान केन्द्रमा मतदातालाई आउन र जान गरी ५ कि. मि. भन्दा बढी हिँड्नु नपर्ने गरी मतदान केन्द्र तोक्ने,

(ञ) मतदान केन्द्र पुनरावलोकन समितिको निर्णयलाई जिल्ला निर्वाचन कार्यालयले निश्चित ढाँचामा तयार गरी आयोगमा पठाउने, आदि ।

साथै मतदान केन्द्र पुनरावलोकन सम्बन्धी मापदण्ड परिशिष्ट.....मा समावेश गरिएको छ ।

### २.१.११.२ मतदान स्थल, मतदान केन्द्र सङ्ख्या

स्थानीय तह निर्वाचन, २०७४ का लागि आयोगले आवश्यकता अनुसार पुनरावलोकन  समेत गरी मुलुकभित्रका सातै प्रदेशका विभिन्न स्थानमा स्थानीय मतदातालाई पायक पर्ने गरी देशभर जम्मा १०६४२ मतदान स्थल र १८५७३ मतदान केन्द्र तोकेको थियो । यसरी तोकिएका मतदान स्थल र मतदान केन्द्रको सङ्ख्या यस प्रकार रहेको थियो :

| प्रदेश नं. | जिल्ला संख्या | स्थानीय तह संख्या | वडा संख्या | मतदान स्थल संख्या | मतदान केन्द्र संख्या |
|---|---|---|---|---|---|
| १ | १४ | १३७ | ११५७ | १८६१ | ३४५९ |
| २ | ८ | १३६ | १२७१ | २१६६ | ३५७७ |
| ३ | १३ | ११९ | ११२१ | १७८० | ३४९० |
| ४ | ११ | ८५ | ७५९ | १२४७ | १९५२ |
| ५ | १२ | १०९ | ९८३ | १६१२ | ३१२५ |
| ६ | १० | ७९ | ७१८ | ८९६ | ११९९ |
| ६ | ९ | ८८ | ७३४ | ११०९ | १७८१ |
| **जम्मा** | **७७** | **७६३** | **६७४३** | **१०६७१** | **१८५८३** |

### २.१.११.३ अपाङ्गता भएका मतदाताका लागि र्‍याम्प निर्माण

स्थानीय तह निर्वाचनमा मतदान स्थलमा अपाङ्गता भएका मतदाताको सहज पहुँचका लागि मुलुकभर तोकिएका १८५८३ मतदान केन्द्र मध्ये आयोगले विभिन्न तेइस जिल्लाका ३५ मतदान केन्द्रमा अपाङ्गमैत्री र्‍याम्प निर्माण गरी त्यस्ता मतदातालाई विशेष सम्बोधन गरेको थियो ।

### २.१.१२ उम्मेदवार

### २.१.१२.१ उम्मेदवारको योग्यता

स्थानीय तह निर्वाचनमा उम्मेदवार हुनका लागि देहायको योग्यता हुनुपर्ने कानुनी व्यवस्था स्थानीय तह निर्वाचन ऐन, २०७३ को परिच्छेद-४ को दफा १२ ले गरेको छ :

(क) नेपालको नागरिक

(ख) एक्काइस वर्ष उमेर पूरा भएको,

(ग) गाउँपालिका वा नगरपालिकाको सम्बन्धित वडाको मतदाता नामावलीमा नाम समावेश भएको, र

(घ) कुनै कानुनले अयोग्य नभएको ।

### २.१.१२.२ उम्मेदवारको अयोग्यता

स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा १३ ले उम्मेदवारको अयोग्यताका विषयमा पनि उल्लेख गरेको छ । सो प्रावधान अनुसार अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको व्यक्ति निर्वाचनमा उम्मेदवार हुन अयोग्य मानिएको छ :

(क) उम्मेदवारको योग्यता महलमा उल्लेख भए बमोजिमको योग्यता नभएको,

(ख) गैर नेपाली नागरिक,

(ग) नेपाल सरकार, प्रदेश सरकार तथा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल रहेको,

(घ) कुनै स्थानीय तह वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको वा स्थानीय तहबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल रहेको,

(ङ) निर्वाचन सम्बन्धी प्रचलित कानुनबमोजिम सजाय पाई त्यस्तो सजाय भोगिसकेको मितिले दुई वर्ष भुक्तान नगरेको,

(च) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागु औषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा सजाय पाई वा कुनै कसुरमा जन्मकैद वा बिस वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो फैसला अन्तिम भएको,

(छ) सङ्गठित अपराध सम्बन्धी कसुरमा कैदको सजाय पाई वा कर्तव्य ज्यान सम्बन्धी कसुरमा बिस वर्षभन्दा कम कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले छ वर्ष पूरा नभएको,

(ज) जातीय भेदभाव वा छुवाछुत, बोक्सी वा बहुविवाह सम्बन्धी कसुरमा कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले तीन वर्ष पूरा नभएको,

(झ) माथिको बुँदा नंबर (च) र (छ) मा उल्लिखित कसुर बाहेक अन्य कसुरमा पाँच वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले छ वर्ष पूरा नभएको,

(ञ) प्रचलित कानुन बमोजिम कालो सूचीमा रहेकोमा सो अवधिभर,

(ट) कैदमा बसेकोमा कैद बसेको अवधिभर,

(ठ) मानसिक सन्तुलन ठिक नभएको, र

(ड) प्रचलित कानुनले अयोग्य भएको ।

### २.१.१२.३ उम्मेदवारको उमेरको गणना

स्थानीय तह निर्वाचनमा उम्मेदवार हुनको लागि उम्मेदवारको उमेर एक्काइस वर्ष पूरा भएको हुनुपर्ने कुरा उम्मेदवारको योग्यतामा नै उल्लेख भइसकेको छ । तर, उमेरको गणना गर्दा के गर्ने भन्ने सम्बन्धमा स्थानीय तह निर्वाचन ऐन, २०७३ को परिच्छेद-४ को दफा १६ मा त्यसरी उम्मेदवार हुने व्यक्ति मनोनयनपत्र दर्ता गर्ने मितिसम्ममा एक्काइस वर्ष उमेर पूरा गरेको हुनुपर्ने कुरा उल्लेख गरिएको छ ।

### २.१.१२.४ उम्मेदवार हुनका लागि धरौटी

स्थानीय तह निर्वाचनमा उम्मेदवार हुनको लागि देहाय बमोजिमको रकम धरौटी राख्नुपर्ने कुरा स्थानीय तह निर्वाचन ऐन, २०७३ को परिच्छेद-९ को दफा ६२ मा उल्लेख गरिएको छ :

(क) वडा सदस्यको लागि पाँच सय रुपैयाँ,

(ख) वडा अध्यक्षको लागि एक हजार रुपैयाँ,

(ग) अध्यक्ष, उपाध्यक्ष, प्रमुख तथा उपप्रमुखको लागि एक हजार पाँच सय रुपैयाँ ।

स्थानीय तहमा उम्मेदवार हुनका लागि यसरी तोकिएको धरौटी रकममा महिला र दलित वा अल्पसङ्ख्यक समुदाय वा आर्थिक रूपले विपन्न उम्मेदवारको हकमा पचास प्रतिशत छुट हुने कुरा पनि ऐनको सोही दफामा उल्लेख गरिएको छ । "**आर्थिक रूपले विपन्न व्यक्ति**" कसलाई मान्ने भन्ने विषयमा ऐनको सोही दफाले प्रस्ट पार्दै वार्षिक पारिवारिक आय पचास हजार रुपैयाँभन्दा कम भएको भनी सम्बन्धित स्थानीय तहले सिफारिस गरेको व्यक्ति सम्झनु पर्ने भनी स्पष्टीकरण दिएको छ ।

### २.१.१२.५ उम्मेदवारको धरौटी जफतको व्यवस्था

निर्वाचनमा उम्मेदवारले राखेको धरौटी रकम निर्वाचित उम्मेदवारको हकमा बाहेक निर्वाचनमा मतदान गरिएको जम्मा सदर मतको दश प्रतिशतभन्दा कम सदर मत पाउने उम्मेदवारको धरौटी जफत हुने कुरा ऐनको दफा ६३ ले गरेको छ । धरौटी जफत भएका उमेदवारको विवरण ।

### २.१.१२.६ उम्मेदवारले निर्वाचनमा गर्न पाउने निर्वाचन खर्चको सीमा

निर्वाचन आयोगले निर्वाचन आयोग ऐन, २०७३ को दफा २४ तथा स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ बमोजिम स्थानीय तह निर्वाचन, २०७४ मा उम्मेदवार हुने उम्मेदवारले निर्वाचनसँग सम्बन्धित विभिन्न शीर्षकमा अधिकतम रूपमा खर्च गर्न पाउने निर्वाचन खर्चको सीमा वि.सं. २०७३ साल फागुन १७ गतेको निर्णयले तोकेको थियो । आयोगले तोके बमोजिम विभिन्न पदका उम्मेदवारले खर्च गर्न पाउने निर्वाचन खर्चको एकमुष्ट विवरण देहाय बमोजिम थियो :

| क्र.सं. | निर्वाचनमा भाग लिने उम्मेदवार | निर्वाचनमा खर्च गर्न पाउने खर्चको एकमुष्ट अधिकतम सीमा |
|---|---|---|
| १ | महानगरपालिकाको प्रमुख र उपप्रमुख | ७,५०,०००/- |
| २ | महानगरपालिकाको वडा अध्यक्ष र वडा सदस्य, महिला र दलित वा अल्पसङ्ख्यक सदस्य | ३,००,०००/- |
| ३ | उपमहानगरपालिकाको प्रमुख र उपप्रमुख | ५,५०,०००/- |

| | | |
|---|---|---|
| ४ | उपमहानगरपालिकाको वडा अध्यक्ष र वडा सदस्य, महिला र दलित वा अल्पसङ्ख्यक सदस्य | २,५०,०००/- |
| ५ | नगरपालिकाको प्रमुख र उपप्रमुख | ४,५०,०००/- |
| ६ | नगरपालिकाको वडा अध्यक्ष र वडा सदस्य, महिला र दलित वा अल्पसङ्ख्यक सदस्य | २,००,०००/- |
| ७ | गाउँपालिकाको अध्यक्ष र उपाध्यक्ष | ३,५०,०००/- |
| ८ | गाउँपालिकाको वडा अध्यक्ष र वडा सदस्य, महिला र दलित वा अल्पसङ्ख्यक सदस्य | १,५०,०००/- |
| ९ | जिल्ला समन्वय समितिको प्रमुख र उपप्रमुख | २,५०,०००/- |
| | जिल्ला समन्वय समितिको सदस्य, महिला र दलित वा अल्पसङ्ख्यक सदस्य | १,५०,०००/- |

- उल्लेखित तह र पदका उम्मेदवारले कुन शीर्षकमा कति रकम खर्च गर्न पाउने भन्ने खर्चको शीर्षकगत विस्तृत विवरण परिशिष्ट-१० मा प्रस्तुत गरिएको छ।

### २.१.१२.७ मनोनयनपत्र दर्ता गराएका र निर्वाचित भएका उम्मेदवारको प्रदेशगत तथ्याङ्क

स्थानीय तह निर्वाचनमा मनोनयनपत्र दर्ता गराएका र निर्वाचित भएका उम्मेदवारसँग सम्बन्धित प्रदेशगत विवरण देहाय बमोजिम रहेको छ :

| प्रदेश | जम्मा मनोनयनपत्र दर्ता सङ्ख्या | स्वेच्छिक तथा दाबी बिरोधबाट नाम फिर्ता | | उम्मेदवारी रद्द | अन्तिम उम्मेदवार | निर्विरोध निर्वाचित | मतदानबाट निर्वाचित |
|---|---|---|---|---|---|---|---|
| | | स्वेच्छिक | दाबी विरोध | | | | |
| प्रदेश नम्बर-१ | २५३३७ | २५१ | ० | १९ | २५०६७ | १२ | ६०३१ |
| प्रदेश नम्बर-२ | ३७८४१ | ५४८ | ० | ४५ | ३७२४८ | ८ | ६६१० |
| प्रदेश नम्बर-३ | २४११७ | ४९८ | १ | ५ | २३६१३ | ५४ | ५७३८ |
| प्रदेश नम्बर-४ | १३१४१ | ४८२ | ३ | १ | १२६५५ | १४८ | ३७८६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| प्रदेश नंबर-५ | २३३३५ | २९० | ० | ९ | २३०३६ | १४ | ५११९ |
| प्रदेश नम्बर-६ | १२८९३ | ४८६ | २ | ३ | १२४०२ | १६० | ३५२७ |
| प्रदेश नम्बर-७ | १४५२६ | १६८ | ० | १५ | १४३४३ | १६ | ३८१८ |
| कुल जम्मा | १५११९० | २७२३ | ६ | ९७ | १४८३६४ | ४१२ | ३४६२९ |

- मुलुकभरका गाउँपालिका तथा नगरपालिकामा निर्वाचन गर्नुपर्ने पद सङ्ख्या ३५२२१ भएकोमा माथिको आँकडाबाट निर्विरोध तथा मतदानबाट निर्वाचित उम्मेदवार सङ्ख्या ३५०४१ भई बाँकी १८० पद निर्वाचन हुन नसकेको देखिन्छ ।
- निर्वाचन प्रक्रियाबाट पूर्ति हुन नसकेका १८० पदको विवरण पदपूर्ति हुन बाँकी शीर्षकमा छुट्टै देखाइएको छ ।

### २.१.१२.८ उम्मेदवारी बिहीनताको स्थिति

स्थानीय तह निर्वाचनको दोस्रो चरणमा परेको सोलुखुम्बु जिल्लाको नेचासल्यान गाउँपालिकाको वडा नं. ६ मा गाउँपालिकाको सीमा निर्धारणका विषयलाई लिएर सो विवाद समाधान नभएसम्म त्यहाँका जनताले निर्वाचनमा भाग नलिने अठोट गरेका कारण त्यस वडामा कुनै पनि पद (वडा अध्यक्ष, वडा सदस्य-२, महिला वडा सदस्य-१, दलित महिला वडा सदस्य-१ गरी जम्मा पाँच पद) का लागि उम्मेदवारको मनोनयनपत्र दर्ता हुन आएन । यति मात्र नभएर यस वडा अन्तर्गतका पाँचवटा मतदान केन्द्रमा मतदान कार्य पनि हुन सकेन । परिणामतः यस वडाबाट स्थानीय तह निर्वाचनमा कोही पनि व्यक्ति वडा जनप्रतिनिधिका रूपमा निर्वाचित हुन सकेनन् ।

### २.१.१२.९ दलित महिला वडा सदस्य रिक्त पदको स्थिति

स्थानीय तह निर्वाचनमा सोलुखुम्बु जिल्ला नेचासल्यान गाउँपालिका वडा नं. ६ लगायत मुलुकभरका विभिन्न १७६ दलित महिला वडा सदस्य पदमा उम्मेदवारको मनोनयनपत्र दर्ता हुन नआएका कारण मुलुकभरबाट ६७४३ दलित महिला वडा सदस्य निर्वाचित हुनुपर्नेमा ६५६७ मात्र निर्वाचित भई १७६ पद रिक्त रहन गएको स्थिति रह्यो ।

### २.१.१३ निर्वाचन चिह्न

#### २.१.१३.१ कानुनी प्रावधान

निर्वाचन चिह्नका सम्बन्धमा स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा २६ मा देहाय बमोजिमको कानुनी प्रावधान रहेको छ :

(क) स्थानीय तह निर्वाचनका लागि दल र स्वतन्त्र उम्मेदवारलाई वितरण गर्ने निर्वाचन चिह्न आयोगले निर्धारण गर्नुपर्ने कुरा उपधारा (१) मा उल्लेख गरिएको,

(ख) यसरी निर्धारण गरिएको निर्वाचन चिह्न दल र उम्मेदवारलाई तोकिए बमोजिम प्रदान गर्नुपर्ने र यसरी प्रदान गरिएको निर्वाचन चिह्न त्यस्तो दलका उम्मेदवार वा दल बाहेक अरू कसैले पनि प्रयोग गर्न नपाउने उपधारा (२) र (३) मा उल्लेख गरिएको,

(ग) निर्वाचन चिह्न वितरण गर्दा आयोगमा दर्ता कायम रहेको दलको उम्मेदवारलाई आयोगबाट निर्वाचनको प्रयोजनका लागि वितरण गरिएको निर्वाचन चिह्न वितरण गर्नुपर्ने । तर, यसरी निर्वाचन चिह्न वितरण गर्दा राजनीतिक दल सम्बन्धी प्रचलित सङ्घीय कानुन बमोजिम राष्ट्रिय दलको रूपमा मान्यता प्राप्त गरेको दलको उम्मेदवारलाई मात्र सम्बन्धित दलको निर्वाचन चिह्न वितरण गरिने । यसरी वितरित निर्वाचन चिह्न मतपत्रमा समावेश गर्दा त्यस्तो दलले तत्काल अघि भएको प्रतिनिधि सभाको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणाली तर्फ प्राप्त गरेको मत सङ्ख्याको आधारमा समावेश गरिने ।

स्थानीय तह निर्वाचन ऐन, २०७३ प्रारम्भ भएपछि प्रतिनिधि सभाको निर्वाचन नभएका कारण ऐनले सो कुरालाई स्पष्ट पार्दै यो ऐन प्रारम्भ भएपछि हुने पहिलो पटकको निर्वाचनको हकमा व्यवस्थापिका-संसद्मा प्रतिनिधित्व गर्ने सबै दलको उम्मेदवारलाई सम्बन्धित दलको निर्वाचन चिह्न वितरण गर्ने र यसरी वितरण गरिएको निर्वाचन चिह्न मतपत्रमा समावेश गर्दा त्यस्तो दलले संविधान सभा सदस्य निर्वाचन, २०७० मा समानुपातिक निर्वाचन प्रणाली तर्फ प्राप्त गरेको मत सङ्ख्याको आधारमा समावेश गर्ने भनी उपधारा (५) र (६) मा उल्लेख गरिएको, र

(घ) माथि उल्लेख गरिए बमोजिम निर्वाचन चिह्न प्राप्त नगर्ने दलको उम्मेदवार तथा स्वतन्त्र उम्मेदवारलाई स्वतन्त्र रूपमा खडा भएको उम्मेदवारले प्रयोग गर्ने गरी निर्धारण गरिएका निर्वाचन चिह्नको समूहबाट तोकिए बमोजिमको तरिका  अनुसार निर्वाचन अधिकृतले निर्वाचन चिह्न प्रदान गर्ने भनी उपधारा (७) ले प्रस्ट गरेको ।

#### २.१.१३.२ निर्वाचन चिह्न विवरण

स्थानीय तह निर्वाचन, २०७४ मा सहभागी राजनीतिक दलहरूमध्ये व्यवस्थापिका-संसद्मा तत्काल प्रतिनिधित्व गरिरहेका २७ राजनीतिक दलहरूलाई स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा २६ को उपदफा (६) बमोजिम निर्वाचन चिह्न प्रदान गरी सोही अनुसार मतपत्रमा राखिएको थियो । यस बाहेकका राजनीतिक दलहरूलाई भने सोही दफाको उपदफा (७) बमोजिम स्वतन्त्र निर्वाचन

चिह्न समूहबाट निर्वाचन चिह्न प्रदान गरिएको थियो । यसरी राजनीतिक दलहरूलाई वितरण गरिएको निर्वाचन चिह्नहरूको विवरण परिशिष्ट-११ र स्वतन्त्र समूहबाट उम्मेदवारलाई वितरण गरिएको निर्वाचन चिह्नको विवरण परिशिष्ट-१२ मा प्रस्तुत गरिएको छ ।

### २.१.१३.३ माग अनुसारको निर्वाचन चिह्न

सामान्यतया निर्वाचन प्रयोजनका लागि दल दर्ता गराई निर्वाचनमा सहभागी हुने राजनीतिक दललाई निर्वाचन चिह्न प्रदान गर्ने प्रचलन र अभ्यास रहेको छ । उक्त अभ्यास बमोजिम स्थानीय तह निर्वाचनमा सहभागी हुनका लागि दर्ता गराइएका राजनीतिक दलहरू मध्ये निर्वाचन चिह्न प्राप्त नगरेको र निर्वाचन चिह्न माग गर्ने देहायका राजनीतिक दलहरूलाई आयोगमा कायम रहेको निर्वाचन चिह्नको समूहबाट निर्वाचन चिह्न प्रदान गरिएको थियो ।

**निर्वाचन चिह्न प्राप्त गर्ने राजनीतिक दलहरूको विवरण**

| क्रम सङ्ख्या | राजनीतिक दलको नाम | प्रदान गरिएको निवाचन चिह्न |
|---|---|---|
| १ | नयाँ शक्ति पार्टी नेपाल | देब्रे आँखा |
| २ | विवेकशील नेपाली दल | स्माइलिङ्ग फेस |
| ३ | नेपाल दलित पार्टी | इनार |

## २.१.१४ निर्वाचन प्रणाली

### २.१.१४.१ गाउँपालिका तथा नगरपालिकाको अध्यक्ष, उपाध्यक्ष, प्रमुख, उपप्रमुख र वडा अध्यक्ष

गाउँपालिका तथा नगरपालिकाको अध्यक्ष, उपाध्यक्ष, प्रमुख, उपप्रमुख र वडा अध्यक्ष पदको निर्वाचनमा गोप्य मतदानको प्रक्रियाद्वारा एक पद एक मतको आधारमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अवलम्बन गरिएको थियो ।

### २.१.१४.२ वडा सदस्य

गाउँपालिका तथा नगरपालिकाको वडा समितिका एक जना दलित महिला सहित दुई महिला वडा सदस्य र दुई वडा सदस्यको निर्वाचनमा गोप्य मतदानको प्रक्रियाद्वारा प्रत्येक सदस्यको लागि दिइने एक एक मतको आधारमा सबैभन्दा बढी मत ल्याउने दुई दुई जना निर्वाचित हुने निर्वाचन प्रणाली अपनाइनेछ भनी स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६ को उपदफा (२) मा उल्लेख गरिएकाले यी सदस्यको निर्वाचनमा सोही प्रणाली अपनाइएको थियो ।

### २.१.१४.३ गाउँ कार्यपालिका तथा नगर कार्यपालिकाको महिला सदस्य

गाउँ कार्यपालिका तथा नगर कार्यपालिकाको महिला सदस्यको हकमा स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६ को उपदफा (३) मा गाउँ कार्यपालिका तथा नगर कार्यपालिकाका महिला

सदस्यको लागि सम्बन्धित गाउँ सभा वा नगर सभाका सदस्यले आफू मध्येबाट गाउँ कार्यपालिकाको हकमा सबैभन्दा बढी मत प्राप्त गर्ने चार जना र नगर कार्यपालिकाको हकमा सबैभन्दा बढी मत प्राप्त गर्ने पाँच जना निर्वाचित हुने निर्वाचन प्रणालीको आधारमा गोप्य मतदानद्वारा निर्वाचित गर्नेछन् भनी उल्लेख गरिएकाले यी महिला सदस्यको निर्वाचनमा सोही निर्वाचन प्रणाली अपनाइएको थियो ।

### २.१.१४.४ गाउँ कार्यपालिका तथा नगर कार्यपालिकाको दलित वा अल्पसङ्ख्यक सदस्य

गाउँ कार्यपालिका तथा नगर कार्यपालिकामा दलित वा अल्पसङ्ख्यक समुदायबाट हुने सदस्यको हकमा स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६ को उपदफा (४) मा गाउँ कार्यपालिका तथा नगर कार्यपालिकाका दलित वा अल्पसङ्ख्यक समुदायबाट हुने सदस्यको लागि सम्बन्धित गाउँ सभा वा नगर सभाका सदस्यले गाउँ कार्यपालिकाको हकमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुई जना र नगर कार्यपालिकाको हकमा सबैभन्दा बढी मत प्राप्त गर्ने तीन जना निर्वाचित हुने निर्वाचन प्रणालीको आधारमा गोप्य मतदानद्वारा निर्वाचित गर्नेछन् भनी उल्लेख गरिएकाले यी दलित वा अल्पसङ्ख्यक समुदायबाट हुने सदस्यको निर्वाचनमा सोही निर्वाचन प्रणाली अपनाइएको थियो ।

### २.१.१४.५ जिल्ला समन्वय समिति निर्वाचन

जिल्लाभित्रका गाउँ सभा वा नगर सभाका सदस्यहरू मध्येबाट निर्वाचित हुने जिल्ला समन्वय समितिको निर्वाचनमा सबैभन्दा बढी मत प्राप्त गर्ने एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसङ्ख्यक समुदायका व्यक्ति समेत बढीमा नौ जना सदस्य गोप्य मतदानद्वारा निर्वाचित हुने निर्वाचन प्रणाली अपनाइएको थियो ।

### २.१.१५ निर्वाचन आचारसंहिता

निर्वाचन आयोगले सञ्चालन गर्ने निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, पारदर्शी र विश्वसनीय ढङ्गबाट सम्पन्न गर्नका लागि सरोकारवालाले पालना गर्नुपर्ने आचरणलाई व्यवस्थित गर्नुपर्ने कारण जनाई निर्वाचन आयोगले निर्वाचन आयोग ऐन, २०६३ को दफा २८ ले दिएको अधिकार प्रयोग गर्दै सरोकारवालासँग परामर्श गरी वि.सं. २०७२ साल साउन ११ मा निर्वाचन आचारसंहिता, २०७२ जारी गरेको थियो । राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन २०७४ सम्पन्न हुँदासम्ममा यो निर्वाचन आचारसंहिता पाँच पटक संशोधन भएको थियो ।

स्थानीय तह निर्वाचन, २०७४ का सन्दर्भमा स्थानीय तहको निर्वाचनलाई स्वच्छ र निष्पक्ष ढङ्गबाट सम्पन्न गर्नका लागि सरोकारवालाले पालना गर्नुपर्ने आचरणलाई व्यवस्थित गर्न सरोकारवालासँग परामर्श समेत गरी आयोगले निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी वि.सं. २०७३ साल फागुन १७ गते स्थानीय तह निर्वाचन आचारसंहिता, २०७३ जारी गरेको

थियो । यस आचारसंहितामा उल्लेख भएका विषयमा यसै आचारसंहिता बमोजिम र अन्य विषयमा निर्वाचन आचारसंहिता, २०७२ बमोजिम हुने व्यवस्था गरिएको थियो ।

### २.१.१६ निर्वाचन मिति र मतदानको समय

मुलुकभर तीन चरणमा गरिएको स्थानीय तह निर्वाचन (गाउँपालिका तथा नगरपालिका निर्वाचन) निम्न प्रदेशमा निम्न मिति र समयमा सम्पन्न गरिएको थियो :

| क्र.सं. | प्रदेश | निर्वाचन मिति | मतदानको समय | |
|---|---|---|---|---|
| | | | देखि | सम्म |
| १ | प्रदेश नम्बर - १ | २०७४ असार १४ | बिहान ७.०० बजे | अपराह्न १७.०० बजे |
| २ | प्रदेश नम्बर - २ | २०७४ असोज २ | बिहान ७.०० बजे | अपराह्न १७.०० बजे |
| ३ | प्रदेश नम्बर - ३ | २०७४ वैशाख ३१ | बिहान ७.०० बजे | अपराह्न १७.०० बजे |
| ४ | प्रदेश नम्बर - ४ | २०७४ वैशाख ३१ | बिहान ७.०० बजे | अपराह्न १७.०० बजे |
| ५ | प्रदेश नम्बर - ५ | २०७४ असार १४ | बिहान ७.०० बजे | अपराह्न १७.०० बजे |
| ६ | प्रदेश नम्बर - ६ | २०७४ वैशाख ३१ | बिहान ७.०० बजे | अपराह्न १७.०० बजे |
| ७ | प्रदेश नम्बर - ७ | २०७४ असार १४ | बिहान ७.०० बजे | अपराह्न १७.०० बजे |

- मतदाताले मतदान गर्ने समय बिहान ७.०० बजेदेखि अपराह्न १७.०० बजेसम्म तोकिएको भए तापनि सो समयभित्र मतदान केन्द्रमा उपस्थित भई मतदानको लागि लाइनमा पङ्क्तिबद्ध भएका उपस्थित सबै मतदातालाई मतदानको सुविधा दिइएको थियो ।

#### २.१.१६.१ तीन चरणमा निर्वाचन भएका स्थानीय तह सङ्ख्या

स्थानीय तह निर्वाचन, २०७४ अन्तर्गत पहिलो चरणमा ३४ जिल्लाका २८३ स्थानीय तह, दोस्रो चरणमा ३५ जिल्लाका ३३४ स्थानीय तह र तेस्रो चरणमा ८ जिल्लाका १३६ स्थानीय तह अर्थात् गाउँपालिका र नगरपालिकामा निर्वाचन भएको थियो । यसरी तीन चरणमा निर्वाचन सम्पन्न भएका स्थानीय तहको कुल सङ्ख्या ७५३ थियो ।

### २.१.१७ मतदाता शिक्षा

कुनै पनि निर्वाचन र मतदानको प्रकृति हेरी त्यस्तो निर्वाचनमा मतदान गर्ने मतदातालाई यथोचित रूपमा आवश्यक मतदाता शिक्षा दिनु निर्वाचन सञ्चालन गर्ने निकायको दायित्व हो । यसले एकातिर मतदान कार्यमा सहजता प्रदान गर्छ भने अर्कातिर मतदानपछि मत बदर हुने अवस्थालाई न्यून गर्दछ। जति मतदाताले मतदान गरे त्यति नै मत सदर हुन सकेको अवस्थामा त्यो निर्वाचनको सुन्दर पक्ष हुन जान्छ । त्यसैले मतदान प्रक्रियामा सहजता र मत बदर हुने अवस्था न्यून गर्नु मतदाता शिक्षाको उद्देश्य देखिन्छ । यिनै कुरालाई मनन गरी निर्वाचन आयोगले स्थानीय तह निर्वाचन, २०७४ मा पनि मतदाता शिक्षा नीति तर्जुमा गरी रेडियो, टेलिभिजन, पत्रपत्रिका, अनलाइन, घरदैलो कार्यक्रम, सडक नाटक, नमुना मतदान (Mock election) लगायतका सम्भव

भएसम्मका कार्यक्रम सञ्चालन गरेको थियो । आयोगले आफ्नो मतदाता शिक्षा नीति अनुरूप प्रत्येक मतदान केन्द्रमा एक जना निर्वाचन शिक्षा कार्यकर्ता वा मतदाता शिक्षा स्वयंसेवक परिचालन गरी मुलुकभर प्रभावकारी रूपमा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरेको थियो ।

### २.१.१७.१ मतदाता शिक्षा सम्बन्धी अन्तरक्रिया

स्थानीय तहको पहिलो चरणको निर्वाचनको अनुभव समेतलाई समेटी दोस्रो चरणमा स्थानीय तह निर्वाचन हुने जिल्लाहरूमा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरिएको थियो । मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा प्रदेश नं. ३ का धादिङ र काठमाडौं जिल्लामा एक दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो । यसैगरी धादिङ जिल्लाका निर्वाचन सरोकारवालाहरुसँग स्थानीय तह निर्वाचनका विषयमा एक दिने अन्तरक्रिया कार्यक्रम पनि सम्पन्न गरिएको थियो । आयोगको साझेदार संस्था तथा अन्य विभिन्न गैर सरकारी संस्थाको सहकार्यमा अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गरिएका थिए ।

### २.१.१७.२ मतदाता शिक्षा कार्यकर्ता तथा मतदाता शिक्षा स्वयंसेवक परिचालन

स्थानीय तह निर्वाचनमा प्रत्येक मतदान केन्द्रमा एक जना निर्वाचन शिक्षा कार्यकर्ता वा मतदाता शिक्षा स्वयंसेवक रहने गरी कुल १८,९९४ जना मतदाता शिक्षा स्वयंसेवकहरू आयोगले परिचालन गरेको थियो । निर्वाचन शिक्षा कार्यकर्ताको रूपमा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गतका सामाजिक परिचालकहरूलाई नियुक्त गरिएको थियो भने मतदाता शिक्षा स्वयंसेवकको रूपमा स्वास्थ्य स्वयंसेविका, पूर्व प्राथमिक शिक्षाका शिक्षकहरूलाई आवश्यकतानुसार नियुक्त गरी १ (एक) महिनाको लागि परिचालन गरिएको थियो ।

निर्वाचन शिक्षा कार्यकर्ता तथा मतदाता शिक्षा स्वयंसेवकहरूले मतदाताका घरघरमा गई नमुना मतपत्रको सहायताले सही किसिमले मतदान गर्ने तरिकाका बारेमा आममतदातालाई जानकारी प्रदान गरेका थिए । यसका अतिरिक्त विभिन्न रणनीतिक स्थानहरूमा आयोगको पोस्टर टाँस्ने, निर्वाचनका सम्बन्धमा बारम्बार सोधिने प्रश्न र तिनका उत्तरहरू तथा पर्चा वितरणको कार्य समेत यिनै निर्वाचन शिक्षा कार्यकर्ता तथा मतदाता शिक्षा स्वयंसेवकहरूको माध्यमबाट गरिएको थियो ।

उल्लिखित कुराका अतिरिक्त यी कार्यकर्ता तथा स्वयंसेवकले मतदानको दिनभन्दा ३ दिनअघिदेखि सबै मतदान केन्द्रमा मतदाता परिचयपत्र लिन आउने मतदाताहरूलाई नमुना मतपत्रका माध्यमबाट मतदान गर्ने तरिका सिकाएका थिए ।

### २.१.१७.३ नमुना मतदान तथा अन्तरक्रिया कार्यक्रम

स्थानीय तह निर्वाचनको तयारीका सम्बन्धमा निर्वाचनका सरोकारवालाहरूसँग मुलुकका विभिन्न स्थानमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो । यसै सिलसिलामा धादिङमा गरिएको अन्तरक्रिया कार्यक्रममा आयोगका प्रमुख निर्वाचन आयुक्तको पनि उपस्थिति रहेको थियो ।

जिल्लाका विभिन्न राजनीतिक दल, नागरिक समाज, सञ्चारमाध्यमका प्रतिनिधि लगायतका विभिन्न सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रमका अतिरिक्त नमुना मतदान कार्यक्रम पनि सञ्चालन गरिएको थियो । यसरी नै मतदातालाई मतदान गर्नमा उत्प्रेरित र सही तरिकाले मतदान गरी निर्वाचनमा हुने बदर मतलाई न्यूनीकरण गर्ने उद्देश्यले मुलुकका अरू जिल्ला गोरखा, इलाम, पाँचथर, ताप्लेजुङ, प्युठान, रोल्पा र रुकुम लगायतका अठार जिल्लाका विभिन्न स्थानमा नमुना मतदान कार्यक्रम सम्पन्न गरिएको थियो ।

### २.१.१७.४ मतदाता शिक्षा सामग्री उत्पादन, प्रकाशन, प्रसारण र प्रदर्शन कार्यक्रम

मतदाता शिक्षालाई टेवा पुऱ्याउने किसिमबाट स्थानीय तह निर्वाचन, २०७४ मा प्रचारप्रसारका विभिन्न सामग्री तयारीका लागि विगतमा यस्तै प्रकृतिका काम गरेका अनुभवी फर्म तथा संस्थाहरूबाट काम गराउने गरी आयोगको वि.सं.२०७३ साल फागुन १८ को निर्णयानुसार विभिन्न आठ वटा समूहमा संस्था सूचीकृत गर्न सार्वजनिक सूचना जारी गरी मापदण्ड पूरा गरेका फर्म तथा संस्थाहरूलाई सूचीकृत गरिएको थियो । समूहमा सूचीकृत भएका फर्म तथा संस्थाहरूमध्ये बाट प्रतिष्पर्धा गराई छनौट भएका फर्म तथा संस्थाहरूलाई मतदाता शिक्षा सामग्री उत्पादन, प्रकाशन, प्रसारण र प्रदर्शन गर्ने कार्यादेश दिईएको थियो ।

### २.१.१७.५ सन्देशमूलक श्रब्यदृश्य सामग्री उत्पादन तथा प्रसारण

स्थानीय तह निर्वाचनका विविध विषयवस्तु समेटेर आयोगले १०७ प्रकारका अडियो तथा भिडिओ सामग्री तयार गरेको थियो । विशेष गरी महिला, दलित, अपाङ्गता भएका व्यक्ति, मधेसी तथा मुस्लिम समुदाय लगायतका लक्षित सन्देशमूलक श्रब्यदृश्य सामग्रीहरू देहायका विभिन्न १७ भाषामा तयार गरी राष्ट्रिय तथा स्थानीय स्तरमा सञ्चालित अधिकांश सञ्चार माध्यमबाट प्रसारण गरिएको थियो :

| | | | |
|---|---|---|---|
| (क) नेपाली | (ख) भोजपुरी | (ग) मैथिली | (घ) डोटेली |
| (ङ) अवधी | (च) लिम्बु | (छ) पशिचमा थारु | (ज) पूर्वीय थारु |
| (ञ) नेवारी | (ट) राइ वान्तवा | (ठ) शेर्पा | (ड) तामाङ |
| (ढ) गुरुङ | (ण) मगही | (त) उर्दू | (थ) खाम मगर |
| (द) राना थारु | | | |

### २.१.१७.६ मतदाता शिक्षाका अन्य कार्यक्रम

स्थानीय तह निर्वाचनमा मतदाता शिक्षालाई टेवा पुऱ्याउने हेतुले निर्वाचनको अवधिमा निम्न क्रियाकलाप पनि सञ्चालन गरिएका थिए :

(क) टेलिभिजन प्रसारण

(ख) रेडियो प्रसारण

(ग) पत्रपत्रिकामा सूचना/सन्देश

(घ) मतदान शिक्षाका प्रवर्धनात्मक सामग्रीको उत्पादन तथा वितरण

(ङ) एसएमएस एवं नोटिस बोर्ड सन्देश

(च) उपत्यकामा डिजिटल डिस्प्ले

(छ) अनलाइनहरूमा सन्देश प्रदर्शन

(ज) साझा बसमा सन्देश प्रवाह

(झ) सडक नाटक आदि ।

**२.१.१८ मतपत्र**

**२.१.१८.१ मतपत्र तोक्ने व्यवस्था**

स्थानीय तह निर्वाचनका लागि आयोगले तोके बमोजिमको मतपत्र हुने र त्यस्तो मतपत्रमा प्रत्येक उम्मेदवारका लागि तोकिएको निर्वाचन चिह्न र त्यस्तो चिह्नमा मतदान गर्ने कोठाको व्यवस्था हुनुपर्ने व्यहोरा स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ३० मा उल्लेख रहेको छ ।

**२.१.१८.२ मतपत्रका किसिम र निर्वाचन चिह्नको लहर**

मतपत्र छपाइ गरी यथासमय मतदान केन्द्रमा पुऱ्याउने व्यवस्थापन मिलाउन निर्वाचन आयोगले जिल्लागत रूपमा निर्वाचनमा भाग लिने राजनीतिक दल र स्वतन्त्र उम्मेदवारको अनुमानित आँकडा तयार गरी स्थानीय तह निर्वाचनमा जम्मा छ किसिमका मतपत्र प्रयोगमा ल्याएको थियो । छ किसिमका त्यस्ता मतपत्रमा पहिलोमा अठार लहर, दोस्रोमा बाइस लहर, तेस्रोमा अट्ठाइस लहर, चौथोमा छत्तिस लहर, पाँचौंमा चवालिस लहर र छैठौंमा अठसट्ठी लहर निर्वाचन चिह्न भएको मतपत्र प्रयोगमा ल्याइएको थियो ।

**२.१.१८.३ मतपत्रका स्पेसिफिकेसन तथा डिजाइन सम्बन्धी व्यवस्था**

आयोगले जिल्लागत निर्वाचनमा भाग लिने राजनीतिक दलको नामनामेसी सहितको विवरण प्राप्त गरेपछि पूर्व आकलन गरी स्वीकृत गरेका छ लहरका मतपत्र मध्ये १८ लहरको मतपत्र ४५x२५ से.मि., २२ लहरको मतपत्र ५१x२५ से. मि., २८ लहरको मतपत्र ५१x३६ से. मि., ३६ लहरको मतपत्र ५१x४५ से. मि., ४४ लहरको मतपत्र मतपत्र ५१x५१ से. मि. र ६८ लहरको मतपत्र मतपत्र ७२x५१ से. मि. आकारको रहेको थियो । कुनकुन जिल्लामा कुनकुन चिह्न र लहरका मतपत्र प्रयोग गरिएको थियो भन्ने पूर्ण विवरण परिशिष्ट-१३ मा प्रस्तुत गरिएको छ ।

### २.१.१८.४ मतपत्रमा निर्वाचन चिह्न छपाइको अवस्था

आयोगले निर्धारण गरेको छ प्रकारको मतपत्रमा निर्वाचन चिह्न छपाइ गर्दा व्यवस्थापिका-संसद्मा प्रतिनिधित्व गरिरहेका राजनीतिक दलका उम्मेदवारका लागि सम्बन्धित दलको निर्वाचन चिह्न र अन्य राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवारहरूका लागि स्वतन्त्र निर्वाचन चिह्नहरूको समूह निर्धारण गरी उक्त चिह्नहरू मतपत्रमा समावेश गरी मतपत्र छपाइ गरिएको थियो ।

छैठौँ मतपत्रबाट निर्वाचित हुने वडा सदस्य दुई जनाको निर्वाचन चिह्नको हकमा राजनीतिक दलका उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्ने सम्बन्धमा दुवै जना एकै राजनीतिक दलका उम्मेदवार हुने हुँदा सम्बन्धित दलकै निर्वाचन चिह्न दिनुपर्ने, उम्मेदवारले निर्वाचन प्रचारप्रसार गरी आफूलाई मतदान गर्न अनुरोध गर्दा पनि कुन/कस्तो निर्वाचन चिह्नमा मतदान गर्नुपर्ने हो स्पष्ट गर्न आवश्यक हुने र मतदाताले पनि आफूले मतदान गर्न चाहेको उम्मेदवारको निर्वाचन चिह्न कुन/कस्तो हो थाहा पाउन अपरिहार्य हुने भएकाले उक्त मतपत्रबाट निर्वाचित हुने दुई जना सदस्यका लागि एक जनालाई एउटा निर्वाचन चिह्न भएको चिह्न र अर्कोलाई दुईवटा निर्वाचन चिह्न भएको चिह्न प्रदान गर्ने गरी छपाइ गरिएको थियो । यसरी निर्वाचन चिह्न वितरण गर्दा उम्मेदवारको वर्णानुक्रमको आधारमा दिने व्यवस्था गरिएको थियो । स्वतन्त्र निर्वाचन चिह्न पाउने उम्मेदवारहरूका हकमा भने दुवै कोलममा एउटाएउटा अलगअलग निर्वाचन चिह्न छपाइ गरिएको थियो ।

### २.१.१८.५ मतपत्र छपाइ सम्बन्धी स्पेसिफिकेसन

स्थानीय तह निर्वाचन, २०७४ अन्तर्गत गाउँपालिका तथा नगरपालिकाका लागि हुने निर्वाचनमा प्रयोग हुने मतपत्रको स्पेसिफिकेसन आयोगले वि.सं. २०७३ साल चैत ३ गते स्वीकृत गरेको थियो । आयोगले स्वीकृत गरेको सो स्पेसिफिकेसनमा मतपत्रको आकार, मत सङ्केत गर्ने कोठाहरूको लम्बाई तथा चौडाई, सुरक्षण चिह्न सम्बन्धी व्यवस्था, अधकट्टीमा उल्लेख हुने व्यहोरा, निर्वाचन चिह्न राख्ने तरिका लगायतका विषय उल्लेख गरिएको थियो । निर्वाचनमा मतदाताले विभिन्न सात पदका लागि मत सङ्केतद्वारा मतदान गर्नुपर्ने भएकाले मतपत्रमा निर्वाचन चिह्न रहेका कोठाहरू सात अलगअलग कोलममा नै छपाइ गरिएको थियो । मतपत्रको सातौँ कोलम एकचालिस एमएम तोकिएको थियो भने अन्य कोलम छब्बिस एमएमका थिए । मतपत्रको अधकट्टीको विवरण, मुख्य भागको विवरण, निर्वाचन चिह्नहरू, प्रत्येक पदको चिह्न छुट्टयाउने ठाडो धर्सोहरू र मत सङ्केत गरिने कोठाहरूको रेखा नीलो रङमा शीट फेड अफसेट प्रविधिद्वारा छपाइ गरिएको थियो ।

### २.१.१८.६ मतपत्र छपाइका लागि आयोगको नीतिगत निर्णय

प्रत्येक निर्वाचनमा प्रयोग हुने मतपत्रको सम्वेदनशीलतालाई मनन गरी आयोगले मतपत्र तयारी सम्बन्धी कार्यलाई विशेष महत्वका साथ सम्पादन गर्ने गर्छ । यस पटक पनि स्थानीय तह सदस्य निर्वाचन, २०७४ का लागि मतपत्र तयारी कार्यलाई विशेष महत्वका साथ व्यवस्थित गर्ने प्राथमिकता र अग्रसरता आयोगले देखाएको थियो । यसै प्राथमिकतालाई ध्यानमा राखी आयोगले

वि.सं. २०७३ चैत ३ गते मतपत्र तयारी र स्पेसिफिकेसनका सम्बन्धमा नीतिगत निर्णय लिएको थियो । यस नीतिगत निर्णयको आधारमा मतपत्र तयारीको कार्यलाई अघि बढाएको थियो । मतपत्रका सम्बन्धमा आयोगले गरेको नीतिगत निर्णय परिशिष्ट-१४ मा प्रस्तुत गरिएको छ ।

### २.१.१८.७ मतपत्रको लहरमा क्रम सङ्ख्या राख्ने पहिलो व्यवस्था

स्थानीय तह निर्वाचन, २०७४ मा आवश्यकता भन्दा धेरै सङ्ख्यामा निर्वाचन चिह्न राखी ठुलो आकारमा मतपत्र छाप्नु परेका कारण उम्मेदवारलाई प्रचारप्रसार गर्न र मतदातालाई पनि बुझ्न सहजताका लागि ६ प्रकारका मतपत्र (१८ लहर, २२ लहर, २८ लहर, ३६ लहर, ४४ लहर र ६८ लहर) मा लहर सङ्ख्या जनिने गरी मतपत्रको बायाँ तर्फ क्रमसङ्ख्या राखेर मतपत्र छपाइ गरियो । यो व्यवस्थाले उम्मेदवारलाई प्रचारप्रसार गर्न र मतदातालाई केही हदसम्म आफूले मतदान गर्ने निर्वाचन चिह्न कुन लहरमा छ भनी सम्झन सजिलो बनाएको थियो । मतपत्रमा क्रमसङ्ख्या राख्ने व्यवस्था गरिएको नेपालको निर्वाचन इतिहासमा यो नै पहिलो हो ।

### २.१.१९ मतदानको मिति र समयावधि

वि.सं. २०७४ साल वैशाख ३१ गते मुलुकभर एकै चरणमा निर्वाचन सम्पन्न गर्ने गरी नेपाल सरकारले वि.सं. २०७३ साल फागुन ९ गते निर्वाचन मिति घोषणा गरेको थियो । स्थानीय तह पुनर्संरचना आयोगले तयार गरेको र त्यसपछि सरकारले पनि पुनरावलोकन गरी निर्धारण गरेको स्थानीय तहको पुनर्संरचना लगायतका विषयमा कतिपय जिल्लामा सिर्जना भएका असन्तुष्टिका कारण सबै प्रदेशमा एकै पटक निर्वाचन गर्ने कुराबाट सरकार पछि हट्यो । फलतः सुरुमा तोकिएको मिति वि.सं. २०७४ वैशाख ३१ मा तत्कालका प्रदेश नम्बर ३, प्रदेश नम्बर ४ र प्रदेश नम्बर ६ अर्थात् हालको बागमती प्रदेश, गण्डकी प्रदेश र कर्णाली प्रदेशमा मात्र निर्वाचन भयो । बाँकी प्रदेशमा जेठ ३१ गते निर्वाचन गर्ने गरी सरकारले तोकेको मिति पनि पुनः जेठ ३१ बाट असार ९ र फेरि असार ९ बाट पनि असार १४ का लागि सारियो । असार १४ का लागि दोस्रो चरणको निर्वाचन तोकिएको मितिमा प्रदेश नम्बर १, ५ र ७ (हालको सुदूरपश्चिम प्रदेश) मा मात्र निर्वाचन भई प्रदेश नम्बर २ को निर्वाचन असोज २ का लागि तोकिएको थियो । यसरी वि.सं. २०७४ साल वैशाख ३१, असार १४ र असोज २ मा सम्पन्न निर्वाचन आयोगले तोकेको समयावधि बिहान ७.०० बजेदेखि अपराह्न ५.०० सम्म मतदान भएको थियो ।

### २.१.१९.१ मतदान सञ्चालनको स्थिति

स्थानीय तह निर्वाचन, २०७४ तुलनात्मक रूपमा निकै शान्तिपूर्ण रह्यो । मौसम लगायत कुनै पनि कुराले निर्वाचनलाई बाधा पुऱ्याएन । पुनः मतदान गराउनु परेका अति न्यून घटनाले पनि यस कुराको पर्याप्त पुष्टि गर्छ ।

### २.१.१९.२ मतदानमा प्राथमिकता

स्थानीय तह निर्वाचनमा अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, गर्भवती महिलालाई मतदानका लागि लाइनमा नबसीकन मतदान गर्न प्राथमिकता दिइएको थियो ।

### २.१.१९.३ मतपेटिका सङ्कलन

आयोगले स्थानीय तह निर्वाचनको प्रत्येक गतिविधि र क्रियाकलापलाई उत्तिकै सम्वेदनशीलताका हिसाबले नजिकबाट नियालेको थियो । त्यसमाथि मतदान भएका मतपेटिका झनै महत्वपूर्ण र अति सम्वेदनशील विषय हुने नै भए । यसै गाम्भीर्यतालाई बुझेर आयोगले मतपेटिका सङ्कलनको कार्यलाई विशेष प्राथमिकतामा राखेको थियो । आयोगको निर्देशन समेतका आधारमा मतदान कार्य समाप्त भएपछि मतपेटिका सङ्कलनका लागि सबै जिल्लाले जिल्लास्तरीय सहयोग तथा समन्वय समिति र जिल्ला सुरक्षा समितिको बैठकको निर्णयानुसार स्थानीय परिवेश अनुसार मतपेटिका ढुवानी योजना तर्जुमा गरी सोही अनुसार मतदान भएका मतपेटिका सङ्कलन गरेका थिए ।

आयोगले सबै जिल्लालाई मतदानपछि मतदान भएका मतपेटिका र कर्मचारीहरू सुरक्षित रूपमा तोकिएको स्थानमा ल्याउने आवश्यक प्रबन्ध मिलाउन अग्रिम रूपमा निर्देशन र आवश्यक बजेट समेत उपलब्ध गराएको थियो ।

मतपेटिका सङ्कलन गर्ने क्रममा हिमाली जिल्लाका विकट स्थानमा रहेका मतदान केन्द्रबाट र सुरक्षा चुनौतीका कारण स्थल मार्गबाट मतपेटिका ल्याउन सुरक्षा सम्वेदनशीलता समेतलाई मध्यनजर राखी कतिपय पहाडी जिल्लाका विभिन्न मतदानस्थलबाट हेलिकोप्टर मार्फत समेत आयोगले मतपेटिका सङ्कलन गरेको थियो ।

### २.१.२० मतदान स्थगित र पुनः मतदान

स्थानीय तह निर्वाचन अन्तर्गत वि.सं. २०७४ साल वैशाख ३१ र वि.सं. २०७४ साल असार १४ गते भएको मतदानको क्रममा देहायका जिल्ला, स्थान र मतदान केन्द्रमा विभिन्न कारणवश मतदान कार्य स्थगित भई सम्बन्धित निर्वाचन अधिकृतबाट पुनः मतदान हुने मिति, समय र स्थान तोकिई पुनः मतदान सम्पन्न भएको थियो :

| क्र.सं. | निर्वाचन चरण | जिल्ला | मतदान केन्द्र | मतदान स्थगित हुनाको कारण | पुनः मतदान मिति |
|---|---|---|---|---|---|
| १ | पहिलो चरण | काभ्रेपलाञ्चोक | नमोबुद्ध न.पा.४, जनक मा.वि. मतदान केन्द्र (क) र (ख) | नमोबुद्ध-४ बस्ने नवराज पाठकको हत्या भएको भनी मृतकको परिवारसँग गरेको वार्ता असफल भएकोले मतदान कार्य स्थगित गरिएको भन्ने सूचनाको मुचुल्का | २०७४/२/३ |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | पहिलो चरण | सिन्धुपाल्चोक | इन्द्रावती गा.पा. १०, चण्डेश्वरी मा.वि. बडहरेको मतदान केन्द्र (क) र (ख) | मतदान प्रतिनिधिहरू बिचको असमझदारीबाट सृजित झडप | २०७४/२/४ |
| ३ | पहिलो चरण | दोलखा | मेलुङ गा.पा.१, सत्यश्वर मा.वि. पवटी मतदान स्थल | असामान्य परिस्थिति उत्पन्न भई काबु बाहिरको परिस्थिति सिर्जना । | २०७४/२/७ |
| ४ | पहिलो चरण | भक्तपुर | चाँगुनारायण न.पा. अन्तर्गत नगरकोट गा.वि.स. भवन (ख) मतदान केन्द्र | मतदानका लागि मतपत्र उपलब्ध गराउँदा फरक मतपत्र वितरण भई २२ जना मतदाताले मतदान गरेपछि मतदान स्थगित | २०७४/२/३ |
| ५ | दोस्रो चरण | बझाङ | जयपृथ्वी नगरपालिका/३, पाण्डु मा.वि. पडेसको मतदान केन्द्र (क) र (ख) | राजनीतिक दलहरूबीच विवाद र हुलहुज्जतका कारण स्थगित | २०७४/३/१४ |

- निर्वाचनको तेस्रो चरणमा कुनै पनि स्थानमा मतदान स्थगित नभएको ।

### २.१.२१ निर्वाचनको तीन चरणमा मतदान गर्ने मतदाता सङ्ख्या

स्थानीय तह निर्वाचन, २०७४ का लागि वि.सं. २०७४ वैशाख ३१, असार १४ र असोज २ गते गरी तीन चरणमा भएको निर्वाचनमा मतदाता नामावलीमा नाम भएका कुल १,४०,७२,४२४ मतदातामध्ये जम्मा १,०४,८९,२०४ (७४.१६ प्रतिशत) मतदाताले मात्र मतदान गरेका थिए । वि.सं. २०७४ वैशाख ३१ गते सम्पन्न निर्वाचनमा ४९,५६,८२३ जना, असार १४ गते सम्पन्न निर्वाचनमा ६४,५०,६५१ जना र असोज २ गते सम्पन्न निर्वाचनमा २६,६४,९५० जना मतदाता रहेका थिए ।

### २.१.२२ मतगणना

निर्वाचन व्यवस्थापन, जनशक्ति परिचालन, भूगोल र अन्य हिसाबले निर्वाचनमा मतदानको पक्ष जति महत्वपूर्ण र व्यापक हुन्छ त्यस हिसाबले मतगणनाको क्षेत्र तिनै कुराका हिसाबले त्यति नै सानो र सङ्कुचित हुन्छ । तर मतदान जति महत्वपूर्ण हुन्छ मतगणना त्योभन्दा निकै जटिल र

त्यत्ति नै महत्वपूर्ण हुन्छ। यिनै कुरालाई दृष्टिगत गरी मतगणना कार्यलाई व्यवस्थित गर्न स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ७१ ले दिएको अधिकार प्रयोग गरी आयोगले वि.सं. २०७४ वैशाख २८ गते स्थानीय तह निर्वाचन (मतगणना) निर्देशिका, २०७४ जारी गरी कार्यान्वयनमा ल्याईएको थियो।

### २.१.२२.१ मतगणना कार्यको प्रारम्भ

मतगणना गर्दा निर्वाचन कार्यक्रम प्रकाशनका समयमा द्रष्टव्यको बुँदामा उल्लेखित निर्वाचन अधिकृतले गाउँपालिका तथा नगरपालिका वडाभित्रका सबै मतदान केन्द्रमा मतदान भएका सबै मतपेटिका मतदान अधिकृतबाट प्राप्त गरेपछि मतगणना कायको प्रारम्भ गर्ने भन्ने व्यवस्थाको पूर्णतः पालना गर्दै मतगणना प्रारम्भ गरिएको थियो।

### २.१.२२.२ मतगणना निर्देशिका र निर्देशन

निर्वाचन भएका सबै ठाउँको मतगणना कार्यलाई व्यवस्थित गरी गणना कार्यमा एकरूपता ल्याउने उद्देश्यले मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतलाई आयोगले निर्वाचनको पहिलो चरण र दोस्रो चरणको मतगणनाका बखत दिएको निर्देशन निर्वाचनको तेस्रो चरणको गणना क्रममा पनि दिएको थियो। निर्वाचन आयोगले पहिलो चरणको मतदान हुनुभन्दा एक दिन अगावै मतगणनाका सम्बन्धमा विशेष निर्देशन दिएको थियो। आयोगले जारी गरेको उक्त एघार बुँदे निर्देशनमा स्थानीय तह निर्वाचन अन्तर्गत गाउँपालिका तथा नगरपालिकाको निर्वाचनको मतगणना गर्दा स्थानीय तह निर्वाचन निर्देशिका, २०७३ (दोस्रो संशोधन सहित) को दफा १३० र दफा १३०क तथा स्थानीय तह निर्वाचन (मतगणना) निर्देशिका, २०७४ मा रहेका व्यवस्थाका अतिरिक्त देहाय बमोजिम मतगणना गर्न निर्देश गरिएको थियो :

(१) सम्बन्धित गाउँपालिका/नगरपालिकाका मुख्य/निर्वाचन अधिकृत र सुरक्षा अधिकारी बाहेक मतगणना स्थलमा उपस्थित अन्य व्यक्तिले मोबाइल फोन प्रयोग नगर्ने/गर्न नदिने,

(२) मतपत्रमा मतदान अधिकृतले दस्तखत गर्दा सिसाकलम बाहेक कालो, नीलो, हरियो, रातो वा अन्य जुनसुकै रङको मसी प्रयोग गरेको भए पनि उक्त मतपत्रलाई मान्यता दिई मतगणना गर्ने,

(३) मतदातालाई मतपत्र दिँदा भुलवश मतपत्रको अधकट्टी समेत दिई उक्त अधकट्टी सहितको मतपत्र मतपेटिकामा रहन गएको अवस्थामा मतगणनाका लागि मतपत्रको चाङ मिलाउँदा त्यस्तो अधकट्टीलाई अलग गरी मतपत्र गणना गर्ने,

(४) मतदान क्रममा मतपेटिकामा रहेका मतपत्रहरू पुसरद्वारा मिलाउँदा मतपत्र च्यातिएको तर मतपत्र टुक्रा भई नछुट्टिएको र मत सङ्केत गरिएको चिह्न स्पष्ट भए त्यस्तो मतपत्र गणना गर्ने,

(५) मतदाताले मतदान गर्दा निर्वाचन चिह्न रहेको कुनै एक कोठामा एकभन्दा बढी स्वस्तिक छापको चिह्न लगाएको रहेछ भने त्यस्तो मतपत्र गणना गर्ने,

(६) मतदाताले मत सङ्केत गरिसकेपछि मतपत्र पट्ट्याउँदा कुनै एक चिह्नमा लगाएको स्वस्तिक छाप अर्को चिह्न भएको कोठामा प्रतिविम्बित भएको रहेछ भने पनि सुल्टो स्वस्तिक छाप भएको निर्वाचन चिह्नको मत सङ्केतलाई मान्यता दिई मतगणना गर्ने,

(७) मतपेटिकामा लगाइएको सुरक्षण सिल कसैको कर्तव्यबाट नभई ढुवानी तथा भण्डारणको क्रममा केही टुटफुट वा घटी भएको अवस्थामा पनि तात्विक फरक नपर्ने अवस्था रहेको भए त्यस्ता मतपेटिका साबुदै भएको मानी मत गणना गर्ने,

(८) मतगणना गर्दा प्रत्येक वडाको मतगणना अलगअलग रूपमा गर्ने । गाउँपालिका वा नगरपालिकाको कुनै वडामा एकभन्दा बढी मतदान केन्द्र रहेकोमा सो वडाको मतगणना गर्दा कम्तीमा दुईवटा मतदान केन्द्रका मतपेटिकामा रहेको मत कुन मतदान केन्द्रको हो सो छुट्ट्याउन नसकिने गरी मिसाई गणना गर्ने,

(९) मतगणना गर्दा स्थानीय तह निर्वाचन निर्देशिका, २०७३ (दोस्रो संशोधन सहित) को अनुसूची-५१ मा मतपत्रमा मतदान केन्द्रको नाम लेख्दा खण्ड (८) बमोजिम गणना गर्दा जुनजुन मतदान केन्द्रको मतपत्र मिसाइएको हो सो केन्द्रहरूको नाम लेख्ने । त्यसै गरी सोही निर्देशिकाको अनुसूची-५२ मा वडागत मतगणना अभिलेख फाराम भर्दा प्राप्त मत विवरण अन्तर्गत मतदान केन्द्रको नाम उल्लेख गर्दा समेत जुनजुन मतदान केन्द्रको मतपत्र मिसाइएको हो सो केन्द्रहरूको नाम लेख्ने,

(१०) स्थानीय तह निर्वाचन निर्देशिका, २०७३ (दोस्रो संशोधन सहित) को दफा १२९ को उपदफा (२) बमोजिम मतगणना गरी अनुसूची-५१ मा विवरण प्रविष्ट गर्दा सदर मत भए जुन चिह्नमा मत सङ्केत गरिएको छ सोही चिह्नमा प्रविष्ट गर्ने र बदर मतको हकमा फारामको अन्त्यमा रहेको बदर मत जनाउने महलमा प्रविष्ट गर्ने र उक्त विवरण अनुसूची-५२ र ५३ मा प्रविष्ट गर्दा पनि सोही बमोजिम प्रविष्ट गर्ने, र

(११) कुनै वडाको मतगणना सम्पन्न गरेपछि उक्त वडाका वडा अध्यक्ष, महिला वडा सदस्य, दलित महिला वडा सदस्य र वडा सदस्य दुई जनाको निर्वाचन परिणाम सार्वजनिक गरी अर्को वडाको मतगणना सुरु गर्ने ।

### २.१.२२.३ मतगणना सम्बन्धमा थप निर्देशन

स्थानीय तह निर्वाचन निर्देशिकामा मतगणना गर्दा छुट्टाछुट्टै भवनमा गर्न नहुने व्यवस्था उल्लेख भएकोमा कतिपय स्थानमा एउटै भवनमा पर्याप्त स्थान उपलब्ध हुन नसक्ने कारण मतगणनाका लागि एकै पटकमा धेरै मतगणना टोली परिचालन गर्न बाधा परेको र यस्तो व्यवस्थाका कारण मतगणना कार्य सम्पन्न गर्न धेरै दिन लाग्न सक्ने महसुस गरी आयोगले पहिलो चरणको मतदान सम्पन्न भएपश्चात् वि.सं. २०७४ साल जेठ २ गते मतगणना गर्ने भवन तथा अन्य विषयका

सम्बन्धमा देहाय बमोजिमको थप निर्देशन जारी गरेको थियो, जसले मतगणना कार्यलाई छिटो सम्पन्न गर्न थप मद्दत गरेको देखिएको थियो :

(१) राजनीतिक दलहरूसँगको सहमति एवं स्थानीय प्रशासनको समन्वयमा मतगणना स्थलमा आवश्यक सुरक्षा व्यवस्था मिलाई एकै समयमा एकभन्दा बढी मतगणना टोली परिचालन गरी अलगअलग भवनमा समेत मतगणना गर्न सक्ने,

(२) अलगअलग भवनमा मतगणना गर्दा एकै समयमा एकभन्दा बढी वडाहरूको मतगणना गर्न सक्ने, र

(३) मतगणना कार्यमा खटिने कर्मचारीलाई दिइने सुविधाका सम्बन्धमा निर्देशिका बमोजिमको सुविधा उपलब्ध गराउँदा मतगणना स्थलबाट कम्तीमा दश कि. मि. भन्दा टाढाको कार्यालयबाट आई मतगणना कार्यमा खटिने कर्मचारीलाई मतगणना कार्यमा खटिएको अवधिको लागि दैनिक भ्रमण भत्ता समेत भुक्तानी दिने व्यवस्था रहेकोमा उक्त सुविधा दश कि. मि. भन्दा कम दूरी रहेको कार्यालयबाट खटिने कर्मचारीलाई समेत उपलब्ध गराउने ।

### २.१.२२.४ मतगणना सम्बन्धमा विवाद र समाधान

चितवन जिल्लाको भरतपुर महानगरपालिकामा स्थानीय तह निर्वाचनको पहिलो चरणमा वि.सं. २०७४ साल वैशाख ३१ गते भएको निर्वाचनको मतगणना हुँदै गर्दा वि.सं. २०७४ साल जेठ १४ गते राती मतपत्र च्यातिएको सम्बन्धमा भएको विवाद २०७४ को वर्षभरि भएको सबै निर्वाचनको सबैभन्दा ठुलो, जटिल र अलोकप्रिय विवाद हो । यस घटनामा मतगणना स्थलमा खटिएका उम्मेदवारका प्रतिनिधिहरूबाट नै मतपत्र च्याती मतगणना स्थलमा असामान्य परिस्थिति सिर्जना गरिएको थियो ।

घटनापछि त्यहाँका मुख्य निर्वाचन अधिकृतले प्रदेश नं. ३ अन्तर्गत चितवन जिल्लाको भरतपुर महानगरपालिकाको वडा नं. १९ को मतगणनाको क्रममा मतगणना स्थलमा उपस्थित उम्मेदवारका प्रतिनिधिहरूमध्ये केहीले मतगणना स्थलमा प्रवेश गरी गणना भएका र नभएका गरी सयौँ मतपत्र च्यात्ने काम गरी मतगणनास्थल रणभूमितुल्य बनाई असामान्य अवस्था सिर्जना भएकोले काबु बाहिरको परिस्थिति परी तत्काल मतगणना कार्य स्थगन गरी स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ४९ र ५०  बमोजिम प्रतिवेदन पेश गरेको भनी वि.सं. २०७४ साल जेठ १५ गते आयोगलाई जानकारी पत्र लेखि पठाएका थिए ।

मुख्य निर्वाचन अधिकृतबाट घटनाका सम्बन्धमा जानकारी प्रतिवेदन प्राप्त भएपछि आयोगको मिति २०७४ जेठ १५ को निर्णयले उक्त घटनाका सम्बन्धमा स्थलगत भ्रमण गरी मुख्य निर्वाचन अधिकृत सहित सम्बद्ध सबै सरकारी अधिकारी र सम्भव भएसम्म राजनीतिक दलहरूसँग  समेत छलफल गरी के कसो भएको हो ? घटनाका सम्बन्धमा सत्यतथ्य बुझी वि.सं. २०७४ साल जेठ

१७ गतेभित्र आयोगमा प्रतिवेदन पेश गर्न आयोगमा कार्यरत सहन्यायाधिवक्ता श्री गीताप्रसाद तिम्सिनाको नेतृत्वमा अनुगमन टोली गठन गरियो ।

आयोगले गठन गरेको सो टोलीले दिएको अनुगमन प्रतिवेदनका आधारमा आयोगले मतगणनाका क्रममा रहेका मतपत्रमध्ये च्यातिई नोक्सान भएका मतपत्र सङ्ख्या यकिन गरी प्रतिवेदन पठाउनु भनी वि.सं. २०७४ साल जेठ १७ मा नै मुख्य निर्वाचन अधिकृतलाई निर्देशन दियो । आयोगको सो निर्देशनपछि चितवनका प्रमुख जिल्ला अधिकारी तथा जिल्ला प्रहरी प्रमुख समेतलाई रोहबरमा राखी मतपत्र जाँच गरी च्यातिई नोक्सान भएको मतपत्र सङ्ख्या ९० रहेको भनी मुख्य निर्वाचन अधिकृतबाट वि.सं. २०७४ साल जेठ १८ गते आयोगमा जानकारी प्राप्त भयो ।

आयोगले आफूले गठन गरेको अनुगमन टोलीको प्रतिवेदनका आधारमा मतगणना स्थल अनधिकृत रूपमा कब्जा भएको निष्कर्ष निकाल्यो । यस निष्कर्षका आधारमा वि.सं. २०७४ साल जेठ २० गते आयोगले अनधिकृत कब्जाबाट असर परेको चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. १९ को तीन वटा मतदान केन्द्रको सम्पूर्ण मतपत्रहरू अवैध घोषित गरी मतदान रद्द गर्ने र मतदान रद्द गरिएका मतदान केन्द्रको मतदान हुने स्थान, मिति र समय तोकी पुनः मतदान गराउने व्यवस्था मिलाउन भरतपुर महानगरपालिका चितवनका मुख्य निर्वाचन अधिकृतलाई निर्देशन दिने निर्णय लियो र सोही अनुसार लेखी पठायो ।

आयोगको उल्लिखित निर्णय कार्यान्वयन हुनु अगावै आयोगको यस निर्णयउपर गुञ्जमान वि. क. समेतले आयोगलाई समेत विपक्षी बनाई सम्मानित सर्वोच्च अदालतमा रिट दायर गरे । यसरी रिट दायर भएपछि तत्कालका लागि आयोगको निर्णय कार्यान्वयन नगराउन सम्मानित सर्वोच्च अदालतबाट आदेश जारी भयो ।

यसरी सम्मानित सर्वोच्च अदालतममा रिट दायर भई मुद्दाको प्रक्रिया अघि बढिसकेको अवस्थामा निर्वाचनका थप कारबाही पुनः अघि बढ्ने स्थिति देखिएन र यस्तो अवस्थामा सम्मानित अदालतको अन्तिम फैसला आदेश पर्खनुको विकल्प पनि कसैसँग रहेन ।

प्रस्तुत रिट निवेदन सम्बन्धी मुद्दा अदालतको प्राथमिकतामा थियो । यसै क्रममा स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ५० (१) को खण्ड (क) र (ख) मा भएको व्यवस्थाले मतगणना प्रतिनिधि वा निर्वाचन प्रतिनिधिलाई बाहेक गरेको नभै मतगणना स्थलमा उपस्थित जोसुकैले मतगणना कार्यमा खटिएको निर्वाचन अधिकृत वा कर्मचारीको जिम्मा रहने मतपत्र खोसी च्यातेको स्थितिमा मतगणनाको कार्य निष्पक्ष तथा स्वतन्त्र रूपबाट हुन नसक्ने अवस्था हुने सम्बन्धित मुख्य निर्वाचन अधिकृतको प्रतिवेदन, अनुगमन टोलीको जाँचबुझ प्रतिवेदन समेतलाई आधार बनाई चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. १९ को सम्पूर्ण मतपत्रहरू अवैध घोषित गरी मतदान रद्द गर्ने गरी भएको निर्वाचन आयोग, नेपालको मिति २०७४।२।२० को निर्णय कानुन अनुरूप नै भए गरेको देखिने भनी सम्मानित सर्वोच्च अदालतबाट मिति २०७४ साउन १५ गते अन्तिम फैसला आदेश भयो । सम्मानित अदालतबाट अदालतमा परेका रिटका सम्बन्धमा यसरी अन्तिम फैसला आएपछि निर्वाचनका थप प्रक्रियाहरू अघि बढी उल्लिखित चितवन जिल्ला भरतपुर

महानगरपालिका वडा नं. १९ का तीन वटा मतदान केन्द्रमा वि.सं. २०७४ साल साउन २० गते शुक्रबार पुनः मतदान कार्य सम्पन्न भई यस विवादले निकास पायो ।

### २.१.२२.५ मतपत्र च्यातेको घटना निर्वाचन कसुर ठहर

प्रदेश नं. ३ अन्तर्गत चितवन जिल्ला भरतपुर महानगरपालिकामा भएको पहिलो चरणको निर्वाचनपछि वि.सं. २०७४ साल जेठ १४ गते राति मतगणनाको समयमा मतपत्र च्यातेको आरोप लागेका २ जनालाई निर्वाचन कसुर सम्बन्धी मुद्दामा चितवन जिल्ला अदालतले २ वर्षपछि अर्थात् वि.सं. २०७६ साल जेठ ३० गते निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ बमोजिम निर्वाचन कसुर गरेको ठहर गऱ्यो । मुलुकी फौज्दारी संहिता कार्यविधि ऐन, २०७५ ले कसुर प्रमाणित हुने गरी फैसला भएमा फैसला भएका मितिले एक महिनाभित्र दण्ड सजाय निर्धारण गरिसक्नु पर्ने कानुनी प्रावधान अनुसार वि.सं. २०७६ साल असार १६ गते चितवन जिल्ला अदालतले सो निर्णय गरेपछि मतपत्र च्यातेको घटना अदालतबाट किनारा लागेको थियो ।

यसअघि मतपत्र च्यात्ने काममा संलग्न भएको आरोप लागेका तत्कालीन माओवादी केन्द्रका प्रतिनिधि भरतपुर महानगरपालिका-१ का मधुकर न्यौपाने र भरतपुर महानगरपालिका-११ का द्रोणबाबु सिवाकोटीविरुद्ध चितवन जिल्ला अदालतमा मुद्दा दर्ता भएको थियो । मतगणना भइरहेको अवस्थामा मतपत्र नै च्यात्ने र जबरजस्ती गर्नेलाई एक लाख रुपैयाँ जरिबाना र २ वर्षसम्म कैद वा दुवै सजाय हुन सक्ने कानुनी व्यवस्था रहेकोमा उनीहरूलाई चितवन अदालतले जनही १ लाख रुपैयाँ जरिबाना मात्र तोकेको थियो ।

भरतपुर महानगरपालिका वडा नं. १९ को मतगणना जारी रहेको बेला मतपत्र च्यातेपछिको विवाद सर्वोच्च अदालतसम्म पुगेको थियो । भरतपुर महानगरपालिकाका २९ वटा वडा मध्ये २७ वटा वडाको गणना सम्पन्न भएको अवस्थामा मतपत्र च्यातिएको थियो । वडा नम्बर २० को मतगणना बाँकी थियो ।

वि.सं २०७४ साल वैशाख ३१ गते पहिलो चरणको निर्वाचन अन्तर्गत मतदान सम्पन्न भएको उक्त महानगरपालिकाको मतगणना हुँदै गर्दा जेठ १४ गते राति मतपत्र च्यातिएको थियो । वि.सं २०७४ साल जेठ १६ गते जिल्ला प्रहरी कार्यालय चितवनले मतपत्र च्यातेको आरोपमा गिरफ्तार गरेका २ जना विरुद्ध जिल्ला अदालत चितवनमा मुद्दा दर्ता गरेको थियो । निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ अनुसार मुद्दा दर्ता भएपछि त्यही दिन उनीहरूलाई अदालतबाट ७ दिनको म्याद थप भएको थियो ।

यस वडाको मतदानको विषयमा आयोगको निर्णयानुसार सबै मत बदर गरी पुनः निर्वाचन गराइएको थियो । जेठ १४ गते मध्यरातमा भरतपुर महानगरपालिकाको मतगणनाको क्रममा मतपत्र च्यातेको आरोपमा पक्राउ परेका व्यक्ति जेठ १८ गते बिहीबार धरौटीमा छुटेका थिए । तत्कालीन न्यायाधीश बासु पौडेलको इजलासले त्यतिखेर मधुकर न्यौपाने र द्रोणबाबु शिवाकोटी दुवैलाई धरौटीमा रिहा गर्ने आदेश दिएको थियो ।

### २.१.२३ दोस्रो चरणको निर्वाचनको मतगणनाको समयमा थप निर्देशन

पहिलो चरणको निर्वाचनको मतगणनाका समयमा भएका अप्रिय घटना र अप्ठ्याराहरूलाई समेत दृष्टिगत गरी पुनः त्यस्तो घटना नदोहोरियोस् तर मतगणना कार्य छिटो सम्पन्न होस् भन्ने उद्देश्यका साथ आयोगले वि.सं. २०७४ साल असार १५ गते मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतहरूलाई पहिलो चरणको मतगणनाको समयको भन्दा देहाय बमोजिमका नौ बुँदे थप निर्देशन दिएको थियो :

(१) मतगणना प्रतिनिधिलाई परिचयपत्र उपलब्ध गराउँदा मतगणना प्रतिनिधिको फोटो अनिवार्य रूपमा टाँसेर मात्र परिचयपत्र उपलब्ध गराउने,

(२) मतगणनाका लागि उपलब्ध स्थल र सुरक्षा व्यवस्था समेतलाई ध्यानमा राखी एकै पटक धेरै मतगणना टोली परिचालन गरी छिटो परिणाम सार्वजनिक गर्न सकिने गरी गणना कार्यको व्यवस्थापन गर्ने,

(३) मतगणना स्थलमा राजनीतिक दल वा उम्मेदवारका प्रतिनिधिलाई मतगणनाका लागि मतपत्र खन्याइने र गणना गरिने स्थलबाट निश्चित दूरीमा बस्ने व्यवस्था मिलाउने । मतगणना स्थलमा उपस्थित उम्मेदवार/मतगणना प्रतिनिधिले मतपत्र छुन नपाउने/नसक्ने गरी उच्च सुरक्षा सतर्कता अपनाउने,

(४) एकभन्दा बढी मतगणना टोली परिचालन भएकोमा प्रत्येक टोलीमा एउटा राजनीतिक दलको तर्फबाट एक जना मात्र मतगणना प्रतिनिधि रहने व्यवस्था गर्ने,

(५) उम्मेदवार वा निजको मतगणना प्रतिनिधि, सञ्चारकर्मी, कर्मचारी वा यस्तै मतगणना स्थलमा प्रवेश पाउने व्यक्तिलाई मतगणना स्थलमा प्रवेश गर्न दिनुअघि अनिवार्य रूपमा सुरक्षा जाँच गरेर मात्र प्रवेश दिने व्यवस्था मिलाउने । मतगणना स्थलमा कसैले पनि लाइटर, सलाई, एसिड जस्ता ज्वलनशील सामग्री वा पदार्थ वा अन्य कुनै घातक सामग्री लैजान नपाउने गरी सुरक्षा जाँचको बन्दोबस्त मिलाउने,

(६) मतगणना स्थलमा प्रवेश पाएकामध्ये मुख्य/निर्वाचन अधिकृत, प्रमुख जिल्ला अधिकारी लगायत सुरक्षा निकायका प्रमुख बाहेक अरूलाई मोबाइल फोन, क्यामेरा र अडियो भिडियो उपकरण आदि लैजान नदिने । तर, सञ्चारकर्मीलाई एकएक थान अडियो सामग्री, स्टिल क्यामेरा, भिडियो क्यामेरा लैजान दिने,

(७) मतगणना स्थलमा सञ्चारकर्मीहरूको लगातार उपस्थिति आवश्यक नभएकाले सूचना सम्प्रेषणका लागि निश्चित समय तोकी तदनुरूप प्रवेशको व्यवस्थापन गर्ने । मतगणना स्थलमा प्रवेश पाएका सञ्चारकर्मीलाई मतगणना भइरहेको दृश्य खिच्न दिने । तर, मतपत्रमा कुन निर्वाचन चिह्नमा कसरी मतसङ्केत गरिएको छ भन्ने देखिने गरी फोटो वा भिडियो खिच्न तथा मतगणना कार्यमा संलग्न कर्मचारी वा प्रतिनिधिको अडियो बाइट लिन नदिने,

(८) समयसमयमा मतगणनाको अद्यावधिक परिणाम सार्वजनिक गर्ने व्यवस्था मिलाउने,

(९) मतगणना कार्यलाई व्यवस्थित गर्न सर्वदलीय/सर्वपक्षीय सहमति गर्दा गणना प्रारम्भ भइसकेपछि बिचबिचमा नगरी गणना प्रारम्भ हुनु अगावै गर्ने ।

### २.१.२४ निर्वाचनमा भाग लिने राजनीतिक दलको संख्या

स्थानीय तह निर्वाचन, २०७४ मा भाग लिन निर्वाचन आयोगमा विभिन्न ८० राजनीतिक दलले निवेदन दर्ता गराएकोमा निर्वाचनको तीन चरणमा अन्ततः जम्मा ५७ राजनीतिक दलले मात्र भाग लिएका थिए । स्थानीय तह निर्वाचन, २०७४ मा भाग लिन आयोगको सूचना अनुसार आयोगमा निवेदन दर्ता गराएका मध्ये २३ राजनीतिक दलले निर्वाचनमा दलका तर्फबाट आफ्ना कुनै पनि उम्मेदवारको मनोनयनपत्र दर्ता गराएका थिएनन् ।

### २.१.२५ स्थानीय तह निर्वाचनमा महिलाको प्रतिनिधित्व

स्थानीय तह निर्वाचन, २०७४ मा महिलाको कुल प्रतिनिधित्व समग्रमा ४१ प्रतिशत पुगेको छ । यसमध्ये नगरपालिकाको प्रमुख र गाउँपालिकाको अध्यक्षमा दुई प्रतिशत महिला निर्वाचित भएका थिए । गाउँपालिका अध्यक्ष तथा नगरपालिकाको प्रमुख पदमा निर्वाचित महिलाहरूको विवरण परिशिष्ट-१५ मा प्रस्तुत गरिएको छ ।

### २.१.२६ निर्वाचन परिणाम पुस्तक

वि.सं २०७४ सालमा सञ्चालित स्थानीय तह निर्वाचनको तीनवटै पहिलो, दोस्रो र तेस्रो चरणको निर्वाचन परिणाम प्राप्त भइसकेपछि राजनीतिक दल तथा यस विषयमा चासो राख्ने सबैका लागि उपयोगी होस् र आयोगको निर्वाचन अभिलेख समेत दुरुस्त होस् भन्ने हेतुले आयोगले विजयी उम्मेदवारहरूको नामनामेसी सहितको विवरण संलग्न गरी प्रदेशगत रूपमा “स्थानीय तह निर्वाचन, २०७४, निर्वाचन परिणाम पुस्तक” प्रकाशन गरेको थियो । सम्माननीय राष्ट्रपतिज्यूबाट निर्वाचन दिवस, २०७४ को अवसरमा उक्त पुस्तकको लोकार्पण भएको थियो ।

## २.२ गाउँ कार्यपालिका तथा नगर कार्यपालिका र जिल्ला समन्वय समिति निर्वाचन

### २.२.१ स्थानीय तहको कार्यपालिका

स्थानीय तहको कार्यकारिणी अधिकार नेपालको संविधान र सङ्घीय कानुनको अधीनमा रही गाउँ कार्यपालिका र नगर कार्यपालिकामा निहित रहने व्यवस्था संविधानमा उल्लेख छ । यसरी नै जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाहरू बिच समन्वय गर्न एक जिल्ला सभा रहने संवैधानिक व्यवस्था छ ।

### २.२.१.१ गाउँ कार्यपालिका तथा नगर कार्यपालिकाको गठन र अध्यक्षता

नेपालको संविधानको धारा २१५ को उपधारा (१) मा प्रत्येक गाउँपालिकामा एक जना गाउँ कार्यपालिका अध्यक्ष रहने र निजकै अध्यक्षतामा गाउँ कार्यपालिका गठन हुने व्यवस्था छ । यसरी नै संविधानको धारा २१६ को उपधारा (१) मा प्रत्येक नगरपालिकामा एक जना नगर कार्यपालिका अध्यक्ष रहने र निजकै अध्यक्षतामा नगर कार्यपालिका गठन हुने व्यवस्था छ ।

### २.२.१.२ गाउँ कार्यपालिका तथा नगर कार्यपालिकामा रहने अन्य सदस्य

गाउँ कार्यपालिका तथा नगर कार्यपालिकामा अध्यक्षता गर्ने पदाधिकारीका अतिरिक्त गाउँपालिकाको हकमा एक जना उपाध्यक्ष, नगरपालिकाको हकमा एक जना उपप्रमुख र ती दुवै पालिकामा प्रत्येक वडाबाट निर्वाचित वडा अध्यक्ष र संविधानको धारा २१५ को उपधारा (४) तथा धारा २१६ को उपधारा (४) बमोजिम निर्वाचित भई आउने सदस्य रहने व्यवस्था छ । संविधानको धारा २१५ को उपधारा (४) बमोजिम निर्वाचनद्वारा निर्वाचित भई आउने सदस्य देहाय बमोजिम हुने व्यवस्था छ :

(क) गाउँ सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र गाउँ सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका चार जना महिला सदस्य, र

(ख) दलित वा अल्पसङ्ख्यक समुदायबाट गाउँ सभाले निर्वाचित गरेका दुई जना सदस्य ।

यसैगरी संविधानको धारा २१६ को उपधारा (४) बमोजिमको निर्वाचनद्वारा निर्वाचित भई आउने सदस्य देहाय बमोजिम हुने व्यवस्था छ :

(क) नगर सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र नगर सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका पाँच जना महिला सदस्य, र

(ख) दलित वा अल्पसङ्ख्यक समुदायबाट नगर सभाले निर्वाचित गरेका तीन जना सदस्य ।

### २.२.१.३ गाउँ कार्यपालिका तथा नगर कार्यपालिकाका लागि थप निर्वाचन गर्नुपर्ने पद सङ्ख्या

गाउँ कार्यपालिकामा प्रति गाउँपालिका चार महिला र दुई दलित वा अल्पसङ्ख्यक समुदायबाट गरी जम्मा ६ र नगर कार्यपालिकामा प्रति नगरपालिका पाँच महिला र तीन दलित वा अल्पसङ्ख्यक समुदायबाट गरी आठ सदस्यको निर्वाचन समेत निर्वाचन आयोगले सम्पन्न गर्नुपर्ने कानुनी व्यवस्था छ । यसको जम्मा सङ्ख्या गाउँ कार्यपालिकामा २७६० र नगर कार्यपालिकामा २३४४ गरी कुल जम्मा सङ्ख्या ५१०४ हुने देखिन्छ, जुन निर्वाचन आयोगले २०७४ सालमा सम्पन्न गरेको थियो ।

### २.२.१.४ जिल्ला समन्वय समिति

जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाहरू बिच समन्वय गर्न एक जिल्ला सभा रहने व्यवस्था संविधानको धारा २२० को उपधारा (१) ले गरेको छ । यसरी नै उपधारा (२) ले सो सभामा जिल्लाभित्रका गाउँ कार्यपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगर कार्यपालिकाका प्रमुख र उपप्रमुख सदस्य रहने व्यवस्था गरेको छ ।

जिल्लाभित्रको गाउँ सभा र नगर सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले तीस दिनभित्र जिल्ला सभा बस्ने र त्यस्तो सभाले एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसङ्ख्यक सहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्ने व्यवस्था संविधानको धारा २२० को उपधारा (२) र (३) मा उल्लेख छ । यसरी निर्वाचित भई आउने जिल्ला समन्वय समितिको निर्वाचन पनि निर्वाचन आयोगले गर्नुपर्ने कानुनी व्यवस्था छ ।

## २.२.२ गाउँ कार्यपालिका र नगर कार्यपालिकाका सदस्य तथा जिल्ला समन्वय समितिको निर्वाचन सम्बन्धी विशेष व्यवस्था

स्थानीय तह निर्वाचन नियमावली, २०७३ को परिच्छेद-६ मा गाउँ कार्यपालिका र नगर कार्यपालिकाका सदस्य तथा जिल्ला समन्वय समितिको निर्वाचन सम्बन्धी विशेष व्यवस्था गरिएको छ । प्रचलित कानुनको सोही व्यवस्था अनुसार निर्वाचन आयोगले वि.सं २०७४ सालमा गाउँ कार्यपालिका र नगर कार्यपालिकाका सदस्य तथा जिल्ला समन्वय समितिको निर्वाचन सञ्चालन गरेको थियो ।

यस क्रममा गाउँ कार्यपालिका तथा नगर कार्यपालिकाको निर्वाचन व्यवस्थापन र सञ्चालनको लागि आयोगले वि.सं २०७४ साल जेठ २ गते गाउँ कार्यपालिका तथा नगर कार्यपालिका निर्वाचन निर्देशिका, २०७४ स्वीकृत गरेको थियो भने जिल्ला समन्वय समितिको निर्वाचन व्यवस्थापन र सञ्चालनको लागि वि.सं २०७४ साल जेठ ३१ गते जिल्ला समन्वय समिति निर्वाचन निर्देशिका, २०७४ स्वीकृत गरेको थियो ।

## २.२.३ निर्वाचन अधिकृत

स्थानीय तह निर्वाचन नियमावली, २०७४ को दफा २९ ले गाउँ कार्यपालिका र नगर कार्यपालिका तथा जिल्ला समन्वय समितिको निर्वाचनको लागि देहाय बमोजिम गर्ने गरी निर्वाचन अधिकृतको कानुनी व्यवस्था गरेको छ :

(क) गाउँ कार्यपालिका र नगर कार्यपालिकामा निर्वाचित हुने महिला र दलित वा अल्पसङ्ख्यक सदस्यको निर्वाचन गराउने जिम्मेवारी सम्बन्धित स्थानीय तहको निर्वाचनको लागि खटिएको निर्वाचन अधिकृतको हुने,

(ख) जिल्ला समन्वय समितिको निर्वाचन गराउने जिम्मेवारी सम्बन्धित जिल्लाको मुख्य निर्वाचन अधिकृतको हुने,

(ग) सम्बन्धित गाउँपालिका वा नगरपालिकाको निर्वाचन सम्पन्न भई मुख्य निर्वाचन अधिकृतको कार्यालय बन्द भइसकेको जिल्लाको हकमा जिल्ला समन्वय समितिको निर्वाचनको लागि आयोगले न्याय परिषद्को परामर्शमा जिल्ला न्यायाधीशलाई मुख्य निर्वाचन अधिकृतको रूपमा नियुक्त गर्ने, र

(घ) माथि (ख) र (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले गराउने कुनै निर्वाचनको प्रयोजनको लागि मुख्य निर्वाचन अधिकृतको रूपमा नियुक्त भएको जिल्ला न्यायाधीशलाई आयोगले न्याय परिषद्को परामर्शमा सम्बन्धित जिल्लाको जिल्ला समन्वय समितिको निर्वाचनको लागि समेत मुख्य निर्वाचन अधिकृतको रूपमा काम गर्ने गरी तोक्न सक्ने ।

यसै प्रावधान अनुसार आयोगले तेस्रो चरणमा मात्र स्थानीय तह निर्वाचन सम्पन्न भएको प्रदेश नम्बर २ मा वि.सं २०७४ साल मङ्सिर २१ गते प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको दोस्रो चरणको निर्वाचनको लागि नियुक्त भएका प्रदेश नम्बर २ का आठ जिल्लाका मुख्य निर्वाचन अधिकृतलाई तत्तत् जिल्लाको जिल्ला समन्वय समितिको निर्वाचनको लागि पनि मुख्य निर्वाचन अधिकृत तोकी जिल्ला समन्वय समितिको निर्वाचन सम्पन्न गरेको थियो ।

### २.२.४ निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकार

गाउँ कार्यपालिका र नगर कार्यपालिका तथा जिल्ला समन्वय समितिको निर्वाचनको लागि नियुक्त गरिएको वा सो काम गर्न तोकिएको निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने व्यवस्था स्थानीय तह निर्वाचन नियमावली, २०७३ को दफा २९ को उपदफा (३) ले गरेको छ :

(क) निर्वाचन आयोगसँग समन्वय गरी तोकिएको निर्वाचनको लागि निर्वाचन कार्यक्रम तयार गरी प्रकाशन गर्ने,

(ख) सम्बन्धित निर्वाचनमा मतदाता हुने सदस्यहरूको नाम मतदाताको रूपमा सूचीकृत गरी मतदाता नामावली प्रकाशन गर्ने,

(ग) मतदाताको प्रकाशित नामावली विवरणमा कुनै त्रुटि भएमा सम्बन्धित व्यक्तिको निवेदनको आधारमा आवश्यक जाँचबुझ गरी सच्याउने, र

(घ) निर्वाचन अधिकृतको अलावा सम्बन्धित निर्वाचनको लागि मतदान अधिकृतको रूपमा मतदान सम्पन्न गर्ने वा गराउने ।

यसका अतिरिक्त निर्वाचनका सिलसिलामा देहायका काम पनि सम्पन्न गर्नुपर्ने जिम्मेवारी निर्वाचन अधिकृतको हुने :

(क) स्थानीय तह निर्वाचन नियमावली, २०७४ को दफा ३० बमोजिम मतदाता नामावली प्रकाशनदेखि मतदान गर्नेसम्मका कार्यक्रम क्रमबद्ध रूपमा उल्लेख गरी त्यस्तो कार्यक्रम सञ्चालन गरिने मिति, समय र स्थान तोकी निर्वाचन कार्यक्रम प्रकाशन गर्ने,

(ख) गाउँ सभा र नगर सभाको निर्वाचन घोषणा भएको तीन दिनभित्र गाउँ कार्यपालिका र नगर कार्यपालिकाको निर्वाचनको कार्यक्रम प्रकाशन गर्ने,

(ग) आयोगले तोके बमोजिम जिल्ला समन्वय समितिको निर्वाचन सम्बन्धी कार्यक्रम आफ्नो कार्यालयमा प्रकाशन गर्ने, र

(घ) निर्वाचन कार्यक्रम प्रकाशन गरेको जानकारी सम्भव भएसम्म सम्बन्धित राजनीतिक दलका कार्यालयलाई दिने ।

### २.२.५ मतदाता

गाउँ कार्यपालिकाको सदस्य पदको निर्वाचनका लागि गाउँ सभाका सम्पूर्ण सदस्य मतदाता हुने व्यवस्था छ । नगर कार्यपालिकाको सदस्य पदको निर्वाचनका लागि नगर सभाका सम्पूर्ण सदस्य मतदाता हुने व्यवस्था छ । जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख र सदस्य पदको निर्वाचनको लागि जिल्लाभित्रका गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख मतदाता हुने व्यवस्था छ ।

### २.२.६ उम्मेदवारको योग्यता

#### २.२.६.१ गाउँ कार्यपालिका

(क) गाउँ कार्यपालिकाको महिला सदस्य पदको लागि गाउँ सभाको सदस्य रहेको महिला उम्मेदवार हुन सक्ने ।

(ख) गाउँ कार्यपालिकाको दलित वा अल्पसङ्ख्यक सदस्य पदको लागि देहाय बमोजिमको व्यक्ति उम्मेदवार हुन सक्ने :

(१) नेपालको नागरिक,

(२) एक्काइस वर्ष उमेर पूरा भएको,

(३) सम्बन्धित गाउँपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको,

(४) स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा १३ बमोजिम अयोग्य नभएको,

(५) अन्य प्रचलित कानुनले अयोग्य नभएको ।

### २.२.६.२ नगर कार्यपालिका

(क) नगर कार्यपालिकाको महिला सदस्य पदको लागि नगर सभाको सदस्य रहेको महिला उम्मेदवार हुन सक्ने,

(ख) नगर कार्यपालिकाको दलित वा अल्पसङ्ख्यक सदस्य पदको लागि देहाय बमोजिमको व्यक्ति उम्मेदवार हुन सक्ने :

(१) नेपालको नागरिक,

(२) एक्काइस वर्ष उमेर पूरा भएको,

(३) सम्बन्धित नगरपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको,

(४) स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा १३ बमोजिम अयोग्य नभएको, र

(५) अन्य प्रचलित कानुनले अयोग्य नभएको ।

### २.२.६.३ जिल्ला समन्वय समिति

जिल्ला समन्वय समितिको निर्वाचनका लागि सम्बन्धित जिल्लाभित्रका गाउँ सभा वा नगर सभाको सदस्य भएको व्यक्ति जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख र सदस्य पदको उम्मेदवार हुन योग्य हुनेछन् ।

## २.२.७ निर्वाचन सञ्चालन

### २.२.७.१ गाउँ कार्यपालिका तथा नगर कार्यपालिका सदस्य निर्वाचन

आयोगले वि.सं २०७४ साल जेठ २ गते गाउँ कार्यपालिका तथा नगर कार्यपालिका निर्वाचन निर्देशिका, २०७४ स्वीकृत गरेपछि सोही निर्देशिका अनुरूप सम्बन्धित गाउँपालिका तथा नगरपालिकाले आआफ्नो गाउँ सभा वा नगर सभा निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले १५ दिनभित्र निर्वाचन कार्यक्रम प्रकाशन र सञ्चालन गरेका थिए ।

### २.२.७.२ निर्वाचन चिह्न

गाउँ कार्यपालिका तथा नगर कार्यपालिका सदस्य पदको निर्वाचनका लागि निर्वाचन अधिकृतले व्यवस्थापिका-संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दलको उम्मेदवारलाई सम्बन्धित राजनीतिक दलको निर्वाचन चिह्न र व्यवस्थापिका-संसद्मा प्रतिनिधित्व नगर्ने राजनीतिक दलको उम्मेदवार र स्वतन्त्र उम्मेदवारका लागि स्वतन्त्र निर्वाचन चिह्नको समूहबाट कानुन बमोजिम निर्वाचन चिह्न प्रदान गरेका थिए ।

### २.२.७.३ मतपत्र तयारीका लागि विवरण सम्प्रेषण

निर्वाचनका लागि मनोनयनपत्र पेश गर्ने उम्मेदवारको अन्तिम सूची कायम भई उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिसकेपछि निर्वाचन अधिकृतले आवश्यक मतपत्रको व्यवस्थाका लागि

त्यस्ता उम्मेदवारको नाम, उम्मेदवारलाई प्रदान गरिएको निर्वाचन चिह्न र मतदाता सङ्ख्या सहितको विवरण मुख्य निर्वाचन अधिकृतलाई उपलब्ध गराएका थिए ।

### २.२.७.४ मतपत्र छपाइको प्रावधान

निर्वाचनमा भाग लिने उम्मेदवारको नाम, निर्वाचन चिह्न र मतदाताको सङ्ख्या सम्बन्धी जानकारी सम्बन्धित निर्वाचन अधिकृतबाट प्राप्त गरिसकेपछि आवश्यक सङ्ख्यामा मतपत्र छपाउने कामको जिम्मा आयोगले मुख्य निर्वाचन अधिकृतलाई दिएको थियो । यसरी मतपत्र छपाउँदा गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको महिला सदस्य र दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित हुने सदस्यको लागि छुट्टाछुट्टै मतपत्र छपाउनु पर्ने व्यवस्था गरिएको थियो ।

### २.२.७.५ मतपत्र व्यवस्थापन समिति

गाउँ कार्यपालिका तथा नगर कार्यपालिका सदस्यको निर्वाचनको लागि छापिने मतपत्र कसरी छपाइ गर्ने भन्ने सम्बन्धमा आयोगले नै मतपत्रको नमुना तयार गरी मुख्य निर्वाचन अधिकृत र सम्बन्धित जिल्लाको जिल्ला निर्वाचन कार्यालयलाई उपलब्ध गराएको थियो । त्यसरी उपलब्ध गराए बमोजिमको मतपत्र छपाइ कार्यको तयारीदेखि मतपत्र छपाइ, रूजु, प्याकिङ र ढुवानीसम्मको सम्पूर्ण कामको व्यवस्थापनका लागि देहाय अनुसारको मतपत्र व्यवस्थापन समिति गठन गरेको थियो :

| | |
|---|---|
| (क) मुख्य निर्वाचन अधिकृत | संयोजक |
| (ख) सम्बन्धित जिल्लाको क्षेत्रीय/जिल्ला निर्वाचन अधिकारी | सदस्य |
| (ग) सहायक निर्वाचन अधिकृत | सदस्य |
| (घ) कम्प्युटर अपरेटर | सदस्य |
| (ङ) क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयका कम्प्युटर अपरेटर | सदस्य-सचिव |

## २.२.८ जिल्ला समन्वय समिति निर्वाचन

### २.२.८.१ निर्वाचन व्यवस्थापन

सम्बन्धित जिल्लाको गाउँ सभा र नगर सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले तीस दिनभित्र जिल्ला सभाको पहिलो बैठक बस्नुपर्ने व्यवस्था नेपालको संविधानको धारा २२० ले नै उल्लेख गरेको हुँदा त्यस्ता जिल्लाको गाउँ सभा वा नगर सभाको अन्तिम निर्वाचन परिणाम प्रकाशन भएको मितिलाई आधार मानी आयोगले सम्बन्धित जिल्लाको जिल्ला समन्वय समिति निर्वाचनको व्यवस्थापन मिलाएको थियो ।

### २.२.८.२ निर्वाचनको पूर्व तयारी

यसरी निर्वाचन व्यवस्थापन र सञ्चालन गर्ने क्रममा आयोगले २०७४ जेठ ३१ गते जिल्ला समन्वय समिति निर्वाचन निर्देशिका, २०७४ जारी गरेको थियो । यसै निर्देशिका बमोजिम निर्वाचन सञ्चालनको लागि निर्वाचन अधिकृतको नियुक्ति, कार्यालय स्थापना, निर्वाचन कार्यक्रमको सञ्चालन, मतपत्र व्यवस्थापन, मतदान र मतगणना लगायतको निर्वाचनसँग सम्बन्धित कार्यक्रम आयोगले सञ्चालन गरेको थियो ।

### २.२.८.३ जिल्ला समन्वय समितिको सदस्य सङ्ख्या सम्बन्धमा निर्देशन

जिल्ला समन्वय समिति निर्वाचनका लागि आयोगले गाउँ सभा र नगर सभा निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले ३० (तीस) दिनभित्र जिल्ला सभाबाट जिल्ला समन्वय समितिमा रहने सदस्य सङ्ख्या यकिन गरी सम्बन्धित जिल्लाको क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयलाई लेखी पठाउन र यसरी लेखी आएपछि सोको जानकारी मुख्य निर्वाचन अधिकृतको कार्यालयलाई यथाशीघ्र उपलब्ध गराइदिन सम्पूर्ण जिल्लाका जिल्ला समन्वय समितिको कार्यालय र जिल्ला निर्वाचन कार्यालयहरूलाई निर्देशन दिएको थियो । सो निर्देशनपछि जिल्ला समन्वय समितिमा रहने सदस्य सङ्ख्या यकिन भई आएको थियो । यसरी जानकारी प्राप्त हुँदा जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख र सदस्य गरी जिल्ला समन्वय समिति बारामा ८, जिल्ला समन्वय समिति मनाङ र मुस्ताङ प्रत्येकमा सात-सात र बाँकी चौहत्तर जिल्लामा नौ-नौ सङ्ख्या रहने जानकारी प्राप्त भएको थियो । ७७ जिल्ला समन्वय समितिका जम्मा ६८८ पदमा आयोगले निर्वाचन गराएको थियो । यो सङ्ख्यालाई तलको तालिकामा उल्लेख गरिएको छ :

| **क्रम सङ्ख्या** | **प्रदेश** | **प्रमुख, उपप्रमुख र सदस्यको जम्मा सङ्ख्या** |
|---|---|---|
| १ | प्रदेश नं.-१ | १२६ |
| २ | प्रदेश नं.-२ | ७१ |
| ३ | प्रदेश नं.-३ | ११७ |
| ४ | प्रदेश नं.-४ | ९५ |
| ५ | प्रदेश नं.-५ | १०८ |
| ६ | प्रदेश नं.-६ | ९० |
| ७ | प्रदेश नं.-७ | ८१ |
| | **जम्मा सङ्ख्या** | **६८८** |

### २.२.८.४ निर्वाचनका लागि मुख्य निर्वाचन अधिकृतलाई निर्देशन

सम्बन्धित जिल्लाको जिल्ला समन्वय समिति र जिल्ला निर्वाचन कार्यालयबाट जिल्ला समन्वय समितिमा रहने सदस्य सङ्ख्या यकिन गरी जानकारी प्राप्त भएको मितिले सामान्यतः एक्काइस दिनभित्र जिल्ला समन्वय समितिको निर्वाचन निर्देशिका, २०७४ बमोजिम जिल्ला समन्वय समितिको निर्वाचन सम्पन्न गर्न आयोगले मुख्य निर्वाचन अधिकृतहरूलाई निर्देशन दिएको थियो ।

### २.२.८.५ निर्वाचन र निर्वाचन परिणाम

मुलुकभरका ७७ वटै जिल्लाको जिल्ला समन्वय समितिको निर्वाचन तत्तत् जिल्लाका गाउँ सभा र नगर सभाको निर्वाचन परिणाम प्राप्त भएको मितिका आधारमा सम्पन्न गरिएका थिए । यसरी निर्वाचित ७७ जिल्लाका प्रमुख, उपप्रमुख र सदस्यहरूमध्ये प्रमुख र उपप्रमुखहरूको नाम परिशिष्ट-१६ मा प्रस्तुत गरिएको छ। ७७ वटै जिल्ला समन्वय समितिका सबै सदस्यको नामनामेसी सहितको पूर्ण विवरण भने आयोगले मुलुकका सात प्रदेशको प्रदेशगत रूपमा प्रकाशन गरेको स्थानीय तह निर्वाचन, २०७४ निर्वाचन परिणाम पुस्तकमा समेटिएको छ ।

### २.२.८.६ शपथ सम्बन्धी व्यवस्था

स्थानीय तह निर्वाचन अन्तर्गत निर्वाचित हुने गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष, नगरपालिकाका प्रमुख तथा उपप्रमुख, वडा अध्यक्ष, वडा समितिका सदस्य, गाउँ कार्यपालिका तथा नगर कार्यपालिकाका महिला र दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित हुने सदस्य, जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख र सदस्यको शपथ सम्बन्धी व्यवस्थाका सम्बन्धमा यसै निर्वाचन इतिहास पुस्तकको परिच्छेद-९ मा उल्लेख गरिएको छ ।

### २.२.८.७ निर्वाचनको सङ्क्षिप्त नतिजा

स्थानीय तह निर्वाचन, २०७४ अन्तर्गत मुलुकभर तीन चरणमा सम्पन्न भएको ७५३ गाउँपालिका र नगरपालिकाको निर्वाचनमा विभिन्न पदमा विजयी महिला तथा पुरुष आदिको निर्वाचन परिणामको एकीकृत सङ्ख्यात्मक सङ्क्षिप्त नतिजा आयोगले तयार गरी सार्वजनिक गरेको थियो । आयोगले यसरी तयार गरेको स्थानीय तह निर्वाचन, २०७४ को सङ्क्षिप्त नतिजा परिशिष्ट-१७ मा प्रस्तुत गरिएको छ ।

परिच्छेद तीन

# प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७४

परिच्छेद तीन

# प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७४

## ३.१ प्रतिनिधि सभा सदस्य निर्वाचन

### ३.१.१ पृष्ठभूमि

नेपालमा वि.सं. २०७० साल मङ्सिर ४ गते मङ्गलबार सम्पन्न भएको अर्को संविधान सभाको निर्वाचनबाट गठित संविधान सभाले वि.सं. २०७२ साल असोज ३ गते आइतबारका दिन नेपालको संविधान जारी गरेको थियो । उक्त संविधानको धारा २९६ को उपधारा (१) ले यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेको संविधान सभा यो संविधान प्रारम्भ भएपछि व्यवस्थापिका-संसद्मा स्वतः रूपान्तरण हुने र त्यस्तो व्यवस्थापिका-संसद्को कार्यकाल वि.सं. २०७४ साल माघ ७ गतेसम्म कायम रहने व्यवस्था गरेको छ । सोही धाराको उपधारा (३) ले यस संविधान बमोजिम सङ्घीय संसद्ले सम्पादन गर्नुपर्ने काम प्रतिनिधि सभाको निर्वाचन नभएसम्म उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसद्ले गर्ने कुरा उल्लेख गरेको र यसै संवैधानिक व्यवस्था समेतका आधारमा वि.सं. २०७४ सालमा प्रतिनिधि सभाको निर्वाचन सम्पन्न भएको थियो ।

### ३.१.२ आयोगको संवैधानिक जिम्मेवारी

नेपालको संविधानले निर्वाचन आयोगलाई राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसद्का सदस्य, प्रदेश सभाका सदस्य र स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने, निर्वाचन प्रयोजनका लागि मतदाता नामावली तयार गर्ने तथा राष्ट्रिय महत्वका विषयमा जनमत सङ्ग्रह गराउने समेतको महत्वपूर्ण जिम्मेवारी तोकेको छ। यसैगरी राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसद्का सदस्य, प्रदेश सभा सदस्य वा स्थानीय तहका सदस्यका लागि उम्मेदवारीको मनोनयन दर्ता भइसकेको तर निर्वाचन परिणाम घोषणा भइनसकेको अवस्थामा कुनै उम्मेदवारको योग्यता सम्बन्धमा कुनै प्रश्न उठेमा त्यसको निर्णय आयोगले गर्ने व्यवस्था गरेको छ ।

### ३.१.३ राज्यको पुनर्संरचना र निर्वाचनको अपरिहार्यता

संविधान सभाबाट जारी भएको नेपालको संविधानले मुलुकलाई पहिलो पटक सङ्घ, प्रदेश र स्थानीय तहमा पुनर्संरचना गरी तीन तहको शासन व्यवस्थाको सुरुआत गऱ्यो । पुनर्संरचना गर्दा मुलुकलाई सात प्रदेश र सात सय त्रिपन्न स्थानीय तहमा संरचित गऱ्यो । यसरी विधायिकी अधिकार सहितको प्रदेश सभाको व्यवस्था नेपालको सन्दर्भमा नयाँ थियो । यसैगरी स्थानीय तहको गठन नभएसम्म सङ्घीय संसद् गठन हुन नसक्ने निर्वाचन विधि अवलम्बन गरी राज्यका तीन वटै तह बिच एक आपसमा अन्योन्याश्रित सम्बन्ध हुनुपर्ने कुरालाई संविधानले आत्मसात् गऱ्यो ।

संविधान कार्यान्वयनका लागि यथाशक्य छिटो स्थानीय तह, प्रदेश सभा र सङ्घीय संसद्को निर्वाचन सम्पन्न गर्नुपर्ने गहन दायित्व आयोग सामु आयो । नेपाल सरकारले तोके बमोजिमका विभिन्न मितिमा स्थानीय तहको निर्वाचन आयोगले सम्पन्न गर्‍यो र वि.सं. २०७४ साल माघ ७ गतेसम्म व्यवस्थापिका-संसद्को कार्यकाल रहने संवैधानिक व्यवस्थाले आफैँ दबाबमा रहेको सरकारलाई आयोगले पनि सङ्घीय संसद्को निर्वाचन मिति शीघ्रातिशीघ्र घोषणा गर्न प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा निरन्तर परामर्श दिइरह्यो । अन्ततः सरकार वि.सं. २०७४ साल मङ्सिरमा प्रतिनिधि सभाको निर्वाचन गराउने निर्णयमा पुग्यो र निर्वाचन मितिको घोषणा गर्‍यो ।

### ३.१.४ प्रतिनिधि सभाको गठन

नेपालको संविधानले व्यवस्था गरेको मुलुकको सङ्घीय संसद्मा रहने दुई सदनमध्ये एक सदन हो - प्रतिनिधि सभा । संविधानको धारा ८४ को उपधारा (१) ले प्रतिनिधि सभामा देहाय बमोजिमका दुई सय पचहत्तर सदस्य रहने व्यवस्था गरेको छ :

(क) नेपाललाई जनसङ्ख्या र भौगोलिक अनुकूलता तथा विशिष्टताका आधारमा एक सय पैँसठ्ठी निर्वाचन क्षेत्र कायम गरी प्रत्येक निर्वाचन क्षेत्रबाट एक जना रहने गरी पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने एक सय पैँसठ्ठी सदस्य,

(ख) सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने एक सय दश सदस्य ।

समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनका लागि भने राजनीतिक दलले उम्मेदवारी दिँदा जनसङ्ख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारु, मुस्लिम र पिछडिएको क्षेत्र समेतबाट बन्दसूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था गर्नुपर्ने, यस क्रममा भूगोल र प्रादेशिक सन्तुलन समेतका विषयमा ध्यान दिनु पर्ने व्यवस्था छ । यसका अतिरिक्त उम्मेदवारी दिँदा अपाङ्गता भएका व्यक्तिको समेत प्रतिनिधित्व हुनुपर्ने कानुनी व्यवस्था छ । यसका साथै सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य सङ्ख्याको कम्तीमा एक तिहाइ महिला सदस्य हुनुपर्ने कुरा समेत कानुनले प्रस्ट गरेको छ । कानुनमा उल्लेख गरिएको यस कुरालाई राजनीतिक दलहरूले पालना गर्नु अनिवार्य छ ।

### ३.१.५ निर्वाचन मिति घोषणा

स्थानीय तह निर्वाचनको दुई चरणको निर्वाचन सम्पन्न भई मुलुकभरका उनान्सत्तरी जिल्ला स्थानीय तह जनप्रतिनिधियुक्त भइसकेका थिए । निर्वाचन हुन बाँकी प्रदेश नम्बर २ का आठ जिल्लामा पनि परिस्थिति सामान्यीकरण भई आउँदो असोज २ का लागि निर्वाचन मिति तोकिएर निर्वाचनको काम सकारात्मक दिशामा अघि बढिरहेको थियो । यसैबिच वि.सं. २०७४ साल मङ्सिर १० गते आइतबारका दिन प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन एकै पटक एकै चरणमा गर्ने गरी वि.सं. २०७४ साल भदौ ५ गते नेपाल सरकार मन्त्रिपरिषद्ले निर्णय लियो । वि.सं.

२०७४ साल मङ्सिर १० गते निर्वाचन गर्ने सरकारको यो निर्णयपछि निर्वाचन आयोगले प्रतिनिधि सभाको निर्वाचनका लागि निर्वाचन घोषणापछि मात्र गर्नुपर्ने निर्वाचन सम्बन्धी कामको औपचारिक सुरुआत गर्‍यो ।

### ३.१.६ निर्वाचन चरण र मितिमा पुनरावलोकन

नेपाल सरकार मन्त्रिपरिषद्को वि.सं. २०७४ साल भदौ ५ को बैठकबाट वि.सं. २०७४ साल मङ्सिर १० गते आइतबारका दिन प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको निर्वाचन एकै चरणमा सम्पन्न गर्ने गरी निर्वाचनको मिति घोषणा भएपछि आयोगको वि.सं. २०७४ साल भदौ ६ गते बसेको बैठकले एकै चरणमा निर्वाचन सम्पन्न गर्ने गरी निर्वाचनको मिति घोषणा हुँदा निर्वाचनको तयारी र व्यवस्थापनमा विविध जटिलता रहने, कथङ्कदाचित उक्त मितिमा मौसमको अनुकूलता नभएमा अर्को चरणमा समेत निर्वाचन गराउनु पर्ने अवस्था रहने व्यहोरा समेत स्मरण गराउँदै निर्वाचनको मिति घोषणाका लागि नेपाल सरकारलाई धन्यवाद ज्ञापन गर्‍यो र प्रतिनिधि सभाका लागि घोषित निर्वाचन सम्पन्न गराउने प्रतिबद्धता जाहेर गर्‍यो ।

तोकिएको मितिमा निर्वाचन सम्पन्न गराउन आयोगले प्रतिबद्धता जनाउने क्रममा स्मरण गराएका विषय समेतलाई दृष्टिगत गरी वि.सं. २०७४ साल भदौ १४ गते बसेको नेपाल सरकार मन्त्रिपरिषद्को बैठकबाट वि.सं. २०७४ साल मङ्सिर १० गते आइतबार पहिलो चरणमा र मङ्सिर २१ गते बिहीबार दोस्रो चरणमा एकै पटक प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको निर्वाचन सम्पन्न गर्ने निर्णय नेपाल सरकारले लियो । यसरी दुई चरणमा निर्वाचन गर्ने निर्णय गर्दा सरकारले मुलुकको भौगोलिक अनुकूलता समेतलाई विचार गरी दोस्रो चरणमा सम्पन्न हुने निर्वाचनका लागि प्रदेश, जिल्ला, निर्वाचन क्षेत्रहरू निर्धारण गर्ने जिम्मेवारी आयोगलाई नै दियो ।

सरकारबाट यस्तो जिम्मेवारी पाएपछि वि.सं. २०७४ साल भदौ १५ गते बसेको आयोगको बैठकबाट मुलुकका ७७ जिल्लामध्ये विभिन्न हिमाली तथा पहाडी भेगका ३२ जिल्लामा वि.सं. साल २०७४ मङ्सिर १० गते पहिलो चरणमा र बाँकी ४५ जिल्लामा मङ्सिर २१ गते दोस्रो चरणमा निर्वाचन सम्पन्न गर्ने निर्णय आयोगले लिए लगत्तै कति चरणमा निर्वाचन गर्ने भन्ने विषयले टुङ्गो पायो । आयोगले पहिलो चरणमा निर्वाचन गर्ने निर्णय लिएका ३२ जिल्ला र दोस्रो चरणमा निर्वाचन गर्ने निर्णय लिएका ४५ जिल्लाको चरणगत नामावली परिशिष्ट-१८ मा प्रस्तुत गरिएको छ ।

### ३.१.७ निर्वाचन क्षेत्र निर्धारण आयोगको प्रतिवेदन

प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि नेपालको संविधानको धारा ८४ को उपधारा (१) को खण्ड (क) बमोजिम सङ्घीय संसद्का सदस्यको निर्वाचन गर्ने प्रयोजनका लागि संविधानको धारा २८६ बमोजिम सरकारले गठन गरेको निर्वाचन क्षेत्र निर्धारण आयोगको प्रतिवेदन नेपाल सरकारले निर्वाचन मिति घोषणा गर्दासम्म पनि निर्वाचन आयोगमा प्राप्त भइसकेको अवस्था थिएन । आफ्नो काम अन्तिम चरणमा पुर्‍याएको निर्वाचन क्षेत्र निर्धारण आयोगले दुई चरणमा निर्वाचन गर्ने गरी

सरकारले निर्णय लिएको भोलिपल्ट अर्थात् वि.सं. २०७४ साल भदौ १५ गते आफ्नो प्रतिवेदन निर्वाचन आयोगमा बुझायो। यसरी निर्वाचन क्षेत्रको टुङ्गो लागेपछि निर्वाचन तयारीको आयोगको काममा केही स्पष्टता र सहजता थपियो । प्रतिनिधि सभाका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिमको निर्वाचनको लागि कायम भएको निर्वाचन क्षेत्रको जिल्लागत विवरण परिशिष्ट-१९ मा प्रस्तुत गरिएको छ ।

### ३.१.८ निर्वाचन प्रयोजनका लागि राजनीतिक दल दर्ता

आयोगले प्रतिनिधि सभा सदस्य निर्वाचन अन्तर्गत पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको निर्वाचन प्रयोजनको लागि कानुन बमोजिम आयोगबाट मान्यता प्राप्त गर्न चाहने राजनीतिक दललाई दल दर्ता गर्न वि.सं.२०७४ साल साउन १४ गते गोरखापत्र दैनिकमा आयोगमा दल दर्ता गर्न आउनको लागि सूचना प्रकाशन गरेको थियो। आयोगबाट यसरी दल दर्ताको सूचना प्रकाशन भएपछि सूचनाको म्यादभित्र जम्मा ९५ राजनीतिक दलले निर्वाचनमा भाग लिन आयोगमा निवेदन पेश गरेका थिए ।

### ३.१.८.१ एकल निर्वाचन चिह्न सम्बन्धी थप प्रक्रिया र निर्वाचनमा दलहरूको सहभागिता

आयोगले वि.सं. २०७४ साल साउन १८ मा दल दर्ता सम्बन्धी अर्को सूचना प्रकाशन गरी एकल निर्वाचन चिह्न लिई प्रदेश सभा सदस्य र प्रतिनिधि सभा सदस्य निर्वाचनको लागि भाग लिन दर्ता भएका राजनीतिक दलहरूले राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४९ बमोजिम दुई वा सोभन्दा बढी राजनीतिक दलहरूले एकल चुनाव चिह्न लिई दल दर्ता गर्न चाहेमा वि.सं. २०७४ साल भदौ ११ गतेसम्म दर्ता गरिसक्न दलहरूलाई सूचना गरेको थियो ।

यस सूचनाको आधारमा निर्वाचन प्रयोजनका लागि आयोगमा दल दर्ताको निवेदन पेश गरेका दलमध्ये समाजवादी जनता पार्टी र जनजागरण पार्टी नेपालले नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) को निर्वाचन चिह्न, राष्ट्रिय नागरिक पार्टीले शिव सेना नेपाल पार्टीको निर्वाचन चिह्न तथा पूर्व राष्ट्रसेवक लोकतान्त्रिक पार्टीले आधुनिक नेपाल पार्टीको निर्वाचन चिह्न लिई निर्वाचनमा भाग लिन सहमत भई आयोगमा संयुक्त निवेदन दिएपछि निर्वाचनमा भाग लिन ९५ दलले निवेदन पेश गरेकामा आयोगले ९१ राजनीतिक दललाई प्रतिनिधि सभा सदस्य निर्वाचन प्रयोजनको लागि दर्ता गरी  निर्वाचन चिह्न प्रदान गरेको थियो ।

निर्वाचन प्रयोजनका लागि निर्वाचन चिह्न पाएका ९१ राजनीतिक दलको नाम परिशिष्ट-२० मा प्रस्तुत गरिएको छ । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट प्रतिनिधि सभा सदस्य निर्वाचनमा भाग लिन नाम दर्ता गराएका उल्लिखित राजनीतिक दलमध्ये निर्वाचनमा भने ५५ राजनीतिक दलले मात्र भाग लिए। यसरी निर्वाचनमा भाग लिएका ५५ राजनीतिक दलको नाम परिशिष्ट-२१ मा प्रस्तुत गरिएको छ ।

प्रतिनिधि सभा सदस्य निर्वाचन अन्तर्गत प्रतिनिधि सभाको समानुपातिक निर्वाचन प्रणालीको निर्वाचनमा भाग लिने प्रयोजनका लागि विभिन्न ८८ राजनीतिक दलले निर्वाचन आयोगमा दल दर्ता गराएका थिए । यसरी ८८ राजनीतिक दलले प्रतिनिधि सभा तर्फको समानुपातिक निर्वाचन प्रणालीमा भाग लिने प्रयोजनका लागि आयोगमा दल दर्ता गराए पनि ४९ राजनीतिक दलले मात्र उम्मेदवारको बन्दसूची पेश गरेका थिए । यसरी समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचनमा भाग लिन आयोगमा दल दर्ता गराएका ८८ र त्यसमध्ये निर्वाचनमा भाग लिएका ४९ राजनीतिक दलको विवरण क्रमशः परिशिष्ट-२२ र परिशिष्ट-२३ मा प्रस्तुत गरिएको छ ।

### ३.१.९ निर्वाचन कानुन

यो निर्वाचन घोषणा हुँदा प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि अति आवश्यक हुने प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन जारी भइसकेको अवस्था थिएन । निर्वाचन सञ्चालन सम्बन्धी सङ्घीय कानुनको अभावमा निर्वाचनका हरेक क्रियाकलाप अघि बढाउन आयोगलाई अप्ठचारो स्थिति पैदा भइरहेको थियो । यसैबिच निर्वाचन मिति घोषणा भएको अठारौँ दिन अर्थात् वि.सं.२०७४ साल भदौ २२ गते सम्माननीय राष्ट्रपतिबाट प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन प्रमाणीकरण भयो र निर्वाचन ऐनबिहीनताको यस समस्याबाट आयोगले निकास पायो ।

यसरी भएपछि वि.सं. २०७४ साल भदौ २२ गते प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन जारी भएपछि वि.सं. २०७४ साल असोज ३ गते आयोगले प्रतिनिधि सभा सदस्य निर्वाचन नियमावली, २०७४ स्वीकृत गरी कार्यान्वयनमा ल्यायो । यसपछि आयोगले निर्वाचनका सिलसिलामा आवश्यक पर्ने निर्वाचन निर्देशिका लगायतका कानुनी दस्तावेजहरू बनाउँदै निर्वाचन व्यवस्थापनका अन्य कामलाई एकसाथ अघि बढाउँदै गयो ।

### ३.१.१० मतदाता नामावली

निर्वाचनको मिति घोषणा भइसकेपछि जुन निर्वाचन घोषणा भएको हो सो निर्वाचन प्रयोजनका लागि मतदाता नामावली सङ्कलन नगरिने कानुनी प्रावधान रहेको छ । यसै कुरालाई ध्यानमा राखी आयोगले प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनको मिति घोषणा पूर्व नै वि.सं. २०७४ साल साउन १ गतेदेखि वि.सं. २०७४ साल भदौ ३ गतेसम्म मुलुकका विभिन्न तहमा मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम सञ्चालन गरेको थियो । आयोगले मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्न कार्यक्रम सञ्चालन गरेको सो अवधिमा १५ लाख ४ हजार २१४ नयाँ मतदाताले नाम दर्ता गराएका थिए । यसरी नयाँ दर्ता हुन आएका र साबिक नामावलीमा नाम रहेका मतदाताको नामावलीउपर दाबी विरोध लगायतका निर्धारित कानुनी प्रक्रिया पूरा गरी प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि आयोगले वि.सं. २०७४ साल असोज १७ गते अन्तिम मतदाता नामावली स्वीकृत गऱ्यो । यसरी अन्तिम मतदाता नामावली स्वीकृत हुँदा मतदाताको सङ्ख्या १,५४,२७,९३८ रहेको थियो जसमा ७७,७६,६२८ पुरुष, ७६,५१,१४३ महिला र १६७ तेस्रो लिङ्गी मतदाता समावेश थिए । आयोगले अन्तिम रूपमा कायम गरेको

मतदाता नामावलीलाई प्रदेशगत रूपमा विभाजन गरेर पनि हेर्न सकिन्छ । यसरी हेर्दा प्रदेशगत रूपमा रहेका मतदाताको सङ्ख्या परिशिष्ट-२४ मा प्रस्तुत गरिएको छ ।

### ३.१.१०.१ अस्थायी मतदाता नामावली

समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचनको प्रयोजनको लागि आयोगले छुट्टै अस्थायी मतदाता नामावली तयार गर्न सक्ने कानुनी प्रावधान भए पनि प्रतिनिधि सभा सदस्य निर्वाचन, २०७४ मा समयाभावले अस्थायी मतदाता नामावली तयार गरी मतदान गराउने व्यवस्था आयोगले गराउन सकेन ।

### ३.१.११ निर्दिष्ट मिति (Cut off Date)

निर्वाचन आयोगले प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि नेपाल सरकारले निर्वाचन मिति घोषणा गरेको दिन अर्थात् वि.सं. २०७४ साल भदौ ५ गतेसम्म अठार वर्ष उमेर पूरा भएका मतदाताले सो निर्वाचनमा हुने मतदानमा मतदान गर्न पाउने गरी मतदाताको उमेरको निर्दिष्ट मिति (Cut off Date) तोकेको थियो ।

### ३.१.१२ मतदाता परिचयपत्र

निर्वाचन आयोगले सञ्चालन गर्ने निर्वाचनमा साबिकका निर्वाचनदेखि नै मतदातालाई फोटो सहितको मतदाता परिचयपत्र वितरण गरी सो परिचयपत्रका आधारमा मतदाताको पहिचान गरी मतदान गर्ने व्यवस्था मिलाएको थियो । यसैको निरन्तरता स्वरूप तीन चरणको स्थानीय तह निर्वाचनका समयमा पनि आयोगले मतदाता परिचयपत्र प्राप्त गर्न बाँकी मतदातालाई यस्तो परिचयपत्र वितरण गरेको थियो । प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि पनि आयोगले यस कार्यलाई निरन्तरता दिँदै पछिल्लो पटक सञ्चालित मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रममा नयाँ दर्ता हुन आएका, ठेगाना सारिएका र अन्य विवरण सच्चिएका जम्माजम्मी २१,७०,९८५ मतदाताको परिचयपत्र आयोग परिसरमा नै छपाइ गरी सम्बन्धित जिल्लाको जिल्ला निर्वाचन कार्यालय मार्फत वितरणका लागि पठाएको थियो । यसरी पठाइएको मतदाता परिचयपत्र प्रत्येक मतदान केन्द्रमा मतदान हुने दिनभन्दा तीन दिन अगाडिदेखि नै मतदातालाई वितरण गर्ने व्यवस्था पनि आयोगले मिलाएको थियो ।

### ३.१.१३ संयुक्त निर्वाचन सञ्चालन केन्द्र

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनको अवधिमा निर्वाचन सम्बन्धी व्यवस्थापकीय कार्यहरू विवाद एवम् त्रुटिरहित तरिकाले सम्पादन गर्ने कार्यमा सहजीकरण गर्ने उद्देश्यले आयोगमा संयुक्त निर्वाचन सञ्चालन केन्द्र (Joint Election Operation Centre) सञ्चालनमा ल्याइएको थियो । निर्वाचन प्रक्रियामा संलग्न भएका मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालय, जिल्ला निर्वाचन कार्यालय र सुरक्षा निकायका स्थानीय कार्यालय तथा एकाइहरूसँग प्रत्यक्ष सम्पर्कमा रही निर्वाचन सम्बन्धी कार्यमा समन्वय र सहजीकरण गर्ने

कामको जिम्मा यस केन्द्रलाई दिइएको थियो । यस क्रममा निर्वाचनसँग सम्बन्धित सूचना तथा जानकारीहरू सम्बद्ध निकायसम्म पु¥याउने, निर्वाचन सुरक्षा तथा निर्वाचन हिंसाका घटना परिघटनाको सङ्कलन तथा विश्लेषण गरी रोकथाम तथा समाधान गर्न उपयुक्त कदम चाल्न आयोग समक्ष पेश गर्ने काम यसले सम्पादन गरेको थियो ।

आयोगका सहसचिवको संयोजकत्वमा रहेको यस केन्द्रमा नेपाली सेनाका महासेनानी, नेपाल प्रहरीका प्रहरी बरिष्ठ उपरीक्षक, सशस्त्र प्रहरी बलका सशस्त्र प्रहरी बरिष्ठ उपरीक्षक, राष्ट्रिय अनुसन्धान विभागमा सह-अनुसन्धान निर्देशक लगायतका जनशक्ति यस केन्द्रमा कार्यरत थिए । यसरी खटाइएका सबै तहका जनशक्तिको कार्य विवरण आयोगबाट निर्धारण भएको थियो ।

### ३.१.१३.१ आयोगमा स्थापित संयुक्त निर्वाचन सञ्चालन केन्द्र (JEOC) को संरचना र कार्य विवरण

संयुक्त निर्वाचन सञ्चालन केन्द्र (Joint Election Operation Centre) को संरचना र त्यसमा रहेको जनशक्तिको विवरण यस प्रकार रहेको थियो :

| क्रम | जिम्मेवारी | पदाधिकारी | जनशक्ति सङ्ख्या |
|---|---|---|---|
| १ | संयोजक | सहसचिव, निर्वाचन आयोग | १ |
| २ | | नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग र गृह मन्त्रालयका १/१ जना अधिकृत स्तरका कर्मचारी | ५ |
| ३. | | उपसचिव, निर्वाचन आयोग | २ |
| ४ | | कम्प्युटर इन्जिनियर | १ |
| ५ | | अधिकृत (सात प्रदेशका लागि) | ७ |
| ६ | | नायब सुब्बा | २ |
| ७ | | कम्प्युटर अपरेटर | ४ |
| ८ | | कार्यालय सहयोगी | २ |
| | | **जम्मा** | **२४** |

**आयोगमा संयुक्त निर्वाचन सञ्चालन केन्द्रलाई तोकिएको कार्य विवरण देहाय बमोजिम थियो :**

१. निर्वाचन अधिकृतको कार्यालय स्थापनामा आवश्यक समन्वय र सहजीकरण गर्ने,

२. आयोगमा रहेका सबै शाखा/महाशाखासँग समन्वय गर्ने,

३. क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालय र निर्वाचन अधिकृतको कार्यालयद्वारा सञ्चालित निर्वाचन कार्यक्रम सम्बन्धी प्रगति प्रतिवेदन तुरुन्त प्राप्त गरी सचिवालय मार्फत आयोगमा पेश गर्ने,

४. JEOC मा खटिएका विभिन्न सुरक्षा निकायसँग सम्पर्क र समन्वय गर्ने,

५. जिल्लास्तरमा विभिन्न सुरक्षा निकायसँग सम्पर्क र समन्वय गरी वस्तुस्थिति बुझी सुझाव सहित आयोगमा पेश गर्ने,

६. निर्वाचन कार्यक्रम सञ्चालनसँग सम्बन्धित सबै विषय प्रवक्ता मार्फत सबै सामु पुऱ्याउन आवश्यक सूचना र विवरण उपलब्ध गराउने,

७. मुख्य/निर्वाचन अधिकृतको कार्यालय, जिल्ला निर्वाचन कार्यालय र अन्य निकायहरूले पेश गरेका समस्या समाधान गर्ने व्यवस्था मिलाउने,

८. निर्वाचन सुरक्षा तथा निर्वाचन हिंसाका घटना परिघटनाको सङ्कलन तथा विश्लेषण गरी रोकथाम र समाधान गर्न उपयुक्त कदम चाल्न आयोग र सम्बन्धित निकायमा सुझाव पेश गर्ने,

९. निर्वाचन व्यवस्थापन सम्बन्धी सूचना सङ्कलन, प्रशोधन, विश्लेषण, अद्यावधिक गर्ने र दैनिक प्रतिवेदन सम्बन्धी कार्य गर्ने,

१०. कार्य सम्पन्न गरिसकेपछि आयोग समक्ष अन्तिम प्रतिवेदन पेश गर्ने,

११. आयोगले तोके बमोजिम निर्वाचन सञ्चालन सम्बन्धी अन्य कार्य गर्ने ।

### ३.१.१४ निर्वाचन अधिकृतको नियुक्ति

### ३.१.१४.१ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ

प्रतिनिधि सभा सदस्य निर्वाचन अन्तर्गत पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फको निर्वाचन सञ्चालनका लागि आवश्यक पर्ने मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृत नियुक्तिका लागि आयोगले वि.सं. २०७४ साल असोज १७ गतेको निर्णयले न्यायपरिषद्को परामर्शमा सतहत्तर जिल्लाका लागि सतहत्तर जना जिल्ला न्यायाधीशलाई मुख्य निर्वाचन अधिकृतमा र न्याय सेवा आयोगको परामर्शमा नेपाल न्याय सेवाका राजपत्राङ्कित द्वितीय श्रेणीका अठासी जना अधिकृतलाई निर्वाचन अधिकृतमा नियुक्त गरेको थियो । मुख्य निर्वाचन अधिकृतलाई तोकिएको निर्वाचन अधिकृतको जिम्मेवारीको अतिरिक्त खटिएको जिल्लाको निर्वाचन सम्बन्धी कार्यक्रमको रेखदेख र समन्वयको जिम्मेवारी समेत आयोगले दिएको थियो । मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतहरूलाई उनीहरू नियुक्त प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र र सो अन्तर्गत पर्ने दुई वटा प्रदेश सभा सदस्य निर्वाचन क्षेत्रको निर्वाचन सम्बन्धी कार्य सञ्चालन गर्ने जिम्मेवारी पनि एकसाथ तोकिएको थियो । आयोगले नियुक्त गरेका मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको विवरण परिशिष्ट-२५मा प्रस्तुत गरिएको छ ।

### ३.१.१४.२ समानुपातिक निर्वाचन प्रणालीतर्फ

प्रतिनिधि सभा सदस्य पदको लागि हुने समानुपातिक निर्वाचन प्रणाली तर्फको निर्वाचन सञ्चालन र व्यवस्थापनका लागि आयोगले वि.सं. २०७४ साल भदौ २५ गते निर्वाचन आयोगका सचिव श्री बेगेन्द्रराज शर्मा पौड्याललाई समानुपातिक निर्वाचन प्रणाली तर्फको निर्वाचन अधिकृत पदमा नियुक्त गरेको थियो । यसरी नियुक्त समानुपातिक निर्वाचन प्रणाली तर्फको निर्वाचन अधिकृतको कार्यालय निर्वाचन आयोग भवन, कान्तिपथमा नै स्थापना र सञ्चालन गरिएको थियो ।

### ३.१.१५ निर्वाचन अधिकृतको कार्यालय स्थापना

आयोगले प्रतिनिधि सभा सदस्य निर्वाचन सञ्चालनका लागि नियुक्त गरेका मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालय आयोगको निर्देशन अनुसार सम्बन्धित जिल्लाको जिल्ला सदरमुकाममा स्थापना गरिएको थियो । वि.सं. २०७४ साल मङ्सिर १० गते पहिलो चरणमा निर्वाचन हुने जिल्लाका निर्वाचन अधिकृतको कार्यालय वि.सं. २०७४ साल असोज २९ गते स्थापना गरी सञ्चालनमा ल्याइएको थियो भने वि.सं.२०७४ साल मङ्सिर २१ गते निर्वाचन हुने जिल्लाका निर्वाचन अधिकृतको कार्यालय वि.सं. २०७४ साल कार्तिक ९ गते स्थापना गरी सञ्चालनमा ल्याइएको थियो । यसरी स्थापित निर्वाचन अधिकृतका यी कार्यालय समानुपातिक निर्वाचन प्रणाली तर्फको मतगणना समाप्त भएपछिको पन्ध्र दिनसम्म सञ्चालनमा रहने व्यवस्था गरिएको थियो ।

### ३.१.१६ निर्वाचन कार्यक्रम सञ्चालन

प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ र समानुपातिक निर्वाचन प्रणालीतर्फ देहाय बमोजिम निर्वाचन कार्यक्रम सञ्चालन गरिएको थियो ।

### ३.१.१६.१ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ देहाय बमोजिम दुई चरणमा निर्वाचन कार्यक्रम सम्मन्न भएको थियो :

**(क) पहिलो चरण निर्वाचन**

वि.सं. २०७४ साल मङ्सिर १० गते पहिलो चरणमा मुलुकका बत्तिस जिल्लामा हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि वि.सं. २०७४ साल कात्तिक ५ गते उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने र कात्तिक ८ गते उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्ने गरी निर्वाचन अधिकृतहरूले निर्वाचन कार्यक्रम सञ्चालन गरेका थिए । पहिलो चरणको निर्वाचन कार्यक्रम परिशिष्ट-२६ मा प्रस्तुत गरिएको छ ।

**(ख) दोस्रो चरण निर्वाचन**

प्रतिनिधि सभा सदस्य निर्वाचनको लागि वि.सं. २०७४ साल मङ्सिर २१ गते मुलुकका पैंतालिस जिल्लामा हुने दोस्रो चरणको निर्वाचनका लागि वि.सं. २०७४ साल कात्तिक १६

गते उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने, कात्तिक १९ गते उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्ने गरी निर्वाचन अधिकृतहरूले निर्वाचन कार्यक्रम सञ्चालन गरेका थिए। दोस्रो चरणको निर्वाचन कार्यक्रम परिशिष्ट-२७ मा प्रस्तुत गरिएको छ।

### ३.१.१६.२ समानुपातिक निर्वाचन प्रणालीतर्फ

समानुपातिक निर्वाचन प्रणालीतर्फ आयोगले सुरुमा निर्वाचन कार्यक्रम स्वीकृत गरी प्रकाशन गर्दा वि.सं. २०७४ साल असोज ९ गते राजनीतिक दलले उम्मेदवारको बन्दसूची आयोगमा पेश गर्ने गरी कार्यक्रम निर्धारण गरेको थियो। आयोगले निर्वाचन कार्यक्रम प्रकाशन गरिसकेपछि असोज ९ गते बन्दसूची पेश गर्ने कार्यक्रम राजनीतिक दलहरूको विशेष आग्रहमा वि.सं. २०७४ साल असोज २९ गते उम्मेदवारको बन्दसूची पेश गर्ने गरी संशोधन गरियो। संशोधित निर्वाचन कार्यक्रम अनुसार वि.सं. २०७४ साल असोज २९ गते निर्वाचनमा भाग लिन चाहने राजनीतिक दलहरूबाट पेश हुन आएको उम्मेदवारको बन्दसूचीले वि.सं. २०७४ साल मङ्सिर ३ गते अन्तिम रूप पाएको थियो। आयोगले स्वीकृत गरेको समानुपातिक निर्वाचन प्रणालीतर्फको विस्तृत निर्वाचन कार्यक्रम परिशिष्ट-२८ मा प्रस्तुत गरिएको छ।

### ३.१.१६.३ उम्मेदवारको बन्दसूची तयार गर्ने सम्बन्धी कानुनी व्यवस्था

समानुपातिक निर्वाचन प्रणाली अनुसार हुने निर्वाचनमा भाग लिन चाहने दलले आफ्नो दलको तर्फबाट प्रतिनिधित्व गर्ने उम्मेदवारको बन्दसूची तयार गर्नुपर्छ। यसरी बन्दसूची तयार गर्दा यस निर्वाचनबाट निर्वाचित हुने कुल सदस्य सङ्ख्याको कम्तीमा पनि दश प्रतिशत सदस्यका लागि उम्मेदवारी दिने गरी बन्दसूची तयार गर्नुपर्छ। उम्मेदवारको बन्दसूचीमा कुल उम्मेदवारको कम्तीमा पचास प्रतिशत महिलाको नाम समावेश गर्नुपर्ने र निर्वाचित हुने कुल सदस्य सङ्ख्याभन्दा बढी हुने गरी उम्मेदवारी दिन नपाइने कुरा प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २८ ले व्यवस्था गरेको छ।

यस्तै, राजनीतिक दलले उम्मेदवारको बन्दसूची तयार गर्दा भूगोल र प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिई जनसङ्ख्याको आधारमा देहायमा उल्लेख भए बमोजिम दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारु र मुस्लिम समेतको प्रतिनिधित्व हुने गरी समावेशी सिद्धान्त बमोजिम तयार गर्नुपर्ने व्यवस्था गरिएको थियो :

**उम्मेदवारको बन्दसूचीका लागि समावेशी आधार**

| क्रम सङ्ख्या | प्रतिनिधित्व हुने समूह | प्रतिशत |
|---|---|---|
| १ | दलित | १३.८ |
| २ | आदिवासी जनजाति | २८.७ |
| ३ | खस आर्य | ३१.२ |
| ४ | मधेसी | १५.३ |

| | | |
|---|---|---|
| ५ | थारु | ६.६ |
| ६ | मुस्लिम | ४.४ |
| | **जम्मा प्रतिशत** | **१००** |

दलले उम्मेदवारको बन्दसूची तयार गर्दा पिछडिएको क्षेत्र तथा अपाङ्गता भएका व्यक्तिको समेत प्रतिनिधित्व हुने गरी गर्नु पर्ने व्यवस्था थियो । यसका साथै प्रत्येक समावेशी आधारमा समावेश गरिएका उम्मेदवार छुट्टिने गरी तोकिएको ढाँचामा बन्दसूची पेश हुनुपर्ने र आयोगले तोकेको समयमा बन्दसूची पेश भएपछि मात्र उम्मेदवारको मनोनयन भएको मानिने व्यवस्था थियो । यसरी बन्दसूची पेश गर्दा बन्दसूचीमा नाम समावेश भएको व्यक्तिले सो दलको दर्फबाट उम्मेदवार हुन मञ्जुर गरेको मञ्जुरीनामा समेत आयोगमा पेश गर्नुपर्ने व्यवस्था रहेको थियो ।

### ३.१.१७ निर्वाचन प्रचार-प्रसार

प्रतिनिधि सभा सदस्य पदमा उम्मेदवारी दिने पहिलो र दोस्रो दुबै चरणका उम्मेदवारहरूलाई निर्वाचन चिह्न प्रदान गरिसकेपछि मतदान हुने समयभन्दा अठ्चालिस घण्टा अघिसम्म निर्वाचन प्रचार-प्रसारका लागि आयोगले करिब एक महिना समय उपलब्ध हुने गरी निर्वाचन कार्यक्रम निर्धारण गरेको थियो ।

### ३.१.१८ मत सङ्केत चिह्न

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को को दफा ३९ मा मतदाताले मतपत्रमा तोकिए बमोजिमको छाप वा चिह्न गोप्य तवरले लगाई मतदान गर्नु पर्नेछ भन्ने व्यवस्था भएकोले ऐनको सो व्यवस्थालाई सम्बोधन गर्न मतदाताले मतदान गर्दा आयोगबाट प्रत्येक मतदान केन्द्रमा उपलब्ध गराईएको देहाय बमोजिमको स्वस्तिक छाप लगाई मतदान गर्नु पर्ने व्यवस्था मिलाएको थियो ।



### ३.१.१९ मतदान केन्द्र

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐनको दफा ३४(१) बमोजिम प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि आयोगले आवश्यक सङ्ख्यामा मतदान केन्द्र तथा उपकेन्द्र तोक्न सक्ने व्यवस्था रहेको छ । आयोगले यस प्रयोजनका लागि प्रतिनिधि सभा सदस्य निर्वाचनको पहिलो र दोस्रो चरणको लागि मुलुकभर १०,६७१ स्थलमा १९,८०९ मतदान केन्द्र तोकेको थियो । मतदान केन्द्रको यो सङ्ख्यालाई चरणगत रूपमा छुटयाएर हेर्दा पहिलो चरणमा निर्वाचन हुने बत्तिस जिल्लामा २,९१९ स्थलमा ४,४६५ मतदान केन्द्र तोकिएका थिए भने दोस्रो चरणमा निर्वाचन हुने पैँतालिस जिल्लामा ७,७५२ स्थलमा १५,३४४ मतदान केन्द्र तोकिएका थिए ।

मतदान केन्द्र निर्धारण गर्दा एउटा मतदान केन्द्रमा सरदर १,०६४ मतदाता रहने गरी मतदान केन्द्र व्यवस्थापन गरिएको भए तापनि भौगोलिक विकटता, जनसङ्ख्याको घनत्व आदिका कारण मतदान केन्द्रमा मतदाताको सङ्ख्या त्योभन्दा निकै कम समेत हुने गरी फरकफरक रहेको थियो ।

मतदान केन्द्रमा अपाङ्गता भएका मतदाताको सहज पहुँचका लागि ६७ जिल्लाका १३८ मतदान स्थलहरूसम्म ह्वीलचेयर प्रयोग गर्न मिल्ने गरी व्यवस्थापन गरिएको थियो । मुलुकभर रहेका १०,६७१ मतदान स्थल र १९,८०९ मतदान केन्द्रको प्रदेशगत सङ्ख्याको विवरण परिशिष्ट-२९ मा प्रस्तुत गरिएको छ ।

### ३.१.२० उम्मेदवारको योग्यता तथा अयोग्यता

#### (अ) योग्यता

प्रतिनिधि सभा सदस्य निर्वाचनमा कुनै पनि व्यक्ति उम्मेदवार हुन देहायको योग्यता पूरा गरेको हुनुपर्ने व्यवस्था प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ ले गरेको छ :

(क) नेपाली नागरिक,

(ख) मतदाता नामावलीमा नाम समावेश भएको,

(ग) पच्चिस वर्ष उमेर पूरा भएको,

(घ) कुनै सङ्घीय कानुनले अयोग्य नभएको, र

(ङ) कुनै लाभको पदमा बहाल नरहेको ।

**पुनश्च : "लाभको पद"** भन्नाले निर्वाचन वा मनोनयनद्वारा पूर्ति गरिने राजनीतिक पद बाहेक कुनै सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने अन्य पद सम्झनु पर्ने कुरा ऐनले प्रष्ट गरेको छ ।

#### (आ) अयोग्यता

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ ले उम्मेदवारको अयोग्यताका सम्बन्धमा देहायको बमोजिमको व्यवस्था गरेको छ :

(क) उम्मेदवारको योग्यता महलमा उल्लेख भए बमोजिमको योग्यता नभएको,

(ख) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहमा तथा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल रहेको,

(ग) निर्वाचन सम्बन्धी प्रचलित कानुन बमोजिम सजाय पाई त्यस्तो सजाय भोगिसकेको मितिले दुई वर्ष भुक्तान नगरेको,

(घ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागु औषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौज्दारी कसुरमा सजाय पाई वा कुनै कसुरमा जन्मकैद वा बिस वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो फैसला अन्तिम भएको,

(ङ) सङ्गठित अपराध सम्बन्धी कसुरमा कैदको सजाय पाई वा कर्तव्य ज्यान सम्बन्धी कसुरमा बिस वर्षभन्दा कम कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले छ वर्ष पूरा नभएको,

(च) जातीय भेदभाव वा छुवाछुत, बोक्सी वा बहुविवाह सम्बन्धी कसुरमा कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले तीन वर्ष पूरा नभएको,

(छ) माथिको बुँदा नंबर (ङ) र (च) मा उल्लेख गरिएका कसुर बाहेक अन्य कसुरमा पाँच वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले छ वर्ष पूरा नभएको,

(ज) प्रचलित कानुन बमोजिम कालो सूचीमा रहेकोमा सो अवधिभर,

(झ) कैदमा बसेकोमा कैद बसेको अवधिभर, र

(ञ) मानसिक सन्तुलन ठिक नभएको ।

### ३.१.२१ उम्मेदवारको उमेरको गणना

प्रतिनिधि सभा सदस्य निर्वाचनमा उम्मेदवार हुनको लागि उम्मेदवारको उमेर पच्चिस वर्ष पूरा भएको हुनुपर्ने कुरा उम्मेदवारको योग्यतामा नै उल्लेख भइसकेको छ । तर, उमेरको गणना गर्दा के गर्ने र कुन कुरालाई आधार मान्ने भन्ने सम्बन्धमा प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १७ ले प्रस्ट गरेको छ । ऐनको सो व्यवस्थामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमा उम्मेदवार हुने व्यक्ति मनोनयनपत्र दर्ता गर्ने मितिसम्ममा र समानुपातिक निर्वाचन प्रणालीको हकमा उम्मेदवारको बन्दसूची पेश गर्ने मितिसम्ममा पच्चिस वर्ष उमेर पूरा गरेको हुनुपर्ने कुरा व्यवस्था गरिएको छ। यस सम्बन्धमा निर्वाचनका समयमा आयोगले आवश्यक निर्णय गर्ने गरेको छ।

### ३.१.२२ दोहोरो उम्मेदवार हुन नपाउने

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १४ मा दोहोरो उम्मेदवार हुन नपाउने विषयमा देहाय बमोजिम उल्लेख गरिएको छ :

(क) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुसार हुने निर्वाचनमा एक व्यक्तिले एक पटकमा कुनै एक निर्वाचन क्षेत्रका लागि मात्र उम्मेदवारी दिन सक्ने । कानुनको यस

व्यवस्था विपरीत यदि कुनै व्यक्तिले एकभन्दा बढी निर्वाचन क्षेत्रमा उम्मेदवार भएमा त्यस्ता व्यक्तिको सबै निर्वाचन क्षेत्रको उम्मेदवारी आयोगले बदर गर्ने,

(ख) समानुपातिक निर्वाचन प्रणाली तर्फको बन्दसूचीमा नाम समावेश भएको व्यक्ति पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ उम्मेदवार हुन र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ उम्मेदवार भएको व्यक्तिको नाम समानुपातिक निर्वाचन प्रणाली तर्फको बन्दसूचीमा समावेश गर्न नपाइने,

(ग) समानुपातिक निर्वाचन प्रणाली तर्फ एउटै व्यक्तिको नाम एकभन्दा बढी दलको बन्दसूचीमा समावेश भएमा अयोगले त्यस्तो व्यक्तिको नाम त्यस्ता सबै दलको बन्दसूचीबाट हटाउने, र

(घ) प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन एकै मितिमा हुने गरी निर्वाचनको मिति तोकिएको अवस्थामा कुनै व्यक्ति प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनमा उम्मेदवार भएमा त्यस्तो व्यक्तिको दुवै निर्वाचन तर्फको उम्मेदवारी आयोगले बदर गर्ने ।

### ३.१.२३ उम्मेदवार हुनका लागि धरौटी

प्रतिनिधि सभा सदस्य पदका लागि मनोनयनपत्र पेश गर्न चाहने उम्मेदवारले देहाय बमोजिम धरौटी राख्नुपर्ने व्यवस्था प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ ले गरेको छ :

(क) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फको निर्वाचनमा मनोनयनपत्र पेश गर्न चाहने उम्मेदवारले पाँच हजार रुपैयाँ सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा धरौटी राख्नुपर्ने, र

(ख) समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनमा उम्मेदवारको बन्दसूची पेश गर्ने दलले पच्चिस हजार रुपैयाँ आयोग समक्ष धरौटी राख्नुपर्ने ।

### ३.१.२३.१ धरौटी रकममा छुट

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ महिला र दलित वा अल्पसङ्ख्यक समुदाय वा आर्थिक रूपले विपन्न उम्मेदवारको हकमा तोकिएको धरौटी रकममा पचास प्रतिशत छुट हुने व्यवस्था ऐनले गरेको छ । यस प्रावधानमा उल्लिखित **"आर्थिक रूपले विपन्न व्यक्ति"** भन्नाले वार्षिक पारिवारिक आय पचास हजार रुपैयाँभन्दा कम भएको भनी सम्बन्धित स्थानीय तहले सिफारिस गरेको व्यक्ति सम्झनु पर्छ भनी ऐनले थप प्रस्ट गरेको छ ।

### ३.१.२३.२ उम्मेदवारको धरौटी जफत

देहायको अवस्थामा उम्मेदवारले राखेको धरौटी जफत हुने कानुनी व्यवस्था छ :

(क) निर्वाचित उम्मेदवारको हकमा बाहेक अन्य उम्मेदवारको हकमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ जम्मा सदर मतको दश प्रतिशतभन्दा कम सदर मत पाउने उम्मेदवारको धरौटी जफत हुने,

(ख) समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचनमा कुनै दलले कम्तीमा एक सिट प्राप्त नगरेमा त्यस्तो दलले राखेको धरौटी जफत हुने ।

### ३.१.२४ उम्मेदवारको निर्वाचन खर्चको सीमा

निर्वाचन आयोगले वि.सं.२०७४ साल मङसिर १० र मङ्सिर २१ गते भएको प्रतिनिधि सभा सदस्य निर्वाचनको लागि उम्मेदवार तथा राजनीतिक दलले गर्न सक्ने अधिकतम खर्चको सीमा देहाय बमोजिम हुने गरी तोकेको थियो :

(क) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ उम्मेदवारले खर्च गर्न पाउने उम्मेदवारको निर्वाचन खर्चको शीर्षकगत अधिकतम सीमा

| **क्रम** | **खर्चको शीर्षक** | **खर्च गर्न पाउने सीमा रकम रु.** |
|---|---|---|
| १ | मतदाता नामावली खरिद | ३,०००/- |
| २ | सवारी साधन | ५,००,०००/- |
| ३ | सवारी इन्धन (घोडा प्रयोग गरिएकोमा दाना समेत) | १,००,०००/- |
| ४ | प्रचार-प्रसार सामग्री | १,००,०००/- |
| ५ | ढुवानी | ७५,०००/- |
| ६ | गोष्ठी/अन्तरक्रिया | ८,००,०००/- |
| ७ | अन्य प्रचार-प्रसार, छापा एवं विद्युतीय माध्यम | १,००,०००/- |
| ८ | कार्यालय सञ्चालन | ५,००,०००/- |
| ९ | प्रतिनिधि परिचालन | २,००,०००/- |
| १० | विविध | १,२२,०००/- |
| | **खर्च गर्न पाउने जम्मा रकम** | **२५,००,०००/-** |

(ख) समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत राजनीतिक दलले खर्च गर्न पाउने अधिकतम सीमा

समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा सदस्य निर्वाचनमा राजनीतिक दलले पेश गरेको बन्दसूचीमा रहेको उम्मेदवारको सङ्ख्या अनुसार प्रति उम्मेदवार रु. दुई लाख रुपैयाँसम्म खर्च गर्न सकिने ।

### ३.१.२५ मनोनयनपत्र दर्ता गराएका दलगत तथा स्वतन्त्र उम्मेदवार सङ्ख्या

प्रतिनिधि सभा सदस्य निर्वाचन अन्तर्गत पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ पचपन्न वटा राजनीतिक दलका तर्फबाट एक हजार चार सय बाउन्न र स्वतन्त्र चार सय बयान्नब्बे गरी कुल १,९४४ (एक हजार नौ सय चवालिस) उम्मेदवार निर्वाचनद्वारा पूर्ति हुने १६५ पदका लागि चुनावी प्रतिस्पर्धामा उत्रिएका थिए । यसमध्ये पुरुष उम्मेदवारको सङ्ख्या १७९८ थियो भने महिला उम्मेदवारको सङ्ख्या जम्मा १४६ रहेको थियो । यसको पूर्ण विवरण परिशिष्ट-३० मा प्रस्तुत गरिएको छ ।

### ३.१.२६ निर्वाचन चिह्न

निर्वाचन चिह्नका सम्बन्धमा भएको कानुनी प्रावधान र निर्वाचन चिह्नको  विवरण देहाय अनुसार रहेको छ :

### ३.१.२६.१ कानुनी प्रावधान

निर्वाचन चिह्नका सम्बन्धमा प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३१ मा भएको व्यवस्था अध्ययन गर्दा देहाय बमोजिमको कानुनी प्रावधान देखिन्छ :

(क) प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि दल र उम्मेदवारलाई वितरण गर्ने निर्वाचन चिह्न आयोगले निर्धारण गर्नुपर्ने कुरा उपधारा (१) मा उल्लेख गरिएको,

(ख) यसरी निर्धारण गरिएको निर्वाचन चिह्न दल र उम्मेदवारलाई तोकिए बमोजिम प्रदान गर्नुपर्ने र यसरी प्रदान गरिएको निर्वाचन चिह्न त्यस्तो दलका उम्मेदवार वा दल बाहेक अरू कसैले पनि प्रयोग गर्न नपाउने कुरा उपधारा (२) र (३) मा उल्लेख गरिएको,

(ग) आयोगले कुनै उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिसकेपछि त्यस्तो उम्मेदवारले आफ्नो दल त्याग गरेमा वा अर्को दलमा प्रवेश गरेमा निजलाई प्रदान गरिसकिएको निर्वाचन चिह्न परिवर्तन नहुने व्यवस्था ऐनले गरेको छ । यसरी चुनावी प्रतिष्पर्धामा रहेको उम्मेदवार यदि निर्वाचनमा विजयी भएमा सम्बन्धित दलले प्रमाण सहित आयोगमा उजुरी दिएमा त्यस्तो विजयी उम्मेदवारको सदस्यता खारेज हुने कुरा पनि ऐनमा उल्लेख भएको,

(घ) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ उम्मेदवारलाई निर्वाचन चिह्न वितरण गर्दा आयोगमा दर्ता कायम रहेको दलको उम्मेदवारलाई आयोगबाट त्यस्तो दलको लागि निर्धारण भएको निर्वाचन चिह्न प्रदान गर्नुपर्ने । यसरी चिह्न वितरण गर्दा कुनै गल्ती भएको वा फरक पर्न गएको भन्ने आयोगलाई लागेमा आयोगले त्यस्तो चिह्न परिवर्तन गर्न सक्ने,

(ङ) राजनीतिक दल बाहेकका अन्य स्वतन्त्र उम्मेदवारलाई आयोगले निर्धारण गरेको निर्वाचन चिह्नको समूहबाट तोकिए बमोजिमको तरिका अनुसार निर्वाचन अधिकृतले निर्वाचन चिह्न प्रदान गर्ने ।

### ३.१.२६.२ निर्वाचन चिह्नको विवरण

प्रतिनिधि सभा सदस्य निर्वाचन, २०७४ अन्तर्गत पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमा सहभागी पचपन्न राजनीतिक दलहरूलाई प्रतिनिधि सभा सदस्य निर्वाचन ऐनले तोके बमोजिम निर्वाचन चिह्न प्रदान गरी मतपत्रमा राखिएको थियो । यस बाहेकका स्वतन्त्र रूपमा उम्मेदवारी दिने उम्मेदवारलाई स्वतन्त्र निर्वाचन चिह्नको समूहबाट निर्वाचन चिह्न प्रदान गरिएको थियो । यसको विस्तृत विवरण यसै परिच्छेदको "मतपत्रमा निर्वाचन चिह्न राख्ने व्यवस्था" शीर्षकमा उल्लेख गरिएको छ ।

### ३.१.२७ मतदान सम्बन्धी व्यवस्था

प्रतिनिधि सभा सदस्य निर्वाचनमा संविधानले उल्लेख गरे बमोजिम पहिलो हुने निर्वाचित हुने र समानुपातिक निर्वाचन प्रणाली अपनाइएको थियो । यी दुई पृथक् प्रणालीमा मतदाताले मतदान गर्दा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनको हकमा मतपत्रमा आफूले रोजेको कुनै एक जना उम्मेदवारको निर्वाचन चिह्न भएको कोठामा र समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनको हकमा आफूले रोजेको कुनै एक दलको निर्वाचन चिह्न भएको कोठामा तोकिए बमोजिमको छाप वा चिह्न लगाई मतदान गर्नुपर्ने व्यवस्था गरिएको थियो ।

### ३.१.२८ निर्वाचन आचारसंहिता

निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, पारदर्शी र विश्वसनीय ढङ्गबाट सम्पन्न गर्नका लागि बाधा पुर्‍याउन सक्ने पक्षहरूको आकलन गरी निर्वाचन आयोग ऐन, २०६३ को दफा २८ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आचारसंहिता, २०७२ जारी भएको थियो । निर्वाचनका समयमा देखापरेका विषयलाई समावेश गरी परिमार्जन गर्ने गरेको छ । निर्वाचन आचारसंहिता, २०७२ आवश्यकता अनुसार संशोधन सहित कार्यान्वयनमा रहेको छ ।

प्रतिनिधि सभा सदस्य निर्वाचन, २०७४ का सन्दर्भमा प्रतिनिधि सभा सदस्यको निर्वाचनलाई स्वच्छ र निष्पक्ष ढङ्गबाट सम्पन्न गर्नका लागि सरोकारवालाले पालना गर्नुपर्ने आचरणलाई व्यवस्थित गर्न सरोकारवालासँग परामर्श समेत गरी आयोगले निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी वि.सं. २०७४ साल भदौ १४ गते प्रतिनिधि सभा सदस्य निर्वाचन आचारसंहिता, २०७४ जारी गर्‍यो । यस आचारसंहितामा उल्लेख भएका विषयमा यसै आचारसंहिता बमोजिम र उक्त आचारसंहितामा नभएका विषयमा निर्वाचन आचारसंहिता, २०७२ बमोजिम हुने गरी आयोगले निर्णय गरेको थियो ।

### ३.१.२८.१ निर्वाचन व्यवस्थापनका सन्दर्भमा नेपाल सरकारलाई निर्देशन

निर्वाचनलाई योजनाबद्ध रूपमा थप व्यवस्थित, सुझबुझपूर्ण, मर्यादित, स्वच्छ, स्वतन्त्र र पारदर्शी बनाउने क्रममा सरकारले गरिदिनुपर्ने व्यवस्था, उपलब्ध गराइदिनु पर्ने सहयोग, पालन गरिदिनुपर्ने आचरण, उपलब्ध गराइदिनुपर्ने जनशक्ति, निर्वाचन सुरक्षा तथा अन्य साधन आदिका बारेमा प्रतिनिधि सभा सदस्य निर्वाचनका सिलसिलामा आयोगले वि.सं. २०७४ साल असोज २५ गते आयोग बैठकबाट निर्णय गरी नेपाल सरकारलाई विभिन्न सत्ताइस बुँदे निर्देशन पठाएको थियो । आयोगले नेपाल सरकारलाई पठाएको सो निर्देशनको विस्तृत बुँदा परिशिष्ट-३१ मा प्रस्तुत गरिएको छ ।

### ३.१.२८.२ निर्वाचन आचारसंहिता कार्यान्वयनका लागि थप निर्देशन

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनलाई मर्यादित तथा स्वच्छ र स्वतन्त्र रूपमा सम्पन्न गर्न र निर्वाचन आचारसंहितालाई पूर्ण रूपले कार्यान्वयन गर्न आयोगको वि.सं. २०७४ साल कार्तिक ५ गतेको निर्णय बमोजिम आयोगले नेपाल सरकारका विभिन्न निकायहरूलाई थप १९ बुँदे निर्देशन जारी गरेको थियो । आयोगले जारी गरेको सो १९ बुँदे निर्देशन परिशिष्ट-३२ मा प्रस्तुत गरिएको छ ।

### ३.१.२८.३ आचारसंहिता परिपालन गर्ने प्रतिबद्धता र लागु रहेको अवधि

निर्वाचन आयोगले जारी गरेको निर्वाचन आचारसंहितालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने सिलसिलामा आयोगले निर्वाचनपूर्व पटकपटक सरोकारवालाहरूसँग अन्तरक्रियात्मक छलफल आयोजना गरेको थियो । आयोगले आयोजना गरेको अन्तरक्रियात्मक कार्यक्रममा तत्कालीन प्रधानमन्त्री तथा नेपाली काँग्रेसका सभापति शेर बहादुर देउवा, नेकपा (एमाले) का अध्यक्ष के. पी. शर्मा ओली, नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) लगायतका विभिन्न राजनीतिक दलका शीर्षस्थ नेताहरू समेत आयोगमा उपस्थिति भएको उक्त कार्यक्रममा आयोगले तयार गरेको निर्वाचन आचारसंहिता पालना गरिनेछ भन्ने प्रतिबद्धता पत्रमा हस्ताक्षर गर्ने कार्य भएको थियो ।

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७४ को अवधिमा वि.सं. २०७४ साल भदौ १४ गतेदेखि वि.सं. २०७४ साल मङ्सिर २७ गतेसम्म सरोकारवालाहरूका लागि निर्वाचन आचारसंहिता लागु गरिएको थियो ।

### ३.१.२९ निर्वाचन मिति र मतदानको समय

प्रतिनिधि सभा सदस्य निर्वाचन नेपाल सरकारले तोके बमोजिम मुलुकभर दुई चरणमा वि.सं. २०७४ साल मङ्सिर १० गते र वि.सं. २०७४ साल मङ्सिर २१ गते शान्तिपूर्ण रूपमा सम्पन्न भयो । सो दिन बिहान ७.०० बजेदेखि बेलुका ५.०० बजेसम्म तोकिएका मतदान केन्द्रमा मतदान कार्य सञ्चालन भएको थियो ।

मतदानको दिन मतदाताले मतदान गर्ने समयको पछिल्लो सीमा बेलुका ५.०० बजेसम्म तोकिएको भए तापनि सो समयभित्र मतदान केन्द्रमा उपस्थित भई मतदानको लागि लाइनमा पङ्क्तिबद्ध भएका मतदाता सबैलाई मतदानको सुविधा प्रदान गरी उनीहरूको मताधिकारको सुरक्षा गरिएको थियो ।

### ३.१.३० मतदाता शिक्षा

प्रतिनिधि सभा सदस्य निर्वाचन, २०७४ का सन्दर्भमा मतदान गर्ने कार्यदेखि अन्य विविध पक्षमा आममतदातालाई सुसूचित गर्ने काममा आयोगले आफ्नो सक्रियता देखाएको थियो । मतदाता शिक्षाको यस अभियानमा आयोगले विद्युतीय तथा छापा दुवै माध्यमको उपयोग गरेको थियो । मतदाताले जानकारी राख्नु पर्ने निर्वाचनसँग सम्बन्धित विविध विषयमा आयोगले विभिन्न किसिमका सामग्री छपाइ गरी वितरण गरेको थियो । आयोगले देशभित्र रहेका विभिन्न भाषाभाषी मतदाताको ख्याल गरी विभिन्न १७ भाषामा मतदाता शिक्षा सामग्री प्रकाशन र प्रसारण गरेको थियो । रेडियो नेपाल, नेपाल टेलिभिजन, सूचना विभाग, राष्ट्रिय समाचार समिति, गोरखापत्र लगायतका सरकारी सञ्चार माध्यमबाट मतदाता शिक्षा सम्बन्धी विभिन्न जानकारीमूलक सूचना तथा सन्देश प्रकाशन र प्रसारणको व्यवस्था आयोगले मिलाएको थियो ।

निर्वाचन प्रचारप्रसारको यस क्रममा सम्बन्धित जिल्ला निर्वाचन कार्यालय मार्फत तत्तत् जिल्लामा सञ्चालनमा रहेका सबै एफएम रेडियोबाट निर्वाचन सम्बन्धी सन्देश तथा सूचना प्रवाह गर्ने व्यवस्था पनि मिलाइएको थियो । आयोगले मतदाता शिक्षा प्रदान गर्ने कार्यमा प्रत्येक मतदान केन्द्रमा एक जनाको दरले १९८०९ जना निर्वाचन शिक्षा कार्यकर्ता (निशिका), मतदाता शिक्षा स्वयंसेवक, प्रत्येक स्थानीय तहमा एक जनाको दरले मतदाता शिक्षा समन्वयकर्ता र स्थानीय तहका प्रत्येक वडामा एक जनाका दरले मतदाता शिक्षा अनुगमनकर्ता खटाउने व्यवस्था मिलाई मतदाता शिक्षा कार्यमा करिब तीस दिनसम्म कुल २७,३०५ जनशक्ति परिचालन गरेको थियो ।

### ३.१.३१ मतपत्र सम्बन्धी व्यवस्था

आयोगले प्रतिनिधि सभा सदस्य निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तथा समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचनका लागि निर्वाचन चिह्न भएको मतपत्रको व्यवस्था गर्नुपर्ने कुरा प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३५ ले उल्लेख गरेको छ ।

यसरी व्यवस्था गरिने मतपत्रमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ प्रत्येक उम्मेदवार र समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्वाचन प्रयोजनका लागि आयोगमा दर्ता भएका दलका लागि आयोगले प्रदान गरेको निर्वाचन चिह्नसहितको मतदान गर्ने कोठा हुनुपर्ने शर्त ऐनमा व्यवस्था भएको छ ।

आयोगले प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि उल्लिखित ऐन, यस अन्तर्गत बनेका नियमावली तथा निर्देशिका समेतमा भएको व्यवस्था बमोजिम मतदानमा प्रयोग हुने मतपत्र तयार गरी यथासमयमा तोकिएका मतदान केन्द्रमा पुऱ्याएको थियो ।

### ३.१.३२ मतपत्रमा निर्वाचन चिह्न समावेश गर्ने व्यवस्था

निर्वाचनका लागि दल र उम्मेदवारलाई वितरण गरिने निर्वाचन चिह्न आयोगले निर्धारण गर्ने र त्यसरी निर्धारण गरिएको निर्वाचन चिह्न दल र उम्मेदवारलाई तोकिए बमोजिम प्रदान गरिनुपर्ने व्यवस्था प्रतिनिधि सभा सदस्य निर्वाचन ऐनले उल्लेख गरेको विषय यसै परिच्छेदको माथि "कानुनी प्रावधान" शीर्षकमा विस्तृत उल्लेख गरिसकिएकाले यस शीर्षकमा आयोगले दल र उम्मेदवारलाई प्रदान गरेको निर्वाचन चिह्न मतपत्रमा समावेश गर्दा कसरी कुन क्रममा समावेश गर्ने भन्ने विषयमा मात्र चर्चा गरिएको छ ।

आयोगले दल र उम्मेदवारलाई प्रदान गरेको निर्वाचन चिह्न मतपत्रमा समावेश गर्दा देहायको क्रममा समावेश गर्नुपर्ने भनी प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३१ को उपदफा (७) ले सविस्तार उल्लेख गरेको छ :

(क) निर्वाचन हुनुभन्दा तत्काल अघि कायम रहेको प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने दलले त्यस्तो प्रतिनिधि सभाको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणाली तर्फ प्राप्त गरेको मत सङ्ख्याको आधारमा सो दलको उम्मेदवारको निर्वाचन चिह्न,

(ख) खण्ड (क) बमोजिम प्रतिनिधि सभामा प्रतिनिधित्व नगर्ने दलको हकमा निर्वाचन प्रयोजनको लागि आयोगमा दर्ता भएको क्रमको आधारमा सो दलको उम्मेदवारको निर्वाचन चिह्न,

(ग) स्वतन्त्र उम्मेदवारको नामको वर्णानुक्रमको आधारमा त्यस्तो उम्मेदवारको निर्वाचन चिह्न ।

मतपत्रमा निर्वाचन चिह्न समावेश गर्ने विषयमा माथि जुनसुकै कुरा उल्लेख गरिएको भए पनि प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ प्रारम्भ भएपछि हुने पहिलो पटकको निर्वाचनको हकमा मतपत्रमा निर्वाचन चिह्न समावेश गर्दा भने देहायको क्रममा समावेश गर्नुपर्ने कुरा पनि ऐनले प्रस्ट उल्लेख गरेको छ :

(क) व्यवस्थापिका-संसद्मा प्रतिनिधित्व गर्ने दलले संविधान सभा सदस्य निर्वाचन २०७० मा समानुपातिक निर्वाचन प्रणाली तर्फ प्राप्त गरेको मत सङ्ख्याको आधारमा सो दलको उम्मेदवारको निर्वाचन चिह्न,

(ख) व्यवस्थापिका-संसद्मा प्रतिनिधित्व नगर्ने दलको हकमा निर्वाचन प्रयोजनका लागि आयोगमा दर्ता भएको क्रमको आधारमा सो दलको उम्मेदवारको निर्वाचन चिह्न,

(ग) स्वतन्त्र उम्मेदवारको नामको वर्णानुक्रमको आधारमा त्यस्तो उम्मेदवारको निर्वाचन चिह्न ।

समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्वाचन चिह्न वितरण गर्दा आयोगले सम्बन्धित दलको लागि निर्धारण गरेको निर्वाचन चिह्न वितरण गर्ने र माथि उल्लेख गरिएकै क्रममा मतपत्रमा समावेश गर्नुपर्ने व्यवस्था पनि ऐनले उल्लेख गरेको छ ।

### ३.१.३३ मतपत्र छपाइ

निर्वाचनमा प्रयोग हुने मतपत्रको ढाँचा, मापदण्ड लगायतका विषयहरुमा देहाय बमोजिम व्यवस्था गरिएको थियो :

### ३.१.३३.१ समानुपातिक निर्वाचन प्रणाली तर्फको मतपत्र

प्रत्येक निर्वाचनमा प्रयोग हुने मतपत्रको सम्वेदनशीलतालाई मनन गरी आयोगले मतपत्र तयारी सम्बन्धी कार्यलाई विशेष महत्वका साथ सम्पादन गर्ने गर्छ । यस पटक पनि प्रतिनिधि सभा सदस्य निर्वाचन, २०७४ का लागि मतपत्र तयारी कार्यलाई विशेष महत्वका साथ व्यवस्थित गर्नुपर्ने कुरालाई ध्यानमा राखी आयोगले वि.सं. २०७४ साल असोज ६ गते समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र तयारी र यसको स्पेसिफिकेसनका सम्बन्धमा एउटा नीतिगत निर्णय लियो । आयोगले यसै नीतिगत निर्णय समेतलाई आधार मानी मतपत्र तयारी कार्य अघि बढाएको थियो ।

यस निर्वाचनमा प्रतिनिधि सभा र प्रदेश सभा अलगअलगका लागि समानुपातिक निर्वाचन प्रणाली तर्फको निर्वाचन सम्पन्न गर्ने क्रममा आयोगले त्यस्तो निर्वाचनमा भाग लिन चाहने राजनीतिक दललाई आयोगमा दल दर्ता हुन आउनका लागि गोरखापत्र दैनिकमा सूचना प्रकाशन गर्‍यो । सो सूचना बमोजिम समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्वाचनमा भाग लिन चाहने राजनीतिक दलहरूको सङ्ख्या प्रतिनिधि सभातर्फ ८८ र प्रदेश सभातर्फ प्रदेश नम्बर १ मा ८७, प्रदेश नम्बर २ मा ८६, प्रदेश नम्बर ३ मा ८६, प्रदेश नम्बर ४ मा ८२, प्रदेश नम्बर ५ मा ८४, प्रदेश नम्बर ६ मा ८२ र प्रदेश नम्बर ७ मा ८३ कायम भएको थियो ।

मतपत्र छपाइका लागि आयोगलाई निकै छोटो अवधि मात्र बाँकी रहेका कारण समानुपातिक निर्वाचन प्रणालीतर्फ भाग लिने राजनीतिक दलको यही सङ्ख्यालाई आधार मानी आयोगले राजनीतिक दलले उम्मेदवारको बन्दसूची पेश गर्ने निर्वाचन कार्यक्रमको अगावै अर्थात् असोज तेस्रो हप्ताबाट मतपत्र छपाइको कामलाई अघि बढायो । मतपत्र छपाइ सम्बन्धी सबै पूर्व तयारी सम्पन्न गरेर मतपत्र छपाइको कार्य वि.सं. २०७४ साल असोज २४ गतेबाट सुरु गरिएको थियो भने राजनीतिक दलले उम्मेदवारको बन्दसूची आयोगमा पेश गर्ने कार्य वि.सं. २०७४ साल असोज २९ का लागि तोकिएको थियो ।

समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनको लागि आयोगले कागजको एउटै सिटमा माथिल्लो भाग तर्फ प्रतिनिधि सभाको लागि र तल्लो भाग तर्फ

प्रदेश सभाको लागि मतदान गर्ने गरी मतपत्रको ढाँचा तयार गऱ्यो । यसरी मतपत्र तयार गर्दा प्रतिनिधि सभाको लागि सबै प्रदेशमा अठासी वटै राजनीतिक दलको निर्वाचन चिह्न समावेश हुन पुग्यो भने प्रदेश सभाको लागि जुन प्रदेशमा जुनजुन राजनीतिक दलले भाग लिने भनी नाम दर्ता गराएका थिए, तिनै दलको मात्र निर्वाचन चिह्न समावेश गरी मतपत्र छपाइ गरियो । यसरी व्यवस्थापन गर्दा आयोगले सात प्रदेशका लागि सात किसिमका अलगअलग मतपत्र तयार गर्नुपर्ने अवस्था सिर्जना भयो र सोही अनुसार मतपत्र छपाइ गरियो ।

यसरी एकातिर आयोगले समानुपातिक निर्वाचन प्रणाली तर्फको मतपत्र छपाइको काम सुरु गऱ्यो भने अर्को तर्फ वि.सं. २०७४ साल असोज २९ गते उम्मेदवारको बन्दसूची पेश गर्ने र त्यसलाई अन्तिम रूप दिने क्रममा प्रतिनिधि सभाका लागि ४९ राजनीतिक दल र प्रदेश सभाका लागि प्रदेश नम्बर १ मा २७, प्रदेश नम्बर २ मा २९, प्रदेश नम्बर ३ मा ३१, प्रदेश नम्बर ४ मा २०, प्रदेश नम्बर ५ मा २७, प्रदेश नम्बर ६ मा १८ र प्रदेश नम्बर ७ मा २० राजनीतिक दलको मात्र उम्मेदवारको बन्दसूची पेश भएको थियो ।

यस किसिमको परिस्थितिले गर्दा समानुपातिक निर्वाचन प्रणाली तर्फको मतपत्रमा निर्वाचनमा भाग लिने राजनीतिक दलको सङ्ख्याभन्दा झन्डै चार गुणासम्म बढी निर्वाचन चिह्न मतपत्रमा छापिन पुग्यो । यसले एकातिर निर्वाचन शिक्षाको काममा केही असहजता निम्त्यायो भने अर्कातिर मतदातालाई मतपत्र ठूलो भएर मतदानमा अप्ठ्यारो अवस्था सिर्जना गरायो । यसरी नै यसले आयोगको खर्चमा पनि अनावश्यक रूपमा उल्लेख्य वृद्धि हुने स्थिति पैदा गरायो । निर्वाचन प्रयोजनका लागि दल दर्ता गर्ने र भाग लिने दलको विवरण देहाय बमोजिम एकीकृत तालिकामा प्रस्तुत गरिएको छ :

| सभा | निर्वाचनमा भाग लिन दर्ता गराएका दलको सङ्ख्या | उम्मेदवारको बन्दसूची पेश गर्ने दलको सङ्ख्या | निर्वाचनमा दल दर्ता गराएर पनि भाग नलिने दलको सङ्ख्या |
|---|---|---|---|
| प्रतिनिधि सभा | ८८ | ४९ | ३९ |
| प्रदेश सभा, प्रदेश नं. १ | ८७ | २७ | ६० |
| प्रदेश सभा, प्रदेश नं. २ | ८६ | २९ | ५७ |
| प्रदेश सभा, प्रदेश नं. ३ | ८६ | ३१ | ५५ |
| प्रदेश सभा, प्रदेश नं. ४ | ८२ | २० | ६२ |
| प्रदेश सभा, प्रदेश नं. ५ | ८४ | २७ | ५७ |
| प्रदेश सभा, प्रदेश नं. ६ | ८२ | १८ | ६४ |
| प्रदेश सभा, प्रदेश नं. ७ | ८३ | २० | ६३ |

### ३.१.३३.२ समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइको मापदण्ड

समानुपातिक निर्वाचन प्रणालीतर्फ मतपत्र छपाइका लागि आयोगले देहाय बमोजिमको मापदण्ड निर्धारण गरेको थियो :

१. नेपालको संविधान बमोजिम गठन हुने प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको निर्वाचन नेपाल सरकारले वि.सं. २०७४ साल मङ्सिर १० र २१ गते दुई चरणमा (प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको निर्वाचन एकै पटक) गर्ने निर्णय गरी निर्वाचन मिति तोकिएको जानकारी निर्वाचन आयोगमा प्राप्त भई आयोग निर्वाचनको तयारी कार्यमा जुटिसकेको छ । निर्वाचन तयारीको सिलसिलामा मतदान प्रयोजनका लागि मतपत्र तयारी र छपाइको काम सम्पन्न गर्नुपर्ने दायित्व निर्वाचन आयोगमा आएको छ ।

२. प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्वाचन चिह्न मतपत्रमा समावेश गर्दा प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३१ र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३१ बमोजिमको क्रममा समावेश गर्नुपर्नेछ ।

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३१ को उपदफा (९) र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३१ को उपदफा (९) दुवैमा "समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्वाचन चिह्न वितरण गर्दा आयोगले सम्बन्धित दलको लागि निर्धारण गरेको निर्वाचन चिह्न वितरण गर्नुपर्नेछ र त्यस्तो निर्वाचन चिह्न मतपत्रमा समावेश गर्दा उपदफा ७ को खण्ड (क) र (ख) वा उपदफा (८) को खण्ड (क) र (ख) को क्रममा समावेश गर्नुपर्नेछ ।"

यस पटकको निर्वाचन यो ऐन प्रारम्भ भएपछि हुने पहिलो पटकको निर्वाचन भएकाले दफा ३१ को उपदफा (७) आकर्षित नहुने हुँदा मतपत्रमा निर्वाचन चिह्न समावेश गर्दा ऐनको दफा ३१ को उपदफा (८) को खण्ड (क) र (ख) मा उल्लेख भएको देहायको क्रममा समावेश गर्नुपर्ने हुन्छ :

(क) व्यवस्थापिका-संसद्मा प्रतिनिधित्व गर्ने दलले संविधान सभा सदस्य निर्वाचन, २०७० मा समानुपातिक निर्वाचन प्रणालीतर्फ प्राप्त गरेको मत सङ्ख्याको आधारमा सो दलको उम्मेदवारको निर्वाचन चिह्न,

(ख) व्यवस्थापिका-संसद्मा प्रतिनिधित्व नगर्ने दलको हकमा निर्वाचन प्रयोजनको लागि आयोगमा दर्ता भएको क्रमको आधारमा सो दलको उम्मेदवारको निर्वाचन चिह्न ।

३. प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचन दुवैमा समानुपातिक निर्वाचन प्रणालीतर्फ भाग लिन नाम दर्ता गराएका राजनीतिक दलहरूको निर्वाचन चिह्न मतपत्रमा क्रमशः समावेश गर्ने प्रयोजनको लागि त्यस्ता राजनीतिक दलहरूको नाम र निर्वाचन चिह्न सहितको विवरण प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३१ र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३१ बमोजिम तयार पारी (प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचन प्रत्येकमा भाग लिने राजनीतिक दलको अलगअलग सूची

तयार गरी) प्रमाणित गरी आयोगको राजनीतिक दल सम्बन्ध शाखाले निर्वाचन शाखालाई उपलब्ध गराउने ।

४. बुँदा नम्बर ३ बमोजिमको विवरण प्राप्त भएपछि सोही विवरणमा उल्लेख भए अनुसारको राजनीतिक दलको क्रम र निर्वाचन चिह्न सम्बन्धित सभाको निर्वाचनको मतपत्रमा समावेश गर्ने ।

५. बुँदा नम्बर ४ बमोजिमको राजनीतिक दलको निर्वाचन चिह्न मतपत्रमा समावेश गर्दा आयोगले तोकेको मतपत्रको ढाँचामा माथिल्लो भागबाट बायाँदेखि दायाँ तर्फ क्रमशः राख्दै जाने ।

६ प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको समानुपातिक निर्वाचन प्रणालीतर्फको लागि कागजको एउटै सिटमा माथि र तल अलगअलग खण्डमा अलगअलग मत सङ्केत गरी मतदान गर्न संलग्न ढाँचा अनुसार (संलग्न ढाँचामा राजनीतिक दलको निर्वाचनको सट्टा काल्पनिक चिह्न प्रयोग भएको छ, पछि वास्तविक निर्वाचन चिह्न राखिने) को मतपत्र तयार गर्ने ।

यसरी तयार गरिने दुई खण्डको मतपत्रको खाली भागको बिचमा पर्ने गरी दुईवटा मतपत्रलाई प्रस्ट रूपमा अलगअलग देखाउन तेर्सो तर्फ एउटा मोटो धर्सो राख्ने र त्यसको बिच भागमा माननीय प्रमुख निर्वाचन आयुक्तको दस्तखत स्क्यान गरी छपाइ गर्ने ।

यस्तै, मतपत्रको पुछार भागको दायाँ तर्फ मतदान अधिकृतलाई दस्तखत गर्न पुग्ने ठाउँ राखी '**मतपत्र-१ र मतपत्र-२ जारी गर्ने मतदान अधिकृतको दस्तखत :**' भनी छपाइ गर्ने ।

७. यसरी छपाइ गरिने मतपत्रमा परफोरेसनभन्दा माथिको भागमा सुरुबाट क्रमशः देहायको विवरण उपयुक्त स्थानमा राखी छपाइ गर्ने :

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७४

समानुपातिक निर्वाचन प्रणाली

जिल्ला :............ प्रदेश नम्बर :

गाउँपालिका/नगरपालिका :......... प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. :

वडा नं. : .......... प्रदेश सभा निर्वाचन क्षेत्र नं. :

मतदाता क्रमसङ्ख्या : ..............

मतदाताको लेखात्मक वा रेखात्मक सहीछाप : (कोठा सहित)

८. प्रतिनिधि सभा सदस्यको मतपत्रको हकमा परफोरेसनभन्दा तल मतसङ्केत गर्ने निर्वाचन चिह्नहरू रहेको कोठाभन्दा माथि 'मतपत्र-१, प्रतिनिधि सभा सदस्य निर्वाचन, २०७४, समानुपातिक निर्वाचन प्रणालीको मतपत्र, एउटा कोठाभित्र मात्र मतसङ्केत (卐) गर्नुहोस् । (कोठाभित्र)' भनी छपाइ गर्ने ।

९. प्रदेश सभा सदस्यको मतपत्रको हकमा प्रतिनिधि सभा सदस्यको मतपत्रभन्दा तल मतसङ्केत गर्ने निर्वाचन चिह्नहरू रहेको कोठाभन्दा माथि 'मतपत्र-२, प्रदेश सभा सदस्य निर्वाचन, २०७४, समानुपातिक निर्वाचन प्रणालीको मतपत्र, एउटा कोठाभित्र मात्र मतसङ्केत ( 卐 ) गर्नुहोस् । (कोठाभित्र)' भनी छपाइ गर्ने ।

१०. मतपत्रको आकार तथा नाप देहाय बमोजिमहुने छ :

(क) मतपत्रको कागजको आकार : ५१० मिमि x ३५५ मिमि

(ख) निर्वाचन चिह्न रहेको कोठाको आकार : १८ मिमि x ३० मिमि

(ग) निर्वाचन चिह्न रहेको कोठाहरूको चारैतिरको लाइनको मोटाइ १ मिमि

११. प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचनमा भाग लिनका लागि आवेदन गर्ने राजनीतिक दलहरूको नामनामेसी र सङ्ख्या प्रदेश अनुसार फरक फरक हुने देखिएकाले सबै प्रदेशको मतपत्रमा प्रतिनिधि सभा सदस्यको समानुपातिक निर्वाचन प्रणाली तर्फ निर्वाचनमा भाग लिन आवेदन गर्ने सबै ८८ (अठासी) दलको निर्वाचन चिह्न राख्ने ।

यसै गरी प्रदेश सभा सदस्यको समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्वाचनमा भाग लिन आवेदन गर्ने दलको हकमा सम्बन्धित प्रदेशको प्रदेश सभाको निर्वाचनमा भाग लिन आवेदन गर्ने दलहरूको मात्र निर्वाचन चिह्न मतपत्रमा राख्ने । यसरी मतपत्र तयार गर्दा प्रदेशगत आधारमा समानुपातिक निर्वाचन प्रणाली तर्फ ७ (सात) किसिमको मतपत्र बनाउने ।

१२. समानुपातिक निर्वाचन प्रणालीको मतपत्र सेतो कागजमा रातो मसीले छपाइ गर्ने ।

१३. मतपत्र छपाइ गर्दा मत सङ्केत गर्न छुट्टयाइएको निर्वाचन चिह्न रहेको कोठाभित्र बाहेकको पूरा पृष्ठमा 'निर्वाचन आयोग, नेपाल' भन्ने शब्दहरू छपाइ गर्ने ।

१४. मतपत्रमा मतदान गर्ने खण्ड छुट्टयाउँदा माथि प्रतिनिधि सभाको लागि र तल प्रदेश सभाको लागि हुने गरी छुट्टयाउने ।

१५. मतपत्रको माथिल्लो भागको अधकट्टी र मतदातालाई मतदान प्रयोजनका लागि दिइने मतपत्रको मुख्य भागको बिचमा मतपत्र छुट्टयाउनका लागि परफोरेसन गर्ने ।

१६. मतपत्रको अधकट्टी भागको दायाँ तर्फ अधकट्टीमा मात्र मतदाताको लेखात्मक वा रेखात्मक सहीछापको लागि छुट्टयाइएको कोठाभन्दा माथिपट्टि तेर्सो वा छपाइ मेसिनको अनुकूलता हेरी कोठाभन्दा दायाँ तर्फ ठाडो पर्ने गरी मतपत्रको क्रमसङ्ख्या अङ्कित गर्ने ।

१७. मतपत्रमा क्रमसङ्ख्या राख्ने सम्बन्धमा मतपत्र छपाइ गर्दा निर्वाचन प्रणालीको सङ्केत जनिने सङ्केत **PR**, त्यसको लगत्तैपछि -, त्यसको लगत्तैपछि प्रदेशको सङ्ख्या जनिने अङ्क (१, २, ३, ४, ५, ६ वा ७ कुन प्रदेश हो त्यसको नम्बर), त्यसको लगत्तैपछि **-** र पुनः त्यसको लगत्तैपछि ८(आठ) **Digit** को नम्बरबाट प्रारम्भ हुने गरी मतपत्रको क्रमसङ्ख्या राख्ने ।

जस्तो : प्रदेश नम्बर १ को मतपत्र छपाइ गर्दा एच(ज्ञ(ण्णण्णण्णण्णज्ञबाट सुरु गरी सोही प्रदेशको आवश्यकतानुसार क्रमशः मतपत्र छपाइ गर्ने । बाँकी अरू प्रदेशमा पनि प्रदेश नम्बर प्रदेश अनुसार गरी अरू विवरण यसै मुताबिक गर्ने ।

१८. यस मापदण्ड अनुसार तयार गरिएको मतपत्र आवश्यकतानुसार रूजु गरी मतपत्र व्यवस्थापन तथा आधिकारिकता निर्धारण र निर्वाचन कार्यक्रम तर्जुमा समितिका पदाधिकारीहरूबाट प्रमाणित गरी पूर्ण सुरक्षासाथ छपाइ गर्ने छापाखानामा पठाउने व्यवस्था मिलाउने ।

१९. छपाइ गरिएको मतपत्र प्रदेशगत रूपमा सम्बन्धित जिल्लाहरूको सम्बन्धित निर्वाचन क्षेत्रलाई उपलब्ध गराउने ।

२०. मतपत्र पठाउँदा १००/१०० थान मतपत्रहरूको एउटा एउटा कित्ता बनाउने र त्यस्तो १०/१० कित्ता मतपत्र एउटा एउटा प्लास्टिकको थैलोभित्र बन्द गरी कार्टुन बाकसमा राखी पुनः बन्द गर्ने र यसरी मतपत्र प्याक गरेको कार्टुन बाकसमा चारैतिर थप सुरक्षाका लागि प्लास्टिक/टेप लगाउने ।

यसको साथै कार्टुनभित्रको मतपत्र कुन क्रमसङ्ख्याको हो र कहाँको हो भन्ने जानकारी लिन कार्टुनको बाहिरपट्टि कार्टुनभित्र प्याक गरिएको मतपत्रको क्रमसङ्ख्या ....... (......... देखि ..... सम्म) सहितको विवरण जनाउने ।

२१. प्रदेश सभा निर्वाचन क्षेत्रको कुल मतदाता सङ्ख्यामा १२ प्रतिशत थप गरी कायम हुन आएको सङ्ख्यालाई माथिल्लो हजारको सङ्ख्यामा परिणत गरी हुन आउने सङ्ख्यामा मतपत्र छपाइ गर्ने ।

तर, कुल मतदाता सङ्ख्या १५,००० सम्म भएका जिल्लामा भने माथि उल्लिखित सङ्ख्यामा अर्को १,००० मतपत्र थप छपाइ गरी पठाउने ।

२२. यसरी पठाइएको मतपत्र मतदान अधिकृतलाई उपलब्ध गराउँदा सम्बन्धित मतदान केन्द्रको वास्तविक मतदाता सङ्ख्यामा तीन प्रतिशत थप गरी हुन आउने सङ्ख्यालाई नजिकको पचासको सङ्ख्यामा पुऱ्याई वितरण गर्ने व्यवस्था गर्ने ।

जस्तो : तीन प्रतिशत थप गर्दा १ देखि ४९ सम्मको सङ्ख्या आएमा ५० प्रति पुऱ्याएर दिने र ५१ देखि ९९ सम्मको सङ्ख्या आएमा १०० प्रति पुऱ्याएर दिने । अर्थात्, ४०१ देखि ४४९ सम्मको सङ्ख्या आएमा ४५० थान दिने र ४५१ देखि ४९९ सम्मको सङ्ख्या आएमा ५०० थान दिने ।

२३. प्रत्येक निर्वाचन क्षेत्रको ५/५ प्रति मतपत्र अभिलेखका लागि निर्वाचन आयोगमा सुरक्षित राख्ने ।

२४. यस सम्बन्धमा थप कुनै विषयमा जटिलता पैदा भएमा आयोगमा पेश गरी आयोगबाट निर्णय भए बमोजिम गर्ने । सामान्य विषय भने मतपत्र व्यवस्थापन तथा आधिकारिकता निर्धारण र निर्वाचन कार्यक्रम तर्जुमा समिति आफैँले निर्णय गर्ने ।

२५. यस मापदण्ड बमोजिम तयार हुने मतपत्रको डिजाइन यसैसाथ संलग्न ढाँचा अनुसार हुने :

(क) निर्वाचन चिह्न रहने कोठाहरू प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि ८८ (अठासी) र प्रदेश सभा सदस्य निर्वाचनका लागि सम्बन्धित प्रदेशमा निर्वाचनमा भाग लिन आवेदन गर्ने राजनीतिक दलको सङ्ख्या अनुसार हुने ।

(ख) निर्वाचन चिह्नहरू राख्दा दुवै खण्ड (माथि र तल) को मतपत्रमा बायाँबाट दायाँ तर्फ क्रमशः दसवटा र माथिबाट तल तर्फ निर्वाचनमा भाग लिन आवेदन गर्ने सबै दलको निर्वाचन चिह्न अटाउने गरी राख्दै जाने ।

(ग) मतपत्रमा राखिने विशेष सेक्युरिटी फिचर मतपत्र व्यवस्थापन तथा आधिकारिकता निर्धारण र निर्वाचन कार्यक्रम तर्जुमा समितिले निर्धारण गरे बमोजिम हुने गरी छपाइ गर्ने ।

### ३.१.३३.३ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको मतपत्र

आयोगले प्रतिनिधि सभा तथा प्रदेश सभातर्फको दुवै चरणको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको मतपत्र विगतका निर्वाचनमा झैँ उम्मेदवारको अन्तिम नामावली प्रकाशन भई उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिसकेपछि कायम रहेको उम्मेदवार सङ्ख्या र निर्वाचन चिह्न मात्र समावेश गरी छाप्ने निर्णय लिएको थियो ।

आयोगले प्रतिनिधि सभा र प्रदेश सभातर्फको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको मतपत्र पनि समानुपातिक निर्वाचन प्रणालीको मतपत्र जस्तै गरी माथिल्लो खण्डमा प्रतिनिधि सभाका उम्मेदवारका लागि मतदान गर्ने र तल्लो खण्डमा प्रदेश सभाका उम्मेदवारका लागि मतदान गर्ने गरी तयारी गर्ने सोचमा थियो र प्रारम्भिक व्यवस्थापन पनि सोही अनुरूप अघि बढेको थियो ।

यस विषयमा छुट्टाछुट्टै सभाका लागि छुट्टाछुट्टै मतपत्र हुनुपर्ने माग दाबी सहित सम्मानित सर्वोच्च अदालतमा मुद्दा दायर भएपछि उत्पन्न परिस्थितिपछि आयोग प्रतिनिधि सभा र प्रदेश सभातर्फको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको मतपत्र कागजको अलगअलग सिटमा छुट्टाछुट्टै छपाइ गर्ने निर्णयमा पुग्यो । यसो गर्दा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ मात्र आयोगले प्रतिनिधि सभाका लागि १६५ र प्रदेश सभाका लागि ३३० गरी जम्मा ४९५ किसिमका मतपत्रको तयारी र छपाइ गरेको थियो ।

यसरी निर्वाचन क्षेत्रगत रूपमा मतपत्र छपाइ गर्दा घटीमा दुई वटा निर्वाचन चिह्न भएकादेखि बढीमा ३२ वटासम्म निर्वाचन चिह्न भएका मतपत्र आयोगले छपाइ गरेको थियो ।

### ३.१.३३.४ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फको मतपत्र छपाइको मापदण्ड

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ आयोगले दुई आकारका मतपत्र छपाइ गरेको थियो । पहिलो आकारको कागजमा २० वटासम्म निर्वाचन चिह्न अट्ने गराइएको थियो भने दोस्रो आकारको कागजमा ३६ वटासम्म निर्वाचन चिह्न अट्न सक्ने थियो । सबैभन्दा ठुलो मतपत्रमा रहन सक्ने निर्वाचन चिह्नको सङ्ख्या ३६ भए पनि ३२ जनाभन्दा बढी उम्मेदवारी कुनै निर्वाचन क्षेत्रमा पनि परेको थिएन ।

वि.सं. २०७४ साल मङ्सिर १० गते सम्पन्न निर्वाचनमा बिसभन्दा बढी निर्वाचन चिह्न भएका मतपत्र कतै पनि प्रयोगमा ल्याउनु परेन भने मङ्सिर २१ गते भएको निर्वाचनका लागि बत्तिस वटासम्म निर्वाचन चिह्न भएका मतपत्र प्रयोगमा आए । त्यसैले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको मतपत्र छपाइको मापदण्ड स्वीकृत गर्दा आयोगले पटके निर्णय गर्नुपरेको थियो ।

आयोगले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको मतपत्र छपाइ कार्यलाई व्यवस्थित रूपमा अघि बढाउन वि.सं. २०७४ साल असोज १२ गते सचिवालयबाट पेश भएको देहायको प्रस्तावमा देहाय बमोजिम गर्ने गरी मतपत्र तयारी सम्बन्धी मापदण्ड स्वीकृत गरेको थियो :

वि.सं. २०७४ साल मङ्सिर १० गते पहिलो चरणमा र ऐ. २१ गते दोस्रो चरणमा एकै पटक सम्पन्न हुने प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको निर्वाचनका लागि प्रयोग हुने मतपत्र मध्ये समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्रको छपाइ वि.सं. २०७४ साल असोज १७ गतेदेखि र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको मतपत्रको छपाइ वि.सं. २०७४ साल कार्तिक १० गतेदेखि प्रारम्भ गर्ने र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको दुवै चरणको निर्वाचनका लागि आवश्यक हुने मतपत्रको छपाइ (ढुवानीसमेत) को कार्य वि.सं. २०७४ साल मङ्सिर ११ गतेसम्ममा सम्पन्न गर्ने गरी कार्यतालिका स्वीकृत भएको थियो ।

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३५ मा र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३५ दुवैमा रहेको मतपत्र सम्बन्धी व्यवस्था अनुसार आयोगले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तथा समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका लागि निर्वाचन चिन्ह भएको मतपत्र व्यवस्था गर्नुपर्ने, मतपत्रमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ प्रत्येक उम्मेदवार र समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्वाचन प्रयोजनको लागि आयोगमा दर्ता भएका दलका लागि उक्त ऐनहरूको दफा ३१ बमोजिम प्रदान गरिएको निर्वाचन चिन्ह सहितको मतदान गर्ने कोठा हुने र मतपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था रहेको थियो ।

मतदाताले प्रत्येक सभाका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ एक मत र समानुपातिक निर्वाचन प्रणालीतर्फ एक मत गरी २ (दुई) मत दिन पाउँदछन् । यसरी प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन एकैपटक हुने अवस्थामा मतदाताले कुल ४ (चार) मत दिन पाउँने व्यवस्था थियो । मतपत्र सकेसम्म मतदातामैत्री र व्यवस्थापकीय दृष्टिकोणले समेत सहज हुन आवश्यक भएको र निर्वाचन व्यवस्थापनको लागि उपलब्ध समय सीमाभित्रै मतपत्र छपाइ एवम् ढुवानी सम्पन्न गर्नुपर्ने अनिवार्यता रहेकोले प्रतिनिधि सभा र प्रदेश सभा दुवैको मतपत्र कागजको एउटै शीटमा माथिल्लो र तल्लो खण्ड गरी दुई खण्डमा छपाइ गर्ने गरी ढाँचा तयार गरिएको थियो। समानुपातिक निर्वाचन प्रणाली तर्फको मतपत्र तयारी सम्बन्धी मापदण्ड र ढाँचा आयोगबाट वि.सं. २०७४ साल असोज ६ मा स्वीकृत भएको थियो । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइको कार्य वि.सं. २०७४ साल कार्तिक १० गतेबाट शुरु हुने भए पनि अन्य व्यवस्थापकीय कार्यको लागि उक्त मतपत्रको तयारी सम्बन्धी मापदण्ड र ढाँचा आयोगबाट स्वीकृत हुनुपर्ने व्यवस्था रहेको थियो ।

निर्वाचनमा प्रयोग हुने मतपत्रको ढाँचा, आकार, रङ, मतसङ्केत गर्ने कोठाको आकार, मतपत्रमा रहने सेक्युरिटि फिचरको विवरण, छपाइ गरिने सङ्ख्या र वितरणको मापदण्ड समेतका विषय आयोगबाट स्वीकृत हुनुपर्ने भएकोले मतपत्र व्यवस्थापन तथा आधिकारिकता निर्धारण र निर्वाचन कार्यक्रम तर्जुमा समितिले तयार गरेको प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचन, २०७४ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको मतपत्र तयारी सम्बन्धी मापदण्ड र मतपत्रको ढाँचा (संलग्न ढाँचामा राजनीतिक दलको निर्वाचनको सट्टा काल्पनिक चिन्ह प्रयोग भएको र पछि वास्तविक निर्वाचन चिन्ह) संलग्न गरी सचिवालयको सिफारिस साथ प्रस्ताव पेश गरिएको थियो ।

उक्त प्रस्ताव अनुसार संवत् २०७४ साल मङ्सिर १० गते पहिलो चरणमा र ऐ. २१ गते दोस्रो चरणमा एकै पटक सम्पन्न हुने प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको निर्वाचनमा प्रयोग हुने मतपत्र तयारी सम्बन्धी संलग्न मापदण्ड र सोको खण्ड ८ मा उल्लेख भए बमोजिमका ३ (तीन) प्रकारका मतपत्रको ढाँचा स्वीकृत गर्ने भनी आयोगबाट निर्णय भएको थियो। यसरी आयोगबाट वि.सं. २०७४ असोज १२ गतेमा पहिलो पटक स्वीकृत भएको मापदण्डको बुँदा नं. १ देखि बुँदा नं. २४ सम्म देहायको व्यहोरा उल्लेख थियो :

१. नेपालको संविधान बमोजिम गठन हुने प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको निर्वाचन नेपाल सरकारले वि.सं. २०७४ साल मङ्सिर १० र २१ गते दुई चरणमा (प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको निर्वाचन एकै पटक) गर्ने निर्णय गरी निर्वाचन मिति तोकिएको जानकारी निर्वाचन आयोगमा प्राप्त भई आयोग निर्वाचनको तयारी कार्यमा जुटिसकेको छ। निर्वाचन तयारीको सिलसिलामा मतदान प्रयोजनका लागि मतपत्र तयारी र छपाइको काम सम्पन्न गर्नुपर्ने दायित्व निर्वाचन आयोगमा आएको छ।

यस क्रममा प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनको समानुपातिक निर्वाचन प्रणाली तर्फको मतपत्र तयारी सम्बन्धी मापदण्ड वि.सं. २०७४ साल असोज ६ गतेको आयोगको बैठकको निर्णयबाट स्वीकृत भइसकेकोले अब पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको मतपत्र तयारी सम्बन्धी मापदण्ड आयोगबाट स्वीकृत हुनुपर्ने अवस्था छ।

२. प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ निर्वाचन चिह्न मतपत्रमा समावेश गर्दा प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३१ बमोजिमको क्रममा समावेश गर्नु पर्नेछ।

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३१ को उपदफा (५) र (६) मा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ उम्मेदवारलाई निर्वाचन चिह्न वितरण गर्दा देहाय बमोजिम गर्नुपर्ने कुरा उल्लेख छ :

(५) "यस दफा बमोजिम पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्दा दलको उम्मेदवारलाई उपदफा (१) बमोजिम त्यस्तो दलको लागि निर्धारण गरिएको निर्वाचन चिह्न प्रदान गर्नु पर्नेछ। ... ...।"

(६) "पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ स्वतन्त्र उम्मेदवारलाई आयोगले निर्धारण गरेको निर्वाचन चिह्नको समूहबाट तोकिए बमोजिमको तरिका अनुसार निर्वाचन अधिकृतले निर्वाचन चिह्न प्रदान गर्नेछ।"

यस पटकको निर्वाचन यो ऐन प्रारम्भ भएपछि हुने पहिलो पटकको निर्वाचन भएकोले दफा ३१ को उपदफा (७) आकर्षित नहुने हुँदा मतपत्रमा निर्वाचन चिह्न समावेश गर्दा ऐनको दफा ३१ को

उपदफा (८) को खण्ड (क), (ख) र (ग) मा उल्लेख भएको देहायको क्रममा समावेश गर्नुपर्ने हुन आउँछ :

(क) व्यवस्थापिका-संसद्मा प्रतिनिधित्व गर्ने दलले संविधान सभा सदस्य निर्वाचन, २०७० मा समानुपातिक निर्वाचन प्रणाली तर्फ प्राप्त गरेको मत सङ्ख्याको आधारमा सो दलको उम्मेदवारको निर्वाचन चिह्न,

(ख) व्यवस्थापिका-संसद्मा प्रतिनिधित्व नगर्ने दलको हकमा निर्वाचन प्रयोजनको लागि आयोगमा दर्ता भएको क्रमको आधारमा सो दलको उम्मेदवारको निर्वाचन चिह्न ।

(ग) स्वतन्त्र उम्मेदवारको नामको वर्णानुक्रमको आधारमा त्यस्तो उम्मेदवारको निर्वाचन चिह्न ।

३. आगामी मङ्सिर १० र २१ मा हुने प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फको निर्वाचनमा भाग लिन चाहने राजनीतिक दलका तथा स्वतन्त्र उम्मेदवारलाई बुँदा नम्बर २ मा उल्लेख भए बमोजिम चिह्न वितरण गर्ने ।

४. प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचन दुवैमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ राजनीतिक दलको तर्फबाट उम्मेदवार हुने राजनीतिक दलहरूको निर्वाचन चिह्न मतपत्रमा क्रमशः समावेश गर्ने प्रयोजनको लागि त्यस्ता राजनीतिक दलहरूको नाम र निर्वाचन चिह्न सहितको विवरण प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३१ बमोजिम तयार पारी प्रमाणितसाथ आयोगको राजनीतिक दल सम्बन्ध शाखाले निर्वाचन शाखालाई उपलब्ध गराउने ।

त्यस्तै, स्वतन्त्र उम्मेदवारका लागि प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३१ को उपदफा (६) को प्रयोजनका लागि आयोगबाट निर्धारण भएको निर्वाचन चिह्नको समूह पनि आयोगको राजनीतिक दल सम्बन्ध शाखाले निर्वाचन शाखालाई उपलब्ध गराउने ।

५. बुँदा नम्बर ४ बमोजिमको विवरण प्राप्त भएपछि सोही विवरणमा उल्लेख भएको क्रम अनुसार निर्वाचनमा भाग लिने राजनीतिक दलको तर्फबाट उम्मेदवार हुनेको निर्वाचन चिह्न सम्बन्धित सभाको मतपत्रमा समावेश गर्ने ।

स्वतन्त्र उम्मेदवारको हकमा त्यस्ता उम्मेदवारले प्राप्त गरेको निर्वाचन चिह्न ऐनको दफा ३१ को उपदफा ८ को खण्ड (ग) बमोजिम उम्मेदवारको नामको वर्णानुक्रमको आधारमा मतपत्रमा समावेश गर्ने ।

६. बुँदा नम्बर ५ बमोजिमको राजनीतिक दलको निर्वाचन चिह्न मतपत्रमा समावेश गर्दा देहाय बमोजिम गर्ने :

(क) ढाँचा नं. १ मा बायाँदेखि दायाँ तर्फ ६ वटा र माथिबाट तल तर्फ निर्वाचनमा भाग लिन मनोनयनपत्र दर्ता गरी उम्मेदवारको अन्तिम नामावलीमा नाम कायम भई निर्वाचन चिह्न प्राप्त गरेका उम्मेदवारको सङ्ख्या अनुसार,

(ख) ढाँचा नं. २ मा बायाँदेखि दायाँ तर्फ ५ वटा र माथिबाट तल तर्फ निर्वाचनमा भाग लिन मनोनयनपत्र दर्ता गरी उम्मेदवारको अन्तिम नामावलीमा नाम कायम भई निर्वाचन चिह्न प्राप्त गरेका उम्मेदवारको सङ्ख्या अनुसार,

(ग) ढाँचा नं. ३ मा बायाँदेखि दायाँ तर्फ ८ वटा र माथिबाट तल तर्फ निर्वाचनमा भाग लिन मनोनयनपत्र दर्ता गरी उम्मेदवारको अन्तिम नामावलीमा नाम कायम भई निर्वाचन चिह्न प्राप्त गरेका उम्मेदवारको सङ्ख्या अनुसार,

(घ) उल्लिखित ढाँचाले नपुग हुने अवस्था सिर्जना भएमा त्यस्ता निर्वाचन क्षेत्रका लागि जतिखेर जस्तो आवश्यकता पर्छ त्यतिखेर मतपत्र व्यवस्थापन तथा आधिकारिकता निर्धारण र निर्वाचन कार्यक्रम तर्जुमा समितिले सिफारिस गरे बमोजिम आयोगबाट निर्णय गर्ने ।

७ प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फको लागि कागजको एउटै सिटमा माथि मतपत्र–१ र तल मतपत्र–२ गरी अलगअलग खण्डमा अलगअलग मत सङ्केत गरी मतदान गर्न आवश्यकतानुसार प्रयोग गर्न संलग्न तीन किसिमका ढाँचा अनुसारको मतपत्र तयार गर्ने ।

यसरी तयार गरिने दुई खण्डको मतपत्रको खाली भागको बिचमा पर्ने गरी दुईवटा मतपत्रलाई प्रस्ट रूपमा अलगअलग देखाउन तेर्सो तर्फ ६ मिमिको धर्सो राख्ने र त्यसको बिच भागमा माननीय प्रमुख निर्वाचन आयुक्तको दस्तखत स्क्यान गरी छाप्ने ।

८. ढाँचा १ देखि ३ सम्मका मतपत्रको आकार र नाप देहाय बमोजिम हुने :

**<u>ढाँचा-१</u>**

(क) मतपत्रको कागजको आकार : २२५ मिमि x ३०० मिमि

(ख) निर्वाचन चिह्न रहेको कोठाको आकार : १८ मिमि x ३० मिमि

(ग) निर्वाचन चिह्न रहेको कोठाहरूको चारैतिरको लाइनको मोटाइ १ मिमि

**<u>ढाँचा-२</u>**

(क) मतपत्रको कागजको आकार : ४५० मिमि x २०० मिमि

(ख) निर्वाचन चिह्न रहेको कोठाको आकार : १८ मिमि x ३० मिमि

(ग) निर्वाचन चिह्न रहेको कोठाहरूको चारैतिरको लाइनको मोटाइ १ मिमि

**ढाँचा-३**

(क) मतपत्रको कागजको आकार : ४५० मिमि x ३०० मिमि

(ख) निर्वाचन चिह्न रहेको कोठाको आकार : १८ मिमि x ३० मिमि

(ग) निर्वाचन चिह्न रहेको कोठाहरूको चारैतिरको लाइनको मोटाइ १ मिमि

उल्लिखित तीनै ढाँचाको मतपत्र **Cutting** गर्ने क्रममा यसको आकारमा सामान्य रूपमा केही फरक पर्न सक्ने ।

९. बुँदा नं. ८ मा दिइएका आकार र नापका मतपत्रको ढाँचामध्ये ढाँचा नं. १ मा प्रतिनिधि सभाका लागि २४ र प्रदेश सभाका लागि २४ गरी जम्मा ४८, ढाँचा नं. २ मा प्रतिनिधि सभाका लागि ३५ र प्रदेश सभाका लागि ३५ गरी जम्मा ७० र ढाँचा नं. ३ मा प्रतिनिधि सभाका लागि ५६ र प्रदेश सभाका लागि ५६ गरी जम्मा ११२ जनासम्म उम्मेदवारको निर्वाचन चिह्न अट्ने आकार र ढाँचा भए पनि उम्मेदवारी पर्दा कुनै एक सभाभा बढी र अर्को सभामा कम उम्मेदवार भई मतपत्र-१ र मतपत्र-२ सानो ठूलो पार्दा उम्मेदवारको निर्वाचन चिह्न सङ्ख्या अट्ने भएमा मतपत्रको कुनै खण्डमा कोठा घटाई र कुनै खण्डमा कोठा बढाई मतपत्रलाई मिलाउन सकिने छ ।

**जस्तो** : ढाँचा नं. १ को मतपत्रभित्र मतपत्र-१ को प्रतिनिधि सभा खण्डमा २४ र मतपत्र-२ को प्रदेश सभा खण्डमा २४ गरी जम्मा ४८ उम्मेदवारको निर्वाचन चिह्न अट्ने भए पनि उम्मेदवारी पर्दा प्रतिनिधि सभामा ३० र प्रदेश सभामा १८ गरी ४८ उम्मेदवार भएमा मतपत्र-१ मा प्रतिनिधि सभा खण्डको मतपत्रमा ३० कोठा र प्रदेश सभा खण्डको मतपत्र–२ मा १८ कोठा गरी मिल्नेसम्म मिलाउने, नमिलेको अवस्थामा त्यसभन्दा ठूलो ढाँचामा जाने ।

**अर्थात :** *मतपत्र-१ र मतपत्र-२ को खण्डमा रहेका मतसङ्केत गर्ने कोठा आकार र नाप यथावत् राखी कोठा सङ्ख्या घटबढ गर्दा अट्नेसम्मको सङ्ख्या ढाँचा-१ मा, ढाँचा-१ मा नअटेमा ढाँचा-२ मा र ढाँचा-२ मा पनि नअटेमा ढाँचा-३ मा छपाइ गर्ने । यसो गर्दा पनि नअटेमा बुँदा नम्बर ६(घ) बमोजिम गर्ने ।*

१०. पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको मतपत्र आयोगको मिति २०७४/५/२९ को निर्णय बमोजिम हुने गरी सेतो कागजमा हरियो रङमा छपाइ गर्ने ।

११. मतपत्र छपाइ गर्दा मत सङ्केत गर्न छुट्टयाइएको निर्वाचन चिह्न रहेको कोठाभित्र बाहेकको पूरा पृष्ठमा 'निर्वाचन आयोग, नेपाल' भन्ने शब्दहरू छपाइ गर्ने ।

१२. मतपत्रको बायाँ तर्फको पुछार भागमा मतदान अधिकृतको दस्तखतको प्रयोजनका लागि 'मतपत्र-१ र मतपत्र-२ जारी गर्ने मतदान अधिकृतको दस्तखत :' भनी छपाइ गर्ने ।

१३. मतपत्रमा मतदान गर्ने खण्ड छुट्टयाउँदा माथि प्रतिनिधि सभाको लागि (मतपत्र–१) र तल प्रदेश सभाको लागि (मतपत्र–२) हुने गरी छुट्टयाउने ।

१४. मतपत्रको माथिल्लो भागको अधकट्टी र मतदातालाई दिइने मतपत्रको मुख्य भागको बिचमा मतपत्र छुट्टयाउनका लागि परफोरेसन गर्ने ।

१५. मतपत्रको अधकट्टी भागको माथिल्लो भागको दायाँ तर्फ अधकट्टीमा मात्र मतदाताको लेखात्मक वा रेखात्मक सहीछापको लागि छुट्टयाइएको कोठाभन्दा माथिपट्टि तेर्सो वा छपाइ मेसिनको अनुकूलता हेरी कोठाभन्दा दायाँ तर्फ ठाडो पर्ने गरी मतपत्रको क्रमसङ्ख्या अङ्कित गर्ने ।

१६. मतपत्रमा क्रमसङ्ख्या राख्ने सम्बन्धमा मतपत्र छपाइ गर्दा आयोगबाट स्वीकृत भए बमोजिमको अङ्ग्रेजी **Alphabet** को कोड, त्यसको लगत्तैपछि स्पेस, त्यसको लगत्तैपछि क्रमशः प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र दुवै जनिने निर्वाचन क्षेत्र नं. ( दुईवटा निर्वाचन क्षेत्र नं. को बिचमा - राख्ने) अङ्कित गरी एक स्पेस दिई विसर्ग ( : ) राखी त्यसको लगत्तैपछि ८ (आठ) **Digit** को नम्बरबाट प्रारम्भ हुने गरी मतपत्रको क्रमसङ्ख्या राख्ने ।

**जस्तो :** नुवाकोट जिल्लाप्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नम्बर २ र प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नम्बर १ को संयुक्त (प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनको लागि कागजको एउटै सिटमा दुई खण्ड बनाई तयार गरिने) मतपत्र छपाइ गर्दा **NKT2-1 : 00000001** बाट सुरु गरी मतपत्र व्यवस्थापन तथा आधिकारिकता निर्धारण र निर्वाचन कार्यक्रम तर्जुमा समितिले निर्देश गरेको सङ्ख्यामा मतपत्र छपाइ गर्ने ।

त्यस्तै, नुवाकोट जिल्लाप्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नम्बर २ र प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नम्बर २ को संयुक्त (प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनको लागि (कागजको एउटै सिटमा दुई खण्ड बनाई तयार गरिने) मतपत्र छपाइ गर्दा **NKT2-2 : 00000001** बाट सुरु गरी मतपत्र व्यवस्थापन तथा आधिकारिकता निर्धारण र निर्वाचन कार्यक्रम तर्जुमा समितिले निर्देश गरेको सङ्ख्यामा मतपत्र छपाइ गर्ने ।

*(छापाखानाको छपाइको उपलब्ध क्षमतालाई दृष्टिगत गरी छापाखाना र त्यहाँ खटिएका जिम्मेवार अधिकृतहरूको अनुरोधमा आयोगले मतपत्रको क्रमसङ्ख्याको रूपमा राख्ने भनिएको साबिकको आठ डिजिटको अङ्कलाई घटाएर पछिल्लो समयमा सात डिजिटमा सीमित गर्ने निर्णय गरेको थियो ।)*

१७. यस मापदण्ड अनुसार तयार भएको मतपत्र आवश्यकतानुसार रूजु गरी मतपत्र व्यवस्थापन तथा आधिकारिकता निर्धारण र निर्वाचन कार्यक्रम तर्जुमा समितिका पदाधिकारीहरूबाट प्रमाणित गरी पूर्ण सुरक्षासाथ छपाइ गर्ने छापाखानामा पठाउने व्यवस्था मिलाउने ।

१८. छपाइ गरिएको मतपत्र प्रदेशगत रूपमा जिल्ला तथा निर्वाचन क्षेत्रलाई उपलब्ध गराउनु पर्ने सङ्ख्या अनुसार छुट्टयाई उपलब्ध गराउने ।

१९. मतपत्र पठाउँदा १००/१०० थान मतपत्रहरूको एउटा प्याड बनाउने र त्यस्तो १०/१० प्याडको एउटा एउटा प्लास्टिकको थैलोभित्र बन्द गरी कार्टुन बाकसमा राखी पुनः बन्द गर्ने र यसरी मतपत्र प्याक गरेको कार्टुन बाकसमा चारैतिर थप सुरक्षाका लागि प्लास्टिक/टेप लगाउने ।

यसको साथै कार्टुनभित्रको मतपत्र कुन क्रमसङ्ख्याको हो र कहाँको हो भन्ने जानकारी लिन कार्टुनको बाहिरपट्टि कार्टुनभित्र प्याक गरिएको मतपत्रको क्रमसङ्ख्या ...................... ( ............देखि ...........सम्म) सहितको विवरण जनाउने ।

२०. प्रदेश सभा निर्वाचन क्षेत्रको कुल मतदाता सङ्ख्यामा १२ प्रतिशत थप गरी कायम हुन आएको सङ्ख्यालाई माथिल्लो हजारको सङ्ख्यामा परिणत गरी हुन आउने सङ्ख्यामा मतपत्र छपाइ गर्ने ।

तर, कुल मतदाता सङ्ख्या १५,००० सम्म भएका जिल्लामा भने माथि उल्लिखित सङ्ख्यामा अर्को १,००० मतपत्र थप छपाइ गरी पठाउने ।

२१. यसरी पठाइएको मतपत्र मतदान अधिकृतलाई उपलब्ध गराउँदा सम्बन्धित मतदान केन्द्रको वास्तविक मतदाता सङ्ख्यामा तीन प्रतिशत थप गरी हुन आउने सङ्ख्यालाई नजिकको पचासको सङ्ख्यामा पुऱ्याई वितरण गर्ने व्यवस्था गर्ने ।

**जस्तो** : तीन प्रतिशत थप गर्दा १ देखि ४९ सम्मको सङ्ख्या आएमा ५० प्रति पुऱ्याएर दिने र ५१ देखि ९९ सम्मको सङ्ख्या आएमा १०० प्रति पुऱ्याएर दिने । अर्थात्, ४०१ देखि ४४९ सम्मको सङ्ख्या आएमा ४५० थान दिने र ४५१ देखि ४९९ सम्मको सङ्ख्या आएमा ५०० थान दिने ।

२२. मतपत्र तयारीका सम्बन्धमा थप कुनै विषयमा जटिलता पैदा भएमा आयोगमा पेश गरी आयोगबाट निर्णय भए बमोजिम गर्ने । सामान्य विषय भने मतपत्र व्यवस्थापन तथा आधिकारिकता निर्धारण र निर्वाचन कार्यक्रम तर्जुमा समिति आफैंले निर्णय गर्ने ।

२३. प्रत्येक निर्वाचन क्षेत्रको ५/५ प्रति मतपत्र अभिलेखका लागि निर्वाचन आयोगमा सुरक्षित राख्ने ।

२४. यस मापदण्ड बमोजिम तयार हुने मतपत्रको डिजाइन यसैसाथ संलग्न ढाँचा अनुसार हुने :

(क) मतपत्रमा निर्वाचन चिह्न रहने कोठाहरू निर्वाचनमा भाग लिन मनोनयनपत्र दर्ता गर्ने उम्मेदवारको सङ्ख्या अनुसार हुने ।

(ख) मतपत्रमा राखिने विशेष सेक्युरिटी फिचर आयोगले निर्धारण गरे बमोजिम हुने गरी छपाइ गर्ने ।

### ३.१.३३.५ मतपत्रको ढाँचा थप

आयोगबाट वि.सं.२०७४ साल असोज १२ मा पहिलो पटक मापदण्ड स्वीकृत भइसकेपछि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको मतपत्रको ढाँचा थप गर्ने सम्बन्धमा आयोग सचिवालयबाट वि.सं. २०७४ साल कार्तिक ८ गते पुनः पेश हुन आएको देहाय बमोजिमको व्यहोरा आयोगबाट स्वीकृत भएको थियो :

“संवत् २०७४ साल मङ्सिर १० गते पहिलो चरणमा र ऐ. २१ गते दोस्रो चरणमा एकै पटक हुने प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको निर्वाचनका लागि प्रयोग हुने मतपत्र मध्ये पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि आयोगबाट तीन प्रकारको मतपत्रको ढाँचा सहित स्पेशिफिकेशन र मापदण्ड स्विकृत भएको छ । पहिलो चरणमा सम्पन्न हुने निर्वाचनका लागि २०७४।०७।०५ गते भएको उम्मेदवारको मनोनयन दर्ताको प्रवृत्ति हेर्दा कतिपय जिल्लाका निर्वाचन क्षेत्रमा अनुमान गरिए भन्दा कम सङ्ख्यामा उम्मेदवारको मनोनयन दर्ता भएको छ । यसले गर्दा पूर्व स्वीकृत ढाँचाभन्दा सानो आकारको ढाँचामा मतपत्र डिजाइन गरी मतपत्र छपाइ गर्न आवश्यक हुने देखिएको छ । तसर्थ आयोगबाट मिति २०७४।०६।१२ मा स्वीकृत स्पेशिफिकेशन र ३ (तीन) प्रकारका मतपत्रको ढाँचालाई कायमै राखी सोही स्पेशिफिकेशन बमोजिम हुने गरी देहाय बमोजिमको आकारका संलग्न ढाँचा ४ र ५ (संलग्न ढाँचामा राजनीतिक दलको निर्वाचनको सट्टा काल्पनिक चिन्ह प्रयोग भएको छ, पछि वास्तविक निर्वाचन चिन्ह राखिने) आयोगबाट स्वीकृत हुनु पर्ने भएकोले यो प्रस्ताव पेश गरिएको छ ।”

यसरी नै यसअघि स्वीकृत मापदण्डको अधीनमा रही मतपत्र छपाइको कार्य अघि बढिसकेको अवस्थामा वि.सं. २०७४ साल कार्तिक १२ गते आयोग समक्ष पुनः पेश हुन आएको देहायको प्रस्तावलाई आयोगले स्वीकृति दिएको थियो र सोही बमोजिम प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनको लागि कागजको अलगअलग सिटमा मतपत्र छपाइको कार्य अघि बढेको थियो :

“संवत् २०७४ साल मङ्सिर १० गते पहिलो चरणमा र ऐ. २१ गते दोस्रो चरणमा एकै पटक हुने प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको निर्वाचनका लागि प्रयोग हुने मतपत्र मध्ये पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि आयोगबाट मिति २०७४ साल असोज १२ गते ३ (तीन) प्रकारका र कार्तिक ८ गते २ (दुई) प्रकारका गरी विभिन्न ५ (पाँच) प्रकारका मतपत्रको ढाँचा सहित स्पेशिफिकेशन र मापदण्ड स्वीकृत भई स्वीकृत ढाँचा अनुसार पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको लागि कागजको एउटै पानामा माथिल्लो खण्डमा मतपत्र- १ र तल्लो खण्डमा मतपत्र -२ गरी अलगअलग खण्डमा छपाइ गर्ने व्यवस्था भएको ।

प्रतिनिधि सभा सदस्यका लागि ५६ र प्रदेश सभा सदस्यको लागि ५६ जना गरी कुल ११२ जनासम्म उम्मेदवार हुने अनुमान गरी सबैभन्दा ठूलो ३०० एम.एम x ४५० एम.एम को हुने गरी विभिन्न ३ (तीन) आकारका मतपत्रको डिजाइन गरी छपाइ गर्ने तयारी गरेको अवस्थामा मौजुदा छपाइ मेशिन र सोसँग सम्बन्धित अन्य पूर्वाधारको आधारमा प्रतिनिधि सभा र प्रदेश सभा सदस्यका लागि अलगअलग पानामा दुई वटा मतपत्र छपाइ गरी व्यवस्थापन गर्न नसकिने अवस्था सिर्जना

भएको र सोको कारणले सरकारले तोकेको मितिमा मतपत्र छपाइ गरी निर्वाचन सम्पन्न गर्न कठिन हुने आयोगको ठम्याइ रहेको हुँदा एउटै पानामा दुई वटा अलगअलग मतपत्र छाप्ने गरी आयोगबाट निर्णय भएको हो । आयोगको निर्णय अनुसार कार्ययोजना, कार्यतालिका स्वीकृत गरी निर्वाचनको तयारी अगाडि बढिरहेकोमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०७४।०७।०८ मा अलगअलग मतपत्र छाप्ने बारेमा भएको प्रगति  समेत पेश गर्न आदेश भएको हुँदा सम्मानित अदालतको भावनाको उच्च सम्मान गर्दै अहोरात्र खटेर भए पनि प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनको लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको मतपत्र अलगअलग पानामा छपाइ गर्नुपर्ने अवस्था विद्यमान भएको ।

पहिलो चरणमा निर्वाचन हुने जिल्लामा २०७४ कार्तिक ५ गतेदेखि ८ गतेसम्म सञ्चालन भएको निर्वाचन कार्याक्रम अन्तर्गत २०७४ साल कार्तिक ८ गते उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्दा उम्मेदवार सङ्ख्या आयोगले अपेक्षा गरेभन्दा निकै कम भएको र यसपूर्व ५६ जनासम्म उम्मेदवार हुनसक्ने अनुमान गरिएकोमा यो सङ्ख्या घटि १७ जनामा सीमित भएकोले मतपत्रको आकार सानो हुने भई एकै पटक धेरै सङ्ख्यामा मतपत्र छपाइ गर्न सकिने भएकोले आयोगले प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यका लागि अलगअलग पानामा समेत मतपत्र छपाइ गर्न सम्भव देखेको हो ।

मतपत्रका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०७४ साल कार्तिक १ गते र ऐ. ८ गते भएको आदेश र सोको भावना एवम् मर्मको उच्च सम्मान गर्दै प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन तोकिएकै मितिमा सम्पन्न गर्ने सुनिश्चितताका लागि आयोगबाट मिति २०७४/०६/१२ र २०७४।०७।०८ मा स्वीकृत पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको मतपत्रको स्पेशिफिकेशन, मापदण्ड र ढाँचा खारेज गर्ने र संलग्न स्पेशिफिकेशन, मापदण्ड र ढाँचा स्वीकृत गरी तदनुरुप मतपत्र छपाइ गर्ने निर्णयार्थ प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनका लागि छपाइ गरिने अलगअलग मतपत्रको ढाँचा यसैसाथ संलग्न गरी यो प्रस्ताव पेश गरिएको छ ।"

यसरी पेश हुन आएको प्रस्तावलाई वि.सं. २०७४ साल कार्तिक १२ गते बसेको आयोगको बैठक सङ्ख्या१७३/२०७४ ले प्रस्तावमा लेखिए बमोजिम देहाय अनुसार निर्णय गर्ने भनी निर्णय दिएको थियो :

"(क) संवत् २०७४ साल मङ्सिर १० र ऐ २१ गते हुने प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनको लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फको मतपत्र साबिकमा कागजको एउटै पानामा माथिल्लो खण्डमा प्रतिनिधि सभाको मतपत्र-१ र तल्लो खण्डमा प्रदेश सभाको मतपत्र-२ छपाइ गर्ने निर्णय भई तदनुरुप छपाइ कार्य अगाडि बढिसकेको, निर्वाचनको तयारीमा ठूलो स्रोत र साधनको खर्च समेत भइसकेको परिस्थितिमा सम्मानित सर्वोच्च अदालतको मिति २०७४ साल कार्तिक १ गते र ऐ. ८ गते भएको आदेश र सोमा अभिव्यक्त भावना र मर्मको उच्च सम्मान

गर्दै सरकारले तोकेको मितिमा प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको निर्वाचन सम्पन्न गर्ने सुनिश्चितताको लागि प्रतिनिधि सभा सदस्य निर्वाचनको लागि अलग्गै र प्रदेश सभा सदस्य निर्वाचनको लागि अलग्गै पानामा मतपत्र छपाइ गर्ने ।

(ख) प्रकरण (क) बमोजिम प्रतिनिधि सभा सदस्य निर्वाचनको लागि छपाइ गरिने मतपत्रको हकमा संलग्न अनुसूची-१ बमोजिमको र प्रदेश सभा सदस्य निर्वाचनको लागि छपाइ गरिने मतपत्रको हकमा अनुसूची-२ बमोजिमको स्पेशिफिकेशन, मापदण्ड र ढाँचा स्वीकृत गर्ने ।

(ग) आयोगबाट प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनको लागि मिति २०७४।०६।१२ र २०७४।०७।०८ मा स्वीकृत पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फको मतपत्रको स्पेशिफिकेशन, मापदण्ड र ढाँचा खारेज गर्ने ।

(घ) प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनको लागि अलगअलग मतपत्र छपाइ गर्दा प्रतिनिधि सभा सदस्य निर्वाचन नियमावली, २०७४, प्रदेश सभा सदस्य निर्वाचन नियमावली,२०७४, प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनसँग सम्बन्धित विभिन्न निर्देशिका, मतदाता शिक्षा सामग्री, उम्मेदवारी दर्ता र नतिजा तयारी सम्बन्धी सफ्टवेयर, विभिन्न तहको तालिम सामग्री समेतमा परिमार्जन गर्नुपर्ने, मतपत्र छपाइ कार्ययोजनामा संशोधन गर्नुपर्ने, मतपत्र छपाइ कागज, मतपत्रको लागत, सामग्री व्यवस्थापन र ढुवानी एवम् निर्वाचनको समग्र बजेट तथा कार्यक्रममा पुनरावलोकन र संशोधन गर्नुपर्ने भएकोले सम्बन्धित शाखा, महाशाखाले आवश्यक प्रक्रिया तत्काल अगाडि बढाउने ।

(ङ) प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनको लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ गर्न छपाइ गर्नुपर्नेसङ्ख्या र आकार खुलाई आयोगको च.नं.०७४।७५ नि.२.२-२२२ मिति २०७४।७।१० को पत्रबाट मुगु, दार्चुला र कालिकोट जिल्लाको मतपत्र छपाइका लागि सीडी समेत संलग्न गरी जनक शिक्षा सामग्री केन्द्र लि. मा लेखी पठाइएकोमा मुगु जिल्लाको ३६,००० (छत्तिस हजार) थान मतपत्र छपाइ भइसकेको हुँदा छपाइ भएको मतपत्र र सोको सीडी जनक शिक्षा सामग्री केन्द्र लि. को अधिकृतस्तरको प्रतिनिधि, छपाइस्थलमा खटिएको नेपाली सेनाको टोलीका प्रमुख र आयोगका मुद्रण अधिकृतको रोहबरमा आगो लगाई नष्ट गर्ने र कम्प्यूटरमा रहेको डाटा आयोगबाट प्राविधिक खटाई पुनः प्रयोग गर्न नसक्ने गरी नष्ट गर्ने ।"

आयोगले प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनको लागि वि.सं. २०७४ साल असोज १२ गते र वि.सं. २०७४ साल कातिक ८ गते मा स्वीकृत पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको मतपत्रको स्पेशिफिकेशन, मापदण्ड र ढाँचा खारेज गर्ने भनी वि.सं. २०७४ साल कार्तिक १२ मा उल्लिखित निर्णय गरे तापनि

सोही स्पेसिफिकेसन, मापदण्ड समेतको आधारमा तयार गरिएको मतपत्रको ढाँचा आयोगले स्वीकृत गरेको थियो ।

पछिल्लो अवस्थामा उपलब्ध समय र परिस्थितिलाई आकलन गरी आयोगले छुट्टै रूपमा मतपत्रको स्पेसिफिकेसन, मापदण्डको कुरा नगरीकन नै मतपत्रको ढाँचालाई स्वीकृत गरेको र सोही ढाँचा अनुसार मतपत्र तयारी र छपाइको काम अघि बढेको थियो ।

### ३.१.३३.६ मतपत्रको ढाँचा पुनः थप गर्ने विषयको थप निर्णय

दोस्रो चरणको निर्वाचनको उम्मेदवारीले अन्तिम रूप पाएपछि वि.सं. २०७४ साल कार्तिक १२ मा गरेको निर्णयसँग सम्बन्धित रहेर 'पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फको मतपत्रको ढाँचा थप गर्ने सम्बन्धमा' भन्ने विषय उल्लेख गरी आयोग समक्ष आयोगको सचिवालयबाट देहायको व्यहोरा उल्लेख गरी वि.सं. २०७४ साल कार्तिक २४ गते थप प्रस्ताव पेश भयो :

"संवत् २०७४ साल मङ्सिर १० गते पहिलो चरणमा र ऐ. २१ गते दोस्रो चरणमा एकै पटक हुने प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको निर्वाचनका लागि प्रयोग हुने मतपत्र मध्ये पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि आयोगबाट मिति २०७४।०७।१२ गते प्रतिनिधि सभा र प्रदेश सभा दुवै तर्फ बढीमा २०-२० (बिस-बिस) जना उम्मेदवारको निर्वाचन चिह्न रहने गरी मतपत्रको ढाँचा, स्पेशिफिकेशन र मापदण्ड स्वीकृत भई पहिलो चरणमा निर्वाचन हुने ३२ जिल्लाका ३७ निर्वाचन क्षेत्रको मतपत्र छपाइ कार्य सम्पन्न भएको छ ।

दोस्रो चरणमा निर्वाचन हुने ४५ जिल्लामा मिति २०७४।०७।१६ गतेदेखि ऐ.१९ गतेसम्म सञ्चालित निर्वाचन कार्यक्रम अन्तर्गत उम्मेदवारको अन्तिम नामावली प्रकाशन हुँदा प्रतिनिधि सभातर्फ विभिन्न ८ जिल्लाका १२ निर्वाचन क्षेत्रमा र प्रदेश सभातर्फ विभिन्न ४ जिल्लाका ११ निर्वाचन क्षेत्रमा उम्मेदवारी सङ्ख्या २० भन्दा बढी रहेको र बढीमा ३२ जनासम्म रहेको छ। सोको विवरण संलग्न छ ।

आयोगबाट मिति २०७४।०७।१२ मा स्वीकृत मतपत्रको ढाँचा, स्पेशिफिकेशन र मापदण्डको बुँदा नं. ७ (सात) को खण्ड (ख) मा उल्लिखित ढाँचाले नपुग हुने अवस्था सिर्जना भएमा त्यस्ता निर्वाचन क्षेत्रका लागि आवश्यकता अनुसार मतपत्र व्यवस्थापन तथा आधिकारिकता निर्धारण र निर्वाचन कार्यक्रम तर्जुमा समितिले सिफारिस गरे बमोजिम आयोगबाट निर्णय गर्ने व्यवस्था अनुरूप मतपत्रको थप ढाँचा स्वीकृत गरी गर्नुपर्ने भएको छ । यसका साथै आयोगबाट मिति २०७४।०७।१२ मा स्वीकृत मतपत्रको स्पेशिफिकेशन, ढाँचा र मापदण्डको बुँदा नं. ८ (आठ) को खण्ड (ख) मा निर्वाचन चिह्न रहेको कोठाको आकार : १९ मि.मि X ३० मि.मि हुनुपर्नेमा भूलवश १८ मि.मि X ३० मि.मि भएकोले सोको संशोधनको लागि आयोगबाट निर्णय हुनुपर्ने भएकोले मतपत्र व्यवस्थापन तथा आधिकारिकता निर्धारण र निर्वाचन कार्यक्रम तर्जुमा समितिको सिफारिस बमोजिम यो प्रस्ताव पेश गरिएको छ ।"

यस प्रस्तावको निर्णय हुनुपर्ने व्यहोरा खण्डमा यस्तो व्यहोरा लेखिएको थियो :

"(१) संवत् २०७४ साल मङ्सिर १० र २१ गते दुई चरणमा एकै पटक हुने प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनको लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको निर्वाचनमा प्रयोग हुने मतपत्रको मिति २०७४।०७।१२ मा स्वीकृत ढाँचा, स्पेशिफिकेशन र मापदण्ड अनुसारको मतपत्रमा प्रतिनिधि सभा र प्रदेश सभा दुवै तर्फ बढीमा २०-२० (बिस-बिस) जना उम्मेदवारको निर्वाचन चिह्न रहने गरी मतपत्रको ढाँचा स्वीकृत भएकोमा २०७४ साल मङ्सिर २१ गते दोस्रो चरणमा निर्वाचन हुने ४५ जिल्लाका १२८ निर्वाचन क्षेत्रमध्ये संलग्न विवरण बमोजिम प्रतिनिधि सभाका लागि ८ (आठ) जिल्लाका १२ (बाह्र) निर्वाचन क्षेत्रमा र प्रदेश सभाका लागि ४ (चार) जिल्लाका ११ (एघार) निर्वाचन क्षेत्रमा २० जनाभन्दा बढी उम्मेदवार रहेकोले ती क्षेत्रका लागि सम्बन्धित निर्वाचन क्षेत्रमा रहेका उम्मेदवार सङ्ख्या अनुसार २१ देखि ३२ जना सम्म उम्मेदवारको निर्वाचन चिन्ह रहने गरी देहायको विवरण अनुसारको मतपत्रको स्पेशिफिकेशन र संलग्न ढाँचा स्वीकृत गर्ने,

**ढाँचा २**

(क) मतपत्रको कागजको आकार : २०० मिमि X २२८ मिमि

(ख) निर्वाचन चिह्न रहेको कोठाको आकार : १९ मिमिX ३० मिमि

(ग) निर्वाचन चिह्न रहेको कोठाहरूको चारैतिरको लाइनको मोटाइ १ मिमि

(२) २०७४ साल कार्तिक १२ गते आयोगबाट स्वीकृत भएको मतपत्रको ढाँचा, स्पेशिफिकेशन र मापदण्डको बुँदा नं. ८ (आठ) को खण्ड (ख) मा निर्वाचन चिह्न रहेको कोठाको आकार १९ मिमि X ३० मिमि हुनुपर्नेमा अन्यथा भएकोले सो आकार १९ मिमि X ३० मिमि कायम गर्ने ।"

यसरी पेश हुन आएको प्रस्तावमा आयोगको बैठक सङ्ख्या१८५/२०७४ मिति २०७४/७/२४ को बैठकले प्रस्तावमा लेखिए बमोजिमगर्ने गरी देहाय अनुसारगर्ने निर्णय दिएको थियो :

"(१) संवत् २०७४ साल मङ्सिर १० र २१ गते दुई चरणमा एकै पटक हुने प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनको लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको निर्वाचनमा प्रयोग हुने मतपत्रको मिति २०७४।०७।१२ मा स्वीकृत ढाँचा, स्पेशिफिकेशन र मापदण्ड अनुसारको मतपत्रमा प्रतिनिधि सभा र प्रदेश सभा दुवै तर्फ बढीमा २०-२० (बिस-बिस) जना उम्मेदवारको निर्वाचन चिह्न रहने गरी मतपत्रको ढाँचा स्वीकृत भएकोमा २०७४ साल मङ्सिर २१ गते दोस्रो चरणमा निर्वाचन हुने ४५ जिल्लाका १२८ निर्वाचन क्षेत्रमध्ये संलग्न विवरण बमोजिम प्रतिनिधि सभाका लागि ८ (आठ) जिल्लाका १२ (बाह्र) निर्वाचन क्षेत्रमा र प्रदेश सभाका लागि ४ (चार) जिल्लाका ११ (एघार) निर्वाचन

क्षेत्रमा २० जनाभन्दा बढी उम्मेदवार रहेकोले ती क्षेत्रका लागि सम्बन्धित निर्वाचन क्षेत्रमा रहेका उम्मेदवार सङ्ख्याअनुसार २१ देखि ३२ जनासम्म उम्मेदवारको निर्वाचन चिह्न रहने गरी देहायको विवरण अनुसारको मतपत्रको स्पेशिफिकेशन र संलग्न ढाँचा स्वीकृत गर्ने,

**ढाँचा २**

(क) मतपत्रको कागजको आकार : २०० मिमि X २२८ मिमि

(ख) निर्वाचन चिह्न रहेको कोठाको आकार : १९ मिमिX ३० मिमि

(ग) निर्वाचन चिह्न रहेको कोठाहरूको चारैतिरको लाइनको मोटाइ १ मिमि

(२) २०७४ साल कार्तिक १२ गते आयोगबाट स्वीकृत भएको मतपत्रको ढाँचा, स्पेशिफिकेशन र मापदण्डको बुँदा नं. ८ (आठ) को खण्ड (ख) मा निर्वाचन चिह्न रहेको कोठाको आकार १९ मिमि X ३० मिमि हुनुपर्नेमा अन्यथा भएकोले सो आकार १९ मिमि X ३० मिमि कायम गर्ने ।"

### ३.१.३३.७ मतपत्रमा जिल्ला कोड राख्ने व्यवस्था

समानुपातिक निर्वाचन प्रणालीको मतपत्र प्रदेशगत रूपमा सात किसिमका थिए भने पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको मतपत्र प्रतिनिधि सभाका लागि प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्रगत रूपमा १६५ किसिमका र प्रदेश सभाका लागि प्रदेश सभा सदस्य निर्वाचन क्षेत्रगत रूपमा ३३० किसिमका थिए । यी सबै किसिमका मतपत्रमा आयोगले निर्धारण गरे बमोजिम मतपत्रको क्रमसङ्ख्या अगाडि अङ्ग्रेजी अल्फाबेटको कोड राखिएको थियो ।

### ३.१.३३.८ समानुपातिक निर्वाचन प्रणालीको मतपत्रको कोड

प्रदेशगत रूपमा तयार पारिएको समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र प्रदेशका लागि आवश्यक पर्ने मतपत्र प्रदेशगत आधारमा छपाइ गरिए तापनि त्यस्तो मतपत्रको क्रमसङ्ख्या अगाडि देहाय बमोजिम कोड राख्ने व्यवस्था गरिएको थियो :

समानुपातिक निर्वाचन प्रणालीको मतपत्रमा क्रमसङ्ख्या राख्ने सम्बन्धमा मतपत्र छपाइ गर्दा निर्वाचन प्रणालीको सङ्केत जनिने अङ्ग्रेजी **Alphabetical** सङ्केत **PR**, त्यसको लगत्तैपछि -, त्यसको लगत्तैपछि प्रदेशको सङ्ख्या जनिने अङ्क (१, २, ३, ४, ५, ६ वा ७ कुन प्रदेश हो त्यसको नम्बर), त्यसको लगत्तैपछि **–** र पुनः त्यसको लगत्तैपछि ७ (सात) **Digit** को नम्बर कायम हुने गरी मतपत्रको क्रमसङ्ख्या राख्ने व्यवस्था गरिएको थियो ।

**जस्तै** : प्रदेश नम्बर १ को मतपत्र छपाइ गर्दा **PR-1-0000001** बाट सुरु गरी सोही प्रदेशको आवश्यकतानुसार क्रमशः मतपत्र छपाइ गर्ने ।

### ३.१.३३.९ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको मतपत्रको कोड

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको मतपत्र प्रतिनिधि सभा सदस्यको हकमा प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र र प्रदेश सभा सदस्य निर्वाचनको हकमा प्रदेश सभा सदस्य निर्वाचन क्षेत्रगत रूपमा छपाइ गरिएको थियो । ती प्रत्येक क्षेत्रका मतपत्रको क्रमसङ्ख्याका अगाडि देहाय बमोजिम जिल्ला जनाउने अङ्ग्रेजी अल्फाबेटको कोड राख्ने व्यवस्था मिलाइएको थियो :

| क्र.सं. | जिल्ला | जिल्ला कोड |
|---|---|---|
| १ | ताप्लेजुङ | TPJ |
| २ | पाँचथर | PCH |
| ३ | इलाम | ILM |
| ४ | झापा | JHP |
| ५ | संखुवासभा | SKW |
| ६ | तेह्रथुम | THR |
| ७ | भोजपुर | BJP |
| ८ | धनकुटा | DKT |
| ९ | मोरङ | MRG |
| १० | सुनसरी | SNR |
| ११ | सोलुखुम्बु | SLK |
| १२ | खोटाङ | KHT |
| १३ | ओखलढुङ्गा | OKD |
| १४ | उदयपुर | UDP |
| १५ | सप्तरी | SPT |
| १६ | सिरहा | SRH |
| १७ | दोलखा | DKH |
| १८ | रामेछाप | RCP |
| १९ | सिन्धुली | SDL |
| २० | धनुषा | DHS |
| २१ | महोत्तरी | MHT |
| २२ | सर्लाही | SLH |
| २३ | रसुवा | RSW |
| २४ | धादिङ | DHD |
| २५ | नुवाकोट | NKT |
| २६ | काठमाडौँ | KTM |
| २७ | भक्तपुर | BKT |

| | | |
|---|---|---|
| २८ | ललितपुर | LTP |
| २९ | काभ्रेपलाञ्चोक | KVP |
| ३० | सिन्धुपाल्चोक | SNP |
| ३१ | मकवानपुर | MKW |
| ३२ | रौतहट | RTH |
| ३३ | बारा | BRA |
| ३४ | पर्सा | PRS |
| ३५ | चितवन | CHW |
| ३६ | गोरखा | GKH |
| ३७ | मनाङ | MNG |
| ३८ | लमजुङ | LMJ |
| ३९ | कास्की | KSK |
| ४० | तनहुँ | TNH |
| ४१ | स्याङ्जा | SNG |
| ४२ | गुल्मी | GLM |
| ४३ | पाल्पा | PLP |
| ४४ | अर्घाखाँची | AGK |
| ४५ | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | NPE |
| ४६ | नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | NPW |
| ४७ | रूपन्देही | RPD |
| ४८ | कपिलवस्तु | KPV |
| ४९ | मुस्ताङ | MST |
| ५० | म्याग्दी | MGD |
| ५१ | बाग्लुङ | BLG |
| ५२ | पर्वत | PBT |
| ५३ | रूकुम (पूर्वी भाग) | RME |
| ५४ | रूकुम (पश्चिमी भाग) | RMW |
| ५५ | रोल्पा | RLP |
| ५६ | प्युठान | PTN |
| ५७ | सल्यान | SLN |
| ५८ | दाङ | DNG |
| ५९ | डोल्पा | DLP |
| ६० | मुगु | MGU |

| | | |
|---|---|---|
| ६१ | जुम्ला | JML |
| ६२ | कालिकोट | KLT |
| ६३ | हुम्ला | HML |
| ६४ | जाजरकोट | JKT |
| ६५ | दैलेख | DLK |
| ६६ | सुर्खेत | SKT |
| ६७ | बाँके | BNK |
| ६८ | बर्दिया | BRD |
| ६९ | बाजुरा | BJR |
| ७० | अछाम | ACH |
| ७१ | बझाङ | BNG |
| ७२ | डोटी | DOT |
| ७३ | कैलाली | KLA |
| ७४ | दार्चुला | DRC |
| ७५ | बैतडी | BTD |
| ७६ | डडेलधुरा | DDH |
| ७७ | कञ्चनपुर | KNP |

### ३.१.३३.१० मतपत्रको क्रमसङ्ख्या अगाडिको पूरा कोड

मतपत्रको मापदण्ड र ढाँचा स्वीकृत हुँदा भएको निर्णय अनुसार मतपत्रमा कोड राख्दा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको लागि वि.सं. २०७४ साल मङ्सिर १० गते पहिलो चरणमा निर्वाचन सम्पन्न गरिएका ३२ जिल्लाका मतपत्रमा यसरी प्रदेशगत रूपमा कोड तयार गरी मतपत्र छपाइ गरिएको थियो :

| क्र.सं. | जिल्ला | जिल्ला कोड | प्रतिनिधि सभा नि.क्षे.नं. | प्रदेश सभा नि.क्षे.नं. | मतपत्र क्रम सङ्ख्यामा रहने कोड नं. |
|---|---|---|---|---|---|
| १ | ताप्लेजुङ | TPJ | १ | १ | TPJ 1-1 |
| | | TPJ | | २ | TPJ 1-2 |
| २ | पाँचथर | PCH | १ | १ | PCH 1-1 |
| | | PCH | | २ | PCH 1-2 |
| ३ | संखुवासभा | SKW | १ | १ | SKW 1-1 |
| | | SKW | | २ | SKW 1-2 |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | भोजपुर | BJP | १ | १ | BJP 1-1 |
| | | BJP | | २ | BJP 1-2 |
| ५ | सोलुखुम्बु | SLK | १ | १ | SLK 1-1 |
| | | SLK | | २ | SLK 1-2 |
| ६ | खोटाङ | KHT | १ | १ | KHT 1-1 |
| | | KHT | | २ | KHT 1-2 |
| ७ | ओखलढुङ्गा | OKD | १ | १ | OKD 1-1 |
| | | OKD | | २ | OKD 1-2 |
| ८ | दोलखा | DKH | १ | १ | DKH 1-1 |
| | | DKH | | २ | DKH 1-2 |
| ९ | रामेछाप | RCP | १ | १ | RCP 1-1 |
| | | RCP | | २ | RCP 1-2 |
| १० | रसुवा | RSW | १ | १ | RSW 1-1 |
| | | RSW | | २ | RSW 1-2 |
| ११ | धादिङ | DHD | १ | १ | DHD 1-1 |
| | | DHD | | २ | DHD 1-2 |
| | | DHD | २ | १ | DHD 2-1 |
| | | DHD | | २ | DHD 2-2 |
| १२ | नुवाकोट | NKT | १ | १ | NKT 1-1 |
| | | NKT | | २ | NKT 1-2 |
| | | NKT | २ | १ | NKT 2-1 |
| | | NKT | | २ | NKT 2-2 |
| १३ | सिन्धुपाल्चोक | SNP | १ | १ | SNP 1-1 |
| | | SNP | | २ | SNP 1-2 |
| | | SNP | २ | १ | SNP 2-1 |
| | | SNP | | २ | SNP 2-2 |
| १४ | गोरखा | GKH | १ | १ | GKH 1-1 |
| | | GKH | | २ | GKH 1-2 |
| | | GKH | २ | १ | GKH 2-1 |
| | | GKH | | २ | GKH 2-2 |
| १५ | मनाङ | MNG | १ | १ | MNG 1-1 |
| | | MNG | | २ | MNG 1-2 |
| १६ | लमजुङ | LMJ | १ | १ | LMJ 1-1 |

| | | | | | |
|---|---|---|---|---|---|
| | | LMJ | | २ | LMJ 1-2 |
| १७ | मुस्ताङ | MST | १ | १ | MST 1-1 |
| | | MST | | २ | MST 1-2 |
| १८ | म्याग्दी | MGD | १ | १ | MGD 1-1 |
| | | MGD | | २ | MGD 1-2 |
| १९ | बाग्लुङ | BLG | १ | १ | BLG 1-1 |
| | | BLG | | २ | BLG 1-2 |
| | | BLG | २ | १ | BLG 2-1 |
| | | BLG | | २ | BLG 2-2 |
| २० | रूकुम (पूर्वी भाग) | RME | १ | १ | RME 1-1 |
| | | RME | | २ | RME 1-2 |
| २१ | रूकुम (पश्चिमी भाग) | RMW | १ | १ | RMW 1-1 |
| | | RMW | | २ | RMW 1-2 |
| २२ | रोल्पा | RLP | १ | १ | RLP 1-1 |
| | | RLP | | २ | RLP 1-2 |
| २३ | डोल्पा | DLP | १ | १ | DLP 1-1 |
| | | DLP | | २ | DLP 1-2 |
| २४ | मुगु | MGU | १ | १ | MGU 1-1 |
| | | MGU | | २ | MGU 1-2 |
| २५ | जुम्ला | JML | १ | १ | JML 1-1 |
| | | JML | | २ | JML 1-2 |
| २६ | कालिकोट | KLT | १ | १ | KLT 1-1 |
| | | KLT | | २ | KLT 1-2 |
| २७ | हुम्ला | HML | १ | १ | HML 1-1 |
| | | HML | | २ | HML 1-2 |
| २८ | जाजरकोट | JKT | १ | १ | JKT 1-1 |
| | | JKT | | २ | JKT 1-2 |
| २९ | बाजुरा | BJR | १ | १ | BJR 1-1 |
| | | BJR | | २ | BJR 1-2 |
| ३० | बझाङ | BNG | १ | १ | BNG 1-1 |
| | | BNG | | २ | BNG 1-2 |
| ३१ | दार्चुला | DRC | १ | १ | DRC 1-1 |

| | | | | | |
|---|---|---|---|---|---|
| | | DRC | | २ | DRC 1-2 |
| ३२ | बैतडी | BTD | १ | १ | BTD 1-1 |
| | | BTD | | २ | BTD 1-2 |

- *प्रतिनिधि सभाको मतपत्रमा भने अङ्ग्रेजी अल्फाबेट र त्यसको पछि कुन निर्वाचन क्षेत्र हो, सो जनाउने अङ्क राखिएको ।*
- *यसै गरी वि.सं. २०७४ साल मङ्सिर २१ गते दोस्रो चरणमा निर्वाचन सम्पन्न गरिएका ४५ जिल्लामा पनि यही नीति र प्रक्रिया अनुरूप मतपत्रमा कोड छपाइ गरिएको ।*

### ३.१.३३.११ मतपत्र सम्बन्धी विषयमा प्रश्न र निकास

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य पदको निर्वाचन एकै पटक हुने भएकोले उपलब्ध पूर्वाधार, मतदान व्यवस्थापनमा सहजता र समय सीमा समेतको कारण समानुपातिक निर्वाचन प्रणाली बमोजिमको निर्वाचनका लागि एउटै पानामा माथिल्लो खण्डमा प्रतिनिधि सभाको लागि मतपत्र-१ र तल्लो खण्डमा प्रदेश सभाको लागि मतपत्र-२ छपाइ गर्ने र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ पनि सोही अनुसार कागजको एउटै पानामा माथिल्लो खण्डमा प्रतिनिधि सभाको लागि मतपत्र-१ र प्रदेश सभाको लागि मतपत्र-२ गरी दुई वटा पानामा चार वटा मतपत्र छपाइ गर्ने निर्णय भई वि.सं. २०७४ साल साल असोजको तेस्रो हप्तादेखि समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ कार्य प्रारम्भ गरी कार्तिक महिनाको १८ गतेसम्म सो कार्य सम्पन्न गरिएको थियो ।

समानुपातिक निर्वाचन प्रणालीतर्फको दुई वटा मतपत्र एउटा पानामा र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको दुई वटा मतपत्र एउटा पानामा छपाइ गर्ने गरी आयोगबाट भएको निर्णय विरुद्ध सर्वोच्च अदालतमा परेका दुई वटा अलगअलग रिट निवेदनका सम्बन्धमा सर्वोच्च अदालतबाट भएको आदेश र त्यसमा अभिव्यक्त भावनाबाट प्रतिनिधि सभा तथा प्रदेश सभाको लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको मतपत्र अलगअलग पानामा छपाइ गर्नुपर्ने अदालतको आदेश भएकोले आयोगको वि.सं.२०७४ साल कार्तिक १२ गतेको निर्णय अनुसार अलगअलग पानामा मतपत्र छपाइ गरिएको थियो ।

### ३.१.३३.१२ निर्वाचन चिह्नको क्रम संशोधन र परिमार्जन

आयोगले राजनीतिक दलहरूको पूर्व निर्धारित क्रमलाई संशोधन गरी 'राष्ट्रिय प्रजातन्त्र पार्टी (प्रजातान्त्रिक)' लाई क्रम सङ्ख्या ७ र 'नयाँ शक्ति पार्टी, नेपाल' लाई क्रम सङ्ख्या २१ मा रहने गरी वि.सं. २०७४ साल असोज १७ गते निर्णय गरेको थियो । यस निर्णय पश्चात् यी दुवै दल वि.सं. २०७० को संविधान सभामा संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दलका रूपमा स्थापित हुन पुगेका थिए । यस निर्णयपछि माथिको निर्वाचन चिह्नको सूचीको क्रममा पनि यसै निर्णय अनुसार सच्याउने काम भएको थियो ।

आयोगले साबिकमा वितरित केही राजनीतिक दलको निर्वाचन चिह्नलाई सम्बन्धित दलको अनुरोधमा देहाय बमोजिम परिमार्जन गरी दललाई प्रदान गरेको थियो :

(क) आयोगले सम्बन्धित दलको अनुरोधमा वि.सं. २०७४ साल असोज ९ गतेको निर्णयले उल्लिखित निर्वाचन चिह्न मध्ये देहायका निर्वाचन चिह्नलाई मतपत्र छपाइ गर्नुअघि देहाय बमोजिम परिमार्जन गरी सम्बन्धित दललाई प्रदान गरेको थियो :

| **क.सं.** | **राजनीतिक दलको नाम** | **प्रदान गरिएको निर्वाचन चिन्ह** |
|---|---|---|
| १ | राष्ट्रिय जनता पार्टी नेपाल |  ढल्केको छाता |

(ख) आयोगले सम्बन्धित दलको अनुरोधमा वि.सं. २०७४ साल असोज १२ गतेको निर्णयले माथि उल्लिखित निर्वाचन चिह्न मध्ये देहायका निर्वाचन चिह्नलाई मतपत्र छपाइ गर्नुअघि देहाय बमोजिम परिमार्जन गरी सम्बन्धित दललाई प्रदान गरेको थियो :

| **क.सं.** | **राजनीतिक दलको नाम** | **प्रदान गरिएको निर्वाचन चिन्ह** |
|---|---|---|
| १. | नेपाल लोकतान्त्रिक जनता काँग्रेस |  दुई आँखा |
| २. | नेपाल जनता पार्टी |  कमलको फूल |

### ३.१.३३.१३ स्वतन्त्र निर्वाचन चिह्नका समूह

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य पदमा स्वतन्त्र उम्मेदवारी दिने उम्मेदवारका लागि आयोगले अलगअलग प्रतिनिधि सभा र प्रदेश सभागत स्वतन्त्र निर्वाचन चिह्नहरूको समूह निर्धारण गरेको थियो । स्वतन्त्र रूपमा उम्मेदवारी दिने उम्मेदवारले उक्त समूहभित्रको निर्वाचन चिह्न प्रयोग गरेका थिए ।

**(क) प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि स्वतन्त्र निर्वाचन चिह्न समूह :**

| | | | |
|---|---|---|---|
|  चङ्गा |  शङ्ख |  डुङ्गा |  गुलाफको फूल |
|  क्रिकेट ब्याट |  चियाको पात |  कुचो (झाडु) |  आप |
|  सिलिङ फ्यान |  बिरालो |  कैंची |  बादेल |
|  हेलमेट |  माहुरी |  दराज |  प्लेट सेट |
|  टेबुल |  सेलरोटी |  बाल्टिन |  फ्राई प्यान |
|  क्यामेरा |  ह्यान्ड ब्याग |  जोडा नरिवल |  किताब |

| | | | |
|---|---|---|---|
|  मैनबत्ती |  कलम |  पानीजहाज |  आइरन |
|  कप प्लेट |  टेलिभिजन |  जोडी चप्पल |  रेडियो |
|  डोजर |  हार्मोनियम |  घैँटो |  ब्रिफकेस |
|  झ्याल |  सिट्ठी |  झोलुङ्गे पुल |  ह्याट |
|  ग्यास सिलिन्डर |  ग्यास चुलो |  स्टूल |  मकै |
|  औँठी |  डाडु पन्यु |  फिरफिरे |  तुम्लेट |
|  चल्ला |  लाटोकोसेरो | | |

**द्रष्टव्य :** उल्लिखित निर्वाचन चिह्नमध्ये आयोगले बाल्टिन र घैंटो निर्वाचन चिह्नलाई पछिल्लो समयमा आएर यस समूहबाट हटाएको थियो ।

**(ख) प्रदेश सभा सदस्य निर्वाचनका लागि स्वतन्त्र निर्वाचन चिह्नका समूह**

| | | | |
|---|---|---|---|
| <br>बाख्रो | <br>ड्रम | <br>जिप | <br>सारङ्गी |
| <br>स्कुटर | <br>हेडफोन | <br>भऱ्याङ | <br>चकला बेलना |
| <br>कपाल कोर्ने ब्रस | <br>हाते पङ्खा | <br>दूरबिन | <br>मोबाइल फोन |
| <br>क्लिप | <br>ओदान | <br>पेन्सिल कटर र सिसाकलम | <br>डल्फिन |
| <br>मयुरको प्वाँख | <br>ब्यामिन्टन र्‍याकेट | <br>गन्जी | <br>केबुलकार |

| | | | |
|---|---|---|---|
|  पेन्टिङ बुरुस |  सिएफएल चिम |  Σयाली |  पन्चिङ मेसिन |
|  ब्याट्री |  नेल कटर |  कराही |  जिपर |
|  पानीको बोतल |  बोक्रा छोडाएको केरा |  लुगा झुन्ड्याउने ह्याङ्गर |  घुम्ने कुर्सी |
|  चुलेसी |  खरबुजा |  अन्तराप |  बालक |
|  अनार |  चिम |  भङ्गेरा |  ब्याटमिन्टन कर्क |
|  क्यालकुलेटर |  जाली |  काउली |  गोही |

| | | | |
|---|---|---|---|
|  फ्रक |  हजारी |  चिल |  फुटबल खेलाडी |
|  जाातो |  पत्र मञ्जुषा | | |

### ३.१.३३.१४ मतपत्र छपाइको कागज र मतपत्रको प्रकार

प्रतिनिधि सभा सदस्य निर्वाचन, २०७४ का लागि आयोगले छपाइ गरेका सबै मतपत्र ७० जिएसएम म्याप लिथो ह्वाइट पेपरमा छपाइ गरिएको थियो ।

प्रतिनिधि सभा सदस्य निर्वाचनको लागि पहिलो हुने निवाचित हुने निर्वाचन प्रणाली तर्फको निर्वाचनको लागि प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र सङ्ख्या अनुसार १६५ प्रकारका मतपत्र छपाइ गरी मतदानको व्यवस्था मिलाइएको थियो । यसरी नै समानुपातिक निर्वाचन प्रणाली तर्फ सातै प्रदेशमा मतपत्रको माथिल्लो भागको मतपत्र-१ मा प्रतिनिधि सभा सदस्य निर्वाचन अन्तर्गतको समानुपातिक निर्वाचन प्रणालीको मतपत्र र मतपत्रको तल्लो भागको मतपत्र-२ मा सम्बन्धित प्रदेशको समानुपातिक निर्वाचन प्रणाली तर्फको मतपत्र राखी प्रदेशगत रूपमा ७ प्रकारका मतपत्र छपाइ गरी मतदानको व्यवस्था मिलाइएको थियो । प्रतिनिधि सभा सदस्यको समानुपातिक निर्वाचन प्रणाली तर्फ निर्वाचनमा भाग लिन आयोगमा दल दर्ता गराउने दल र यथार्थमा निर्वाचनमा भाग लिने दलको सङ्ख्या धेरै अन्तर भएकाले मतपत्रमा अनावश्यक चिह्न बढी राख्नु परेको अवस्था थियो । सात प्रदेशको मतपत्रको सात नमुना परिशिष्ट-३३ मा प्रस्तुत गरिएको छ ।

### ३.१.३३.१५ मतपत्र छपाइ सङ्ख्या

मतपत्र सम्बन्धी कामलाई भरपर्दो र गुणस्तरयुक्त बनाउन आवश्यक हुन्छ । यस क्रममा मतदान केन्द्रसम्म मतपत्र पुऱ्याउँदा विभिन्न प्रक्रिया पूरा भएर मात्र मतपत्र त्यहाँ पुग्छन् । यसै कुरालाई ध्यानमा राखी आयोगले जिल्लास्तरमा हुने मतपत्र रूजु, प्याकिङ र ढुवानी गर्दा हुन सक्ने नोक्सानी, पुनः मतदान गरिनु पर्ने अवस्थामा थप आवश्यक हुने मतपत्रको अनुमानित सङ्ख्या समेतलाई ध्यानमा राखी आयोगले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली प्रत्येकको १,७४,५९,००० थान गरी ५,२३,७७,००० मतपत्र छपाइ गरेको थियो ।

### ३.१.३३.१६ मतपत्र दोहोरो छपाइ

वि.सं. २०७४ साल मङ्सिर १० गते र वि.सं. २०७४ साल मङ्सिर २१ गते दुई चरणमा सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको निर्वाचनका लागि छपाइ गरिएका मतपत्रमध्ये देहायका निर्वाचन क्षेत्रका मतपत्र पुनः छपाइ गर्नुपरेको थियो :

(१) प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनको लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको मतपत्र कागजको एउटै सिटमा माथिल्लो भागमा प्रतिनिधि सभा सदस्य र तल्लो भागमा प्रदेश सभा सदस्यको लागि मतदान गर्ने गरी छपाइ गर्न छपाइ गर्नुपर्ने सङ्ख्या र आकार खुलाई आयोगको च.नं.०७४।७५ नि.२.२-२२२ मिति २०७४।७।१० को पत्रबाट मुगु, दार्चुला र कालिकोट जिल्लाको मतपत्र छपाइका लागि जनक शिक्षा सामग्री केन्द्र लि. मा लेखी पठाइएकोमा पछिल्लो परिस्थितिमा प्रतिनिधि सभा र प्रदेश सभाको लागि कागजको अलगअलग सिटमा छुट्टाछुट्टै मतपत्र छाप्ने क्रममा यस अघि छपाइ भइसकेको मुगु जिल्लाको ३६,००० (छत्तिस हजार) थान मतपत्र नष्ट गरी आयोगको वि.सं. २०७४ साल कार्तिक १२ गतेको निर्णयानुसार सोही सङ्ख्यामा पुनः अलगअलग मतपत्र छपाइ गर्नुपरेको थियो ।

(२) प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनका लागि पहिलो चरणमा निर्वाचन हुने दोलखा जिल्ला प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नम्बर १ को प्रदेश नं. २ मा 'मुट्ठी' निर्वाचन चिह्न प्राप्त गरेको 'देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल' को तर्फबाट भएको उम्मेदवारीलाई सम्बन्धित निर्वाचन अधिकृतबाट 'ऐना' निर्वाचन चिह्न प्राप्त गरेको 'देशभक्त लोकतान्त्रिक पार्टी' भनी निर्वाचन आयोगमा लेखी आएकाले सोही अनुसार मतपत्र तयार गरी पठाइएकोमा मतपत्र जिल्लामा प्राप्त हुन पुगेपछि सो कुरा गल्ती भयो भनी सम्बन्धित निर्वाचन अधिकृतबाट पत्राचार भई उल्लेख भए बमोजिम मतपत्र सच्याई पुनः छपाइ गरी पठाउनु परेको । यसरी दोहोरो छपाइ गर्नु परेको मतपत्रको सङ्ख्या ८३,००० थियो ।

(३) प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनका लागि दोस्रो चरणमा निर्वाचन हुने नवलपरासी (बर्दघाट सुस्तापूर्व) जिल्लाको प्रदेश नं. २ को मतपत्र वेबसाइटमा राखिसकेपछि मतपत्र बिग्रेको भन्ने जानकारी निर्वाचन अधिकृतबाट प्राप्त हुन आयो । यसरी जानकारी प्राप्त भएपछि सम्बन्धित निर्वाचन अधिकृतलाई आफ्नो अभिलेख हेर्न भनिएकोमा निजबाट कार्यालयको अभिलेख हेर्दा 'सिपाही' निर्वाचन चिह्न प्राप्त गरेको 'राष्ट्रिय शिव सेना पार्टी' को तर्फबाट भएको उम्मेदवारीलाई सम्बन्धित निर्वाचन अधिकृतबाट 'डमरु' निर्वाचन चिह्न प्राप्त गरेको 'शिव सेना नेपाल' भनी निर्वाचन आयोगमा लेखी आएकोले संशोधित जानकारी अनुसार ६१,००० मतपत्र पुनः छपाइ गर्नु परेको ।

(४) प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनका लागि दोस्रो चरणमा निर्वाचन हुने सिराहा जिल्ला प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. १ अन्तर्गतको प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं. २ को मतपत्र वेबसाइटमा राखिसकेपछि मतपत्र बिग्रेको भन्ने जानकारी निर्वाचन अधिकृतबाट जानकारी हुन आयो । यसरी जानकारी प्राप्त भएपछि सम्बन्धित निर्वाचन अधिकृतलाई आफ्नो अभिलेख हेर्न भनिएकोमा निजबाट कार्यालयको अभिलेख हेर्दा 'दाप सहितको खुकुरी' निर्वाचन चिह्न प्राप्त गरेको 'संघीय लोकतान्त्रिक राष्ट्रिय मन्च' पार्टीको तर्फबाट भएको उम्मेदवारीलाई सम्बन्धित निर्वाचन अधिकृतबाट 'गाग्री' निर्वाचन चिह्न प्राप्त गरेको 'संघीय लोकतान्त्रिक राष्ट्रिय मन्च (थरुहट)' भनी निर्वाचन आयोगमा लेखी आएकोले संशोधित जानकारी अनुसारको मतपत्र पुनः छपाइ गर्नु परेको । यसरी दोहोरो छपाइ गर्नु परेको मतपत्रको सङ्ख्या ५२,००० थियो ।

(५) प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनका लागि दोस्रो चरणमा निर्वाचन हुने बर्दिया जिल्ला प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. २ अन्तर्गतको प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं. २ मा उम्मेदवारी दर्ता गरी निर्वाचन चिह्न समेत प्राप्त गरिसकेका राष्ट्रिय प्रजातन्त्र पार्टीका उम्मेदवारको निर्वाचन अगावै मृत्यु हुन गएकोले सो क्षेत्रमा सो पार्टीका लागि आयोगले पुन निर्वाचन कार्यक्रम प्रकाशित गर्दा सो पार्टीका तर्फबाट कसैको पनि उम्मेदवारी दर्ता हुन नआएको, तर त्यस क्षेत्रको लागि आवश्यक पर्ने मतपत्र यस अगावै छपाइ भइसकेको अवस्थामा राष्ट्रिय प्रजातन्त्र पार्टीको उम्मेदवारलाई दिइएको 'गाई' निर्वाचन चिह्न हटाई पुनः मतपत्र छपाइ गरी पठाउनु परेको । यसरी पुनः छपाइ गर्नु परेको मतपत्रको सङ्ख्या ७०,००० थियो ।

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७४ मा आयोगले यसरी कुल ३,०२,००० मतपत्र दोहोरो छपाइ गर्नुपरेको थियो ।

### ३.१.३३.१७ निर्वाचन चिह्न वितरणमा भएको त्रुटिका कारण पुनः मतपत्र छपाई

निर्वाचन चिह्न वितरणमा भएको त्रुटिका कारण देहाय बमोजिम पुनः मतपत्र छपाई गरिएको थियो

(क) पहिलो चरणमा निर्वाचन हुने नुवाकोट जिल्ला प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. १ का एकीकृत राष्ट्रिय प्रजातन्त्र पार्टी (राष्ट्रवादी) का उम्मेदवार विमल थापालाई उक्त पार्टीको 'आयातकारभित्रको हलो' निर्वाचन चिह्न प्रदान गर्नुपर्नेमा 'गोलाकारभित्रको हलो' प्रदान गरी आयोगमा प्राप्त भएकोमा मतपत्र तयारी क्रममा सो त्रुटि फेला परी सम्बन्धित निर्वाचन अधिकृतलाई जानकारी गराएपछि 'आयातकारभित्रको हलो' निर्वाचन चिह्न प्रदान भई आएकाले सोही अनुसार मिलाई मतपत्र तयारी र छपाइ गरी पठाइएको थियो । सुरुमा शब्दमा 'आयातकारभित्रको हलो' नै लेखिएको भए तापनि चिह्नमा भने गोलाकारभित्रको हलो बनाई पठाइएकाले दुबिधा उत्पन्न हुन गएको थियो ।

(ख) दोस्रो चरणमा निर्वाचन हुने पर्सा जिल्ला प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. ३ मा प्रतिनिधि सभा सदस्यका लागि स्वतन्त्र उम्मेदवारी दिएका धुरेन्द्र पटेललाई सम्बन्धित निर्वाचन अधिकृतले आयोगले खारेज गरेको 'घैंटो' निर्वाचन चिह्न प्रदान गरी आयोगमा जानकारी पठाएकोमा मतपत्र तयार गर्ने क्रममा सो त्रुटि फेला परी पुनः अर्को निर्वाचन चिह्न प्रदान गर्न भनिएपछि सम्बन्धित निर्वाचन अधिकृतबाट स्वतन्त्र समूहकै 'किताब' निर्वाचन चिह्न प्रदान गरी आयोगमा जानकारी पठाएकाले सो अनुसार मिलाई मतपत्र तयार गरी पठाइएको थियो ।

### ३.१.३३.१८ छपाइ गरिएका मतपत्रको अभिलेख

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनका लागि छपाइ गरिएका समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र, पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचनका लागि छपाइएका प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनका सबै क्षेत्रका मतपत्रको हार्डकपीको  अभिलेख आयोगमा सुरक्षित राखिएको छ । यसै गरी सेक्युरिटी फिचरहरू सहितको सबै निर्वाचन क्षेत्रको मतपत्रको सफ्टकपी (सि.डी). आयोगमा सुरक्षित रूपमा राखिएको छ ।

### ३.१.३३.१९ मतपत्र छपाइ

आयोगबाट प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन अन्तर्गत पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली दुवै तर्फका आवश्यक मतपत्र जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सानोठिमीमा छपाइ गरिएको थियो ।

### ३.१.३४ निर्वाचन मिति र मतदान समय

वि.सं. २०७४ साल मङ्सिर १० गते मुलुकभर एकै चरणमा निर्वाचन सम्पन्न गर्ने गरी नेपाल सरकारले सुरुमा वि.सं. २०७४ साल भदौ ५ गते निर्वाचन मितिको घोषणा गरेको थियो । तर आयोगसँगको थप परामर्श  समेतका आधारमा नेपाल सरकारले निर्वाचन मितिका सम्बन्धमा वि.सं. २०७४ साल  भदौ १४ गते वि.सं. २०७४ साल मङ्सिर १० गते पहिलो चरण र मङ्सिर २१ गते दोस्रो चरण गरी दुई चरणमा निर्वाचन गर्ने गरी निर्णय गरेको थियो ।हुने भयो । सो निर्णय बमोजिम आयोगले वि.सं. २०७४ साल मङ्सिर १० गते हिमाली तथा पहाडी भूगोलका विभिन्न बत्तिस जिल्लामा पहिलो चरणमा र वि.सं. २०७४ साल मङसिर २१ गते बाँकी पैंतालिस जिल्लामा दोस्रो चरणमा निर्वाचन सम्पन्न गरेको थियो ।

यस निर्वाचनमा अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, गर्भवती महिला लगायतलाई मतदान गर्न विशेष प्राथमिकता दिइएको थियो । उक्त मितिमा बिहान ०७.०० बजेदेखि बेलुका ५.०० सम्म शान्तिपूर्ण रुपमा मतदान कार्य सम्पन्न भएको थियो ।

### ३.१.३५ मतपेटिका सङ्कलन

निर्वाचनमा मतदान भएका मतपेटिका सङ्कलनको काम सुरक्षाका दृष्टिकोणले अत्यन्त संवेदनशील मानिन्छ । मतदान भइसकेका मतपेटिका सङ्कलनका सम्बन्धमा आयोगको पूर्वनिर्देशन समेतका आधारमा मतदान कार्य समाप्त भएपछि मतपेटिका सङ्कलनका लागि सबै जिल्लाले जिल्लास्तरीय सहयोग तथा समन्वय समिति र जिल्ला सुरक्षा समितिको बैठकको निर्णयानुसार स्थानीय परिवेश आकलन गरी मतपेटिका ढुवानी योजना तर्जुमा गरी सोही अनुसार मतदान भएका मतपेटिका सङ्कलन गरेका थिए ।

आयोगले सबै जिल्लालाई मतदानपछि मतदान भएका मतपेटिका र कर्मचारीहरू सुरक्षित रूपमा तोकिएको स्थानमा ल्याउने आवश्यक प्रबन्ध मिलाउन अग्रिम रूपमा निर्देशन र आवश्यक बजेट समेत उपलब्ध गराएको थियो । हिमाली जिल्लाका विकट स्थानमा रहेका मतदान केन्द्र र सुरक्षा चुनौतीका कारण स्थल मार्गबाट मतपेटिका ल्याउन जोखिम महसुस गरिएका कतिपय पहाडी जिल्लाका विभिन्न स्थानबाट हेलिकोप्टरमार्फत समेत मतपेटिका सङ्कलन गरिएको थियो ।

### ३.१.३६ पुनः मतदान कार्यक्रम

प्रतिनिधि सभा सदस्य निर्वाचन, २०७४ मा विगतका निर्वाचनका तुलनामा अत्यन्त न्यून ठाउँमा मात्र पुनः मतदान गर्नु परेको अवस्था थियो । मतदानको दिन मतदान केन्द्रमा उत्पन्न विवादका कारण पहिलो चरणको निर्वाचनमा रुकुमपश्चिम जिल्लाका दुई वटा मतदान केन्द्रमा र दोस्रो चरणमा अर्घाखाँची जिल्लाका दुई वटा मतदान केन्द्रमा मतदान हुन नसकेकोले ती केन्द्रमा अर्को दिन पुनः मतदान भएको थियो । यसरी गराइएको पुनः मतदान शान्तिपूर्ण रूपमा सम्पन्न भएको थियो । दुवै चरणका निर्वाचनमा पुनः मतदान कार्यक्रम भएका केन्द्रहरुको विवरण देहाय बमोजिम रहेको छ :

| क्रम सङ्ख्या | निर्वाचनको चरण | जिल्ला | गाउँपालिका/ नगरपालिका | मतदान केन्द्र | पुनः मतदान मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | पहिलो | रुकुमपश्चिम | बाँफीकोट गाउँपालिका | रत्न आधारभूत काँडा (क) | २०७४ मङ्सिर १५ गते शुक्रबार | प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि मात्र |
| २ | पहिलो | रुकुमपश्चिम | आठबिसकोट नगरपालिका | नेपाल राष्ट्रिय मा.वि. गतसैना (ख) | २०७४ मङ्सिर १५ गते शुक्रबार | समानुपातिक तर्फको निर्वाचनका लागि मात्र मतदान |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | दोस्रो | अर्घाखाँची | सन्धिखर्क नगरपालिका | मथुरा नन्दराम मा. वि. (ख) | २०७४ मङ्सिर २३ गते शनिबार | |
| ४ | दोस्रो | अर्घाखाँची | सन्धिखर्क नगरपालिका | मथुरा नन्दराम मा. वि. (ख) | २०७४ मङ्सिर २३ गते शनिबार | |

### ३.१.३७ मतदान गर्ने मतदाता सङ्ख्या र मतदान प्रतिशत

प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि वि.सं. २०७४ साल मङ्सिर १० गते भएको पहिलो चरणको बत्तिस जिल्लाको निर्वाचनमा २०,६८,७९८ मतदाताले मतदान गरेका थिए भने दोस्रो चरणको पैंतालिस जिल्लाको निर्वाचनमा ८५,२५,१७३ मतदाताले मतदान गरेका थिए । यसरी प्रतिनिधि सभा सदस्यको दुवै चरणको निर्वाचनमा मतदाता नामावलीमा नाम भएका कुल १,५४,२७,९३८ मतदाता मध्ये कुल १,०५,९३,९७१ मतदाताले मात्र मतदान गरेका थिए ।

प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि आयोगले तयार गरेको अन्तिम मतदाता नामावली सूचीमा पुरुष ७७,७६,६२८, महिला ७६,५१,१४३ र तेस्रो लिङ्गी १६७ गरी जम्मा १,५४,२७,९३८ मतदाता रहेकोमा त्यसमध्ये दुवै चरणको निर्वाचनमा गरी जम्मा १,०५,९३,९७१ (६८.६७ प्रतिशत) मतदाताले आफ्नो मताधिकार प्रयोग गरेका थिए ।

### ३.१.३८ मतगणना

पहिलो चरणको निर्वाचन २०७४ मङ्सिर १० गते नै सम्पन्न भए पनि मतगणना कार्य भने दुवै चरणको निर्वाचन सम्पन्न भइसकेपछि मात्र गर्ने नीति आयोगले लिएको थियो । आयोगको यसै नीति अनुरूप पहिलो चरणमा निर्वाचन सम्पन्न भएका बत्तिस जिल्लामा दोस्रो चरणको निर्वाचन सम्पन्न भएको वि.सं. २०७४ साल मङ्सिर २१ गते साँझ ५:०० बजेपछि र दोस्रो चरणमा मतदान सम्पन्न भएका पैंतालिस जिल्लामा जिल्लाका सबै मतदान केन्द्रबाट मतदान भएका मतपेटिकाहरू जिल्ला सदरमुकामस्थित निर्वाचन अधिकृतले तोकेको मतगणनास्थलमा ल्याइपुऱ्याएपछि मात्र मतगणना प्रारम्भ गरिएको थियो । मतगणना सम्बन्धी यस व्यवस्थाले पहिलो चरणको निर्वाचन परिणामको असर दोस्रो चरणको निर्वाचनमा पर्न सक्ने सम्भावनालाई न्यून गरेको थियो ।

आयोगको निर्देशन अनुरूप निर्वाचन अधिकृतहरूले सबैभन्दा पहिलो क्रममा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ मतदान भएको मतपत्र गणनाको काम सुरु गरेका थिए । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको मतपत्रको गणना सम्पन्न गरी त्यसको गणना परिणाम घोषणा गरेपछि मात्र समानुपातिक निर्वाचन प्रणाली तर्फको मतपत्र गणनाको काम सुरु गरिएको थियो ।

#### ३.१.३८.१ मतगणना निर्देशिका

प्रतिनिधि सभा सदस्य निर्वाचनको मतगणना कार्यलाई छिटोछरितो तथा व्यवस्थित, सहज, पारदर्शी र निष्पक्ष बनाउन आयोगले मतगणनाका पूर्वअनुभव र घटनाहरू समेतलाई दृष्टिगत गरी मतगणनाभन्दा पूर्व नै प्रतिनिधि सभा सदस्य निर्वाचन (मतगणना) निर्देशिका, २०७४ जारी गरी निर्वाचन अधिकृतहरूलाई उपलब्ध गराईएको थियो । यसैगरी मतगणना कार्यमा संलग्न हुने जनशक्तिलाई आवश्यक प्रशिक्षणको व्यवस्था पनि मिलाईएको थियो । उक्त व्यवस्थाका कारण मतगणना कार्य अपवाद बाहेक शान्तिपूर्ण रूपमा सम्पन्न भएको थियो ।

### ३.१.३९ निर्वाचन परिणाम

प्रतिनिधि सभा सदस्य निर्वाचन, २०७४ को निर्वाचन परिणाम देहाय बमोजिम रहेको थियो :

#### ३.१.३९.१ समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन परिणाम

प्रतिनिधि सभा सदस्य निर्वाचन, २०७४ अन्तर्गत समानुपातिक निर्वाचनबाट कुल ११० सिटका लागि राजनीतिक दललाई मतदान गरी निर्वाचन भएको थियो । दलहरूले मुलुकभरबाट प्राप्त गरेको मत एकीकृत गरी समानुपातिक निर्वाचन प्रणालीमा कुन दलले कति सिटमा विजय हासिल गर्न सके भनी निर्वाचन परिणाम निकालिएको थियो । यसरी परिणाम निकालिएको समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्वाचनमा भाग लिने सबै राजनीतिक दलहरूले प्राप्त गरेको सदर मत र प्रतिशतको विवरण परिशिष्ट-३४ मा प्रस्तुत गरिएको छ ।

उल्लिखित परिणामका आधारमा समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचनमा कुल ४९ राजनीतिक दलले आयोगमा उम्मेदवारको बन्दसूची पेश गरेकोमा निम्नलिखित पाँच राजनीतिक दलले मात्र गणना भएको सदर मतको तीन प्रतिशतभन्दा बढी मत प्राप्त गरेका दलबाट ११० जना उम्मेदवार निर्वाचित भएका थिए :

१. नेपाल कम्युनिष्ट पार्टी (एमाले),

२. नेपाली काँग्रेस,

३. नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र),

४. राष्ट्रिय जनता पार्टी नेपाल, र

५. संघीय समाजवादी फोरम नेपाल ।

उल्लिखित दलहरूले प्राप्त गरेको निर्वाचन परिणाम परिशिष्ट-३५ मा प्रस्तुत गरिएको छ ।

प्रतिनिधि सभा सदस्य निर्वाचन, २०७४ मा समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्वाचनमा भाग लिई ३ प्रतिशत वा सोभन्दा कम मत प्राप्त गर्ने राजनीतिक दलको सङ्ख्या ४४ रहेको थियो । उक्त राजनीतिक दल प्रत्येकले प्राप्त गरेको मतसङ्ख्या र सोको प्रतिशत परिशिष्ट-३६ मा प्रस्तुत गरिएको छ ।

### ३.१.३९.१ (क) राष्ट्रिय दलको मान्यता

राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५२ मा प्रतिनिधि सभाको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ कम्तीमा तीन प्रतिशत मत र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ एक सिट प्राप्त गर्ने दलले मात्र राष्ट्रिय दलको मान्यता प्राप्त गर्नेछ भन्ने उल्लेख भएको सन्दर्भमा प्रतिनिधि सभा सदस्य निर्वाचन, २०७४ मा देहायका दलले राष्ट्रिय दलको रूपमा मान्यता पाएका थिए :

१. नेपाल कम्युनिष्ट पार्टी (एमाले),

२. नेपाली काँग्रेस,

३. नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र),

४. राष्ट्रिय जनता पार्टी नेपाल, र

५. संघीय समाजवादी फोरम नेपाल ।

### ३.१.३९.१ (ख) समानुपातिक निर्वाचन प्रणालीको नतिजा प्रकाशन

नेपालको संविधानले नेपालको सङ्घीय संसद् प्रतिनिधि सभा र राष्ट्रिय सभा गरी द्विसदनात्मक हुने व्यवस्था गरेको छ। संविधानको धारा ८४ को उपधारा (८) मा सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दलबाट निर्वाचित कुल सदस्य सङ्ख्याको कम्तीमा एक तिहाइ महिला हुनुपर्ने व्यवस्था रहेको छ । प्रतिनिधि सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिमको निर्वाचनमा र राष्ट्रिय सभा सदस्यको निर्वाचनमा निर्वाचित सदस्यमध्ये कुनै राजनीतिक दलबाट एक तिहाइ सदस्य महिला निर्वाचित हुन नसकेमा प्रतिनिधि सभाका लागि समानुपातिक निर्वाचन प्रणालीबाट सदस्य निर्वाचित गर्दा आफ्नो दलबाट सङ्घीय संसद्मा निर्वाचित हुने कुल सदस्यको कम्तीमा एक तिहाइ महिला सदस्य हुने गरी निर्वाचित गर्नुपर्ने संबैधानिक व्यवस्था रहेको छ ।

नेपालको संविधानको धारा ८४ अनुसार गठन हुने प्रतिनिधि सभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली दुवैको निर्वाचन वि.सं. २०७४ साल मङ्सिर १० र वि.सं. २०७४ साल मङ्सिर २१ गते भएकोमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको निर्वाचन परिणाम प्रकाशन भइसकेर पनि समानुपातिक निर्वाचन प्रणाली तर्फ निर्वाचित उम्मेदवारको नाम प्रकाशन गर्न बाँकी रहेकोमा सङ्घीय संसद् अर्थात् संविधानको धारा ८४ बमोजिम गठन हुने प्रतिनिधि सभा र धारा ८६ बमोजिम गठन हुने राष्ट्रिय सभाको कुल सदस्य सङ्ख्यामा महिलाको प्रतिनिधित्व तेत्तिस प्रतिशत सुनिश्चित गराउने समेतको उल्लिखित संवैधानिक प्रावधान पूरा गर्न राष्ट्रिय सभा सदस्यको निर्वाचन वि.सं. २०७४ साल माघ २४ गते सम्पन्न भई त्यसको नतिजा सार्वजनिक भइसकेपछि मात्र आयोगले प्रतिनिधि सभा सदस्यको समानुपातिक निर्वाचन प्रणाली तर्फ विजयी उम्मेदवारको नाम वि.सं. २०७४ साल फागुन २ गते प्रकाशन गऱ्यो र सङ्घीय संसद्मा महिलाको प्रतिनिधित्वलाई सुनिश्चित गरेको थियो ।

### ३.१.३९.२ समानुपातिक निर्वाचन प्रणालीतर्फ दलगत विजयी सदस्यको विवरण

प्रतिनिधि सभा सदस्य निर्वाचन, २०७४ मा प्रतिनिधि सभाको समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचनमा भाग लिई तीन प्रतिशत वा सोभन्दा बढी मत ल्याई प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलमध्ये नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले ४१ स्थान, नेपाली काँग्रेसले ४० स्थान, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) ले १७ स्थान, राष्ट्रिय जनता पार्टी नेपालले ६ स्थान र संघीय समाजवादी फोरम, नेपालले ६ स्थान हासिल गरेका थिए। समानुपातिक निर्वाचन प्रणाली बमोजिम प्रत्येक राजनीतिक दलबाट निर्वाचित सदस्यको दलगत विवरण परिशिष्ट-३७ मा प्रस्तुत गरिएको छ।

### ३.१.३९.३ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको निर्वाचन परिणाम

मुलुकभरका एक सय पैंसठ्ठी प्रतिनिधि सभा सदस्य पदका लागि दुई चरणमा एक सय पैंसठ्ठी निर्वाचन क्षेत्रमा निर्वाचन सम्पन्न भएको थियो । यस निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ निर्वाचनमा भाग लिएका ५५ राजनीतिक दलमध्ये विभिन्न ९ राजनीतिक दलकातर्फबाट १६४ जना र स्वतन्त्र १ उम्मेदवार गरी जम्मा १६५ जना उम्मेदवार निर्वाचनमा विजयी भएका थिए। विभिन्न नौ राजनीतिक दल र स्वतन्त्र रूपमा निर्वाचित सदस्यको विवरण परिशिष्ट-३८ मा प्रस्तुत गरिएको छ।

यसरी नै पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ राजनीतिक दल तथा स्वतन्त्रबाट निर्वाचित उम्मेदवारको दलगत तथा स्वतन्त्र उम्मेदवारको अलगअलग विवरण परिशिष्ट-३९ मा प्रस्तुत गरिएको छ।

### ३.१.३९.४ निर्वाचित उम्मेदवारको सङ्ख्या

निर्वाचन, २०७४ मा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ निर्वाचित भएका एक सय पैंसठ्ठी प्रतिनिधि सभा सदस्यमध्ये महिलाको सङ्ख्या छ जना र पुरुषको सङ्ख्या एक सय उनन्साठी जना रहेको थियो । राजनीतिक दल र स्वतन्त्र हैसियतबाट निर्वाचित सदस्यहरूको विवरण परिशिष्ट-४० मा प्रस्तुत गरिएको छ।

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ विभिन्न तीन राजनीतिक दलबाट निर्वाचित प्रतिनिधि सभाका ६ जना महिला सदस्यको विवरण परिशिष्ट-४१ मा प्रस्तुत गरिएको छ।

यसैगरी प्रतिनिधि सभा सदस्य निर्वाचन, २०७४ मा समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्वाचित महिला प्रतिनिधि सभा सदस्यको सङ्ख्या १०८ जना रहेको थियो । यस प्रणालीतर्फ निर्वाचित महिला सदस्यको विवरण परिशिष्ट-४२ मा प्रस्तुत गरिएको छ।

### ३.१.३९.५ शपथ सम्बन्धी व्यवस्था

प्रतिनिधि सभा सदस्य निर्वाचनमा विजयी प्रतिनिधि सभा सदस्यले प्रतिनिधि सभा वा त्यसको कुनै समितिको बैठकमा भाग लिनुअघि प्रतिनिधि सभाको अध्यक्षता गर्ने व्यक्ति समक्ष प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ बमोजिम तोकिएको ढाँचामा शपथ लिनु पर्नेछ। यसरी गरिने शपथ ग्रहणको ढाँचा परिशिष्ट-७१ मा प्रस्तुत गरिएको छ।

### ३.१.४० निर्वाचनमा भाग लिएका राजनीतिक दल र निर्वाचित सदस्यको विवरण

प्रतिनिधि सभा सदस्य निर्वाचन, २०७४ मा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ ५५ र समानुपातिक निर्वाचन प्रणाली तर्फ ४९ राजनीतिक दलले आफ्नो उम्मेदवारी दिई निर्वाचनमा भाग लिएका थिए।

नेपालको संविधान बमोजिम सङ्घीय संसद् अन्तर्गतको प्रतिनिधि सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट निर्वाचित हुने १६५ सदस्य र समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने ११० सदस्य गरी कुल २७५ सदस्य रहने व्यवस्था छ। प्रतिनिधि सभाका सदस्य पदपूर्तिका लागि वि.सं. २०७४ साल मङ्सिर १० र वि.सं. २०७४ साल मङ्सिर २१ गते गरी दुई चरणमा प्रतिनिधि सभा सदस्य निर्वाचन भएको थियो। यसरी प्रतिनिधि सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली दुवै तर्फबाट विभिन्न राजनीतिक दल र स्वतन्त्र गरी निर्वाचित सदस्यको समग्र सङ्ख्यात्मक विवरण परिशिष्ट-४३ मा प्रस्तुत गरिएको छ।

### ३.१.४१ निर्वाचनमा भाग लिन निवेदन दिएर पनि भाग नलिएका दल

प्रतिनिधि सभा सदस्य निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ९१ र समानुपातिक निर्वाचन प्रणालीतर्फ ८८ राजनीतिक दलले निर्वाचनमा भाग लिने प्रयोजनका लागि आयोगमा दल दर्ता गराएका थिए। पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ५५ राजनीतिक दलले मात्र निर्वाचनमा भाग लिएका थिए भने ३६ राजनीतिक दलले निर्वाचनमा भाग लिएका थिएनन्। यसैगरी समानुपातिक निर्वाचन प्रणालीतर्फ ४९ राजनीतिक दलले भाग लिएका थिए भने ३९ राजनीतिक दलले निर्वाचनमा भाग लिन निवेदन दिएर पनि भाग लिएका थिएनन्।

### ३.१.४२ प्रतिनिधि सभा सदस्य निर्वाचनको सङ्क्षिप्त नतिजा

प्रतिनिधि सभा सदस्य निर्वाचन, २०७४ मा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका जम्मा १,५४,२७,९३८ मतदातामध्ये जम्मा १,०५,९४,०४४ मतदाताले मतदान गरेकोमा सोमध्ये १,००,४५,४७४ (९४.८२ प्रतिशत) मत सदर ५,४८,५७० (५.१८ प्रतिशत) बदर भएको थियो।

यसैगरी प्रतिनिधि सभा सदस्य निर्वाचन, २०७४ मा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीतर्फबाट निर्वाचित महिला तथा पुरुष सदस्यको संख्या र निर्वाचित महिला सदस्यको प्रतिशत यस प्रकार देहाय बमोजिम रहेको छ :

| प्रदेश नं. | पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली | | | समानुपातिक निर्वाचन प्रणाली | | | कुल जम्मा | | | महिलाको प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| प्रदेश नम्बर-१ | १ | २७ | २८ | ८४ | २६ | ११० | ९० | १८५ | २७५ | ३२.७३ |
| प्रदेश नम्बर-२ | | ३२ | ३२ | | | | | | | |
| प्रदेश नम्बर-३ | १ | ३२ | ३३ | | | | | | | |
| प्रदेश नम्बर-४ | १ | १७ | १८ | | | | | | | |
| प्रदेश नम्बर-५ | २ | २४ | २६ | | | | | | | |
| प्रदेश नम्बर-६ | | १२ | १२ | | | | | | | |
| प्रदेश नम्बर-७ | १ | १५ | १६ | | | | | | | |
| कुल जम्मा | ६ | १५९ | १६५ | ८४ | २६ | ११० | ९० | १८५ | २७५ | ३२.७३ |

प्रतिनिधि सभा सदस्य निर्वाचन सम्पन्न भएपछि आयोगबाट पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीतर्फबाट सदस्यहरुको विवरण सहितको निर्वाचन परिणाम पुस्तक प्रकाशन गरिएको थियो ।

## ३.२ प्रदेश सभा सदस्य निर्वाचन

### ३.२.१ पृष्ठभूमि

वि.सं. २०७० साल मङ्सिर ४ गते मङ्गलबार सम्पन्न भएको अर्को संविधान सभाको निर्वाचनले निर्वाचित गरेको संविधान सभाले वि.सं. २०७२ साल असोज ३ गते आइतबारका दिन संविधान

सभाबाट नेपालको संविधान जारी गर्‍यो । संविधान जारी हुँदा संविधानको भाग-३३ सङ्क्रमणकालीन व्यवस्था अन्तर्गत धारा २९६ को उपधारा (१) ले यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेको संविधान सभा यो संविधान प्रारम्भ भएपछि व्यवस्थापिका-संसद्मा स्वतः रूपान्तरण हुने र त्यस्तो व्यवस्थापिका-संसद्को कार्यकाल वि.सं. २०७४ साल माघ ७ गतेसम्म कायम रहने र सोही धाराको उपधारा (३) ले यस संविधान बमोजिम सङ्घीय संसद्ले सम्पादन गर्नुपर्ने काम यस संविधान बमोजिम प्रतिनिधि सभाको निर्वाचन नभएसम्म उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसद्ले गर्ने कुरा प्रस्ट उल्लेख गर्‍यो । नयाँ जारी भएको नेपालको संविधानले प्रदेश सभाको निर्वाचनलाई मार्ग प्रशस्त गरेको थियो ।

### ३.२.२ आयोगको संवैधानिक जिम्मेवारी

नेपालको संविधानले निर्वाचन आयोगलाई राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसद्का सदस्य, प्रदेश सभाका सदस्य र स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने, निर्वाचन प्रयोजनका लागि मतदाता नामावली तयार गर्ने तथा राष्ट्रिय महत्वका विषयमा जनमत सङ्ग्रह गराउने समेतको जिम्मेवारी तोकेको छ । राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसद्का सदस्य, प्रदेश सभाका सदस्य वा स्थानीय तहका सदस्यका लागि उम्मेदवारीको मनोनयन दर्ता भइसकेको तर निर्वाचन परिणाम घोषणा भइनसकेको अवस्थामा कुनै उम्मेदवारको योग्यता सम्बन्धमा कुनै प्रश्न उठेमा त्यसको निर्णय आयोगले गर्नेछ । संविधानले निर्वाचन आयोगलाई स्वतन्त्र र निश्पक्ष निर्वाचन गराउने संवैधानिक अङ्गमा रूपमा स्थापित गरेको छ ।

### ३.२.३ राज्यको पुनर्संरचना र निर्वाचनको अपरिहार्यता

संविधान सभाबाट जारी भएको नेपालको संविधानले मुलुकलाई पहिलो पटक सङ्घ, प्रदेश र स्थानीय तहमा पुनर्संरचना गरी तीन तहको शासन व्यवस्थाको सुरुवात गर्‍यो । यस किसिमको सुरुवातसँगैको पुनर्संरचनाले मुलुकलाई सात प्रदेश र सात सय त्रिपन्न स्थानीय तहमा संरचित गर्‍यो । यसरी विधायिकी अधिकार सहितको प्रदेश सभाको व्यवस्था नेपालको सन्दर्भमा नयाँ थियो । स्थानीय तहको गठन नभएसम्म सङ्घीय संसद् गठन हुन नसक्ने निर्वाचन विधि अवलम्बन गरी राज्यका तीन वटै तह बिच एक आपसमा अन्योन्याश्रित सम्बन्ध हुनुपर्ने कुरालाई पनि संविधानले आत्मसात् गर्‍यो ।

संविधान कार्यान्वयनका लागि यथाशक्य छिटो स्थानीय तह, प्रदेश सभा र सङ्घीय संसद्को निर्वाचन सम्पन्न गर्नुपर्ने महत्वपूर्ण दायित्व आयोग सामु आयो । आयोगले नेपाल सरकारले तोके अनुसारका विभिन्न मितिमा स्थानीय तहको निर्वाचन सम्पन्न गरेको थियो । वि.सं. २०७४ साल माघ ७ गतेसम्म व्यवस्थापिका-संसद्को कार्यकाल रहने संवैधानिक व्यवस्था बमोजिम सरकारलाई बाँकी निर्वाचनको मिति पनि शीघ्रातिशीघ्र घोषणा गर्न आयोगले निरन्तर परामर्श दिइरह्यो । अन्ततः वि.सं. २०७४ साल मङ्सिरमा प्रतिनिधि सभाको निर्वाचन सँगसँगै प्रदेश सभाको पनि निर्वाचन गराउने तयारीमा पुगी सरकारले निर्वाचन मितिको घोषणा गरेको थियो ।

### ३.२.४ प्रदेश सभाको गठन

नेपालको संविधानले व्यवस्था गरेको मुलुकको सात प्रदेशमा रहने प्रदेश सभा एक सदनात्मक प्रदेश व्यवस्थापिका हुन् । संविधानको धारा १७६ को उपधारा (१) ले प्रदेश सभामा देहाय बमोजिमको सङ्ख्यामा सदस्य रहने व्यवस्था गरेको छ :

(क) सम्बन्धित प्रदेशबाट प्रतिनिधि सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने सदस्य सङ्ख्याको दोब्बर सङ्ख्यामा हुन आउने सदस्य,

(ख) माथिको खण्ड (क) बमोजिम कायम हुने सदस्य सङ्ख्यालाई साठी प्रतिशत मानी बाँकी चालिस प्रतिशतमा समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने सदस्य ।

समानुपातिक निर्वाचन प्रणाली बमोजिम प्रदेश सभाको निर्वाचनको लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसङ्ख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसङ्ख्यक समुदाय समेतबाट बन्दसूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था सङ्घीय कानुन बमोजिम गर्नुपर्ने र त्यसरी उम्मेदवारी दिँदा सम्बन्धित प्रदेशको भौगोलिक सन्तुलनलाई समेत दलहरूले ध्यान दिनुपर्ने व्यवस्था छ ।

### ३.२.५ निर्वाचन मिति घोषणा

स्थानीय तह निर्वाचनको दुई चरणको निर्वाचन सम्पन्न भई मुलुकभरका उनान्सत्तरी जिल्लामा स्थानीय तहको निर्वाचन सम्पन्न भइसकेको र प्रदेश नं. २ को निर्वाचन वि.सं. २०७४ साल असोज २ गते हुने गरी तोकिएको थियो । निर्वाचनको तयारी अघि बढिरहेको अवस्थामा वि.सं. २०७४ साल मङ्सिर १० गते आइतबारका दिन प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन एकै पटक एकै चरणमा गर्ने गरी नेपाल सरकार मन्त्रिपरिषद्ले वि.सं. २०७४ साल भदौ ५ गते निर्णय गरेको थियो । वि.सं. २०७४ साल मङ्सिर १० गते निर्वाचन गर्ने सरकारको यो निर्णयपछि निर्वाचन आयोगले प्रदेश सभा सदस्यको निर्वाचन एकसाथ अघि बढाएको थियो ।

### ३.२.६ निर्वाचन चरण र मितिमा पुनरावलोकन

नेपाल सरकार मन्त्रिपरिषद्को वि.सं. २०७४ साल भदौ ५ गतेको बैठकबाट वि.सं. २०७४ साल मङ्सिर १० गते आइतबारका दिन प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको निर्वाचन एकै चरणमा सम्पन्न गर्ने गरी निर्वाचनको मिति घोषणा भयो । उक्त घोषणा पछि आयोगको वि.सं. २०७४ साल भदौ ६ गते बसेको बैठकले एकै चरणमा निर्वाचन सम्पन्न गर्ने गरी निर्वाचनको मिति घोषणा हुँदा निर्वाचनको तयारी र व्यवस्थापनमा विविध जटिलता रहने, कथम्कदाचित उक्त मितिमा मौसमको अनुकूलता नभएमा अर्को चरणमा समेत निर्वाचन गराउनु पर्ने अवस्था रहने व्यहोरा समेत स्मरण गराउँदै निर्वाचनको मिति घोषणाका लागि नेपाल सरकारलाई धन्यवाद ज्ञापन गरेको

थियो । साथै प्रदेश सभा गठनका लागि घोषित निर्वाचन सम्पन्न गराउने प्रतिबद्धता समेत गरेको थियो ।

तोकिएको मितिमा निर्वाचन सम्पन्न गराउन आयोगले प्रतिबद्धता जनाउने क्रममा स्मरण गराएका कुरा समेतलाई दृष्टिगत गरी वि.सं.२०७४ साल भदौ १४ गते बसेको नेपाल सरकार मन्त्रिपरिषद्को बैठकबाट वि.सं. २०७४ साल मङ्सिर १० गते आइतबार पहिलो चरणमा र मङ्सिर २१ गते बिहीबार दोस्रो चरणमा एकै पटक प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको निर्वाचन सम्पन्न गर्ने निर्णय नेपाल सरकारबाट भएको थियो । यसरी दुई चरणमा निर्वाचन गर्ने निर्णय गर्दा सरकारले मुलुकको भौगोलिक अनुकूलता समेतलाई विचार गरी दोस्रो चरणमा सम्पन्न हुने निर्वाचनका लागि प्रदेश, जिल्ला, निर्वाचन क्षेत्रहरू निर्वाचन आयोगले नै निर्धारण गर्ने गरी जिम्मेवारी दिएको थियो ।

सरकारबाट यस्तो जिम्मेवारी पाएपछि आयोगले वि.सं.२०७४ साल भदौ १५ गते बसेको आयोगको बैठकबाट मुलुकका ७७ जिल्लामध्ये विभिन्न हिमाली तथा तथा पहाडी भेगका ३२ जिल्लामा वि.सं. २०७४ साल मङ्सिर १० गते पहिलो चरणमा र बाँकी ४५ जिल्लामा मङ्सिर २१ गते दोस्रो चरणमा प्रतिनिधि सभा तथा प्रदेश सभाको निर्वाचन सम्पन्न गर्ने निर्णय लियो । यसरी कति चरणमा निर्वाचन सम्पन्न गर्ने भन्ने विषयले निकास पायो । आयोगले पहिलो र दोस्रो चरणमा निर्वाचन गर्न निर्णय लिएका क्रमश: ३२ जिल्ला र ४५ जिल्लाको चरणगत नामावली परिशिष्ट-१८ मा प्रस्तुत गरिएको छ ।

### ३.२.७ प्रदेशगत रूपमा प्रदेश सभामा निर्वाचन गर्नुपर्ने पद सङ्ख्या

प्रदेश सभाको गठन देहाय बमोजिम हुने व्यवस्था संविधानले गरेको छ :

(क) सम्बन्धित प्रदेशबाट प्रतिनिधि सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने सदस्य सङ्ख्याको दोब्बर सङ्ख्यामा हुन आउने सदस्य,

(ख) माथिको खण्ड (क) बमोजिम कायम हुने सदस्य सङ्ख्यालाई साठी प्रतिशत मानी बाँकी चालिस प्रतिशतमा समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने सदस्य ।

**संविधानिक व्यवस्था अनुसार प्रदेश सभा सदस्यको निर्वाचन गर्नुपर्ने विवरण यस प्रकार छ :**

| क्रम सङ्ख्या | प्रदेश | प्रदेश सभाको सदस्य सङ्ख्या | पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट निर्वाचन गर्नुपर्ने | समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचन गर्नुपर्ने | जम्मा |
|---|---|---|---|---|---|
| १ | प्रदेश नम्बर-१ | ९३ | ५६ | ३७ | ९३ |
| २ | प्रदेश नम्बर-२ | १०७ | ६४ | ४३ | १०७ |
| ३ | प्रदेश नम्बर-३ | ११० | ६६ | ४४ | ११० |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | प्रदेश नम्बर-४ | ६० | ३६ | २४ | ६० |
| ५ | प्रदेश नम्बर-५ | ८७ | ५२ | ३५ | ८७ |
| ६ | प्रदेश नम्बर-६ | ४० | २४ | १६ | ४० |
| ७ | प्रदेश नम्बर-७ | ५३ | ३२ | २१ | ५३ |
| | **जम्मा** | **५५०** | **३३०** | **२२०** | **५५०** |

## ३.२.८ राजनीतिक दल दर्ता र निर्वाचनमा सहभागिता

### (क) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन प्रयोजनको लागि आयोगबाट मान्यता प्राप्त गर्न चाहने राजनीतिक दलले आयोगमा निवेदन पेश गरी दल दर्ता गर्नुपर्ने संवैधानिक व्यवस्था बमोजिम दल दर्ताका लागि निवेदन पेश गर्न आयोगले वि.सं. २०७४ साल साउन १४ गते नै गोरखापत्र दैनिकमा राजनीतिक दलहरूलाई दल दर्ता आव्हानको सूचना प्रकाशन गरेको थियो । आयोगबाट यसरी दल दर्ताको सूचना प्रकाशन भएपछि सूचनाको म्यादभित्र जम्मा ९५ राजनीतिक दलले आयोगमा निवेदन पेश गरेका थिए ।

यसरी निर्वाचन प्रयोजनका लागि आयोगमा दल दर्ताको निवेदन पेश गरिसकेपछि ती दलमध्ये समाजवादी जनता पार्टी र जनजागरण पार्टी नेपालले नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) को निर्वाचन चिह्न, राष्ट्रिय नागरिक पार्टीले शिव सेना नेपाल पार्टीको निर्वाचन चिह्न तथा पूर्व राष्ट्रसेवक लोकतान्त्रिक पार्टीले आधुनिक नेपाल पार्टीको निर्वाचन चिह्न लिई निर्वाचनमा भाग लिन सहमत भई आयोगमा संयुक्त निवेदन दिएपछि निर्वाचनमा भाग लिने ९५ दल भए पनि आयोगले कुल ९१ राजनीतिक दललाई प्रदेश सभा सदस्य निर्वाचन प्रयोजनको लागि आयोगमा दर्ता गरी ती दललाई ९१ निर्वाचन चिह्न प्रदान गरेको थियो । निर्वाचन प्रयोजनका लागि आयोगमा दल दर्ता गरी निर्वाचन चिह्न प्राप्त गरेका ९१ राजनीतिक दलको नाम परिशिष्ट-२० मा प्रस्तुत गरिएको छ ।

### (ख) समानुपातिक निर्वाचन प्रणाली

प्रदेश सभा सदस्य निर्वाचन अन्तर्गत समानुपातिक निर्वाचन प्रणाली तर्फको निर्वाचनमा भाग लिन चाहने राजनीतिक दलले कुनकुन प्रदेशमा भाग लिने हो सो अनुसार दल दर्ताको निवेदन दिनुपर्ने आयोगको सूचना अनुसार नै दल दर्ता गराएका थिए । यसरी प्रदेशगत रूपमा दर्ता हुन आएको दलको सङ्ख्या देहाय बमोजिम रहेको थियो :

| क्रम सङ्ख्या | प्रदेश | दल दर्ता गराउने दलको सङ्ख्या |
|---|---|---|
| १ | प्रदेश नम्बर-१ | ८७ |
| २ | प्रदेश नम्बर-२ | ८६ |

| | | |
|---|---|---|
| ३ | प्रदेश नम्बर-३ | ८६ |
| ४ | प्रदेश नम्बर-४ | ८२ |
| ५ | प्रदेश नम्बर-५ | ८४ |
| ६ | प्रदेश नम्बर-६ | ८२ |
| ७ | प्रदेश नम्बर-७ | ८३ |

यसरी समानुपातिक निर्वाचन प्रणाली तर्फ प्रदेशगत रूपमा निर्वाचनमा भाग लिन आयोगमा दल दर्ता गराएका दलको प्रदेशगत नामावली परिशिष्ट-४४ मा प्रस्तुत गरिएको छ ।

### ३.२.९ निर्वाचन कानुन

निर्वाचन मिति घोषणा हुँदा प्रदेश सभा सदस्य निर्वाचनका लागि आवश्यक हुने प्रदेश सभा सदस्य निर्वाचन ऐन जारी भइसकेको अवस्था थिएन । निर्वाचन सञ्चालन सम्बन्धी कानुन नै जारी भइनसकेको अवस्थामा निर्वाचन तयारीका सबै क्रियाकलाप एकसाथ अघि बढाउन आयोगलाई असहज भइरहेको थियो । यसैबिच निर्वाचन मिति घोषणा भएको अठारौँ दिन अर्थात् वि.सं. २०७४ साल भदौ २२ गते राष्ट्रपतिबाट प्रदेश सभा सदस्य निर्वाचन ऐन प्रमाणीकरण भयो र निर्वाचन ऐन बिहीन परिस्थितिको अन्त्य भयो ।

यसरी वि.सं. २०७४ साल भदौ २२ गते प्रदेश सभा सदस्य निर्वाचन ऐन जारी भएपछि वि.सं. २०७४ साल असोज १२ गते आयोगले प्रदेश सभा सदस्य निर्वाचन नियमावली, २०७४ स्वीकृत गरी कार्यान्वयनमा ल्यायो । यसपछि आयोगले निर्वाचनका सिलसिलामा आवश्यक पर्ने अन्य निर्वाचन निर्देशिका लगायतका कानुनी दस्तावेजहरू तयार गरी निर्वाचनको काम अघि बढायो ।

### ३.२.१० मतदाता नामावली

निर्वाचनको मिति घोषणा भइसकेपछि जुन निर्वाचन घोषणा भएको हो सो निर्वाचन प्रयोजनका लागि मतदाता नामावलीमा नाम दर्ता गरिने छैन भन्ने कानुनी व्यवस्था रहेको छ । यसै कुरालाई ध्यानमा राखी निर्वाचन मिति घोषणा हुनुअघि नै प्रतिनिधि सभा सदस्य निर्वाचनलाई समेत लक्ष्य गरी आयोगले वि.सं. २०७४ साल साउन १ गतेदेखि वि.सं. २०७४ साल भदौ ३ गतेसम्म मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम सञ्चालन गरेको थियो । यस सम्बन्धी अन्य विवरण र तथ्याङ्क प्रतिनिधि सभा सदस्य निर्वाचनको मतदाता नामावली शीर्षकमा उल्लेख गरिएको छ ।

#### ३.२.१०.१ अस्थायी मतदाता नामावली

समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनको प्रयोजनको लागि आयोगले छुट्टै अस्थायी मतदाता नामावली तयार गर्न सक्ने कानुनी प्रावधान भए पनि प्रदेश सभा सदस्य निर्वाचन, २०७४ मा यस्तो मतदाता नामावली तयार गरिएको थिएन ।

### ३.२.११ अठार वर्ष पुग्नुपर्ने निर्दिष्ट मिति (Cut off Date)

निर्वाचन आयोगले प्रदेश सभा सदस्य निर्वाचनका लागि नेपाल सरकारले निर्वाचन मिति घोषणा गरेको दिन अर्थात् वि.सं. २०७४ साल भदौ ५ गतेसम्म अठार वर्ष उमेर पूरा भएका मतदाताल सो निर्वाचनमा हुने मतदानमा मतदान गर्न पाउने गरी मतदाताको अठार वर्ष पुग्ने उमेर हदको निर्दिष्ट मिति (Cut off Date) तोकेको थियो ।

### ३.२.१२ निर्वाचन अधिकृतको नियुक्ति

प्रतिनिधि सभा सदस्य निर्वाचन अन्तर्गत पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फको निर्वाचन सञ्चालनका लागि आवश्यक पर्ने मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृत नियुक्तिका लागि आयोगले वि.सं. २०७४ साल असोज १७ गतेको निर्णयले न्यायपरिषद्को परामर्शमा सतहत्तर जिल्लाका लागि सतहत्तर जना जिल्ला न्यायाधीशलाई मुख्य निर्वाचन अधिकृतमा र न्याय सेवा आयोगको परामर्शमा नेपाल न्याय सेवाका राजपत्राङ्कित द्वितीय श्रेणीका अठासी जना अधिकृतलाई निर्वाचन अधिकृतमा नियुक्त गरेको थियो । यसरी नियुक्त गरिएका निर्वाचन अधिकृतहरूलाई नै उनीहरू नियुक्त प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र अन्तर्गत पर्ने दुई वटा प्रदेश सभा निर्वाचन क्षेत्रको निर्वाचन सम्बन्धी कार्य सञ्चालन गर्ने जिम्मेवारी पनि तोकिएको थियो ।

### ३.२.१३ निर्वाचन कार्यक्रम सञ्चालन

प्रतिनिधि सभा सदस्य निर्वाचन र प्रदेश सभा सदस्य निर्वाचन अन्तर्गत पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणलीको निर्वाचन कार्यक्रम एक साथ गर्ने कार्यक्रम भएकाले प्रतिनिधि सभा सदस्य निर्वाचन कार्यक्रम र प्रदेश सभा सदस्य निर्वाचनको निर्वाचन कार्यक्रम पनि निर्वाचन अधिकृतहरूले आयोगले तोकेको एउटै समयमा सञ्चालन गरेका थिए । दुबै चरणको सो निर्वाचन कार्यक्रम क्रमशः परिशिष्ट-२६ र परिशिष्ट-२७ मा प्रस्तुत गरिएको छ ।

### ३.२.१४ निर्वाचन प्रचार-प्रसार

प्रदेश सभा सदस्य पदमा उम्मेदवारी दिने पहिलो र दोस्रो दुवै चरणका उम्मेदवारहरूले निर्वाचन चिह्न प्राप्त गरिसकेपछि प्रचारप्रसारको समय तोकिएको थियो । निर्वाचन प्रचारप्रसारका लागि आयोगले करिब एक महिना समय उपलब्ध हुने गरी निर्वाचन कार्यक्रम निर्धारण गरेको थियो । यस्तो प्रचारप्रसारको कार्यक्रम निर्वाचनको दिन भन्दा अठ्चालिस घण्टा अघिसम्म कायम हुने व्यवस्था रहेको थियो ।

### ३.२.१५ मत सङ्केत चिह्न



प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को  दफा ३९ को उपदफा (३) मा मतदाताले मतपत्रमा तोकिए बमोजिमको छाप वा चिह्न गोप्य तवरले लगाई मतदान गर्नु पर्नेछ भन्ने उल्लेख गरेकाले ऐनको सो व्यवस्थालाई सम्बोधन गर्न आयोगले देहाय बमोजिमको स्वस्तिक छाप लगाई मतदाताले मतदान गर्नु पर्ने व्यवस्था गरेको थियो ।

### ३.२.१६ मतदान केन्द्र

प्रदेश सभा सदस्य निर्वाचनका लागि आयोगले आवश्यक सङ्ख्यामा मतदान केन्द्र तथा उपकेन्द्र तोक्न सक्ने अधिकार प्रदेश सभा सदस्य निर्वाचन ऐनको दफा ३४(१) ले व्यवस्था गरेको छ । आयोगले यस प्रयोजनका लागि पहिलो र दोस्रो चरणको निर्वाचनका लागि मुलुकभर १०,६७१ स्थलमा १९,८०९ मतदान केन्द्र तोकेको थियो । मतदान केन्द्रको यो सङ्ख्यालाई चरणगत रूपमा हेर्दा पहिलो चरणमा निर्वाचन हुने बत्तिस जिल्लामा २,९१९ स्थलमा ४,४६५ मतदान केन्द्र तोकिएका थिए भने दोस्रो चरणमा निर्वाचन हुने पैंतालिस जिल्लामा ७,७५२ स्थलमा १५,३४४ मतदान केन्द्र तोकिएका थिए ।

मतदान केन्द्र निर्धारण गर्दा एउटा मतदान केन्द्रमा सरदर १,०६४ मतदाता रहने गरी मतदान केन्द्र व्यवस्थापन गरिएको भए तापनि भौगोलिक विकटता, जनसङ्ख्याको घनत्व आदिका कारण मतदान केन्द्रमा मतदाताको सङ्ख्या त्योभन्दा निकै कम समेत हुने गरी फरकफरक रहेका थियो ।

अपाङ्गता भएका मतदाताको सहज पहुँचका लागि ६७ जिल्लाका १३८ मतदान स्थलहरूमा ह्वीलचेयर लैजान मिल्ने गरी मतदान केन्द्रको व्यवस्थापन गरिएको थियो ।

### ३.२.१७ उम्मेदवारको योग्यता

प्रदेश सभा सदस्य निर्वाचनमा कुनै पनि व्यक्ति उम्मेदवार हुन देहायको योग्यता पूरा गरेको हुनुपर्ने व्यवस्था प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १२ ले गरेको छ :

(क) नेपाली नागरिक,

(ख) सम्बन्धित प्रदेशभित्रको गाउँपालिका वा नगरपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको,

(ग) पच्चिस वर्ष उमेर पूरा भएको,

(घ) कुनै कानुनले अयोग्य नभएको, र

(ङ) कुनै लाभको पदमा बहाल नरहेको ।

**“लाभको पद”** भन्नाले निर्वाचन वा मनोनयनद्वारा पूर्ति गरिने राजनीतिक पद बाहेक कुनै सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने अन्य पद सम्झनु पर्ने कुरा ऐनमा उल्लेखित छ ।

### ३.२.१८ उम्मेदवारको अयोग्यता

प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १३ मा उम्मेदवारको अयोग्यताका सम्बन्धमा देहाय बमोजिमको व्यवस्था गरेको छ :

(क) उम्मेदवारको योग्यता महलमा उल्लेख भए बमोजिमको योग्यता नभएको,

(ख) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहमा तथा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल रहेको,

(ग) निर्वाचन सम्बन्धी प्रचलित कानुन बमोजिम सजाय पाई त्यस्तो सजाय भोगिसकेको मितिले दुई वर्ष भुक्तान नगरेको,

(घ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागु औषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौज्दारी कसुरमा सजाय पाई वा कुनै कसुरमा जन्मकैद वा बिस वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो फैसला अन्तिम भएको,

(ङ) सङ्गठित अपराध सम्बन्धी कसुरमा कैदको सजाय पाई वा कर्तव्य ज्यान सम्बन्धी कसुरमा बिस वर्षभन्दा कम कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले छ वर्ष पूरा नभएको,

(च) जातीय भेदभाव वा छुवाछुत, बोक्सी वा बहुविवाह सम्बन्धी कसुरमा कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले तीन वर्ष पूरा नभएको,

(छ) माथिको बुँदा नम्बर (ङ) र (च) मा उल्लेख गरिएका कसुर बाहेक अन्य कसुरमा पाँच वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले छ वर्ष पूरा नभएको,

(ज) प्रचलित कानुन बमोजिम कालो सूचीमा रहेकोमा सो अवधिभर,

(झ) कैदमा बसेकोमा कैद बसेको अवधिभर, र

(ञ) मानसिक सन्तुलन ठिक नभएको ।

### ३.२.१९ उम्मेदवारको उमेरको गणना

प्रदेश सभा सदस्य निर्वाचनमा उम्मेदवार हुनको लागि उम्मेदवारको उमेर पच्चिस वर्ष पूरा भएको हुनुपर्ने कुरा उम्मेदवारको योग्यता सम्बन्धी बुँदामा उल्लेख भएको छ । तर उम्मेदवारको उमेरको गणना गर्दा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १७ मा त्यसरी पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमा उम्मेदवार हुने व्यक्ति मनोनयनपत्र दर्ता गर्ने मितिसम्ममा र समानुपातिक

निर्वाचन प्रणालीको हकमा उम्मेदवारको बन्दसूची पेश गर्ने मितिसम्ममा पच्चिस वर्ष उमेर पूरा गरेको हुनुपर्ने कुरा उल्लेख गरिएको छ ।

### ३.२.२० दोहोरो उम्मेदवार हुन नपाउने

प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १४ मा दोहोरो उम्मेदवार हुन नपाउने विषयमा देहाय बमोजिम उल्लेख गरिएको छ :

(क) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली  अनुसार हुने निर्वाचनमा एक व्यक्तिले एक पटकमा कुनै एक निर्वाचन क्षेत्रका लागि मात्र उम्मेदवारी दिन सक्ने । कानुनको यस व्यवस्था विपरीत यदि कुनै व्यक्ति एकभन्दा बढी निर्वाचन क्षेत्रमा उम्मेदवार भएमा त्यस्ता व्यक्तिको सबै निर्वाचन क्षेत्रको उम्मेदवारी आयोगले बदर गर्ने,

(ख) समानुपातिक निर्वाचन प्रणालीतर्फको बन्दसूचीमा नाम समावेश भएको व्यक्ति पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ उम्मेदवार हुन र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ उम्मेदवार भएको व्यक्तिको नाम समानुपातिक निर्वाचन प्रणालीतर्फको बन्दसूचीमा समावेश गर्न नपाइने,

(ग) समानुपातिक निर्वाचन प्रणालीतर्फ एउटै व्यक्तिको नाम एकभन्दा बढी दलको बन्दसूचीमा समावेश भएमा अयोगले त्यस्तो व्यक्तिको नाम त्यस्ता सबै दलको बन्दसूचीबाट हटाउने, र

(घ) प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन एकै मितिमा हुने गरी निर्वाचनको मिति तोकिएको अवस्थामा कुनै व्यक्ति प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनमा उम्मेदवार भएमा त्यस्तो व्यक्तिको दुवै निर्वाचन तर्फको उम्मेदवारी आयोगले बदर गर्ने ।

### ३.२.२१ उम्मेदवार हुनका लागि धरौटी

प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ ले प्रदेश सभा सदस्य निर्वाचनका लागि मनोनयनपत्र पेश गर्ने उम्मेदवारले देहाय बमोजिम धरौटी राख्नुपर्ने व्यवस्था गरेको छ :

(क) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको निर्वाचनमा मनोनयनपत्र पेश गर्न चाहने उम्मेदवारले पाँच हजार रुपैयाँ सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा धरौटी राख्नुपर्ने, र

(ख) समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनमा उम्मेदवारको बन्दसूची पेश गर्ने दलले पच्चिस हजार रुपैयाँ आयोग समक्ष धरौटी राख्नुपर्ने ।

यसका साथै पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ महिला र दलित वा अल्पसङ्ख्यक समुदाय वा आर्थिक रूपले विपन्न उम्मेदवारको हकमा माथि तोकिएको धरौटी रकममा पचास प्रतिशत छुट हुने व्यवस्था ऐनले गरेको छ । **“आर्थिक रूपले विपन्न व्यक्ति”** भन्नाले वार्षिक

पारिवारिक आय पचास हजार रुपैयाँभन्दा कम भएको भनी सम्बन्धित स्थानीय तहले सिफारिस गरेको व्यक्ति सम्झनु पर्छ भन्ने व्यवस्था ऐनले गरेको छ ।

### ३.२.२१.१ उम्मेदवारको धरौटी जफत

देहायको अवस्थामा उम्मेदवारले राखेको धरौटी जफत हुने व्यवस्था कानुनले गरेको छ :

(क) निर्वाचित उम्मेदवारको हकमा बाहेक अन्य उम्मेदवारको हकमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ जम्मा सदर मतको दश प्रतिशतभन्दा कम सदर मत पाउने उम्मेदवारको धरौटी जफत हुने,

(ख) समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचनमा कुनै दलले कम्तीमा एक सिट प्राप्त नगरेमा त्यस्तो दलले राखेको धरौटी जफत हुने ।

### ३.२.२२ उम्मेदवारको निर्वाचन खर्चको सीमा

निर्वाचन आयोगले वि.सं. २०७४ साल मङसिर १० र २१ गते भएको प्रदेश सभा सदस्य निर्वाचनको लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको उम्मेदवारले गर्नसक्ने अधिकतम खर्चको सीमा देहाय बमोजिम हुने गरी तोकेको थियो :

| क्रम | खर्चको शीर्षक | खर्च सीमा |
|---|---|---|
| १ | मतदाता नामावली खरिद | १,८००/- |
| २ | सवारी साधन | ३,००,०००/- |
| ३ | सवारी इन्धन (घोडा प्रयोग गरिएकोमा दाना समेत) | ६०,०००/- |
| ४ | प्रचार-प्रसार सामग्री | ६०,०००/- |
| ५ | ढुवानी | ४५,०००/- |
| ६ | गोष्ठी/अन्तरक्रिया | ४,८०,०००/- |
| ७ | अन्य प्रचार-प्रसार, छापा एवं विद्युतीय माध्यम | ६०,०००/- |
| ८ | कार्यालय सञ्चालन | ३,००,०००/- |
| ९ | प्रतिनिधि परिचालन | १,२०,०००/- |
| १० | विविध | ७३,०००/- |
| | **जम्मा रकम** | **१५,००,०००/-** |

### ३.२.२३ मनोनयनपत्र दर्ता गराएका उम्मेदवार सङ्ख्या

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ मनोनयनपत्र दर्ता गराएका र समानुपातिक निर्वाचन प्रणालीतर्फ बन्दसूचीमा नाम समावेश भएका उम्मेदवारको संख्यात्मक विवरण देहाय बमोजिम रहेको
छ :

### ३.२.२३.१ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ

प्रदेश सभा सदस्य निर्वाचन अन्तर्गत निर्वाचनको दुवै चरणमा गरी पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ३४७४ जनाले मनोनयनपत्र दर्ता गराएका थिए । निर्वाचन कार्यक्रम अवधिभित्र उम्मेदवारी फिर्ता लिने, दाबी विरोध गर्ने लगायतका कानुनी प्रक्रियापश्चात् प्रदेश सभा सदस्य निर्वाचनमा निर्वाचित हुनुपर्ने ३३० सिटका लागि ३२३८ जनाको उम्मेदवारी कायम रहेको थियो । उम्मेदवारको यो अन्तिम सङ्ख्याभित्र २४० जना महिला उम्मेदवार थिए । यी २४० महिला उम्मेदवारमध्ये १९० राजनीतिक दलका तर्फबाट र ५० स्वतन्त्र उम्मेदवार थिए ।

प्रदेशगत आधारमा सबैभन्दा बढी उम्मेदवारी प्रदेश नं.२ मा ९८५ जना र सबैभन्दा कम प्रदेश नं. ६ मा १३३ जना रहेका थिए ।

### ३.२.२३.२ समानुपातिक निर्वाचन प्रणालीतर्फ

समानुपातिक निर्वाचन प्रणालीतर्फ प्रदेशगत दल दर्ता गराएका दल र निर्वाचनमा भाग लिन उम्मेदवारको बन्दसूची पेश गरेका र नगरेका दलको सङ्ख्या देहाय बमोजिम रहेको थियो :

| क्रम सङ्ख्या | प्रदेश | निर्वाचनमा भाग लिन दल दर्ता गराउने दलको सङ्ख्या | उम्मेदवारको बन्दसूची पेश गरी निर्वाचनमा भाग लिने दलको सङ्ख्या | दल दर्ता गराएर पनि निर्वाचनमा भाग नलिने दलको सङ्ख्या |
|---|---|---|---|---|
| १ | प्रदेश नम्बर-१ | ८७ | २७ | ६० |
| २ | प्रदेश नम्बर-२ | ८६ | २९ | ५७ |
| ३ | प्रदेश नम्बर-३ | ८६ | ३१ | ५५ |
| ४ | प्रदेश नम्बर-४ | ८२ | २० | ६२ |
| ५ | प्रदेश नम्बर-५ | ८४ | २७ | ५७ |
| ६ | प्रदेश नम्बर-६ | ८२ | १८ | ६४ |
| ७ | प्रदेश नम्बर-७ | ८३ | २० | ६३ |

### ३.२.२३.३ उम्मेदवारको बन्दसूची पेश गर्ने सम्बन्धी कानुनी प्राबधान

नेपाल सरकारबाट निर्वाचनको मिति तोकिएपछि आयोगले निर्वाचन कार्यक्रम प्रकाशन गर्छ । यसरी आयोगबाट निर्वाचन कार्यक्रम प्रकाशन भएपछि समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा भाग लिन चाहने दलले प्रदेश सभा सदस्य निर्वाचन ऐनले तोके बमोजिम तयार गरेको उम्मेदवारको बन्दसूची कार्यक्रममा तोकेको मिति र समयमा आयोग समक्ष पेश गर्नुपर्छ । यसरी बन्दसूची तयार गर्दा दलले सम्बन्धित प्रदेशको भौगोलिक सन्तुलनलाई समेत ध्यान दिई जनसङ्ख्याको आधारमा यथासम्भव परिशिष्ट-७७ मा उल्लेख भए बमोजिम दलित, आदिवासी

जनजाति, खस आर्य, मधेसी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र तथा अल्पसङ्ख्यक समुदाय समेतको प्रतिनिधित्व हुने गरी समावेशी सिद्धान्त बमोजिम तयार गरिनुपर्छ। यसका साथै प्रत्येक समावेशी समूहबाट कम्तीमा पचास प्रतिशत महिलाको नाम बन्दसूचीमा समावेश हुनुपर्छ। यसका अतिरिक्त बन्दसूचीमा अपाङ्गता भएका व्यक्तिको नाम समेत समावेश गर्नु पर्ने हुन्छ। स्थानीय तह निर्वाचन नियमावली, २०७३ ले गरेको यस सम्बन्धी व्यवस्थामा निर्वाचित हुने कुल सदस्य सङ्ख्याको कम्तीमा दश प्रतिशत सङ्ख्यामा उम्मेदवारी पेश गर्नु अनिवार्य छ, अन्यथा त्यस्तो बन्दसूची कानुनतः आयोगमा दर्ता हुँदैन।

### ३.२.२३.४ समानुपातिक निर्वाचन प्रणालीतर्फ भाग लिने दलको प्रदेशगत विवरण

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन अन्तर्गत प्रदेश सभा सदस्यमा समानुपातिक निर्वाचन प्रणालीतर्फ विभिन्न प्रदेशमा भाग लिने राजनीतिक दलको नाम प्रदेशगत रूपमा देहाय बमोजिम रहेको थियो :

**प्रदेश नं. १**

१ आमूल परिवर्तन मसिहा पार्टी नेपाल

२ नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), समाजवादी जनता पार्टी र जनजागरण पार्टी नेपाल

३ राष्ट्रिय शिवसेना पार्टी र राष्ट्रिय नागरिक पार्टी

४ नेपाल कम्युनिष्ट पार्टी (मा.ले.) र जनसमाजवादी पार्टी, नेपाल

५ एकीकृत राष्ट्रिय प्रजातन्त्र पार्टी (राष्ट्रवादी)

६. ग्रीन नेपाल पार्टी

७. चुरेभावर लोकतान्त्रिक पार्टी

८ जनप्रजातान्त्रिक पार्टी, नेपाल

९ देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल

१० नयाँ शक्ति पार्टी, नेपाल

११ नेपाल कम्युनिष्ट पार्टी (एमाले)

१२ नेपाल जनता पार्टी

१३ नेपाल मजदुर किसान पार्टी

१४ नेपाल संघीय समाजवादी पार्टी

१५ नेपाली काँग्रेस

१६ नेपाली जनता दल

१७ मंगोल नेसनल अर्गनाइजेसन

१८ संघीय समाजवादी फोरम, नेपाल

१९ विवेकशील साझा पार्टी

२० संघीय खम्बुवान लोकतान्त्रिक पार्टी नेपाल

२१ संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च

२२ राष्ट्रिय जनता पार्टी नेपाल

२३ राष्ट्रिय जनमुक्ति पार्टी

२४ राष्ट्रिय जनमोर्चा

२५ राष्ट्रिय प्रजातन्त्र पार्टी

२६ राष्ट्रिय प्रजातन्त्र पार्टी (प्रजातान्त्रिक)

२७ राष्ट्रिय मुक्ति आन्दोलन नेपाल

**प्रदेश नं. २**

१ इतिहासिक प्रजातान्त्रिक जनता पार्टी नेपाल

२ नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), समाजवादी जनता पार्टी र जनजागरण पार्टी नेपाल

३ राष्ट्रिय शिवसेना पार्टी र राष्ट्रिय नागरिक पार्टी

४ नेपाल कम्युनिष्ट पार्टी (मा.ले.) र जनसमाजवादी पार्टी, नेपाल

५ एकीकृत राष्ट्रिय प्रजातन्त्र पार्टी (राष्ट्रवादी)

६ दलित, मुस्लिम जनशक्ति पार्टी

७ देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल

८ नयाँ शक्ति पार्टी, नेपाल

९ नेपाल कम्युनिष्ट पार्टी (एमाले)

१० नेपाल जनता पार्टी

११ नेपाल मजदुर किसान पार्टी

१२ नेपाल संघीय समाजवादी पार्टी

१३ नेपाल समाजवादी पार्टी (लोहियावादी)

१४ नेपाली काँग्रेस

१५ नेपाली काँग्रेस (वी.पी.)

१६ नेपाली जनता दल

१७ बहुजन शक्ति पार्टी

१८ मंगोल नेसनल अर्गनाइजेसन

१९ युवा नेपाल पार्टी

२० राष्ट्रिय जनता दल नेपाल

२१ राष्ट्रिय जनता पार्टी नेपाल

२२ राष्ट्रिय जनमुक्ति पार्टी

२३ राष्ट्रिय जनमोर्चा

२४ राष्ट्रिय प्रजातन्त्र पार्टी

२५ राष्ट्रिय प्रजातन्त्र पार्टी (प्रजातान्त्रिक

२६ लिवरल डेमोक्रेटिक पार्टी

२७ विवेकशील साझा पार्टी

२८ संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च (थरुहट)

२९ संघीय समाजवादी फोरम, नेपाल

**प्रदेश नं. ३**

१ आमूल परिवर्तन मसिहा पार्टी नेपाल

२ नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), समाजवादी जनता पार्टी र जनजागरण पार्टी नेपाल

३ राष्ट्रिय शिवसेना पार्टी र राष्ट्रिय नागरिक पार्टी

४ नेपाल कम्युनिष्ट पार्टी (मा.ले.) र जनसमाजवादी पार्टी, नेपाल

५ एकीकृत राष्ट्रिय प्रजातन्त्र पार्टी (राष्ट्रवादी)

६. ग्रीन नेपाल पार्टी

७. चुरेभावर लोकतान्त्रिक पार्टी

८ जनप्रजातान्त्रिक पार्टी, नेपाल

९ तामाङसालिङ लोकतान्त्रिक पार्टी

१० देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल

११ नयाँ शक्ति पार्टी, नेपाल

१२ नेपाः राष्ट्रिय पार्टी

१३ नेपाल कम्युनिष्ट पार्टी (एमाले)

१४ नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी)

१५ नेपाल जनता पार्टी

१६ नेपाल मजदुर किसान पार्टी

१७ नेपाली काँग्रेस

१८ नेपाली काँग्रेस (वी.पी.)

१९ नेपाली जनता दल

२० मंगोल नेसनल अर्गनाइजेसन

२१ राष्ट्रिय जनता पार्टी नेपाल

२२ राष्ट्रिय जनमुक्ति पार्टी

२३ राष्ट्रिय जनमोर्चा

२४ राष्ट्रिय प्रजातन्त्र पार्टी

२५ राष्ट्रिय प्रजातन्त्र पार्टी (प्रजातान्त्रिक)

२६ राष्ट्रिय मुक्ति आन्दोलन नेपाल

२७ राष्ट्रिय समाजवादी पार्टी, नेपाल

२८ लिवरल डेमोक्रेटिक पार्टी

२९ विवेकशील साझा पार्टी

३० संघीय खम्बुवान लोकतान्त्रिक पार्टी नेपाल

३१ संघीय समाजवादी फोरम, नेपाल

**प्रदेश नं. ४**

१ नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), समाजवादी जनता पार्टी र जनजागरण पार्टी नेपाल

२ राष्ट्रिय शिवसेना पार्टी र राष्ट्रिय नागरिक पार्टी

३ नेपाल कम्युनिष्ट पार्टी (मा.ले.) र जनसमाजवादी पार्टी, नेपाल

४ एकीकृत राष्ट्रिय प्रजातन्त्र पार्टी (राष्ट्रवादी)

५ देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल

६ नयाँ शक्ति पार्टी, नेपाल

७ नेपाल कम्युनिष्ट पार्टी (एमाले)

८ नेपाल मजदुर किसान पार्टी

९ नेपाली काँग्रेस

१० नेपाली काँग्रेस (वी.पी.)

११ नेपाली जनता दल

१२ मंगोल नेसनल अर्गनाइजेसन

१३ राष्ट्रिय जनमुक्ति पार्टी

१४ राष्ट्रिय जनमोर्चा

१५ राष्ट्रिय प्रजातन्त्र पार्टी

१६ राष्ट्रिय प्रजातन्त्र पार्टी (प्रजातान्त्रिक)

१७ राष्ट्रिय मुक्ति आन्दोलन नेपाल

१८ विवेकशील साझा पाटी

१९ संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च

२० संघीय समाजवादी फोरम, नेपाल

**प्रदेश नं. ५**

१ नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), समाजवादी जनता पार्टी र जनजागरण पार्टी नेपाल

२ राष्ट्रिय शिवसेना पार्टी र राष्ट्रिय नागरिक पार्टी

३ नेपाल कम्युनिष्ट पार्टी (मा.ले.) र जनसमाजवादी पार्टी, नेपाल

४ एकीकृत राष्ट्रिय प्रजातन्त्र पार्टी (राष्ट्रवादी)

५ देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल

६ नयाँ शक्ति पार्टी, नेपाल

७ नेपाल कम्युनिष्ट पार्टी (एमाले)

८ नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी)

९ नेपाल जनता पार्टी

१० नेपाल मजदुर किसान पार्टी

११ नेपाल युवा किसान पार्टी

१२ नेपाल संघीय समाजवादी पार्टी

१३ नेपाली काँग्रेस

१४ नेपाली काँग्रेस (वी.पी.)

१५ नेपाली जनता दल

१६ बहुजन शक्ति पार्टी

१७ मंगोल नेसनल अर्गनाइजेसन

१८ राष्ट्रिय जनता पार्टी नेपाल

१९ राष्ट्रिय जनमक्ति पार्टी

२० राष्ट्रिय जनमोर्चा

२१ राष्ट्रिय प्रजातन्त्र पार्टी

२२ राष्ट्रिय प्रजातन्त्र पार्टी (प्रजातान्त्रिक)

२३ राष्ट्रिय मुक्ति आन्दोलन नेपाल

२४ विवेकशील साझा पार्टी

२५ संघीय खम्बुवान लोकतान्त्रिक पार्टी नेपाल

२६ संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च (थरुहट)

२७ संघीय समाजवादी फोरम, नेपाल

**प्रदेश नं. ६**

१ नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), समाजवादी जनता पार्टी र जनजागरण पार्टी, नेपाल

२ राष्ट्रिय शिवसेना पार्टी र राष्ट्रिय नागरिक पार्टी

३ नेपाल कम्युनिष्ट पार्टी (मा.ले.) र जनसमाजवादी पार्टी, नेपाल

४ एकीकृत राष्ट्रिय प्रजातन्त्र पार्टी (राष्ट्रवादी)

५ देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल

६ नयाँ शक्ति पार्टी, नेपाल

७ नेपाल कम्युनिष्ट पार्टी (एमाले)

८ नेपाल मजदुर किसान पार्टी

९ नेपाली काँग्रेस

१० नेपाली काँग्रेस (वी.पी.)

११ नेपाली जनता दल

१२ राष्ट्रिय जनता पार्टी नेपाल

१३ राष्ट्रिय जनमुक्ति पार्टी

१४ राष्ट्रिय जनमोर्चा

१५ राष्ट्रिय प्रजातन्त्र पार्टी

१६ राष्ट्रिय प्रजातन्त्र पार्टी (प्रजातान्त्रिक)

१७ विवेकशील साझा पार्टी

१८ संघीय समाजवादी फोरम, नेपाल

**प्रदेश नं. ७**

१ नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), समाजवादी जनता पार्टी र जनजागरण पार्टी नेपाल

२ राष्ट्रिय शिवसेना पार्टी र राष्ट्रिय नागरिक पार्टी

३ नेपाल कम्युनिष्ट पार्टी (मा.ले.) र जनसमाजवादी पार्टी, नेपाल

४ एकीकृत राष्ट्रिय प्रजातन्त्र पार्टी (राष्ट्रवादी)

५. ग्रीन नेपाल पार्टी

६ देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल

७ नयाँ शक्ति पार्टी, नेपाल

८ नेपाल कम्युनिष्ट पार्टी (एमाले)

९ नेपाल मजदुर किसान पार्टी

१० नेपाली काँग्रेस

११ नेपाली काँग्रेस (वी.पी.)

१२ नेपाली जनता दल

१३ राष्ट्रिय जनता पार्टी नेपाल

१४ राष्ट्रिय जनमुक्ति पार्टी

१५ राष्ट्रिय जनमोर्चा

१६ राष्ट्रिय प्रजातन्त्र पार्टी

१७ राष्ट्रिय प्रजातन्त्र पार्टी (प्रजातान्त्रिक)

१८ विवेकशील साझा पार्टी

१९ संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च (थरुहट)

२० संघीय समाजवादी फोरम, नेपाल

- माथि उल्लिखित क्रमसङ्ख्याको एकै लहरमा उल्लेखित राजनीतिक दलहरुले एकै निर्वाचन चिह्न लिई निर्वाचनमा भाग लिएका थिए ।

## ३.२.२४ निर्वाचन चिह्न

निर्वाचन चिह्नका सम्बन्धमा भएको कानुनी व्यवस्था र निर्वाचन चिह्न सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ :

## ३.२.२४.१ कानुनी व्यवस्था

प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३१ मा निर्वाचन चिह्नका सम्बन्धमा देहाय बमोजिमको व्यवस्था रहेको देखिन्छ :

(क) प्रदेश सभा सदस्य निर्वाचनका लागि दल र उम्मेदवारलाई वितरण गर्ने निर्वाचन चिह्न आयोगले निर्धारण गर्नुपर्ने कुरा उपधारा (१) मा उल्लेख गरिएको,

(ख) यसरी निर्धारण गरिएको निर्वाचन चिह्न दल र उम्मेदवारलाई तोकिए बमोजिम प्रदान गर्नुपर्ने र यसरी प्रदान गरिएको निर्वाचन चिह्न त्यस्तो दलका उम्मेदवार वा दल बाहेक अरू कसैले पनि प्रयोग गर्न नपाउने कुरा उपधारा (२) र (३) मा उल्लेख गरिएको,

(ग) आयोगले कुनै उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिसकेपछि त्यस्तो उम्मेदवारले आफ्नो दल त्याग गरेमा वा अर्को दलमा प्रवेश गरेमा निजलाई प्रदान गरिसकिएको निर्वाचन चिह्न परिवर्तन नहुने व्यवस्था ऐनले गरेको छ । त्यस्तो उम्मेदवार निर्वाचनमा विजयी भएमा सम्बन्धित दलले प्रमाण सहित आयोगमा उजुरी दिएमा त्यस्तो विजयी उम्मेदवारको सदस्यता खारेज हुने कुरा पनि ऐनले उल्लेख गरेको ,

(घ) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ उम्मेदवारलाई निर्वाचन चिह्न वितरण गर्दा आयोगमा दर्ता कायम रहेको दलको उम्मेदवारलाई आयोगबाट त्यस्तो दलको लागि निर्धारण भएको निर्वाचन चिह्न प्रदान गर्नुपर्ने । यसरी चिह्न वितरण गर्दा कुनै गल्ती भएको वा फरक पर्न गएको भन्ने आयोगलाई लागेमा आयोगले त्यस्तो चिह्न परिवर्तन गर्न सक्ने,

(ङ) राजनीतिक दल बाहेकका अन्य स्वतन्त्र उम्मेदवारलाई आयोगले निर्धारण गरेको निर्वाचन चिह्नको समूहबाट तोकिए बमोजिमको तरिका अनुसार निर्वाचन अधिकृतले निर्वाचन चिह्न प्रदान गर्ने ।

### ३.२.२४.२ निर्वाचन चिह्न विवरण

प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ अन्तर्गत पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमा सहभागी पचपन्न राजनीतिक दलहरूलाई ऐनले तोके बमोजिम निर्वाचन चिह्न प्रदान गरी मतपत्रमा राखिएको थियो । यस बाहेकका स्वतन्त्र रूपमा उम्मेदवारी दिने उम्मेदवारलाई स्वतन्त्र निर्वाचन चिह्नको समूहबाट निर्वाचन चिह्न प्रदान गरिएको थियो । यसको विस्तृत विवरण यस परिच्छेदको "मतपत्रमा निर्वाचन चिह्न राख्ने व्यवस्था" शीर्षकमा उल्लेख गरिएको छ ।

### ३.२.२५ निर्वाचन प्रणाली

प्रदेश सभा सदस्य निर्वाचनमा संविधानले उल्लेख गरे बमोजिम पहिलो हुने निर्वाचित हुने र समानुपातिक निर्वाचन प्रणाली अपनाइएको थियो । यी दुई पृथक प्रणालीमा मतदाताले मतदान गर्दा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनको हकमा मतपत्रमा आफूले रोजेको कुनै एक जना उम्मेदवारको निर्वाचन चिह्न भएको कोठामा र समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनको हकमा आफूले रोजेको कुनै एक दलको निर्वाचन चिह्न भएको कोठामा तोकिए बमोजिमको छाप वा चिह्न लगाई मतदान गर्नुपर्ने व्यवस्था गरिएको थियो ।

### ३.२.२६ मतपत्र

प्रदेश सभा सदस्य निर्वाचनका लागि मतपत्र सम्बन्धी व्यवस्था र निर्वाचनमा प्रयोग भएका मतपत्रको स्थिति देहाय बमोजिम रहेको छ :

#### ३.२.२६.१ मतपत्र सम्बन्धी कानुनी व्यवस्था

प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३५ ले आयोगले प्रदेश सभा सदस्य निर्वाचन अन्तर्गत पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तथा समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका लागि निर्वाचन चिह्न भएको मतपत्रको व्यवस्था गर्नुपर्ने उल्लेख गरेको छ। यसरी व्यवस्था गरिने मतपत्रमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ प्रत्येक उम्मेदवार र समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्वाचन प्रयोजनका लागि आयोगमा दर्ता भएका दलका लागि आयोगले प्रदान गरेको निर्वाचन चिह्नसहितको मतदान गर्ने कोठा हुनुपर्ने व्यवस्था ऐनले गरेको छ।

आयोगले प्रदेश सभा सदस्य निर्वाचनका लागि उल्लिखित ऐन, यस अन्तर्गत बनेको नियमावली तथा निर्देशिका समेतमा भएको व्यवस्थाबमोजिम मतदानमा प्रयोग हुने मतपत्र तयार गरी मतदानका निम्ति कार्यान्वयनमा ल्याएको थियो ।

#### ३.२.२६.२ निर्वाचनमा प्रयोग भएको मतपत्र

आयोगले प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य दुवैको निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको मतपत्र निर्वाचन क्षेत्रमा उम्मेदवार भएकाको मात्र निर्वाचन चिह्न राखी छपाइ गरेको थियो । जसले गर्दा मतपत्र छरितो र मतदाताको लागि मतदान गर्न सहज प्रकृतिको थियो ।

तर प्रतिनिधि सभाको समानुपातिक निर्वाचन प्रणाली र प्रदेश सभाको निर्वाचन प्रणालीतर्फ निर्वाचनमा भाग लिन अत्यधिक सङ्ख्याका दलले आयोगमा दल दर्ता गराएका तर उम्मेदवारको बन्दसूची भने थोरै दलले मात्र पेश गरेकाले मतपत्र चाहिनेभन्दा निकै ठुलो र अस्वाभाविक आकारको हुन गएको थियो । जसका कारण मतदाताले मतदानमा निकै असहजता व्यहोर्नु परेको थियो । सम्भवतः यही कारणले पनि समानुपातिक निर्वाचन प्रणालीतर्फको बदर मत प्रतिशत पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको भन्दा तुलनात्मक रूपमा निकै उच्च रहन पुगेको थियो । तलको तालिकाले पनि यस कुराको जानकारीका लागि पर्याप्त सहजता प्रदान गर्छ :

| क्रम सङ्ख्या | प्रदेश | निर्वाचनमा भाग लिन दल दर्ता गराउने | उम्मेदवारको बन्दसूची पेश गरी निर्वाचनमा | दल दर्ता गराएर पनि निर्वाचनमा भाग नलिने दलको सङ्ख्या | मतपत्रमा चाहिनेभन्दा बढी रहेको निर्वाचन चिह्न सङ्ख्या |
|---|---|---|---|---|---|

| | | दलको सङ्ख्या | भाग लिने दलको सङ्ख्या | | |
|---|---|---|---|---|---|
| १ | प्रदेश नम्बर-१ | ८७ | २७ | ६० | ६० |
| २ | प्रदेश नम्बर-२ | ८६ | २९ | ५७ | ५७ |
| ३ | प्रदेश नम्बर-३ | ८६ | ३१ | ५५ | ५५ |
| ४ | प्रदेश नम्बर-४ | ८२ | २० | ६२ | ६२ |
| ५ | प्रदेश नम्बर-५ | ८४ | २७ | ५७ | ५७ |
| ६ | प्रदेश नम्बर-६ | ८२ | १८ | ६४ | ६४ |
| ७ | प्रदेश नम्बर-७ | ८३ | २० | ६३ | ६३ |

### ३.२.२७ मतपत्रमा निर्वाचन चिह्न राख्ने व्यवस्था

प्रदेश सभा सदस्य निर्वाचन ऐन,२०७४ को दफा ३१ को उपदफा (७) ले दल र उम्मेदवारलाई प्रदान गरिएको निर्वाचन चिह्न मतपत्रमा समावेश गर्दा देहायको क्रममा समावेश गर्नुपर्ने भनी उल्लेख गरेको छ :

(क) निर्वाचन हुनुभन्दा तत्काल अघि कायम रहेको प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने दलले त्यस्तो प्रतिनिधि सभाको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ प्राप्त गरेको मत सङ्ख्याको आधारमा सो दलको उम्मेदवारको निर्वाचन चिह्न,

(ख) खण्ड (क) बमोजिम प्रतिनिधि सभामा प्रतिनिधित्व नगर्ने दलको हकमा निर्वाचन प्रयोजनको लागि आयोगमा दर्ता भएको क्रमको आधारमा सो दलको उम्मेदवारको निर्वाचन चिह्न,

(ग) स्वतन्त्र उम्मेदवारको नामको वर्णानुक्रमको आधारमा त्यस्तो उम्मेदवारको निर्वाचन चिह्न ।

मतपत्रमा निर्वाचन चिह्न समावेश गर्ने विषयमा माथि जुनसुकै कुरा उल्लेख गरिएको भए पनि प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ प्रारम्भ भएपछि हुने पहिलो पटकको निर्वाचनको हकमा मतपत्रमा निर्वाचन चिह्न समावेश गर्दा भने देहायको क्रममा समावेश गर्नुपर्ने कुरा पनि ऐनले उल्लेख गरेको छ :

(क) व्यवस्थापिका-संसद्मा प्रतिनिधित्व गर्ने दलले संविधान सभा सदस्य निर्वाचन २०७० मा समानुपातिक निर्वाचन प्रणाली तर्फ प्राप्त गरेको मत सङ्ख्याको आधारमा सो दलको उम्मेदवारको निर्वाचन चिह्न,

(ख) व्यवस्थापिका-संसद्मा प्रतिनिधित्व नगर्ने दलको हकमा निर्वाचन प्रयोजनका लागि आयोगमा दर्ता भएको क्रमको आधारमा सो दलको उम्मेदवारको निर्वाचन चिह्न,

(ग) स्वतन्त्र उम्मेदवारको नामको वर्णानुक्रमको आधारमा त्यस्तो उम्मेदवारको निर्वाचन चिह्न ।

समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्वाचन चिह्न वितरण गर्दा आयोगले सम्बन्धित दलको लागि निर्धारण गरेको निर्वाचन चिह्न वितरण गर्ने र माथि उल्लेख गरिएकै क्रममा मतपत्रमा समावेश गर्नुपर्ने व्यवस्था पनि ऐनले उल्लेख गरेको छ ।

### ३.२.२८ मतपत्र छपाइ

मतपत्रको छपाई व्यवस्थापनका सम्बन्धमा देहाय अनुसार व्यवस्था रहेको थियो :

### ३.२.२८.१ आयोगको नीतिगत निर्णय

प्रत्येक निर्वाचनमा प्रयोग हुने मतपत्रको सम्वेदनशीलतालाई मनन गरी आयोगले मतपत्र तयारी सम्बन्धी कार्यलाई विशेष महत्वका साथ सम्पादन गर्ने गर्छ । प्रदेश सभा सदस्य निर्वाचन, २०७४ का लागि मतपत्र तयारी कार्यलाई विशेष महत्वका साथ व्यवस्थित गर्नुपर्ने कुरालाई ध्यानमा राखी आयोगले मतपत्र तयारी र यसको स्पेसिफिकेसनका सम्बन्धमा एउटा नीतिगत निर्णय लियो । आयोगले यसै नीतिगत निर्णय समेतलाई आधार मानी मतपत्र तयारी कार्य अघि बढाएको थियो । यसको विस्तृत विवरण प्रतिनिधि सभा सदस्य निर्वाचन अन्तर्गतको खण्डमा समावेश गरिएको छ ।

### ३.२.२८.२ मतपत्र सम्बन्धी विषयमा प्रश्न र निकास

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यको निर्वाचन एकै पटक हुने भएकोले उपलब्ध पूर्वाधार, मतदान व्यवस्थापनमा सहजता र निर्वाचन तयारीको समय सीमा समेतको कारण समानुपातिक निर्वाचन प्रणाली बमोजिमको निर्वाचनका लागि एउटै पानामा माथिल्लो खण्डमा प्रतिनिधि सभाको लागि मतपत्र-१ र तल्लो खण्डमा प्रदेश सभाको लागि मतपत्र-२ छपाइ गर्ने र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ पनि सोही अनुसार कागजको एउटै पानामा माथिल्लो खण्डमा प्रतिनिधि सभाको लागि मतपत्र-१ र प्रदेश सभाको लागि मतपत्र-२ गरी दुई वटा पानामा चार वटा मतपत्र छपाइ गर्ने निर्णय भई वि.सं. २०७४ साल असोजको तेस्रो हप्तादेखि समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ कार्य आरम्भ गरी कात्तिक महिनाको १८ गतेसम्ममा सो छपाइ कार्य सम्पन्न भएको थियो ।

समानुपातिक निर्वाचन प्रणालीतर्फको दुई वटा मतपत्र एउटा पानामा र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको दुई वटा मतपत्र एउटा पानामा छपाइ गर्ने गरी आयोगबाट भएको निर्णय विरुद्ध सर्वोच्च अदालतमा परेका दुई वटा अलगअलग रिट निवेदनका सम्बन्धमा सर्वोच्च अदालतबाट भएको आदेश र त्यसमा अभिव्यक्त भावनाबाट प्रतिनिधि सभा तथा प्रदेश सभाको लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको मतपत्र अलगअलग पानामा छपाइ गर्नुपर्ने अवस्था सिर्जना भएकोले आयोगको वि.सं. २०७४ साल कात्तिक १२ गतेको निर्णयले नयाँ सिर्जना भएको परिस्थिति अनुसार अलगअलग पानामा मतपत्र छपाइ गरिएको थियो ।

### ३.२.२८.३ मतपत्रको प्रकार

प्रदेश सभा सदस्य निर्वाचनको लागि पहिलो हुने निवाचित हुने निर्वाचन प्रणालीतर्फको निर्वाचनको लागि प्रदेश सभाको क्षेत्र सङ्ख्या अनुसार ३३० प्रकारका मतपत्र छपाइ गरी मतदानको व्यवस्था मिलाइएको थियो । यसरी नै समानुपातिक निर्वाचन प्रणालीतर्फ प्रदेशगत रूपमा ७ प्रकारका मतपत्र छपाइ गरी मतदानको व्यवस्था मिलाइएको थियो । यसरी व्यवस्थापन गर्दा कागजको एउटै पानाको एउटै भागमा मतपत्रको माथिल्लो भागमा प्रतिनिधि सभातर्फको समानुपातिक निर्वाचन प्रणालीको मतपत्र र मतपत्रको तल्लो भागमा प्रदेश सभातर्फको निर्वाचन क्षेत्र अनुसारको समानुपातिक निर्वाचन प्रणालीको मतपत्र छपाइ गरिएको थियो ।

### ३.२.२८.४ मतपत्र छपाइको कागज र रङ

प्रदेश सभा सदस्य निर्वाचन, २०७४ का लागि आयोगले छपाइ गरेका सबै मतपत्र ७० जिएसएम म्याप लिथो ह्वाइट पेपरमा छपाइ गरिएको थियो । प्रदेश सभाको मतपत्रमा छापिने निर्वाचन चिह्न र अन्य विवरणहरू पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ कालो रङमा र समानुपातिक निर्वाचन प्रणालीतर्फको रातो रङमा छपाइ गरिएको थियो ।

### ३.२.२८.५ मतपत्रको सङ्ख्या

आयोगले जिल्लास्तरमा हुने मतपत्र रूजु, प्याकिङ र ढुवानी गर्दा हुन सक्ने सम्भावित नोक्सानी, पुनः मतदान गरिनु पर्ने अवस्थामा थप आवश्यक हुने मतपत्रको अनुमानित सङ्ख्या समेतलाई ध्यानमा राखी आयोगले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली प्रत्येकको १,७४,५९,००० थान गरी ५,२३,७७,००० मतपत्र छपाइ गरेको थियो ।

आयोगले प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन अन्तर्गत निर्वाचन हुने पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली दुवैका लागि आवश्यक पर्ने मतपत्र जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सानोठिमीमा छपाइ गरेको थियो ।

### ३.२.२९ मतदान

प्रतिनिधि सभा सदस्य निर्वाचनको सँगसँगै प्रदेश सभा सदस्य निर्वाचनको मतदान पनि वि.सं. २०७४ साल मङ्सिर १० गते पहिलो चरण र मङ्सिर २१ गते दोस्रो चरणमा बिहान ०७.०० बजेदेखि अपरान्ह ५.०० सम्म तोकिएका मतदान स्थल र केन्द्रमा सम्पन्न भएको थियो ।

प्रदेश सभा सदस्य निर्वाचन, २०७४ तुलनात्मक रूपमा निकै शान्तिपूर्ण रह्यो । मौसम लगायत कुनै पनि कुराले निर्वाचनलाई बाधा पुऱ्याएको थिएन ।

### ३.२.२९.१ मतदानमा प्राथमिकता

प्रदेश सभा सदस्य निर्वाचनमा अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, गर्भवती महिलालाई प्राथमिकताका साथ मतदान गर्न विशेष व्यवस्था गरिएको थियो । मतदानको यस किसिमको व्यवस्थालाई निर्वाचनमा भाग लिने सबैले सकारात्मक रूपमा लिएका थिए ।

### ३.२.३० मतपेटिका सङ्कलन

वि.सं. २०७४ साल मङ्सिर १० र मङ्सिर २१ गते सम्पन्न प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचनमा मतदान भएका मतपेटिका सबै एकैसाथ सङ्कलन गरिएका थिए । यस सम्बन्धी विवरण यसै परिच्छेदको प्रतिनिधि सभा सदस्य निवाचनको मतपेटिका सङ्कलन शीर्षकमा उल्लेख गरिएको छ ।

### ३.२.३१ पुनः मतदान

मतदानको दिन मतदान केन्द्रमा उत्पन्न विवादका कारण पहिलो चरणको निर्वाचनमा रुकुम पश्चिम जिल्लाका दुई वटा मतदान केन्द्रमा र दोस्रो चरणको निर्वाचनमा अर्घाखाँची जिल्लाका दुई वटा मतदान केन्द्रमा मतदान हुन नसकेकोले ती केन्द्रमा अर्को दिन प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचनका लागि एकसाथ पुनः मतदान भएको थियो । त्यसरी गरिएको पुनः मतदान शान्तिपूर्ण रूपमा सम्पन्न भएको थियो । पुनः मतदान भएका मतदान केन्द्र सम्बन्धी विवरण प्रतिनिधि सभा सदस्य निर्वाचन खण्डमा उल्लेख गरिएको छ ।

### ३.२.३२ मतगणना

पहिलो चरणको निर्वाचन वि.सं. २०७४ साल मङ्सिर १० गते नै सम्पन्न भए पनि मतगणना कार्य भने दुवै चरणको निर्वाचन सम्पन्न भइसकेपछि मात्र गर्ने नीति आयोगले लिएको थियो । आयोगको यस नीति अनुरूप पहिलो चरणमा निर्वाचन सम्पन्न भएका बत्तिस जिल्लामा दोस्रो चरणको निर्वाचन सम्पन्न भएको वि.सं. २०७४ साल मङ्सिर २१ गते साँझ ५:०० बजेपछि र दोस्रो चरणमा मतदान सम्पन्न भएका पैँतालिस जिल्लामा जिल्लाका सबै मतदान केन्द्रबाट मतदान भएका मतपेटिकाहरू जिल्ला सदरमुकामस्थित निर्वाचन अधिकृतले तोकेको मतगणनास्थलमा ल्याइपुऱ्याएपछि मात्र मतगणना प्रारम्भ गरिएको थियो ।

### ३.२.३२.१ मतगणना क्रम

आयोगको निर्देशन अनुरूप सबैभन्दा पहिले प्रतिनिधि सभा सदस्यको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ मतदान भएको मतपत्र गणनाको काम सुरु गरी त्यसको मतगणना परिणाम सार्वजनिक गरिएको थियो । त्यसपछि प्रदेश सभा सदस्यको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको मतगणना गरिएको थियो । यसरी यी दुवै सभाका सदस्यको पहिलो हुने निर्वाचित

हुने निर्वाचन प्रणालीको मतपत्रको गणना सम्पन्न गरी त्यसको परिणाम घोषणा गरेपछि मात्र समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र गणनाको काम सुरु गरिएको थियो ।

### ३.२.३२.२ मतगणना निर्देशिका

प्रदेश सभा सदस्य निर्वाचनको मतगणना कार्यलाई छिटोछरितो तथा व्यवस्थित, सहज, पारदर्शी र निष्पक्ष बनाउन आयोगले मतगणनाका पूर्वअनुभव र घटनाहरू समेतलाई दृष्टिगत गरी प्रदेश सभा सदस्य निर्वाचन (मतगणना) निर्देशिका, २०७४ जारी गरी निर्वाचन अधिकृतहरूलाई उपलब्ध गराएको थियो । यसरी नै मतगणनाका सन्दर्भमा मतगणना कार्यमा संलग्न हुने जनशक्तिलाई आवश्यक प्रशिक्षणको व्यवस्था पनि आयोगले मिलाएको थियो ।

### ३.२.३३ निर्वाचनको मत परिणाम

निर्वाचनको मत परिणाम देहाय बमोजिम रहेको थियो :

### ३.२.३३.१ समानुपातिक निर्वाचन प्रणालीतर्फ

प्रदेश सभा सदस्य निर्वाचन, २०७४ अन्तर्गत समानुपातिक निर्वाचन प्रणालीबाट सात प्रदेश सभाका कुल २२० सिटका लागि राजनीतिक दललाई मतदान गरी निर्वाचन भएको थियो । दलहरूले प्राप्त गरेको मत एकीकृत गरी समानुपातिक निर्वाचन प्रणालीको परिणाम सार्वजनिक गरिएको थियो ।  समानुपातिक निर्वाचन प्रणालीबाट विभिन्न प्रदेश सभामा निर्वाचित २२० जना सदस्यहरूमध्ये १७२ जना महिला सदस्य थिए । यसरी निर्वाचित महिला सदस्यको एकीकृत विवरण परिशिष्ट-४५ मा र पुरुष सदस्यको विवरण परिशिष्ट-४६ मा प्रस्तुत गरिएको छ ।

### ३.२.३३.२ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फबाट विभिन्न प्रदेशमा विभिन्न राजनीतिक दलबाट ३३० जना उम्मेदवार निर्वाचनमा विजयी भएका थिए । प्रदेश सभामा निर्वाचित हुने ३३० को यो सङ्ख्याभित्र १७ जना महिला थिए । प्रदेश सभामा निर्वाचित हुने १७ जना महिला सदस्यको विवरण परिशिष्ट-४७ मा प्रस्तुत गरिएको छ । यस्तै प्रदेश नं. १ देखि ७ सम्मका प्रदेश सभामा दुवै निर्वाचन प्रणालीबाट निर्वाचित हुने सबै सदस्यको दलगत सङ्ख्यात्मक विवरण परिशिष्ट-४८ मा प्रस्तुत गरिएको छ ।

### ३.२.३३.३ शपथको व्यवस्था

प्रदेश सभा सदस्य निर्वाचनमा विजयी प्रदेश सभा सदस्यले प्रदेश सभा वा त्यसको कुनै समितिको बैठकमा भाग लिनुअघि प्रदेश सभाको अध्यक्षता गर्ने व्यक्ति समक्ष प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ बमोजिम तोकिएको ढाँचामा शपथ लिनु पर्नेछ । शपथ ग्रहणको ढाँचा परिशिष्ट-७२ मा प्रस्तुत गरिएको छ ।

### ३.२.३४ प्रदेशगत रूपमा सदर तथा बदर मत

प्रदेशगत रूपमा निर्वाचन प्रणाली बमोजिमका सदर तथा बदर मतको विवरण देहाय अनुसार रहेको
छ :

### ३.२.३४.१ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली

प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ मा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ सदर तथा बदर मत विवरण यस प्रकार रहेको थियो :

| प्रदेश | प्रतिनिधि सभा नि.क्षे. सङ्ख्या | प्रदेश सभा नि.क्षे.सङ्ख्या | जम्मा मतदाता | खसेको जम्मा मत | सदर मत | बदर मत | जम्मा बदर मत प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| प्रदेश नं.-१ | २८ | ५६ | २९९३७७४ | २०२०४३५ | १९३१४३७ | ८८९९८ | ४.४०६८ |
| प्रदेश नं.-२ | ३२ | ६४ | २७६७३७९ | १९२८७६६ | १८२९८०७ | ९८९५९ | ५.१३०६ |
| प्रदेश नं.-३ | ३३ | ६६ | ३०७४३८० | २१२०४६५ | २०४९९९४ | ७०४७१ | ३.४३७६ |
| प्रदेश नं.-४ | १८ | ३६ | १५६८९२४ | १०५८४७८ | १०२९४३९ | २९०३९ | २.७४३४ |
| प्रदेश नं.-५ | २६ | ५२ | २७४०८६७ | १९१८४८८ | १८२७६३१ | ९०८५७ | ४.९७१२ |
| प्रदेश नं.-६ | १२ | २४ | ८४७१६२ | ५८१९४८ | ५५५४३७ | २६५११ | ४.७३५८ |
| प्रदेश नं.-७ | १६ | ३२ | १४३५६७३ | ९५३०३३ | ९०७३७४ | ४५६५९ | ४.७९०९ |
| **जम्मा** | **१६५** | **३३०** | **१५४२८१५९** | **१०५८१६१३** | **१०१३१११९** | **४५०४९४** | **४.२५७३** |

### ३.२.३४.२ समानुपातिक निर्वाचन प्रणाली

प्रदेश सभा सदस्य निर्वाचन, २०७४ मा समानुपातिक निर्वाचन प्रणालीतर्फ सदर तथा बदर मत विवरण यस प्रकार रहेको थियो :

| प्रदेश | प्रतिनिधि सभा नि.क्षे. सङ्ख्या | प्रदेश सभा नि.क्षे. सङ्ख्या | जम्मा मतदाता | खसेको जम्मा मत | सदर मत | बदर मत | जम्मा बदर मत प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| प्रदेश नं.-१ | २८ | ५६ | २९९३७७४ | २०१३०३१ | १७३६६२२ | २७६४०९ | १३.७३०९ |
| प्रदेश नं.-२ | ३२ | ६४ | २७६७३७९ | १९१२०२४ | १५३७१७१ | ३७४८५३ | १९.६०५० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| प्रदेश नं.-३ | ३३ | ६६ | ३०७४३८० | २११७३१४ | १८९१२७१ | २२६०४३ | १०.६७५९ |
| प्रदेश नं.-४ | १८ | ३६ | १५६८९२४ | १०५७८२६ | ९५६८१९ | १०१००७ | ९.५४८५ |
| प्रदेश नं.-५ | २६ | ५२ | २७४०८६७ | १९१८९१४ | १६१२१८० | ३०६७३४ | १५.९८४७ |
| प्रदेश नं.-६ | १२ | २४ | ८४७१६२ | ५८२०७२ | ४९४१६२ | ८७९१० | १५.१०२९ |
| प्रदेश नं.-७ | १६ | ३२ | १४३५६७३ | ९४९३३९ | ७९१०७२ | १५८२६७ | १६.६७१२ |
| **जम्मा** | **१६५** | **३३०** | **१५४२८१५९** | **१०५५०५२०** | **९०१९२९७** | **१५३१२२३** | **१४.५१३२** |

### ३.२.३५ प्रदेश सभा सदस्य निर्वाचन, २०७४ को सङ्क्षिप्त नतिजा

प्रदेश सभा सदस्य निर्वाचन, २०७४ मा सात वटै प्रदेशमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित महिला तथा पुरुषको संख्यात्मक विवरण देहाय बमोजिम रहेको थियो :

| प्रदेश नं. | पहिलो हुने निर्वाचित हुने प्रणाली | | | समानुपातिक प्रणाली | | | कुल जम्मा | | | महिलाको प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| प्रदेश नम्बर-१ | २ | ५४ | ५६ | ३० | ७ | ३७ | ३२ | ६१ | ९३ | ३४.४१ |
| प्रदेश नम्बर-२ | ५ | ५९ | ६४ | ३२ | ११ | ४३ | ३७ | ७० | १०७ | ३४.५८ |
| प्रदेश नम्बर-३ | ५ | ६१ | ६६ | ३२ | १२ | ४४ | ३७ | ७३ | ११० | ३३.६४ |
| प्रदेश नम्बर-४ | २ | ३४ | ३६ | १८ | ६ | २४ | २० | ४० | ६० | ३३.३३ |
| प्रदेश नम्बर-५ | २ | ५० | ५२ | ३० | ५ | ३५ | ३२ | ५५ | ८७ | ३६.७८ |
| प्रदेश नम्बर-६ | ० | २४ | २४ | १३ | ३ | १६ | १३ | २७ | ४० | ३२.५० |
| प्रदेश नम्बर-७ | १ | ३१ | ३२ | १७ | ४ | २१ | १८ | ३५ | ५३ | ३३.९६ |
| **कुल जम्मा** | **१७** | **३१३** | **३३०** | **१७२** | **४८** | **२२०** | **१८९** | **३६१** | **५५०** | **३४.३६** |

### ३.२.३६ निर्वाचन परिणाम पुस्तक

प्रदेश सभा सदस्य निर्वाचन सम्पन्न भएपछि आयोगले २०७४ फागुनमा “प्रदेश सभा सदस्य निर्वाचन, २०७४ निर्वाचन परिणाम पुस्तक (पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली)” प्रकाशन गरेको थियो ।

परिच्छेद चार

# राष्ट्रिय सभा सदस्य निर्वाचन, २०७४ तथा २०७६

परिच्छेद चार

# राष्ट्रिय सभा सदस्य निर्वाचन, २०७४ तथा २०७६

## ४.१ राष्ट्रिय सभा सदस्य निर्वाचन, २०७४

### ४.१.१ पृष्ठभूमि

नेपालको संविधानले सङ्घीय संसद् प्रतिनिधि सभा र राष्ट्रिय सभा गरी द्विसदनात्मक हुने व्यवस्था गरेको छ। संविधानको धारा ८४ को उपधारा (८) मा सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दलबाट निर्वाचित कुल सदस्य सङ्ख्याको कम्तीमा एक तिहाइ महिला हुनुपर्ने व्यवस्था रहेको छ । प्रतिनिधि सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिमको निर्वाचनमा र राष्ट्रिय सभा सदस्यको निर्वाचनमा निर्वाचित सदस्यमध्ये कुनै राजनीतिक दलबाट एक तिहाइ सदस्य महिला निर्वाचित हुन नसकेमा प्रतिनिधि सभाका लागि समानुपातिक निर्वाचन प्रणालीबाट सदस्य निर्वाचित गर्दा आफ्नो दलबाट सङ्घीय संसद्मा निर्वाचित हुने कुल सदस्यको कम्तीमा एक तिहाइ महिला सदस्य हुने गरी निर्वाचित गर्नुपर्ने व्यवस्था पनि संविधानले व्यवस्था गरेको छ ।

यसैगरी प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६० मा प्रतिनिधि सभामा समानुपातिक निर्वाचन प्रणालीतर्फ राजनीतिक दलले प्राप्त गर्ने सिट सङ्ख्या निर्धारण गरेपछि आयोगले त्यस्तो दलको तर्फबाट सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने कुल सदस्य सङ्ख्याको तेत्तिस प्रतिशत महिलाको प्रतिनिधित्व हुने गरी समानुपातिक निर्वाचन प्रणालीतर्फबाट निर्वाचित गर्नुपर्ने महिलाको सङ्ख्या समेत यकिन गरी सम्बन्धित राजनीतिक दललाई जानकारी गराउनु पर्ने व्यवस्था छ ।

### ४.१.२ निर्वाचन मिति घोषणा

प्रतिनिधि सभा (प्रदेश सभाको समेत एकसाथ निर्वाचन भएको) को निर्वाचन वि.सं. २०७४ साल मङ्सिर १० गते र मङ्सिर २१ गते गरी दुई चरणमा सम्पन्न भई त्यस निर्वाचनको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फको मत परिणाम समेत सार्वजनिक भइसकेपछि सङ्घीय संसद्को पूर्णताका लागि आयोगले नेपाल सरकारलाई गरेको आग्रह मुताबिक आयोगसँगको परामर्शमा नेपाल सरकारले राष्ट्रिय सभा सदस्यको निर्वाचन वि.सं. २०७४ साल माघ २४ गते गर्ने गरी वि.सं. २०७४ साल पुस २१ गते निर्णय गरेको थियो । नेपाल सरकारको सो निर्णय पश्चात् राष्ट्रिय सभा सदस्य निर्वाचनको कार्य आयोगले अगाडि बढाएको थियो ।

### ४.१.३ सभाको गठन तथा कानुनी व्यवस्था

नेपालको संविधानको धारा ८३ ले नेपालमा प्रतिनिधि सभा र राष्ट्रिय सभा नामका दुई सदन सहितको एक सङ्घीय व्यवस्थापिका हुने र यसलाई सङ्घीय संसद् भनिने उल्लेख छ । राष्ट्रिय

सभामा कुल उनन्साठी सदस्य रहने व्यवस्था छ। यो सङ्घीय संसद्को स्थायी सभा हो। राष्ट्रिय सभाका सदस्यको पदावधि छ वर्षको हुन्छ र प्रत्येक दुईदुई वर्षमा सभाका एक तिहाइ सदस्यको पदावधि समाप्त हुन्छ। यस प्रयोजनका लागि सदस्यको पदावधि निर्धारण गर्दा पहिलो पटकका लागि प्रत्येक एक तिहाइ सदस्यको पदावधि दुई वर्ष, चार वर्ष र छ वर्ष गरी गोला प्रथाद्वारा निर्धारण गरिन्छ।

यस सभाका सदस्यहरू निर्वाचक मण्डलबाट निर्वाचित हुने व्यवस्था छ। निर्वाचक मण्डलमा प्रदेश सभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख रहने व्यवस्था छ। निर्वाचक मण्डलद्वारा प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला, एक जना दलित र एक जना अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक सहित आठ जना गरी छपन्न जना निर्वाचित हुने र नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत हुने कम्तीमा एक जना महिला सहित तीन जना गरी जम्मा ५९ सदस्य यस सभामा रहने व्यवस्था छ।

राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि नेपाल सरकार मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट राष्ट्रिय सभा सदस्य निर्वाचन अध्यादेश, २०७४ जारी गरिएको थियो। यस अध्यादेश बमोजिम राष्ट्रिय सभा सदस्य निर्वाचन, २०७४ सम्पन्न भयो। यसरी राष्ट्रिय सभा सदस्य निर्वाचन, २०७४ सम्पन्न भइसकेपछि मात्र वि.सं. २०७५ साल असार २० गते राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ जारी भएको थियो।

### ४.१.४ निर्वाचन प्रणाली

राष्ट्रिय सभा सदस्य निर्वाचन अध्यादेश, २०७४ ले राष्ट्रिय सभा सदस्य निर्वाचनको लागि प्रत्येक प्रदेशमा गठन भएको निर्वाचक मण्डलले दिएको मतको आधारमा एकल सङ्क्रमणीय मत निर्वाचन प्रणाली बमोजिम प्रत्येक प्रदेशबाट निर्वाचित हुन आवश्यक पर्ने मत प्राप्त गर्ने व्यक्ति निर्वाचित हुने व्यवस्था गरेको थियो। प्रचलित कानुनी व्यवस्था अनुसार प्रत्येक प्रदेश सभाबाट देहायको तालिका बमोजिमका समूह र सङ्ख्याका सदस्य राष्ट्रिय सभामा निर्वाचित तथा मनोनीत हुने व्यवस्था रहेको छ :

| क्रम | प्रदेश | महिला | दलित | अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदाय | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | प्रदेश नम्बर-१ | ३ | १ | १ | ३ | ८ |
| २ | प्रदेश नम्बर-२ | ३ | १ | १ | ३ | ८ |
| ३ | प्रदेश नम्बर-३ | ३ | १ | १ | ३ | ८ |
| ४ | प्रदेश नम्बर-४ | ३ | १ | १ | ३ | ८ |
| ५ | प्रदेश नम्बर-५ | ३ | १ | १ | ३ | ८ |
| ६ | प्रदेश नम्बर-६ | ३ | १ | १ | ३ | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | प्रदेश नम्बर-७ | ३ | १ | १ | ३ | ८ |
| | नेपाल सरकार मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट कम्तीमा एक महिला सहित मनोनीत हुने सङ्ख्या | | | | | ३ |
| | | | | | **जम्मा सदस्य सङ्ख्या** | **५९** |

प्रस्तुत तालिकामा उल्लिखित समूहमध्ये कुनै समूहबाट एक जना सदस्य मात्र निर्वाचित गर्नुपर्ने अवस्थामा सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार निर्वाचित हुने कुरा अध्यादेशले उल्लेख गरेको थियो ।

### ४.१.५ मतदाताको मतभार

राष्ट्रिय सभा सदस्य निर्वाचक मण्डलमा प्रदेश सभा सदस्य, गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष र नगरपालिकाका प्रमुख तथा उपप्रमुख रहने व्यवस्था छ । निर्वाचक मण्डलका सबै सदस्यको मतभार समान नभई राष्ट्रिय सभा सदस्य निर्वाचन अध्यादेश, २०७५ ले तोके बमोजिम हुने व्यवस्था गरिएको थियो । अध्यादेशले गरेको सोही प्रावधान मुताबिक प्रदेश सभाका सदस्यको मतभार ४८ (अठ्चालिस) र गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष र नगरपालिकाका प्रमुख र उपप्रमुखको मतभार १८ (अठार) हुने व्यवस्था रहेको थियो ।

### ४.१.६ राजनीतिक दल दर्ता

निर्वाचन आयोगले नेपाल सरकारबाट निर्वाचनको मिति तोकिनुपूर्व नै राष्ट्रिय सभा सदस्य निर्वाचनमा भाग लिन चाहने आयोगमा यसअघि दर्ता कायम रहेका राजनीतिक दललाई नेपालको संविधानको धारा २७१ र राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४८ बमोजिम आयोगमा दल दर्ता गर्न सूचना प्रकाशन गरेको थियो । आयोगको उक्त सूचना बमोजिम कुल २१ (एक्काइस) राजनीतिक दलले राष्ट्रिय सभा सदस्य निर्वाचन प्रयोजनका लागि आयोगमा निवेदन पेश गरेका थिए ।

### ४.१.७ निर्वाचन कार्यक्रम

वि.सं. २०७४ साल माघ २४ गते राष्ट्रिय सभा सदस्य निर्वाचन सम्पन्न गर्ने गरी नेपाल सरकारले निर्वाचनको मिति तोकेपछि आयोगले वि.सं. २०७४ साल पुस २६ गते राष्ट्रिय सभा सदस्य निर्वाचन कार्यक्रम र निर्वाचन कार्यतालिका स्वीकृत गरेको थियो । आयोगबाट स्वीकृत निर्वाचन कार्यक्रम परिशिष्ट-४९ मा प्रस्तुत गरिएको छ ।

### ४.१.८ निर्वाचन अधिकृतको नियुक्ति र कार्यालय स्थापना

निर्वाचन आयोगले वि.सं. २०७४ साल पुस २७ गते न्याय परिषद्को परामर्शमा सम्बन्धित जिल्लाका जिल्ला न्यायाधीशलाई राष्ट्रिय सभा सदस्य निर्वाचन सञ्चालन गर्नका लागि निर्वाचन अधिकृतमा नियुक्त गरी पुस २७ गते निर्वाचन हुने सातवटै प्रदेशमा सम्बन्धित प्रदेशको उच्च

अदालत रहेको जिल्लाको सदरमुकाममा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरी निर्वाचन सम्बन्धी कार्य सञ्चालन गरेको थियो। राष्ट्रिय सभा सदस्यको निर्वाचन सञ्चालनका लागि नियुक्त गरिएका निर्वाचन अधिकृतहरूको नाम र निर्वाचन अधिकृतको कार्यालय रहने जिल्ला देहाय बमोजिम तोकिएको थियो :

निर्वाचन अधिकृतको नामावली र निर्वाचन अधिकृतको कार्यालय रहेको स्थान

| प्रदेश | पद | नाम | कार्यालय | कार्यालय रहेको जिल्ला |
|---|---|---|---|---|
| प्रदेश नं.-१ | मा. जिल्ला न्यायाधीश | श्री राजु कुमार खतिवडा | मोरङ जिल्ला अदालत | मोरङ |
| प्रदेश नं.-२ | मा. जिल्ला न्यायाधीश | श्री राधाकृष्ण उप्रेती | धनुषा जिल्ला अदालत | धनुषा |
| प्रदेश नं.-३ | मा. जिल्ला न्यायाधीश | श्री बालमुकुन्द दवाडी | ललितपुर जिल्ला अदालत | ललितपुर |
| प्रदेश नं.-४ | मा. जिल्ला न्यायाधीश | श्री दीपेन्द्र अधिकारी | कास्की जिल्ला अदालत | कास्की |
| प्रदेश नं.-५ | मा. जिल्ला न्यायाधीश | श्री हेमन्त रावल | दाङ जिल्ला अदालत | दाङ |
| प्रदेश नं.-६ | मा. जिल्ला न्यायाधीश | श्री मेदिनीप्रसाद पौडेल | सुर्खेत जिल्ला अदालत | सुर्खेत |
| प्रदेश नं.-७ | मा. जिल्ला न्यायाधीश | श्री जयानन्द पनेरू | डोटी जिल्ला अदालत | डोटी |

### ४.१.९ मतदाता नामावली

निर्वाचन आयोगले राष्ट्रिय सभा सदस्य निर्वाचन प्रयोजनका लागि निर्वाचक मण्डलमा रहेका गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख गरी १५०६ जना र सात प्रदेशका प्रदेश सभाका सदस्य ५५० जना गरी जम्मा २,०५६ मतदाताको फोटो सहितको मतदाता नामावली राष्ट्रिय सभा सदस्य निर्वाचन अध्यादेश, २०७४ को दफा ४ बमोजिम तयार गरी सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा पठाई आयोगको वेबसाइटमा समेत प्रकाशन गरेको थियो । प्रदेशगत मतदाता नामावलीको सङ्ख्यात्मक विवरण परिशिष्ट-५० मा प्रस्तुत गरिएको छ ।

### ४.१.१० निर्वाचन कार्यक्रम सञ्चालन

राष्ट्रिय सभा सदस्य निर्वाचन सञ्चालनका लागि वि.सं. २०७४ साल पुस २७ मा निर्वाचन अधिकृतको नियुक्ति र पुस २७ देखि निर्वाचन अधिकृतको कार्यालय सञ्चालन हुँदै आए पनि सो

निर्वाचनका लागि निर्वाचन कार्यक्रम भने आयोगले तोके बमोजिम वि.सं. २०७४ साल माघ ७ गतेदेखि माघ १५ गतेसम्म सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा सञ्चालन गरिएको थियो ।

### ४.१.११ उम्मेदवारको मनोनयन

राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि तोकिएको निर्वाचन कार्यक्रमको मिति र समयमा प्रत्येक प्रदेशबाट आठ जनाका दरले निर्वाचित भई आउने कुल छपन्न पदका लागि कुल ८३ (त्रियासी) जना उम्मेदवारले मनोनयनपत्र दर्ता गराएका थिए ।

### ४.१.१२ समूहगत उम्मेदवारी सङ्ख्या

राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि तोकिएको निर्वाचनको विभिन्न समूहमध्ये महिला समूहमा २६ (छब्बिस) जना, दलित समूहमा १४ (चौध)जना, अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित हुने समूहमा १५ (पन्ध्र) जना र अन्य समूहमा २८ (अट्ठाइस) जनाले उम्मेदवारी दर्ता गराएका थिए ।

### ४.१.१३ मनोनयनपत्र दर्ता गराउने राजनीतिक दल

राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि देहायका राजनीतिक दलका उम्मेदवारले मनोनयनपत्र दर्ता दर्ता गराएका थिए :

(१) नेपाली काँग्रेस,

(२) नेपाल कम्युनिष्ट पार्टी (एमाले),

(३) नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र),

(४) राष्ट्रिय प्रजातन्त्र पार्टी,

(५) राष्ट्रिय जनता पार्टी नेपाल,

(६) संघीय समाजवादी फोरम नेपाल,

(७) राष्ट्रिय जनमोर्चा,

(८) नेपाल मजदुर किसान पार्टी,

(९) नेपाल संघीय समाजवादी पार्टी ।

### ४.१.१४ उम्मेदवारी रद्द

मनोनयनपत्र दर्ता भएकामध्ये दाबी विरोधको क्रममा प्रदेश नं. ४ मा अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदायबाट उम्मेदवारी दिएका एक जना उम्मेदवारको मनोनयनपत्र बदर भएको थियो ।

### ४.१.१५ उम्मेदवारको मनोनयनपत्र फिर्ता

राष्ट्रिय सभा सदस्य पदका लागि मनोनयनपत्र दर्ता गराएका उम्मेदवारमध्ये विभिन्न राजनीतिक दलका देहायका उम्मेदवारले मनोनयनपत्र फिर्ता लिएका थिए :

| क्रम | प्रदेश | सम्बद्ध राजनीतिक दल | मनोनयनपत्र दर्ता गराएको समूह | फिर्ता सङ्ख्या |
|---|---|---|---|---|
| १ | प्रदेश नम्बर-१ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | अन्य समूह | १ |
| २ | प्रदेश नम्बर-१ | राष्ट्रिय प्रजातन्त्र पार्टी | अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित हुने समूह | १ |
| ३ | प्रदेश नम्बर-२ | नेपाल संघीय समाजवादी पार्टी | अन्य | १ |
| ४ | प्रदेश नम्बर-३ | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | महिला समूह | १ |
| ५ | प्रदेश नम्बर-३ | राष्ट्रिय प्रजातन्त्र पार्टी | अन्य | १ |
| ६ | ? | ? | ? | ? |
| | | | **मनोनयनपत्र फिर्ता जम्मा** | **६ (छ)** |

### ४.१.१६ अन्तिम उम्मेदवारी सङ्ख्या र राजनीतिक दल

निर्वाचनका लागि उम्मेदवारको मनोयनपत्र दर्ता गराएका जम्मा ८३ (त्रियासी) उम्मेदवारमध्ये मनोनयनपत्र रद्द र फिर्ता भई ७६ जना अन्तिम उम्मेदवार कायम भएका थिए। राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाल संघीय समाजवादी पार्टीका तर्फबाट उम्मेदवारको मनोनयनपत्र दर्ता गरेका सबै उम्मेदवारले नाम फिर्ता लिएका कारण चुनावी मैदानमा सात राजनीतिक दल मात्र कायम हुन आएका थिए।

### ४.१.१७ निर्विरोध निर्वाचन

राष्ट्रिय सभा सदस्य पदमा देहायका प्रदेशबाट देहायका उम्मेदवार निर्विरोध निर्वाचित भएका थिए :

| क्रम | प्रदेश | निर्विरोध निर्वाचित भएको समूह | निर्विरोध निर्वाचित सदस्य सङ्ख्या |
|---|---|---|---|
| १ | प्रदेश नम्बर-१ | महिला समूहका सदस्य | ३ |

| | | | |
|---|---|---|---|
| २ | प्रदेश नम्बर-१ | अन्य समूहका सदस्य | ३ |
| ३ | प्रदेश नम्बर-२ | निर्वाचित हुने सबै समूहका सबै सदस्य | ८ |
| ४ | प्रदेश नम्बर-४ | अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित हुने समूहका सदस्य | १ |
| ५ | प्रदेश नम्बर-५ | महिला समूहका सदस्य | ३ |
| ६ | प्रदेश नम्बर-७ | महिला समूहका सदस्य | ३ |
| ७ | प्रदेश नम्बर-७ | अन्य समूहका सदस्य | ३ |
| **निर्विरोध निर्वाचित भएका जम्मा सदस्य सङ्ख्या** | | | **२४(चौबिस)** |

### ४.१.१७.१ निर्वाचन गर्नुपर्ने बाँकी पद र उम्मेदवार सङ्ख्या

राष्ट्रिय सभा सदस्य पदका लागि निर्वाचन गर्नुपर्ने जम्मा ५६ (छपन्न) पदमध्ये २४ (चौबिस) पदमा निर्विरोध निर्वाचन भएपछि बाँकी ३२ (बत्तिस) पदका लागि जम्मा ५२ (बाउन्न) उम्मेदवार प्रतिस्पर्धामा रहेका थिए ।

### ४.१.१८ जनशक्ति तथा सामग्री व्यवस्थापन

राष्ट्रिय सभा सदस्य निर्वाचन सञ्चालनका लागि प्रत्येक निर्वाचन अधिकृतको कार्यालयमा निर्वाचन अधिकृतको अतिरिक्त अन्य दश कर्मचारी रहने व्यवस्था थियो । प्रदेश नम्बर २ मा सबै पद निर्विरोध निर्वाचित भएकाले मतदान गराउनु परेको थिएन । अन्य ६ प्रदेशमा प्रति प्रदेश दुईका दरले जम्मा बाह्र मतदान केन्द्र कायम भएका थिए । आयोगले प्रति मतदान केन्द्र नौ कर्मचारीको दरवन्दी व्यवस्था गरेको थियो । यसरी बाह्र मतदान केन्द्रमा जम्मा १०८ कर्मचारी लागि खटाइएका थिए ।

निर्वाचन सामग्रीका हकमा भने निर्वाचनमा प्रयोग हुने मतपत्र, मत सङ्केत गर्ने कलम जस्ता अति सम्वेदनशील सामग्री बाहेकका अन्य सामग्री जिल्ला निर्वाचन कार्यालयमा यसअघिको निर्वाचनका लागि उपलब्ध गराइएको मौज्दातबाट नै व्यवस्थापन गरिएको थियो ।

### ४.१.१९ प्रशिक्षण सम्बन्धी  व्यवस्था

राष्ट्रिय सभा सदस्य निर्वाचनमा कर्मचारी, राजनीतिक दलका प्रतिनिधि र मतदाताका लागि देहाय अनुसार प्रशिक्षण तथा अभिमुखीकरणको व्यवस्था गरिएको थियो :

### ४.१.१९.१ कर्मचारीका लागि प्रशिक्षण

आयोगले राष्ट्रिय सभा सदस्य निर्वाचनलाई केन्द्रबिन्दुमा राखेर त्यसमा संलग्न हुने निर्वाचन अधिकृत लगायत अन्य कर्मचारीलाई आवश्यक प्रशिक्षणको व्यवस्था मिलाएको थियो । यस क्रममा

मतदाता अभिमुखीकरणका लागि सतहत्तर वटै जिल्लाका जिल्ला निर्वाचन अधिकारीहरूलाई पनि तीन समूहमा प्रशिक्षित गरिएको थियो ।

### ४.१.१९.२ राजनीतिक दलका लागि प्रशिक्षण

आयोगले राष्ट्रिय सभा सदस्य निर्वाचन प्रयोजनका लागि आयोगमा दल दर्ता गराएका विभिन्न २१ राजनीतिक दलका प्रतिनिधिका लागि केन्द्रमा एकल सङ्क्रमणीय मत प्रणालीमा हुने मतदान, मतगणना र निर्वाचनका अन्य पक्षमा प्रशिक्षण कार्यक्रम आयोजना गरेको थियो ।

### ४.१.१९.३ मतदाताका लागि अभिमुखीकरण

राष्ट्रिय सभा सदस्य निर्वाचनका क्रममा प्रशिक्षित गरेका जिल्ला निर्वाचन अधिकारीहरूद्वारा प्रत्येक जिल्ला सदरमुकाममा सम्बन्धित जिल्लाभित्रका गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष र नगरपालिकाका प्रमुख तथा उपप्रमुख एवं प्रदेश सभाका सदस्यलाई मतदान गर्ने तरिकाका विषयमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो ।

### ४.१.२० मतपत्र व्यवस्थापन

राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि  मतपत्रको व्यवस्थापन देहाय अनुसार गरिएको थियो :

### ४.१.२०.१ मतपत्र छपाइ

राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि आवश्यक पर्ने सबै मतपत्र आयोगले केन्द्रमा छपाइ गरी सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा उपलब्ध गराएको थियो । एक जना मतदाताले विभिन्न चार समूहबाट निर्वाचित हुने सदस्यका लागि मतदान गर्नुपर्ने भएकोले प्रत्येक समूहको सदस्यलाई मतदान गर्ने प्रयोजनका लागि समूहगत रूपमा छुट्टाछुट्टै मतपत्र छपाइ गरिएको थियो ।

### ४.१.२०.२ मतपत्रको रङ

राष्ट्रिय सभा सदस्य निर्वाचनको निर्वाचक मण्डलका सदस्यमध्ये प्रदेश सभाका सदस्यको लागि हरियो रङमा र स्थानीय तहका सदस्यको लागि रातो रङमा मतपत्र छपाइ गरिएको थियो ।

### ४.१.२१ मतदान

निर्वाचन कार्यक्रम अनुसार राष्ट्रिय सभा सदस्य पदको निर्वाचनको लागि वि.सं. २०७४ साल माघ २४ गते बिहान १०:०० बजेदेखि दिउँसो ३:०० बजेसम्म मतदान कार्यक्रम सञ्चालन गरिएको थियो । प्रदेश नं. २ का सबै स्थान निर्विरोध भएकोले अन्य प्रदेशका जम्मा १६७७ मतदातामध्ये १६६९ मतदाताले मतदान गरेका थिए । यस निर्वाचनमा उनान्सय प्रतिशतभन्दा बढी मतदान भएको थियो । प्रदेशगत मतदान विवरण परिशिष्ट-५१ मा प्रस्तुत गरिएको छ ।

### ४.१.२२ मतगणना

निर्वाचनका लागि तोकिएको समयभित्र मतदान सम्पन्न भएपश्चात् सोही दिन अपराह्न ४:०० बजेपछि मतगणना कार्य सुरु गरिएको थियो । अन्य निर्वाचनभन्दा फरक प्रकृतिको एकल सङ्क्रमणीय मत प्रणाली अनुसार मतदान भएकोले निर्वाचन अधिकृतको सहयोगको लागि आयोगले मतगणना कार्यमा आवश्यकता अनुसार दक्ष जनशक्ति आयोगबाट समेत खटाएको थियो ।

राष्ट्रिय सभा सदस्य निर्वाचनको मतगणनाको क्रममा प्रदेश नम्बर १, ३, ४, ५ र ७ मा एकल सङ्क्रमणीय मत प्रणाली अनुसार निर्वाचित हुने सदस्यहरू सबैले निर्वाचित हुन आवश्यक कोटा पहिलो चरणमा नै पूरा गरेका थिए भने प्रदेश नम्बर ६ मा पहिलो चरणमा महिला समूहबाट निर्वाचित हुनेमध्ये एक जनाले र अन्य समूहबाट निर्वाचित हुनेमध्ये एक जनाले मात्र कोटाभन्दा बढी मत प्राप्त गरेका थिए । कोटाभन्दा बढी मत प्राप्त गरेका उम्मेदवारको बचत मत सम्बन्धित समूहका दोस्रो प्राथमिकतामा रहेका उम्मेदवारलाई सङ्क्रमण भएपछि आवश्यक सङ्ख्याका सदस्य निर्वाचित भएका थिए ।

#### ४.१.२२.१ निर्वाचन परिणाम

राष्ट्रिय सभामा प्रत्येक प्रदेशबाट आठ जनाका दरले निर्वाचित हुने जम्मा ५६ सदस्यको लागि भएको निर्वाचनमा महिला तथा अन्य सबै समूहबाट निर्वाचित सदस्यहरूको निर्वाचन परिणामको विवरण परिशिष्ट-५२ मा प्रस्तुत गरिएको छ ।

#### ४.१.२२.२ निर्वाचित सदस्यको विवरण

राष्ट्रिय सभा सदस्य पदको निर्वाचनमा भाग लिई निर्वाचित सदस्यको दलगत विवरण परिशिष्ट-५३ मा र राजनीतिक दलबाट निर्वाचित सदस्यको एकमुष्ट समूहगत विवरण परिशिष्ट-५४ मा प्रस्तुत गरिएको छ । राष्ट्रिय सभा सदस्य पदको मिति २०७४ माघ २४ गते सम्पन्न निर्वाचनमा राजनीतिक दलबाट निर्वाचित ५६ जना सदस्यको लैङ्गिक विवरण परिशिष्ट-५५ मा प्रस्तुत गरिएको छ ।

### ४.१.२३ सङ्क्षिप्त नतिजा

राष्ट्रिय सभा सदस्य निर्वाचन, २०७४ को नतिजालाई देहायको तालिकामा संक्षेपमा प्रस्तुत गरिएको छ :

| प्रदेश | महिला | पुरुष | कुल जम्मा | महिलाको प्रतिशत |
|---|---|---|---|---|
| प्रदेश नम्बर-१ | ३ | ५ | ८ | ३७.५ |
| प्रदेश नम्बर-२ | ३ | ५ | ८ | ३७.५ |
| प्रदेश नम्बर-३ | ३ | ५ | ८ | ३७.५ |
| प्रदेश नम्बर-४ | ३ | ५ | ८ | ३७.५ |

| | | | | |
|---|---|---|---|---|
| प्रदेश नम्बर-५ | ३ | ५ | ८ | ३७.५ |
| प्रदेश नम्बर-६ | ३ | ५ | ८ | ३७.५ |
| प्रदेश नम्बर-७ | ३ | ५ | ८ | ३७.५ |
| **कुल जम्मा** | **२१** | **३५** | **५६** | **३७.५** |

### ४.१.२४ सङ्घीय संसद्मा निर्वाचित सदस्यको सङ्ख्यात्मक विवरण

नेपालको संविधानको भाग-८ मा सङ्घीय व्यवस्थापिकाको व्यवस्था छ। संविधानको यसै भाग अन्तर्गतको धारा ८३ मा नेपालमा प्रतिनिधि सभा र राष्ट्रिय सभा नामका दुई सदन सहितको एक सङ्घीय व्यवस्थापिका हुनेछ जसलाई सङ्घीय संसद् भनिनेछ भन्ने उल्लेख गरिएको छ। सङ्घीय संसद्का उल्लिखित दुई सदनमध्ये प्रतिनिधि सभाको निर्वाचन वि.सं. २०७४ साल मङ्सिर १० र वि.सं. २०७४ साल मङ्सिर २१ मा सम्पन्न भई २७५ सदस्य निर्वाचित भएका (यसमध्ये प्रतिनिधि सभा सदस्य निर्वाचनको समानुपातिक निर्वाचन प्रणाली तर्फको ११० स्थानको मतगणना कार्य सम्पन्न भएर पनि मत परिणाम भने औपचारिक रूपमा प्रकाशन हुन बाँकी रहेकोमा राष्ट्रिय सभा सदस्य पदको निर्वाचनपछि मात्र यो परिणाम प्रकाशन भएको थियो) थिए। सङ्घीय संसद्को अर्को सभा राष्ट्रिय सभाको निर्वाचन वि.सं. २०७४ साल माघ २४ गते सम्पन्न भएपछि वि.सं २०७४ सालमा सङ्घीय संसद्का लागि गर्नुपर्ने सबै निर्वाचन सम्पन्न भएका थिए । यसरी निर्वाचन सम्पन्न भएपछि नेपालको सङ्घीय संसद्मा विभिन्न दल र स्वतन्त्र उम्मेदवार गरी जम्मा ३३१ सदस्य निर्वाचित भएका थिए । सङ्घीय संसद्मा निर्वाचित सदस्यको सङ्ख्यात्मक विवरण परिशिष्ट-५६ मा प्रस्तुत गरिएको छ।

### ४.१.२५ शपथको व्यवस्था

राष्ट्रिय सभा सदस्य पदमा निर्वाचित सदस्यले राष्ट्रिय सभा वा त्यसको कुनै समितिको बैठकमा भाग लिनु अघि राष्ट्रिय सभाको अध्यक्षता गर्ने व्यक्ति समक्ष तोकिएको ढाँचामा शपथ लिनु पर्ने व्यवस्था राष्ट्रिय सभा सदस्य निर्वाचन अध्यादेश, २०७४ ले गरेको थियो। शपथ ग्रहणको ढाँचा परिशिष्ट-७३ मा प्रस्तुत गरिएको छ।

## ४.२ राष्ट्रिय सभा सदस्य निर्वाचन, २०७६

### ४.२.१ पृष्ठभूमि

नेपालको संविधानको धारा ८३ ले नेपालमा प्रतिनिधि सभा र राष्ट्रिय सभा नामका दुई सदन सहितको एक सङ्घीय व्यवस्थापिका हुने र यसलाई सङ्घीय संसद् भनिने उल्लेख छ। राष्ट्रिय सभामा कुल उनन्साठी सदस्य रहने व्यवस्था छ। यो सङ्घीय संसद्को स्थायी सभा हो। राष्ट्रिय सभाका सदस्यको पदावधि छ वर्षको हुन्छ र प्रत्येक दुईदुई वर्षमा सभाका एक तिहाइ सदस्यको पदावधि समाप्त हुन्छ। यस प्रयोजनका लागि सदस्यको पदावधि निर्धारण गर्दा पहिलो पटकका

लागि प्रत्येक एक तिहाइ सदस्यको पदावधि दुई वर्ष, चार वर्ष र छ वर्ष गरी गोला प्रथाद्वारा निर्धारण गरिन्छ ।

नेपालको संविधान अनुसार राष्ट्रिय सभाको पहिलो निर्वाचन वि.सं. २०७४ साल माघ २४ गते सम्पन्न भएको थियो । उक्त निर्वाचनले नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत हुने बाहेक छपन्न जना सदस्य निर्वाचित गरेको थियो । निर्वाचितमध्ये गोला प्रथाबाट पदावधि निर्धारण गर्दा राष्ट्रिय सभाका अठार सदस्यको पदावधि कानुनतः २०७६ फागुनमा समाप्त हुने भएकोले उक्त व्यवस्था अनुसार रिक्त हुन जाने सदस्य पदको पूर्तिका लागि सो अगावै निर्वाचन सम्पन्न गरिएको थियो ।

### ४.२.२ पहिलो दुई वर्षमा पदावधि समाप्त भएका सदस्यको विवरण

राष्ट्रिय सभा सदस्य पदको स्थान रिक्त हुन आएका अठार स्थानमध्ये प्रदेशगत रूपमा रिक्त भएको स्थान प्रदेश नम्बर १ मा तीन, प्रदेश नम्बर २ मा चार, प्रदेश नम्बर ३ मा दुई, गण्डकी प्रदेशमा दुई, प्रदेश नम्बर पाँचमा तीन, कर्णाली प्रदेशमा दुई र सुदूरपश्चिम प्रदेशमा दुई रहेको थियो । पहिलो दुई वर्षमा पदावधि समाप्त भएका सदस्यको विवरण देहाय अनुसार रहेको छ :

| क्रम | प्रदेश | पदावधि सकिने सदस्यको नाम | निर्वाचित समूह | सम्बद्ध राजनीतिक दल |
|---|---|---|---|---|
| १ | प्रदेश नम्बर-१ | सरिता प्रसाई | महिला | नेपाली काँग्रेस |
| २ | प्रदेश नम्बर-२ | मुक्ता कुमारी यादव | महिला | नेपाली काँग्रेस |
| ३ | प्रदेश नम्बर-३ | धनकुमारी खतिवडा | महिला | नेपाली काँग्रेस |
| ४ | गण्डकी प्रदेश | बिन्दादेवी आले (राणा) | महिला | नेपाली काँग्रेस |
| ५ | प्रदेश नम्बर-५ | मीना बुढा | महिला | नेपाल कम्युनिष्ट पार्टी |
| ६ | कर्णाली प्रदेश | युटोल तामाङ | महिला | नेपाल कम्युनिष्ट पार्टी |
| ७ | सुदूरपश्चिम प्रदेश | कमला कुमारी वली | महिला | नेपाल कम्युनिष्ट पार्टी |
| ८ | | खेमराज नेपाली | दलित | नेपाल कम्युनिष्ट पार्टी |
| ९ | | रामपृत पासवान | दलित | संघीय समाजवादी फोरम नेपाल |
| १० | | राज कुमार कुँवर | अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदाय | नेपाल कम्युनिष्ट पार्टी |
| ११ | प्रदेश नम्बर-२ | वृषेश चन्द्र लाल | अपाङ्गता भएका व्यक्ति वा | राष्ट्रिय जनता पार्टी नेपाल |

| | | | | |
|---|---|---|---|---|
| | | | अल्पसङ्ख्यक समुदाय | |
| १२ | प्रदेश नम्बर-१ | हरिचरण शिवाकोटी | अन्य | नेपाल कम्युनिष्ट पार्टी |
| १३ | प्रदेश नम्बर-२ | रमेश प्रसाद यादव | अन्य | राष्ट्रिय जनता पार्टी नेपाल |
| १४ | प्रदेश नम्बर-३ | बलराम प्रसाद बाँस्कोटा | अन्य | नेपाल कम्युनिष्ट पार्टी |
| १५ | गण्डकी प्रदेश | सुरेन्द्रराज पाण्डे | अन्य | नेपाली काँग्रेस |
| १६ | प्रदेश नम्बर-५ | दुर्गा प्रसाद उपाध्याय | अन्य | नेपाली काँग्रेस |
| १७ | कर्णाली प्रदेश | काली बहादुर मल्ल | अन्य | नेपाल कम्युनिष्ट पार्टी |
| १८ | सुदूरपश्चिम प्रदेश | बद्रिप्रसाद पाण्डे | अन्य | नेपाली काँग्रेस |
| १९ | मनोनित | डा. युवराज खतिवडा | | राष्ट्रपतिबाट मनोनित |

### ४.२.३ निर्वाचन मिति घोषणा

राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ५ बमोजिम राष्ट्रिय सभा सदस्य पदको निर्वाचनको मिति तोक्ने अधिकार आयोगको परामर्शमा नेपाल सरकारमा रहेको छ । यसरी निर्वाचनको मिति तोक्दा सदस्यको पद रिक्त हुनुभन्दा पैंतिस दिन अगावै निर्वाचन हुने गरी मिति तोक्नु पर्ने व्यवस्था ऐनमा रहेको छ । यहि व्यवस्था अनुसार नेपाल सरकारले आयोगसँगको परामर्शमा वि.सं.२०७६ साल माघ ९ गते राष्ट्रिय सभा सदस्यको निर्वाचन गर्ने निर्णय वि.सं.२०७६ साल मङ्सिर २३ मा गरेको थियो ।

### ४.२.४ राष्ट्रिय सभा सदस्यको निर्वाचन प्रणाली

राष्ट्रिय सभा सदस्यको निर्वाचनका सम्बन्धमा राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ (केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा गरिएको थप समेत) को दफा ३ को उपदफा (१) ले संविधानको धारा ८६ को उपधारा (२) को खण्ड (क)बमोजिम निर्वाचित हुने सदस्यको निर्वाचनको लागि प्रत्येक प्रदेशमा गठन हुने निर्वाचक मण्डलले गोप्य मतदानद्वारा प्रत्येक प्रदेशबाट देहाय बमोजिम आठ जना सदस्य निर्वाचित गर्ने व्यवस्था गरेको छ :

(क) महिला समूहबाट प्रतिनिधित्व गर्ने सदस्यको लागि दिइने एक एक मतको आधारमा सबैभन्दा बढी मत पाउने तीन जना,

(ख) दलित समूहबाट प्रतिनिधित्व गर्ने सदस्यको लागि दिइने एक मतको आधारमा सबैभन्दा बढी मत ल्याउने एक जना,

(ग) अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदायबाट प्रतिनिधित्व गर्ने सदस्यको लागि दिइने एक मतको आधारमा सबैभन्दा बढी मत ल्याउने एक जना,

(घ) खण्ड (क), (ख) र (ग) बाहेकका अन्य सदस्यको लागि दिइने एक एक मतको आधारमा सबैभन्दा बढी मत ल्याउने तीन जना ।

### ४.२.४.१ रिक्त पदमा उपनिर्वाचन वा पदावधि समाप्त भई निर्वाचन गर्नुपर्दाको अवस्थाको निर्वाचन प्रणाली

राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ३ को उपदफा (१) को देहायको खण्ड (क) र (घ) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो खण्ड बमोजिम निर्वाचित कुनै सदस्यको पद जुनसुकै कारणले रिक्त भई उपनिर्वाचन हुँदा वा संविधानले तोके बमोजिमको पदावधि समाप्त भई कुनै समूहको एक जना सदस्यको लागि मात्र निर्वाचन गर्नुपर्ने अवस्थामा जुन समूह र तरिकाबाट निर्वाचित भएको हो सोही समूह र तरिकाबाट मतदाताले दिने एक मतको आधारमा सबैभन्दा बढी मत ल्याउने एक जना निर्वाचित हुने व्यवस्था ऐनको दफा ३ को उपदफा (२) ले गरेको छ ।

समग्रमा राष्ट्रिय सभा सदस्य निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अर्थात् जति जुन समूहको पदको लागि निर्वाचन भएको हो त्यति समूहको पदमा सबैभन्दा बढी मत ल्याउनेमध्येका उम्मेदवार वा उम्मेदवारहरू क्रमशः निर्वाचित हुने व्यवस्था ऐनले गरेको छ ।

### ४.२.४.२ निर्वाचन प्रणालीमा परिवर्तन

राष्ट्रिय सभा सदस्य निर्वाचन अध्यादेश, २०७४ बमोजिम २०७४ सालमा सम्पन्न गरिएको राष्ट्रिय सभा सदस्य निर्वाचनमा एकल सङ्क्रमणीय मत प्रणालीको आधारमा निर्वाचन गरिएकोमा राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ जारी हुँदा साबिकको एकल सङ्क्रमणीय मत प्रणालीको आधारमा हुने निर्वाचन व्यवस्था हटाई पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अवलम्बन गरी निर्वाचन प्रणाली नै परिवर्तन गरिएको थियो ।

### ४.२.५ मतदाताको मतभार

राष्ट्रिय सभा सदस्य निर्वाचक मण्डलमा प्रदेश सभा सदस्य, गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष र नगरपालिकाका प्रमुख तथा उपप्रमुख रहने व्यवस्था भए पनि यी सबैले गर्ने मतदानको मतभार समान नभई राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ५६ ले तोके बमोजिम हुने व्यवस्था छ । ऐनको सो दफाले प्रदेश सभाका सदस्यको मतभार ४८(अठ्चालिस) र गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष र नगरपालिकाका प्रमुख र उपप्रमुखको मतभार १८(अठार) हुने व्यवस्था गरेको छ ।

### ४.२.६ राजनीतिक दल दर्ता

राष्ट्रिय सभा सदस्य निर्वाचन, २०७६ मा भाग लिन चाहने आयोगमा यसअघि दर्ता कायम रहेका राजनीतिक दललाई नेपालको संविधानको धारा २७१ र राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को

दफा ४८ बमोजिम आयोगमा दल दर्ता गर्न आयोगले वि.सं.२०७६ साल मङ्सिर २७ मा गोरखापत्र दैनिकमा सूचना प्रकाशन गरेको थियो । दल दर्ताका सम्बन्धमा आयोगको यो सूचना आउनुअघि वि.सं.२०७६ साल मङ्सिर २६ गते नै आयोगले आफ्नो प्रेस विज्ञप्तिद्वारा यस कुराको जानकारी सार्वजनिक गरेको थियो । उक्त सूचना प्रकाशन भएपछि सूचनाको म्यादभित्र देहाय बमोजिमका कुल ११ राजनीतिक दल राष्ट्रिय सभा सदस्य निर्वाचन, २०७६ मा भाग लिने प्रयोजनका लागि आयोगमा दर्ता भएका थिए :

१.नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.),

२.नेपाली काँग्रेस,

३.समाजवादी पार्टी,

४.राष्ट्रिय जनता पार्टी नेपाल,

५.राष्ट्रिय प्रजातन्त्र पार्टी,

६.राष्ट्रिय प्रजातन्त्र पाटी (संयुक्त),

७.राष्ट्रिय जनमोर्चा,

८.नेपाल मजदुर किसान पार्टी,

९.नेपाल संघीय समाजवादी पार्टी,

१०.नेपाली जनता जल, र

११.इतिहासिक प्रजातान्त्रिक पार्टी नेपाल ।

### ४.२.७ निर्वाचन कार्यक्रम

वि.सं. २०७६ साल माघ ९ गते राष्ट्रिय सभा सदस्य निर्वाचन सम्पन्न गर्ने गरी नेपाल सरकारले वि.सं. २०७६ साल मङ्सिर २३ मा निर्णय लिएपछि आयोगबाट वि.सं. २०७६ साल मङ्सिर २७ गते राष्ट्रिय सभा सदस्य निर्वाचन कार्यक्रम र निर्वाचन कार्यतालिका स्वीकृत भएको थियो । आयोगले स्वीकृत गरेको निर्वाचन कार्यक्रम अनुसार वि.सं.२०७६ साल पुस १७ गते १० बजे मतदाता नामावली प्रकाशन, सोही दिन ११ बजेदेखि ४ बजेसम्म नामावली उपर दाबी विरोध, वि.सं.२०७६ साल पुस १८ गतेदेखि १९ गते दिउसो ४ बजेसम्म उजुरीउपर छानबिन गरी अन्तिम मतदाता नामावली प्रकाशन र वि.सं.२०७६ साल पुस २० गते उम्मेदवारको मनोनयनपत्र दर्ता गरी वि.सं.२०७६ साल पुस २५ गते उम्मेदवारको अन्तिम नामावलीमा नाम कायम रहेका उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरी वि.सं.२०७६ साल माघ ९ गते बिहान १० बजेदेखि अपराह्न ४ बजेसम्म मतदान गर्ने कार्यक्रम भएको थियो । आयोगबाट स्वीकृत विस्तृत निर्वाचन कार्यक्रम परिशिष्ट-५७ मा प्रस्तुत गरिएको छ ।

### ४.२.८ निर्वाचन अधिकृतको नियुक्ति र कार्यालय स्थापना

निर्वाचन आयोगले वि.सं.२०७६ साल पुस ८ गते न्याय परिषद्को परामर्शमा देहायका जिल्लाका जिल्ला न्यायाधीशलाई वि.सं.२०७६ साल पुस ११ देखि लागु हुने गरी राष्ट्रिय सभा सदस्य निर्वाचन सञ्चालन गर्नका लागि निर्वाचन अधिकृतमा नियुक्त गरेको थियो । यसरी नियुक्त निर्वाचन अधिकृतहरूले तोकिएको जिल्लामा कार्यालय स्थापना गरी वि.सं.२०७६ साल पुस १५ देखि निर्वाचन अधिकृतको कार्यालय सञ्चालन गरेका थिए ।

**निर्वाचन अधिकृतको विवरण र कार्यालय रहेको स्थान**

| प्रदेश | पद | नाम | कार्यालय | कार्यालय रहेको जिल्ला |
|---|---|---|---|---|
| प्रदेश नं.-१ | मा. जिल्ला न्यायाधीश | श्री मेदिनी प्रसाद पौडेल | मोरङ जिल्ला अदालत | मोरङ |
| प्रदेश नं.-२ | मा. जिल्ला न्यायाधीश | श्री राजु कुमार खतिवडा | धनुषा जिल्ला अदालत | धनुषा |
| प्रदेश नं.-३ | मा. जिल्ला न्यायाधीश | श्री महेन्द्र बहादुर कार्की | ललितपुर जिल्ला अदालत | ललितपुर |
| गण्डकी प्रदेश | मा. जिल्ला न्यायाधीश | श्री काजी बहादुर राई | कास्की जिल्ला अदालत | कास्की |
| प्रदेश नं.-५ | मा. जिल्ला न्यायाधीश | श्री रितेन्द्र थापा | दाङ जिल्ला अदालत | दाङ |
| कर्णाली प्रदेश | मा. जिल्ला न्यायाधीश | डा. राजेन्द्रकुमार आचार्य | सुर्खेत जिल्ला अदालत | सुर्खेत |
| सुदूरपश्चिम प्रदेश | मा. जिल्ला न्यायाधीश | श्री विदुर काफ्ले | डोटी जिल्ला अदालत | डोटी |

### ४.२.९ मतदाता नामावली

निर्वाचन आयोगले राष्ट्रिय सभा सदस्य निर्वाचन प्रयोजनका लागि प्रदेश सभा सदस्य निर्वाचक मण्डलमा रहेका गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख गरी १५०६ जना र सात प्रदेशका प्रदेश सभाका सदस्य ५५० जना गरी जम्मा २०५६ मतदाताको फोटो सहितको मतदाता नामावली राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७६ बमोजिम तयार गरी सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा पठाई आयोगको वेवसाइटमा समेत प्रकाशन गरेको थियो ।

### ४.२.१० उम्मेदवारको मनोनयन

राष्ट्रिय सभा सदस्य निर्वाचन, २०७६ मा पदपूर्ति गर्नुपर्ने रिक्त स्थान १८ (अठार) रहेकोमा सो पदमा प्रतिस्पर्धा गर्न मनोनयनपत्र दर्ता गर्ने उम्मेदवारको सङ्ख्या ४५ (पैँतालिस) कायम हुन आएको थियो ।

### ४.२.११ समूहगत उम्मेदवारी सङ्ख्या

राष्ट्रिय सभा सदस्य निर्वाचन, २०७६ का लागि तोकिएको निर्वाचनको विभिन्न समूहमध्ये महिला समूहमा २६ (छब्बिस) जना, दलित समूहमा १४ (चौध) जना, अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित हुने समूहमा १५ (पन्ध्र) जना र अन्य समूहमा २८ (अट्ठाइस) जनाको उम्मेदवारी परेको थियो ।

| **क्रम** | **निर्वाचित गर्नुपर्ने समूह** | **रिक्त स्थान सङ्ख्या** | **उम्मेदवार सङ्ख्या** |
|---|---|---|---|
| १ | महिला समूह | ७ | १६ |
| २ | दलित समूह | २ | ५ |
| ३ | अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदाय समूह | २ | ५ |
| ४ | अन्य समूह | ७ | १९ |
| | **जम्मा** | **१८** | **४५** |

### ४.२.१२ मनोनयनपत्र दर्ता गराउने राजनीतिक दल

राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि मनोनयनपत्र दर्ता हुन आएका कुल ४५ (पैँतालिस) जना उम्मेदवार देहायका राजनीतिक दलका तर्फबाट प्रतिनिधित्व गरेर दर्ता हुन आएका थिए :

| **क्रम सङ्ख्या** | **राजनीतिक दलको नाम** | **उम्मेदवार सङ्ख्या** |
|---|---|---|
| १ | नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.) | १६ |
| २ | नेपाली काँग्रेस | १६ |
| ३ | समाजवादी पार्टी | ७ |
| ४ | राष्ट्रिय जनता पार्टी नेपाल | २ |
| ५ | राष्ट्रिय जनमोर्चा | २ |
| ६ | नेपाल मजदुर किसान पार्टी | २ |
| | **जम्मा** | **४५** |

### ४.२.१३ मतपत्र

राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि आवश्यक पर्ने मतपत्र सम्बन्धमा देहायको व्यवस्था रहेको थियो :

#### ४.२.१३.१ मतपत्र छपाइ तथा ढुवानी

राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि आवश्यक मतपत्र आयोगले सशस्त्र प्रहरी बल नेपालको सुरक्षामा केन्द्रमा नै छपाइ गरी सशस्त्र प्रहरी बलकै सुरक्षा व्यवस्थामा सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा उपलब्ध गराएको थियो । एक जना मतदाताले कानुनले व्यवस्था गरेका विभिन्न चार समूहबाट निर्वाचित हुने सदस्यका लागि मतदान गर्नुपर्ने भएकाले प्रत्येक समूहको सदस्यलाई मतदान गर्ने प्रयोजनका लागि समूहगत रूपमा छुट्टाछुट्टै मतपत्र छपाइ गरिएको थियो ।

#### ४.२.१३.२ मतपत्रको रङ

राष्ट्रिय सभा सदस्य निर्वाचनको निर्वाचक मण्डलका सदस्यको मतभार अलगअलग रहेकाले प्रदेश सभाका सदस्य मतदाताले मतदान गर्ने मतपत्र सेतो कागजमा हरियो रङमा र स्थानीय तहका सदस्य मतदाताले मतदान गर्ने मतपत्र सेतो कागजमा रातो रङमा छपाइ गरिएको थियो ।

### ४.२.१४ मतदान र मतदानको प्रतिशत

आयोगबाट निर्वाचन कार्यक्रम अनुसार राष्ट्रिय सभा सदस्य पदको निर्वाचनको लागि वि.सं.२०७६ साल माघ ९ गते बिहान १०.०० बजेदेखि अपराह्न ४:०० बजेसम्म मतदान कार्यक्रम सञ्चालन गरिएको थियो । राष्ट्रिय सभा सदस्यको उक्त निर्वाचनमा २,०५६ मतदातामध्ये २,०४० मतदाताले मतदान गरेका थिए । राष्ट्रिय सभा सदस्य निर्वाचन, २०७६ मा भएको यस मतदानको प्रतिशत ९९.२२ रहेको थियो ।

### ४.२.१५ मतगणना

राष्ट्रिय सभा सदस्यको निर्वाचनमा तोकिएको समयभित्र मतदान सम्पन्न भएपश्चात् सोही दिन अपराह्न ४:०० बजेपछि निर्वाचन अधिकृतहरूले मतगणना कार्य सुरु गरेका थिए ।

### ४.२.१६ निर्वाचन परिणाम

राष्ट्रिय सभा सदस्य निर्वाचन, २०७६ का लागि वि.सं.२०७६ साल माघ ९ गते भएको निर्वाचनबाट निर्वाचित अठार जना सदस्यहरूको नामनामेसी तथा अन्य विवरण देहाय बमोजिम रहेको छ :

| प्रदेश | निर्वाचित सदस्यको नाम | उमेर | लिङ्ग | समूह | राजनीतिक दलको नाम | प्राप्त मत |
|---|---|---|---|---|---|---|
| प्रदेश-१ | इन्दिरा देवी गौतम | ६४ | महिला | महिला | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) | ६४२६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | गोपी बहादुर सार्की अछामी | ४५ | पुरुष | दलित | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) | ६३३० |
| | देवेन्द्र दाहाल | ६१ | पुरुष | अन्य | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) | ६२३४ |
| प्रदेश-२ | तुलसा कुमारी दाहाल | ५२ | महिला | महिला | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) | ५२०८ |
| | राधेश्याम पासवान | ४४ | पुरुष | दलित | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) | ५२९२ |
| | शेखर कुमार सिंह | ६४ | पुरुष | अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदाय | राष्ट्रिय जनता पार्टी नेपाल | ५५०२ |
| | मृगेन्द्र कुमार सिंह यादव | ६४ | पुरुष | अन्य | राष्ट्रिय जनता पार्टी नेपाल | ५४०० |
| बागमती | गंगा कुमारी बेलबासे | ५० | महिला | महिला | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) | ६८२८ |
| | वेदुराम भुसाल | ६५ | पुरुष | अन्य | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) | ६८१० |
| गण्डकी | भगवती न्यौपाने | ४३ | महिला | महिला | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) | ३३६६ |
| | नारायणकाजी श्रेष्ठ | ५९ | पुरुष | अन्य | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) | ३४६२ |
| प्रदेश-५ | विमला घिमिरे | ४७ | महिला | महिला | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) | ५७७८ |
| | जग प्रसाद शर्मा | ४७ | पुरुष | अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदाय | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) | ५४२४ |
| | गोपाल भट्टराई | ६९ | पुरुष | अन्य | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) | ५३८२ |
| कर्णाली | सुमित्रा बि. सी. | ५९ | महिला | महिला | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) | ३६८४ |
| | माया प्रसाद शर्मा | ५६ | पुरुष | अन्य | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) | ३६१८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सुदूरपश्चिम | शारदा देवी भट्ट | ७० | महिला | महिला | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) | ३७३८ |
| | तारामान स्वाँर | ६० | पुरुष | अन्य | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) | ३७२० |

परिच्छेद पाँच

# राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन, २०७४

परिच्छेद पाँच

# राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन, २०७४

## ५.१ सङ्क्रमणकालीन व्यवस्थामा राष्ट्रपति र उपराष्ट्रपति सम्बन्धी व्यवस्था

नेपालको संविधानको भाग ३३ को सङ्क्रमणकालीन व्यवस्था अन्तर्गत धारा २९७ मा राष्ट्रपति र उपराष्ट्रपति सम्बन्धी व्यवस्थाका विषयमा उल्लेख छ । यसै धाराको उपधारा (१) मा यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेको राष्ट्रपति र उपराष्ट्रपति यस धारा बमोजिम अर्को राष्ट्रपति र उपराष्ट्रपति निर्वाचित नभएसम्म आआफ्नो पदमा बहाल रहने उल्लेख छ । उपधारा (२) ले यो संविधान प्रारम्भ हुँदाका बखत व्यवस्थापिका-संसद्को अधिवेशन चलिरहेको रहेछ भने यो संविधान प्रारम्भ भएको मितिले र अधिवेशन चलिरहेको रहेनछ भने धारा २९६ को उपधारा (६) बमोजिम अधिवेशन आह्वान भएको मितिले एक महिनाभित्र राजनीतिक सहमतिको आधारमा राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसद्ले गर्ने कुरा उल्लेख गरेको छ । राजनीतिक सहमति कायम हुन नसकेमा व्यवस्थापिका-संसद्मा तत्काल कायम रहेका सम्पूर्ण सदस्यको बहुमतद्वारा राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन सम्पन्न गर्नुपर्ने कुरा संविधानको धारा २९७ को उपधारा (३) ले उल्लेख गरेको छ । उपधारा (४) ले सङ्घीय संसद्को गठन नभएसम्म यसै धारा बमोजिम व्यवस्थापिका-संसद्बाट राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचन गरिने व्यवस्था गरेको छ ।

## ५.२ संङ्घीय संसद् गठनपछि राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन सम्बन्धी व्यवस्था

वि.सं.२०७४ साल फागुन-चैतमा सम्पन्न गरिएको राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सङ्घीय संसद् गठन भएपछिको पहिलो हो । यसैले यस निर्वाचनका सन्दर्भमा संविधानको भाग ६ अन्तर्गत व्यवस्था गरिएको धारा ६२ र ६९ बमोजिमको केही प्रावधानका विषयमा बुझ्नु जरुरी हुन्छ । संविधानको धारा ६२ ले राष्ट्रपतिको निर्वाचनका सन्दर्भमा व्यवस्था गरेका केही प्रावधान यस्ता छन् :

(क) राष्ट्रपतिको निर्वाचन सङ्घीय संसद्का सदस्य र प्रदेश सभाका सदस्य मतदाता रहेको निर्वाचक मण्डलबाट हुने तर सङ्घीय संसद् र प्रदेश सभा सदस्यको मतभार फरक हुने,

(ख) निर्वाचक मण्डलको तत्काल कायम रहेको कुल मतको बहुमत प्राप्त गर्ने व्यक्ति राष्ट्रपति निर्वाचित हुने,

(ग) पहिलो निर्वाचनमा कुनै पनि उम्मेदवारले बहुमत प्राप्त गर्न नसकेमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुई उम्मेदवारहरू बिच मतदान हुने र त्यस्तो मतदानमा कुल मतको पचास प्रतिशतभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार राष्ट्रपति निर्वाचित हुने,

(घ) दुई उम्मेदवारबिच मतदान हुँदा पनि कुनै उम्मेदवारले कुल मतको पचास प्रतिशतभन्दा बढी मत प्राप्त गर्न नसकेमा पुनः मतदान हुने र त्यस्तो मतदानमा खसेको कुल सदर मतको बढी मत प्राप्त गर्ने उम्मेदवार राष्ट्रपति हुने ।

संविधानको धारा ६९ ले उपराष्ट्रपतिको निर्वाचन प्रक्रिया राष्ट्रपतिको सरह हुने भन्ने व्यवस्था गरेकाले उल्लिखित प्रावधान उपराष्ट्रपतिको निर्वाचनका हकमा पनि लागु हुने व्यवस्था छ ।

### ५.३ सङ्घीय संसद्ले गरेको पहिलो राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन

नेपालको संविधान अनुसार गठन भएको सङ्घीय संसद्ले संविधानको भाग ६ मा व्यवस्था भएको राष्ट्रपति तथा उपराष्ट्रपति पदको निर्वाचन वि.सं. २०७४ साल फागुन र चैतमा सम्पन्न भएको थियो । सङ्घीय संसद् गठन भएपछि भएको राष्ट्रपति तथा उपराष्ट्रपति पदको यो निर्वाचन सङ्घीय संसद्ले गरेको राष्ट्रपति तथा उपराष्ट्रपति पदको पहिलो निर्वाचन हो ।

### ५.४ राष्ट्रपति पदको निर्वाचन

निर्वाचन आयोगले राष्ट्रपति पदको निर्वाचनका सम्बन्धमा वि.सं. २०७४ साल फागुन १० गते निर्णय गरेको थियो । आयोगको निर्णयानुसार वि.सं. २०७४ साल फागुन २९ गतेका लागि राष्ट्रपति पदको निर्वाचनको मिति तोकिएको थियो । निर्वाचन मितिलाई लक्ष्य गरेर आयोगले उक्त दिन नै राष्ट्रपति पदको निर्वाचन तथा कार्यतालिका पनि स्वीकृत गरेको थियो । आयोगले स्वीकृत गरेको राष्ट्रपति पदको निर्वाचन कार्यक्रम परिशिष्ट-५८ मा प्रस्तुत गरिएको छ ।

#### ५.४.१ निर्वाचनको तयारी

राष्ट्रपति पदको निर्वाचन कार्यक्रम स्वीकृत गर्ने कार्यसँगै आयोगले निर्वाचनका थप कामहरू अगाडि बढाएको थियो । निर्वाचनका लागि आवश्यक नियमावली, निर्वाचन निर्देशिकाको तर्जुमा, आवश्यक सामग्री व्यवस्थापन लगायतका काम अघि बढाइएका थिए ।

#### ५.४.२ मतदाता नामावली

वि.सं. २०७४ साल फागुन २९ गते हुने राष्ट्रपति निर्वाचन र चैत ९ गते हुने उपराष्ट्रपति पदको निर्वाचन प्रयोजनका लागि मतदाता नामावली तयार पार्ने काम कानुनतः आयोगकै जिम्मेवारीमा थियो । यसै प्रयोजनका लागि राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी नियमावली, २०७४ बमोजिम सङ्घीय संसद् सचिवालय र सात वटै प्रदेश सभाका सचिवालयबाट सदस्यहरूको नामावली आयोगले माग गरेको थियो । आयोगले माग गरे बमोजिम सङ्घीय संसद् सचिवालयबाट

प्रतिनिधि सभाका २७५ जना सांसद् र राष्ट्रिय सभाका ५६ जना सांसद्को नाम आयोगमा प्राप्त भएको थियो । त्यसरी नै सात प्रदेश सभाबाट कुल ५५० जना सदस्यमध्ये ५४९ जना सदस्यको नाम आयोगमा प्राप्त भएको थियो ।

सङ्घीय संसद् सचिवालय र प्रदेश सभा सचिवालयहरूबाट तत्तत् सभाका सदस्यहरूको नाम आयोगमा प्राप्त भएपछि आयोगले त्यसरी प्राप्त नामावली र आयोगमा रहेको डाटाबेसको आधारमा मतदाताको नाम थर, मतदाता नम्बर, स्थायी ठेगाना, निर्वाचित भएको पद, पिता/आमा/पतिको नाम, नागरिकता प्रमाणपत्र नम्बर आदि विवरण र मतदाताको फोटो सहितको मतदाता नामावली तयार गरी निर्वाचन अधिकृतको कार्यालयमा पठाएको थियो र आयोगको वेवसाइटमा पनि प्रकाशन गरेको थियो ।

### ५.४.३ निर्वाचन अधिृकत नियुक्ति

आयोगले न्याय परिषद्सँगको परामर्शमा वि.सं.२०७४ साल फागुन १६ गते उच्च अदालत पाटनका माननीय न्यायाधीश श्री तिलप्रसाद श्रेष्ठलाई राष्ट्रपति पदको निर्वाचन सञ्चालनका लागि निर्वाचन अधिकृत पदमा नियुक्त गरेको थियो ।

### ५.४.४ कार्यालय स्थापना

राष्ट्रपति पदको निर्वाचन सञ्चालनका लागि वि.सं.२०७४ साल फागुन १७ गते अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वर, काठमाडौँमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको थियो ।

### ५.४.५ निर्वाचन कार्यक्रम सञ्चालन

आयोगबाट पूर्वस्वीकृत कार्यक्रम अनुसार वि.सं.२०७४ साल फागुन २१ गतेदेखि वि.सं.२०७४ साल फागुन २४ सम्म निर्वाचन अधिकृतको कार्यालयमा राष्ट्रपति पदको निर्वाचन कार्यक्रम सञ्चालन गरिएको थियो ।

### ५.४.६ उम्मेदवारको मनोनयनपत्र

निर्वाचन कार्यक्रम अनुसार वि.सं. २०७४ साल फागुन २३ गते राष्ट्रपति पदको निर्वाचनका लागि जम्मा दुई जना उम्मेदवारको मात्र मनोनयनपत्र दर्ता हुन आएको थियो । राष्ट्रपति पदको निर्वाचनका लागि मनोनयनपत्र दर्ता गर्नेमा कुमारी लक्ष्मी राई र विद्यादेवी भण्डारी हुनुहुन्थो ।

### ५.४.७ उम्मेदवारको अन्तिम नामावली

निर्वाचन कार्यक्रममा निर्धारित समयभित्र मनोनयनपत्र दर्ता गर्ने कुनै पनि उम्मेदवारले आफ्नो मनोनयनपत्र फिर्ता नलिएपछि उम्मेदवारको अन्तिम नामावलीमा मनोनयनपत्र दर्ता गर्ने दुवै जना उम्मेदवारको नाम कायम रहेको थियो ।

### ५.४.८ निर्वाचन सञ्चालनका लागि जनशक्ति

राष्ट्रपति पदको निर्वाचन व्यवस्थापन र सञ्चालनका लागि निर्वाचन अधिकृतको कार्यालयमा निर्वाचन अधिकृत सहित विभिन्न तहका १३ (तेह्र) जनशक्ति परिचालन गरिएको थियो ।

### ५.४.९ मतदान केन्द्र

राष्ट्रपति पदको निर्वाचनमा हुने मतदान कार्यको व्यवस्थापकीय सहजताका लागि सङ्घीय संसद्का सदस्य र प्रदेश सभाका सदस्य मतदाताले मतदान गर्नका लागि अलगअलग मतदान केन्द्र तोकिएका थिए ।

### ५.४.१० मतदान केन्द्रमा परिचालित जनशक्ति

सङ्घीय संसद्का सदस्य र प्रदेश सभाका सदस्य मतदाताले मतदान गर्ने दुवै मतदान केन्द्र प्रत्येकमा एक जना मतदान अधिकृत र एक जना सहायक मतदान अधिकृत सहित ७ (सात) जना कर्मचारी परिचालन गरिएको थियो ।

### ५.४.१०.१ मतगणना कार्यमा परिचालित जनशक्ति

राष्ट्रपति पदको निर्वाचनको लागि भएको मतदानको मतगणना कार्यमा प्रमुख मतगणना अधिकृत, सहायक मतगणना अधिकृत र अन्य गणक समेत गरी ७ (सात) जना कर्मचारी परिचालन गरिएको थियो ।

### ५.४.११ निर्वाचन सामग्री

राष्ट्रपति पदको निर्वाचनका लागि आवश्यक पर्ने मतपत्र बाहेकका निर्वाचन सामग्री आयोगको क्षेत्रीय निर्वाचन कार्यालय, काठमाडौँले आफ्नो मौज्दात सामग्रीबाट व्यवस्थापन गरेको थियो ।

### ५.४.१२ तालिम तथा अभिमुखीकरण

आयोगले राष्ट्रपति पदको निर्वाचन सञ्चालन तथा व्यवस्थापन, मतदान र मतगणनाका सम्बन्धमा निर्वाचन अधिकृत, सहायक निर्वाचन अधिकृत र अन्य कर्मचारीहरूका लागि एक दिने प्रशिक्षण कार्यक्रम सञ्चालन गरेको थियो ।

### ५.४.१३ राजनीतिक दलका प्रतिनिधिसँग निर्वाचन केन्द्रित अन्तरक्रिया तथा छलफल

राष्ट्रपति पदको निर्वाचनका सिलसिलामा सङ्घीय संसद् र प्रदेश सभामा प्रतिनिधित्व गरिरहेका विभिन्न १३ (तेह्र) राजनीतिक दलका प्रतिनिधिका लागि आयोगले मतदान, मतगणना र निर्वाचन व्यवस्थापनका विविध विषयमा अन्तरक्रिया तथा छलफल कार्यक्रम पनि सञ्चालन गरेको थियो ।

### ५.४.१४ मतपत्र

राष्ट्रपति पदको निर्वाचनका लागि आवश्यक पर्ने मतपत्रका सम्बन्धमा देहायको व्यवस्था रहेको थियो :

#### ५.४.१४.१ मतपत्र छपाइ

राष्ट्रपति पदको निर्वाचनका लागि आवश्यक पर्ने सबै मतपत्र आयोगको छापाखानामा छपाइ गरी निर्वाचन अधिकृतको कार्यालयमा उपलब्ध गराइएको थियो ।

#### ५.४.१४.२ मतपत्रको रङ

राष्ट्रपति पदको निर्वाचनको निर्वाचक मण्डलका सदस्यको मतभार अलगअलग रहेकाले सङ्घीय संसद्का सदस्य मतदाताले मतदान गर्ने मतपत्र हरियो रङमा र प्रदेश सभाका सदस्य मतदाताले मतदान गर्ने मतपत्र रातो रङमा छपाइ गरिएको थियो । राष्ट्रिपति पदको निर्वाचनका लागि छपाइ गरिएको मतपत्रको नमुना परिशिष्ट-५८क मा प्रस्तुत गरिएको छ ।

### ५.४.१५ मतदाताको मतभार

राष्ट्रपति पदको निर्वाचनमा मतदाताको रूपमा रहेका निर्वाचक मण्डलका सदस्यहरूमध्ये सङ्घीय संसद्का सदस्यको मतभार ७८ र प्रदेश सभाका सदस्यहरूको मतभार ४८ रहेको थियो ।

### ५.४.१६ मतदान र मतदानको प्रतिशत

निर्वाचन कार्यक्रम अनुसार राष्ट्रपति पदको निर्वाचनको लागि वि.सं. २०७४ साल फागुन २० गते बिहान १०.०० बजेदेखि दिउसो ३:०० सम्म मतदान कार्यक्रम सञ्चालन भएको थियो । सङ्घीय संसद्का ३३१ र प्रदेश सभाका ५४९ गरी जम्मा ८८० मतदातामध्ये सङ्घीय संसद्का ३२६ र प्रदेश सभाका ५३६ गरी कुल जम्मा ८६२ मतदाताले निर्वाचनमा भाग लिई मतदान गरका थिए । अर्थात् राष्ट्रपति पदको निर्वाचनमा अन्ठान्नब्बे प्रतिशत मतदान भएको थियो ।

### ५.४.१७ मतगणना

राष्ट्रपति पदको निर्वाचनको लागि भएको मतदान सम्पन्न भए पश्चात् सोही दिन अपराह्न ४:०० बजेपछि मतगणना कार्य सुरु गरिएको थियो । मतगणना सम्पन्न हुँदा श्रीमती विद्यादेवी भण्डारीले ३९,२७५ र कुमारी लक्ष्मी राईले ११,७३० मत प्राप्त गर्नुभएको थियो ।

### ५.४.१८ मतपत्र बदर

राष्ट्रपति पदको निर्वाचनमा मतदान भएको जम्मा ८६२ मत मध्ये सङ्घीय संसद्का सदस्य मतदाताले मतदान गरेको मतपत्रमध्ये ३(तीन) र प्रदेश सभाका सदस्य मतदाताले मतदान गरेका

मतपत्रमध्ये ५(पाँच) गरी कुल ८ (आठ) मतपत्र बदर भएका थिए । मतपत्र बदरको यो स्थिति मतदान गरिएका ८६२ मतको ०.९३ प्रतिशत हो ।

### ५.४.१९ निर्वाचन परिणाम

वि.सं. २०७४ साल फागुन २९ गते सम्पन्न नेपालको राष्ट्रपति पदको निर्वाचनमा श्रीमती विद्यादेवी भण्डारी नेपालको संविधानको धारा ६२ को उपधारा (३) बमोजिम निर्वाचक मण्डलको तत्काल कायम रहेको कुल मतको बहुमत प्राप्त भएपछि निर्वाचनको पहिलो चरणमै राष्ट्रपति पदका निर्वाचित हुनुभएको घोषणा गरिएको थियो । निर्वाचनमा सहभागी दुवै उम्मेदवारले पाएको मतपरिणाम परिशिष्ट-५९ मा प्रस्तुत गरिएको छ ।

### ५.४.२० निर्वाचन परिणाम प्रकाशन र प्रमाणपत्र वितरण

राष्ट्रपति पदमा निर्विरोध निर्वाचित वा मतदानद्वारा निर्वाचित भएको दुवै अवस्थामा निर्वाचन परिणामको घोषणा निर्वाचन अधिकृतले गर्ने र ती दुवै अवस्थामा निर्वाचितको प्रमाणपत्र भने निर्वाचन आयोगले प्रदान गर्ने कानुनी व्यवस्था छ । निर्विरोध निर्वाचन भएको अवस्थामा आयोगले प्रदान गर्ने निर्वाचित प्रमाणपत्र परिशिष्ट-७४ र मतदानद्वारा निर्वाचित भएको अवस्थामा प्रदान गर्ने निर्वाचित प्रमाणपत्र परिशिष्ट-७५ मा प्रस्तुत गरिएको छ ।

### ५.४.२१ शपथको व्यवस्था

राष्ट्रपतिले आफ्नो कार्यभार सम्हाल्नु अघि संघीय कानुन बमोजिम प्रधान न्यायाधीश समक्ष पद तथा गोपनीयताको शपथ लिनु पर्ने व्यवस्था नेपालको संविधानको धारा ७१ मा उल्लेख गरिएकोले यसरी निर्वाचित राष्ट्रपतिले सोही अनुसार राष्ट्रपति पदको शपथ ग्रहण गर्नु भएको थियो । राष्ट्रपति पदको शपथ ग्रहणको ढाँचा परिशिष्ट-५९क मा प्रस्तुत गरिएको छ ।

## ५.५ उपराष्ट्रपति पदको निर्वाचन

राष्ट्रपति पदको निर्वाचन वि.सं.२०७४ साल फागुन २९ गते सम्पन्न भई निर्वाचन परिणाम घोषणा भएपछि आयोगले निर्वाचनको सो व्यहोरा सम्माननीय राष्ट्रपति समक्ष पेश गरेको थियो । वि.सं. २०७४ साल चैत ९ गते उपराष्ट्रपति पदको निर्वाचन सम्पन्न गर्ने भनी मिति वि.सं. २०७४ साल फागुन ३० गते निर्णय गरिएको थियो । वि.सं. २०७४ साल चैत ९ गते निर्वाचन हुने गरी आयोगले स्वीकृत गरेको उपराष्ट्रपति पदको निर्वाचन कार्यक्रम परिशिष्ट-६० मा प्रस्तुत गरिएको छ ।

### ५.५.१ निर्वाचनको तयारी

आयोगले उपराष्ट्रपति पदको निर्वाचन कार्यक्रम स्वीकृत गर्ने कार्यसँगै निर्वाचनका लागि सम्पन्न गर्नुपर्ने निर्वाचन व्यवस्थापनका अन्य कामहरू तत्काल अघि बढायो ।

### ५.५.२ निर्वाचन अधिकृत नियुक्ति

आयोगले न्याय परिषद्सँगको परामर्शमा वि.सं. २०७४ साल फागुन ३० गते उच्च अदालत पाटनका माननीय न्यायाधीश श्री तिलप्रसाद श्रेष्ठलाई उपराष्ट्रपति पदको निर्वाचन सञ्चालनका लागि निर्वाचन अधिकृत पदमा नियुक्त गऱ्यो ।

### ५.५.३ कार्यालय स्थापना

उपराष्ट्रपति पदको निर्वाचन सञ्चालनका लागि वि.सं. २०७४ साल फागुन ३० गते अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वर, काठमाडौँमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको थियो ।

### ५.५.४ निर्वाचन कार्यक्रम सञ्चालन

आयोगबाट पूर्वस्वीकृत कार्यक्रम अनुसार वि.सं. २०७४ साल चैत १ गतेदेखि वि.सं. २०७४ साल चैत ४ गतेसम्म निर्वाचन अधिकृतको कार्यालयमा उपराष्ट्रपति पदको निर्वाचन कार्यक्रम सञ्चालन गरिएको थियो ।

### ५.५.५ उम्मेदवारको मनोनयनपत्र

निर्वाचन कार्यक्रम अनुसार वि.सं. २०७४ साल चैत ३ गते उपराष्ट्रपति पदको निर्वाचनका लागि उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने कार्यक्रममा श्री नन्दबहादुर पुनको एक मात्र मनोनयनपत्र दर्ता हुन आएको थियो ।

### ५.५.६ उम्मेदवारको अन्तिम नामावली

निर्वाचन कार्यक्रम अनुसार दाबी विरोध लगायतका निर्वाचनका आवश्यक प्रक्रिया पूरा भई वि.सं. २०७४ साल चैत ४ गते उम्मेदवारको अन्तिम नामावलीमा श्री नन्दबहादुर पुनको एक मात्र उम्मेदवारी कायम रहेको थियो ।

### ५.५.७ निर्वाचन परिणाम

निर्वाचन कार्यक्रम अनुसार वि.सं.२०७४ साल चैत ४ गते १८:०० बजे उपराष्ट्रपति पदको उम्मेदवारको अन्तिम नामावली प्रकाशन हुँदा श्री नन्दबहादुर पुनको मात्र उम्मेदवारी कायम भएकाले निर्वाचन अधिकृतबाट राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी अध्यादेश, २०७४ को दफा २४ बमोजिम श्री नन्दबहादुर पुनलाई नेपालको उपराष्ट्रपति पदमा निर्विरोध निर्वाचित हुनुभएको घोषणा गरिएको थियो ।

### ५.५.८ निर्वाचन परिणाम प्रकाशन तथा प्रमाणपत्र प्रदान

उपराष्ट्रपति पदमा निर्विरोध निर्वाचित वा मतदानद्वारा निर्वाचित भएको दुवै अवस्थामा निर्वाचन परिणामको घोषणा निर्वाचन अधिकृतले गर्ने र ती दुवै अवस्थामा निर्वाचितको प्रमाणपत्र भने

निर्वाचन आयोगले प्रदान गर्ने कानुनी व्यवस्था छ। निर्विरोध निर्वाचन भएको अवस्थामा आयोगले प्रदान गर्ने निर्वाचित प्रमाणपत्र परिशिष्ट-७४ र मतदानद्वारा निर्वाचित भएको अवस्थामा प्रदान गर्ने निर्वाचित प्रमाणपत्र परिशिष्ट-७५ मा प्रस्तुत गरिएको छ।

### ५.५.९ शपथको व्यवस्था

उपराष्ट्रपतिले आफ्नो कार्यभार सम्हाल्नु अघि संघीय कानुन बमोजिम राष्ट्रपति समक्ष पद तथा गोपनीयताको शपथ लिनु पर्ने व्यवस्था नेपालको संविधानको धारा ७१ मा उल्लेख गरिएकोले यसरी निर्वाचित उपराष्ट्रपतिले सोही अनुसार उपराष्ट्रपति पदको शपथ ग्रहण गर्नु पर्नेछ। उपराष्ट्रपति पदको शपथ ग्रहणको ढाँचा परिशिष्ट-५९क मा प्रस्तुत गरिएको छ।

परिच्छेद छ

# स्थानीय तह, प्रदेश सभा तथा प्रतिनिधि सभा सदस्य उपनिर्वाचन

परिच्छेद छ

# स्थानीय तह, प्रदेश सभा तथा प्रतिनिधि सभा सदस्य उपनिर्वाचन

## ६.१ स्थानीय तह उपनिर्वाचन

### ६.१.१ पृष्ठभूमि

नेपालको संविधान बमोजिम मुलुकको शासन व्यवस्था सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको सङ्घीय संरचना कायम भएपछि स्थानीय तहको पहिलो निर्वाचन वि.सं. २०७४ सालमा सम्पन्न भएको थियो । वि.सं. २०७४ साल वैशाख ३१, असार १४ र असोज २ गरी यो निर्वाचन तीन चरणमा सम्पन्न गरिएको थियो । निर्वाचन सम्पन्न भएको करीब साढे दुई वर्षका बिचमा निर्वाचनद्वारा पूर्ति गरिएका कतिपय पद विभिन्न कारणले रिक्त हुन आए । स्थानीय तहमा यसरी रिक्त हुन आएका पद कानुन बमोजिम उपनिर्वाचनद्वारा पूर्ति गरिएको थियो ।

### ६.१.२ रिक्त पद उपनिर्वाचनद्वारा पूर्ति गर्ने कानुनी व्यवस्था

स्थानीय तहको कार्यकारिणी अधिकार प्राप्त गाउँपालिका र नगरपालिकामा रहने गाउँपालिकाको अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाको प्रमुख र उपप्रमुखको पद एक वर्षभन्दा बढी पदावधि बाँकी रहेको अवस्थामा रिक्त हुन गएमा बाँकी अवधिका लागि रिक्त पदको पूर्ति उपनिर्वाचनद्वारा हुने व्यवस्था संविधानको धारा २१५ को उपधारा (९) र धारा २१६ को उपधारा (९) ले गरेको छ ।

### ६.१.३ स्थानीय तहमा रिक्त पद

वि.सं. २०७४ सालमा स्थानीय तहको निर्वाचन सम्पन्न भएपछि विभिन्न मितिमा स्थानीय तहका विभिन्न पद रिक्त भएका थिए । यसरी रिक्त भएका पद देहाय बमोजिम थिए :

| **क्रम सङ्ख्या** | **स्थानीय तह** | **रिक्त हुन आएको पद** | **रिक्त पद सङ्ख्या** |
|---|---|---|---|
| १ | गाउँपालिका | अध्यक्ष | ३ |
| २ | गाउँपालिका | उपाध्यक्ष | १ |
| ३ | उपमहानगरपालिका | प्रमुख | १ |
| ४ | गाउँपालिका/नगरपालिका | वडा अध्यक्ष | ४३ |
| | | **जम्मा रिक्त पद** | **४८** |

### ६.१.४ वडा अध्यक्ष पदको उपनिर्वाचन सम्बन्धमा थप कानुनी व्यवस्था

गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख पद एक वर्षभन्दा बढी पदावधि बाँकी रहेको अवस्थामा रिक्त हुन गएमा बाँकी अवधिका लागि रिक्त पदको पूर्ति उपनिर्वाचनद्वारा हुने व्यवस्था संविधानले प्रस्ट रूपमा गरेको छ । तर, स्थानीय तह अन्तर्गत

गाउँपालिका र नगरपालिकाको वडा समितिको समेत अध्यक्षता गर्ने वडा अध्यक्षको पद रिक्त भएमा के गर्ने भन्ने विषयमा संविधानमा केही उल्लेख नभएको अवस्था थियो । यसर्थ, सङ्घीय कानुनले थप व्यवस्था नगरेको अवस्थामा गाउँपालिका तथा नगरपालिकाका वडा अध्यक्ष पद रिक्त हुन आएमा उपनिर्वाचनद्वारा पूर्ति हुन सक्ने अवस्था थिएन ।

स्थानीय तहको उपनिर्वाचन सम्बन्धी यस कानुनी अड्चनलाई मिति २०७५/११/१९ मा प्रमाणीकरण भएको नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ ले स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ३ को उपदफा (२) मा देहाय बमोजिम संशोधन गरी गाउँपालिका र नगरपालिकाका वडा अध्यक्षको पद पनि उपनिर्वाचनद्वारा पूर्ति गर्न सकिने व्यवस्था गऱ्यो । ऐनको कानुनी रूप देहाय बमोजिम रहेको छ :

"जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख, गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष तथा वडा अध्यक्ष एवं नगरपालिकाको प्रमुख, उपप्रमुख तथा वडा अध्यक्षको पदावधि समाप्त नहुँदै निजको पद कुनै कारणले रिक्त भएमा बाँकी पदावधिको लागि निर्वाचन आयोगको परामर्श लिई नेपाल सरकारले तोकेको मितिमा त्यस्तो रिक्त पद उपनिर्वाचनद्वारा पूर्ति गरिनेछ । तर, एक वर्षभन्दा कम पदावधि बाँकी रहेको अवस्थामा उपनिर्वाचन गरिने छैन ।"

### ६.१.५ उपनिर्वाचन मितिको घोषणा

स्थानीय तहको रिक्त पदको उपनिर्वाचन आयोगको परामर्श लिई नेपाल सरकारले तोकेको मितिमा हुने कानुनी व्यवस्था बमोजिम वि.सं.२०७६ साल मङ्सिर १४ गते शनिबार गर्ने गरी नेपाल सरकारले वि.सं. २०७६ साल साउन १६ गते उपनिर्वाचनको मिति तोकेको थियो ।

### ६.१.६ निर्वाचनको तयारी

नेपाल सरकारले स्थानीय तह अन्तर्गत गाउँपालिका तथा नगरपालिकाको उपनिर्वाचनको मिति तोकेपछि आयोगले स्थानीय तहको उपनिर्वाचनसम्बन्धी आफ्नो आन्तरिक तयारी कार्यलाई तत्काल अघि बढाएको थियो ।

### ६.१.७ निर्वाचन अधिकृत नियुक्ति

स्थानीय तह उपनिर्वाचन प्रयोजनका लागि आयोगले न्याय परिषद्को परामर्शमा देहायका तेत्तिस जिल्लाका तेत्तिस जना जिल्ला न्यायाधीशलाई मुख्य निर्वाचन अधिकृतमा र न्याय सेवा आयोगको परामर्शमा देहायका नेपाल न्याय सेवाका रा. प. द्वितीय श्रेणीका व्यक्तिलाई निर्वाचन अधिकृत पदमा आयोगको वि.सं.२०७६ साल कार्तिक ३ गतेको निर्णयबाट नियुक्त गरेको थियो । आयोगले यसरी नियुक्त गरेका मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतहरूको नामावली परिशिष्ट-६१ मा प्रस्तुत गरिएको छ ।

### ६.१.८ निर्वाचन कार्यक्रम

आयोगले स्थानीय तह उपनिर्वाचनका लागि वि.सं.२०७६ साल कार्तिक २७ मा उम्मेदवारले मनोनयनपत्र पेश गर्ने लगायतका प्रक्रिया पूरा गर्ने, वि.सं. २०७६ साल मङ्सिर १ मा उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्ने र वि.सं. २०७६ साल मङ्सिर १४ गते शनिबारका दिन बिहान ०७:०० बजेदेखि साँझ १७:०० बजेसम्म मतदान गर्ने गरी वि.सं.२०७६ साल असोज १५ को निर्णय अनुसार निर्वाचन कार्यक्रम स्वीकृत गरेको थियो। आयोगबाट स्वीकृत निर्वाचन कार्यक्रम परिशिष्ट-६१क मा प्रस्तुत गरिएको छ।

### ६.१.९ कार्यालय स्थापना

स्थानीय तह उपनिर्वाचन, २०७६ का लागि आयोगले निर्देश गरे बमोजिम निर्वाचन अधिकृतहरूले वि.सं. २०७६ साल कार्तिक २० गते निर्वाचन अधिकृतको कार्यालय स्थापना गरी उपनिर्वाचनसँग सम्बन्धित कामको सुरुआत गरेका थिए।

### ६.१.१० निर्वाचन कार्यक्रम सञ्चालन

स्थानीय तहको उपनिर्वाचनका लागि वि.सं. २०७६ साल कार्तिक २७ गते उम्मेदवारको मनोयनपत्र पेश गर्ने र ती उम्मेदवारहरूलाई वि.सं. २०७६ साल मङ्सिर १ गते निर्वाचन चिह्न प्रदान गर्ने गरी आयोगले स्वीकृत गरेको निर्वाचन कार्यक्रम अनुसार निर्वाचन अधिकृतहरूले आआफ्नो कार्य सञ्चालन गरेका थिए।

### ६.१.११ उम्मेदवारको मनोनयनपत्र दर्ता र निर्वाचन चिह्न

स्थानीय तह उपनिर्वाचनको लागि उम्मेदवारले मनोनयनपत्र दर्ता गर्ने कार्य पूर्व निर्धारित निर्वाचन कार्यक्रम अनुसार वि.सं. २०७६ साल कार्तिक २७ गते सबै निर्वाचन अधिकृतको कार्यालयमा शान्तिपूर्ण रूपमा सम्पन्न भएको थियो। यसरी मनोनयनपत्र दर्ता गरी उम्मेदवारको अन्तिम नामावलीमा नाम कायम रहन आएका उम्मेदवारलाई निर्वाचन अधिकृतले वि.सं. २०७६ साल मङ्सिर १ गते निर्वाचन चिह्न प्रदान गरेका थिए।

### ६.१.१२ निर्वाचन प्रचारप्रसार

वि.सं २०७६ साल मङ्सिर १ गते निर्वाचन चिह्न पाएका उम्मेदवारले मतदान हुने दिन वि.सं. २०७६ साल मङ्सिर १४ को अठ्चालिस घण्टा अगाडि अर्थात् वि.सं. २०७६ साल मङ्सिर ११ गतेको रातिको बाह्र बजे अगाडिसम्म निर्वाचन प्रचारप्रसारको समय पाएका थिए। स्थानीय तह निर्वाचनको प्रचारप्रसारको लागि उपलब्ध यो समय स्थानीय तह निर्वाचन, २०७४ भन्दा बढी थियो।

### ६.१.१३ मतपत्र छपाइ

स्थानीय तह निर्वाचनका लागि आवश्यक मतपत्र नेपाली सेनाको सुरक्षामा जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा छपाइ गरिएको थियो । स्थानीय तहको यस पटकको निर्वाचनमा प्रयोग भएका मतपत्रमा उम्मेदवारको अन्तिम नामावलीमा नाम कायम रहेका उम्मेदवारहरूको मात्र निर्वाचन चिह्न राखी मतपत्र छपाइ गरिएको थियो ।

### ६.१.१४ मतपत्र ढुवानी

स्थानीय तह निर्वाचनका लागि छपाइ गरिएका मतपत्र जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सानोठिमीबाट नेपाली सेनाको सुरक्षा व्यवस्थामा सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयहरूमा पु¥याइएको थियो ।

### ६.१.१५ निर्वाचनका लागि जनशक्ति

स्थानीय तह निर्वाचनका क्रममा निर्वाचन अधिकृतको कार्यालय सञ्चालनका लागि आवश्यक पर्ने जनशक्तिदेखि मतगणनासम्मको कामका लागि आवश्यक पर्ने जनशक्ति आयोगको निर्देशनको परिधिभित्र रही सम्बन्धित जिल्लामा नै व्यवस्थापन गरिएको थियो ।

### ६.१.१६ मतदान

स्थानीय तह उपनिर्वाचन, २०७६ का लागि तोकिएको मिति र समय वि.सं.२०७६ साल मङ्सिर १४ गतेको बिहान ०७:०० बजेदेखि साँझ ५:०० बजेसम्म तोकिएका सबै मतदान केन्द्रमा शान्तिपूर्ण रूपमा मतदान कार्य सम्पन्न भएको थियो ।

### ६.१.१७ मतपेटिका सङ्कलन

मतदान कार्य सम्पन्न भएपछि जिल्लाले तय गरेको सुरक्षा व्यवस्था अनुसार मतदान भएका सबै मतपेटिका सुरक्षित रुपमा सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा सङ्कलन भएको थियो ।

### ६.१.१८ मतगणना

स्थानीय तह उपनिर्वाचनमा मतदान भएका सबै मतपेटिका निर्वाचन अधिकृतको कार्यालयमा सङ्कलन भइसकेपछि आयोगले दिएको निर्देशन र स्थानीय तह उपनिर्वाचन (मतगणना) निर्देशिकाले तोके बमोजिम प्रक्रिया पूरा गरी निर्वाचन अधिकृतहरूले मतगणना कार्य अगाडि बढाएका थिए । स्थानीय तह उपनिर्वाचनको मतगणना परिणाम परिशिष्ट-६२ मा प्रस्तुत गरिएको छ ।

## ६.२ प्रदेश सभा सदस्यउपनिर्वाचन

### ६.२.१ पृष्ठभूमि

नेपालको संविधान बमोजिम मुलुकको शासन व्यवस्था सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको सङ्घीय संरचना कायम भएपछि प्रदेश सभाको पहिलो निर्वाचन दुई चरणमा वि.सं. २०७४ साल मङ्सिर १० गते र मङ्सिर २१ गते सम्पन्न गरिएको थियो ।

### ६.२.२ प्रदेश सभाको रिक्त स्थान पूर्ति गर्ने कानुनी व्यवस्था

प्रदेश सभाको कार्यकाल छ महिनाभन्दा बढी अवधि बाँकी छँदै कुनै सदस्यको स्थान रिक्त भएमा त्यस्तो स्थान जुन निर्वाचन प्रणालीबाट पूर्ति भएको थियो सोही प्रक्रियाद्वारा पूर्ति गरिनेछ भन्ने व्यवस्था नेपालको संविधानको धारा १७६ को उपधारा (९) ले उल्लेख गरेकाले सोही व्यवस्था अनुसार उपनिर्वाचन सम्पन्न गरिएको थियो ।

### ६.२.३ प्रदेश सभामा रिक्त स्थान

प्रदेश सभा सदस्य निर्वाचन, २०७४ मा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट निर्वाचित देहायका प्रदेश सभाका देहायका तीन सदस्यको स्थान देहाय बमोजिमका कारणले रिक्त हुन आएको थियो :

| क्रम सङ्ख्या | प्रदेश सभा | साबिक प्रदेश सभा सदस्यको नाम | स्थान रिक्त हुनाको कारण | साबिकको स्थान पूर्तिको प्रक्रिया |
|---|---|---|---|---|
| १ | बागमती प्रदेश सभा | हरिशरण लामिछाने | मृत्यु | पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट निर्वाचित |
| २ | गण्डकी प्रदेश सभा | टेक बहादुर घर्ती | मृत्यु | पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट निर्वाचित |
| ३ | प्रदेश नम्बर-५ सभा | उत्तर कुमार वली | मृत्यु | पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट निर्वाचित |

प्रदेश सभामा रिक्त हुन आएका उल्लिखित सबै तीन स्थान पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको प्रक्रियाबाट पूर्ति भएका स्थान थिए । तसर्थ उपनिर्वाचनबाट स्थान पूर्ति गर्नु पर्दा पनि सोही प्रणाली अपनाउनु पर्ने कानुनी व्यवस्था विद्यमान थियो ।

### ६.२.४ निर्वाचन मितिको घोषणा

प्रदेश सभा सदस्यको निर्वाचन मिति तोक्नुअघि आयोगसँग परामर्शमा नेपाल सरकारले निर्वाचनको मिति तोक्ने व्यवस्था प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६ ले गरेको छ। ऐनको यही प्रावधानलाई टेकेर आयोगसँग परामर्श गरी रिक्त प्रदेश सभा सदस्य पदको उपनिर्वाचन वि.सं. २०७६ साल मङ्सिर १४ मा गर्ने गरी नेपाल सरकारले वि.सं. २०७६ साल साउन १६ मा उपनिर्वाचनको मिति तोकेको थियो।

### ६.२.५ निर्वाचनको तयारी

नेपाल सरकारले प्रदेश सभा सदस्य उपनिर्वाचनको मिति तोकेपछि उपनिर्वाचन मितिको पर्खाइमा रहेको आयोगले कानुन बमोजिम आफूले सम्पादन गर्नुपर्ने उपनिर्वाचन सम्बन्धी आवश्यक आन्तरिक तयारी कार्य अघि बढाएको थियो।

### ६.२.६ निर्वाचन अधिकृत नियुक्ति

आयोगको वि.सं. २०७६ साल कार्तिक ३ गतेको निर्णयले प्रदेश सभा सदस्य उपनिर्वाचन, २०७६ का लागि न्याय परिषद्को परामर्शमा भक्तपुर, बाग्लुङ र दाङ गरी तीन जिल्लाका लागि देहाय बमोजिमका तीन जना जिल्ला न्यायाधीशलाई वि.सं.२०७६ साल कार्तिक १३ गतेदेखि लागु हुने गरी मुख्य निर्वाचन अधिकृत पदमा नियुक्त गरेको थियो :

| क्रम | जिल्ला | निर्वाचन क्षेत्र | नियुक्त मख्य निर्वाचन अधिकृतको नाम | पद र कार्यालय |
|---|---|---|---|---|
| १ | भक्तपुर | प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. १ को प्रदेश सभा निर्वाचन क्षेत्र नं. १ | श्री वासुदेव न्यौपाने | माननीय जिल्ला न्यायाधीश, भक्तपुर जिल्ला अदालत |
| २ | बाग्लुङ | प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. २ को प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं. २ | श्री जगत नारायण प्रधान | माननीय जिल्ला न्यायाधीश, बाग्लुङ जिल्ला अदालत |
| ३ | दाङ | प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. ३ को प्रदेश सभा निर्वाचन क्षेत्र नं. २ | श्री रितेन्द्र थापा | माननीय जिल्ला न्यायाधीश, दाङ जिल्ला अदालत |

### ६.२.७ निर्वाचन कार्यक्रम

आयोगले प्रदेश सभा सदस्य उपनिर्वाचनका लागि वि.सं. २०७६ साल कार्तिक २१ मा उम्मेदवारले मनोनयनपत्र पेश गर्ने, वि.सं. २०७६ साल कार्तिक २५ मा निर्वाचन चिह्न प्रदान गर्ने, वि.सं. २०७६ साल मङ्सिर १४ शनिबारका दिन बिहान ०७:०० बजेदेखि साँझ ५:०० बजेसम्म मतदान गर्ने गरी वि.सं. २०७६ साल असोज १५ गते निर्वाचन कार्यक्रम स्वीकृत गरेको थियो। आयोगबाट स्वीकृत निर्वाचन कार्यक्रम परिशिष्ट-६३ मा प्रस्तुत गरिएको छ।

### ६.२.८ कार्यालय स्थापना

प्रदेश सभा सदस्य उपनिर्वाचन, २०७६ का लागि आयोगले निर्देश गरे बमोजिम निर्वाचन अधिकृतहरूले वि.सं.२०७६ साल कार्तिक १३ गते निर्वाचन अधिकृतको कार्यालय स्थापना गरी उपनिर्वाचनसँग सम्बन्धित कामको सुरुआत गरेका थिए ।

### ६.२.९ निर्वाचन कार्यक्रम सञ्चालन

प्रदेश सभा सदस्य उपनिर्वाचनका लागि वि.सं.२०७६ साल कार्तिक २१ गते उम्मेदवारको मनोयनपत्र पेश गर्ने र ती उम्मेदवारहरूलाई वि.सं.२०७६ साल कार्तिक २५ गते निर्वाचन चिह्न प्रदान गर्ने गरी आयोगले स्वीकृत गरेको निर्वाचन कार्यक्रम निर्वाचन अधिकृतहरूले आआफ्नो कार्यालयमा तोकिए बमोजिमको अवधिमा सञ्चालन गरेका थिए ।

### ६.२.१० उम्मेदवारको मनोनयनपत्र दर्ता र निर्वाचन चिह्न

प्रदेश सभा सदस्य उपनिर्वाचनको लागि उम्मेदवारले मनोनयनपत्र दर्ता गर्ने कार्य पूर्व निर्धारित निर्वाचन कार्यक्रम अनुसार वि.सं २०७६ साल कार्तिक २१ गते तीनवटै निर्वाचन अधिकृतको कार्यालयमा शान्तिपूर्ण रूपमा सम्पन्न भएको थियो । यसरी मनोनयनपत्र दर्ता गरी उम्मेदवारको अन्तिम नामावलीमा नाम कायम रहन आएका उम्मेदवारलाई निर्वाचन अधिकृतले कार्तिक २५ गते निर्वाचन चिह्न प्रदान गरेका थिए ।

### ६.२.११ निर्वाचन प्रचारप्रसार

वि.सं. २०७६ साल कार्तिक २५ गते निर्वाचन चिह्न पाएका उम्मेदवारले मतदान हुने दिन वि.सं. २०७६ साल मङ्सिर १४ को अठ्चालिस घण्टा अगाडि अर्थात् वि.सं. २०७६ साल मङ्सिर ११ गतेको रातिको बाह्र बजे अगाडिसम्म निर्वाचन प्रचारप्रसारको समय पाएका थिए ।

### ६.२.१२ मतपत्र छपाइ

प्रदेश सभा सदस्य निर्वाचनका लागि आवश्यक मतपत्र नेपाली सेनाको सुरक्षामा जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सानोठिमीमा छपाइ गरिएको थियो । यसरी छापिएको मतपत्रमा उम्मेदवारको अन्तिम नामावलीमा नाम कायम रहेका उम्मेदवारहरूको मात्र निर्वाचन चिह्न राखी मतपत्र छपाइ गरिएको थियो ।

### ६.२.१३ मतपत्र ढुवानी

प्रदेश सभा सदस्य निर्वाचनका लागि छपाइ गरिएका मतपत्र जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सानोठिमीबाट नेपाली सेनाको सुरक्षा व्यवस्थामा सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयहरूमा यथासमय पुऱ्याइएको थियो ।

### ६.२.१४ निर्वाचनका लागि जनशक्ति

प्रदेश सभा सदस्य निर्वाचनका क्रममा निर्वाचन अधिकृतको कार्यालयमा रहने जनशक्तिदेखि मतगणनासम्मको कामका लागि आवश्यक पर्ने सबै जनशक्ति आयोगको निर्देशनको परिधिभित्र रही सम्बन्धित जिल्लामा नै व्यवस्थापन गरिएको थियो ।

### ६.२.१५ मतदान

प्रदेश सभा सदस्य उपनिर्वाचन २०७६ का लागि तोकिएको मिति र समय वि.सं. २०७६ साल मङ्सिर १४ गतेको बिहान ०७:०० बजेदेखि साँझ ५:०० बजेसम्म तोकिएका सबै मतदान केन्द्रमा शान्तिपूर्ण रूपमा मतदान कार्य सम्पन्न भएको थियो ।

### ६.२.१६ मतदान प्रतिशत

प्रदेश सभा सदस्य उपनिर्वाचनका लागि भएको भक्तपुर, बाग्लुङ र दाङ जिल्ला अन्तर्गतका तीनवटा प्रदेश सभा सदस्य निर्वाचनमा भएको मतदानमा तीनवटै निर्वाचन क्षेत्रका कुल १,४८,९१८ मतदातामध्ये कुल ९८,७३४ ले मात्र मतदान गरेका थिए । प्रतिशतका हिसाबले यो ६६.३० प्रतिशत मतदान हो ।

### ६.२.१७ मतपेटिका सङ्कलन

मतदान कार्य सम्पन्न भएपछि जिल्लाले तय गरेको सुरक्षा व्यवस्था अनुसार मतदान भएका सबै मतपेटिका सुरक्षितसाथ सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा सङ्कलन गरिएको थियो ।

### ६.२.१८ मतगणना

प्रदेश सभा सदस्य उपनिर्वाचनमा मतदान भएका सबै मतपेटिका निर्वाचन अधिकृतको कार्यालयमा सङ्कलन भइसकेपछि आयोगले दिएको निर्देशन र प्रदेश सभा सदस्य उपनिर्वाचन (मतगणना) निर्देशिकाले तोके बमोजिम प्रक्रिया पूरा गरी निर्वाचन अधिकृतहरूले मतगणना कार्य अगाडि बढाएका थिए ।

### ६.२.१९ सदर तथा बदर मत

प्रदेश सभा सदस्य उपनिर्वाचनका लागि भएको मतदानको कुल मतदाता, सदर मत तथा बदर मत देहाय. बमोजिम रहेको थियो :

| क्रम | निर्वाचन क्षेत्र | कुल मतदाता | खसेको मत | खसेको प्रतिशत | सदर मत | सदर प्रतिशत | बदर मत | बदर प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १ | भक्तपुर जिल्ला प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र | ४५,०१५ | ३२,०३७ | ७१.१७ | ३१५९२ | ९८.६१ | ४४५ | १.३८९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | नं.१ को प्रदेश सभा निर्वाचन क्षेत्र नं.१ | | | | | | | |
| २ | बाग्लुङ जिल्ला प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं.२ को प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं.२ | ३५,१८४ | २१,३९६ | ६०.८१ | २०९७१ | ९८.०१ | ४२५ | १.९८६ |
| ३ | दाङ जिल्ला प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं.३ को प्रदेश सभा निर्वाचन क्षेत्र नं.२ | ६८,७१९ | ४५,३०१ | ६५.९२ | ४४५०४ | ९८.२४ | ७९७ | १.७६ |

## ६.२.२० निर्वाचन परिणाम

प्रदेश सभा सदस्य उपनिर्वाचनका लागि वि.सं.२०७६ साल मङ्सिर १४ गते भएको उपनिर्वाचनको मतगणना समाप्त हुँदा देहायका निर्वाचन क्षेत्रमा देहायका उम्मेदवार विजयी भएका थिए :

| क्रम | जिल्ला/निर्वाचन क्षेत्र | उम्मेदवारको नाम | प्राप्त मत | निर्वाचन परिणाम |
|---|---|---|---|---|
| १ | भक्तपुर जिल्ला प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं.१ को प्रदेश सभा निर्वाचन क्षेत्र नं.१ | कृष्ण लाल भडेल | १३४४९ | निर्वाचित |
| २ | | देवि प्रसाद ढकाल | ११२०६ | निकटतम प्रतिद्वन्द्वी |
| ३ | बाग्लुङ जिल्ला प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं.२ को प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं.२ | खिमबिक्रम शाही | ११२३५ | निर्वाचित |
| ४ | | जित बहादुर शेरचन | ९१३८ | निकटतम प्रतिद्वन्द्वी |
| ५ | दाङ जिल्ला प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. ३ को प्रदेश सभा निर्वाचन क्षेत्र नं.२ | बिमला कुमारी खत्री | २४२८६ | निर्वाचित |
| ६ | | केशव राज शर्मा | १९१८२ | निकटतम प्रतिद्वन्द्वी |

## ६.३ प्रतिनिधि सभा सदस्य उपनिर्वाचन

### ६.३.१ पृष्ठभूमि

नेपालको संविधानले व्यवस्था गरे बमोजिमको सङ्घीय संसद् अन्तर्गतको प्रतिनिधि सभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फको निर्वाचन पहिलो पटक दुई चरणमा वि.सं. २०७४ साल मङ्सिर १० गते र मङ्सिर २१ गते सम्पन्न गरिएको थियो । यसरी दुई चरणमा निर्वाचन हुँदा गण्डकी प्रदेशको कास्की जिल्ला प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नम्बर २ मा वि.सं. २०७५ साल मङ्सिर २१ गते निर्वाचन सम्पन्न भएको थियो । गण्डकी प्रदेश कास्की जिल्लाको प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नम्बर २ बाट सो निर्वाचनमा विजयी बनी सो निर्वाचन क्षेत्रको प्रतिनिधित्व गर्नु भएका प्रतिनिधि सभा सदस्य रविन्द्र प्रसाद अधिकारीको वि.सं.२०७५ साल फागुन १५ गते हेलिकोप्टर दुर्घटनाका कारण दुःखद निधन भई उल्लिखित निर्वाचन क्षेत्रको प्रतिनिधि सभा सदस्यको स्थान रिक्त हुन आएकाले सो स्थान उपनिर्वाचनद्वारा पूर्ति गर्नुपरेको थियो ।

### ६.३.२ रिक्त पद उपनिर्वाचनद्वारा पूर्ति गर्ने कानुनी व्यवस्था

प्रतिनिधि सभाको कार्यकाल छ महिनाभन्दा बढी अवधि बाँकी छँदै कुनै सदस्यको स्थान रिक्त भएमा त्यस्तो स्थान जुन निर्वाचन प्रणालीबाट पूर्ति भएको थियो सोही प्रक्रियाद्वारा पूर्ति गरिनेछ भन्ने व्यवस्था नेपालको संविधानको धारा ८४ को उपधारा (७) ले गरेको व्यवस्था अनुसार उपनिर्वाचन गरिएको थियो ।

### ६.३.३ उपनिर्वाचन मितिको घोषणा

प्रतिनिधि सभा सदस्यको निर्वाचन मिति तोक्नुअघि आयोगसँग परामर्श लिई नेपाल सरकारले निर्वाचनको मिति तोक्ने व्यवस्था प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६ ले गरेको छ । ऐनको सोही प्रावधानलाई टेकेर आयोगसँग परामर्श गरी रिक्त प्रतिनिधि सभा सदस्य पदको उपनिर्वाचन वि.सं २०७६ साल मङ्सिर १४ गते शनिबार गर्ने गरी नेपाल सरकारले वि.सं. २०७६ साल साउन १६ गते उपनिर्वाचनको मिति तोकेको थियो ।

### ६.३.४ निर्वाचनको तयारी

नेपाल सरकारले कास्की जिल्ला निर्वाचन क्षेत्र नम्बर २ मा रिक्त रहेको प्रतिनिधि सभा सदस्य पदको उपनिर्वाचनको मिति तोकेपछि आयोगले कानुन बमोजिम आफूले सम्पादन गर्नुपर्ने उपनिर्वाचन सम्बन्धी तयारी कार्यलाई अघि बढाएको थियो ।

### ६.३.५ निर्वाचन अधिकृत नियुक्ति

आयोगले कास्की जिल्ला निर्वाचन क्षेत्र नम्बर २ को प्रतिनिधि सभा सदस्य पदको उपनिर्वाचनको लागि न्याय परिषद्को परामर्शमा कास्की जिल्ला अदालतका माननीय जिल्ला न्यायाधीश श्री काजी बहादुर राईलाई आयोगको वि.सं.२०७६ साल कार्तिक ३ गतेको निर्णयबाट वि.सं.२०७६ साल कार्तिक १३ गतेदेखि लागु हुने गरी मुख्य निर्वाचन अधिकृत पदमा नियुक्त गरेको थियो ।

### ६.३.६ निर्वाचन कार्यक्रम

आयोगले कास्की जिल्ला निर्वाचन क्षेत्र नम्बर २ को प्रतिनिधि सभा सदस्य उपनिर्वाचनका लागि वि.सं. २०७६ साल कार्तिक २१ गते उम्मेदवारले मनोनयनपत्र पेश गर्ने, वि.सं.२०७६ साल कार्तिक २५ गते निर्वाचन चिह्न प्रदान गर्ने, वि.सं.२०७६ साल मङ्सिर १४ गते शनिबारका दिन बिहान ०७:०० बजेदेखि साँझ ५:०० बजेसम्म मतदान गर्ने गरी वि.सं.२०७६ साल असोज १५ गते निर्वाचन कार्यक्रम स्वीकृत गरेको थियो । आयोगबाट स्वीकृत निर्वाचन कार्यक्रम परिशिष्ट-६३ मा प्रस्तुत गरिएको छ ।

### ६.३.७ कार्यालय स्थापना

कास्की जिल्ला निर्वाचन क्षेत्र नम्बर २ को प्रतिनिधि सभा सदस्य उपनिर्वाचन सञ्चालनका लागि आयोगले निर्देश गरे बमोजिम वि.सं. २०७६ साल कार्तिक १३ गते निर्वाचन अधिकृतको कार्यालय स्थापना भई उपनिर्वाचनको काम अघि बढेको थियो ।

### ६.३.८ निर्वाचन कार्यक्रम सञ्चालन

कास्की जिल्ला निर्वाचन क्षेत्र नम्बर २ मा रिक्त प्रतिनिधि सभा सदस्य पद पूर्तिका लागि हुने उपनिर्वाचनका लागि वि.सं. २०७६ साल कार्तिक २१ गते उम्मेदवारको मनोयनपत्र पेश गर्ने र ती उम्मेदवारहरूलाई वि.सं. २०७६ साल कार्तिक २५ गते निर्वाचन चिह्न प्रदान गर्ने गरी आयोगले स्वीकृत गरेको निर्वाचन कार्यक्रम मुख्य निर्वाचन अधिकृतको कार्यालयमा सञ्चालन भएको थियो ।

### ६.३.९ उम्मेदवारको मनोनयनपत्र दर्ता र निर्वाचन चिह्न

प्रतिनिधि सभा सदस्य उपनिर्वाचनको लागि उम्मेदवारले मनोनयनपत्र दर्ता गर्ने कार्य पूर्व निर्धारित निर्वाचन कार्यक्रम अनुसार वि.सं.२०७६ साल कार्तिक २१ गते निर्वाचन अधिकृतको कार्यालयमा शान्तिपूर्ण रूपमा सम्पन्न भएको थियो । यसरी मनोनयनपत्र दर्ता गरी उम्मेदवारको अन्तिम नामावलीमा नाम कायम रहन आएका उम्मेदवारलाई निर्वाचन अधिकृतले कार्तिक २५ गते निर्वाचन चिह्न प्रदान गरेका थिए ।

### ६.३.१० निर्वाचन प्रचारप्रसार

वि.सं.२०७६ साल कार्तिक २५ गते निर्वाचन चिह्न पाएका उम्मेदवारले मतदान हुने दिन वि.सं. २०७६ साल मङ्सिर १४ को अठ्चालिस घण्टा अगाडि अर्थात् वि.सं. २०७६ साल मङ्सिर ११ गतेको रातिको बाह्र बजे अगाडिसम्म निर्वाचन प्रचारप्रसारको समय पाएका थिए ।

### ६.३.११ मतपत्र छपाइ

कास्की जिल्ला निर्वाचन क्षेत्र नम्बर २ को प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि आवश्यक मतपत्र नेपाली सेनाको सुरक्षामा जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा छपाइ गरिएको थियो ।

यसरी छापिएको मतपत्रमा उम्मेदवारको अन्तिम नामावलीमा नाम कायम रहेका उम्मेदवारहरूको मात्र निर्वाचन चिह्न राखी मतपत्र छपाइ गरिएको थियो ।

### ६.३.१२ मतपत्र ढुवानी

कास्की जिल्ला निर्वाचन क्षेत्र नम्बर २ को प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि छपाइ गरिएका मतपत्र जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सानोठिमीबाट नेपाली सेनाको सुरक्षा व्यवस्थामा सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा यथासमय पुऱ्याइएको थियो ।

### ६.३.१३ निर्वाचनका लागि जनशक्ति

कास्की जिल्ला निर्वाचन क्षेत्र नम्बर २ को प्रतिनिधि सभा सदस्य उपनिर्वाचनको लागि निर्वाचन अधिकृतको कार्यालयमा रहने जनशक्तिदेखि मतगणनासम्मको कामका लागि आवश्यक पर्ने सबै जनशक्ति आयोगको निर्देशनको परिधिभित्र रही सम्बन्धित जिल्लामा नै व्यवस्थापन गरिएको थियो ।

### ६.३.१४ मतदान

प्रतिनिधि सभा सदस्य उपनिर्वाचन २०७६ का लागि तोकिएको मिति र समय वि.सं. २०७६ साल मङ्सिर १४ गतेको बिहान ०७:०० बजेदेखि साँझ ५:०० बजेसम्म मतदानका लागि तोकिएका सबै मतदान केन्द्रमा शान्तिपूर्ण रूपमा मतदान कार्य सम्पन्न भएको थियो ।

### ६.३.१५ मतदान प्रतिशत

कास्की जिल्ला प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. २ मा भएको मतदानमा सो निर्वाचन क्षेत्रका पुरुष ३३,१०६, महिला ३८७६४ र अन्य १ गरी कुल ७१,८७१ मतदाता रहेकोमा सोमध्ये ४५,५४६ मतदाताले मतदान गरेका थिए । प्रतिशतका हिसाबले यो ६३.३७ प्रतिशत हो । प्रतिनिधि सभा सदस्य निर्वाचन, २०७४ मा यस निर्वाचन क्षेत्रको मतदानको यो प्रतिशत ७०.६५ थियो । यस हिसाबले प्रतिनिधि सभा सदस्य निर्वाचन, २०७४ को निर्वाचनको मतदान प्रतिशतभन्दा २०७६ को मतदान प्रतिशत ७.२७७ प्रतिशतले कम हुन आएको देखिन्छ ।

### ६.३.१६ मतपेटिका सङ्कलन

कास्की जिल्ला प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नम्बर २ को मतदान कार्य सम्पन्न भएपछि जिल्लाले तय गरेको सुरक्षा व्यवस्था अनुसार मतदान भएका सबै मतपेटिका सुरक्षितसाथ निर्वाचन अधिकृतको कार्यालयमा सङ्कलन गरिएको थियो ।

### ६.३.१७ मतगणना

कास्की जिल्ला प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. २ को प्रतिनिधि सभा सदस्य उपनिर्वाचनमा मतदान भएका सबै मतपेटिका निर्वाचन अधिकृतको कार्यालयमा सङ्कलन भइसकेपछि आयोगले दिएको निर्देशन र प्रतिनिधि सभा सदस्य उपनिर्वाचन (मतगणना) निर्देशिकाले तोके बमोजिम प्रक्रिया पूरा गरी निर्वाचन अधिकृतले मतगणना कार्य अगाडि बढाएका थिए ।

### ६.३.१८ सदर तथा बदर मत प्रतिशत

कास्की जिल्ला प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. २ मा भएको उपनिर्वाचनमा खसेको कुल ४५,५४६ मतमध्ये ९८.६८ प्रतिशत मत सदर भएको थियो भने १.३२ प्रतिशत मत बदर भएको थियो । मतदानको यो प्रतिशत २०७४ को निर्वाचनमा क्रमशः ९७.०६ र २.९३ प्रतिशत थियो । यस आँकडालाई हेर्दा प्रतिनिधि सभा सदस्य निर्वाचन, २०७४ को निर्वाचनभन्दा यस पटकको निर्वाचनमा सदर मतको प्रतिशत बढेको र बदर मतको प्रतिशत घटेको देखिन्छ ।

### ६.३.१९ निर्वाचन परिणाम

कास्की जिल्ला निर्वाचन क्षेत्र नं. २ को रिक्त प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि २०७६ मङ्सिर १४ गते भएको उपनिर्वाचनको मतगणना समाप्त हुँदा नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.) का उम्मेदवार श्री विद्या भट्टराईले २४,३९४ मत ल्याई प्रतिनिधि सभा सदस्य पदमा विजयी हुनु भएको थियो भने उहाँका निकटतम प्रतिद्वन्दी नेपाली काँग्रेसका श्री खेमराज पौडेलले १५,९९१ मत प्राप्त गर्नुभएको थियो ।

परिच्छेद सात

# निर्वाचन सामग्री व्यवस्थापन

परिच्छेद सात

# निर्वाचन सामग्री व्यवस्थापन

## ७.१ स्थानीय तह निर्वाचनमा निर्वाचन सामग्री व्यवस्थापन

स्थानीय तह निर्वाचन, २०७४ को मिति घोषणा भएपछि आयोगले निर्वाचनका अतिरिक्त निर्वाचनलाई आवश्यक पर्ने भौतिक सामग्री प्राप्तिका लागि नीति निर्धारण, संस्थागत व्यवस्था, सामग्री प्राप्ति र ती सामग्री ढुवानी लगायतका कार्यहरू सम्पादन गरेको थियो । निर्वाचनको छोटो समयमा यस्ता सामग्रीको व्यवस्थापनका लागि आयोगले केही असहज परिस्थितिको सामना गर्नु परेको थियो ।

### ७.१.१ सामग्री खरिद आदिको कानुनी व्यवस्था

आयोगले स्थानीय तह निर्वाचनका लागि आवश्यक वस्तु तथा सेवाको खरिद गर्दा सम्भव भएसम्म सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को प्रावधान बमोजिमको प्रक्रिया पूरा गरेको थियो । यस्तो प्रक्रिया पूरा गर्न सम्भव नभएको अवस्थामा आयोगले निर्वाचन आयोग ऐन, २०७३ को दफा ३८ को प्रयोग गरी आयोगको निर्णयद्वारा निर्वाचन सामग्री व्यवस्थापन तथा आपूर्तिको व्यवस्था मिलाएको थियो ।

निर्वाचन आयोग ऐन, २०७३ को दफा ३८ को उपदफा (१) ले प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि निर्वाचनको कामका लागि आवश्यक पर्ने जिन्सी मालसामान खरिद गर्दा वा सेवा प्राप्त गर्दा प्रचलित कानुन बमोजिम बोलपत्र लिन सम्भव नभएमा त्यसको कारण उल्लेख गरी दरभाउपत्रबाट र दरभाउपत्र पनि लिन सम्भव नभएमा सोझै बजारबाट मालसामान खरिद गर्न वा सेवा प्राप्त गर्न सक्ने अधिकार आयोगलाई दिएको छ ।

यसै गरी ऐनको दफा ३८ को उपदफा (२) ले प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले निर्वाचनका लागि मतदाता नामावली तयार गराउँदा, मतपत्र छपाउँदा वा कम्प्युटर, प्रिन्टर वा फोटोकपी मेसिनको सञ्चालन गर्दा त्यसका लागि आवश्यक पार्टपुर्जाहरू वा त्यसमा प्रयोग गरिने सफ्टवेयरका सामानहरू तथा विशेष प्रकारका कागज खरिद गर्दा प्रचलित कानुन बमोजिम बोलपत्र वा दरभाउपत्र लिन सम्भव नहुने वा व्यावहारिक नहुने भनी निर्णय गरेमा त्यस्तो बोलपत्र वा दरभाउपत्र लिनुपर्ने छैन व्यवस्था गरेको छ ।

### ७.१.२ निर्वाचन सामग्री खरिदमा निर्वाचन आयोग ऐनले पुऱ्याएको सहयोग

कानुनतः स्थानीय तह निर्वाचनको मिति सरकारले तोक्ने र निर्वाचन गराउने काम निर्वाचन आयोगको हो । यस पटकको स्थानीय तह निर्वाचन नेपालको संविधान जारी भएपछिको पहिलो निर्वाचन थियो । यस्तो अवस्थामा हतारहतारमा निर्वाचन सम्बन्धी ऐन आए । स्थानीय तह पुनर्संरचनाका कारण निर्वाचन सञ्चालनका लागि राजनीतिक वातावरण सम्पूर्ण रूपमा सकारात्मक थिएन । त्यसमाथि छोटो अवधिमा निर्वाचन सम्पन्न गर्नुपर्ने दायित्व निर्वाचन आयोग समक्ष आएको

थियो । तर, निर्वाचनको प्रत्येक कानुनी प्रक्रिया पूरा गर्नुपर्ने दायित्व र स्थिति आयोग सामु थियो । त्यसमाथि निर्वाचनको बृहत् व्यवस्थापनमा निर्वाचन सामग्री व्यवस्थापन बढी जटिल समस्याको रूपमा देखा पर्‍यो । सार्वजनिक खरिद ऐन र नियमावलीले गरेको व्यवस्था अनुरूप अगाडि बढ्दा निर्वाचन सामग्री आपूर्ति नै समयमा हुन नसक्ने स्थिति आयोगले व्यहोर्नु पर्ने अवस्था आयोग सामु थियो । यस्तो अवस्थालाई दृष्टिगत गरी बनाइएको निर्वाचन आयोग ऐन, २०७३ निर्वाचन सामग्री व्यवस्थापनका लागि सहयोगी सिद्ध भयो । स्थानीय तह निर्वाचन, २०७४ का लागि आवश्यक पर्ने कतिपय निर्वाचन सामग्री आयोगले यही निर्वाचन आयोग ऐन, २०७३ को दफा ३८ ले दिएको अधिकार प्रयोग गरी व्यवस्थापन गरेको थियो ।

### ७.१.३ निर्वाचन सामग्री व्यवस्थापनमा आयोगले अपनाएको नीति

स्थानीय तह निर्वाचनका लागि आवश्यक वस्तु तथा सेवाको व्यवस्थापनका सम्बन्धमा आयोगले समग्रमा देहायको नीति अपनाएको थियो :

(१) निर्वाचन सामग्रीहरू सकभर वैदेशिक सहायता अन्तर्गत दातृ मुलुक वा निकायबाट प्राप्त गर्ने,

(२) वैदेशिक सहायताबाट प्राप्त हुन नसकेका सामग्री आन्तरिक रूपमा खरिद गरी व्यवस्थापन गर्ने,

(३) वस्तु तथा सेवा खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को प्रक्रिया पूरा गरी खरिद गर्ने समय अभावका कारण सम्भव नभएको अवस्थामा मात्र निर्वाचन आयोग ऐन, २०७३ को दफा ३८ बमोजिम गर्ने ।

(४) निर्वाचन आयोग ऐन, २०७३ को दफा ३८ बमोजिम सामग्री व्यवस्थापन गर्नुपर्ने अवस्थामा आपूर्तिकर्ताहरूबीच बढीभन्दा बढी प्रतिस्पर्धा हुने गरी गर्ने र प्रतिस्पर्धा गराउन पनि सम्भव नभएमा सोझै खरिद गर्ने,

(५) छपाइ सामग्रीको उत्पादनमा एकाधिकारबाट उत्पन्न हुन सक्ने जोखिमलाई कमगर्न बढीभन्दा बढी छापाखाना सञ्चालकहरूलाई संलग्न गराउने,

(६) सामग्री व्यवस्थापनमा जिल्ला निर्वाचन कार्यालयहरूको क्षमता अभिवृद्धि गर्न स्थानीयस्तरमा उपलब्ध हुन सक्ने प्रकृतिका सामग्री खरिदको जिम्मेवारी जिल्ला निर्वाचन कार्यालयहरूलाई दिने,

(७) निर्वाचन सामग्रीको ढुवानीका लागि सशस्त्र प्रहरी बल, नेपाली सेना र आवश्यकता अनुसार निजी क्षेत्रका ढुवानी साधन प्रयोग गर्ने,

(८) भौगोलिक रूपले विकट र मौसमको प्रतिकूलताका कारण हिमाली जिल्लाका उच्च स्थानमा रहेका कुनै मतदान केन्द्रमा मतदान सामग्री, कर्मचारी एवं सुरक्षाकर्मीलाई पुर्‍याउनु पर्ने, मतदानपछि मतदान केन्द्रबाट सामग्री ल्याउनु पर्ने र आकस्मिक उद्धार गर्नुपर्ने अवस्थामा आवश्यकता अनुसार हेलिकोप्टर सेवाको प्रयोग गर्ने, र

(९) मतदानपछि मतपेटिका सङ्कलनमा भौगोलिक विकटता र सुरक्षा संवेदनशीलताका कारण आवश्यकता अनुसार हेलिकोप्टरको सेवा समेत प्रयोग गर्ने ।

### ७.१.४ निर्वाचन व्यवस्थापन समिति

निर्वाचनका लागि आवश्यक सामग्रीको व्यवस्थापन नीति तर्जुमा र सामग्री प्राप्तिको स्रोत पहिचान गर्ने लगायतका समग्र विषयमा आवश्यक छलफल गरी आयोगमा पेश गर्न आयोगको वि.सं. २०७३ साल फागुन १२ को निर्णयानुसार माननीय प्रमुख निर्वाचन आयुक्तको संयोजकत्वमा आयोगका सचिव लगायत अन्य अधिकृत पनि समावेश गरी आयोगभित्र निर्वाचन व्यवस्थापन समिति गठन गरिएको थियो ।

### ७.१.५ सामग्री अनुमानको आधार

स्थानीय तह निर्वाचन प्रयोजनका लागि मतदान केन्द्रमा पठाउनु पर्ने आवश्यक निर्वाचन सामग्रीको अनुमान गर्दा मूलतः मतदाता, मतदान केन्द्र र त्यसमा परिचालित जनशक्तिको सङ्ख्यालाई समेत आधार मानी सामग्री अनुमान गरिएको थियो ।

### ७.१.६ छपाइ सामग्रीको व्यवस्थापन

निर्वाचनसँग सम्बन्धित सामग्रीछपाइमा आयोगले आयोगको आफ्नै छापाखाना, जनक शिक्षा सामग्री केन्द्र लि. र निजी क्षेत्रका अन्य छपाखानाको प्रयोग गरेको थियो ।

यसरी छापाखानाको प्रयोग गर्दा निर्वाचनमा प्रयोग हुने निर्वाचन सम्बन्धी ऐन, नियम, निर्देशिका, निर्वाचन आचार संहिता, नीति पुस्तिका, विभिन्न किसिमका अनुसूची फारामहरू, विभिन्न किसिमका कार्ड, परिचयपत्र, मतदाता शिक्षा सामग्री, मतपत्र आदिको छपाइ गर्नुपर्ने भएकाले त्यस्ता सामग्रीमध्ये थोरै परिमाणमा छपाइ गर्नुपर्ने केही सामग्रीहरू आयोगको आफ्नै छापाखानामा र मतपत्रको छपाइको काम जनक शिक्षा सामग्री केन्द्र लि. को छापाखानामा गरिएको थियो । यस्तै छपाइ गर्नुपर्ने ठुलो परिमाणका अन्य छपाइ सामग्रीहरू निजी क्षेत्रका छापाखानाहरूमा छपाइ गरिएका थिए ।

निर्वाचनसँग सम्बन्धित छपाइ सामग्रीको परिमाण अत्यधिक हुने कारणले सीमित छापाखानामा मात्रै भर पर्दा समयमा कार्य सम्पन्न हुन नसक्ने, जोखिमको तह उच्च हुने तर निर्वाचनको कार्यमा एकातिर त्यस्तो जोखिममा काम गर्न नहुने र अर्कातिर एकै पटक धेरै सेवा लिनुपर्नेअवस्थालाई दृष्टिगत गरी विभिन्न छपाइ सम्बन्धी कार्यको साथै मतदाता शिक्षा सम्बन्धी सामग्री उत्पादन, प्रकाशन, प्रसारण, प्रदर्शन एवं वितरणको व्यवस्थापनका लागि आयोगबाट मिति २०७३ फागुन १० र फागुन १४ गते देहाय बमोजिम गर्ने निर्णय भएको थियो :

(१) छपाइ सम्बन्धी कार्यका लागि छापाखानाहरू सूचीकृत गर्न ७ (सात) दिनको म्याद दिई गोरखापत्र दैनिकमा छापाखानाको क्षमताका विषयहरूखुलाई सूचना प्रकाशन गर्ने,

(२) आयोगबाट स्वीकृत मापदण्ड बमोजिमको योग्यता पुगेका छापाखानालाई मात्र सूचीकृत गर्ने,

(३) सूचीकृत सेवा प्रदायक छापाखानाहरूबाट दरभाउपत्र लिई सबैभन्दा न्यूनतम दररेटलाई आधार मानी सो दररेटलाई वार्ताद्वारा पुनः घटाघट गर्ने,

(४) घटाघट प्रक्रियाद्वारा कायम हुन आएको दररेटलाई अधिकार प्राप्त अधिकारीले स्वीकृत गरी उक्त दररेटमा छपाइ गर्न चाहने सूचीकृतमध्येका छापाखानाहरूलाई छपाइ कार्य वितरण गरी छपाउने व्यवस्था मिलाउने,

(५) छपाइका यी कार्य निर्वाचन आयोग ऐन, २०७३ को दफा ३८ बमोजिम सोझै बजारबाट खरिद गर्न निर्वाचन व्यवस्थापन समिति समक्ष सिफारिस गर्ने ।

छपाइ सम्बन्धी यी कार्य गर्नका लागि आयोगले आवश्यकता अनुसार समिति गठन र छापाखाना सूचीकृत गर्नका लागि १२ (बाह्र) बुँदे मापदण्ड पनि स्वीकृत गरेको थियो ।

### ७.१.७ निर्वाचन सामग्री प्राप्तिमा वैदेशिक सहयोग

आयोगको निर्णय र अनुरोधका आधारमा स्थानीय तह निर्वाचन, २०७४ मा विभिन्न मित्रराष्ट्र तथा दातृ निकायबाट देहायका निर्वाचन सामग्री आयोगलाई सहयोगस्वरूप प्राप्त भएका थिए :

**(क) चीन सरकारबाट प्राप्त सामग्रीहरूको विवरण**

| क्रम | प्राप्त सामग्रीको विवरण | परिमाण | इकाइ |
|---|---|---|---|
| १ | जेल पेन (कालो) | २७,५०० | थान |
| २ | जेल पेन (रातो) | २७,५०० | थान |
| ३ | स्केल (स्टलको) | ५५,००० | थान |
| ४ | कैँची | २७,५०० | थान |
| ५ | ग्लुस्टिक | २७,५०० | थान |
| ६ | क्यालकुलेटर मेसिन | २७,५०० | थान |
| ७ | पञ्चिङ मेसिन | २७,५०० | थान |
| ८ | स्टचाम्प पायड | १,६५,००० | थान |
| ९ | स्टचाम्प पायड मसी | ८२,५०० | बोतल |
| १० | रबर म्याट | ५५,००० | थान |
| ११ | टेबल घडी | २७,५०० | थान |

### (ख) भारत सरकारबाट प्राप्त सामग्रीहरूको विवरण

| क्रम | प्राप्त सामग्रीको विवरण | परिमाण | इकाइ |
|---|---|---|---|
| १ | XUV जीप | १ | थान |
| २ | स्कार्पियो जीप | ७ | थान |
| ३ | XENON डबर क्याब पिकअप | ३५ | थान |
| ४ | कार | ४ | थान |
| ५ | मोटरसाइकल | ३० | थान |
| ६ | स्कुटर | ७ | थान |
| ७ | मिनी बस | १ | थान |
| ८ | माइक्रो बस | १ | थान |

### (ग) संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडीपी)

| क्रम | प्राप्त सामग्रीको विवरण | परिमाण | इकाइ |
|---|---|---|---|
| १ | ल्यापटप कम्प्युटर | ९०० | थान |
| २ | प्रिन्टर | ९०० | थान |
| ३ | प्रिन्टर टोनर | ९०० | थान |

## ७.१.८ आन्तरिक स्रोतबाट व्यवस्थित सामग्री

वैदेशिक स्रोतबाट प्राप्त बाहेकका देहायमा उल्लेख गरिएका समेतका अन्य निर्वाचन सामग्री आयोगले नेपाल सरकारको स्रोतबाट खरिद गरी आफैँले व्यवस्थापन गरेको थियो :

### ७.१.८.१ मतदान केन्द्रमा प्रयोग हुने सामग्री

मतदान केन्द्रमा प्रयोग हुने एघार किसिमका निर्वाचन कार्यसँग सम्बन्धित सामग्री चीन सरकारबाट सहयोगस्वरूप प्राप्त भएका थिए भने सो बाहेकका अन्य सामग्री आयोगले नेपाल सरकारको स्रोतबाट आन्तरिक रूपमा व्यवस्थापन गरेको थियो । निर्वाचन मिति निकै निकट भएका कारण निर्वाचनका लागि आवश्यक सामग्री जिल्लाहरूमा पठाउनका लागि वि.सं. २०७३ साल चैत २० सम्ममा आयोगले प्राप्त गरिसक्नुपर्ने भएकाले यस्ता सामग्रीको व्यवस्थापन सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को कानुनी प्रक्रिया अवलम्बन गरी बोलपत्र वा दरभाउपत्रका माध्यमबाट खरिद गर्दा समय अपर्याप्त हुने र एउटै आपूर्तिकर्तासँग भर पर्दा जोखिम हुने कारणले सामान खरिदमा निर्वाचन आयोग ऐन, २०७३ को दफा ३८ को अधिकार प्रयोग गर्ने भनी आयोगले वि.सं. २०७३ साल फागुन २२ गते निर्णय गरी वि.सं. २०७३ साल फागुन २३ मा

विभिन्न प्याकेजमा खुला रूपमा प्रतिस्पर्धा गराई सिलबन्दी दरभाउपत्रको माध्यमबाट सामान खरिद गर्ने गरी गोरखापत्र दैनिकमा सूचना प्रकाशन गरेको थियो ।

### ७.१.८.२ नउड्ने मसी भएको मार्कर पेन

निर्वाचनमा हुनसक्ने धाँधलीलाई न्यून गर्न कसैले पनि दोहोऱ्याएर मतदान गर्न नपाउन् भन्ने समेतको उद्देश्यले मतदान केन्द्रमा मतदाताले मतदान गरिसकेको सङ्केतस्वरूप मतदाताको औँलामा लगाउने नउड्ने मसीको चिनोका लागि प्रयोग हुने नउड्ने मसी भएको मार्कर पेन बयासी हजार पाँच सय थानको व्यवस्थापन गर्नका लागि आयोगको वि.सं. २०७३ साल फागुन १८ को निर्णयानुसार भारत सरकारलाई अनुरोध गरिएकोमा भारत सरकारबाट सो सहयोग प्राप्त नहुने जानकारी प्राप्त भएपछि बोलपत्र/सिलबन्दी दरभाउपत्रको माध्यमबाट यथासमय खरिद गर्न नसक्ने अवस्था सिर्जना भएका कारण सो सङ्ख्याको नउड्ने मसी भएको मार्कर पेन निर्वाचन आयोग ऐन, २०७३ को दफा ३८ बमोजिम खरिद गरिएको थियो ।

### ७.१.८.३ मतदाता परिचयपत्र छपाइ

मतदाता परिचयपत्र छपाइका लागि सार्वजनिक खरिद ऐन तथा नियमावलीले निर्दिष्ट गरेको प्रक्रिया अवलम्बन गरी बोलपत्र/सिलबन्दी दरभाउपत्र माग गर्दा प्रति परिचयपत्र निकै महँगो दररेट प्राप्त भएका कारण दर्शाई आयोगले निर्वाचन आयोग ऐन, २०७३ को दफा ३८ बमोजिम दरभाउपत्रदातासँग घटाघट गरी प्रतिमतदाता परिचयपत्र रु. ९/९९ (मू. अ. कर बाहेक) मा छपाइ कार्य गरे/गराएको थियो । पछि तेस्रो चरणको स्थानीय तह र त्यसपछिको निर्वाचनमा रु. १३/५० (मू. अ. कर बाहेक) मा मतदाता परिचयपत्र छपाइ गरेको थियो ।

### ७.१.८.४ टोनर र स्पेयर पार्टस्

आयोगले मिति २०७३/११/११ को निर्णयानुसार निर्वाचन आयोग ऐन, २०७३ को दफा ३८ बमोजिम मतदाता नामावली छपाइ गर्न प्रयोग हुने आयोगमा रहेका मेसिन तोसिवा इ-स्टुडियो र जेरेक्स मेसिनको लागि आवश्यक स्पेयर पार्टस् र टोनर खरिद गरेको थियो ।

### ७.१.८.५ मतपेटिकाको सुरक्षण सिल

स्थानीय तह निर्वाचनमा मतदानको लागि प्रयोग हुने मतपेटिका आयोगले तोके बमोजिम हुने व्यवस्था स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ३१ ले गरेको देखिन्छ । कानुनको यो व्यवस्था समेतलाई दृष्टिगत गरी आयोगले मतदान केन्द्रमा प्रयोग गरिने सामग्री व्यवस्थापन गर्नका लागि तीस हजार थान मतपेटिका, दश लाख थान मतपेटिका समेतमा प्रयोग हुने सुरक्षण सिल (नौ लाख थान हरियो र एक लाख थान सेतो) सार्वजनिक खरिद ऐन तथा नियमावलीले व्यवस्था गरे बमोजिमको समयावधि दिई सार्वजनिक सूचना प्रकाशन गर्न समय अपर्याप्त भएकाले निर्वाचन आयोग ऐन, २०७३ को दफा ३८ को अधिकार प्रयोग गरी सार्वजनिक सूचना प्रकाशन गरी खुला प्रतिस्पर्धाद्वारा खरिद गरेको थियो ।

### ७.१.८.६ मतदान कक्ष छेकाबारा र रबरम्याट

आयोगको वि.सं.२०७३ साल फागुन २६ को निर्णयले मतदान कक्ष निर्माणमा प्रयोग हुने छेकाबारा पचास हजार थान र मतदान कक्षमा मत सङ्केत चिह्नको छाप लगाउने समयमा प्रयोग गरिने रबरम्याट पच्चीस हजार थान उपलब्ध गराउनका लागि अर्थ मन्त्रालय मार्फत भारत सरकारलाई अनुरोध गरिएकोमा भारत सरकारबाट सहयोग प्राप्त नहुने जानकारी प्राप्त भएपछि बोलपत्र/सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्न समयाभावका कारण उल्लिखित सङ्ख्याका दुवै निर्वाचन सामग्री निर्वाचन आयोग ऐन, २०७३ को दफा ३८ ले दिएको अधिकार प्रयोग गरी खरिद गरियो ।

### ७.१.९ जिल्ला निर्वाचन कार्यालयबाट सामग्री व्यवस्थापन

स्थानीय तह निर्वाचनमा आवश्यक पर्ने र स्थानीय तहमा उपलब्ध हुन सक्ने ठानिएका विभिन्न बाह्र किसिमका सामग्री स्थानीयस्तरमै व्यवस्थापन गर्न त्यस्ता सामग्रीको सूची र आवश्यक बजेट सहित सबै क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयमा पठाइएको थियो । त्यसपछि ती सामग्री जिल्ला निर्वाचन कार्यालय आफैँले व्यवस्थापन गरेका थिए ।

### ७.१.१० निर्वाचन सामग्री ढुवानी व्यवस्थापन

#### ७.१.१०.१ ढुवानी व्यवस्थापन

मतदान केन्द्रस्तर समेतमा प्रयोग हुने निर्वाचन सामग्रीको ढुवानी व्यवस्थालाई सहज र भरपर्दो बनाउनका लागि निर्वाचन आयोग ऐन, २०७३ को दफा ३८ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगको वि.सं. २०७३ साल चैत ४ को निर्णयानुसार ढुवानी व्यवस्थापनका लागि हेलिकोप्टर तथा ट्रक भाडामा लिने, कुरियर सेवा लिनका लागि फर्म/कम्पनी सूचीकृत गर्ने कार्यका लागि सूचना प्रकाशन गरिएको थियो ।

सामग्री ढुवानीका लागि सरकारी तथा निजी दुवै क्षेत्रका ढुवानी साधन प्रयोग गरिएका थिए । सडक यातायात पुगेका जिल्लामा सडक मार्गबाटै ढुवानी गरिएको थियो भने सडक यातायात पुगेर पनि भरपर्दो सेवा नभएका तथा सडक यातायात नै नपुगेका तथा विकट हिमाली जिल्लामा भने आवश्यकता अनुसार हवाई मार्गबाट ढुवानीको व्यवस्था मिलाइएको थियो ।

आयोगले आवश्यकता महसुस गरेका ठाउँमा विभिन्न प्रकृतिका कामका लागि हेलिकोप्टरको सेवा लिनुपर्ने अवस्थामा रक्षा मन्त्रालय मार्फत नेपाली सेनासँग रहेको हेलिकोप्टर पनि प्रयोग गरिएको थियो ।

#### ७.१.१०.२ मतपत्र ढुवानी

मतपत्र ढुवानीका क्रममा मतपत्र छपाइस्थल जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सानोठिमीबाट सुरक्षा स्कर्टिङमा सोझै ढुवानी गर्ने व्यवस्था मिलाइएको थियो । केही हिमाली जिल्ला र पहाड नै भए पनि दुर्गम अवस्थाका पहाडी जिल्लामा नेपाली सेनाको हेलिकोप्टरबाट मतपत्र ढुवानी गरिएको

थियो । त्यस बाहेकका जिल्लामा नेपाली सेनाका सुरक्षा टोलीका साथ निजी क्षेत्रका ढुवानी व्यवसायीले उपलब्ध गराएका कन्टेनर ट्रकबाट ढुवानी गर्ने व्यवस्था मिलाइएको थियो ।

#### ७.१.१०.३ मतदानपछि मतपेटिका सङ्कलन तथा ढुवानी

मतदान कार्य समाप्त भएपछि मतपेटिका सङ्कलन तथा ढुवानीका लागि आयोगको निर्देशनमा सबै जिल्लाले जिल्लास्तरीय सहयोग तथा समन्वय समिति र जिल्ला सुरक्षा समितिको बैठकको निर्णयानुसार अग्रिम रूपमा योजना तर्जुमा गरेका थिए । यही योजना अनुसार तिनले मतपेटिका सङ्कलन गरेका थिए । यसका लागि आयोगले आवश्यक बजेट पनि यथासमय पठाएको थियो ।

यसका अतिरिक्त हिमाली जिल्लाका विकट स्थानमा रहेका मतदान केन्द्र र सुरक्षा चुनौतीका कारण स्थलमार्गबाट मतपेटिका ल्याउन जोखिम महसुस गरिएका कतिपय पहाडी जिल्लाका विभिन्न स्थानबाट हेलिकोप्टर मार्फत समेत मतपेटिका सङ्कलन तथा ढुवानी गरिएको थियो ।

## ७.२ प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनमा निर्वाचन सामग्री व्यवस्थापन

### ७.२.१ निर्वाचन सामग्री व्यवस्थापनमा आयोगले लिएको नीतिगत व्यवस्था

स्थानीय तह निर्वाचनमा जस्तै आयोगले प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनका लागि आवश्यक पर्ने वस्तु तथा सेवाको व्यवस्थापनमा पनि देहायको नीति अपनाएको लियो :

(क) वस्तु तथा सेवा खरिद गर्दा सार्वजनिक खरिदऐन, २०६३ र नियमावली, २०६४ को प्रक्रिया पूरा गरी खरिद गर्ने । समय अभावका कारण यसो गर्न सम्भव नभएको अवस्थामा मात्र निर्वाचन आयोग ऐन, २०७३ को दफा ३८ बमोजिम वस्तु तथा सेवाको खरिद गर्ने,

(ख) निर्वाचन आयोग ऐन, २०७३ को दफा ३८ बमोजिम सामग्री व्यवस्थापन गर्नुपर्ने अवस्थामा आपूर्तिकर्ताहरूबिच बढीभन्दा बढी प्रतिस्पर्धा गराई खरिद गर्ने । यसरी प्रतिस्पर्धा गराउन सम्भव नभएको खण्डमा सोझै खरिद गर्ने,

(ग) छपाइ सामग्रीको उत्पादनमा एकाधिकारबाट उत्पन्न हुन सक्ने जोखिमलाई कम गर्न बढीभन्दा बढी छापाखाना सञ्चालकहरूलाई छपाइ कार्यमा संलग्न गराउने,

(घ) सामग्री व्यवस्थापनमा क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयहरूको क्षमता अभिवृद्धि गर्नस्थानीय स्तरमा उपलब्ध हुन सक्ने प्रकृतिका सामग्री खरिदको जिम्मेवारी क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयहरूलाई दिने,

(ङ) निर्वाचन सामग्रीको ढुवानीका लागि सशस्त्र प्रहरी बल, नेपाली सेना र आवश्यकता अनुसार निजी क्षेत्रका ढुवानी साधन प्रयोग गर्ने,

(च) भौगोलिक रूपले विकट र मौसमको प्रतिकुलताको कारण हिमाली जिल्लाका उच्च स्थानमा रहेका कुनै मतदान केन्द्रमा मतदान सामग्री, कर्मचारी एवं सुरक्षाकर्मीलाई पुऱ्याउनु पर्ने, मतदान सम्पन्न भएपछि मतदान केन्द्रबाट सामग्री ल्याउनुपर्ने र

आकस्मिक उद्धार गर्नुपर्ने अवस्थामा आवश्यकता अनुसार नेपाली सेनाको हेलिकोप्टर सेवाको प्रयोग गर्ने,

(छ) मतदानपछि मतपेटिका सङ्कलनमा भौगोलिक विकटता र सुरक्षा संवेदनशीलताका कारण आवश्यकता अनुसार हेलिकोप्टरको सेवा समेत प्रयोग गर्ने ।

### ७.२.२ सामग्री व्यवस्थापनमा आयोगको संस्थागत व्यवस्था

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनका लागि सामग्री व्यवस्थापनको योजना तयारी, सञ्चालन, सुपरिवेक्षण एवं अनुगमन र निरीक्षणको लागि आयोगको वि.सं. २०७४ साल भदौ २७ गतेको निर्णयानुसार स्थानीय तह निर्वाचन, २०७४ को सन्दर्भमा आयोगबाट वि.सं. २०७३ साल फागुन १२ को निर्णय बमोजिम प्रमुख निर्वाचन आयुक्तको संयोजकत्वमा गठन भइराखेको सात सदस्यीय निर्वाचन व्यवस्थापन समितिलाई नै जिम्मेवारी दिइएको थियो । यसका अतिरिक्त मतदान केन्द्रमा प्रयोग हुने सामग्री तथा निर्वाचन व्यवस्थापनमा आवश्यक पर्ने अन्य सामग्रीहरूको पहिचान, आकलन र प्राप्तिका लागि जो जे गर्नुपर्ने कार्य गरी निर्वाचन व्यवस्थापन समितिमा पेश गर्ने समेतको प्रयोजनको लागि आयोगको प्रशासन महाशाखा प्रमुखको संयोजकत्वमा अर्को समिति पनि आयोगभित्र गठन थियो ।

### ७.२.३ सामग्री अनुगमन समिति

निर्वाचन प्रयोजनका लागि आवश्यक सामग्रीहरू सम्झौताको समयभित्र प्राप्त भए नभएको, प्राप्त गर्न लागिएका सामग्री गुणस्तरयुक्त भए नभएको आदि समेतका सम्बन्धमा आवश्यक सुपरिवेक्षण, निरीक्षण, अवलोकन, अनुगमन गरी आवश्यकता अनुसार निर्देशन दिने लगायतका कार्य गर्नको लागि आयोगको वि.सं.२०७४ साल कार्तिक १४ को निर्णय अनुसार माननीय निर्वाचन आयुक्त श्री इश्वरी प्रसाद पौडयालको संयोजकत्वमा सात सदस्यीय सामग्री अनुगमन समिति गठन गरिएको थियो ।

### ७.२.४ छपाइ व्यवस्थापन

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनमा प्रयोग हुने निर्वाचन सम्बन्धी ऐन, नियम, मतदाता परिचयपत्र, मतदाता शिक्षा सामग्री लगायतका सामग्री छपाइ गर्ने प्रयोजनका लागि आयोगले स्थानीय तह निर्वाचनमा जस्तै सार्वजनिक सूचनाका माध्यमबाट विभिन्न मापदण्ड तोकी विभिन्न छापाखानाहरूलाई सूचीकृत गरी कार्य सम्पन्न गरेको थियो ।

### ७.२.५ निर्वाचन सामग्री प्राप्ति

आयोगले प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनका लागि आवश्यक पर्ने सबै निर्वाचन सामग्री, प्याकिङका लागि आवश्यक सामग्री, आयोगको सचिवालयका लागि आवश्यक स्टेशनरी, फर्निचर, विभिन्न मेसिनरी औजार उपकरणको व्यवस्थापन, ऐन, नियम, निर्देशिका

लगायतका छपाइ सामग्री, क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालय र मुख्य/निर्वाचन अधिकृतको कार्यालयका लागि आवयक सामग्रीहरूको खरिद आन्तरिक स्रोतबाट व्यवस्थापन गरेको थियो ।

### ७.२.६ सामग्री खरिदमा वैकल्पिक बाटो अवलम्बन

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनका लागि हुने पहिलो चरणको निर्वाचनका लागि आवश्यक पर्ने सामग्री विभिन्न जिल्लाहरूमा पठाउनका लागि वि.सं. २०७४ साल असोज मसान्तसम्म आयोगमा प्राप्त भइसक्नु पर्ने भएकोले यस्ता सामग्रीको व्यवस्थापनका लागि सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को प्रक्रिया अवलम्बन गरी बोलपत्र/सिलबन्दी दरभाउपत्रका माध्यमबाट सामग्री खरिद गर्ने व्यवस्था मिलाउन समय अभाव हुने र एउटै आपूर्तिकर्तासँग मात्र भर पर्दा निर्वाचन जस्तो संवेदनशील कार्यमा बढी जोखिम हुन सक्ने भएकाले अधिकांश सामग्रीहरू खरिदका लागि विशेष परिस्थितिको बोलपत्रको माध्यमबाट तथा सीमित सामग्रीहरू निर्वाचन आयोग ऐन, २०७३ को दफा ३८ ले दिएको अधिकार प्रयोग गरी आयोगले सोझै खरिद गरेको थियो । यसरी सामान खरिद गर्दा पनि अलगअलग प्याकेज बनाई गोरखापत्र दैनिकमा सूचना प्रकाशन गरी खुला रूपमा प्रतिस्पर्धा गराई विशेष प्रकृतिको बोलपत्रको माध्यमबाट सामग्री खरिद गरिएको थियो ।

### ७.२.७ मतदाता नामावली छपाइ तथा बाइन्डिङ

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यकोनिर्वाचनको लागि आयोगले वि.सं. २०७४ साल भदौ ५ गतेलाई मतदाताले मतदान गर्न १८ वर्ष पुग्नुपर्ने उमेरको Cut 0ff Date तोकेको थियो । आयोगको यसै निर्णयलाई कार्यान्वयन गर्न आयोगले वि.सं. २०७४ साल भदौ ५ को मितिसम्म १८ वर्ष पूरा भएका मतदाताहरूको नामावली छुट्ट्याउने काम गर्‍यो । पुनःसंरचित स्थानीय तहको संरचना र मतदान स्थल बमोजिम मिलाइएको नामावलीलाई आयोगले वि.सं. २०७४ साल असोज १७ गते अन्तिम मतदाता नामावलीको रूपमा स्वीकृति प्रदान गर्‍यो । यसरी प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनमा मतदान गर्न योग्य मतदाताको नामावलीलाई अन्तिम रूप दिँदा त्यस नामावलीमा पुरुष ७७,७६,२२८, महिला ७६,५१,१४३ र तेस्रो लिङ्गी १८७ गरी जम्मा १,५४,२७,९३८ मतदाता समेटिएका थिए । यिनै मतदाताको नामावली आयोगले करिब एक महिनाभित्र छपाइ तथा बाइन्डिङ गरी प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन प्रयोजनका लागि सम्बन्धित जिल्लामा पठाईएको थियो ।

### ७.२.८ निर्वाचन सामग्री ढुवानी व्यवस्थापन

#### ७.२.८.१ मतपत्र ढुवानी

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनका लागि तयार गरिएको मतपत्र ढुवानी गर्दा मतपत्र छपाइ गरिएको स्थान जनक शिक्षा सामग्री केन्द्र लिमिटेडबाट सशस्त्र सुरक्षा सहित सोझै सम्बन्धित जिल्लामा ढुवानी गर्ने व्यवस्था आयोगले मिलाएको थियो । यस क्रममा विभिन्न हिमाली र पहाडी तेह्र जिल्लामा मतपत्र ढुवानी कार्य नेपाली सेनाको हेलिकोप्टर प्रयोग गरी गरिएको थियो । यी जिल्लाका अतिरिक्त बाँकी चौसट्ठी जिल्लाका मतपत्र नेपाली सेनाको सशस्त्र

सुरक्षा टोलीका साथ निजी क्षेत्रका ढुवानी व्यवसायी मार्फत व्यवस्थापन गरिएका कन्टेनर ट्रकबाट सम्बन्धित जिल्लामा ढुवानीको व्यवस्था मिलाइएको थियो ।

### ७.२.८.२ आपत्कालीन उद्धार तथा सामग्री ढुवानी

निर्वाचन सामग्रीको ढुवानीका लागि सरकारी तथा निजी क्षेत्रका हेलिकोप्टर लगायतका ढुवानी साधनको प्रयोग आयोगले गरेको थियो । विकट हिमाली जिल्लाका पनि अति विकट स्थानमा रहेका मतदान केन्द्रमा मतदान सामग्री र कर्मचारी तथा सुरक्षाकर्मी लैजान र ल्याउन, निर्वाचनमा खटिएका कर्मचारीको आकस्मिक उद्धार गर्नुपर्ने अवस्थामा उद्धार र थप जनशक्ति व्यवस्थापन आदि कामका लागि आयोगले रक्षा मन्त्रालय मार्फत नेपाली सेनाको हेलिकोप्टर प्रयोग गरेको थियो ।

### ७.२.८.३ मतदानपछि मतपेटिका सङ्कलन

मतदान केन्द्रमा मतदान कार्य समाप्त भएपछि मतदान भएका मतपेटिका सङ्कलनका लागि सबै जिल्लाले जिल्लास्तरीय सहयोग तथा समन्वय समिति र जिल्ला सुरक्षा समितिको बैठकको निर्णय अनुसार ढुवानी योजना तर्जुमा गरी सोही योजना अनुसार मतपेटिका सङ्कलन गरेका थिए । मतदानपछि मतपेटिका र कर्मचारीहरू सुरक्षित रूपमा सदरमुकाम ल्याउने आवश्यक प्रबन्ध मिलाउने निर्देशनका साथै सबै जिल्लालाई ढुवानीका लागि आवश्यक बजेट समेत गृह मन्त्रालयमार्फत सम्बन्धित प्रमुख जिल्ला अधिकारी कहाँ पठाइएको थियो । हिमाली जिल्लाका विकट स्थानमा रहेका मतदान केन्द्रबाट र सुरक्षा चुनौतीका कारण स्थलमार्गबाट मतपेटिका ल्याउन जोखिम देखिएका कतिपय पहाडी जिल्लाका विभिन्न स्थानबाट नेपाली सेनाको हेलिकोप्टरबाट मतपेटिका सङ्कलन गरिएको थियो ।

परिच्छेद आठ

# जनशक्ति व्यवस्थापन, तालिम र निर्वाचन पर्यवेक्षण

परिच्छेद आठ

# जनशक्ति व्यवस्थापन, तालिम र निर्वाचन पर्यवेक्षण

## ८.१ समग्रमा निर्वाचन जनशक्ति

आयोगले सम्पन्न गर्नुपर्ने कुनै पनि निर्वाचनको कार्य सञ्चालनमा सबैको सहयोग रहोस् र कुनै किसिमको बाधा अवरोधनआओस् भन्ने मूल आशयका साथ नेपालको संविधानको धारा १४७ ले आवश्यक सहयोग गर्नुपर्ने भन्ने विषयमा उल्लेख गरेको छ । संविधानको उल्लिखित धाराले यस संविधान बमोजिम निर्वाचन आयोगलाई आफ्नो काम पूरा गर्न आवश्यक पर्ने कर्मचारी र अन्य सहयोग नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले उपलब्ध गराउनेछ भनी प्रस्ट उल्लेख गरेको छ ।

स्थानीय तह निर्वाचन, २०७४ का लागि निर्वाचन व्यवस्थापनको सिलसिलामा नेपाल सरकार तथा स्थानीय तहका कर्मचारी वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारको अनुदानमा सञ्चालित संस्थाका कर्मचारी वा विश्वविद्यालय वा सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीमध्ये आवश्यक सङ्ख्यामा आयोग तथा अन्तर्गत क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयमा काजमा ल्याई कार्य सम्पादन गरिएको थियो । यसै सिलसिलामा आयोगमा १५५ जना कर्मचारीहरू बाह्य निकायबाट काजमा ल्याई निर्वाचनका काममा परिचालन गरिएको थियो । यस्तै क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयहरूमा करिब ५०० कर्मचारीहरू अन्य निकायबाट काजमा ल्याई परिचालन गरिएको थियो । मुख्य निर्वाचन अधिकृतको कार्यालयमा ८२५ जना र निर्वाचन अधिकृतको कार्यालयमा जम्मा ६१०२ जना कर्मचारी परिचालन गरिएका थिए । यसरी नै मतदान कार्यमा करिब १ लाख ३७ हजार कर्मचारी परिचालित थिए ।

### ८.१.२ निर्देशिकाको व्यवस्था

स्थानीय तह निर्वाचनका लागि जनशक्ति व्यवस्थापन चुनौतीपूर्ण कार्य थियो । यसलाई प्रभावकारी रूपमा व्यवस्थित गर्ने प्रयोजनका लागि आयोगबाट वि.सं. २०७३ साल चैत १५ गते स्थानीय तह निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०७३ जारी भयो । यो निर्देशिका जारी भएपछि मुख्य निर्वाचन अधिकृतको कार्यालयदेखि मतदान केन्द्रसम्म परिचालित हुने जनशक्तिका विषयमा सहजता प्रदान गऱ्यो ।

### ८.१.३ केन्द्रीय स्तरमा जनशक्ति व्यवस्थापन समिति

स्थानीय तह निर्वाचनमा परिचालन गरिनुपर्ने कर्मचारी लगायतका जनशक्तिको महत्तालाई दृष्टिगत गरी आयोगले केन्द्रीय स्तरमा माननीय प्रमुख निर्वाचन आयुक्तको अध्यक्षतामा जनशक्ति व्यवस्थापन समिति (केन्द्रीयस्तर) नै गठन गरी कार्य सञ्चालन गऱ्यो । यस समितिको मुख्य काम

भनेको स्थानीय तह निर्वाचनको प्रयोजनको लागि जनशक्ति व्यवस्थापन गर्ने सन्दर्भमा आयोगमा कुनै नीतिगत निर्णय गर्नुपर्ने भएमा त्यस्तो विषयमा आफ्नो राय सुझाव आयोग समक्ष पेश गर्नुरहेको थियो ।

### ८.१.४ जिल्लास्तरीय जनशक्ति व्यवस्थापन समन्वय समिति

आयोगले केन्द्रीयस्तरमा मात्र नभई जनशक्ति व्यवस्थापनको कामलाई प्रभावकारी बनाउन जिल्लास्तरमा पनि सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा स्थानीय विकास अधिकारी, जिल्ला शिक्षा अधिकारी, जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरू सदस्य र जिल्ला निर्वाचन अधिकारी सदस्य-सचिव रहेको जनशक्ति व्यवस्थापन समन्वय समिति (जिल्लास्तर) गठन गरेको थियो । यो समितिको बैठकमा जिल्लाको मुख्य निर्वाचन अधिकृतलाई अनिवार्य रूपमा आमन्त्रण गर्नुपर्ने व्यवस्था पनि आयोगले गरेको थियो ।

यसरी गठित समितिलाई जिल्लामा जनशक्तिको विवरण तयार गरी अद्यावधिक गर्ने/गराउने, जिल्लाभित्रका मतदान केन्द्रमा जनशक्ति खटाउने प्रयोजनका लागि जिल्ला निर्वाचन कार्यालयले तयार गरेको जनशक्तिको विवरण स्वीकृत गरी कार्यालय मार्फत मुख्य निर्वाचन अधिकृतलाई उपलब्ध गराउने, अत्यावश्यक सेवा वा विशेष परिस्थितिमा कर्मचारी खटाउनका लागि आवश्यक सङ्ख्यामा कर्मचारी जगेडामा राख्ने, जगेडामा रहेका कर्मचारीलाई जुनसुकै अवस्थामा निर्वाचनमा खटाउन सकिने गरी तयारी अवस्थामा राख्ने/राख्न लगाउने र जनशक्ति व्यवस्थापनका सम्बन्धमा कुनै नीतिगत निर्णय गर्नुपर्ने भएमा राय सुझावसहित आयोगको जनशक्ति व्यवस्थापन समितिमा लेखी पठाउने  समेतको जिम्मेवारी दिइएको थियो ।

### ८.१.५ थप जनशक्ति व्यवस्थापन (केन्द्रीय स्तर) र कर्मचारी काजमा ल्याउने मापदण्ड

निर्वाचन सञ्चालनका समयमा आयोग र अन्तर्गतका कार्यालयमा स्वीकृत दरबन्दीभित्र रहेका कर्मचारीले मात्र निर्वाचन व्यवस्थापनको काम धान्न नसक्ने भएकाले आयोगले नेपाल सरकारका विभिन्न निकाय, संस्थान/समितिमा कार्यरत विभिन्न तह/श्रेणीका कर्मचारीलाई काजमा झिकाई काम लगाउने व्यवस्था मिलाएको थियो । कर्मचारी काजमा ल्याउने कामलाई व्यवस्थित गर्ने प्रयोजनका लागि आयोगले विभिन्न सात बुँदे कर्मचारी काजमा ल्याउने सम्बन्धी मापदण्ड नै स्वीकृत गरी कार्यान्वयनमा ल्याएको थियो । आयोगले स्वीकृत गरेको मापदण्डका आधारमा रही स्थानीय तह निर्वाचनको लागि आयोगमा नेपाल सरकारका विभिन्न निकायबाट घटीमा एक हप्तादेखि बढीमा पाँच महिनासम्मका लागि विभिन्न तह/श्रेणीका १५५ जना कर्मचारी काजमा ल्याइएको थियो । आयोगको केन्द्रीय कार्यालयको दरबन्दीमा कार्यरत कर्मचारीको विवरण पर्शिशिष्ट-६४ र सतहत्तर जिल्लामा कार्यरत क्षेत्रीय/जिल्ला निर्वाचन अधिकारीहरूको विवरण परिशिष्ट-६५ मा प्रस्तुत गरिएको छ ।

### ८.१.६ मुख्य/निर्वाचन अधिकृतको कार्यालयको जनशक्ति

निर्वाचन आयोगले स्थानीय तह निर्वाचन सञ्चालनका लागि मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालयमा देहाय बमोजिम जनशक्ति तोकेको थियो :

**(क) मुख्य निर्वाचन अधिकृतको कार्यालयका लागि तोकिएको जनशक्ति**

| क्रम | पदनाम | दरवन्दी सङ्ख्या |
|---|---|---|
| १ | मुख्य निर्वाचन अधिकृत | १ |
| २ | सहायक निर्वाचन अधिकृत, रा. प. तृतीय श्रेणी (प्रशासनिक कार्य सम्पादन गर्ने) | १ |
| ३ | शाखा अधिकृत (आचारसंहिता अनुगमनकर्ता समेतको काम गर्ने) | १ |
| ४ | लेखा अधिकृत वा लेखापाल | १ |
| ५ | सहायक कर्मचारी, प्रशासन (ना. सु. वा खरिदार) | २ |
| ६ | सहायक कर्मचारी (कम्प्युटर अपरेटर) | १ |
| ७ | सवारी चालक वा सयस | १ |
| ८ | कार्यालय सहयोगी | २ |
| ९ | सुरक्षा गार्ड | १ |
| | **जम्मा जनशक्ति** | **११** |

**(ख) निर्वाचन अधिकृतको कार्यालयका लागि तोकिएको जनशक्ति**

| क्रम | पदनाम | दरवन्दी सङ्ख्या |
|---|---|---|
| १ | निर्वाचन अधिकृत | १ |
| २ | सहायक निर्वाचन अधिकृत, रा.प. तृतीय श्रेणी (प्रशासनिक एवं आचारसंहिता अनुगमनकर्ता समेतको काम गर्ने) | १ |
| ३ | सहायक कर्मचारी (ना. सु. वा खरिदार) | १ |
| ४ | सहायक कर्मचारी (लेखापाल वा सहलेखापाल) | १ |
| ५ | कम्प्युटर अपरेटर (कम्प्युटर उपलब्ध भएको स्थानमा मात्र) | १ |
| ६ | सवारी चालक वा सयस | १ |
| ७ | कार्यालय सहयोगी | २ |
| ८ | सुरक्षा गार्ड | १ |
| | **जम्मा जनशक्ति** | **९** |

### ८.१.७ मतदान केन्द्रमा जनशक्ति व्यवस्था

आयोगले स्वीकृत गरेको स्थानीय तह निर्वाचन निर्देशिका बमोजिम मतदान केन्द्रमा मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी, कार्यालय सहयोगी र तोकिएको सङ्ख्यामा स्वयंसेवक खटाउने व्यवस्था आयोगले मिलाएको थियो । मतदान कार्य व्यवस्थापनका लागि नेपाल सरकारका निजामती कर्मचारी, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्थान/समितिमा कार्यरत कर्मचारी र सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी समेतलाई परिचालन गरिएको थियो । यसरी परिचालित जनशक्तिले मतदान केन्द्रमा हुने मतदान सम्बन्धी कार्य निर्वाध रूपमा सञ्चालन गरी तोकिएको काममा सफलता प्राप्त गरेका थिए ।

### ८.१.८ विशेषज्ञको सेवा

आयोगले निर्वाचन आयोग ऐन, २०७३ को दफा २१ बमोजिम स्थानीय तह निर्वाचन, २०७४ मा निर्वाचनका विविध पक्षका काममा विशेष अनुभव प्राप्त विभिन्न व्यक्तिबाट विशेषज्ञको सेवा प्राप्त गरेको थियो । आयोगले सेवा प्राप्त गरेका यी विशेषज्ञले विशेषतः कानुन निर्माण, निर्वाचन व्यवस्थापन, मतपत्र डिजाइन तथा तयारी र मतदाता नामावली प्रशोधन तथा छपाइका क्षेत्रमा आ आफ्नो विशेषज्ञता प्रदान गरी निर्वाचनलाई सफल बनाउन मद्दत पुऱ्याएका थिए । आयोगले विशेषज्ञको सेवा प्राप्त गरेका व्यक्तिहरूको नामनामेसी विवरण परिशिष्ट-६६ मा प्रस्तुत गरिएको छ ।

### ८.१.९ मतगणना कार्यमा जनशक्ति व्यवस्था

स्थानीय तह निर्वाचनको मतगणनाका लागि स्थानीय तह निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०७४ मा मतगणनाको लागि मुख्य/निर्वाचन अधिकृतको नेतृत्वमा एक जना सहायक मतगणना अधिकृत, अन्य तीन जना गणक कर्मचारी र सहयोगी कर्मचारी सहितको मतगणना टोलीको व्यवस्था रहेको थियो । गणना गर्नुपर्ने मतपत्रको सङ्ख्या, उपलब्ध जनशक्ति र स्थान, सुरक्षा व्यवस्था आदिका आधारमा थप गणना टोली पनि परिचालन गरी निर्वाचन अधिकृतले मतगणनाको व्यवस्था मिलाउन सक्ने भनी आयोगले मुख्य/निर्वाचन अधिकृतहरूलाई पूर्व निर्देशन दिएको थियो ।

माथि उल्लेख गरिए बमोजिमको व्यवस्था गर्दा पनि मतगणना सुस्त गतिमा अघि बढेका स्थानमा मतगणना कार्यमा सहजीकरण गर्न केन्द्रबाट थप जनशक्ति खटाउने काम पनि आयोगले गरेको थियो । यस क्रममा काठमाडौँ महानगरपालिकाको मतगणनामा सहजीकरण गर्न आयोगमा कार्यरत अधिकृतस्तरका तेह्र कर्मचारी र विराटनगर महानगरपालिकाको मतगणना कार्यलाई तीब्रता दिन आयोगबाटै उपसचिव सहित एघार जना अधिकृत खटाइएको सन्दर्भ बढी उल्लेख्य थियो ।

### ८.१.१० निर्वाचनकेन्द्रित जनशक्ति तालिम

आयोगले स्थानीय तह निर्वाचनलाई केन्द्रमा राखेर मतदाता शिक्षा, निर्वाचन व्यवस्थापनभित्रका विविध क्रियाकलाप, मतदान कार्य सञ्चालन, मत गणना लगायतका निर्वाचन सम्बन्धी विषयमा केन्द्र र जिल्ला स्तरमा मतदाता शिक्षा स्वयंसेवक, मुख्य/निर्वाचन अधिकृत, मतदान अधिकृत, सहायक मतदान अधिकृत, मतगणना कर्मचारी लगायत करिब तीन लाख जनशक्तिलाई जिल्लास्तरका विभिन्न तह र स्थानमा प्रशिक्षण दिएको थियो। निर्वाचन व्यवस्थापन र सञ्चालनका सन्दर्भमा आवश्यक ज्ञान र व्यावहारिक सिप दिने कुरामा आयोग अगाडि देखिएको थियो। जसका कारण स्थानीय तह निर्वाचन सफलतापूर्वक सम्पन्न हुनमा सहयोग पुगेको देखियो।

### ८.१.११ स्थानीय तह निर्वाचन पर्यवेक्षण

निर्वाचन आयोगले स्थानीय तह निर्वाचनमा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय पर्यवेक्षक संघ/संस्था सबैका लागि निर्वाचन पर्यवेक्षण नीति, निर्देशिका तथा आचार संहिता निर्धारण गरी कार्यान्वयनमा ल्याएको थियो। यसैलाई अनुसरण गरी स्थानीय तह निर्वाचनमा पचास वटा राष्ट्रिय संघ संस्थाका सोह्र हजार तीन सय पर्यवेक्षकले निर्वाचनका विभिन्न क्रियाकलाप र गतिविधिको पर्यवेक्षण गरेका थिए। यस्तै नेपालस्थित सत्र कूटनीतिक नियोगका त्रिसट्ठी जनाले निर्वाचन अवलोकन भ्रमण गरेका थिए।

यसअघि स्थानीय तह निर्वाचन, २०७४ मा निर्वाचन पर्यवेक्षणमा अनुभव र प्रतिष्ठा आर्जन गरेका राष्ट्रिय एवं अन्तर्राष्ट्रिय व्यक्ति एवं संघ/संस्थाहरूबाट मर्यादित रूपमा स्वच्छ र स्वतन्त्र तरिकाले निर्वाचन पर्यवेक्षण गराउने लगायतको पर्यवेक्षण सम्बन्धी कार्य व्यवस्थापन गर्न आयोगले २०७३ चैत ८ गते स्थानीय तह निर्वाचन पर्यवेक्षण नीति, २०७३, स्थानीय तह निर्वाचन पर्यवेक्षण निर्देशिका, २०७३ र राष्ट्रिय पर्यवेक्षकहरूका लागि स्थानीय तह निर्वाचन पर्यवेक्षण आचार संहिता, २०७३ स्वीकृत गरेको थियो।

आयोगले गरेको व्यवस्थामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षण सम्बन्धी अनुभव भएका ख्याति प्राप्त व्यक्ति, निर्वाचन विशेषज्ञ तथा नेपाली नागरिकलाई मतदानको दिन निर्वाचन पर्यवेक्षणको अनुमति दिन वा आमन्त्रण गर्न सक्ने र नेपालस्थित कूटनैतिक नियोग वा गतः वर्षदेखि नेपालमा कार्यरत अन्तर्राष्ट्रिय संघ/संस्थालाई मतदान कार्यको अवलोकन गर्न अनुमति दिन सक्ने उल्लेख थियो।

यिनै कानुनी प्रावधान समेतका आधारमा आयोगबाट अनुमति प्राप्त देहाय बमोजिमका सङ्ख्याका राष्ट्रिय सङ्घ/संस्थाकादेहायका सङ्ख्याका पर्यवेक्षकले स्थानीय तह निर्वाचन, २०७४ को निर्वाचन पर्यवेक्षण गरेका थिए :

| क्रम सङ्ख्या | निर्वाचनको चरण | पर्यवेक्षण गर्ने सङ्घ/संस्थाको सङ्ख्या | पर्यवेक्षण गर्ने पर्यवेक्षक सङ्ख्या |
|---|---|---|---|
| १ | पहिलो चरण | ४७ | ७२८३ |

| | | | |
|---|---|---|---|
| २ | दोस्रो चरण | ४५ | ६८९३ |
| ३ | तेस्रो चरण | ४५ | २१२४ |

### ८.१.११.१ पर्यवेक्षण अनुमति रद्द

आयोगबाट स्थानीय तह निर्वाचन पर्यवेक्षण अनुमति पाई निर्वाचन पर्यवेक्षण मञ्च नेपालबाट निर्वाचन पर्यवेक्षणमा खटिएका तीन जना पर्यवेक्षकका सम्बन्धमा कारबाही अघि बढी आयोगको वि.सं. २०७४ साल असार २६ गतेको निर्णयबाट स्थानीय तह निर्वाचनका लागि उक्त संस्थालाई आयोगबाट पर्यवेक्षण गर्न दिइएको अनुमति रद्द गरिएको र ती तीन पर्यवेक्षकलाई कुनै पनि निर्वाचनमा कुनै पनि संस्थाबाट पर्यवेक्षण गर्न नदिने गरी भएको निर्णय तत्काल कार्यान्वयन गरिएको थियो ।

### ८.१.१२ निर्वाचन पर्यवेक्षणका लागि संस्थागत संरचना

स्थानीय तह निर्वाचन, २०७४ पर्यवेक्षणको समन्वय, सहजीकरण तथा आवश्यक निर्देशनका लागि आयोगमा देहाय बमोजिम पदाधिकारी रहेको समिति गठन गरिएको थियो । यस समितिले पर्यवेक्षण सम्बन्धी नीतिगत व्यवस्था र निर्वाचन पर्यवेक्षण गर्न चाहने संघ/संस्थाहरूलाई अनुमति दिन आयोगलाई सिफारिस गर्ने लगायतका कार्य गरेको थियो :

| | |
|---|---|
| माननीय निर्वाचन आयुक्त श्री नरेन्द्र दाहाल | संयोजक |
| सचिव, निर्वाचन आयोग | सदस्य |
| प्रशासन महाशाखा प्रमुख, निर्वाचन आयोग | सदस्य |
| सहसचिव, परराष्ट्र मन्त्रालय | सदस्य |
| सहसचिव, गृह मन्त्रालय | सदस्य |
| उपसचिव, निर्वाचन आयोग (योजना अनुगमन तथा समावेशी शाखा) | सदस्य-सचिव |

यसका अतिरिक्त निर्वाचन पर्यवेक्षण सम्बन्धी प्रशासकीय कामहरू गर्न आयोगका सहसचिवको संयोजकत्वमा निर्वाचन पर्यवेक्षण एकाइ र यस एकाइ अन्तर्गत रहने गरी पर्यवेक्षण स्रोत केन्द्रको व्यवस्था पनि आयोगले गरेको थियो ।

### ८.१.१३ पर्यवेक्षकका लागि अभिमुखीकरण तथा अवलोकनकर्ताका लागि थप व्यवस्था

निर्वाचन पर्यवेक्षणमा खटाइनुअघि पर्यवेक्षणका लागि अनुमति प्राप्त गरेका संघ/संस्थाहरूलाई आयोगले एक दिवसीय निर्वाचन पर्यवेक्षण अभिमुखीकरण तालिम दिई सो सम्बन्धी जानकारी पुस्तिका समेत उपलब्ध गराएको थियो । यस्तै नेपालस्थित कूटनैतिक नियोग वा गतः पाँच वर्षदेखि नेपालमा कार्यरत अन्तर्राष्ट्रिय संघ/संस्थाहरूलाई मतदान कार्यको अवलोकन गर्न अनुमति दिने

स्थानीय तह निर्वाचन पर्यवेक्षण नीति, २०७४ र निर्वाचन पर्यवेक्षण निर्देशिका, २०७४ ले गरेको व्यवस्था अनुरूप अवलोकर्ताहरूबाट हुने अवलोकन कार्यलाई व्यवस्थित गर्न आयोगले वि.सं. २०७४ साल वैशाख २३ गते "Code of Conduct for Diplomatic Missions during the Poll Observation (ON ELECTION DAY)" नै स्वीकृत गरी कार्यान्वयनमा ल्याएको थियो ।

## ८.२ प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनमा जनशक्ति व्यवस्थापन, तालिम र निर्वाचन पर्यवेक्षण

### ८.२.१ समग्रतामा जनशक्ति

निर्वाचन आयोगले निर्वाचन अधिकृतको कार्यालयदेखि जिल्ला निर्वाचन कार्यालय हुँदै मतदान केन्द्र, मतगणना लगायतका काममा कतिपय अवस्थामा छुट्टै निर्देशिका बनाएर र कतिपय अवस्थामा आयोगबाटै परिस्थिति अनुसार पटके निर्णय गरेर निर्वाचनका लागि आवश्यक जनशक्तिको व्यवस्थापन गरेको थियो । जहाँबाट जुन कामका लागि भनेर थप जनशक्ति माग गरिएको हो सो कामका लागि त्यस्तो जनशक्ति व्यवस्था गर्नुपर्ने हो होइन भन्ने कुराको यकिन गरेर मात्र आयोगले नयाँ जनशक्ति वा थप जनशक्तिको व्यवस्थापन गरेको थियो ।

यसरी प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनमा आयोग अन्तर्गत कार्यालयहरूमा कार्यरत जनशक्ति, मुख्य/निर्वाचन अधिकृतको कार्यालयमा तोकिए  बमोजिम कार्यरत जनशक्ति, मतदाता शिक्षामा परिचालित जनशक्ति, मतदान र मतगणना कार्यमा परिचालित जनशक्ति, अनुगमनकर्ता, स्वयंसेवक समेत गरी २,७४,२९२ जनशक्ति परिचालन भएको थियो । त्यस्तै निर्वाचनको समग्र सुरक्षा व्यवस्थापनका लागि मतदान स्थल तथा मतदान केन्द्रहरूमा चारवटै सुरक्षा निकायबाट गरी जम्मा १,९१,९१० जना सुरक्षाकर्मी परिचालन गरिएका थिए ।

### ८.२.२ जनशक्ति सम्बन्धी नीतिगत तथा संस्थागत व्यवस्था

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन सम्पन्न गर्न जनशक्तिको बृहत् व्यवस्थापनका कुरालाई महसुस गरी आयोगले आयोगमा कार्यरत जनशक्तिका अतिरिक्त निर्वाचन सम्बन्धी कामको आवश्यकता तथा सम्पादन गर्नुपर्ने कामको गहनता र परिमाणका आधारमा अन्य निकायबाट पनि कर्मचारी काजमा ल्याई कार्य सम्पन्न गरेको थियो । निर्वाचन सम्बन्धी काम कारबाही र सूचनालाई व्यवस्थित र प्रभावकारी बनाउन आयोगभित्र सबै सुरक्षा निकायका प्रतिनिधि समेत रहेको संयुक्त निर्वाचन सञ्चालन केन्द्र सञ्चालनमा ल्याइएको थियो । चौबिस जना कर्मचारी रहेको यस केन्द्रको नेतृत्व आयोगका सहसचिवस्तर बाट गरिएको थियो । यस केन्द्रका अतिरिक्त आयोगभित्र सञ्चार एकाइ, कल सेन्टर र निर्वाचन पर्यवेक्षण एकाइ लगायतका एकाइको पनि व्यवस्था गरिएको थियो ।

### ८.२.३ निर्देशिकाको व्यवस्था

आयोगले प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन सञ्चालनका लागि "प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०७४" वि.सं. २०७४ साल

कार्तिक १९ गतेको आयोगको बैठकबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याएको थियो । यस निर्देशिकाले निर्वाचन अधिकृतको कार्यालयमा परिचालित हुने जनशक्ति, मतदान तथा मतगणना आदि कार्यमा खटिने जनशक्ति र सुरक्षाकर्मी आदिको सङ्ख्यालाई व्यवस्थित गरी कार्य सञ्चालन गर्न मार्गनिर्देश गरी मद्दत पुऱ्याएको थियो ।

### ८.२.४ जनशक्ति परिचालनमा समितिको व्यवस्था

#### ८.२.४.१ जनशक्ति व्यवस्थापन समिति

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनका सन्दर्भमा जनशक्ति व्यवस्थापन तथा परिचालन कार्यलाई प्रभावकारी बनाउन प्रमुख निर्वाचन आयुक्तको संयोजकत्वमा आयोगभित्र एक जनशक्ति व्यवस्थापन समिति गठन गरिएको थियो । चार सदस्यीय यस समितिको मुख्य काम भने जनशक्ति व्यवस्थापनका सन्दर्भमा आयोगले कुनै नीतिगत निर्णय लिनुपर्ने अवस्था आएमा सो विषयमा आफ्नो रायसुझाव दिनुमा केन्द्रित थियो । यसका अतिरिक्त निर्वाचन प्रयोजनका लागि जनशक्ति व्यवस्थापन गर्न आयोगका सचिवको संयोजकत्वमा पाँच सदस्यीय एक जनशक्ति व्यवस्थापन समन्वय समिति पनि गठन गरिएको थियो ।

#### ८.२.४.२ जिल्ला जनशक्ति व्यवस्थापन समन्वय समिति

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनका क्रममा जिल्लामा रहेको जनशक्तिको विवरण तयार गरी अद्यावधिक गर्ने, जिल्लास्थित मतदान केन्द्रमा खटाउने जनशक्ति तय गरी मुख्य निर्वाचन अधिकृतलाई उपलब्ध गराउने, जिल्लाभित्र अत्यावश्यक सेवा तथा विशेष परिस्थितिजन्य अवस्थामा खटाउनका लागि आवश्यक कर्मचारी जगेडामा राख्ने, जगेडामा राखिएका कर्मचारीलाई कुनै पनि समय निर्वाचनको काममा खटाउन सक्ने गरी तयारी अवस्थामा राख्ने र जनशक्ति सम्बन्धी थप कुनै नीतिगत निर्णय लिन परेमा राय सुझाव सहित आयोगमा लेखी पठाउने समेतको कामका लागि प्रत्येक जिल्लामा देहाय अनुसारको जिल्ला जनशक्ति व्यवस्थापन समन्वय समिति गठन गरिएको र समितिको बैठकमा मुख्य/निर्वाचन अधिकृतलाई पनि आमन्त्रण गर्न सकिने व्यवस्था आयोगले गरेको थियो :

| | |
|---|---|
| (क) प्रमुख जिल्ला अधिकारी | संयोजक |
| (ख) जिल्ला शिक्षा अधिकारी | सदस्य |
| (ग) स्थानीय विकास अधिकारी | सदस्य |
| (घ) जिल्ला जनस्वास्थ्य कार्यालय प्रमुख | सदस्य |
| (ङ) कोष तथा लेखा नियन्त्रक कार्यालय प्रमुख | सदस्य |
| (च) क्षेत्रीय/जिल्ला निर्वाचन अधिकारी | सदस्य-सचिव |

### ८.२.५ आयोगभित्र काज जनशक्ति

निर्वाचनको कामको सिलसिलामा आयोग र अन्तर्गत कार्यालयको जनशक्तिले मात्र निर्वाचन सम्बन्धी सबै काम सम्पन्न गर्न नसकिने अवस्थाका कारण आयोगले नेपाल सरकारका विभिन्न निकाय, संस्थान/समितिमा कार्यरत विभिन्न तह र श्रेणीका कर्मचारीहरूलाई काजमा झिकाई काम गराएको थियो । यसरी कर्मचारी काजमा झिकाई काम गराउने विषयलाई व्यवस्थित गर्न आयोगले यस सम्बन्धी छुट्टै मापदण्ड समेत तयार गरी स्वीकृत गरेको थियो ।

### ८.२.६ निर्वाचन सम्बन्धीकाममा विशेषज्ञ सेवा

आयोगले प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनका क्रममा निर्वाचन सम्बन्धी विशेष गहन काम र थप विज्ञता आवश्यक पर्ने विषयमा विशेषज्ञको सेवा लिन निर्वाचन आयोग ऐन, २०७३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी त्यस्ता केही व्यक्तिहरूबाट विशेषज्ञ सेवा प्राप्त गरेको थियो । त्यसरी विशेषज्ञको सेवा लिइएका व्यक्तिहरूको नाम परिशिष्ट-६७ मा प्रस्तुत गरिएको छ ।

### ८.२.७ मुख्य/निर्वाचन अधिकृतको कार्यालयको जनशक्ति

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन सञ्चालनका लागि स्थापित मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालयमा रहने कर्मचारी जनशक्तिको विवरण र सङ्ख्या आयोगले तोकिदिएको थियो । आयोगले यसरी जनशक्ति तोक्दा मुख्य निर्वाचन अधिकृतको कार्यालयका लागि मुख्य निर्वाचन अधिकृत सहित अठार जना र निर्वाचन अधिकृतको कार्यालयका लागि निर्वाचन अधिकृतसहितसोह्र जना जनशक्ति राख्न पाउने गरी तोकेको थियो । मुख्य/निर्वाचन अधिकृतको कार्यालयमा रहने जनशक्तिको पूर्ण विवरण देहाय बमोजिमको थियो :

**(क) मुख्य निर्वाचन अधिकृतको कार्यालयका लागि तोकिएको जनशक्ति**

| क्रम | पदनाम | दरवन्दी सङ्ख्या |
|---|---|---|
| १ | मुख्य निर्वाचन अधिकृत | १ |
| २ | सहायक निर्वाचन अधिकृत, रा. प. द्वितीय श्रेणी-१ र रा. प. तृतीय श्रेणी-२ | ३ |
| ३ | अनुगमन अधिकृत (रा. प. तृतीय श्रेणी), निर्वाचन आचार संहिता हेर्ने | १ |
| ४ | लेखा अधिकृत वा लेखापाल | १ |
| ५ | सहायक कर्मचारी (रा. प. अनं. प्रथम श्रेणी वा सो सरह तीन र रा. प. अनं. द्वितीय श्रेणी वा सो सरह एक) | ४ |
| ६ | कम्प्युटर अपरेटर | ३ |
| ७ | सवारी चालक | १ |

| | | |
|---|---|---|
| ८ | कार्यालय सहयोगी | ३ |
| ९ | सुरक्षा गार्ड (पि. एस. ओ.) | १ |
| | **जम्मा जनशक्ति** | **१८** |

**(ख) निर्वाचन अधिकृतको कार्यालयका लागि तोकिएको जनशक्ति**

| **क्रम** | **पदनाम** | **दरवन्दी सङ्ख्या** |
|---|---|---|
| १ | निर्वाचन अधिकृत | १ |
| २ | सहायक निर्वाचन अधिकृत, रा.प. तृतीय श्रेणी | ३ |
| ३ | लेखा अधिकृत वा लेखापाल | १ |
| ४ | सहायक कर्मचारी (रा. प. अनं. प्रथम श्रेणी वा सो सरह दुई र रा. प. अनं. द्वितीय श्रेणी वा सो सरह एक) | ३ |
| ५ | कम्प्युटर अपरेटर | ३ |
| ६ | सवारी चालक | १ |
| ७ | सहयोगी कर्मचारी | ३ |
| ८ | सुरक्षा गार्ड (पि. एस. ओ.) | १ |
| | **जम्मा जनशक्ति** | **१६** |

### ८.२.७.१ निर्वाचन अधिकृतले थप जनशक्ति काजमा ल्याउन सक्ने विशेष व्यवस्था

निर्वाचनको वास्तविक कामका लाागि आयोगले जनशक्ति व्यवस्थापन गर्ने विषयमा कुनै कञ्जुस्याइँ गरेको थिएन। त्यसैले मतदान केन्द्र खर्च तथा मतदान केन्द्रमा खटिने मतदान अधिकृत लगायतका कर्मचारीलाई दैनिक तथा भ्रमण खर्च भुक्तानी दिने कार्यलाई व्यवस्थित गर्न थप जनशक्ति आवश्यक भएमा निर्वाचन अधिकृतले बढीमा पाँच दिनको लागि देहाय बमोजिमको सङ्ख्यामा लेखापाल वा सहलेखापाललाई काजमा ल्याउन सक्ने निर्देशन आयोगले निर्वाचन अधिकृतहरूलाई दिएको थियो :

(क) पचास वटासम्म मतदान केन्द्र भएको निर्वाचन क्षेत्रको निर्वाचन अधिकृतको कार्यालयमा दुई जनासम्म,

(ख) एकाउन्नदेखि एक सयसम्म मतदान केन्द्र भएको निर्वाचन क्षेत्रको निर्वाचन अधिकृतको कार्यालयमा तीन जनासम्म, र

(ग) एक सय एकभन्दा बढी जतिसुकै मतदान केन्द्र भएको निर्वाचन क्षेत्रको निर्वाचन अधिकृतको कार्यालयमा पाँच जनासम्म ।

त्यसरी नै आयोगले मतपत्र रूजु गर्ने, प्याकिङ गर्ने तथा मतदान अधिकृतलाई मतपत्र बुझाउने कार्यका लागि थप जनशक्ति आवश्यक पर्ने भएमा निर्वाचन अधिकृतले बढीमा पाँच दिनको लागि

देहायको सङ्ख्यामा रा. प. अनं. कर्मचारीहरू काजमा ल्याई काम लगाउन सक्ने बाटो पनि खुला गरिदिएको थियो :

(क) दश हजारसम्म मतदाता भएका निर्वाचन क्षेत्रको लागि दुई जना,

(ख) दश हजार एकदेखि पच्चिस हजारसम्म मतदाता भएको निर्वाचन क्षेत्रको लागि तीन जना,

(ग) पच्चिस हजार एकदेखि पचास हजारसम्म मतदाता भएको निर्वाचन क्षेत्रको लागि पाँच जना,

(घ) पचास हजार एकदेखि एक लाखसम्म मतदाता भएको निर्वाचन क्षेत्रको लागि सात जना, र

(ङ) एक लाखभन्दा बढी जतिसुकै मतदाता भएको निर्वाचन क्षेत्रको लागि नौ जना ।

## ८.२.७.२ जिल्ला निर्वाचन कार्यालयको लागि थप जनशक्तिको व्यवस्था

निर्वाचन सम्बन्धी कार्यबोझलाई कम गरी काममा विश्वसनीयता तथा गुणस्तरीयता कायम गर्ने समेतको प्रयोजनका लागि जिल्लास्थित आयोग अन्तर्गतको क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयमा पनि आयोगले कामका आधारमा थप जनशक्तिको व्यवस्था गरेको थियो । क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयको लागि देहायमा उल्लेख गरिए बमोजिमका कर्मचारी देहायको सङ्ख्यामा बढीमा दुई महिनाका लागि काजमा ल्याउन सकिने बाटो आयोगले खुला गरेको थियो :

(क) एक सयसम्म मतदान केन्द्र भएका जिल्लामा राजपत्र अनंकित वा सो सरहका कर्मचारी एक जना,

(ख) एक सय एकदेखि दुई सयसम्म मतदान केन्द्र भएका जिल्लामा राजपत्र अनंकित वा सो सरहका कर्मचारी एक जना र श्रेणीबिहीन वा सो सरहका कर्मचारी एक जना,

(ग) दुई सय एकदेखि तीन सयसम्म मतदान केन्द्र भएका जिल्लामा राजपत्र अनंकित वा सो सरहका कर्मचारी दुई जना र श्रेणीबिहीन वा सो सरहका कर्मचारी एक जना,

(घ) तीन सय एकदेखि चार सयसम्म मतदान केन्द्र भएका जिल्लामा राजपत्र अनंकित वा सो सरहका कर्मचारी तीन जना र श्रेणीबिहीन वा सो सरहका कर्मचारी दुई जना, र

(ङ) चार सय एकभन्दा बढी जतिसुकै मतदान केन्द्र भएका जिल्लामा राजपत्र अनंकित वा सो सरहका कर्मचारी चार जना र श्रेणीबिहीन वा सो सरहका कर्मचारी दुई जना ।

यसरी नै निर्वाचनको निश्चित काम जस्तै - निर्वाचन सामग्रीको चेकजाँच, रूजु, प्याकिङ, भण्डारण, बाँडफाँट तथा वितरण गर्ने प्रयोजनको लागि अझै थप जनशक्ति आवश्यक परेमा देहाय

बमोजिमको जनशक्ति बढीमा एक हप्ताका लागि अन्यत्र कार्यालयबाट काजमा झिकाई काम लगाउन सक्ने निर्देशन आयोगले क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयलाई दिएको थियो :

(क) एक सयसम्म मतदान केन्द्र भएका जिल्लाको जिल्ला निर्वाचन कार्यालयको लागि राजपत्र अनंकित वा सो सरहको कर्मचारी तीन जना र श्रेणीबिहीन वा सो सरहको कर्मचारी दुई जना,

(ख) एक सय एकदेखि दुई सयसम्म मतदान केन्द्र भएका जिल्लाको निर्वाचन कार्यालयको लागि राजपत्र अनंकित वा सो सरहको कर्मचारी चार जना र श्रेणीबिहीन वा सो सरहको कर्मचारी दुई जना,

(ग) दुई सय एकदेखि तीन सयसम्म मतदान केन्द्र भएका जिल्लाको निर्वाचन कार्यालयको लागि राजपत्र अनंकित वा सो सरहको कर्मचारी चार जना र श्रेणीबिहीन वा सो सरहको कर्मचारी तीन जना,

(घ) तीन सय एकदेखि चार सयसम्म मतदान केन्द्र भएका जिल्लाको निर्वाचन कार्यालयको लागि राजपत्र अनंकित वा सो सरहको कर्मचारी पाँच जना र श्रेणीबिहीन वा सो सरहको कर्मचारी तीन जना, र

(ङ) चार सयभन्दा बढी मतदान केन्द्र भएका जिल्लाको निर्वाचन कार्यालयको लागि राजपत्र अनंकित वा सो सरहको कर्मचारी छ जना र श्रेणीबिहीन वा सो सरहको कर्मचारी चार जना ।

### ८.२.८ मतदान केन्द्रमा जनशक्ति व्यवस्था

आयोगलेमतदान केन्द्रमा मतदान गर्ने मतदाताको सङ्ख्यालाई आधार मानी मतदान केन्द्रलाई तीन वर्गमा वर्गीकरण गरी सोही अनुसार जनशक्ति परिचालन गर्न सम्बन्धित मुख्य/निर्वाचन अधिकृतहरूलाई निर्देशन दिएको थियो । यसरी निर्देशन दिँदा देहायको अवस्थामा देहाय बमोजिम गर्न निर्देश गरिएको थियो :

**(क) २५० सम्म मतदाता भएका मतदान केन्द्रका लागि तोकिएको जनशक्ति**

| क्रम सङ्ख्या | कर्मचारीको विवरण | सङ्ख्या |
|---|---|---|
| १ | मतदान अधिकृत | एक |
| २ | सहायक मतदान अधिकृत -मतदातालाईमतपत्र दिन समेत) | एक |
| ३ | सहायक कर्मचारी :<br>(क) मतदाता नामावली रूजु गर्नका लागि- एक<br>(ख) मतदातालाई मतपत्र दिन- दुई | तीन |
| ४ | सहयोगी कर्मचारी | दुई |

| | | |
|---|---|---|
| ५ | स्वयंसेवक :<br>(क) मतदान गरेका मतदाताको तथ्याङ्क राख्ने र मतदाताको नङमा मसी लगाउन (महिला)- एक<br>(ख) मतदाताको लाइन व्यवस्थापन अन्य सहयोगको लागि- एक | दुई |
| | **जम्मा जनशक्ति** | **नौ** |

**(ख) २५१ देखि ५०० सम्म मतदाता भएका मतदान केन्द्रका लागि तोकिएको जनशक्ति**

| क्रम सङ्ख्या | कर्मचारीको विवरण | सङ्ख्या |
|---|---|---|
| १ | मतदान अधिकृत | एक |
| २ | सहायक मतदान अधिकृत | एक |
| ३ | सहायक कर्मचारी :<br>(क) मतदाता नामावली रूजु गर्नका लागि- एक<br>(ख) मतदातालाई मतपत्र दिन- तीन | चार |
| ४ | सहयोगी कर्मचारी | दुई |
| ५ | स्वयंसेवक :<br>(क) मतदान गरेका मतदाताको तथ्याङ्क राख्ने र मतदाताको नङमा मसी लगाउन (महिला)- एक<br>(ख) मतदाताको लाइन व्यवस्थापन अन्य सहयोगको लागि- दुई | तीन |
| | **जम्मा जनशक्ति** | **एघार** |

**(ग) ५०१ भन्दा बढी मतदाता भएका मतदान केन्द्रका लागि तोकिएको जनशक्ति**

| क्रम सङ्ख्या | कर्मचारीको विवरण | सङ्ख्या |
|---|---|---|
| १ | मतदान अधिकृत | एक |
| २ | सहायक मतदान अधिकृत | एक |
| ३ | सहायक कर्मचारी :<br>(क) मतदाता नामावली रूजु गर्नका लागि- एक<br>(ख) मतदातालाई मतपत्र दिन- तीन | चार |
| ४ | सहयोगी कर्मचारी | दुई |
| ५ | स्वयंसेवक :<br>(क) मतदान गरेका मतदाताको तथ्याङ्क राख्ने र मतदाताको नङमा मसी लगाउन (महिला)- एक | चार |

| | | |
|---|---|---|
| | (ख) मतदाताको लाइन व्यवस्थापन तथा अन्य कार्यका लागि<br>(महिला र पुरुष) - दुई<br>(ग) सहयोगीको रूपमा काम गर्ने- एक | |
| | **जम्मा जनशक्ति** | **बाह्र** |

### ८.२.८.१ गोला प्रथाद्वारा मतदान/सहायक मतदान अधिकृत

आयोगले नेपालको निर्वाचन इतिहासमा पहिलो पटक मतदान केन्द्रहरूमा मतदान अधिकृत र सहायक मतदान अधिकृतहरू खटाउँदा गोला प्रथाद्वारा छनोट गरी पठाउने व्यवस्था मिलाएको थियो । आयोगको यस कदमका विषयमा निर्वाचनसँग सम्बन्धित व्यक्ति तथा पदाधिकारीहरूबाट उस्तैउस्तै परिमाणमा सकारात्मक र नकारात्मक दुवै किसिमका प्रतिक्रिया प्राप्त भएका थिए ।

### ८.२.९ मतगणनाका लागि निर्धारित जनशक्ति

निर्वाचन आयोगले प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य मतगणनाको लागि प्रत्येक टोलीमा देहाय बमोजिमका कर्मचारी रहने गरी मतगणना निर्देशिकाले निर्देश गरे बमोजिमआवश्यक सङ्ख्यामा मतगणना टोली गठन गर्न सक्ने गरी निर्वाचन अधिकृतलाई निर्देशन दिएको थियो :

| क्रम सङ्ख्या | कर्मचारीको विवरण | सङ्ख्या |
|---|---|---|
| १ | प्रमुख मतगणना अधिकारी (निर्वाचन अधिकृत) | एक |
| २ | सहायक मतगणना अधिकारी (अधिकृतस्तर कर्मचारी) | एक |
| ३ | मतगणना सहायक (रा. प. अनं. प्रथम श्रेणी) | एक |
| ४ | गणक :<br>(क) कम्प्युटर अपरेटर - एक<br>(ख) सहायक कर्मचार - दुई | तीन |
| ५ | सहयोगी कर्मचारी | एक |
| | **जम्मा जनशक्ति** | **सात** |

### ८.२.१० निर्वाचनकेन्द्रित जनशक्ति तालिम

आयोगले प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनलाई केन्द्रविन्दुमा राखेर मतदाता शिक्षा, निर्वाचन व्यवस्थापन, मतदान कार्य (विद्युतीय मतदान समेत) सञ्चालन, मत गणना लगायतका निर्वाचन सम्बन्धी विषयमा केन्द्र र जिल्ला स्तरमा मतदाता शिक्षा स्वयंसेवक, मुख्य/निर्वाचन अधिकृत, मतदान अधिकृत, सहायक मतदान अधिकृत, मतगणना कर्मचारी लगायतका जनशक्तिलाई विभिन्न क्षेत्र र तहमा प्रशिक्षण दिएको थियो । निर्वाचन व्यवस्थापन र सञ्चालनका सन्दर्भमा आवश्यक ज्ञान र व्यावहारिक सिप दिने कुरामा आयोगले कहिल्यै कन्जुस्याइँ गरेन ।

जसका कारण एकै पटक निर्वाचन गरेर पनि प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचन सफलतापूर्वक सम्पन्न हुनमा सहयोग पुगेको देखियो ।

### ८.२.११ निर्वाचन अनुगमन तथा पर्यवेक्षण

#### ८.२.११.१ निर्वाचन अनुगमन तथा पर्यवेक्षण सम्बन्धीकानुनी व्यवस्था

निर्वाचन आयोगले आयोगका पदाधिकारी वा कर्मचारी वा नेपाल सरकारका कर्मचारी वा प्रदेश सरकारका कर्मचारी वा विशेषज्ञ सहितका टोली गठन गरी निर्वाचन प्रचारप्रसार, निर्वाचनसँग सम्बन्धित मतदान, मतगणना वा अन्य काम कारबाहीको अनुगमन गर्न वा गराउन सक्ने व्यवस्था निर्वाचन आयोग ऐन, २०७३ को दफा ५ ले उल्लेख गरेको छ। यसरी नै सोही ऐनको दफा ६ ले निर्वाचन पर्यवेक्षण गर्न दिन सक्ने विषयमा उल्लेख गरेको छ। निर्वाचन आयोग ऐनको सो दफाका अनुसार आयोगले कुनै स्वदेशी वा विदेशी व्यक्ति वा संस्थालाई निर्वाचनसँग सम्बन्धित काम कारबाहीको पर्यवेक्षण गर्नका लागि अनुमति दिन सक्नेछ । यसरी निर्वाचन पर्यवेक्षण गर्न दिँदा आयोगले पर्यवेक्षण सम्बन्धी कार्यविधि तोक्नुपर्ने र आयोगले तोकेको त्यस्तो कार्यविधिको पालना नगरी पर्यवेक्षण गर्ने व्यक्ति वा संस्थाको अनुमति आयोगले जतिखेर पनि रद्द गर्न सक्ने व्यवस्था पनि ऐनले उल्लेख गरेको छ। निर्वाचन पर्यवेक्षणका लागि अनुमति प्राप्त गरेका स्वदेशी वा विदेशी व्यक्ति वा संस्थाले पर्यवेक्षण गर्दा आयोगले बनाएको आचार संहिता पालना गर्नुपर्ने र पर्यवेक्षण कार्य समाप्त भएको तीस दिनभित्र त्यस सम्बन्धीप्रतिवेदन आयोग समक्ष दिनुपर्ने बाध्यात्मक कानुनी व्यवस्था पनि ऐनले गरेको छ।

#### ८.२.११.२ निर्वाचन पर्यवेक्षणका लागि संरचनागत व्यवस्था

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन पर्यवेक्षण निर्देशिका तथा निर्वाचन पर्यवेक्षण आचार संहिता तयार गर्न आयोगको वि.सं. २०७४ साल फागुन १७ गतेको निर्णयानुसार माननीय निर्वाचन आयुक्त श्री नरेन्द्र दाहालको संयोजकत्वमा गठन भएको समितिलाई नै प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनका लागि पनि आयोगले निरन्तरता दिएको थियो ।

#### ८.२.११.३ निर्वाचन पर्यवेक्षणमा आयोगको सक्रियता र राष्ट्रिय संघ/संस्थाबाट निर्वाचन पर्यवेक्षण

विगतका निर्वाचनहरूमा जस्तै प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७४ मा पनि आफूले गराएको निर्वाचन लोकतन्त्रको अन्तर्राष्ट्रिय मूल्यमान्यता मुताबिक स्वच्छ, स्वतन्त्र, निष्पक्ष र पारदर्शी होओस् भन्ने कामना आयोगको रहेको देखियो । यस कुरालाई मूर्त रूप दिन आयोगले यस निर्वाचनमा पनि निर्वाचन पर्यवेक्षणका कुरालाई महत्वका साथ ध्यान दिएको थियो । यसलाई व्यवस्थित गर्ने क्रममा आयोगले प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन पर्यवेक्षण निर्देशिका, २०७४ जारी गरेको थियो । आयोगले जारी गरेको यसै निर्देशिका बमोजिम ५३ वटा राष्ट्रिय संघ/संस्थालाई आयोगबाट प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७४ का

लागि पर्यवेक्षण गर्ने अनुमति प्रदान गरिएको थियो । निर्वाचन पर्यवेक्षणको अनुमति पाएका यी ५३ संघ/संस्थामध्ये४७ वटा संस्थाले मात्र निर्वाचन पर्यवेक्षण गरेका थिए । आयोगले यसरी अनुमति दिएका ५३ संघ/संस्थाको नाम परिशिष्ट-६८ मा प्रस्तुत गरिएको छ ।

### ८.२.११.४ अन्तर्राष्ट्रिय संस्था र व्यक्तिबाट निर्वाचन पर्यवेक्षण

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनमा आयोगबाट तीन वटा अन्तर्राष्ट्रिय संस्था र दुई जना अन्तर्राष्ट्रिय व्यक्तिहरूलाई निर्वाचन पर्यवेक्षणका लागि सम्बन्धन प्रदान गरिएकोमा तीन वटा अन्तर्राष्ट्रिय संस्था र एक जना अन्तर्राष्ट्रिय व्यक्तिबाट मात्र प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन पर्यवेक्षण भए/गरिएको थियो । निर्वाचन पर्यवेक्षण गर्ने यी संस्था तथा व्यक्ति देहाय बमोजिम थिए :

| क्र. सं. | पर्यवेक्षण गर्ने संस्था/नाम | पर्यवेक्षक सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | European Union | ११२ | अन्तराष्ट्रिय संस्था |
| २ | The Carter Center | ६४ | अन्तराष्ट्रिय संस्था |
| ३ | ANFREL | ५ | अन्तराष्ट्रिय संस्था |
| ४ | Venkat Ramana Rao Adoni | १ | अन्तराष्ट्रिय व्यक्ति |

### ८.२.१२ निर्वाचन पर्यवेक्षणको सकारात्मक प्रतिक्रिया

#### (क) संयुक्त राष्ट्रसंघका महासचिव

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७४ शान्तिपूर्वक सम्पन्न भएकोमा संयुक्त राष्ट्रसंघका महासचिवले विज्ञप्ति मार्फत बधाई ज्ञापन गरेका थिए । संयुक्त राष्ट्रसंघद्वारा जारी विज्ञप्तिमा निर्वाचन प्रक्रियाका आगामी चरणहरूमा समेत राजनीतिक दलहरूले यस्तै भावना लिने कुरामा आशा प्रकट गरिएको थियो । संविधानले परिकल्पना गरे बमोजिम नेपालमा संघीयता कार्यान्वयनका लागि यी निर्वाचन ऐतिहासिक रहेको कुरा पनि संयुक्त राष्ट्रसंघका महासचिवद्वाराजारी विज्ञप्तिमा जनाइएको थियो ।

#### (ख) दि कार्टर सेन्टर (The Carter Center)

नेपालमा सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन पर्यवेक्षण गरेको The Carter Center ले निर्वाचन पश्चात् जारी गरेको प्रारम्भिक निर्वाचन पर्यवेक्षण प्रतिवेदनमा विभिन्न अवरोधहरूका बाबजुद संविधानमा उल्लेख भएको समयसीमा भित्रै निर्वाचन सम्पन्न गर्न निर्वाचन आयोग सफल भएकोले नयाँ संविधानको कार्यान्वयन गर्न तथा राजनीतिक सङ्क्रमण अन्त्य गर्न प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनले सकारात्मक भूमिका खेल्ने कुरा उल्लेख थियो । यसका अतिरिक्त सो प्रतिवेदनमा निर्वाचन सञ्चालनका क्रममा आएका केही अवरोधका बाबजुद पनि आयोगले छोटो समयमा शान्तिपूर्वक र व्यवस्थित तरिकाले निर्वाचन सम्पन्न गराएको,

राजनीतिक दल तथा निर्वाचनमा भाग लिने उम्मेदवारले निर्वाचन प्रचारप्रसार गर्न पाएको र निर्वाचनमा मतदाताहरूको उल्लेखनीय सहभागिता रहेको जस्ता कुरा उल्लेख थिए ।

### ८.२.१३ सार्क राष्ट्रका निर्वाचन व्यवस्थापन निकायलाई आमन्त्रण र पर्यवेक्षण

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनका क्रममा सार्क राष्ट्रका निर्वाचन व्यवस्थापन निकायका प्रमुख तथा पदाधिकारीहरू एवं आयोगसँग समझदारीपत्रमा हस्ताक्षर गर्ने मुलुक तथा केही विशिष्ट निर्वाचन विज्ञहरूलाई निर्वाचनको पर्यवेक्षण गर्न आयोगले आमन्त्रण गरेको थियो । आयोगको आमन्त्रणलाई स्वीकार गरी आठ वटा मुलुकका अठार जना विशिष्ट विदेशी अतिथिहरू प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनको दोस्रो चरणको निर्वाचनको पर्यवेक्षण गर्न आएका थिए । यी अतिथिहरूलाई आयोगले दुई समूहमा विभाजन गरी काठमाडौँ, ललितपुर, भक्तपुर र काभ्रेपलाञ्चोक जिल्लाका केही मतदान केन्द्रमा निर्वाचन पर्यवेक्षण गराएको थियो ।

### ८.२.१४ निर्वाचन पर्यवेक्षणमा (AAEA - Asian Association of Election Authorities) को संलग्नता

Asian Association of Election Authorities अन्तर्गत इन्डोनेशियाबाट आउनु भएका प्रतिनिधि एवं भारतका पूर्व प्रमुख निर्वाचन आयुक्त डा. एस. वाई. कुरेशीले पनि प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनको पर्यवेक्षण गर्नुभएको थियो ।

### ८.२.१५ निर्वाचन पर्यवेक्षण प्रतिवेदन अस्वीकार

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन पर्यवेक्षण गर्न आयोगले जारी गरेको निर्वाचन पर्यवेक्षण निर्देशिका बमोजिम आयोगबाट सम्बन्धन प्राप्त अन्तर्राष्ट्रिय पर्यवेक्षण संस्था युरोपियन युनियनले निर्वाचनको पर्यवेक्षण गरी आयोग समक्ष निर्वाचन पर्यवेक्षण प्रतिवेदन बुझाएको थियो । यसरी बुझाइएको प्रतिवेदन आयोगसँग २४ अक्टोबर २०१७ मा भएको समझदारीपत्र (MOU) र सो समझदारीपत्रसाथ संलग्न निर्वाचन पर्यवेक्षण आचार संहिता (Election Observation Code of Conduct) का बाह्रवटा बुँदाहरू प्रतिकूल भएको र समझदारीपत्रको गम्भीर उल्लङ्घन गरी पर्यवेक्षणको सीमा बाहिर गई प्रतिवेदन पेश गरेको हुँदा उक्त निर्वाचन पर्यवेक्षण प्रतिवेदन अस्वीकार गर्दै आयोगले वि.सं. २०७४ साल चैत ८ गते यस सम्बन्धमा प्रेस विज्ञप्ति नै जारी गर्‍यो । आयोगबाट जारी प्रेस विज्ञप्ति परिशिष्ट-६९ मा प्रस्तुत गरिएको छ ।

### ८.२.१६ आयोग पदाधिकारी तथा अन्यबाट निर्वाचन अनुगमन

निर्वाचनको समग्र तयारी, निर्वाचन आचार संहिता तथा निर्वाचन कार्यलाई व्यवस्थित गर्न आयोगले समय सन्दर्भमा दिएको निर्देशन आदिको पालना भए नभएको विषय व्यापक चासोका साथ अनुगमन गर्ने उद्देश्यले आयोगका प्रमुख निर्वाचन आयुक्त र अन्य निर्वाचन आयुक्तहरूबाट प्रदेशगत रूपमै जिम्मेवारी तोकी निर्वाचन अनुगमन गरिएको थियो । यस्तै उम्मेदवारको मनोनयनपत्र दर्तापश्चात् दुवै चरणको निर्वाचनमा नेपाल सरकारका सचिव तथा सहसचिवस्तरका अधिकृत सहितको टोलीहरूद्वारा निर्वाचनका विभिन्न गतिविधि र क्रियाकलापको नजिकबाट अनुगमन गराइएको थियो ।

### ८.२.१७ राष्ट्रिय सभा सदस्य निर्वाचन पर्यवेक्षण

संविधानले व्यवस्था गरेका मुलुकका सात प्रदेशमा राष्ट्रिय सभा सदस्य निर्वाचन, २०७४ को निर्वाचन कार्यक्रम तय भएकोमा प्रदेश नं. २ मा सबै सदस्य निर्विरोध निर्वाचित भएकाले सो प्रदेशमा मतदान गरिरहनु परेको थिएन । यस बाहेक बाँकी ६ प्रदेशमा राष्ट्रिय सभा सदस्य पदका लागि निर्वाचन भयो । सो निर्वाचनमा निर्वाचन पर्यवेक्षणका लागि परिचालित संस्था र पर्यवेक्षकहरू देहाय  बमोजिमको सङ्ख्यामा थिए :

| क्रम सङ्ख्या | पर्यवेक्षण गर्ने संस्थाको नाम | पर्यवेक्षक सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) | १४ | |
| २ | अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) | १२ | |
| ३ | डेमोक्रेसी रिसोर्स सेन्टर | १२ | |
| ४ | शान्ति, न्याय र लोकतन्त्रका लागि समावेश महिला सञ्जाल (संकल्प) | १२ | |
| ५ | निर्वाचन पर्यवेक्षण समिति नेपाल (इयोक) | १२ | |
| ६ | आम निर्वाचन पर्यवेक्षण समिति नेपाल (जियोक) | १२ | |
| ७ | हाम्रो निर्वाचन नेपाल | १२ | |
| | **जम्मा पर्यवेक्षक** | **८६** | |

### ८.२.१८ राष्ट्रपति पदको निर्वाचन पर्यवेक्षण

वि.सं. २०७४ साल फागुन २९ गते भएकोराष्ट्रपति पदको निर्वाचनमा एउटा राष्ट्रिय संस्था र आयोगको एक साझेदार संस्था गरी दुई संस्थालाई मतदानको दिन अवलोकन गर्न आयोगबाट अनुमति प्रदान गरिएको थियो । आयोगबाट त्यसरी अनुमति प्राप्त निर्वाचन पर्यवेक्षण गर्ने संस्था र पर्यवेक्षण गर्ने व्यक्तिको नाम देहाय  बमोजिम थियो :

### (क) राष्ट्रिय संस्था

| क.सं. | संस्थाको नाम | पद | पर्यवेक्षकको नाम | पर्यवेक्षण क्षेत्र |
|---|---|---|---|---|
| १ | अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) | अध्यक्ष | श्री सुवोधराज प्याकुरेल | अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वर |
| २ | | उपाध्यक्ष | श्री विमलराज उपाध्याय | |
| ३ | | कार्यक्रम अधिकृत | श्री रमेशप्रसाद तिमिल्सिना | |

### (ख) आयोगको साझेदार संस्था

| क.सं. | संस्थाको नाम | पद | पर्यवेक्षकको नाम | पर्यवेक्षण क्षेत्र |
|---|---|---|---|---|
| १ | IFES Nepal | Country Director | Mr. Ian Smith | अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वर |
| २ | | Deputy Country Director | Ms. Radhika Regmi | |

परिच्छेद नौ

# विविध

परिच्छेद नौ

# विविध

## ९.१ निर्वाचनमा सूचना प्रविधि, प्रणाली व्यवस्थापनतथा अन्य

निर्वाचन व्यवस्थापनमा सूचना प्रविधिको प्रयोग गरी निर्वाचनका विभिन्न क्रियाकलापलाई व्यवस्थित र प्रभावकारी ढङ्गले सम्पादन गर्न गराउन आयोगले विभिन्न क्षेत्रमा सूचना प्रविधि तथा प्रणालीको प्रयोगलाई अवलम्बन गरेको थियो । यस किसिमको प्रयोग गरिएका क्षेत्रका विषयमा केही उल्लेख गर्नु सान्दर्भिक नै हुनेछ ।

### ९.१.१ मतदाता नामावली तयारी तथा छपाइ

स्थानीय तह निर्वाचन, २०७४ का लागि आवश्यक पर्ने मतदाता नामावली तयारी तथा छपाइका लागि प्रथम चरणमा निर्वाचन सञ्चालन शाखाले तयार गरेको कार्ययोजनासँग आबद्धता हुने गरी कार्ययोजना निर्माण गरी वि.सं. २०७३ साल फागुन ९ गतेसम्म सङ्कलित तथा अद्यावधिक भएका ७५ जिल्लाका फोटोसहितको मतदाता नामावलीको डाटा विभिन्न मितिमा प्राप्त गरी आयोगको केन्द्रीय सर्भरमा एकीकरण गरिएको थियो । यसपछि दोहोरो विवरण भेटिएका ७० हजार मतदातालाई आयोगको डाटाबेसबाट हटाई Gender Varification गरी त्यसको विवरण अद्यावधिक गरिएको थियो । यस क्रममा प्राप्त विवरणका आधारमा मतदाताको ठेगाना परिवर्तन (ठाउँसारी) पनि गरिएको थियो ।

मतदाता नामावली तयारीकै सिलसिलामा साविकका नगरपालिका तथा गाउँ विकास समितिका ठेगानामा रहेका नामावलीलाई सरकारले सुरुमा निर्णय गरेका ७४४ स्थानीय तहमा लैजाने काम आयोगले गरेको थियो । त्यस्तै नयाँ मतदान स्थल अनुसारको ठेगानामा पनि ती मतदातालाई मिलान गरिएको थियो । स्थानीय तह निर्वाचनको चरण र स्थानीय तहको सङ्ख्याका विषयमा नेपाल सरकारले गरेको पटकपटकको निर्णयानुसार मतदाता नामावलीलाई अद्यावधिक गर्ने काम पनि यस क्रममा गरियो र यसलाई आयोगको वेवसाइटमा प्रकाशन समेत गरिएको थियो । साथै, फोटो बाहेकको मतदाता नामावलीको सफ्ट कपी निकाली ईमेल मार्फत सम्बन्धित निर्वाचन कार्यालयहरूमा पठाइएको थियो । यसका अतिरिक्त मतदानको प्रयोजनका लागि २ प्रति रङ्गीन र ४ प्रति सादा गरी ६ प्रति मतदाता नामावली आयोगकै प्रेस युनिटमा छपाइ गर्ने काम गरिएको थियो ।

### ९.१.२ मतदाता परिचयपत्र छपाइमा सहयोग

स्थानीय तह निर्वाचन, २०७४ को प्रयोजनको लागि वि.सं. २०७३ साल फागुन ९ गतेसम्म १८ वर्ष पूरा भई मतदाता नामावलीमा नाम समावेश गरिएका मतदाताको विवरण अनुसार आयोगबाट

स्वीकृत मतदाता परिचयपत्रको ढाँचा अनुसार तयार गरी मतदाता परिचयपत्रको सफ्ट कपी निकाली छपाइका लागि आयोगसँग सम्झौता भएको सेवा प्रदायक संस्थालाई मतदाता परिचयपत्रको सफ्टकपी उपलब्ध गराइएको र सोही विवरण अनुसार मतपत्र छपाइ गरिएको थियो ।

### ९.१.३ सफ्टवेयर विकास र सञ्चालन

आयोगले स्थानीय तह निर्वाचन, २०७४ लाई लक्ष्य गरी परामर्शदाताको सहयोगमा केही एप्लिकेसन सफ्टवेयरहरू सञ्चलनमा ल्याएको थियो ।

#### ९.१.३.१ निर्वाचन नतिजा सूचना प्रणाली सहित वेबसाइटको विकास तथा सञ्चालन

स्थानीय तह निर्वाचन, २०७४ मा भाग लिएका उम्मेदवारहरूको मनोनयनपत्र दर्ता प्रक्रियादेखि उम्मेदवारी फिर्ता, उम्मेदवारी रद्द, निर्वाचन चिह्न प्रदान लगायत मतगणना तथा निर्वाचन परिणाम सम्बन्धी सम्पूर्ण विवरण सम्बन्धित मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालयबाट प्रविष्टि तथा रुजु हुने गरी निर्वाचन नतिजा सूचना प्रणाली (Election Result Information System - ERIS) को विकास गरी आयोगले कार्यान्वयनमा ल्याएको थियो । उम्मेदवारहरूले प्राप्त गरेको मत सहित अन्य विवरण निर्वाचनका विषयमा चासो राख्ने आमनागरिक तथा अन्य सरोकालवालाहरूको लागि आयोगको वेबसाइटमा आबद्धता हुने गरी छुट्टै वेब पेजमा प्रकाशित हुने व्यवस्था गरिएको थियो । सम्बन्धित कार्यालयबाट विवरणहरू प्रविष्टि तथा रुजु भएपश्चात् प्रत्येक दश मिनेटको अन्तरालमा वेबमा स्वतः प्रकाशन हुने व्यवस्था मिलाइएको थियो ।

#### ९.१.३.२ ECN मोबाइल एप विकास र सञ्चालन

आयोगले स्थानीय तह निर्वाचन, २०७४ सम्बन्धी विभिन्न दश किसिमका सूचनाहरू, जस्तै : निर्वाचन कार्यक्रम, स्वीकृत क्रियाकलापका बारेमा एसएमएस पठाउन, मतदाताको नामावली खोज्न, मतदाताले आफ्नो विवरण हेर्न तथा मतदान स्थल, मतदान केन्द्र, मतदाता शिक्षा, उम्मेदवारको अन्तिम नामावली सम्बन्धी विवरण, निर्वाचन नतिजा सारांश, निर्वाचन नतिजा र मिडिया यथाशीघ्र आमनागरिक तथा सरोकारवालाहरूको मोबाइल मार्फत हेर्न र प्राप्त गर्न ECN मोबाइल एप विकास गरी सञ्चालनमा ल्याएको थियो Android र I-Phone दुवै किसिमका मोबाइलका लागि विकास गरिएको यो एप नेपाली तथा अङ्ग्रेजी दुवै भाषामा थियो ।

#### ९.१.३.३ डकुमेन्ट व्यवस्थापन प्रणाली विकास तथा सञ्चालन

आयोगमा भएका महत्वपूर्ण निर्णय, परिपत्र, प्रतिवेदन, पत्र आदि विद्युतीय प्रणालीमा सञ्चित गर्न, आवश्यकता अनुसार खेल्न र व्यवस्थापन गर्नका लागि तत्काल सञ्चालनमा रहेको निर्वाचन नतिजा सूचना प्रणालीसँग आबद्ध हुने गरी वेबमा आधारित डकुमेन्ट व्यवस्थापन प्रणाली पनि आयोगले सञ्चालनमा ल्याएको थियो ।

### ९.१.३.४ पर्यवेक्षक प्रणाली परिमार्जन तथा सञ्चालन

आयोगले स्थानीय तह निर्वाचन, २०७४ को पर्यवेक्षण गर्न इच्छुक संघ/संस्थाहरूले जुनसुकै ठाउँबाट रितपूर्वक आफ्नो निवेदन दर्ता गर्न सक्ने र निवेदन स्वीकृत भएपश्चात् उक्त संस्था तर्फत पर्यवेक्षणका लागि खटाइने पर्यवेक्षकहरूको विवरण प्रविष्ट गर्न सक्ने प्रावधान सहितको पर्यवेक्षण प्रणाली (Observer System) विकास गरेको थियो । यस प्रणालीमा अनलाइन तथा अफलाइन दुवै तरिकाबाट निवेदन दर्ता गराउन सकिनुका साथै सो विवरण आयोगका कर्मचारीले रुजु गरी रित पुगेका पर्यवेक्षकको पर्यवेक्षक परिचयपत्र समेत यसै प्रणाली मार्फत छपाइ गर्ने व्यवस्था मिलाइएको थियो ।

### ९.१.३.५ एभेन्ट ट्र्याकिङ् प्रणाली परिमार्जन तथा सञ्चालन

आयोगले निर्वाचनका समयमा स्वीकृत क्रियाकलापहरू (Events) को प्रगतिका बारेमा आफ्ना मोबाइल मार्फत आयोगमा जानकारी पठाउन तथा अन्य महत्वपूर्ण सूचनाहरू आयोग वा सम्बन्धित कार्यालयहरूबाट निर्वाचनमा खटिएका कर्मचारीहरूलाई पठाउनका लागि एभेन्ट ट्र्याकिङ् प्रणाली विकास गरेको थियो ।

### ९.१.३.६ वेबसाइट तथा सोसल मिडियाद्वारा सूचना सम्प्रेषण

आयोगका क्रियाकलापहरूका बारेमा विभिन्न सरोकारवालाहरूलाई जानकारी प्रदान गर्न आयोगको वेबसाइट, फेसबुक पेज, ट्वीटर, युट्युब आदिमा सूचनाहरू समयसमयमा अद्यावधिक गरिएको फलस्वरूप त्यस्ता सूचना राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा प्रवाह भएको थियो ।

### ९.१.३.७ कल सेन्टर सञ्चालन

स्थानीय तह निर्वाचन, २०७४ का समयमा सरोकारवालाहरूका विभिन्न जिज्ञासालाई सम्बोधन गर्न वि.सं. २०७३ साल वैशाख १५ गते देखि आयोगमा नेपाल टेलिकमको सहयोगमा कल सेन्टरको स्थापना गरी सञ्चालनमा ल्याइएको थियो । यसरी स्थापित कल सेन्टर कार्यचाप हेरी अधिकतम् १२ घण्टासम्म सञ्चालनमा ल्याइएको थियो ।

आयोगले आयोगभित्र निर्वाचन व्यवस्थापनसँग सम्बन्धित समग्र विषयमा जानकारी प्राप्त गर्न, निर्वाचन आचार संहिता उल्लङ्घनका विषयमा आयोगलाई सूचना वा जानकारी उपलब्ध गराउन चाहने मतदाता लगायतका आम नागरिक तथा राजनीतिक दल लगायत अन्य सरोकारवालाको लागि नेपाल टेलिकमसँगको समन्वय र प्राविधिक सहयोगमा टोल फ्रि नम्बर सहित व्यवस्था गरिएको यस कल सेन्टरमा मतदाता नामावलीमा नाम नभएका विषय र निर्वाचन आचार संहिता उल्लङ्घनका सूचना बढी प्राप्त भएका थिए ।

### ९.१.३.८ प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनमा सूचना प्रविधि, प्रणाली र अन्य कुरा

यसै परिच्छेदको माथि ९.१ देखि ९.१.३.७ सम्मका सबै व्यवस्था स्थानीय तह निर्वाचनपछिका प्रतिनिधि सभा सदस्य तथाप्रदेश सभा सदस्य निर्वाचन र त्यसपछिका अन्य निर्वाचनमा पनि अझै परिमार्जित रूपमा कायम थियो, जसले निर्वाचनका विभिन्न पक्षमा निकै सघाउ पुऱ्याएको थियो ।

## ९.२ निर्वाचनमा सुरक्षा व्यवस्था

निर्वाचनमा भयरहित वातावरण अत्यावश्यक तत्व हो । मतदातादेखि लिएर उम्मेदवार, तिनका सहयोगी कार्यकर्ता, निर्वाचनका विभिन्न क्रियाकलापमा प्रत्यक्ष संलग्न हुने मुख्य निर्वाचन अधिकृतदेखि निर्वाचन/मतदाता शिक्षा स्वयंसेवक सम्मका जनशक्ति र निर्वाचन पर्यवेक्षणमा खटिने सबैलाई सुरक्षाको प्रत्याभूति हुन सके मात्र निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न भएको मान्न सकिन्छ । यस किसिमको व्यवस्था मिलाउने काम सरकारको हो । यिनै कुराहरूलाई मध्यनजर गरेर आयोगले निर्वाचन सुरक्षाको विषयलाई व्यवस्थित गर्न निर्वाचन सुरक्षा व्यवस्थापन निर्देशिका नै जारी गरी कार्यान्वयनमा ल्याएको थियो ।

### ९.२.१ निर्वाचन सुरक्षा समितिको व्यवस्था

निर्वाचनको समग्र सुरक्षालाई ध्यानमा राखी निर्वाचन सञ्चालन तथा व्यवस्थापनको कामलाई व्यवस्थित बनाउन निर्देशिकाले निर्वाचन सुरक्षा हेर्ने माननीय निर्वाचन आयुक्तको संयोजकत्वमा आयोग र सुरक्षा निकाय बिच सम्पर्क, समन्वय र सहजीकरण गर्न आयोगमा एक उच्चस्तरीय निर्वाचन सुरक्षा समिति गठन गरेको थियो । यसरी गठन हुने निर्वाचन सुरक्षा समितिमा गृह मन्त्रालय, रक्षा मन्त्रालय र आयोगका सचिव, नेपाली सेनाबाट रथी, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलका महानिरीक्षक र राष्ट्रिय अनुसन्धान विभागबाट राष्ट्रिय अनुसन्धान निर्देशक सदस्य रहने व्यवस्था गरिएको थियो । आयोगको प्रशासन महाशाखा हेर्ने सहसचिव सदस्य-सचिव रहेको यस उच्चस्तरीय निर्वाचन सुरक्षा समितिले आफ्नो जिम्मेवारी कुशलतापूर्वक निर्वाह गरेको थियो ।

निर्वाचन सुरक्षा निर्देशिकाले उल्लिखित उच्चस्तरीय निर्वाचन सुरक्षा समितिका अतिरिक्त आयोगका सचिवको संयोजकत्वमा  गृह मन्त्रालयका सहसचिवको समेत प्रतिनिधित्व हुने गरी निर्वाचन सुरक्षा समन्वय समिति, प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला निर्वाचन सुरक्षा समिति समेतको व्यवस्था गरेको थियो । निर्वाचन सुरक्षा निर्देशिकाले उल्लिखित समितिहरूको मात्र व्यवस्था नगरी निर्वाचन सुरक्षाका सन्दर्भमा ती सबै समितिका अतिरिक्त आयोगमा स्थापित संयुक्त निर्वाचन सञ्चालन केन्द्र, प्रमुख जिल्ला अधिकारी, निर्वाचन अधिकृत,मतदान अधिकृत, जिल्लास्थित सुरक्षा निकायका प्रमुख, निर्वाचन कार्यमा खटिने सुरक्षाकर्मी समेतको काम, कर्तव्य र अधिकारलाई स्पष्ट रूपमा परिभाषित गरेको थियो ।

### ९.२.१.१ सुरक्षा दिनुपर्ने भनी किटान गरिएका व्यक्ति, निकाय तथा सामग्री

सुरक्षा निकायले निर्वाचनमा देहायका व्यक्ति, निकाय तथा सामग्रीको सुरक्षा दिनुपर्ने भनी निर्वाचन सुरक्षा निर्देशिकाले नै प्रस्ट उल्लेख गरेको थियो :

(क) निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालय,

(ख) निर्वाचन कार्यालय र निर्वाचन अधिकारी,

(ग) उम्मेदवार र निजको प्रतिनिधि,

(घ) मतदाता तथा सर्वसाधारण,

(ङ) मतपेटिका, मतपत्र र मतदाता नामावली लगायतका निर्वाचन सामग्री,

(च) मतदान केन्द्र र मतदान कार्यमा खटिएका कर्मचारी,

(छ) राजनीतिक दलका नेता,

(ज) निर्वाचनका सिलसिलामा आयोजना हुने ऱ्याली, आमसभा तथा जुलुसका सहभागी,

(झ) निर्वाचन प्रचारप्रसारमा संलग्न व्यक्ति,

(ञ) पर्यवेक्षक,

(ट) निर्वाचन अनुगमन, मतदाता शिक्षा जस्ता निर्वाचन सम्बन्धी कार्यमा खटिएका कर्मचारी तथा पदाधिकारी,

(ठ) सञ्चारकर्मीहरू ।

### ९.२.१.२ मतदानका दिनको सुरक्षा प्रबन्ध

निर्वाचन सुरक्षाको प्रबन्धलाई थप व्यवस्थित गर्न सुरक्षा निकायहरूले मतदानअघिको सुरक्षा व्यवस्था, मतदानका दिनको सुरक्षा व्यवस्था, मतदानपछिको सुरक्षा व्यवस्था गरी तीन तहको व्यवस्था गरेका थिए । मतदानका दिन पनि पहिलो घेरामा नेपाल प्रहरी, दोस्रो घेरामा सशस्त्र प्रहरी बल र तेस्रो घेरामा नेपाली सेना रहने व्यवस्था सरकारले मिलाएको थियो । यस क्रममा आवश्यकता अनुसार स्ट्राइकिङ्ग टोली, रिजर्भ फौज र हवाई सुरक्षाका् व्यवस्था पनि निर्वाचनका सिलसिलामा मिलाइएको थियो । समग्रमा निर्वाचन सुरक्षाको विश्वसनीय प्रत्याभूतिकै कारण निर्वाचनमा मतदानको प्रतिशत पनि सन्तोषजक रहन पुग्यो र साह्रै नगण्य सङ्ख्यामा मात्र पुनः मतदान गराउनु पर्ने स्थिति पैदा भएको थियो ।

### ९.२.१.३ निर्वाचनमा परिचालित सुरक्षा जनशक्ति

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७४ मा मतदानस्थल र मतदान केन्द्रहरू समेतको समग्र निर्वाचन सुरक्षा व्यवस्थापनका लागि चार वटै सुरक्षा निकायबाट गरी

जम्मा १,९१,९१० सुरक्षाकर्मी निर्वाचनमा परिचालन गरिएका थिए । स्थानीय तह निर्वाचनको समयको पनि समग्र स्थिति यही नै थियो ।

## ९.३ निर्वाचन विवाद र त्यसको निरुपण

निर्वाचनमा विवाद अवश्यम्भावी छ । यो संसारभरिकै संस्कार र प्रचलन हो । निर्वाचन सम्बन्धी काम कारबाहीमा चित्त नबुझ्ने वा पीडित पक्ष तोकिएको संस्था वा अधिकारी समक्ष आफ्नो विषय लिएर छिनोफानोका लागि जाने गर्छन् । कानुनले त्यसरी उजुरी गर्ने निकाय तोकिदिएको हुन्छ । नेपालको सन्दर्भमा केही विवादहरूको छिनोफानो निर्वाचन अधिकृतबाटै हुन्छ । कतिपय विवाद मतदान अधिकृतले पनि हेर्ने व्यवस्था छ । केही विवादहरू निर्वाचन आयोग समक्ष आउने प्रावधान छ । जब कुनै विवादले मुद्दाको रूप लिन पुग्छ तब त्यो विवाद सर्वोच्च अदालत, उच्च अदालत वा जिल्ला अदालतमा पुग्ने गर्छन् । नेपालमा २०७४ मा सम्पन्न सबै तहको निर्वाचनमा गरेर कुल १११ मुद्दा निर्वाचन आयोग तथा आयोगका पदाधिकारीलाई विपक्षी बनाइ दायर गरिएका थिए ।

## ९.४ निर्वाचन सम्बन्धी

### ९.४.१ २०७४ मा सम्पन्न तीन तहको निर्वाचनमा प्रत्यक्ष रूपमा निर्वाचित महिलाको तथ्याङ्क

वि.सं. २०७४ सालमा सम्पन्न स्थानीय तह निर्वाचन अन्तर्गत गाउँपालिकाको अध्यक्ष तथा नगरपालिकाको प्रमुख पदमा १८ जना, वडा अध्यक्ष पदमा ६१ जना र अन्य वडा अध्यक्ष पदमा २६४ जना महिला पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट निर्वाचित भएका थिए । यस्तै प्रदेश सभा सदस्य निर्वाचनमा विभिन्न प्रदेशमा १७ र प्रतिनिधि सभा सदस्य निर्वाचनमा ६ जना महिला पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट निवाचित भएका थिए । यस्तै स्थानीय तह निर्वाचन  अन्तर्गत दलित महिला वडा सदस्य पदमा निर्वाचित हुनुपर्ने ६७४३ पदमध्ये ६५६७ पद मात्र पूर्ति भई १७६ पद रिक्त रहन गयो । यी सबै तथ्याङ्क समेटिएको विवरण परिशिष्ट-७० मा प्रस्तुत गरिएको छ ।

### ९.४.२ स्थानीय तह निर्वाचनमा निर्वाचितको शपथ सम्बन्धी व्यवस्था

स्थानीय तह निर्वाचनबाट निर्वाचित विभिन्न व्यक्तिले सोझै निर्वाचित पदमा बहाल भई कार्यसम्पादन गर्न पाउँदैनन् । उनीहरूले स्थानीय तहको कुनै पदमा निर्वाचित भइसकेपछि पनि निर्वाचित भएको पदमा बहाल भई कार्य सम्पादन गर्न कानुन बमोजिम पद तथा गोपनीयताको शपथ लिनु पर्छ । शपथ ग्रहण सम्बन्धी यस्तो व्यवस्था स्थानीय तह निर्वाचन नियमावली, २०७३ मा गरिएको छ ।

### ९.४.२.१ गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष, नगरपालिकाका प्रमुख र उपप्रमुखतथा वडा अध्यक्ष

गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष, नगरपालिकाका प्रमुख र उपप्रमुखतथा वडा अध्यक्षले निर्वाचन परिणाम प्राप्त भएको सामान्यतया तीन दिनभित्र स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम ३८क. को उपनियम (१) बमोजिम सम्बन्धित निर्वाचन अधिकृत समक्ष पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ ।

### ९.४.२.२ वडा समितिका सदस्य

गाउँपालिका तथा नगरपालिकाका वडा समिति सदस्यमा निर्वाचित वडा सदस्यले अध्यक्ष वा प्रमुखले शपथ लिएपछि स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम ३८क. को उपनियम (२) बमोजिम सम्बन्धित अध्यक्ष वा प्रमुख समक्ष पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ ।

### ९.४.२.३ गाउँ कार्यपालिका वा नगर कार्यपालिकाका महिला र दलित वा अल्पसङ्ख्यक समुदायका सदस्य

गाउँ कार्यपालिका तथा नगर कार्यपालिकाका महिला र दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित सदस्यले निर्वाचन परिणाम प्राप्त भएपछि स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम ३८क. को उपनियम (३) बमोजिम निर्वाचन अधिकृत समक्ष पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ ।

### ९.४.२.४ जिल्ला समन्वय समितिको प्रमुख तथा उपप्रमुख

स्थानीय तह निर्वाचन अन्तर्गत निर्वाचित जिल्ला समन्वय समितिको प्रमुख तथा उपप्रमुखले निर्वाचन परिणाम प्राप्त भएपछि स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम ३८क. को उपनियम (४) बमोजिम जिल्ला न्यायाधीश समक्ष पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ ।

### ९.४.२.५ जिल्ला समन्वय समितिका सदस्य

स्थानीय तह निर्वाचन अन्तर्गत निर्वाचित जिल्ला समन्वय समितिका सदस्यले निर्वाचन परिणाम प्राप्त भएपछि स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम ३८क. को उपनियम (४) बमोजिम जिल्ला समन्वय समितिको प्रमुख समक्ष पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ ।

### ९.४.२.६ शपथ ग्रहणको ढाँचा

स्थानीय तह निर्वाचनअन्तर्गतनिर्वाचित हुने गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष, नगरपालिकाका प्रमुख तथा उपप्रमुख, वडा अध्यक्ष, वडा समितिका सदस्य, गाउँ कार्यपालिका तथा नगर कार्यपालिकाका महिला र दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित हुने सदस्य, जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख र सदस्यले लिनुपर्ने शपथ ग्रहणको ढाँचा पनिस्थानीय तह

निर्वाचन नियमावली, २०७३ मा उल्लेख गरिएको छ । नियमावलीले तोकेको सो ढाँचा परिशिष्ट-७६ मा प्रस्तुत गरिएको छ ।

### ९.५ मतदानबाट वञ्चित सदस्य

#### ९.५.१ प्रतिनिधि सभा सदस्य

कैलाली जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. १ बाट प्रतिनिधि सभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमा राष्ट्रिय जनता पार्टी नेपालको तर्फबाट निर्वाचित सांसद् श्री रेशम लाल चौधरी प्रतिनिधि सभा सदस्य पदको शपथ ग्रहण गर्नबाटै रोकिएकाले वि.सं. २०७४ साल माघ २४ गते सम्पन्न राष्ट्रिय सभा सदस्य निर्वाचन र वि.सं. २०७४ साल फागुन २९ गते सम्पन्न राष्ट्रपति पदको निर्वाचनमा मतदान गर्नबाट वञ्चित भएका थिए ।

#### ९.५.२ प्रदेश सभा सदस्य

गण्डकी प्रदेश अन्तर्गत मनाङ जिल्ला प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं. २ बाट निर्वाचित स्वतन्त्र सांसद् श्री राजीव गुरुङ प्रदेश सभा सदस्य पदको शपथ ग्रहण गर्नबाटै रोकिएकाले संवत् २०७४ साल माघ २४ गते सम्पन्न राष्ट्रिय सभा सदस्य निर्वाचन र २०७४ फागुन २९ गते सम्पन्न राष्ट्रपति पदको निर्वाचनमा मतदान गर्नबाट वञ्चित भएका थिए ।

### ९.६ निर्वाचनमा दलको सहभागिता सम्बन्धी केही थप तथ्य

#### ९.६.१ समानुपातिक निर्वाचन प्रणाली तर्फ सबै निर्वाचनमा भाग लिने राजनीतिक दल

देहायमा उल्लेख गरिएका सोह्र राजनीतिक दलले प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन  अन्तर्गत समानुपातिक निर्वाचन प्रणाली तर्फ प्रतिनिधि सभा लगायत सात वटै प्रदेशको निर्वाचनमा भाग लिएका थिए :

१. नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), समाजवादी जनता पार्टी, जनजागरण पार्टी नेपाल

२. राष्ट्रिय शिवसेना पार्टी, राष्ट्रिय नागरिक

३. नेपाल कम्युनिष्ट पार्टी (मा.ले.), जनसमाजवादी पार्टी, नेपाल

४. एकीकृत राष्ट्रिय प्रजातन्त्र पार्टी (राष्ट्रवादी)

५. देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल

६. नयाँ शक्ति पार्टी, नेपाल

७. नेपाल कम्पयुनिष्ट पार्टी (एमाले)

८. नेपाल मजदुर किसान पार्टी

९. नेपाली काँग्रेस

१०. नेपाली जनता दल

११. राष्ट्रिय जनमुक्ति पार्टी

१२. राष्ट्रिय जनमोर्चा

१३. राष्ट्रिय प्रजातन्त्र पार्टी

१४. राष्ट्रिय प्रजातन्त्र पार्टी (प्रजातान्त्रिक)

१५. विवेकशील साझा पार्टी

१६. संघीय समाजवादी फोरम, नेपाल ।

### ९.६.२ प्रतिनिधि सभा तर्फको समानुपातिक निर्वाचन प्रणालीमा मात्र भाग लिएका राजनीतिक दल

देहायमा उल्लेख गरिएका बाह्र राजनीतिक दलले प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन अन्तर्गत समानुपातिक निर्वाचन प्रणाली तर्फको प्रतिनिधि सभा सदस्य निर्वाचनमा मात्र भाग लिएका थिए :

१. जनशक्ति नेपाल

२. देशभक्त लोकतान्त्रिक पार्टी

३. देशभक्त समाज

४. नेपाल दर्शन

५. नेपाल दलित पार्टी

६. नेपाल नौलो जनवादी पार्टी

७. नेपालवाद

८. नेपाल लोकतान्त्रिक जनता काँग्रेस

९. नेपाल समावेशी पार्टी

१०. नेपाल सुकुम्बासी पार्टी (लोकतान्त्रिक)

११. राष्ट्रिय यथार्थवादी पार्टी

१२. हाम्रो पार्टी ।

### ९.६.३ एक प्रदेश सभाको निर्वाचनमा मात्र सहभागिता जनाउने दल

देहायमा उल्लेख गरिएका चार राजनीतिक दलले प्रतिनिधि सभा तर्फको समानुपातिक निर्वाचन प्रणालीमा भाग नलिई मुलुकको एउटा प्रदेश सभाको निर्वाचनमा मात्र भाग लिएका थिए :

१. इतिहासिक प्रजातान्त्रिक जनता पार्टी नेपाल

२. दलित, मुस्लिम जनशक्ति पार्टी

३. नेपाल समाजवादी पार्टी (लोहियावादी)

४. राष्ट्रिय जनता दल नेपाल

## ९.७ निर्वाचनमा जनशक्ति बिमा

### ९.७.१ स्थानीय तह निर्वाचनमा जनशक्ति बिमा

#### ९.७.१.१ स्थानीय तह निर्वाचनको पहिलो र दोस्रो चरण

आयोगले निर्वाचनमा खटिने कर्मचारीलाई दुर्घटना आदिबाट हुने जोखिमका विषयमा सुरक्षाको प्रत्याभूतिका साथ प्रोत्साहित तथा उत्प्रेरित गराई निर्वाचनको कार्य सम्पादनमा प्रभावकारिता ल्याउने उद्देश्यले कर्मचारीका लागि दुर्घटना बिमाको व्यवस्था गरेको थियो । यस व्यक्तिगत दुर्घटना बिमा र बाह्य आक्रमणबाट हुने दुर्घटना बिमा कार्यक्रममा आयोगका संवैधानिक पदाधिकारीदेखि मतदान केन्द्रमा खटिने स्वयंसेवकसम्मको काममा समेटिएका जम्मा २,७८,९०४ जना जनशक्तिका लागि आयोगले पहिलो पटक रु.१३,८३,८१,३२५/५० र पछि थप रु.६,११,८३,११४/८८ गरी जम्मा रु.१९,९५,६४,४४०/३८ को बिमा राष्ट्रिय बिमा कम्पनी लिमिटेडबाट गराएको थियो ।

यसमध्ये आयोग पदाधिकारी र आयोग अन्तर्गतका कर्मचारीका लागि निर्वाचन अवधिभर र अवधि तोकी काजमा ल्याइएका तथा करार सेवामा लिइएका कर्मचारी/व्यक्तिका लागि खटाइएको वा तोकिएको अवधिभरको बिमा गरिएको थियो । बिमा अवधिभर कर्तव्य पालनाको सिलसिलामा घाइते भएमा उपचार गर्दा लागेको बिल बमोजिमको रकम र मृत्यु भएमा प्रतिव्यक्ति बिस लाख रुपैयाँ पाउने व्यवस्था थियो ।

#### ९.७.१.२ स्थानीय तह निर्वाचनको तेस्रो चरण

स्थानीय तह निर्वाचनको तेस्रो चरणको निर्वाचन वि.सं. २०७४ साल असोज २ गतेको निर्वाचन कार्यमा संलग्न विभिन्न ४१,३३९ जनाको व्यक्तिगत दुर्घटना बिमा तथा बाह्य आक्रमणबाट हुने दुर्घटनाको लागि जम्मा रु. २,१३,९१,०२७/१९ को बिमा राष्ट्रिय बिमा कम्पनी लिमिटेडबाट गरिएको थियो । बिमा अवधितथा बिमा रकम पहिलो र दोस्रो चरणको निर्वाचन सरह नै थियो ।

### ९.७.२ प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनमा जनशक्ति बिमा

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७४ मा आयोग पदाधिकारी तथा आयोग र अन्तर्गत कार्यरत कर्मचारी, मुख्य निर्वाचन अधिकृतको कार्यालयमा खटिने कर्मचारी, निर्वाचन अधिकृतको कार्यालयमा खटिने कर्मचारी, मतदान केन्द्रमा खटिने कर्मचारी, स्वयंसेवक, निर्वाचन शिक्षा कार्यकर्ता-मतदाता शिक्षा स्वयंसेवक, मतदाता शिक्षा सुपरिवेक्षक, अनुगमनकर्ता, सूक्ष्म अनुगमनकर्ता, घुम्ती टोली र स्ट्राइकिङ फोर्समा खटिने कर्मचारी, मतगणनामा खटिने कर्मचारी, मतदाता नामावली अद्यावधिक तथा मतदान केन्द्र पुनरावलोकन कार्यमा खटिने कर्मचारी, निर्वाचन सामग्री व्यवस्थापनमा खटिने कर्मचारी र विज्ञ समेत गरी २,६२,३६५ जनाको व्यक्तिगत दुर्घटना बिमा र बाह्य आक्रमणबाट हुने दुर्घटनाको लागि मू. अ. कर सहित जम्मा रु.५,४२,५०,०५७/- रकमको बिमा प्रतिस्पर्धाबाट छनोट भएको बिमा कम्पनी एभरेष्ट इन्स्योरेन्स कम्पनी लिमिटेडबाट गरिएको थियो । बिमा रकमको हकमा भने बिमा अवधिभर कर्तव्य पालनाको सिलसिलामा घाइते भएमा उपचार गर्दा लागेको बिल बमोजिमको रकम र मृत्यु भएमा प्रति व्यक्ति रु. बिस लाख पाउने व्यवस्था गरिएको थियो ।

### ९.७.३ राष्ट्रिय सभा सदस्य निर्वाचन, २०७४ मा जनशक्ति बिमा

राष्ट्रिय सभा सदस्य निर्वाचन, २०७४ मा खटिने जम्मा २७३ जना कर्मचारीको व्यक्तिगत दुर्घटना बिमा तथा बाह्य आक्रमणबाट हुने दुर्घटनाको लागि प्रति व्यक्ति रु. बिस लाख रकमको बिमा एभरेष्ट इन्स्योरेन्स कम्पनी लिमिटेडबाट गरिएको थियो ।

### ९.७.४ राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचनमा जनशक्ति बिमा

राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन, २०७४ मा खटिने जम्मा १९३३ जना कर्मचारीको व्यक्तिगत दुर्घटना बिमा तथा बाह्य आक्रमणबाट हुने दुर्घटनाको लागि प्रति व्यक्ति रु. बिस लाख रकमको बिमा एभरेष्ट इन्स्योरेन्स कम्पनी लिमिटेडबाट गरिएको थियो ।

### ९.७.५ स्थानीय तह, प्रदेश सभा र प्रतिनिधि सभा सदस्यउपनिर्वाचनमा जनशक्ति बिमा

स्थानीय तह, प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य उपनिर्वाचन, २०७६ मा विभिन्न तहमा खटिने जम्मा ६,३०२.जना कर्मचारीको व्यक्तिगत दुर्घटना बिमा तथा बाह्य आक्रमणबाट हुने दुर्घटनाको लागि प्रति व्यक्ति रु. बिस लाख रकमको बिमा एभरेष्ट इन्स्योरेन्स कम्पनी लिमिटेडबाट गरिएको थियो ।

### ९.७.६ राष्ट्रिय सभा सदस्य निर्वाचन, २०७६ मा जनशक्ति बिमा

राष्ट्रिय सभा सदस्य निर्वाचन, २०७६ मा खटिने जम्मा ३८२ जना कर्मचारीको व्यक्तिगत दुर्घटना बिमा तथा बाह्य आक्रमणबाट हुने दुर्घटनाको लागि प्रति व्यक्ति रु. बिस लाख रकमको बिमा एभरेष्ट इन्स्योरेन्स कम्पनी लिमिटेडबाट गरिएको थियो ।

### ९.७.७ दुर्घटनाबाट घाइते तथा मृत्यु

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७४ मा निर्वाचनको राष्ट्रिय जिम्मेवारी बहन गर्ने क्रममा मतदान केन्द्रमा खटिएका कर्मचारीहरू मध्ये दुर्घटनावश १६ कर्मचारी घाइते हुनु भएको थियो भने ७ जना कर्मचारीले ज्यान गुमाएका थिए ।

## ९.८ स्थानीय तह निर्वाचनमा आकस्मिक उद्धारको व्यवस्था

निर्वाचन आयोगले स्थानीय तह निर्वाचन, २०७४ मा मतदानपूर्व हिमाली तथा पहाडी जिल्लाका विकट गाउँपालिकाका मतदान केन्द्रमा निर्वाचन सामग्री र मतदान कर्मचारी तथा सुरक्षाकर्मीलाई आवश्यकता अनुसार हेलिकोप्टरबाट मतदान केन्द्रसम्म पुऱ्याउने र निर्वाचनपश्चात् आवश्यकता अनुसार सदरमुकामसम्म ल्याउनका लागि रक्षा मन्त्रालय  मार्फत नेपाली सेनाको हेलिकोप्टरबाट आकस्मिक उद्धार कार्यको व्यवस्था गरेको थियो ।

## ९.९ अन्तर्क्रिया कार्यक्रम

### ९.९.१ निर्वाचनअघि

(क) विदेशी कूटनीतिक नियोगका प्रमुख तथा निर्वाचनसँग सम्बन्धित अन्तर्राष्ट्रिय संस्थाका प्रमुखहरूसँग अन्तरक्रिया

आयोगले प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनका विविध पक्षमा विदेशी कूटनीतिक नियोगका प्रमुखहरू र निर्वाचनसँग सम्बन्धित अन्तर्राष्ट्रिय संस्थाका प्रतिनिधिहरूलाई आयोगमा नै आमन्त्रण गरी वि.सं. २०७४ साल कार्तिक १ गते अन्तर्क्रिया कार्यक्रम आयोजना गरेको थियो । आयोगले आयोजना गरेको यस कार्यक्रममा बङ्गलादेश, श्रीलङ्का फ्रान्स, जर्मनी र स्विजरल्यान्डका महामहिम राजदूतहरूको उपस्थिति रहेको थियो । यसका अतिरिक्त भारत, पाकिस्तान, अष्ट्रेलिया, इजरायल, नर्वे, डेनमार्क, रूस, अमेरिका, बेलायत, युरोपेली युनियन लगायत विभिन्न देशका कूटनीतिक नियोगका प्रतिनिधिहरूको पनि सो कार्यक्रममा उपस्थिति थियो । अन्तर्क्रिया कार्यक्रममा युनडिपी, जाइका, युएन ओमेन, आइएफइएस लगायतका अन्तर्राष्ट्रिय विकास साझेदार संस्थाका प्रतिनिधिहरूले पनि सहभागिता जनाएका थिए ।

(ख) युरोपियन संसद्का टोलीसँग भेटघाट तथा अन्तरक्रिया

निर्वाचनका विषयमा केन्द्रित रहेर वि.सं. २०७४ साल मङ्सिर ८ गते प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवसँग युरोपियन संसद्का टोली प्रमुख श्री निना गिलको नेतृत्वमा आएको टोलीले निर्वाचन आयोगमा कुराकानी गरेको थियो । मूलतः त्यस भेटघाटमा नेपालमा सम्पन्न स्थानीय तह निर्वाचन र केही दिनमै सम्पन्न हुन लागेको प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनका विषयमा छलफल तथा अन्तरक्रिया भएको थियो । सो भेटघाटमा भएको कुराकानीमा प्रमुख निर्वाचन आयुक्त डा. यादव

समक्ष युरोपियन युनियनको टोलीले निर्वाचन पर्यवेक्षण गर्दा नेपालको कानुन, प्रचलित निर्वाचन आचार संहिता र अन्तर्राष्ट्रिय पर्यवेक्षकले पालना गर्नुपर्ने आचार संहिताको पूर्ण पालना हुने विश्वास व्यक्त गरेको थियो ।

युरोपियन युनियनका तर्फबाट आएको सो टोलीमा चेक रिपब्लिक, जर्मनी, अष्ट्रिया, स्पेन, स्लोभाकिया र बेलायतका सांसद्हरू लगायत विभिन्न पर्यवेक्षण संस्थाहरूको उपस्थिति रहेको थियो । सो अवसरमा युरोपियन युनियनका सांसद्हरूले स्थानीय तहको निर्वाचन सफलतापूर्वक सम्पन्न गरेकोमा निर्वाचन आयोगलाई बधाई ज्ञापन गरेका थिए । साथै, यस अवसरमा उनीहरूले प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको निर्वाचनको तयारी, मतदाता शिक्षा, शान्तिसुरक्षा, मौसमी प्रतिकूलता/अनुकूलता र मतपत्र लगायतका विषयमा आफूहरूलाई लागेका विभिन्न जिज्ञासा पनि राखेका थिए ।

### ९.९.२ निर्वाचनपछि

वि.सं. २०७४ सालका सबै निर्वाचन सम्पन्न भइसकेपछि आयोगका प्रमुख निर्वाचन आयुक्त तथा अन्य निर्वाचन आयुक्तहरूको नेतृत्वमा वि.सं. २०७५ साल जेठ १६ देखि असार ४ सम्म विभिन्न जिल्लामा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिए । यी अन्तर्क्रिया कार्यक्रममा निर्वाचन सम्बन्धी ऐन, नियम, निर्देशिका, निर्वाचन आचारसंहिता र निर्वाचन प्रणालीका सम्बन्धमा राजनीतिक दल तथा अन्य सरोकारवालाहरूसँग अन्तर्क्रिया गरी सुझाव सङ्कलन गरिएको थियो ।

## ९.१० मतदाताले परिचयपत्र बुझ्ने भरपाईको व्यवस्था

निर्वाचन आयोगले वि.सं. २०७४ साल मङ्सिरमा सञ्चालन गरेको प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनमा नयाँ दर्ता हुन आएका मतदातालाई वितरण गर्न तयार गरेको मतदाता परिचयपत्र सम्बन्धित मतदातालाई बुझाउन भरपाई  समेतको व्यवस्था गरी आयोग अन्तर्गतको निकाय क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालय मार्फत सम्बन्धित मतदान केन्द्रसम्म पुऱ्याउने भरपर्दो व्यवस्था मिलाएको थियो ।

## ९.११ सार्वजनिक बिदा

### ९.११.१ स्थानीय तह निर्वाचनमा सार्वजनिक विदा

निर्वाचन आयोगलेस्थानीय तह निर्वाचन पहिलो चरण, दोस्रो चरण र तेस्रो चरणका समयमा मतदान केन्द्र रहेका शैक्षिक संस्था र सरकारी तथा अन्य कार्यालयहरूमा सार्वजनिक बिदा दिने सम्बन्धमा देहाय बमोजिम गरेको थियो । आयोगको यस अनुरोधलाई नेपाल सरकारले आवश्यक निर्णय गरी कार्यान्वयनमा ल्याएको थियो ।

**(क) निर्वाचनको पहिलो चरण**

स्थानीय तह निर्वाचन, २०७४ अन्तर्गत पहिलो चरणमा वि.सं. २०७४ साल वैशाख ३१ हुने निर्वाचनको लागि वि.सं. २०७४ साल वैशाख २० गतेबसेको आयोगको बैठकले निर्णय गरी पहिलो चरणमा निर्वाचन हुने प्रदेश नं. ३, ४ र ६ अन्तर्गतका ३४ जिल्लामा मतदान गर्नका लागि धेरैजसो सार्वजनिक विद्यालयहरूमा मतदान केन्द्र रहेकाले मतदानको लागि मतदान केन्द्र निर्माण गर्न, मतदाता परिचयपत्र वितरण गर्न र मतदानको दिन मतदान कार्य सम्पन्न गर्नुपर्ने भएकोले पहिलो चरणमा निर्वाचन हुने उल्लिखित प्रदेशका ३४ जिल्लाका सार्वजनिक एवं संस्थागत विद्यालयहरूमा वि.सं. २०७४ साल वैशाख २५ गतेदेखि वि.सं. २०७४ साल वैशाख ३१ गतेसम्म ७ दिन सार्वजनिक विदा दिन र निर्वाचन हुने जिल्लाका जिल्लास्थित कार्यालयका अधिकांश कर्मचारीहरू मतदान कार्यमा परिचालित हुने कारणले उक्त दिन सार्वजनिक सेवा प्रवाह गर्न कठिनाइ समेत हुने हुँदा उक्त जिल्लाका सबै सरकारी कार्यालयहरू, अर्धसरकारी कार्यालयहरू र सार्वजनिक संस्थाहरूमा वि.सं. २०७४ साल वैशाख ३१ गते आइतबारका दिन सार्वजनिक बिदा दिन नेपाल सरकार गृह मन्त्रालयलाई अनुरोध गरी पठाएको थियो ।

**(ख) निर्वाचनको दोस्रो चरण**

यसरी नै वि.सं. २०७४ साल असार १४ गते दोस्रो चरणमा निर्वाचन हुने प्रदेश नं. १, ५ र ७ का विभिन्न ३५ जिल्लाका सरकारी, अर्धसरकारी कार्यालयमा कार्यरत अधिकांश कर्मचारी मतदान कार्यमा परिचालित हुने भएकाले उक्त दिन सार्वजनिक सेवा प्रवाह गर्न कठिनाइ हुने हुँदा ती जिल्लाका सबै सरकारी तथा अर्धसरकारी कार्यालय र सार्वजनिक संस्थाहरूमा उक्त दिन सार्वजनिक बिदा दिने व्यवस्था मिलाउन नेपाल सरकार गृह मन्त्रालयलाई लेखी पठाउने निर्णय आयोगले वि.सं. २०७४ साल असार ५ गते गरेको थियो ।

आयोगको सोही मितिको सोही बैठकबाट मतदान कार्य सञ्चालनका लागि तोकिएका अधिकांश मतदान केन्द्र विभिन्न सार्वजनिक एवं संस्थागत विद्यालय, क्याम्पस आदि शैक्षिक संस्थामा रहेकाले दोस्रो चरणमा निर्वाचन हुने ती जिल्लाका सार्वजनिक एवं संस्थागत विद्यालय तथा क्याम्पसहरूमा वि.सं. २०७४ साल असार ११ गतेदेखि असार १४ गतेसम्म चार दिन सार्वजनिक बिदा दिने व्यवस्था मिलाउन नेपाल सरकार शिक्षा मन्त्रालयलाई लेखी पठाउने निर्णय गरेको थियो ।

**(ग) निर्वाचनको तेस्रो चरण**

तेस्रो चरणमा निर्वाचन हुनेप्रदेश नं. २ का आठ जिल्लाका धेरैजसो मतदान केन्द्रहरू सार्वजनिक विद्यालयहरूमा रहेकाले मतदानको लागि मतदान केन्द्र निर्माण गर्न, मतदाता परिचयपत्र वितरण गर्न र मतदानको दिन मतदान कार्य सम्पन्न गर्नुपर्ने भएका कारण आठवटै जिल्लाका सार्वजनिक एवं संस्थागत विद्यालयहरूमा वि.सं. २०७४ साल भदौ २७ गतेदेखि सात दिन सार्वजनिक बिदा दिने व्यवस्थाको लागि नेपाल सरकारलाई लेखी पठाइए अनुसार नेपाल सरकारले सो अनुसारनिर्णय गरेको थियो ।

यसरी नै तेस्रो चरणमा निर्वाचन हुने ती आठ जिल्लाका सबै सरकारी कार्यालयहरू, अर्धसरकारी र सार्वजनिक संस्थाहरूमा आयोगको अनुरोधमा नेपाल सरकारले वि.सं. २०७४ साल असोज २ गते सार्वजनिक बिदा दिएको थियो ।

### ९.११.२ प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनमा सार्वजनिक विदा

अधिकांश मतदान केन्द्र सामुदायिक तथा संस्थागत विद्यालय एवं क्याम्पसमा रहेका र मतदान कार्यको व्यवस्थापनको लागि खटिने कर्मचारी तथा सुरक्षाकर्मीहरू मतदान हुने दिनभन्दा ३ (तीन) दिन अगावै मतदान केन्द्रमा पुग्ने हुनाले नेपाल सरकारले आयोगको अनुरोधमा पहिलो चरणमा निर्वाचन हुने ३२ जिल्लाका सार्वजनिक वा संस्थागत विद्यालय तथा क्याम्पसलाई वि.सं. २०७४ साल मङ्सिर ७ गतेदेखि वि.सं. २०७४ साल मङ्सिर १० सम्म र दोस्रो चरणमा निर्वाचन हुने ४५ जिल्लाका सार्वजनिक वा संस्थागत विद्यालय तथा क्याम्पसलाई वि.सं. २०७४ साल मङ्सिर १८ गतेदेखि ऐ. २१ गतेसम्म सार्वजनिक विदा दिएको थियो ।

त्यसै गरी नेपाल सरकारले आयोगको अनुरोधमा मतदानको दिन सार्वजनिक यातायात सञ्चालन नहुने र अधिकांश कर्मचारीहरू निर्वाचन सञ्चालन एवं व्यवस्थापनमा खटिने हुनाले सेवाग्राहीलाई सेवा प्राप्त गर्न कठिनाइ हुने कारण जनाई पहिलो चरणमा निर्वाचन हुने ३२ जिल्लास्थित सरकारी कार्यालय, अर्धसरकारी कार्यालय र सार्वजनिक संस्थानहरूमा वि.सं. २०७४ साल मङ्सिर १० गते आइतबारका दिन र दोस्रो चरणमा निर्वाचन हुने ४५ जिल्लास्थित सरकारी, अर्धसरकारी कार्यालय र सार्वजनिक संस्थानहरूमा वि.सं. २०७४ साल मङ्सिर २१ गते बिहीबारका दिन सार्वजनिक बिदा दिएको थियो ।

## ९.१२ निर्वाचनको कुल खर्च

### ९.१२.१ स्थानीयतह निर्वाचनमा कुल खर्च

स्थानीय तह निर्वाचन व्यवस्थापनका लागि नेपाल सरकारबाट निर्वाचन आयोगलाई आर्थिक वर्ष २०७३/२०७४ मा रु. ७ अर्ब २८ करोड ४९ लाख ७२ हजार प्राप्त भएकोमा वि.सं. २०७४ साल वैशाख ३१ र असार १४ गतेको निर्वाचन सम्पन्न गर्न रु. ६ अर्ब ३ करोड ३९ लाख ९९ हजार खर्च भएको थियो । यसरी नै वि.सं. २०७४ साल असोज २ गतेको तेस्रो चरणको स्थानीय तह निर्वाचनका लागि नेपाल सरकारबाट आयोगलाई रु. एक अर्ब ५० करोड प्राप्त भएकोमा रु. ९४ करोड ५२ लाख १४ हजार ६९९ खर्च भएको थियो । निर्वाचनमा खर्च भएको यस रकमका अतिरिक्त आयोगले निर्वाचनका लागि चीन सरकार, भारत सरकार र दातृ संस्था United Nations Development Programme/Electoral Support Project (UNDP/ESP), International Foundations for Electoral Systems (IFES) र International Institute for Democracy and Electoral Assistance (International IDEA) बाट समेत केही निर्वाचन सामग्री, केही प्राविधिक सहयोग र केही सवारी साधन प्राप्त गरेको थियो ।

### ९.१२.२ प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनमा कुल खर्च

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७४ व्यवस्थापन र सञ्चालनका लागि करिब सात अरब उनन्साठी करोड रुपैयाँ खर्च भएको थियो ।

### ९.१२.३ राष्ट्रिय सभा  निर्वाचनमा कुल खर्च

राष्ट्रिय सभा सदस्य निर्वाचन, २०७४ व्यवस्थापन र सञ्चालनका लागि जम्मा तीन करोड पैंसट्ठी लाख रुपैयाँ खर्च भएको थियो ।

### ९.१२.४ राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचनमा कुल खर्च

राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन, २०७४ व्यवस्थापन र सञ्चालनका लागि जम्मा ५७ लाख रुपैयाँ खर्च भएको थियो ।

### ९.१२.५ स्थानीय तह, प्रतिनिधि सभा तथा प्रदेश सभाउपनिर्वाचनमा कुल खर्च

स्थानीय तह, प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य उपनिर्वाचन, २०७६ व्यवस्थापन र सञ्चालनका लागि नेपाल सरकारबाट निर्वाचन आयोगलाई आर्थिक वर्ष २०७६/२०७७ मा रु. २५ करोड प्राप्त भएकोमा वि.सं. २०७६ मंसिर २१ गते सम्पन्न उल्लिखित सबै उपनिर्वाचन सम्पन्न गर्न जम्मा रु. १७ करोड ५२ लाख खर्च भएको थियो ।

### ९.१२.६ राष्ट्रिय सभा निर्वाचन, २०७६ मा कुल खर्च

राष्ट्रिय सभा सदस्य निर्वाचन, २०७६ व्यवस्थापनका लागि नेपाल सरकारबाट निर्वाचन आयोगलाई आर्थिक वर्ष २०७६/२०७७ मा रु. २५ करोड प्राप्त भएकोमा सो मध्येबाट नै वि.सं. २०७६ साल माघ ९ गते भएको सो निर्वाचन सम्पन्न गर्न जम्मा रु. ९४ लाख ७ हजार खर्च भएको थियो ।

## ९.१३ निर्वाचन परिणामको अभिलेख व्यवस्थापन

निर्वाचन आयोगले वि.सं. २०७४ सालमा सम्पन्न गरेका सबै किसिमका निर्वाचनको सामान्य व्यवस्थापनका विषयदेखि निर्वाचन परिणामसम्म समेटिएका निर्वाचन परिणाम पुस्तक/पुस्तिका प्रकाशनमा ल्याएको छ । यी प्रकाशनहरू आयोगको पुस्तकालयमा सुरक्षित छन्, जसले सुदूर भविष्यसम्म निर्वाचनका विषयमा व्याख्या विश्लेषण गर्न चाहनेका लागि महत्वपूर्ण अभिलेख प्रदान गर्नेछन् । आयोगको यस किसिमको कार्यले भविष्यमा हुने निर्वाचन सञ्चालनका विषयमा पनि पक्कै सहजता प्रदान गर्नेछ । यसलाई आयोगको सह्राहनीय कार्य मान्नु पर्दछ ।

## ९.१४ निर्वाचन समीक्षा

वि.सं. २०७४ साल नेपालको निर्वाचनको इतिहासमा ऐतिहासिक निर्वाचन वर्षकै रूपमा स्थापित भयो । किनकि, यस वर्ष नयाँ संरचनाका स्थानीय तहका वडाका वडा सदस्यदेखि राष्ट्रपतिसम्मको

निर्वाचन ऐतिहासिक रूपमा सम्पन्न भयो । यी निर्वाचनहरू सम्पन्न गर्ने क्रममा भएका सबै गतिविधिलाई केलाउने, मूल्याङ्कन गर्ने र भविष्यमा सुधार गर्नुपर्ने विषय र क्षेत्र पहिचान गर्ने अभीष्टले आयोगले विभिन्न मिति र समयमा UNDP/ESP समेतको सहयोगमा निर्वाचन समीक्षाको कार्य सम्पन्न गऱ्यो ।

यस क्रममा वि.सं. २०७४ सालमा सम्पन्न स्थानीय तह (गाउँपालिका, नगरपालिका, नगर कार्यपालिका र जिल्ला समन्वय समिति), प्रतिनिधि सभा सदस्य, प्रदेश सभा सदस्य, राष्ट्रिय सभा सदस्य, राष्ट्रपति र उपराष्ट्रपति पदको निर्वाचनको समीक्षा बागमती प्रदेश बाहेक अन्य ६ प्रदेशमा वि.सं. २०७५ साल असार ६ र ७ गते सम्पन्न गरियो । यस्तै निर्वाचन समीक्षा गोष्ठी बागमती प्रदेशमा भने वि.सं. २०७५ असार १३ र १४ सञ्चालन गरियो ।

उल्लिखित समीक्षा गोष्ठीमा आयोगका विभिन्न तहका पदाधिकारीहरू, सबै जिल्लाका क्षेत्रीय/जिल्ला निर्वाचन अधिकारी, प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका प्रदेश सभाका सदस्यहरू, निर्वाचनको सबै चरणका सबै मुख्य निर्वाचन अधिकृतहरू, पर्यवेक्षण संस्थाका प्रतिनिधिहरू, सञ्चारकर्मीहरू, प्रमुख जिल्ला अधिकारी लगायत जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरू, कार्यक्रम सञ्चालन भएका स्थानका स्थानीय तहका प्रमुख तथा उपप्रमुख आदिको संहभागिता थियो । यो समीक्षा कार्यक्रम विगतका समीक्षाभन्दा केही फरक ढङ्गबाट अगाडि बढाइएको थियो । निर्वाचन क्रियाकलापसँग सम्बन्धित रहेर विभिन्न अठार वटा विषयमा तयार गरिएको प्रश्नावली समीक्षा कार्यक्रमका सहभागीलाई वितरण गरेर त्यसको उत्तर  समेत सङ्कलन गरी सोको आधारमा निर्वाचन कार्य समीक्षा/मूल्याङ्कन गरिएको थियो । यति मात्र नभएर आयोगले पछिसम्मको अभिलेखका लागि संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम/निर्वाचन सहायता परियोजना (UNDP/ESP) को सहयोगमा यस सम्बन्धीएकीकृत **"निर्वाचन समीक्षा पुस्तक"** तयार गरी प्रकाशनमा समेतल्याएको छ ।

## ९.१५ निर्वाचन परिणाम पुस्तक/पुस्तिका

निर्वाचन आयोगले नेपालको संविधान तथा अन्य प्रचलित कानुन बमोजिम वि.सं. २०७४ सालमा सम्पन्न गर्नुपर्ने निर्वाचन सम्पन्न गरेपछि माथि विभिन्न प्रसङ्गमा उल्लेख समेत गरिएका निर्वाचनसँग सम्बन्धित केही निर्वाचन परिणाम पुस्तक पनि प्रकाशनमा ल्याएको छ । आयोगका यी प्रकाशनले निर्वाचनका विषयमा अध्ययन, अनुसन्धान र विश्लेषण गर्न चाहने जो कोहीलाई पनि पर्याप्त मद्दत पुग्ने देखिन्छ । आयोगले प्रकाशनमा ल्याएका निर्वाचन परिणाम पुस्तकको एकीकृत विवरण देहाय  बमोजिम छ :

१. स्थानीय तह निर्वाचन-२०७४, निर्वाचन परिणाम पुस्तक, प्रदेश नं. १,

२. स्थानीय तह निर्वाचन-२०७४, निर्वाचन परिणाम पुस्तक, प्रदेश नं. २,

३. स्थानीय तह निर्वाचन-२०७४, निर्वाचन परिणाम पुस्तक, प्रदेश नं. ३,

४. स्थानीय तह निर्वाचन-२०७४, निर्वाचन परिणाम पुस्तक, प्रदेश नं. ४,

५. स्थानीय तह निर्वाचन-२०७४, निर्वाचन परिणाम पुस्तक, प्रदेश नं. ५,

६. स्थानीय तह निर्वाचन-२०७४, निर्वाचन परिणाम पुस्तक, प्रदेश नं. ६,

७. स्थानीय तह निर्वाचन-२०७४, निर्वाचन परिणाम पुस्तक, प्रदेश नं. ७,

८. प्रदेश सभा सदस्य निर्वाचन-२०७४, निर्वाचन परिणाम पुस्तक,

९. प्रतिनिधि सभा सदस्य निर्वाचन-२०७४, निर्वाचन परिणाम पुस्तक, र

१०. राष्ट्रिय सभा सदस्य निर्वाचन-२०७४, निर्वाचन परिणाम ।

आयोगको उल्लिखित परिणाम पुस्तकका अतिरिक्त आयोगको वार्षिक प्रतिवेदन २०७३/२०७४, २०७४/२०७५ र २०७६/२०७७ बाट पनि वि.सं. २०७४ सालदेखि २०७६ सालसम्म सम्पन्न भएका सबै निर्वाचनका विषयमा केही जानकारी हासिल गर्न सकिन्छ । यी सबै सामग्री निर्वाचन आयोग भवनको कान्तिपथस्थित पुस्तकालयमा उपलब्ध छन् ।

# परिशिष्ट

# परिशिष्ट-१

प्रधानमन्त्रीले स्थानीय निकाय निर्वाचनको तयारी थाल्न दिनुभएको सुझाव पछि निर्वाचन आयोगले मिति २०७२ पुस २३ गते जारी गरेको प्रेस विज्ञप्ति ।

**निर्वाचन आयोग, नेपाल**
**ELECTION COMMISSION, NEPAL**

प.सं. च.नं. / Ref:

## प्रेस विज्ञप्ति

**२३ पुस २०७२, काठमाडौं ।**

सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीसँग आज निर्वाचन आयोगका पदाधिकारीहरूले भेटघाट गरी स्थानीय निकाय निर्वाचनको आवश्यकता र तयारीका विभिन्न विषयमा छलफल गर्नुभएको छ ।

प्रधानमन्त्रीसँगको भेटका अवसरमा माननीय कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादव, माननीय निर्वाचन आयुक्त ईला शर्मा, आयोगका निमित्त सचिव मणिराम ओझा र सहसचिव वीरवहादुर राईको उपस्थिति थियो ।

त्यस अवसरमा माननीय कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. यादवले नयाँ संविधान अनुसार निर्वाचनसँग सम्वन्धित विभिन्न कानून र राजनीतिक दलहरूलाई व्यवस्थित गर्न एकीकृत कानूनको तर्जुमा भइरहेको र सो कानूनमा आयोगले समावेश गर्ने विषयहरूका बारेमा जानकारी गराउनु भएको थियो । साथै, संविधानले प्रदान गरेका विभिन्न समावेशी समूहको प्रतिनिधित्वको सुनिश्चितताका लागि आयोगले ऐनमा व्यवस्था गर्न प्रस्ताव गरेका विषयका बारेमा पनि जानकारी गराउनु भएको थियो । स्थानीय निकाय निर्वाचनको आन्तरिक तयारी आयोगले गरिरहेको हुँदा त्यसका लागि आवश्यक पर्ने स्थानीय निकाय ( निर्वाचन कार्यविधि) ऐनको संशोधित मसौदा सरकार समक्ष पेश भइसकेकोले यथाशक्य छिटो पारित गरिदिन र निर्वाचनको मिति छिटो घोषणा गर्न पनि अनुरोध गर्नु भयो । यसैगरी आयोगले निर्वाचन प्रयोजनका लागि सञ्चालन गरिरहेको मतदाता नामावली सङ्कलन विशेष कार्यक्रम, मतदाता शिक्षा, मतदाताको पहिचानका लागि मतदाता परिचयपत्र, मतदानकेन्द्रको स्तरोन्नति, दलहरूको आय-व्ययको पारदर्शिता र एकरूपताका लागि दलहरूका लेखासँग सम्वन्धित व्यक्तिहरूलाई आयोगले हालैका दिनहरूमा प्रदान गरिरहेको प्रशिक्षण कार्यक्रम, आयोगले सबै किसिमका निर्वाचनमा लागू हुने गरी तयार गरेको निर्वाचन आचारसंहिता र त्यसको अनुगमनको विषयका अतिरिक्त नेपालमा सम्पन्न पाँचौं **FEMBoSA** ले पारित गरेको विषयहरूका बारेमा पनि जानकारी गराउनु भएको थियो ।

सोही अवसरमा माननीय निर्वाचन आयुक्त श्री इला शर्माले संविधान संशोधनका क्रममा रहेको सन्दर्भमा आयोगलाई निर्वाचन मिति तोक्ने अधिकार र आयोगको आर्थिक स्वायत्तता सम्वन्धी विषय गम्भीर रहेकोले त्यसतर्फ आवश्यक सुधार हुनुपर्ने विषयमा जोड दिनु भयो । निर्वाचन मितिको निश्चितता भए मात्र

कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं. (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-Mail: info@election.gov.np, Website: www.election.gov.np
"फोटो सहितको मतदाता नामावलीमा नाम दर्ता गरौं ।"

प.सं. च.नं./Ref:

निर्वाचनको पूर्व तयारी राम्रोसँग हुन सक्ने र निर्वाचनको गुणात्मक पक्ष बलियो हुने कुरा बताउनु भएको थियो ।

आयोग पदाधिकारीहरूसँगको छलफलमा सम्माननीय प्रधानमन्त्री श्री के. पी. शर्मा ओलीले स्थानीय निकायको निर्वाचन छिटो सम्पन्न गर्न सके भूकम्पबाट भएको क्षतिको पुनर्निर्माण तथा विकास निर्माणसँग सम्बन्धित अन्य कार्यहरूमा समेत सघाउ पुग्ने कुरा बताउँदै निर्वाचनलाई अझै स्वच्छ, स्वतन्त्र र विश्वसनीय बनाउन निर्वाचनमा मतदाता परिचयपत्रको अनिवार्यतातर्फ आयोगको ध्यानाकर्षण गराउनु भएको थियो । यसैगरी निर्वाचनका लागि आवश्यक कानूनहरूमा गरिनुपर्ने संशोधन लगायतका प्रक्रिया छिटो सम्पन्न गरिने कुरातर्फ आयोगलाई आश्वस्त गराउँदै स्थानीय निकाय निर्वाचनको आन्तरिक तयारीमा अघि बढ्न प्रधानमन्त्रीले आयोगलाई सुझाव दिनुभएको थियो ।

मिति : २०७२ पुस २३

वासुदेव गुरागाईं
सहसचिव एवं प्रवक्ता
निर्वाचन आयोग ।

## परिशिष्ट-२

स्थानीय तह सङ्ख्या ७५३ को वडा सङ्ख्यासहितको विवरण

| क्रम संख्या | प्रदेश नं | जिल्ला | गाउँपालिका / नगरपालिका | जम्मा वडा |
|---|---|---|---|---|
| १ | १ | ताप्लेजुङ | आठराईत्रिवेणी गाउँपालिका | ५ |
| २ | १ | ताप्लेजुङ | फक्ताङलुङ गाउँपालिका | ७ |
| ३ | १ | ताप्लेजुङ | फुङलिङ नगरपालिका | ११ |
| ४ | १ | ताप्लेजुङ | मिक्वाखोला गाउँपालिका | ५ |
| ५ | १ | ताप्लेजुङ | मेरिङदेन गाउँपालिका | ६ |
| ६ | १ | ताप्लेजुङ | मैवाखोला गाउँपालिका | ६ |
| ७ | १ | ताप्लेजुङ | पाथीभरा याङवरक गाउँपालिका | ६ |
| ८ | १ | ताप्लेजुङ | सिदिङ्वा गाउँपालिका | ७ |
| ९ | १ | ताप्लेजुङ | सिरीजङ्घा गाउँपालिका | ८ |
| १० | १ | पाँचथर | कुम्मायक गाउँपालिका | ५ |
| ११ | १ | पाँचथर | तुम्वेवा गाउँपालिका | ५ |
| १२ | १ | पाँचथर | फालेलुङ गाउँपालिका | ८ |
| १३ | १ | पाँचथर | फाल्गुनन्द गाउँपालिका | ७ |
| १४ | १ | पाँचथर | फिदिम नगरपालिका | १४ |
| १५ | १ | पाँचथर | मिक्लाजुङ गाउँपालिका | ८ |
| १६ | १ | पाँचथर | पाथीभरा याङवरक गाउँपालिका | ६ |
| १७ | १ | पाँचथर | हिलिहाङ गाउँपालिका | ७ |
| १८ | १ | ईलाम | इलाम नगरपालिका | १२ |
| १९ | १ | ईलाम | चुलाचुली गाउँपालिका | ६ |
| २० | १ | ईलाम | देउमाई नगरपालिका | ९ |
| २१ | १ | ईलाम | फाकफोकथुम गाउँपालिका | ७ |
| २२ | १ | ईलाम | माई नगरपालिका | १० |
| २३ | १ | ईलाम | माईजोगमाई गाउँपालिका | ६ |
| २४ | १ | ईलाम | माङसेबुङ गाउँपालिका | ६ |
| २५ | १ | ईलाम | रोङ गाउँपालिका | ६ |
| २६ | १ | ईलाम | सन्दकपुर गाउँपालिका | ५ |
| २७ | १ | ईलाम | सूर्योदय नगरपालिका | १४ |
| २८ | १ | झापा | अर्जुनधारा नगरपालिका | ११ |
| २९ | १ | झापा | कचनकवल गाउँपालिका | ७ |
| ३० | १ | झापा | कन्काई नगरपालिका | ९ |
| ३१ | १ | झापा | कमल गाउँपालिका | ७ |
| ३२ | १ | झापा | गौरादह नगरपालिका | ९ |

| क्रम संख्या | प्रदेश नं | जिल्ला | गाउँपालिका / नगरपालिका | जम्मा वडा |
|---|---|---|---|---|
| ३३ | १ | झापा | गौरीगंज गाउँपालिका | ६ |
| ३४ | १ | झापा | झापा गाउँपालिका | ७ |
| ३५ | १ | झापा | दमक नगरपालिका | १० |
| ३६ | १ | झापा | बाह्रदशी गाउँपालिका | ७ |
| ३७ | १ | झापा | बुद्धशान्ति गाउँपालिका | ७ |
| ३८ | १ | झापा | भद्रपुर नगरपालिका | १० |
| ३९ | १ | झापा | मेचीनगर नगरपालिका | १५ |
| ४० | १ | झापा | विर्तामोड नगरपालिका | १० |
| ४१ | १ | झापा | शिवसताक्षि नगरपालिका | ११ |
| ४२ | १ | झापा | हल्दीवारी गाउँपालिका | ५ |
| ४३ | १ | संखुवासभा | खाँदवारी नगरपालिका | ११ |
| ४४ | १ | संखुवासभा | चिचिला गाउँपालिका | ५ |
| ४५ | १ | संखुवासभा | चैनपुर नगरपालिका | ११ |
| ४६ | १ | संखुवासभा | धर्मदेवी नगरपालिका | ९ |
| ४७ | १ | संखुवासभा | पाँचखपन नगरपालिका | ९ |
| ४८ | १ | संखुवासभा | भोटखोला गाउँपालिका | ५ |
| ४९ | १ | संखुवासभा | मकालु गाउँपालिका | ६ |
| ५० | १ | संखुवासभा | मादी नगरपालिका | ९ |
| ५१ | १ | संखुवासभा | सभापोखरी गाउँपालिका | ६ |
| ५२ | १ | संखुवासभा | सिलीचोङ गाउँपालिका | ५ |
| ५३ | १ | तेह्रथुम | आठराई गाउँपालिका | ७ |
| ५४ | १ | तेह्रथुम | छथर गाउँपालिका | ६ |
| ५५ | १ | तेह्रथुम | फेदाप गाउँपालिका | ५ |
| ५६ | १ | तेह्रथुम | मेन्छयायेम गाउँपालिका | ६ |
| ५७ | १ | तेह्रथुम | म्याङलुङ नगरपालिका | १० |
| ५८ | १ | तेह्रथुम | लालिगुँरास नगरपालिका | ९ |
| ५९ | १ | भोजपुर | अरुण गाउँपालिका | ७ |
| ६० | १ | भोजपुर | आमचोक गाउँपालिका | १० |
| ६१ | १ | भोजपुर | टयाम्केमैयुम गाउँपालिका | ९ |
| ६२ | १ | भोजपुर | पौवादुङमा गाउँपालिका | ६ |
| ६३ | १ | भोजपुर | भोजपुर नगरपालिका | १२ |
| ६४ | १ | भोजपुर | रामप्रसादराई गाउँपालिका | ८ |
| ६५ | १ | भोजपुर | षडानन्द नगरपालिका | १४ |
| ६६ | १ | भोजपुर | साल्पासिलिछो गाउँपालिका | ६ |

| क्रम संख्या | प्रदेश नं | जिल्ला | गाउँपालिका / नगरपालिका | जम्मा वडा |
|---|---|---|---|---|
| ६७ | १ | भोजपुर | हतुवागढी गाउँपालिका | ९ |
| ६८ | १ | धनकुटा | सहीदभूमि गाउँपालिका | ७ |
| ६९ | १ | धनकुटा | चौविसे गाउँपालिका | ८ |
| ७० | १ | धनकुटा | छथरजोरपाटी गाउँपालिका | ६ |
| ७१ | १ | धनकुटा | धनकुटा नगरपालिका | १० |
| ७२ | १ | धनकुटा | पाखिवास नगरपालिका | १० |
| ७३ | १ | धनकुटा | महालक्ष्मी नगरपालिका | ९ |
| ७४ | १ | धनकुटा | सागुरीगढी गाउँपालिका | १० |
| ७५ | १ | मोरङ | उर्लावारी नगरपालिका | ९ |
| ७६ | १ | मोरङ | कटहरी गाउँपालिका | ७ |
| ७७ | १ | मोरङ | कानेपोखरी गाउँपालिका | ७ |
| ७८ | १ | मोरङ | केरावारी गाउँपालिका | १० |
| ७९ | १ | मोरङ | ग्रामथान गाउँपालिका | ७ |
| ८० | १ | मोरङ | जहदा गाउँपालिका | ७ |
| ८१ | १ | मोरङ | धनपालथान गाउँपालिका | ७ |
| ८२ | १ | मोरङ | पथरीशनिश्चरे नगरपालिका | १० |
| ८३ | १ | मोरङ | बुढीगंगा गाउँपालिका | ७ |
| ८४ | १ | मोरङ | बेलवारी नगरपालिका | ११ |
| ८५ | १ | मोरङ | मिक्लाजुङ गाउँपालिका | ९ |
| ८६ | १ | मोरङ | रंगेली नगरपालिका | ९ |
| ८७ | १ | मोरङ | रतुवामाई नगरपालिका | १० |
| ८८ | १ | मोरङ | लेटाङ नगरपालिका | ९ |
| ८९ | १ | मोरङ | विराटनगरमहा नगरपालिका | १९ |
| ९० | १ | मोरङ | सुनवर्षी नगरपालिका | ९ |
| ९१ | १ | मोरङ | सुन्दरहरैंचा नगरपालिका | १२ |
| ९२ | १ | सुनसरी | ईटहरीउपमहा नगरपालिका | २० |
| ९३ | १ | सुनसरी | ईनरुवा नगरपालिका | १० |
| ९४ | १ | सुनसरी | कोशी गाउँपालिका | ८ |
| ९५ | १ | सुनसरी | गढी गाउँपालिका | ६ |
| ९६ | १ | सुनसरी | दुहवी नगरपालिका | १२ |
| ९७ | १ | सुनसरी | देवानगन्ज गाउँपालिका | ७ |
| ९८ | १ | सुनसरी | धरानउपमहा नगरपालिका | २० |
| ९९ | १ | सुनसरी | बराह नगरपालिका | ११ |
| १०० | १ | सुनसरी | बर्जु गाउँपालिका | ६ |

| क्रम संख्या | प्रदेश नं | जिल्ला | गाउँपालिका / नगरपालिका | जम्मा वडा |
|---|---|---|---|---|
| १०१ | १ | सुनसरी | भोक्राहा नरसिहं गाउँपालिका | ८ |
| १०२ | १ | सुनसरी | रामधुनी नगरपालिका | ९ |
| १०३ | १ | सुनसरी | हरिनगर गाउँपालिका | ७ |
| १०४ | १ | सोलुखुम्बु | खुम्वुपासाङल्हमु गाउँपालिका | ५ |
| १०५ | १ | सोलुखुम्बु | दुधकोशी गाउँपालिका | ७ |
| १०६ | १ | सोलुखुम्बु | थुलुङ दुधकोशी गाउँपालिका | ९ |
| १०७ | १ | सोलुखुम्बु | नेचासल्यान गाउँपालिका | ६ |
| १०८ | १ | सोलुखुम्बु | महाकुलुङ गाउँपालिका | ५ |
| १०९ | १ | सोलुखुम्बु | लिखुपिके गाउँपालिका | ५ |
| ११० | १ | सोलुखुम्बु | सोताङ गाउँपालिका | ५ |
| १११ | १ | सोलुखुम्बु | सोलुदुधकुण्ड नगरपालिका | १० |
| ११२ | १ | खोटाङ | ऐसेलुखर्क गाउँपालिका | ७ |
| ११३ | १ | खोटाङ | केपिलासगढी गाउँपालिका | ७ |
| ११४ | १ | खोटाङ | खोटेहाङ गाउँपालिका | ९ |
| ११५ | १ | खोटाङ | जन्तेढुंगा गाउँपालिका | ६ |
| ११६ | १ | खोटाङ | दिप्रुङ गाउँपालिका | ७ |
| ११७ | १ | खोटाङ | बराहपोखरी गाउँपालिका | ६ |
| ११८ | १ | खोटाङ | रुपाकोटमजुवागढी नगरपालिका | १५ |
| ११९ | १ | खोटाङ | रावा बेसी गाउँपालिका | ६ |
| १२० | १ | खोटाङ | साकेला गाउँपालिका | ५ |
| १२१ | १ | खोटाङ | हलेसीतुवाचुङ नगरपालिका | ११ |
| १२२ | १ | ओखलढुङ्गा | खिजिदेम्वा गाउँपालिका | ९ |
| १२३ | १ | ओखलढुङ्गा | चम्पादेवी गाउँपालिका | १० |
| १२४ | १ | ओखलढुङ्गा | चिशंखुगढी गाउँपालिका | ८ |
| १२५ | १ | ओखलढुङ्गा | मानेभञ्याङ गाउँपालिका | ९ |
| १२६ | १ | ओखलढुङ्गा | मोलुङ गाउँपालिका | ८ |
| १२७ | १ | ओखलढुङ्गा | लिखु गाउँपालिका | ९ |
| १२८ | १ | ओखलढुङ्गा | सिद्दिचरण नगरपालिका | १२ |
| १२९ | १ | ओखलढुङ्गा | सुनकोशी गाउँपालिका | १० |
| १३० | १ | उदयपुर | उदयपुरगढी गाउँपालिका | ८ |
| १३१ | १ | उदयपुर | कटारी नगरपालिका | १४ |
| १३२ | १ | उदयपुर | चौदण्डीगढी नगरपालिका | १० |
| १३३ | १ | उदयपुर | ताप्ली गाउँपालिका | ५ |
| १३४ | १ | उदयपुर | त्रियुगा नगरपालिका | १६ |

| क्रम संख्या | प्रदेश नं | जिल्ला | गाउँपालिका / नगरपालिका | जम्मा वडा |
|---|---|---|---|---|
| १३५ | १ | उदयपुर | रौतामाई गाउँपालिका | ८ |
| १३६ | १ | उदयपुर | वेलका नगरपालिका | ९ |
| १३७ | १ | उदयपुर | सुनकोशी गाउँपालिका | ५ |
| १३८ | २ | सप्तरी | अग्नीसाइर कृष्णासवरन गाउँपालिका | ६ |
| १३९ | २ | सप्तरी | कञ्चनरुप नगरपालिका | १२ |
| १४० | २ | सप्तरी | खडक नगरपालिका | ११ |
| १४१ | २ | सप्तरी | छिन्नमस्ता गाउँपालिका | ७ |
| १४२ | २ | सप्तरी | डाक्नेश्वरी नगरपालिका | १० |
| १४३ | २ | सप्तरी | तिरहुत गाउँपालिका | ५ |
| १४४ | २ | सप्तरी | तिलाठी कोईलाडी गाउँपालिका | ८ |
| १४५ | २ | सप्तरी | बेल्ही चपेना गाउँपालिका | ६ |
| १४६ | २ | सप्तरी | बोदे बरसाइन नगरपालिका | १० |
| १४७ | २ | सप्तरी | महादेवा गाउँपालिका | ६ |
| १४८ | २ | सप्तरी | राजविराज नगरपालिका | १६ |
| १४९ | २ | सप्तरी | रुपनी गाउँपालिका | ६ |
| १५० | २ | सप्तरी | वलान-विहुल गाउँपालिका | ६ |
| १५१ | २ | सप्तरी | विष्णुपुर गाउँपालिका | ७ |
| १५२ | २ | सप्तरी | शम्भुनाथ नगरपालिका | १२ |
| १५३ | २ | सप्तरी | सप्तकोशी गाउँपालिका | ११ |
| १५४ | २ | सप्तरी | सुरुङ्गा नगरपालिका | ११ |
| १५५ | २ | सप्तरी | हनुमाननगर कङ्कालिनी नगरपालिका | १४ |
| १५६ | २ | सिराहा | अर्नमा गाउँपालिका | ५ |
| १५७ | २ | सिराहा | औरही गाउँपालिका | ५ |
| १५८ | २ | सिराहा | कल्याणपुर नगरपालिका | १२ |
| १५९ | २ | सिराहा | गोलबजार नगरपालिका | १३ |
| १६० | २ | सिराहा | धनगढीमाई नगरपालिका | १४ |
| १६१ | २ | सिराहा | नरहा गाउँपालिका | ५ |
| १६२ | २ | सिराहा | नवराजपुर गाउँपालिका | ५ |
| १६३ | २ | सिराहा | बरियारपट्टी गाउँपालिका | ५ |
| १६४ | २ | सिराहा | भगवानपुर गाउँपालिका | ५ |
| १६५ | २ | सिराहा | मिर्चैया नगरपालिका | १२ |
| १६६ | २ | सिराहा | लक्ष्मीपुर पतारी गाउँपालिका | ६ |
| १६७ | २ | सिराहा | लहान नगरपालिका | २४ |
| १६८ | २ | सिराहा | विष्णुपुर गाउँपालिका | ५ |

| क्रम संख्या | प्रदेश नं | जिल्ला | गाउँपालिका / नगरपालिका | जम्मा वडा |
|---|---|---|---|---|
| १६९ | २ | सिराहा | सखुवानान्कारकट्टी गाउँपालिका | ५ |
| १७० | २ | सिराहा | सिराहा नगरपालिका | २२ |
| १७१ | २ | सिराहा | सुखीपुर नगरपालिका | १० |
| १७२ | २ | सिराहा | कर्जन्हा नगरपालिका | ११ |
| १७३ | २ | धनुषा | औरही गाउँपालिका | ६ |
| १७४ | २ | धनुषा | कमला नगरपालिका | ९ |
| १७५ | २ | धनुषा | क्षिरेश्वरनाथ नगरपालिका | १० |
| १७६ | २ | धनुषा | गणेशमान चारनाथ नगरपालिका | ११ |
| १७७ | २ | धनुषा | जनकनन्दिनी गाउँपालिका | ६ |
| १७८ | २ | धनुषा | जनकपुरउपमहा नगरपालिका | २५ |
| १७९ | २ | धनुषा | धनुषाधाम नगरपालिका | ९ |
| १८० | २ | धनुषा | धनौजी गाउँपालिका | ५ |
| १८१ | २ | धनुषा | नगराइन नगरपालिका | ९ |
| १८२ | २ | धनुषा | बटेश्वर गाउँपालिका | ५ |
| १८३ | २ | धनुषा | मिथिला नगरपालिका | ११ |
| १८४ | २ | धनुषा | मिथिला बिहारी नगरपालिका | १० |
| १८५ | २ | धनुषा | मुखियापट्टी मुसहरमिया गाउँपालिका | ६ |
| १८६ | २ | धनुषा | लक्ष्मीनिया गाउँपालिका | ७ |
| १८७ | २ | धनुषा | विदेह नगरपालिका | ९ |
| १८८ | २ | धनुषा | शहीदनगर नगरपालिका | ९ |
| १८९ | २ | धनुषा | सबैला नगरपालिका | १३ |
| १९० | २ | धनुषा | हंसपुर नगरपालिका | ९ |
| १९१ | २ | महोत्तरी | गौशाला नगरपालिका | १२ |
| १९२ | २ | महोत्तरी | जलेश्वर नगरपालिका | १२ |
| १९३ | २ | महोत्तरी | पिपरा गाउँपालिका | ७ |
| १९४ | २ | महोत्तरी | महोत्तरी गाउँपालिका | ६ |
| १९५ | २ | महोत्तरी | साम्सी गाउँपालिका | ७ |
| १९६ | २ | महोत्तरी | सोनमा गाउँपालिका | ८ |
| १९७ | २ | महोत्तरी | एकडारा गाउँपालिका | ६ |
| १९८ | २ | महोत्तरी | औरही नगरपालिका | ९ |
| १९९ | २ | महोत्तरी | बर्दिबास नगरपालिका | १४ |
| २०० | २ | महोत्तरी | बलवा नगरपालिका | ११ |
| २०१ | २ | महोत्तरी | भँगाहा नगरपालिका | ९ |
| २०२ | २ | महोत्तरी | मटिहानी नगरपालिका | ९ |

| क्रम संख्या | प्रदेश नं | जिल्ला | गाउँपालिका / नगरपालिका | जम्मा वडा |
|---|---|---|---|---|
| २०३ | २ | महोत्तरी | मनरा शिसवा नगरपालिका | १० |
| २०४ | २ | महोत्तरी | रामगोपालपुर नगरपालिका | ९ |
| २०५ | २ | महोत्तरी | लोहरपट्टी नगरपालिका | ९ |
| २०६ | २ | सर्लाही | ईश्वरपुर नगरपालिका | १५ |
| २०७ | २ | सर्लाही | चन्द्रनगर गाउँपालिका | ७ |
| २०८ | २ | सर्लाही | बरहथवा नगरपालिका | १८ |
| २०९ | २ | सर्लाही | बागमती नगरपालिका | १२ |
| २१० | २ | सर्लाही | मलंगवा नगरपालिका | १२ |
| २११ | २ | सर्लाही | लालबन्दी नगरपालिका | १७ |
| २१२ | २ | सर्लाही | हरिवन नगरपालिका | ११ |
| २१३ | २ | सर्लाही | कविलासी नगरपालिका | १० |
| २१४ | २ | सर्लाही | कौडेना गाउँपालिका | ७ |
| २१५ | २ | सर्लाही | गोडैटा नगरपालिका | १२ |
| २१६ | २ | सर्लाही | चक्रघट्टा गाउँपालिका | ९ |
| २१७ | २ | सर्लाही | धनकौल गाउँपालिका | ७ |
| २१८ | २ | सर्लाही | पर्सा गाउँपालिका | ६ |
| २१९ | २ | सर्लाही | बलरा नगरपालिका | ११ |
| २२० | २ | सर्लाही | बसबरिया गाउँपालिका | ६ |
| २२१ | २ | सर्लाही | ब्रह्मपुरी गाउँपालिका | ७ |
| २२२ | २ | सर्लाही | रामनगर गाउँपालिका | ७ |
| २२३ | २ | सर्लाही | विष्णु गाउँपालिका | ८ |
| २२४ | २ | सर्लाही | हरिपुर नगरपालिका | ९ |
| २२५ | २ | सर्लाही | हरिपुर्वा नगरपालिका | ९ |
| २२६ | २ | रौतहट | गरुडा नगरपालिका | ९ |
| २२७ | २ | रौतहट | चन्द्रपुर नगरपालिका | १० |
| २२८ | २ | रौतहट | ईशनाथ नगरपालिका | ९ |
| २२९ | २ | रौतहट | कटहरिया नगरपालिका | ९ |
| २३० | २ | रौतहट | गढीमाई नगरपालिका | ९ |
| २३१ | २ | रौतहट | गुजरा नगरपालिका | ९ |
| २३२ | २ | रौतहट | गौर नगरपालिका | ९ |
| २३३ | २ | रौतहट | दुर्गा भगवती गाउँपालिका | ५ |
| २३४ | २ | रौतहट | देवाही गोनाही नगरपालिका | ९ |
| २३५ | २ | रौतहट | परोहा नगरपालिका | ९ |
| २३६ | २ | रौतहट | फतुवा बिजयपुर नगरपालिका | ११ |

| क्रम संख्या | प्रदेश नं | जिल्ला | गाउँपालिका / नगरपालिका | जम्मा वडा |
|---|---|---|---|---|
| २३७ | २ | रौतहट | बौधीमाई नगरपालिका | ९ |
| २३८ | २ | रौतहट | माधव नारायण नगरपालिका | ९ |
| २३९ | २ | रौतहट | मौलापुर नगरपालिका | ९ |
| २४० | २ | रौतहट | यमुनामाई गाउँपालिका | ५ |
| २४१ | २ | रौतहट | राजदेवी नगरपालिका | ९ |
| २४२ | २ | रौतहट | राजपुर नगरपालिका | ९ |
| २४३ | २ | रौतहट | वृन्दावन नगरपालिका | ९ |
| २४४ | २ | बारा | आदर्श कोटवाल गाउँपालिका | ८ |
| २४५ | २ | बारा | करैयामाई गाउँपालिका | ८ |
| २४६ | २ | बारा | कलैयाउपमहा नगरपालिका | २७ |
| २४७ | २ | बारा | कोल्हवी नगरपालिका | ११ |
| २४८ | २ | बारा | जीतपुरसिमराउपमहा नगरपालिका | २४ |
| २४९ | २ | बारा | देवताल गाउँपालिका | ७ |
| २५० | २ | बारा | निजगढ नगरपालिका | १३ |
| २५१ | २ | बारा | बारागढी गाउँपालिका | ६ |
| २५२ | २ | बारा | महागढीमाई नगरपालिका | ११ |
| २५३ | २ | बारा | सिम्रौनगढ नगरपालिका | ११ |
| २५४ | २ | बारा | सुवर्ण गाउँपालिका | ८ |
| २५५ | २ | बारा | पचरौता नगरपालिका | ९ |
| २५६ | २ | बारा | परवानीपुर गाउँपालिका | ५ |
| २५७ | २ | बारा | प्रसौनी गाउँपालिका | ७ |
| २५८ | २ | बारा | फेटा गाउँपालिका | ७ |
| २५९ | २ | बारा | विश्रामपुर गाउँपालिका | ५ |
| २६० | २ | पर्सा | छिपहरमाई गाउँपालिका | ५ |
| २६१ | २ | पर्सा | जगरनाथपुर गाउँपालिका | ६ |
| २६२ | २ | पर्सा | धोबीनी गाउँपालिका | ५ |
| २६३ | २ | पर्सा | पकाहा मैनपुर गाउँपालिका | ५ |
| २६४ | २ | पर्सा | बिन्दबासिनी गाउँपालिका | ५ |
| २६५ | २ | पर्सा | सखुवा प्रसौनी गाउँपालिका | ६ |
| २६६ | २ | पर्सा | कालिकामाई गाउँपालिका | ५ |
| २६७ | २ | पर्सा | जिराभवानी गाउँपालिका | ५ |
| २६८ | २ | पर्सा | ठोरी गाउँपालिका | ५ |
| २६९ | २ | पर्सा | पटेर्वा सुगौली गाउँपालिका | ५ |
| २७० | २ | पर्सा | पर्सागढी नगरपालिका | ९ |

| क्रम संख्या | प्रदेश नं | जिल्ला | गाउँपालिका / नगरपालिका | जम्मा वडा |
|---|---|---|---|---|
| २७१ | २ | पर्सा | पोखरिया नगरपालिका | १० |
| २७२ | २ | पर्सा | बहुदरमाई नगरपालिका | ९ |
| २७३ | २ | पर्सा | बिरगंज महा नगरपालिका | ३२ |
| २७४ | ३ | दोलखा | कालिन्चोक गाउँपालिका | ९ |
| २७५ | ३ | दोलखा | गौरिशंकर गाउँपालिका | ९ |
| २७६ | ३ | दोलखा | जिरी नगरपालिका | ९ |
| २७७ | ३ | दोलखा | तामाकोशी गाउँपालिका | ७ |
| २७८ | ३ | दोलखा | भिमेश्वर नगरपालिका | ९ |
| २७९ | ३ | दोलखा | मेलुङ गाउँपालिका | ७ |
| २८० | ३ | दोलखा | विगु गाउँपालिका | ८ |
| २८१ | ३ | दोलखा | वैतेश्वर गाउँपालिका | ८ |
| २८२ | ३ | दोलखा | शैलुङ गाउँपालिका | ८ |
| २८३ | ३ | रामेछाप | उमाकुण्ड गाउँपालिका | ७ |
| २८४ | ३ | रामेछाप | खाँडादेवी गाउँपालिका | ९ |
| २८५ | ३ | रामेछाप | गोकुलगङ्गा गाउँपालिका | ६ |
| २८६ | ३ | रामेछाप | दोरम्बा गाउँपालिका | ७ |
| २८७ | ३ | रामेछाप | मन्थली नगरपालिका | १४ |
| २८८ | ३ | रामेछाप | रामेछाप नगरपालिका | ९ |
| २८९ | ३ | रामेछाप | लिखु तामाकोशी गाउँपालिका | ७ |
| २९० | ३ | रामेछाप | सुनापती गाउँपालिका | ५ |
| २९१ | ३ | सिन्धुली | कमलामाई नगरपालिका | १४ |
| २९२ | ३ | सिन्धुली | गोलन्जोर गाउँपालिका | ७ |
| २९३ | ३ | सिन्धुली | घ्याङलेख गाउँपालिका | ५ |
| २९४ | ३ | सिन्धुली | तिनपाटन गाउँपालिका | ११ |
| २९५ | ३ | सिन्धुली | दुधौली नगरपालिका | १४ |
| २९६ | ३ | सिन्धुली | फिक्कल गाउँपालिका | ६ |
| २९७ | ३ | सिन्धुली | मरिण गाउँपालिका | ७ |
| २९८ | ३ | सिन्धुली | सुनकोशी गाउँपालिका | ७ |
| २९९ | ३ | सिन्धुली | हरिहरपुरगढी गाउँपालिका | ८ |
| ३०० | ३ | रसुवा | उत्तरगया गाउँपालिका | ५ |
| ३०१ | ३ | रसुवा | कालिका गाउँपालिका | ५ |
| ३०२ | ३ | रसुवा | गोसाईकुण्ड गाउँपालिका | ६ |
| ३०३ | ३ | रसुवा | नौकुण्ड गाउँपालिका | ६ |
| ३०४ | ३ | रसुवा | आमाछोदिङमो गाउँपालिका | ५ |

| क्रम संख्या | प्रदेश नं | जिल्ला | गाउँपालिका / नगरपालिका | जम्मा वडा |
|---|---|---|---|---|
| ३०५ | ३ | धादिङ | खनियाबास गाउँपालिका | ५ |
| ३०६ | ३ | धादिङ | गङ्गाजमुना गाउँपालिका | ७ |
| ३०७ | ३ | धादिङ | गजुरी गाउँपालिका | ८ |
| ३०८ | ३ | धादिङ | गल्छी गाउँपालिका | ८ |
| ३०९ | ३ | धादिङ | ज्वालामूखी गाउँपालिका | ७ |
| ३१० | ३ | धादिङ | त्रिपुरासुन्दरी गाउँपालिका | ७ |
| ३११ | ३ | धादिङ | थाक्रे गाउँपालिका | ११ |
| ३१२ | ३ | धादिङ | धुनीबेंशी नगरपालिका | ९ |
| ३१३ | ३ | धादिङ | निलकण्ठ नगरपालिका | १४ |
| ३१४ | ३ | धादिङ | नेत्रावती डबजोङ गाउँपालिका | ५ |
| ३१५ | ३ | धादिङ | बेनीघाटरोराङ्ग गाउँपालिका | १० |
| ३१६ | ३ | धादिङ | रुवीभ्याली गाउँपालिका | ६ |
| ३१७ | ३ | धादिङ | सिद्धलेक गाउँपालिका | ७ |
| ३१८ | ३ | नुवाकोट | ककनी गाउँपालिका | ८ |
| ३१९ | ३ | नुवाकोट | किस्पाङ गाउँपालिका | ५ |
| ३२० | ३ | नुवाकोट | तादी गाउँपालिका | ६ |
| ३२१ | ३ | नुवाकोट | तारकेश्वर गाउँपालिका | ६ |
| ३२२ | ३ | नुवाकोट | दुप्चेश्वर गाउँपालिका | ७ |
| ३२३ | ३ | नुवाकोट | पञ्चकन्या गाउँपालिका | ५ |
| ३२४ | ३ | नुवाकोट | बेलकोटगढी नगरपालिका | १३ |
| ३२५ | ३ | नुवाकोट | म्यागङ गाउँपालिका | ६ |
| ३२६ | ३ | नुवाकोट | लिखु तामाकोशी गाउँपालिका | ६ |
| ३२७ | ३ | नुवाकोट | विदुर नगरपालिका | १३ |
| ३२८ | ३ | नुवाकोट | शिवपुरी गाउँपालिका | ८ |
| ३२९ | ३ | नुवाकोट | सुर्यगढी गाउँपालिका | ५ |
| ३३० | ३ | काठमाण्डौ | कागेश्वरी मनोहरा नगरपालिका | ९ |
| ३३१ | ३ | काठमाण्डौ | काठमाण्डौमहा नगरपालिका | ३२ |
| ३३२ | ३ | काठमाण्डौ | किर्तिपुर नगरपालिका | १० |
| ३३३ | ३ | काठमाण्डौ | गोकर्णेश्वर नगरपालिका | ९ |
| ३३४ | ३ | काठमाण्डौ | चन्द्रागिरी नगरपालिका | १५ |
| ३३५ | ३ | काठमाण्डौ | टोखा नगरपालिका | ११ |
| ३३६ | ३ | काठमाण्डौ | तारकेश्वर नगरपालिका | ११ |
| ३३७ | ३ | काठमाण्डौ | दक्षिणकाली नगरपालिका | ९ |
| ३३८ | ३ | काठमाण्डौ | नागार्जुन नगरपालिका | १० |

| क्रम संख्या | प्रदेश नं | जिल्ला | गाउँपालिका / नगरपालिका | जम्मा वडा |
|---|---|---|---|---|
| ३३९ | ३ | काठमाण्डौ | बुढानिलकण्ठ नगरपालिका | १३ |
| ३४० | ३ | काठमाण्डौ | शङ्खरापुर नगरपालिका | ९ |
| ३४१ | ३ | भक्तपुर | चाँगुनारायण नगरपालिका | ९ |
| ३४२ | ३ | भक्तपुर | भक्तपुर नगरपालिका | १० |
| ३४३ | ३ | भक्तपुर | मध्यपुरथिमी नगरपालिका | ९ |
| ३४४ | ३ | भक्तपुर | सूर्यविनायक नगरपालिका | १० |
| ३४५ | ३ | ललीतपुर | कोन्ज्योसोम गाउँपालिका | ५ |
| ३४६ | ३ | ललीतपुर | गोदावरी नगरपालिका | १४ |
| ३४७ | ३ | ललीतपुर | बाग्मती गाउँपालिका | ७ |
| ३४८ | ३ | ललीतपुर | महाङ्काल गाउँपालिका | ६ |
| ३४९ | ३ | ललीतपुर | महालक्ष्मी नगरपालिका | १० |
| ३५० | ३ | ललीतपुर | ललितपुरमहा नगरपालिका | २९ |
| ३५१ | ३ | काभ्रेपलान्चोक | खानीखोला गाउँपालिका | ७ |
| ३५२ | ३ | काभ्रेपलान्चोक | चौंरीदेउराली गाउँपालिका | ९ |
| ३५३ | ३ | काभ्रेपलान्चोक | तेमाल गाउँपालिका | ९ |
| ३५४ | ३ | काभ्रेपलान्चोक | धुलिखेल नगरपालिका | १२ |
| ३५५ | ३ | काभ्रेपलान्चोक | नमोबुद्ध नगरपालिका | ११ |
| ३५६ | ३ | काभ्रेपलान्चोक | पनौती नगरपालिका | १२ |
| ३५७ | ३ | काभ्रेपलान्चोक | पाँचखाल नगरपालिका | १३ |
| ३५८ | ३ | काभ्रेपलान्चोक | बनेपा नगरपालिका | १४ |
| ३५९ | ३ | काभ्रेपलान्चोक | बेथानचोक गाउँपालिका | ६ |
| ३६० | ३ | काभ्रेपलान्चोक | भुम्लु गाउँपालिका | १० |
| ३६१ | ३ | काभ्रेपलान्चोक | मण्डनदेउपुर नगरपालिका | १२ |
| ३६२ | ३ | काभ्रेपलान्चोक | महाभारत गाउँपालिका | ८ |
| ३६३ | ३ | काभ्रेपलान्चोक | रोशी गाउँपालिका | १२ |
| ३६४ | ३ | सिन्धुपाल्चोक | चौतारासाँगाचोकगढी नगरपालिका | १४ |
| ३६५ | ३ | सिन्धुपाल्चोक | जुगल गाउँपालिका | ७ |
| ३६६ | ३ | सिन्धुपाल्चोक | त्रिपुरासुन्दरी गाउँपालिका | ६ |
| ३६७ | ३ | सिन्धुपाल्चोक | पाँचपोखरीथाङपाल गाउँपालिका | ८ |
| ३६८ | ३ | सिन्धुपाल्चोक | बलेफी गाउँपालिका | ८ |
| ३६९ | ३ | सिन्धुपाल्चोक | भोटेकोशी गाउँपालिका | ५ |
| ३७० | ३ | सिन्धुपाल्चोक | मेलम्ची नगरपालिका | १३ |
| ३७१ | ३ | सिन्धुपाल्चोक | ईन्द्रावती गाउँपालिका | १२ |
| ३७२ | ३ | सिन्धुपाल्चोक | लिसंखुपाखर गाउँपालिका | ७ |

| क्रम संख्या | प्रदेश नं | जिल्ला | गाउँपालिका / नगरपालिका | जम्मा वडा |
|---|---|---|---|---|
| ३७३ | ३ | सिन्धुपाल्चोक | वाह्रविसे नगरपालिका | ९ |
| ३७४ | ३ | सिन्धुपाल्चोक | सुनकोशी गाउँपालिका | ७ |
| ३७५ | ३ | सिन्धुपाल्चोक | हेलम्बु गाउँपालिका | ७ |
| ३७६ | ३ | मकवानपुर | ईन्द्रसरोवर गाउँपालिका | ५ |
| ३७७ | ३ | मकवानपुर | कैलाश गाउँपालिका | १० |
| ३७८ | ३ | मकवानपुर | थाहा नगरपालिका | १२ |
| ३७९ | ३ | मकवानपुर | बकैया गाउँपालिका | १२ |
| ३८० | ३ | मकवानपुर | बाग्मती गाउँपालिका | ९ |
| ३८१ | ३ | मकवानपुर | भीमफेदी गाउँपालिका | ९ |
| ३८२ | ३ | मकवानपुर | मकवानपुरगढी गाउँपालिका | ८ |
| ३८३ | ३ | मकवानपुर | मनहरी गाउँपालिका | ९ |
| ३८४ | ३ | मकवानपुर | राक्सिराङ्ग गाउँपालिका | ९ |
| ३८५ | ३ | मकवानपुर | हेटौडाउपमहा नगरपालिका | १९ |
| ३८६ | ३ | चितवन | इच्छाकामना गाउँपालिका | ७ |
| ३८७ | ३ | चितवन | कालिका नगरपालिका | ११ |
| ३८८ | ३ | चितवन | खैरहनी नगरपालिका | १३ |
| ३८९ | ३ | चितवन | भरतपुरमहा नगरपालिका | २९ |
| ३९० | ३ | चितवन | माडी नगरपालिका | ९ |
| ३९१ | ३ | चितवन | रत्ननगर नगरपालिका | १६ |
| ३९२ | ३ | चितवन | राप्ती नगरपालिका | १३ |
| ३९३ | ४ | गोरखा | अजिरकोट गाउँपालिका | ५ |
| ३९४ | ४ | गोरखा | आरूघाट गाउँपालिका | १० |
| ३९५ | ४ | गोरखा | गण्डकी गाउँपालिका | ८ |
| ३९६ | ४ | गोरखा | गोरखा नगरपालिका | १४ |
| ३९७ | ४ | गोरखा | चुमनुव्री गाउँपालिका | ७ |
| ३९८ | ४ | गोरखा | धार्चे गाउँपालिका | ७ |
| ३९९ | ४ | गोरखा | पालुङटार नगरपालिका | १० |
| ४०० | ४ | गोरखा | भिमसेन गाउँपालिका | ८ |
| ४०१ | ४ | गोरखा | शहिदलखन गाउँपालिका | ९ |
| ४०२ | ४ | गोरखा | सिरानचोक गाउँपालिका | ८ |
| ४०३ | ४ | गोरखा | सुलीकोट गाउँपालिका | ८ |
| ४०४ | ४ | मनाङ | चामे गाउँपालिका | ५ |
| ४०५ | ४ | मनाङ | नारफू गाउँपालिका | ५ |
| ४०६ | ४ | मनाङ | नाशोङ गाउँपालिका | ९ |

| क्रम संख्या | प्रदेश नं | जिल्ला | गाउँपालिका / नगरपालिका | जम्मा वडा |
|---|---|---|---|---|
| ४०७ | ४ | मनाङ | नेस्याङ गाउँपालिका | ९ |
| ४०८ | ४ | लमजुङ | क्व्होलासोथार गाउँपालिका | ९ |
| ४०९ | ४ | लमजुङ | दूधपोखरी गाउँपालिका | ६ |
| ४१० | ४ | लमजुङ | दोर्दी गाउँपालिका | ९ |
| ४११ | ४ | लमजुङ | बेसीशहर नगरपालिका | ११ |
| ४१२ | ४ | लमजुङ | मध्यनेपाल नगरपालिका | १० |
| ४१३ | ४ | लमजुङ | मर्स्याङदी गाउँपालिका | ९ |
| ४१४ | ४ | लमजुङ | राईनास नगरपालिका | १० |
| ४१५ | ४ | लमजुङ | सुन्दरबजार नगरपालिका | ११ |
| ४१६ | ४ | कास्की | अन्नपुर्ण गाउँपालिका | ११ |
| ४१७ | ४ | कास्की | पोखरालेखनाथ महा नगरपालिका | ३३ |
| ४१८ | ४ | कास्की | माछापुच्छ्रे गाउँपालिका | ९ |
| ४१९ | ४ | कास्की | मादी गाउँपालिका | १२ |
| ४२० | ४ | कास्की | रूपा गाउँपालिका | ७ |
| ४२१ | ४ | तनहुँ | आँबुखैरेनी गाउँपालिका | ६ |
| ४२२ | ४ | तनहुँ | ऋषिङ्ग गाउँपालिका | ८ |
| ४२३ | ४ | तनहुँ | घिरिङ गाउँपालिका | ५ |
| ४२४ | ४ | तनहुँ | देवघाट गाउँपालिका | ५ |
| ४२५ | ४ | तनहुँ | बन्दिपुर गाउँपालिका | ६ |
| ४२६ | ४ | तनहुँ | भानु नगरपालिका | १३ |
| ४२७ | ४ | तनहुँ | भिमाद नगरपालिका | ९ |
| ४२८ | ४ | तनहुँ | म्याग्दे गाउँपालिका | ७ |
| ४२९ | ४ | तनहुँ | व्यास नगरपालिका | १४ |
| ४३० | ४ | तनहुँ | शुक्लागण्डकी नगरपालिका | १२ |
| ४३१ | ४ | स्याङ्जा | अर्जुनचौपारी गाउँपालिका | ६ |
| ४३२ | ४ | स्याङ्जा | आँधीखोला गाउँपालिका | ६ |
| ४३३ | ४ | स्याङ्जा | कालीगण्डकी गाउँपालिका | ७ |
| ४३४ | ४ | स्याङ्जा | गल्याङ नगरपालिका | ११ |
| ४३५ | ४ | स्याङ्जा | चापाकोट नगरपालिका | १० |
| ४३६ | ४ | स्याङ्जा | पुतलीबजार नगरपालिका | १४ |
| ४३७ | ४ | स्याङ्जा | फेदीखोला गाउँपालिका | ५ |
| ४३८ | ४ | स्याङ्जा | भिरकोट नगरपालिका | ९ |
| ४३९ | ४ | स्याङ्जा | वालिङ नगरपालिका | १४ |
| ४४० | ४ | स्याङ्जा | विरुवा गाउँपालिका | ८ |

| क्रम संख्या | प्रदेश नं | जिल्ला | गाउँपालिका / नगरपालिका | जम्मा वडा |
|---|---|---|---|---|
| ४४१ | ४ | स्याङ्जा | हरीनास गाउँपालिका | ७ |
| ४४२ | ४ | नवलपरासी | कावासोती नगरपालिका | १७ |
| ४४३ | ४ | नवलपरासी | गैडाकोट नगरपालिका | १८ |
| ४४४ | ४ | नवलपरासी | देवचुली नगरपालिका | १७ |
| ४४५ | ४ | नवलपरासी | बुङदीकाली गाउँपालिका | ६ |
| ४४६ | ४ | नवलपरासी | बुलिङटार गाउँपालिका | ६ |
| ४४७ | ४ | नवलपरासी | मध्यविन्दु नगरपालिका | १५ |
| ४४८ | ४ | नवलपरासी | विनयीत्रिवेणी गाउँपालिका | ७ |
| ४४९ | ४ | नवलपरासी | हुप्सेकोट गाउँपालिका | ६ |
| ४५० | ४ | मुस्ताङ | घरपझोङ गाउँपालिका | ५ |
| ४५१ | ४ | मुस्ताङ | थासाङ गाउँपालिका | ५ |
| ४५२ | ४ | मुस्ताङ | दालोमे गाउँपालिका | ५ |
| ४५३ | ४ | मुस्ताङ | बाह्रगाउँमुक्तिक्षेत्र गाउँपालिका | ५ |
| ४५४ | ४ | मुस्ताङ | लोमन्थाङ गाउँपालिका | ५ |
| ४५५ | ४ | म्याग्दी | अन्नपूर्ण गाउँपालिका | ८ |
| ४५६ | ४ | म्याग्दी | धवलागिरी गाउँपालिका | ७ |
| ४५७ | ४ | म्याग्दी | बेनी नगरपालिका | १० |
| ४५८ | ४ | म्याग्दी | मंगला गाउँपालिका | ५ |
| ४५९ | ४ | म्याग्दी | मालिका गाउँपालिका | ७ |
| ४६० | ४ | म्याग्दी | रघुगंगा गाउँपालिका | ८ |
| ४६१ | ४ | बाग्लुङ | काठेखोला गाउँपालिका | ८ |
| ४६२ | ४ | बाग्लुङ | गल्कोट नगरपालिका | ११ |
| ४६३ | ४ | बाग्लुङ | जैमुनी नगरपालिका | १० |
| ४६४ | ४ | बाग्लुङ | ढोरपाटन नगरपालिका | ९ |
| ४६५ | ४ | बाग्लुङ | तमानखोला गाउँपालिका | ६ |
| ४६६ | ४ | बाग्लुङ | ताराखोला गाउँपालिका | ५ |
| ४६७ | ४ | बाग्लुङ | निसीखोला गाउँपालिका | ७ |
| ४६८ | ४ | बाग्लुङ | बागलुङ नगरपालिका | १४ |
| ४६९ | ४ | बाग्लुङ | वडिगाड गाउँपालिका | १० |
| ४७० | ४ | बाग्लुङ | वरेङ गाउँपालिका | ५ |
| ४७१ | ४ | पर्वत | कुश्मा नगरपालिका | १४ |
| ४७२ | ४ | पर्वत | जलजला गाउँपालिका | ९ |
| ४७३ | ४ | पर्वत | पैयूं गाउँपालिका | ७ |
| ४७४ | ४ | पर्वत | फलेवास नगरपालिका | ११ |

| क्रम संख्या | प्रदेश नं | जिल्ला | गाउँपालिका / नगरपालिका | जम्मा वडा |
|---|---|---|---|---|
| ४७५ | ४ | पर्वत | महाशिला गाउँपालिका | ६ |
| ४७६ | ४ | पर्वत | मोदी गाउँपालिका | ८ |
| ४७७ | ४ | पर्वत | विहादी गाउँपालिका | ६ |
| ४७८ | ५ | गुल्मी | ईस्मा गाउँपालिका | ६ |
| ४७९ | ५ | गुल्मी | कालीगण्डकी गाउँपालिका | ७ |
| ४८० | ५ | गुल्मी | गुल्मीदरवार गाउँपालिका | ७ |
| ४८१ | ५ | गुल्मी | चन्द्रकोट गाउँपालिका | ८ |
| ४८२ | ५ | गुल्मी | छत्रकोट गाउँपालिका | ६ |
| ४८३ | ५ | गुल्मी | धुर्कोट गाउँपालिका | ७ |
| ४८४ | ५ | गुल्मी | मदाने गाउँपालिका | ७ |
| ४८५ | ५ | गुल्मी | मालिका गाउँपालिका | ८ |
| ४८६ | ५ | गुल्मी | मुसिकोट नगरपालिका | ९ |
| ४८७ | ५ | गुल्मी | रुरु गाउँपालिका | ६ |
| ४८८ | ५ | गुल्मी | रेसुङ्गा नगरपालिका | १४ |
| ४८९ | ५ | गुल्मी | सत्यवती गाउँपालिका | ८ |
| ४९० | ५ | पाल्पा | तानसेन नगरपालिका | १४ |
| ४९१ | ५ | पाल्पा | तिनाउ गाउँपालिका | ६ |
| ४९२ | ५ | पाल्पा | निस्दी गाउँपालिका | ७ |
| ४९३ | ५ | पाल्पा | पूर्वखोला गाउँपालिका | ६ |
| ४९४ | ५ | पाल्पा | बगनासकाली गाउँपालिका | ९ |
| ४९५ | ५ | पाल्पा | माथागढी गाउँपालिका | ८ |
| ४९६ | ५ | पाल्पा | रम्भा गाउँपालिका | ५ |
| ४९७ | ५ | पाल्पा | रामपुर नगरपालिका | १० |
| ४९८ | ५ | पाल्पा | रिब्दिकोट गाउँपालिका | ८ |
| ४९९ | ५ | पाल्पा | रैनादेवीछहरा गाउँपालिका | ८ |
| ५०० | ५ | अर्घाखाँची | छत्रदेव गाउँपालिका | ८ |
| ५०१ | ५ | अर्घाखाँची | पाणिनी गाउँपालिका | ८ |
| ५०२ | ५ | अर्घाखाँची | भूमिकास्थान नगरपालिका | १० |
| ५०३ | ५ | अर्घाखाँची | मालारानी गाउँपालिका | ९ |
| ५०४ | ५ | अर्घाखाँची | सन्धिखर्क नगरपालिका | १२ |
| ५०५ | ५ | अर्घाखाँची | सितगंगा नगरपालिका | १४ |
| ५०६ | ५ | नवलपरासी | सुस्ता गाउँपालिका | ५ |
| ५०७ | ५ | नवलपरासी | पाल्हीनन्दन गाउँपालिका | ६ |
| ५०८ | ५ | नवलपरासी | प्रतापपुर गाउँपालिका | ९ |

| क्रम संख्या | प्रदेश नं | जिल्ला | गाउँपालिका / नगरपालिका | जम्मा वडा |
|---|---|---|---|---|
| ५०९ | ५ | नवलपरासी | बर्दघाट नगरपालिका | १६ |
| ५१० | ५ | नवलपरासी | रामग्राम नगरपालिका | १८ |
| ५११ | ५ | नवलपरासी | सरावल गाउँपालिका | ७ |
| ५१२ | ५ | नवलपरासी | सुनवल नगरपालिका | १३ |
| ५१३ | ५ | रुपन्देही | ओमसतिया गाउँपालिका | ६ |
| ५१४ | ५ | रुपन्देही | कंचन गाउँपालिका | ५ |
| ५१५ | ५ | रुपन्देही | कोटहीमाई गाउँपालिका | ७ |
| ५१६ | ५ | रुपन्देही | गैडहवा गाउँपालिका | ९ |
| ५१७ | ५ | रुपन्देही | तिलोत्तमा नगरपालिका | १७ |
| ५१८ | ५ | रुपन्देही | देवदह नगरपालिका | १२ |
| ५१९ | ५ | रुपन्देही | बुटवलउपमहा नगरपालिका | १९ |
| ५२० | ५ | रुपन्देही | मर्चवारी गाउँपालिका | ७ |
| ५२१ | ५ | रुपन्देही | मायादेवी गाउँपालिका | ८ |
| ५२२ | ५ | रुपन्देही | रोहिणी गाउँपालिका | ७ |
| ५२३ | ५ | रुपन्देही | लुम्बिनीसांस्कृतिक नगरपालिका | १३ |
| ५२४ | ५ | रुपन्देही | शुद्धोधन गाउँपालिका | ७ |
| ५२५ | ५ | रुपन्देही | सम्मरीमाई गाउँपालिका | ७ |
| ५२६ | ५ | रुपन्देही | सिद्धार्थनगर नगरपालिका | १३ |
| ५२७ | ५ | रुपन्देही | सियारी गाउँपालिका | ७ |
| ५२८ | ५ | रुपन्देही | सैनामैना नगरपालिका | ११ |
| ५२९ | ५ | कपिलवस्तु | कपिलवस्तु नगरपालिका | १२ |
| ५३० | ५ | कपिलवस्तु | कृष्णनगर नगरपालिका | १२ |
| ५३१ | ५ | कपिलवस्तु | बाणगंगा नगरपालिका | ११ |
| ५३२ | ५ | कपिलवस्तु | बुद्धभूमी नगरपालिका | १० |
| ५३३ | ५ | कपिलवस्तु | महाराजगंज नगरपालिका | ११ |
| ५३४ | ५ | कपिलवस्तु | मायादेवी गाउँपालिका | ८ |
| ५३५ | ५ | कपिलवस्तु | यसोधरा गाउँपालिका | ८ |
| ५३६ | ५ | कपिलवस्तु | विजयनगर गाउँपालिका | ७ |
| ५३७ | ५ | कपिलवस्तु | शिवराज नगरपालिका | ११ |
| ५३८ | ५ | कपिलवस्तु | शुद्धोधन गाउँपालिका | ६ |
| ५३९ | ५ | रुकुम | पुथाउत्तरगंगा गाउँपालिका | १४ |
| ५४० | ५ | रुकुम | भूमे गाउँपालिका | ९ |
| ५४१ | ५ | रुकुम | सिस्ने गाउँपालिका | ८ |
| ५४२ | ५ | रोल्पा | त्रिवेणी गाउँपालिका | ७ |

| क्रम संख्या | प्रदेश नं | जिल्ला | गाउँपालिका / नगरपालिका | जम्मा वडा |
|---|---|---|---|---|
| ५४३ | ५ | रोल्पा | थवाङ गाउँपालिका | ५ |
| ५४४ | ५ | रोल्पा | परिवर्तन गाउँपालिका | ६ |
| ५४५ | ५ | रोल्पा | माडी गाउँपालिका | ६ |
| ५४६ | ५ | रोल्पा | रुन्टीगढी गाउँपालिका | ९ |
| ५४७ | ५ | रोल्पा | रोल्पा नगरपालिका | १० |
| ५४८ | ५ | रोल्पा | लुङग्री गाउँपालिका | ७ |
| ५४९ | ५ | रोल्पा | सुकिदह गाउँपालिका | ७ |
| ५५० | ५ | रोल्पा | सुनछहरी गाउँपालिका | ७ |
| ५५१ | ५ | रोल्पा | सुवर्णावती गाउँपालिका | ८ |
| ५५२ | ५ | प्युठान | ऐरावती गाउँपालिका | ६ |
| ५५३ | ५ | प्युठान | गौमुखी गाउँपालिका | ७ |
| ५५४ | ५ | प्युठान | झिमरुक गाउँपालिका | ८ |
| ५५५ | ५ | प्युठान | नौवहिनी गाउँपालिका | ८ |
| ५५६ | ५ | प्युठान | प्यूठान नगरपालिका | १० |
| ५५७ | ५ | प्युठान | मल्लरानी गाउँपालिका | ५ |
| ५५८ | ५ | प्युठान | माण्डवी गाउँपालिका | ५ |
| ५५९ | ५ | प्युठान | सरुमारानी गाउँपालिका | ६ |
| ५६० | ५ | प्युठान | स्वर्गद्वारी नगरपालिका | ९ |
| ५६१ | ५ | दाङ | गढवा गाउँपालिका | ८ |
| ५६२ | ५ | दाङ | घोराहीउपमहा नगरपालिका | १९ |
| ५६३ | ५ | दाङ | तुल्सिपुरउपमहा नगरपालिका | १९ |
| ५६४ | ५ | दाङ | दंगीशरण गाउँपालिका | ७ |
| ५६५ | ५ | दाङ | बंगलाचुली गाउँपालिका | ८ |
| ५६६ | ५ | दाङ | बबई गाउँपालिका | ७ |
| ५६७ | ५ | दाङ | राजपुर गाउँपालिका | ७ |
| ५६८ | ५ | दाङ | राप्ती गाउँपालिका | ९ |
| ५६९ | ५ | दाङ | लमही नगरपालिका | ९ |
| ५७० | ५ | दाङ | शान्तिनगर गाउँपालिका | ७ |
| ५७१ | ५ | बाँके | कोहलपुर नगरपालिका | १५ |
| ५७२ | ५ | बाँके | खजुरा गाउँपालिका | ८ |
| ५७३ | ५ | बाँके | जानकी गाउँपालिका | ६ |
| ५७४ | ५ | बाँके | डुडुवा गाउँपालिका | ६ |
| ५७५ | ५ | बाँके | नरैनापुर गाउँपालिका | ६ |
| ५७६ | ५ | बाँके | नेपालगंजउपमहा नगरपालिका | २३ |

| क्रम संख्या | प्रदेश नं | जिल्ला | गाउँपालिका / नगरपालिका | जम्मा वडा |
|---|---|---|---|---|
| ५७७ | ५ | बाँके | बैजनाथ गाउँपालिका | ८ |
| ५७८ | ५ | बाँके | राप्ती सोनारी गाउँपालिका | ९ |
| ५७९ | ५ | बर्दिया | गुलरिया नगरपालिका | १२ |
| ५८० | ५ | बर्दिया | गेरुवा गाउँपालिका | ६ |
| ५८१ | ५ | बर्दिया | ठाकुरबाबा नगरपालिका | ९ |
| ५८२ | ५ | बर्दिया | बढैयाताल गाउँपालिका | ९ |
| ५८३ | ५ | बर्दिया | बारबर्दिया नगरपालिका | ११ |
| ५८४ | ५ | बर्दिया | बासगढी नगरपालिका | ९ |
| ५८५ | ५ | बर्दिया | मधुवन नगरपालिका | ९ |
| ५८६ | ५ | बर्दिया | राजापुर नगरपालिका | १० |
| ५८७ | ६ | रुकुम | आठबिसकोट नगरपालिका | १४ |
| ५८८ | ६ | रुकुम | चौरजहारी नगरपालिका | १४ |
| ५८९ | ६ | रुकुम | त्रिवेणी गाउँपालिका | १० |
| ५९० | ६ | रुकुम | बाँफिकोट गाउँपालिका | १० |
| ५९१ | ६ | रुकुम | मुसिकोट नगरपालिका | १४ |
| ५९२ | ६ | रुकुम | सानीभेरी गाउँपालिका | ११ |
| ५९३ | ६ | सल्यान | कपुरकोट गाउँपालिका | ६ |
| ५९४ | ६ | सल्यान | कालीमाटी गाउँपालिका | ७ |
| ५९५ | ६ | सल्यान | कुमाख गाउँपालिका | ७ |
| ५९६ | ६ | सल्यान | छत्रेश्वरी गाउँपालिका | ७ |
| ५९७ | ६ | सल्यान | सिद्ध कुमाख गाउँपालिका | ५ |
| ५९८ | ६ | सल्यान | त्रिवेणी गाउँपालिका | ६ |
| ५९९ | ६ | सल्यान | दार्मा गाउँपालिका | ६ |
| ६०० | ६ | सल्यान | बनगाडकुपिण्डे नगरपालिका | १२ |
| ६०१ | ६ | सल्यान | बागचौर नगरपालिका | १२ |
| ६०२ | ६ | सल्यान | शारदा नगरपालिका | १५ |
| ६०३ | ६ | डोल्पा | काईके गाउँपालिका | ७ |
| ६०४ | ६ | डोल्पा | छार्काताङसोङ गाउँपालिका | ६ |
| ६०५ | ६ | डोल्पा | जगदुल्ला गाउँपालिका | ६ |
| ६०६ | ६ | डोल्पा | ठूलीभेरी नगरपालिका | ११ |
| ६०७ | ६ | डोल्पा | डोल्पोबुद्ध गाउँपालिका | ६ |
| ६०८ | ६ | डोल्पा | त्रिपुरासुन्दरी नगरपालिका | ११ |
| ६०९ | ६ | डोल्पा | मुड्केचुला गाउँपालिका | ९ |
| ६१० | ६ | डोल्पा | शेफोक्सुन्डो गाउँपालिका | ९ |

| क्रम संख्या | प्रदेश नं | जिल्ला | गाउँपालिका / नगरपालिका | जम्मा वडा |
|---|---|---|---|---|
| ६११ | ६ | मुगु | खत्याड गाउँपालिका | ११ |
| ६१२ | ६ | मुगु | छायाँनाथरारा नगरपालिका | १४ |
| ६१३ | ६ | मुगु | मुगुमकार्मारोंग गाउँपालिका | ९ |
| ६१४ | ६ | मुगु | सोरु गाउँपालिका | ११ |
| ६१५ | ६ | जुम्ला | कनकासुन्दरी गाउँपालिका | ८ |
| ६१६ | ६ | जुम्ला | गुठिचौर गाउँपालिका | ५ |
| ६१७ | ६ | जुम्ला | चन्दननाथ नगरपालिका | १० |
| ६१८ | ६ | जुम्ला | तातोपानी गाउँपालिका | ८ |
| ६१९ | ६ | जुम्ला | तिला गाउँपालिका | ९ |
| ६२० | ६ | जुम्ला | पातारासी गाउँपालिका | ७ |
| ६२१ | ६ | जुम्ला | सिंजा गाउँपालिका | ६ |
| ६२२ | ६ | जुम्ला | हिमा गाउँपालिका | ७ |
| ६२३ | ६ | कालिकोट | कालिका गाउँपालिका | ८ |
| ६२४ | ६ | कालिकोट | खाँडाचक्र नगरपालिका | ११ |
| ६२५ | ६ | कालिकोट | तिलागुफा नगरपालिका | ११ |
| ६२६ | ६ | कालिकोट | नरहरिनाथ गाउँपालिका | ९ |
| ६२७ | ६ | कालिकोट | पचालझरना गाउँपालिका | ९ |
| ६२८ | ६ | कालिकोट | पलाता गाउँपालिका | ९ |
| ६२९ | ६ | कालिकोट | महावै गाउँपालिका | ७ |
| ६३० | ६ | कालिकोट | रास्कोट नगरपालिका | ९ |
| ६३१ | ६ | कालिकोट | सान्नीत्रिवेणी गाउँपालिका | ९ |
| ६३२ | ६ | हुम्ला | अदानचुली गाउँपालिका | ६ |
| ६३३ | ६ | हुम्ला | खार्पुनाथ गाउँपालिका | ५ |
| ६३४ | ६ | हुम्ला | चंखेली गाउँपालिका | ६ |
| ६३५ | ६ | हुम्ला | ताँजाकोट गाउँपालिका | ५ |
